# सुनीता कार्कीको काव्यकारिता

(समालोचनासङ्ग्रह)

# सुनीता कार्कीको काव्यकारिता

प्रा. डा. उषा ठाकुर

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
Email : nai.com.np@gmail.com
website : nai.com.np
शुद्धाशुद्धि : महेश सुवेदी तथा लवप्रसाद भण्डारी
आवरण सज्जा : रमेश पौडेल
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १७८
© सुरक्षित, २०८१ साल (2024)
मोल : पाँच सय रुपियाँ
ISBN:978-9937-786-13-3
**Sunita Karki Ko Kabyakarita**
A Collection of Critiques
Edited by Prof. Dr. Usha Thakur

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । यस संस्थाले २०५५ साल वैशाख १७ गते विधिवत् रूपमा सरकारी मान्यता पाएको थियो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर नइ प्रकाशननामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी हो । यो संस्था 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ । यस संस्थाले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट निरन्तर प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर हुँदै आएको छ ।

नइ प्रकाशनको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकार हुलाक सेवा विभागले नइ प्रकाशनको लोगो अङ्कित दस रुपियाँको दस लाखप्रति हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले दस हजारप्रति सिक्का प्रकाशनमा ल्याएर हाम्रो समग्र कार्यको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा धातु (क्युप्रोनिकेल) को सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ प्रकाशन नाफाविहीन गैरराजनैतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

नेपाली भाषासाहित्यका नारीचुली प्रा.डा.उषा ठाकुरको सम्पादनमा 'सुनीता कार्कीको काव्यकारिता' सम्पादन भएको छ । नेपाली साहित्यमा यस ग्रन्थको बेग्लै महिमा हुनेछ भन्ने हामीले आशा गरेका छौँ ।

नेपाली भाषासाहित्यमा सुनीता कार्कीको आफ्नो बेग्लै स्थान सुरक्षित रहेको छ । कवितालेखनमा अग्रसर कार्कीको उपस्थिति नेपाली भाषासाहित्यका लागि उपलब्धि मान्नुपर्छ । दुई दशकअघि नेपाली गीतिलेखनमा झुल्केकी कार्कीका रचनाले मानवजीवन, प्रकृति र प्रेमलाई अँगालो हालेको पाइन्छ ।

**सुनीता कार्कीको काव्यकारिता**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- **सम्पादकीय • ११**

१. **डा.अम्बिका अर्याल • १७**
बिम्ब र प्रतीकको लयात्मकता 'जानी नजानी'

२. **इन्दिरा प्रसाई • २६**
सीपवती सुनीता कार्कीको 'जानी नजानी'

३. **प्रा.डा.कपिल लामिछाने • ३४**
सुनीता कार्कीका निश्छल कविता

४. **प्रा.डा.कविता लामा • ४१**
चर्चाभित्र सुनीता कार्कीको 'जानी नजानी'

५. **डा.गङ्गाप्रसाद अकेला • ४९**
'जानी नजानी' मेरो दृष्टिमा

६. **प्रा.डा.गार्गी शर्मा • ५३**
'जानी नजानी'मा सुनीता कार्की

७. **प्रा.डा.गोपाल भण्डारी • ५९**
काव्यको शिखर आरोहणमा 'जानी नजानी'

८. **प्रा.गोपीकृष्ण शर्मा • ६८**
शिष्ट र शालीन : 'जानी नजानी'

९. **प्रा.डा.घनश्याम न्यौपाने 'परिश्रमी' • ८१**
'जानी नजानी' अनुभूत्यात्मक वैविध्य

१०. **तर्कना शर्मा • ८७**
अटोभित्रका अटोहरू : 'जानी नजानी'

११. **डा.तुलसी भट्टराई • ९४**
सुनीता कार्कीको 'जानी नजानी'

१२. **त्रिभुवन बरई • ९८**
'जानी नजानी'मा प्रतिबिम्बित सारवस्तु

१३. **प्रा.डा.देवीप्रसाद सुवेदी • ११३**
'जानी नजानी'भित्र फुलेका पुष्पहरू

१४. **प्रा.डा.दैवकीदेवी तिम्सिना • ११९**
सुनीता कार्कीको 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' कविताको विश्लेषण

१५. **प्रा.बालकृष्ण भट्टराई • १२७**
सुनीता कार्कीको सृजना र सामर्थ्य

१६. **प्रा.राजेन्द्र सुवेदी • १४५**
'जानी नजानी' कवितासङ्ग्रहमा सुनीता कार्कीका काव्यिक संवेदनाको प्राप्ति

१७. **डा.रेणुका थापा 'सोलु' • १६०**
'जानी नजानी' : नारी संवेदनाको बिम्ब

१८. **प्रा.डा.लक्ष्मणप्रसाद गौतम • १६७**
विविध भावबिम्बका कविता, गीत 'जानी नजानी'

१९. **प्रा.डा.लेखप्रसाद निरौला • १७३**
भावतरङ्गका कसीमा 'जानी नजानी'

२०. **महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी • १९५**
कवयित्री सुनीता कार्कीको पूर्वकवितायात्रा र दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'को समीक्षात्मक पर्यवलोकन

२१. **विष्णुकुमार भट्टराई • ३७३**
'जानी नजानी'सँग चिन्दै नचिनी

२२. **डा.शान्तिमाया गिरी • ३८१**
सुनीता कार्कीको 'जानी नजानी'मा खुलेको व्यक्तित्व

२३. **डा.शैलेन्दुप्रकाश नेपाल • ३८५**
सुनीता कार्कीको कवित्व

२४. **प्रा.डा.सञ्जय बान्तवा • ३९२**
'जानी नजानी' : मानवहृदयका साझा जेथा

२५. **ज्ञानु अधिकारी • ४०२**
रचनागर्भमा सुनीता कार्कीका रचना

# सम्पादकीय

'सुनीता कार्कीको काव्यकारिता'नामक ग्रन्थ सुनीता कार्कीद्वारा रचित कविताहरूको बारेमा विभिन्न स्वनामधन्य विद्वान्हरूद्वारा समालोचना गरिएको समालोचनात्मक अभिव्यक्ति हो । योभन्दापूर्व पनि सुनीता कार्कीको 'जानी नजानी' शीर्षक कवितासङ्ग्रहको लोकार्पण समारोहको अवसरमा कवयित्री कार्कीका बारेमा मैले आफ्नो समीक्षात्मक मन्तव्य प्रस्तुत गरेकी थिएँ । पुनः उहाँको अर्को कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'को अध्ययन गर्ने मौका पाएँ र उहाँको सिर्जनशील प्रतिभाबाट म धेरै प्रभावित पनि भएँ ।

प्रस्तुत ग्रन्थमा महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीजस्ता प्रतिष्ठित समीक्षकले समेत गहिरो लगन, परिश्रम र गहकिलो अध्ययन, मननद्वारा कार्कीको कवितासङ्ग्रहहरूका समालोचना गरेर एउटा महत्त्वपूर्ण कार्य गर्नुभएको छ । अन्य विद्वान् समालोचकहरूले पनि उहाँका कवितासङ्ग्रहहरूबारेमा तटस्थ भएर निष्पक्ष भावले तथ्यको आधारमा तर्कसम्मत र युक्तिसङ्गत विवेचना गरेको पाइन्छ ।

विद्वान् महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको महत्त्वपूर्ण समीक्षात्मक मन्तव्य अत्यन्त सटीक र मननीय रहेको छ । उहाँको अत्यन्त सूक्ष्म, सटीक, गहिरो, विद्वतापूर्ण, तथ्यपूर्ण, प्रामाणिक विश्लेषण गागरमा सागरझैँ अत्यन्त अर्थपूर्ण र गरिमामय बनेको छ । उहाँको यस्तो महत्त्वपूर्ण उत्कृष्ट समीक्षाले यस कृतिको गरिमा र महत्त्व झन् बढेको छ ।

नेपाली साहित्यका सुप्रसिद्ध विद्वान्हरू, समालोचकहरू, साहित्यकारहरूका विचार र विश्लेषणबाट एउटा सिर्जनशील नारी प्रतिभाको साहित्यिक व्यक्तित्व र योगदानका सुस्पष्ट एवं निष्पक्ष प्रक्षेपण यस कृतिद्वारा भएको छ । निश्चय नै कवयित्रीको रूपमा कार्कीबाट भएका सत्प्रयासका एक बहुमूल्य विहङ्गावलोकन यस ग्रन्थबाट भएको छ र उहाँको प्रखर प्रतिभाको सही कदर भएको छ भन्ने मलाई लागेको छ । यस पुस्तकले विदुषी कार्कीको साहित्यिक व्यक्तित्व, उहाँका काव्यात्मक अभिव्यक्ति र कविताहरूमा विविध पक्षलाई अनेक दृष्टिकोणबाट जान्न, बुझ्न सघाउ पुऱ्याउँछ भन्ने मैले पूर्ण विश्वास लिएकी छु । यस कृतिका विद्वतापूर्ण लेखहरूले कवयित्री कार्की एक जना संवेदनशील, प्रतिभाशाली, सचेत, साहित्य धर्मप्रति समर्पित कवयित्री हुनुहुन्छ भन्ने प्रस्टचाएको छ । वास्तवमा यस समालोचनात्मक कृतिमा सुनीता कार्कीका कवितासङ्ग्रहहरूका प्रत्येक पक्षलाई दर्पणजस्तै स्पष्ट रूपमा हेर्न सकिन्छ ।

वास्तवमा कवयित्री सुनीता कार्की नेपाली साहित्यकी एक सशक्त प्रतिभा हुनुहुन्छ । उहाँका कविताहरू 'म'बाट 'हामी'मा परिणत भएर व्यक्ति, परिवार, समाज र राष्ट्रको सीमित सीमा पार गरेर विश्वकल्याण कामनामा अर्पित छन् ।

नेपाली जीवनलाई सुनीता कार्कीले अत्यन्त नजिकबाट हेर्नुभएको छ । नेपाली जीवनका मार्मिक व्यथा, सामाजिक समस्याहरू, विवशताहरू, विषमता, असमानताका अत्यन्त सजीव चित्रण उहाँका कविताहरूमा देखा पर्छ । कवयित्री कार्कीका 'जानी नजानी' र 'साथ रहोस् नरहोस्' सम्पूर्ण काव्य रचनाहरूका सम्यक् विश्लेषण गर्दा उहाँका कविताहरूलाई प्रकृति, परिवार, समाज, देश, मानव आदि विभिन्न विषयहरूमा विभाजित गर्न सकिन्छ तर मूल अथवा केन्द्रीय भावको रूपमा मानव र मानवतासँग कविहृदय तदाकार देखिन्छ । उहाँ एकता र

समानताका आदर्श लिएर देखा पर्नुहुन्छ । साथै नारीअधिकारप्रति पनि उहाँ त्यतिकै सजग हुनुहुन्छ ।

'सर्वे भवन्तु सुखिन:'को पवित्र भावना लिएर सुनीता कार्की आफ्नो कवितासङ्ग्रहमा युगव्यथाका मार्मिक अभिव्यक्ति दिँदै, सामाजिक समस्याहरू, नारीसमस्याहरू, देशीय समस्याहरूका चित्रण गर्दै देशवासीहरूलाई उद्बोधित गर्दै मानिसलाई कर्म गर्ने प्रेरणा दिएको छ, मानवताविरोधी तत्त्वहरूलाई समाप्त गरेर विश्वमा शान्ति फिँजाउने सन्देश दिएको छ साथै विश्वबन्धुत्व र मानवतावादको चर्को स्वरले बिगुल फुकेको छ ।

जीवनका शाश्वत वृत्ति प्रेमलाई आफ्नो कविताहरूमा सुनीता कार्कीले विविध रूपमा अधिक गम्भीर, अन्तर्मुखी, तीव्र संवेदनात्मक, प्रेरणाप्रद र जागरुकतापूर्ण अभिव्यक्ति दिनुभएको छ । यो प्रेम प्रकृतिप्रेम, पतिपत्नीको प्रेम, आमाबुबा, छोराछोरीप्रतिको प्रेम, देशप्रेम, नारीप्रेम, ईश्वरप्रेम, समाजका दलित, शोषितप्रति प्रेम, मानवप्रेम आदि विभिन्न रूपमा अत्यन्त सजीव, मार्मिक, स्वाभाविक रूपमा हृदयस्पर्शी अभिव्यक्ति दिनुभएको छ ।

विचारको सूक्ष्मता, कल्पनाको व्यापकता, भावनाको गहिराइ, सप्राण वर्णनात्मकता, सुन्दर शब्द चयन, हृदयस्पर्शिता, अभिव्यक्ति शैलीमा सहजता, सरलता, मार्मिकता, कलात्मकताले नेपाली साहित्यजगत्मा उहाँलाई ससम्मान प्रतिष्ठित गरेको छ ।

'सुनीता कार्कीको काव्यकारिता'नामक समालोचनात्मक कृतिका लागि बहुमूल्य मन्तव्य, सारगर्भित समीक्षात्मक लेखरचनाहरू प्रदान गरी महत्त्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण विद्वत्वृन्दमा आदरपूर्वक हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

स्मरणीय छ– नइजोडी (नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई) अपूर्व साहित्यिक योद्धा र साहित्यसाधक हुनुहुन्छ । उहाँहरूले देशमा मात्र

होइन, अन्तर्राष्ट्रिय जगत्मा पनि नेपाली साहित्यको प्रवर्द्धन र विकासका लागि पूर्ण समर्पित भएर कठिन साधना गरिरहनुभएको छ । उहाँहरू साहित्यका असल पुजारी हुनुहुन्छ । नेपाली साहित्यमा बहुमूल्य योगदान प्रदान गर्नुभएका उहाँहरू एउटा ज्वलन्त उदाहरण हुनुहुन्छ ।

अन्तमा नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनका आधार स्तम्भ नरेन्द्रराज प्रसाईद्वारा यस ग्रन्थको सङ्कलन र सम्पादनका क्रममा मलाई दिनुभएको सहयोगमा म उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

साथै यस कृतिको प्रेरणास्रोत नइ प्रकाशनका कुलपति, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनका अध्यक्ष इन्दिरा प्रसाईप्रति पनि म आभारी छु ।

प्रतिभाशाली काव्यसाधिका सुनीता कार्कीको उत्तरोत्तर प्रगति होस् । अझ गहन, फलदायी, प्रेरणाप्रद, सशक्त कृति हामीलाई उहाँबाट प्राप्त हुनेछन् भन्ने मैले पूर्ण अपेक्षा राखेकी छु ।

'सुनीता कार्कीको काव्यकारिता'जस्तो महत्त्वपूर्ण कृतिको प्रकाशनका लागि नइ प्रकाशनलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**• प्रा.डा.उषा ठाकुर**

# सुनीता कार्कीको काव्यकारिता

# बिम्ब र प्रतीकको लयात्मकता 'जानी नजानी'

डा.अम्बिका अर्याल

## १. विषयप्रवेश

कवि सुनीता कार्कीको सैँतिसवटा कविता सङ्कलित कृतिको नाम 'जानी नजानी' (२०७०) हो । यो उनको पहिलो कवितासङ्ग्रह त हो तर यस कृतिमा सङ्गृहीत कविताले यस शीर्षकको अभिप्रायलाई बोक्न सकेको देखिँदैन । प्रस्तुत कवितासङ्ग्रहका कविता नजानेर लेखिएको प्रथम प्रयासका कविताजस्ता लाग्दैनन् । तर स्रष्टाले विनम्रभाव दर्साएर शीर्षक जानी नजानी दिएको भने पक्का हो । 'जानी नजानी'भित्रका कविताहरू परिष्कृत, मार्मिक, बहुल विषयलाई समेट्न सफल देखिन्छन् तसर्थ कुनै सिकारु लेखकको प्रथम प्रयासस्वरूप जानी नजानी लेखिएको कविता यसमा नदेखिनु नै यस कृतिका स्रष्टाको नरम शैली हो । गार्गी शर्माले प्रस्तुत कृतिको भूमिका लेखनमा भनेझैँ भर्खर काव्यघरभित्र प्रवेश गर्न लागेकी नवबधूझैँ लजाएर सुनीता कार्कीले यो कृति प्रकाशित हुन लाग्दा अप्ठ्यारो महसुस गरेर यसको नाम 'जानी नजानी' राखेको हुनुपर्ने अनुमानको समर्थन भने गर्न सकिन्छ ।

## २. 'जानी नजानी' कवितासङ्ग्रहको विश्लेषण

मानवजीवन विविध अनुभूतिको पुञ्ज हो । यसर्थ एक जुनीमा मानिसले कति धेरै कुराहरू अनुभव गरेको हुन्छ । यही अनुभवलाई

कवितात्मक रूप दिन सफल कार्कीका कविताले जीवनको यथार्थलाई समेट्न सफल भएको देखिन्छ । जसरी हरेक सचेत मानवको जीवनमा परिवार, समाज, राष्ट्र, संस्कृति, धर्म, राजनीति आदिले प्रभाव पार्दछ त्यसरी नै कार्कीको जीवन पनि यसबाट अछुतो रहन सकेको छैन । उनको पनि अन्य मानिसको झैँ दु:खमा भगवान्लाई सम्झने प्रवृत्ति, आफ्नो परिवार, बुबाआमा र आफन्तप्रतिको प्रेमले जीवन सार्थक भएको अनुभव, बाल्यकालको सम्झना, बिग्रँदै गएको देशप्रतिको चिन्ता र शान्ति, अमनचयनको स्थितिको चाहनाजस्ता प्रवृत्ति कवितामा व्यक्त भएको देखिन्छ ।

यस कृतिका प्रत्येक कविताको अन्त्यमा दिइएको टिप्पणी वा कवितालेखन सन्दर्भले कवितालाई सरल, बोधगम्य र प्रासङ्गिक तुल्याएको छ । कार्कीले आफूले कुन कुरा व्यक्त गर्ने उद्देश्यले सो कविता लेखेको हो भन्ने कुरा यी सन्दर्भले प्रस्ट पारेका छन् । यसका साथै केही चीज देखेपछि उनमा कस्तो सिर्जनात्मक कौशलता जाग्दो रहेछ भन्ने कुराको पुस्टचाइँमा पनि यी सन्दर्भ उल्लेख्य बनेका छन् । कार्कीका देश विदेश भ्रमणका क्रममा मनमा जागेका भावना, साई बाबासँगको साक्षात्कारमा उब्जेको भक्तिपूर्ण अनुभूति, राष्ट्रप्रतिको प्रेमभाव, बुबाको अन्त्येष्टिलाई प्रत्यक्ष मनन गर्नुपर्दा मनमा उब्जेको खिन्नता, सत्कार र धैर्य एवं सन्तानप्रति जागेको मातृत्व भावले कस्ता मार्मिक र हृदयस्पर्शी कविता जन्मेका रहेछन् भनी बुझ्ने अवसर पनि यी सन्दर्भले दिएको पाइन्छ । यसर्थ कुन बेला, कुन कुराको अभिव्यक्तिका लागि यी कविता लेखिएका रहेछन् भन्ने जिज्ञासा मेटाउन सफल यी सन्दर्भले कार्कीको वास्तविक जीवन, सोच, व्यवहार र मनोभाव बुझ्न पनि पाठकलाई सहज भएको छ ।

सुनीता कार्कीका कवितामा आध्यात्मिक पक्षलाई बढी स्थान दिइएको छ र प्राथमिकता पनि दिइएको छ । यस कृतिको सुरुवातमा

नै 'साईराम' कवितालाई राखिनु र अन्तिम कविताका रूपमा 'ओशो वन्दना'लाई राखिनुले उनमा भएको आस्तिक प्रवृत्तिको पुष्टि गर्दछ । यी कवितामा उनले साईराम र ओशोप्रति व्यक्त गरेको भक्तिभाव, सम्मान, विश्वास र भरोसाले आध्यात्मिकताको पुष्टि गरेको छ । उनको 'मुक्ति' शीर्षकको कविताले भौतिक सुखसयल, लोभलालच, सांसारिक माया मोहबाट मुक्त हुन चाहेको सन्दर्भलाई प्रस्तुत गर्न सफल भएको देखिन्छ । यति मात्र होइन उनका विविध कवितामा व्यक्त जीवन जगत्प्रतिको दृष्टिकोण, मृत्युलाई अवश्यम्भावी ठान्ने सोच, मोक्षका प्राप्तिका लागि मानिसमा हुनुपर्ने सत्कर्मप्रतिको सचेतता, भगवान्ले नै मानिसलाई सत्असत् कर्म गरेबापत दिने दण्ड पुरस्कारप्रतिको विश्वासजस्ता सन्दर्भले पनि उनको कवितामा व्यक्त आध्यात्मिक चेतलाई प्रस्तुत गरेको देखिन्छ ।

सुनीता कार्कीका कवितामा प्रस्तुत अर्को सशक्त पक्ष प्रेम भाव हो । प्रेमका सन्दर्भमा पनि उनका कवितामा पहिलो प्राथमिकता राष्ट्रप्रेमले पाएको देखिन्छ । त्यसपछि जन्म दिने बाबुआमाप्रतिको प्रेम, साथीभाइप्रतिको प्रेम, श्रीमान्प्रतिको प्रेम, सन्तानप्रतिको प्रेमले पनि कवितामा स्थान जमाएका छन् । एउटा सच्चा देशभक्तले आफ्नो देशका लागि गर्नुपर्ने कर्तव्य उनका कवितामा छरपस्ट पाउन सकिन्छ । उनको 'एकता' शीर्षकको कविताले नेपालको एकतालाई जोगाइराख्नुपर्ने सन्देश दिएको छ । उनकै टिप्पणीमा प्रस्तुत गरिएझैँ यस कविताले नेपाली हुनुको गौरव, नेपालीको स्वाभिमान, गोर्खालीको पौरख र साहसलाई प्रस्तुत गर्न सफल भएको छ ।

उनका कवितामा बाल्यकालका अनुभूति, आफ्नो यौवनमा विकसित तन र मनको चञ्चलताप्रति गरेका चासो, प्रेमीको स्वप्निल कल्पना, एकान्त चाहने प्रवृत्तिलाई 'अधुरो मिलन' तथा 'प्यासी अधरहरू'जस्ता कवितामा प्रस्तुत गरिएको पाइन्छ । यौवनावस्थामा

प्रवेश गरेकी कार्कीले वैवाहिक सम्बन्ध स्थापना गरेपछिको नयाँ अनुभूतिलाई पनि कवितामा प्रस्तुत गरेको पाइन्छ । यस क्षणमा उनको 'एकअर्का' शीर्षकको कवितामा प्रस्तुत शृङ्गारिक भाव यस्तो छ–

**रोकेर हेरेँ छेकेर हेरेँ**
**आफैँले आफैँलाई सह्माल्न खोजेँ**
**न त तिमी रोकियौ न त म नै रोकिएँ**
**एकअर्काको सुवासमा मदहोसिँदै गयौँ ।**
(पृ.३६)

कार्कीको 'जानी नजानी' कविताले युवायुवती अर्थात् प्रेमीप्रेमिकाबीचको प्रेमको गहिरो सम्बन्धलाई प्रस्तुत गरेको छ । हरेक पाइलामा एकअर्काको साथमा रहने र हरसमय मायामै बाँच्न चाहने जोडीको आदर्श प्रेमलाई यस कविताले प्रस्तुत गरेको छ । यस्तै उनको 'केवल यही चाहन्छु' शीर्षकको कविताले कलेजमा सँगै पढेका साथीहरूसँगको बिछोडमा मर्माहत बनेको मन र साथीहरूको सफलताको कामनालाई व्यक्त गरेको छ जुन आफ्ना सहृदयी साथीप्रति गरिने आदर्श, स्वच्छ र निष्कपटपूर्ण प्रेमको अभिव्यक्ति हो ।

उनका कवितामा प्रेमीप्रेमिका, श्रीमान्श्रीमती, साथीभाइप्रतिको प्रेमले मात्र स्थान पाएका छैनन् । परिवारमा आमाले छोराछोरीप्रति गर्ने प्रेम अर्थात् नारीको मातृत्वभावलाई पनि प्रस्तुत गरिएको छ । उनको 'मेरा सन्तानलाई' शीर्षकको कविताले सन्तानप्रति आमाको नि:स्वार्थ प्रेमलाई सशक्त रूपमा प्रस्तुत गरेको छ । यस कवितामा भनिएको छ–

**यस आकाशसँग प्रार्थना गर्छु**
**एउटा सिङ्गै सुरक्षाको छतले सदा ढाकिदेऊ भनेर**
**यी फूलहरूसँग बिन्ती गर्छु**
**एक लहर माला बनेर मुस्कानले जीवन भरिदेऊ भनेर**
**यस पृथ्वीलाई आग्रह गर्छु**
**हरपाइलामा एक सफलताले भरिदेऊ भनेर ।**
(पृ.६४)

यस कविताले ममतामयी, मातृत्वकी धनी, प्रेमकी खानी आमाले आफूलाई जति नै दु:ख, पीडा सहनुपरे पनि आफ्ना सन्तानले कहिल्यै दु:ख भोग्न नपरोस् भनी जेसुकै कदम चाल्न तत्पर भएको सन्दर्भलाई अभिव्यक्त गरेको देखिन्छ । यस्तै उनका कवितामा सन्तानप्रति मात्र नभई सन्तानले बाबुआमालाई गर्ने प्रेमलाई पनि प्रस्तुत गरिएको देखिन्छ । 'बाबाआमा' शीर्षकको कविताले यसको पुष्टि गरेको छ । यस्तै कार्कीले आफू नारी भएर पनि पुरुषले प्रेमिकालाई कसरी फकाउने गर्दछ भन्ने अनुभूति पुरुष बनेर प्रस्तुत गरेको कविता हो 'बन्दी' । यस कवितामा प्रेमिकालाई प्रेमीले प्रेम बन्धनमा बाँधिएर सँगै जीवन बिताउन गरेको आग्रह प्रस्तुत गरिएको छ । यस्तै 'प्रेम के हो' भन्ने प्रश्नको सारगर्भित जबाफ पाइने उनका कविता हुन्– 'यही हो प्रेम' र 'माया' ।

कार्कीका कविताले समाजमा भएका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा खबरदारी गरेको छ । आफ्नो देशको नेताहरूले देशप्रतिको कर्तव्य पूरा गर्न नसकेको स्थिति, अनन्त निद्रामा निदाएका कथित राष्ट्रभक्त हुँदैमा देश विकास हुन नसक्ने स्थितिलाई 'बितिसक्यो' कवितामा प्रस्तुत गरिएको छ । एउटा राष्ट्रप्रति जिम्मेवार नागरिकले चाहेको खण्डमा देशलाई राम्रो या नराम्रो जुनसुकै बाटोमा हिँडाउन सक्छ । हिजोको देश विकास नभएकै अवस्थामा पनि भाइभाइमा एकता भएको; भ्रष्ट प्रवृत्ति नभएको; स्वच्छ, सुन्दर र शान्त प्रकृतिका काखमा नेपालीहरू हुर्किएको अवस्थालाई चिर्दै आजका भ्रष्ट व्यक्तिले आफ्नो स्वार्थसिद्ध गर्न विकराल किसिमका भ्रष्ट चरित्र र रोगहरू फैलाउँदै गएको अवस्थाको चित्रण गरिएको कविता हो 'हिजो, आज अनि भोलिको चित्रण' शीर्षकको कविता । यस कविताले वर्तमान र विगतमा जे भए पनि भोलिको नेपाल सुन्दर, शान्त, विकसित हुने आशा बोकेको छ । यो सम्पूर्ण विवेकी नेपालीको भावना र चाहनाको प्रतिनिधि कविता हो । यस्तै 'चीत्कार' शीर्षकको कविताले युद्धको

चपेटामा परेर जीवन गुमाएका शहीदका श्रीमतीहरूको क्रन्दन, शहीदले आफ्नो देशको विकासका लागि बोकेको सपना, मातृभूमिले भोग्नुपरेको पीडालाई मार्मिक रूपमा चित्रण गरेको छ भने 'वाचाहरू' शीर्षकको कविताले नेपालीहरूले नेपालको अस्तित्व रक्षाका लागि जाग्नुपर्ने, आफ्नो स्थानबाट जे गर्न सकिन्छ सोही कदम चालेर देशलाई जोगाउनुपर्ने सन्देश दिएको छ । आफ्नो देशका लागि आफैँले सच्चा काम गर्न सक्नुपर्छ; गरिबी, अशिक्षा, भ्रष्टाचार हटाएर सुन्दर र विकसित देश निर्माणमा सबै सहभागी हुनुपर्छ अनि मात्र देशको विकास हुन्छ भन्ने सन्देश बोकेको 'नयाँ नेपाल' शीर्षकको कविता हो ।

मान्छेले जति नै भौतिकता र सांसारिकताप्रतिको मोह त्याग गर्न खोजे पनि वास्तविक जीवनमा यसको भोग कतै न कतै गरिरहेकै हुन्छ भन्ने सन्दर्भलाई पनि कार्कीका कविताले बोकेको देखिन्छ । उनले 'चाहना' शीर्षकको कवितामा मनभित्र अटाईनअटाई दौडिरहेका चाहनाको भेलले मानिसलाई सताइरहने, मायालुको साथ खोजिरहने, यौवनको काउकुतीहरूले प्यास मेटाउने बाटो खोजिरहने सन्दर्भलाई प्रस्तुत गरेको पाइन्छ ।

कार्कीले यस कृतिमा आफूले जीवनमा भोगेका यथार्थ पक्षलाई बिम्ब र प्रतीकको प्रयोग गरी काव्यात्मक शैलीमा प्रस्तुत गरेको देखिन्छ । उनको 'मृत्यु ऊ जीवन म' शीर्षकको कविता 'म' र 'ऊ'लाई विभिन्न प्रतीकसँग तुलना गरिएको पाइन्छ । यस क्रममा 'ऊ'लाई मृत्युका प्रतीक र 'म'लाई जीवनका प्रतीक मानिएको छ । यसर्थ 'ऊ' कहालीलाग्दो भीर, कोलाहलमिश्रित क्रन्दन, अग्निको ज्वाला, असफल प्रेमी, बलात्कृत युवतीको मुहार हो भने 'म' महत्त्वाकाङ्क्षाको उचाइ चुम्ने गन्तव्य, उद्देश्यपूर्तितर्फ अग्रसर प्रेयसीको मधुर मिलन वसन्तऋतु भएको सन्दर्भलाई यस कवितामा प्रस्तुत गरिएको छ । यस्तै उनको धड्कन कवितामा प्रेमीको आगमनको

छटपटीमा बसेकी प्रेमिकाको खुलदुली र पर्खाइलाई यसरी बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ–

**तिमीबिना कलिले यहाँ**
**फक्रन नि बिर्सिसकेथे**
**मन्द मस्त पार्ने पवनले**
**बहन पनि छाडिसकेथे ।**
**(पृ.५०)**

उनका कवितामा नारीले पुरुषलाई गर्ने प्रेमको अभिव्यक्ति त प्रशस्त देखिन्छन् । यसका साथसाथै हरेक सचेत नारीले पुरुषबाट के चाहन्छन् भन्ने पक्षतर्फ पनि उनको ध्यान पुगेको देखिन्छ । पुरुष जातिले आफूलाई किन महान् ठान्छ र नारीप्रतिको उसको कर्तव्य पूरा गर्न सकेको छ कि छैन भन्ने प्रश्नको खबरदारी 'महापुरुष' शीर्षकको कविताले गरेको छ । नारीले पुरुषका हरेक कार्यमा साथ दिएर जीवन नै अर्पण गरेको तर पुरुषले नारीलाई सहयात्रीका रूपमा भन्दा पनि दासीका रूपमा समेत हेर्ने गरेको सन्दर्भलाई यस कवितामा यसरी प्रस्तुत गरिएको छ–

**चर्मचक्षुले होइन, आत्माको आँखाले हेर**
**त्यहाँ वात्सल्य, जवानी अनि मातृत्वको प्रेम हुँदैन कि ?...**
**तर तिमी– तिमी त केवल उसलाई**
**दिनको दासी अनि रातको प्रेयसी ठान्छौ**
**ऊ तिमीलाई जहाँ राम सोच्दछे**
**त्यहाँ तिमी उसलाई सीता सोच्न सक्दैनौ ।**
**(पृ.५४)**

यसरी यस कवितामा नारीजातिलाई पुरुषले सीता ठान्न नसकेको; नारीमा भएको वात्सल्य, जवानी र मातृत्व प्रेमलाई बुझ्न नसकेको; रातको उपभोगका लागि प्रेयसी ठाने पनि दिनमा दासी बनाएको सन्दर्भलाई प्रस्तुत गरिएको पाइन्छ । यस्तै अनेकौँ कष्ट सहेर बसेकी नारी स्वतन्त्र जीवन बाँच्न चाहेको सन्दर्भ,

विधवा नारीप्रति गरिने सामाजिक विभेदलाई चिरेर घृणाको भुमरीबाट उन्मुक्त हुन चाहेकी विवश नारीको पीडामय क्रन्दन 'जिन्दगीसँग' शीर्षकको कवितामा देखिन्छ । तर मानिसमा भएको प्रतिभालाई कदर गर्न जान्नुपर्दो रहेछ चाहे त्यो नारीभित्रको प्रतिभा होस् या पुरुषभित्रको । लैङ्गिक आधारमा विभेद गर्न नहुने सन्देश उनका कतिपय कवितामा व्यक्त भएको पाइन्छ । यसरी नारीको प्रतिभालाई नारीले नै सम्मान गरी लेखिएको कविता हो 'विश्वनारी रत्न' । यस कवितामा कार्कीले वानीरा गिरीको प्रतिभाको प्रशंसा गर्दै उनलाई एक मात्र विश्वनारी रत्न भनी सम्बोधन गरेको देखिन्छ ।

कार्कीका कवितामा प्रयोगात्मक एवं जटिल प्रवृति नभई सरल, स्पष्ट र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको देखिन्छ । जसले गर्दा पाठकलाई यी कविता फलामको चिउरा नभई बोध गर्न सहज बनाएको देखिन्छ । बिम्ब र प्रतीक एवं विभिन्न अलङ्कारको प्रयोगले कवितालाई सुसज्जित पारेको छ भने गद्यात्मक शैलीमा लेखिएका यस कृतिभित्रका कविताले कवितालाई लयात्मकता प्रदान गरेको छ ।

### ३. निष्कर्ष

कार्कीका कवितामा सरल, स्पष्ट र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको देखिन्छ । बिम्ब र प्रतीक एवं विभिन्न अलङ्कारको प्रयोगले कवितालाई सुसज्जित पारेको छ भने गद्यात्मक शैलीमा लेखिएका यस कृतिभित्रका कविताले कवितालाई लयात्मकता प्रदान गरेको छ । प्रत्येक कविताको अन्त्यमा दिइएको सन्दर्भले पाठकलाई कविता बुझ्न र अर्थ्याउन सहज बनाएको मात्र छैन; कविभित्रको मनोभाव, वास्तविक जीवन, तात्कालिक सिर्जनात्मक क्षमतालाई बुझ्ने अवसर पनि प्रदान गरेको छ । आध्यात्मिक प्रवृत्तिका कवितादेखि लिएर राष्ट्रप्रेम, बाबुआमा, सन्तान, साथीभाइ, प्रेमीप्रेमिका तथा

श्रीमान्प्रतिको प्रेमभाव प्रस्तुत गर्न सफल कविताहरू यस सङ्ग्रहमा सङ्कलित गरिएको पाइन्छ । यस्तै विभिन्न किसिमका सामाजिक विभेद, लैङ्गिक विभेद सहेर आफ्नो अस्तित्वको खोजी गरिरहेका नारीका पीडा, पुरुषले गर्ने अन्याय र शोषणको विरोध, शहीदका सपना पूरा नहुँदा देशले अस्तित्व नै गुमाउनुपर्ने हो कि भन्ने आशङ्का, राष्ट्रभक्तले देशविकासका लागि गर्नुपर्ने कर्तव्यजस्ता विषयवस्तुलाई कविताले समेटेको छ । यसर्थ यो कृति विविध विषय, भाव र सन्देशलाई लयात्मक एवं मार्मिक ढङ्गले प्रस्तुत गर्न सफल कृतिका रूपमा देखा पर्दछ ।

# सीपवती सुनीता कार्कीको 'जानी नजानी'

**इन्दिरा प्रसाई**

नेपाली समाजको अत्यन्त सम्मानित परिवारकी पुत्रबधूका रूपमा मैले परिचय पाएकी एवं मेरा लागि आदरणीय व्यक्तित्वको नाउँ हो– सुनीता कार्की । शालीन, सुशील, सुसंस्कृत एवं अत्यन्त संवेदनशील स्वरूपले व्यक्ति, परिवार एवं आफू उभिएको परिवेशलाई नै प्रभावित पार्न सक्ने क्षमतावान् नारीको नाउँ हो– सुनीता कार्की । परिवार सञ्चालनको कुशलताका बारेमा उनको जति नै प्रशंसा गर्दा पनि थोरै हुन्छ । मैले व्यक्तिगत रूपमा त उनलाई मेरी गुरुआमा नै भन्नुपर्ने हुन्छ । उनको क्षमताको र कुशलताको मौन अनुसरण गर्ने दुस्साहस मैले पटकपटक गरेकी छु । तर म कहिले पनि उनीजस्तै सीपवान् हुन सकिनँ र सक्तिनँ पनि । त्यसो त अझै पनि उनीबाट केही सिक्ने र जान्ने म प्रयास गर्दै छु । तर जन्मजात जान्नु र कोसिस गर्नुमा ठूलो अन्तर हुँदो रहेछ । बेलाबेला जङ्गलको राजा हुने तयारीमा नीरको रङमा रङ्गिएको कुनै एउटा स्यालको कथाको अहिले मलाई याद आइरहेको छ । त्यो पात्र अर्थात् नीरको रङमा रङ्गिएको त्यही स्याल आकाशको पानीले पखालिएर जस्ताको तस्तै स्याल नै भएजस्तै म पनि सुनीता कार्कीको स्थायी सिको गर्न असमर्थ हुन्छु । तर पनि गुरुआमा त उनी मेरी हुन् नै । लट्ठु विद्यार्थीका लागि पनि त गुरुको महत्ता वा अर्थ त मेधावी विद्यार्थीकै जस्तै हुन सक्छ नि !

मैले परिचय पाएकी सुनीता कार्की पत्नी, बुहारी, आमा सबैमा बराबरी योग्यता भएकी नारी हुन् । हुन त प्राय:जसो हरेक नारीले परिवारमा यी विविध भूमिकामा आफूलाई मञ्चित गर्नैपर्ने हुन्छ । तर ती मञ्चनामा तत्तत् नारीको सफलतम भूमिकाले मात्र दर्शकदीर्घाको ताली पाउने हो । सुनीता कार्कीको भूमिकाले सधैँ उत्कृष्टताको दर्जा प्राप्त गर्दै आएको छ । यी वाक्यहरू कोरा अतिशयोक्ति कदापि होइनन्, पुष्टिका लागि उत्पादनको प्रमाणपत्रसमेत पेस गरिन सकिने सत्य हुन् । ससुराको सेवा, सासूको सेवा, पतिको सेवा, सन्तानकी मार्गदर्शक गुरुआमा, परिवारमा समाविष्ट सबैलाई यथोचित व्यवहार पोषण तथा सबैकी ममतामयी संरक्षकको भूमिकामा उनको दक्षता प्रस्तुत भइरहेको यत्रतत्र सर्वत्र उजागार छ ।

सुनीता कार्कीमा यी सबै कामका अतिरिक्त संवेदनशीलताको छाल पनि उदात्त रहेको मैले पाएकी छु । उनी कसैको दुक्ख हेर्न सक्तिनन् । निजामति कर्मचारी श्रीमती सङ्घमा उनको नेतृत्वका समयमा भएका कार्यहरू स्मरणीय, प्रेरक र ऐतिहासिक छन् । भूपालमानसिंह कार्की प्रज्ञापरिषद्, त्रिमूर्ति निकेतन र नइ प्रकाशनमा उनको पाश्‍र्व सङ्गठनात्मक योगदान प्रशंसनीय छ । धेरै मठमन्दिर, स्कुल र अन्य ठाउँका सामाजिक गतिविधिहरूले उनमा रहेको सामाजिक व्यक्तित्व मुखरित पारेका छन् ।

त्यसो त सुनीता कार्कीको व्यक्तित्वका धेरै सफलतम पाटाहरू छन्, तिनको व्याख्या र विश्लेषण गर्नु पनि समाजविज्ञानका लागि आवश्यकीय कुरा हो । तर यस बेला मेरो ध्येय उनको काव्यात्मक व्यक्तित्वका बारेमा प्रस्तुत गर्नु मात्र भएको छ । समयले साथ दिएको अवस्थामा भविष्यमा उनका व्यक्तित्वका विविध पाटाहरू पनि अवश्यै केलाइनेछन् ।

सुनीता कार्कीको काव्यात्मक व्यक्तित्व खास गरेर हामी नइका सामु आजभन्दा बीस वर्षअघि नै उजागार भइसकेको हो ।

तर ती काव्यका झर्नाहरू काव्यजगत्‌मा नै बहनुपर्छ भन्ने हाम्रा मान्यता यथासमयमा स्वीकृत भएन । जसले गर्दा सुधी काव्यजगत्‌लाई सुनीता कार्कीको काव्यको रसास्वादन गराउने कार्यमा विलम्ब हुन गयो । तर समयले निकै नेटो काटेपछि पनि 'जानी नजानी'ले काव्यजगत्‌मा आफ्नो उपस्थिति जनाएको छ । यो घटना नेपाली साहित्यसंसारका लागि जति प्रियत्तर छ हामी नइका लागि थप सुखद पनि छ ।

सुनीता कार्कीजस्ता समर्पिता नारीहरू परिवारका विविध आयामहरूमा विभक्त हुन्छन्, हुनैपर्छ पनि । असल वा कुशल हुनुको मूल्यका रूपमा आफ्ना आन्तरिक इच्छाहरूलाई निर्ममतापूर्वक निमोठेर फाल्नु कहिले त सुनीता कार्कीजस्ता महामनाहरूको नियति नै हुने गर्छ । आफ्नो निजी सुख वा आनन्दका बारेमा सोच्ने समयसम्म पनि प्राप्त गर्न उनीहरूलाई हम्मेहम्मे नै पर्छ । तर यस्तो परिवेशमा पनि कविता सिर्जनाजस्तो नितान्त व्यक्तिगत निकासको कर्मलाई उनले औपचारिक रूपमा समय दिएकी छिन् । 'जानी नजानी' कवितासङ्ग्रह प्रकाशित भएपछि उनको साधनारत औपचारिक जीवन प्रकाशित भएको देखिएको छ ।

वाणीबाट पनि जादुमय काव्यको झर्ना बर्साउने सुनीता कार्कीको 'जानी नजानी' काव्यले उनीभित्रको काव्यात्मकताको अपार क्षमता सूक्ष्म रूपमा जनसामु उजागार गर्दै आएको हो । ती काव्यधाराले उनीभित्र काव्यको अथाह मुहान समेटिएको सूचना 'जानी नजानी' कवितासङ्ग्रहले प्रस्ट पारेको छ । भनौँ, नेपाली साहित्यका पारखीका मन र धारणाहरूलाई धीतको ल्याप्चे ठोक्ने काम 'जानी नजानी'ले गरिदिएको छ ।

सुनीता कार्कीकृत 'जानी नजानी'भित्र सैँतिस काव्यधाराका विविध भङ्गिमाहरू प्रस्तुत भएका छन् । तिनका केही बान्कीका स्वाद यहाँ प्रस्तुत गरेकी छु ।

१. राष्ट्रियतामा छचल्किएका कवयित्री सुनीता कार्कीका भावहरूको केही अंश यस्ता छन्–

**खुकुरीको धार हाम्रो वीरताको इतिहास**
**हाम्रो नेपाल नेपाली हामी पुर्खाको आशीर्वाद**
**मास्नु हुन्न नेपाली भई नेपालको इतिहास**
**एकता रहे नेपाल हुन्छ नत्र हुन्छ अभिशाप ।**
**(एकता : पृ.२५)**

राष्ट्रियताका सवालमा कवयित्री यसरी अर्को खरो प्रस्तुति गर्छिन्–

**कलम अनि कापी बोकेका विद्यार्थीहरू**
**हौसला अनि उमङ्गका सङ्गमहरू**
**उच्च आकाङ्क्षा र दृढ साहसले**
**बुलन्दीको शिखर**
**अनि आकाश चुम्नेहरू**
**यति याद राख**
**यो आकाशको पनि नाम छ,**
**यसको आफ्नै पहिचान छ अन्यथा**
**भोलि आकाश त सर्वत्र हुनेछ**
**तर तिमीले टेकेका**
**जमिनमा प्रश्नचिह्न लाग्नेछ**
**तिम्रो अस्तित्वमा गहिरो दाग लाग्नेछ ।**
**(वाचाहरू : पृ.६०)**

राष्ट्रियताकै भावधारामा कवयित्रीको अर्को प्रस्तुति यस्तो पनि छ–

**चार हात जुटेपछि नसकिने काम केही छैन**
**शक्ति हाम्रो अरूभन्दा कतै कम छैन**
**भरोसा र विश्वासको आधार बनाएर**
**दिई साथ अघि बढ्छौँ न्याय दिलाएर ।**
**(नयाँ नेपाल : पृ.६८)**

२. प्रकृतिपरक भाव प्रस्तुत गर्न पनि उनको कलम अग्रसर भएका काव्यहरू यस सङ्ग्रहमा समाहित छन् । एक छटा यस्तो छ–

**परालको कुन्यूमा लुकामारी खेल्थ्यौँ
बारीको आलीमा नाच्दैनाच्दै हिँड्थ्यौँ
कपाल बाटी तानी दिँदा आँखा तरिदिन्थैँ
मन मेरो रमाए नि रिसाएझैँ गर्थैं ।
(अधुरो मिलन : पृ.२७)**

३. प्रेम परिणयका उद्‌गारमा कवयित्री सुनीता कार्कीको प्रस्तुति अत्यन्त सबल रूपले बोलेको छ । प्रेम विह्वलतामा आन्दोलित कवयित्रीका यी भावधारा पाठकलाई सहअनुभूतिको चरम बिन्दुमा पुऱ्याउन समर्थ छन् । प्रेमोद्‌गारकै केही नमुनाहरू–

**यही उत्तरहरूका लागि विचलित छु म
चिन्तित छु म
त्यसैले बिन्ती छ
आवारा बादल नठानी देऊ
ठक्कर दिँदै पुलकित हुने
म त कालो मेघ हुँ, एक चोटमै बर्सिदिन्छु ।
(प्यासी अधरहरू : पृ.३०)**

**जानी नजानी तिम्रो प्यारमा
फसेछु म त यारायारीमा
आऊ नआऊ तिमी मकहाँ
पछ्याउनेछु गाउँगाउँमा**

**चोखो माया साँचिरहेछु
तिम्रो प्यारमै बाँचिरहेछु ।
(जानी नजानी : पृ.३८)**

**झट्कारेर किन फ्याँक्छौ यो हात
चाहेको हुँ केवल त्यो न्यानो साथ
सुनकेस्री बनी यो जीवन सजाऊ
विचलित हुनबाट मलाई बचाऊ**

**न त पराया सोच, न त निर्दयी बनाऊ
बिन्ती छ, बिन्ती ! हृदयमा सजाऊ !
(बन्दी : पृ.७१)**

४. जीवनदर्शनसँगको साक्षात्कारमा कवयित्री सुनीता कार्कीले काव्यमा आफूलाई पोखेकी छिन् । प्राकृतदर्शनसँग कवयित्री साक्षात्कार हुँदाका प्रमाण पनि उनले प्रस्तुत गरेकी छिन्–

**भूमिको काखाभरि पाखाभरि फुलेको तोरी**
**निर्जीव शरीरमा (पीडादायी, मर्मदायी) वेष्टित रामनामी 'ऊ'**
**रङ्गहरूको रङ्गोली, रङ्गीन वसन्तको ऋतुको उपस्थिति 'म'**

**दुई विपरीत ध्रुवका दुई कटु सत्य हुन् जीवन र मृत्यु**
**एकले अघि बढ्न प्रेरित गर्छ अर्को शून्यतामा विलीन हुन्छ ।**
**('मृत्यु ऊ जीवन म' : पृ.४९)**

**उनको छाती आकाश, उनको हृदय सागर**
**उनको शिर हिमाल, उनको तेज दिवाकर**
**उनको केश कालो मेघ, उनको शरीर क्षितिज**
**उनको पाउ धर्ती, उनको वरदान जीवन ।**
**(अस्तित्व : पृ.९२)**

५. मानवीय सम्बन्धप्रति सचेत कवयित्रीको स्त्रीपुरुष सम्बन्धमा आइपर्ने विकृतिप्रतिको व्यङ्ग्यचेत यसरी प्रस्तुत भएको छ–

**अग्निपरीक्षा त लिन्नौ तिमी पनि**
**तर वचन अनि तलाक (विच्छेद)को गरिमा दिन्छौ तिमी**
**किनकि तिमी त बीसौँ शताब्दीको आधुनिक पुरुष**
**रक्सी अनि चुरोट हातमा लिएका नारी पनि खेलाउँछौ**
**भान्सा र तिम्रो सेवा गर्ने स्त्री पनि भेट्टाउँछौ**
**पैसा कमाउँछौ, मौज उडाउँछौ**
**अनि तिमी जस्तो 'महापुरुष' दोस्रो कहाँ पाउँछौ ।**
**(महापुरुष : पृ.५५)**

६. अग्रजको सम्मानप्रति समर्पित कवयित्रीका यी भावहरू यसरी मुखरित भएका छन्–

**र यी सबैभन्दा पर,**
**एक मायाको छतले ढाकिदिने, आशीर्वादको सिङ्गो आकाश दिने**

**सङ्गीभावमा डुबाइदिने,**
..............................
**कहिले आमा भनी पुत्रप्रेम दोहोऱ्याइदिने**
**एकार्कावीच मायाको पराकाष्ठा नाघिदिने,**
**एक दिव्य, मायालु, अविस्मरणीय, जीवन मार्गदर्शक**
**जीवित आत्मा हौ तिमी !**
**(मेरा बुबा : पृ.५७)**

'जानी नजानी'ले सुनीता कार्कीलाई मूलतः राष्ट्रियताप्रति सचेत कवयित्रीका रूपमा प्रस्तुत गरेको छ । हुन त उनका कवितामा प्रकृति र प्रेमको सहभागिता पनि उल्लेख्य रूपमा पाइन्छ । जसरी पारिवारिक शिल्पमा सुनीता कार्कीको सीपले सफलता पाएको छ, त्यसै गरी उनको काव्यधर्मले पनि आफ्नो रचनाधर्मितालाई उजागार गरेरै छोडेको छ । देश दुःखेको कुरा, देशभित्र मौलाएको बेथितिका कारण राष्ट्रका खम्बा युवाहरूले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता र वैदेशिक भूमिमा उनीहरूले पाएको महाकष्टप्रतिको सहपीडानुभूतिका कारण सुनीता कार्कीको कविताले समयबोध गरेको छ । समसामयिकता बोलेको कविता नै काव्यिक भावभूमिमा जीवन्त रहन्छ । यस अर्थमा सुनीता कार्कीको 'जानी नजानी'ले नेपाली साहित्यिक जगत्मा आफ्नो सफलतम पाइला टेकेको कुरा सहर्ष उदघोष गर्न सकिन्छ ।

सुनीता कार्कीको गृहपरिसरको सीपको बखान गर्ने क्रममा काव्यजगत्मा पनि उनको सीपको बखान गर्नैपर्ने भएको छ । किनभने उनले काव्य प्रस्तुतिका क्रममा यस सङ्ग्रहमा पनि आफ्नो विशेष सीप देखाएकी छन् । उनको उक्त सीप प्रत्येक कविताको पुछारमा दिइएको रचनागर्भको प्रस्तुति हो । नेपाली साहित्यमा यसरी रचनागर्भिता प्रस्तुत गरिएको यो नौलो शैली र आधुनिक पारा हो । त्यसैले यसलाई विशेष सीपका रूपमा अर्थात् नौलो प्रयोगका रूपमा उनको प्रशंसा गर्नुपर्ने हुन्छ ।

समग्रमा सुनीता कार्कीलाई 'जानी नजानी'की कवयित्रीका रूपमा नेपाली साहित्यसंसारमा भित्र्याउँदा नेपाली साहित्यसंसारमा एक जना सीपवती स्रष्टाको प्रवेशले साहित्यिक क्षेत्र पल्लवित भएको छ । उनको साहित्यिक उपस्थितिले कवयित्रीहरूको संसारलाई उज्यालो प्रदान गरेको छ । कुशल गृहणीहरू स्रष्टाको भूमिका पनि कुशलतापूर्वक निर्वाह गर्न सक्षम हुन्छन् भन्ने गतिलो प्रमाण 'जानी नजानी'ले प्रस्तुत गरेको छ ।

एक जना सम्भ्रान्त परिवारकी कुलबधू सुनीता कार्की साहित्यिक संसारमा प्रवेश गरिदिँदा यो साहित्यिक धराले नै गौरवको अनुभूति गरेको भान मलाई नै समेत भएको छ । प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी, नाटचसम्राट् बालकृष्ण सम, कथाकार पुष्करशमशेर, कवयित्री चाँदनी शाहजस्ता घरानियाँ साहित्यकारहरूले पहिल्याएको पथकी यात्रीका रूपमा सुनीता कार्कीको पनि मार्ग प्रशस्त भएको छ । सुनीता कार्कीको कलम अविरल र अविश्रान्त यात्रामा लाग्नेछ र अवश्यै पनि आफ्नो शिखर आफैँ निर्माण गर्नेछ भन्ने कुरामा म विश्वस्त छु ।

# सुनीता कार्कीका निश्छल कविता

**प्रा.डा.कपिल लामिछाने**

साहित्यका प्रमुख चार विधा (कविता, आख्यान, नाटक र निबन्ध) मध्ये कविता सर्वाधिक पुरानो, सर्वाधिक बढी लेखिने र सर्वाधिक बढी पढिने विधा हो । कविताका सयौँ परिभाषा बनाइएका छन् । वर्डस्वर्थले 'शान्त क्षणमा सञ्चित अनुभवहरूबाट उत्पन्न प्रबल मनोभावहरूको स्वत:स्फूर्त प्रवाहलाई' कविता भनेका छन् भने जोन मिल्टनले 'कविता कम सूक्ष्म र सुकुमार भए पनि बढी सरल, इन्द्रियग्राह्य र भावपूर्ण हुन्छ' भनेका छन् । कवितालाई यसरी र उसरी पनि बुझ्ने गरिएको छ । कवितालाई कठिन ढङ्गले बुझाउन खोज्नेहरू पनि छन् । मेरा विचारमा भाव वा विचारको लयात्मक विशिष्ट भाषिक अभिव्यक्ति नै कविता हो । कवितामा भाव वा विचार हुन्छ । कवितामा लय हुन्छ र कविताको भाषा चानचुने होइन, विशेष खालको हुन्छ । जीवनका हरेक पहलु, हरेक घटना, हरेक विचार, हरेक चिन्तन, हरेक भोगाइ, हरेक यथार्थ, हरेक कल्पना कविताको भाव वा विचार वा विषय भएर प्रकट हुन सक्छ । यसर्थ कवितामा जीवनकै अभिव्यक्ति हुन्छ ।

अनि अहिले मेरा हातमा सुनीता कार्कीका सैँतिस फुटकर कविताहरूको एउटा ठेली छ । भर्खर (२०७० सालमा) छापिएको छ– 'जानी नजानी' शीर्षकमा । कविहरू कविता लेख्छन् र पत्रपत्रिकाले

छाप्छन् । अनि कवि किस्ताकिस्तामा पाठकमाझ पहिचान पाउन पुग्दछ । कोही सामान्य रूपमा चिनिन्छ । कुनै विशिष्ट रूपमा चिनिन्छ । कालजयी रचना पाठकका मनमा अमिट भएर बस्दछ । कवयित्री सुनीता कार्की किस्ताबन्दीमा होइन, थोकमा नै नेपाली काव्यसंसारमा उदाएकी छन् । यसलाई नइ प्रकाशन, काठमाडौँले प्रकाशमा ल्याएको हो ।

'जानी नजानी' एउटा सानो त्यस्तो काव्यवाटिका हो, जहाँ थरीथरीका सुगन्धित सुकोमल रङ्गीबिरङ्गी तर नयाँनयाँ फूलहरू फुलेका छन् । यिनमा बालकको जस्तो निश्छल सौन्दर्य सलबलाएको छ । कतै देशको माया प्रकट भएको छ त कतै आत्मिक प्रेमको भावना प्रस्फुटित भएको छ । कतै आफूले बाँचेको युगजीवनका धरातलीय यथार्थको अभिव्यक्ति छ । कतै प्रकृति छ त कतै प्रवृत्ति छ । कतै देशभक्ति छ त कतै ईश्वरभक्ति ।

आफू जन्मेको देश सबैलाई प्यारो हुन्छ । देश बन्दा मन खुसी हुन्छ र देश बिग्रँदा मन दु:खी हुन्छ, चिन्ता लाग्छ, चिन्ताले सताउँछ । यस्तो सबैलाई हुन्छ । एउटा सचेत स्रष्टालाई झन् हुन्छ । सुनीता कार्कीका कवितामा पनि देशप्रेम झल्केको छ । 'एकता', 'बितिसक्यो', 'चीत्कार', 'वाचाहरू', 'नयाँ नेपाल', 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता', 'हिजो आज अनि भोलिको चित्रण' आदि कवितामा देशप्रेम झल्केको छ । देशको माया र देशप्रतिको चिन्ता प्रकट भएको छ । उनका देशप्रेमका कवितामा पुर्खाले आर्जेको यो सुन्दर फूलबारीलाई सबैले एकताबद्ध भएर जोगाउनुपर्ने, शान्ति क्षेत्र बनाउनुपर्ने, देशका नदीनाला र राष्ट्रिय धरोहरलाई जोगाउँदै नयाँ नेपाल बनाउनुपर्ने, सुशासन कायम गर्नुपर्ने, राष्ट्रिय स्वाभिमान र पहिचान जोगाउनुपर्ने, गरिबी र अशिक्षा हटाउनुपर्ने जस्ता सुकोमल भावहरू प्रकट भएका छन् । देशमा बरबादी छ । त्यो उनका नजरले देखेको छ । देशमा

खराबी छ । 'बितिसक्यो' आदि कवितामा त्यो उनका कलमले लेखेको पनि छ ।

**विकासशील राष्ट्र नेपालको विकास**
**पूर्वपश्चिम राजमार्गमा गई लम्पसार परेको जस्तो ।**
(पृ.३३)

'वाचाहरू'मा उनी लेख्छिन्–

**वाचा गरौँ आजैदेखि**
**देशका लागि मर्नेछौँ, देशका लागि जिउनेछौँ,**
... ...
**भोलि माटो त सर्वत्र हुनेछ**
**तर तिम्रो पहिचानमा प्रश्नचिह्न लाग्नेछ**
**तिम्रो गरिमामा अमिट दाग लाग्नेछ ।**
(पृ.६०)

यसरी कवयित्री सुनीता कार्कीले आफ्ना कवितामा देशप्रेम, राष्ट्रियता र नेपाली पनलाई प्रकट गरेको पाइन्छ ।

सुनीताका कवितामा प्रेमभाव अझ बढी छचल्किएको छ । प्रेम नभए संसार छैन । संसार भएपछि प्रेम हुन्छहुन्छ । 'मेरा सन्तानलाई' र 'बाबाआमा'जस्ता कवितामा वात्सल्य प्रेम छ । 'केवल यही चाहन्छु'मा साथीसँगातीको प्रेम छ । प्रेम यतिमै सीमित छैन । 'एकअर्का', 'जानी नजानी' 'धड्कन', 'नौलो ठाउँ', 'बन्दी भावहरू', 'यही हो प्रेम' र 'माया'जस्ता कवितामा प्रेमी र प्रेमिकाका बीचमा हुने मायाप्रेम पाइन्छ भने 'अधुरो मिलन', 'प्यासी अधरहरू' र 'चाहनामा' विप्रलम्भ शृङ्गार प्रकट भएको छ । प्रेमको कुरा आउनेबित्तिकै नाक खुम्च्याउनेहरू पनि छन् । ती आफैँ पनि प्रेमका परिणति र प्रेमका पिण्ड हुन् । सुनीताका कवितामा प्रेम एउटा निश्छल, स्वच्छ, शिष्ट र मर्यादित भएर एउटा मानवीय अनुरागका रूपमा अभिव्यक्त भएको छ । प्रेमलाई शालीन रूपमा व्यक्त गर्न सक्नु कवयित्री सुनीता कार्कीको काव्यकौशल बनेको छ ।

विप्रलम्भ शृङ्गारको एक बान्की–

**टाढा भयौँ आज हामी एकअर्कासँग**
**नीरस भयो, जिन्दगीको आज सबै रङ्ग ।**
(पृ.२७)

संयोग शृङ्गारको एक बान्की–

**रोकेर हेरेँ छेकेर हेरेँ**
**आफैँले आफैँलाई सम्हाल्न खोजेँ**
**न त तिमी रोकियौ न त म नै रोकिएँ**
**तिम्रो जीवनरूपी सङ्गीतमा विलीन नै भएँ ।**
(पृ.३७)

वर्तमानप्रति जति असन्तुष्ट र निराश भए पनि कवयित्री सुनीता भविष्यप्रति आशावादी छिन् । 'हिजो, आज अनि भोलिको चित्रण'को अन्तमा उनी लेख्छिन्–

**आशा गरौँ**
**आजको प्रयासले भोलि नयाँ नेपाल अवश्य बन्ला**
**विकसित राष्ट्रको अग्रपङ्क्तितिरै**
**हाम्रो राष्ट्रको नाम पनि सज्ला ।**
(पृ.९६)

सुनीता कार्कीले गद्यमा प्रस्टचाउने क्रममा आफ्नो कलामान्यता पनि प्रस्तुत गरेकी छन् । उनका विचारमा हरेक रचना मस्तिष्कको उपज हो (पृ.२८) ।

प्रस्तुत कवितासङ्ग्रहमा पहिलो र अन्तिम कविता भक्तिभावका रहेका छन् । पहिलो 'साईराम' र अन्तिम 'ओशो वन्दना'का रूपमा । साई र ओशो दुवै मानव हुन् तर यहाँ यी भगवान्का रूपमा उपस्थित भएका छन् । विचार आफ्नोआफ्नो । भाव आफ्नोआफ्नो ।

'विश्वनारी रत्न'मा डा.वानीरा गिरीको, 'मेरा बुबा'मा ससुराबा भूपालमानसिंह कार्कीको, 'बाबाआमा'मा आफ्नै जन्मदाताप्रति श्रद्धा

र आदरभाव प्रकट भएको छ । कवितामा पात्र जो भए पनि त्यो साधारणीकरण भएर प्रकट भएको छ ।

'एकान्तमा', 'मृत्यु ऊ र जीवन म', 'जीवन यस्तै रहेछ'जस्ता कवितामा जीवनसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । 'मृत्यु ऊ र जीवन म'मा उनी लेख्छिन्–

**दुई विपरीत ध्रुवका दुई सत्य हुन् जीवन र मृत्यु**
**एकले अघि बढ्न प्रेरित गर्छ अर्को शून्यतामा विलीन हुन्छ ।**
(पृ.४९)

जीवन र मृत्यु जीवनका सत्य हुन् । यस्ता सत्यलाई उनले राम्रोसँग मनन गरेकी छन् ।

केही ठाउँमा सुनीताको कवित्व बडो प्रखर भएर प्रकट भएको छ । विदेशमा दुःख पाएका नेपालीप्रति 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' कविताका केही पङ्क्ति–

**आज मरुभूमिमा**
**बालुवा चाटेर**
**आफ्नो नेपाली**
**हृदय साटेर**
**भाइ नै बने शत्रु**
**यथार्थ ढाँटेर ।**
(पृ.८१)

**जीउभरि लिएर नयाँ नीलडाम**
**साहूसँग लुकेर रुन्थेँ हरसाम**
**न त जान सक्छु यो देशबाट**
**न त पठाउन सक्छु पैसा खल्तीबाट ।**
**उल्टै गुहार्दै छु आमाबाबासँग**
**मगाइदेऊ पैसा**
**म फर्किन्छु, सुध्रिन्छु गल्तीबाट ।**
(पृ.८२)

**नमरी बाँचे काललै साँचे'**
**अर्को भाइलाई म मर्न दिन्नँ**
**अरूको भूमिमा सुख केही हुन्न ।**
**(पृ.८३)**

यहाँ सरल रूपमा सौन्दर्य प्रकट भएको छ ।

यो कवितासङ्ग्रह प्रयोगको एउटा पुलिन्दा पनि हो । हरेक कविताको अन्तमा सो कविता रचना गर्दाको रचनागर्भ वा प्रेरणा स्रोत र सन्दर्भ गद्य भाषामा दिइएको छ । यसले कविताको अर्थ लगाउन धेरै सरल भएको छ । यो प्रयोग हो । नेपाली कविताका इतिहासमा प्रयोग भन्नेबित्तिकै डर मान्ने चलन छ । प्रयोगवादी कविता बेअर्थका हुनु नै डराउनुको कारण हो । प्रयोगवादकालीन कविता दुर्बोध्य, क्लिष्ट, दुरूह र निराशावादी हुन गए; जसले गर्दा पाठक र कविताका बीचमा दूरी बढ्न गयो । अनि त प्रयोगवादी कहलाएका कविहरू पनि बोधगम्य कविताको रचना गर्न बाध्य भए । सुनीता कार्कीको यो प्रयोग दुर्बोध्यताका विरुद्ध बोधलाई सघाउ पुऱ्याउने गरी भएको छ ।

समग्रमा भन्नुपर्दा सुनीता कार्कीको प्रस्तुत सङ्ग्रहका कविताले एकातिर समकालीन जीवनका यथार्थलाई उद्घाटन गरेका छन् भने अर्कातिर राष्ट्रवादी, आशावादी स्वरहरू सुसेलेका छन् । कला सौन्दर्यका लागि घोटिनुमा भन्दा मनमा उठेका सरलतरल भावभूभिलाई कवितात्मक गीत्यात्मक अभिव्यक्ति दिनुमा कवयित्रीको कलम एकोहोरिएको छ । टमस कार्लाइलले 'साङ्गीतिक विचारलाई' कविता मानेका छन् भने यहाँ जुन विचार प्रस्तुत भएका छन् यी पनि साङ्गीतिक छन् । कतिपय ठाउँमा भने कला सौन्दर्य आफैँ उनका सामु लडीबुडी गर्न आइपुगेको छ । शिल्पगत स्वस्फूर्त लेखनमा अभिरुचि राख्ने सुनीताका कवितामा एउटा शिशुको निश्छल मुस्कानको नैसर्गिक

सौन्दर्य भेटाइन्छ । कविताका अन्तमा कविता रचनाको प्रेरणा स्रोत र सन्दर्भ खुलाएर सुनीताले नौलो प्रयोग गरेको पाइन्छ, तर यसले नेपाली कविताको प्रयोगवादी दुरूहता, जटिलता र दुर्बोध्यतालाई भने टाढै राखेको छ । यसैले यसले नेपाली कविताका इतिहासमा आफ्नो स्थान सुरक्षित गर्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

# चर्चाभित्र सुनीता कार्कीको 'जानी नजानी'

**प्रा.डा.कविता लामा**

**हलो अनि कोदाला बोकेका किसानहरू**
**धानको बाला लिएर भिजेका लबेदा लाउनेहरू**
**माटोमा मुछेको हात र माटैमा भिजेको हृदयले**
**माटोलाई हरियालीले रङ्गाइदिनेहरू**
**यति याद राख**
**यो माटोको पनि नाम छ,**
**यसको आफ्नो पहिचान छ**
**नेपाल आमाको अस्तित्व रहे**
**तिम्रो नाम छ**
**अन्यथा**
**भोलि माटो त सर्वत्र हुनेछ**
**तर तिम्रो पहिचानमा प्रश्नचिह्न लाग्नेछ**
**तिम्रो गरिमामा अमिट दाग लाग्नेछ ।**
**(वाचाहरू)**

उद्धृत कविताले भन्छ, नेपाल आमाको महत्त्व र अस्तित्व त्यहाँको माटो, हरियालीमा होइन तर त्यस माटोमा जीवन व्यतीत गर्ने, बाली फलाउने एक जना किसानको मेहनती हातमा लागेको माटोको गन्धमा महसुस गर । माटोको नाम र पहिचान भएर मात्र हुँदैन, त्यसलाई चिनाउने नेपाल आमाको नाम बँचाएर राख्ने कर्तव्य सबैको एकमुस्ट रूपमा हुन्छ भन्ने देशप्रेमले ओतप्रोत साथै मातृभूमिप्रतिको चोखो अनि उच्च भावमा कविता लेखेर प्रथम चोटि

आफ्ना कृतिमार्फत नेपाली काव्यजगत्मा देखा पर्ने कवि सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह 'जानी नजानी' (सन् २०१४)मा अभिव्यक्त गरिएका यी पङ्क्तिहरू 'वाचाहरू' शीर्षकबाट लिइएको हो । भाव कोमल तर गहन छ, उक्त कविता पढेर आँखा सजल बन्छ । यस्तै देशभक्तिमा केन्द्रित कविता 'नयाँ नेपाल' पनि उत्तिकै प्रभावशाली ढङ्गमा शिक्षाको ज्योतिले नयाँ नेपालको निर्माण गर्नुपर्छ भन्ने कविको आग्रहले पाठकको मन छुन सफल भएको छ ।

अन्य कविहरूभन्दा कवि सुनीता कार्कीको यो पुस्तक एउटा पक्षले फरक कहाँ लाग्छ भने यहाँ रचिएका हरेक कविताको मुन्तिर कविले त्यस कविता लेखिनाको पृष्ठभूमिलाई स्पष्टत: उल्लेख गरेकी छन् । यस दृष्टिले पाठकलाई कवि कार्कीले ती कविताहरू कुन धरातलमा उभिएर सिर्जना गरेकी हुन्, त्यसबारे स्पष्ट थाहा लाग्छ । यद्यपि यसले मात्र एउटा कविता सिर्जना हुनाका कारणले पाठकलाई सन्तुष्टि हुँदैन । यदि भए पाठकको भूमिका कविका व्याख्याभित्र खुम्चिएर बस्छ । मात्र उसले त्यो देख्छ जो कवि कार्की देखाइरहेकी छिन् । डेरिडाले भनेजस्तै पाठभित्र पठनको भिन्नताले पनि ठाउँ पाएको हुनुपर्छ । कुनै पनि पाठलाई अर्थ्याउने अन्य धेरै कारक तत्त्वहरू त्यसभित्र सलबलाइरहेका हुन्छन्, ती छोपिएका पाटाहरूप्रति पाठकको दृष्टि जान अत्यन्त जरुरी छ भन्छन् विनिर्माणवादीहरू ।

प्रस्तुत सङ्ग्रहमा कवितासितै कविको भनाइ प्रत्यक्ष रूपले बुझे तापनि एक जना पाठकमन कविले बताएकी पृष्ठभूमिवरिपरि मात्र विचरण गरिरहन मान्दैन, त्यसदेखि परसम्म पुगेर कविताका एकएकवटा शब्दलाई केलाएर हेर्ने काम पाठक स्वयम्ले आफ्नो काँध लिने गर्छन् । यिनका उक्त कविता एवं यसबारे गरिएका व्याख्याको घेरोबाट बाहिर आएर हेर्दा 'जानी नजानी'लाई विभिन्न पाठकले विविध सन्दर्भमा हेर्न, देख्न, अनि बुझ्न सकिने अथवा अर्थका धेरै सम्भावनाहरूले कविताभित्र एकपछि अर्को दैलो

खोल्दै जाने बाटोलाई एक जना पाठकको हेराइले यसरी प्रस्तुत गर्न सकिन्छ–

पुस्तक प्रकाशनपूर्व सुनीता कार्की कवितामय शब्दलाई डायरीका पानाहरू, साथीसङ्गीका अटोग्राफका पानाहरूमा लेखेर सन्तुष्ट हुने गर्थिन् । यिनीभित्रकी सङ्कोची कवि व्यक्तिले सुरुसुरुमा अभिव्यक्तिका मार्गहरू भनेको नै ती पानाहरूलाई सम्झे । बिहेअघिका यिनको लेखनगत यस्ता अभ्यासहरू बिहेपछि श्रीमान्को विशेष प्रेरणाले एउटा कृति जन्मन गएकोमा स्वयम् सुनीता छक्क पर्छिन्, तर यो एउटा वास्तविक र सुखद घटना भएको छ यिनको काव्यिक यात्रामा । 'जानी नजानी' शीर्षकले सुरुमा नै पाठकको मनमा टङ्कारो प्रश्न उठाउँछ, के कविले यी कविताहरू जानी नजानी लेखेकी हुन् ? के यी कविताहरू पूर्वअभ्यास मात्र हुन् ? तर कविता पढ्दै र यसको रसास्वादन पाउँदै जाँदा, अघिको प्रश्नले स्वत: उत्तर पाइसकेको हुन्छ ।

गीतकारका रूपमा अघिबाटै परिचित नाम सुनीता कार्की अचेल कविताकृति 'जानी नजानी'ले चर्चामा छिन् । धेरै अघिदेखि सुनीताको सम्बन्ध कवितासित भए पनि यिनले आफूभित्रको कवित्व प्रतिभालाई गम्भीर भएर कहिल्यै सोचिनन्, कवि व्यक्तिलाई फस्टाउने मौकासम्म कहिल्यै दिइनन्, प्रकाशनको उज्यालोविहीन कलमले यिनी चुपचाप लेखिरहन आफ्नो धर्म सम्झिइन्, पुस्तकका अघिल्ला पानाहरूबाट यति कुरा थाहा लाग्छ ।

कविता पढ्दा यिनको काव्यिक शैली शास्त्रीय अनि लौकिक दुवै छन् । केही कविता पुरानो शैलीमा नै लेखिएका छन् र आफ्ना समकालीन कविहरूको तुलनामा यिनको लेखाइले फरकपन त्यति देखाएको पाइँदैन । यद्यपि कवितामा रसास्वादन दिने क्षमता भने प्रशस्तै रहेको छ । यसो त वर्तमान साहित्य समालोचनामा लेखकको मृत्युको अवधारणालाई निकै प्रयोग गरिएको पाइन्छ । कवि सुनीता

कार्कीले त्यस अवधारणालाई तोड्ने कोसिस गर्दै हरेक कविताको सिर्जनाको पृष्ठभूमिमा आफ्नो उपस्थिति सोझै देखाउँछिन् ।

भावगत रूपमा यिनका कविताहरू भावनात्मक, अतीतमोहमा लिप्त रहेको देखिन्छ, केही कवितामा नेपाल राष्ट्रको विकास सही रूपमा हुन नसकेकोमा चिन्ता व्यक्त गर्छिन् जस्तै–

**सम्झेर बस्दा, कल्पेर बस्दा**
**थाहा छैन मलाई किनकिन भित्रभित्रै पोल्दछ**
**असह्य डाहा भएर मन भित्रभित्रै जल्दछ**
**राजभक्तहरूले गोप्य कागज सिध्याउन**
**सिंहदरबार नै जलाइदिए जस्तो !**
(‘**बितिसक्यो**’)

चौतर्फी भ्रष्टाचारले त्रसित नेपालले आफ्नो जातिको वीरताको गुणगान गर्नाका साथै अब एकतामा बाँधिएर देशको इतिहासलाई सुरक्षा प्रदान गर्नुपर्छ भन्छिन् यिनी ।

‘यही हो प्रेम’ अनि ‘प्यासी अधरहरू’ कविता, कविता नभएर गीत र सङ्गीतले ऋङ्कृत छन् । गीतकारको प्रभाव यस कवितामा प्रत्यक्ष परेको छ । यी कविताका शब्दशब्द गेयात्मक, सङ्गीतात्मक भएर यसरी प्रवाहमय बन्छन्–

**हाँस्ने गरेका दुई पलहरू**
**एकान्तमा किन कल्पिदिन्छन् ?**
**भावना शून्य मस्तिष्क पनि**
**सुनसान रातमा किन तरङ्गित हुन्छ ?**
(‘**प्यासी अधरहरू**’)

गीत अतिरिक्त गजलमय कविताहरू पनि यस सङ्ग्रहमा समाविष्ट छन् । उदाहरणार्थ–

**प्याला जहरको पिएझैँ**
**जिन्दगी यो जिइरहेछु**
**विश्वासघाती प्रेम लिएझैँ**
**मानसिक रूपले खिइरहेछु ।**
(‘**पिइरहेछु**’)

'भावहरू'जस्ता स्वच्छन्दतावादी कविको रूपमा देखिएकी सुनीता 'माया' कवितामा जीवनजगत्का सम्पूर्ण थोकहरूमा मायाको आभास पाउन सक्नेतर्फ सङ्केत गर्छिन् । आँखामा माया राख्न सके सृष्टिको हरियालीदेखि मान्छेको घृणासम्म माया पाउनमा विश्वस्त छिन् यिनी । 'एकाअर्का'मा निकै रोमान्टिक हुँदै शास्त्रीय र लोक सङ्गीतको सङ्गम सितार, मादल अनि सारङ्गीमा सुमधुर धुन सुनाउँछिन्; 'केवल यही चाहन्छु'बाट विगतका दिनहरूमा पुग्छिन्, कहिले एकान्तको कुरा गर्छिन् भने 'मुक्ति' कवितामा यिनी एक जना स्वाभिमानी नारीको रूपमा चिनिँदै मुक्तिको चाहना राख्छिन् । गीत सङ्गीतकी पक्षधर यिनी कवितामा गीत गुनगुनाउँछिन्, सङ्गीत सुनाउँछिन् ।

'यही हो प्रेम' भन्दै मन खोलेर प्रेम गर्न सिकाउने कवि कहिलेकाहीँ आफ्ना इच्छा, आकाङ्क्षा पूरा नभएकोमा जिन्दगीदेखि थाकेकी, निराश भएकी देखिन्छिन् भने कहिले हराएको विश्वास पाउने आशामा छिन् । भगवान् साईप्रति गहिरो आस्था र ओशोदर्शनमा मात्र यिनी श्रद्धाभाव देखाउने कवि होइनन् तर आफ्ना आमाबाबाप्रति उतिकै माया, प्रेम, श्रद्धा गर्ने छोरी पनि हुन् भन्दै संसारमा आमाबाबाको तुलना कुनै थोकसित गर्न सकिँदैन र उनीहरूले दिएका संस्कार र शिक्षाप्रति हामी सधैँ आभारी रहनुपर्छ भन्छिन् कविता 'बाबाआमा'मा । 'जीवन यस्तै रहेछ'ले जीवन जति नै दुःखपूर्ण, अभावपूर्ण भए पनि त्यही जीवनलाई सन्तुष्टिले बाँच्न सक्नुपर्छ भन्छिन् ।

प्रखर समसामयिक स्वर बोकेर आएको कविता 'हिजो, आज अनि भोलिको चित्रण'मा कवि कालको तीन खण्डमा हिजोलाई अन्य दुईवटा काल वर्तमान र भविष्यसित दाँजेर हेर्छिन् र हिजोलाई अत्यन्त सुन्दर र शान्त स्थितिमा चित्रित गर्न सफल छिन् । कवि भन्छिन्–

**बन्चरो र कोदालोको कमी थिएन**
**तर वनजङ्गल मासिएन ।**

माथि उल्लेखित दुईवटा पङ्क्तिबाट सम्पूर्ण कविताको भाव बुझ्न काफी छ । हिजोका मान्छेलाई कुनै भौतिक सुखसुविधा उपलब्ध थिएन, जो आज छ तर पनि हिजोका ती अभाव र कष्टसाध्य जीवनमा सबै थोक भएको अनुभूत गर्थे । आजका मान्छेमा सब थोक भएर पनि केही छैनन्, सबै भत्किएका, भ्रष्टाचारपूर्ण अनि अव्यवस्थित रूप देखिन्छ यहाँ । कविताको सार नै यति हो । कहीँकहीँ पाठकले यस कवितामा कवि लेखनाथको तरुण तपसीय सन्देशको पनि आभास पाउँछन् ।

अहिले घरी नेपाली साहित्यमा डायस्पोरिक लेखनको चर्चा निकै चुलिएको छ । यसैको प्रभावस्वरूप सिर्जना गरिएको कविता 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता'ले आजका युवाहरूको डायस्पोरिक पीडालाई बढो मार्मिक ढङ्गमा चित्रण गर्ने प्रयास गरेको छ । आर्थिक सङ्कटको कारणले यी युवाहरू टाउकोभरि ऋण बोकी खाडी देशमा नोकरी गरिरहेछन् । तर यहाँ यिनीहरूलाई एक दिन पनि शान्ति र सुख छैन । प्रस्तुत कविताको मूल भावले भन्छ– आफ्नो मुलुक, आफ्ना मान्छेहरूबीच रहेर जति नै दुःख गर्न परे पनि त्यसलाई आत्मसात् गर्न सकिन्छ तर त्यही दुःख विदेशमा गर्न परे आफन्तजनको अनुपस्थितिमा एक्लोपनले कसरी भित्रभित्रै खाँदो रहेछ त्यो चित्र आँखाअघि झलझली आउँछ र मनभित्रैबाट रुन्छ । वर्तमानमा यो समस्या केवल नेपालको मात्र समस्या होइन तर वैश्विक समस्या भएर अघि आएको पाइन्छ । कवि कार्की यस्तो स्थितिलाई नरकको दुःखसित दाँजेर हेर्छिन्, जहाँ चाहेको र भनेको बेलामा आफ्नो घर आउन पाउँदैनन्, आफ्नो परिवारका सदस्यलाई भेट्न सक्तैनन् । केही पङ्क्ति उद्धृत गरेर हेरौँ–

**जुन काम भन्थे**
**सबै रै'छ उल्टा**
**स्वर्ग छ भन्थे नरक पनि**
**हुन्छ होला योभन्दा सुबिस्ता ।**

**विस्तारमा भन्दा आँसु चुहाउँदै**
**मालिकको घरबाट**
**रगतको आँसु बहाउँदै ।**
**जीउभरि लिएर नयाँ नीलडाम**
**साहूसँग लुकेर रुन्थें हरसाम ।**
**न त जान सक्छु यो देशबाट**
**न त पठाउन सक्छु पैसा खल्तीबाट ।**
**उल्टै गुहार्दै छु आमाबाबासँग**
**मगाइदेऊ पैसा**
**म फर्किन्छु, सुधिन्छु गल्तीबाट ।**

('**नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता**')

नारीविषयक रचित कवितामध्ये नेपाली साहित्यकी प्रथम विश्वनारी रत्न नारी हस्ताक्षर वानीरा गिरीमाथि लेखिएको एउटा उत्कृष्ट रचना भएको छ 'विश्वनारी रत्न' कविता । 'मेरा सन्तानलाई'मा एक जना मायालु आमाको आशीर्वाद शब्दहरूमा चित्रित पाइन्छ ।

कविता 'चञ्चल' एउटी नारीको सौन्दर्यलाई रोमान्टिक शैलीमा लेखिएको भए तापनि यो साधारण पाठकले बुझ्न धेरै गाह्रो हुन्छ । संस्कृत तत्सम शब्द 'मृगसदृशी', 'पुष्पकमल', 'लट', 'चन्द्रचकोर', 'विभोर', 'लेपन', 'काया', 'इन्द्रधनुषी', 'सुनकेस्री', 'हिमशिखर', 'नितम्ब', 'लज्जावती', 'मदमस्त'जस्ता क्लिष्टताको भारले थिचिएको हुनाले त्यस कवितामा निहित सुन्दरता कमै महसुस हुन्छ ।

भाषिक प्रयोक्ताका रूपमा सुनीता कार्की नितान्त शुद्ध नेपाली शब्दहरू मात्र लिएर सिर्जना गर्दिनन् । उक्त उल्लिखित केही तत्सम शब्दबाहेक यिनका धेरजसो कविताहरूमा यथेष्ट रूपले तत्सम अनि आगन्तुक शब्दहरू प्रयोग गरिएको पाइन्छ । जस्तै– उर्दू, फारसेली, अरबेलीको प्रयोग चर्मचक्षु, गोचर, कुशाग्र, तिक्त, लोचन, पलक, प्रदीप्त, मन्द, अजनबी, रजनी, निगरानी, वदन, अविरल, क्षितिज, दिवाकर, प्रदूषण, पराकाष्ठा, वृक्षारोपण, समिश्रण, अनुयायी, पथप्रदर्शक, त्राण, अन्वेषक, मदहोसी, अधर, प्यासी, पग, प्याला,

जहर, करिब, मृगसदृशी, चन्द्रचकोर, लट, चञ्चल, मञ्जिल इत्यादि । यी शब्दहरूको प्रयोगस्वरूप कतिपय कविताहरू साधारण पाठकका निम्ति बोधगम्य हुन गाह्रो देखिन्छ ।

समग्रमा 'जानी नजानी' सङ्ग्रहभित्र कवि कार्की कविता, गीत र गजलको मीठो, सौन्दर्यमय, कलात्मक सङ्गम लिएर प्रस्तुत छिन् । समाविष्ट पछिल्ला केही कविताहरूले यिनलाई एक जना समकालीन कविको रूपमा दह्रो गरी उभ्याउन सक्षम छ । भाषिक दृष्टिले पनि यी कविताहरूमा मिश्रित रूप कमै पाइन्छ । विषय चयनका दृष्टिले पनि यी पछिल्ला कविताहरूमा युग संचेतनालाई ध्यान दिइएको छ । कवि सुनीतालाई कविता सिर्जनयात्रामा उत्तरोत्तर प्रगतिका निम्ति शुभकामना दिँदै 'जानी नजानी'बारे यति चर्चा राखेँ ।

# 'जानी नजानी' मेरो दृष्टिमा

**डा.गङ्गाप्रसाद अकेला**

नइ प्रकाशनद्वारा प्रकाशित कवयित्री सुनीता कार्कीको 'जानी नजानी' कवितासङ्ग्रहमा समाविष्ट सैँतिसवटा कवितालाई हेर्दा मलाई जुन प्रकारको आनन्दानुभूति भयो, त्यसलाई म बयान नगरी आत्मसात् मात्र गर्न चाहन्छु किनकि साढे तीन दशकअगाडि उहाँलाई जुन रूपमा मैले देखेको थिएँ, त्यो पात्र आज नेपाली साहित्याकाशका सगैँ मेरा सामु एक उत्कृष्ट कवयित्रीका रूपमा मुखरित भएकी छिन् । 'मेरो भनाइ'को प्रारम्भमा उनले लेखेको 'कविता मेरो जीवनमा वा जीवन मेरो कवितामा' र त्यसपछि प्रस्तुत 'जानी नजानी'मा रहेका कविताहरू कुन परिस्थितिमा मेरा भावनाहरू बनेर प्रकट भए त्यसलाई टिपोटका रूपमा पनि मैले यहाँ व्यक्त गर्न चाहेकी छु । वाक्यांशले मलाई अङ्ग्रेजीका महान् साहित्यकार विलियम वर्डस्वर्थका यस पारिभाषिक उद्गार 'Poetry is spontaneous flow of powerful feelings gathered in tranquility...' सँगै हिन्दी साहित्यका महाकवि सुमित्रानन्दन पन्तका अधोलिखित पारिभाषिक उद्गार–

**'वियोगी होगा पहला कवि**
**आह से उपजा होगा गान**
**उमडकर आँखो से चुपचाप**
**वही होगी कविता अनजान ।'**

समेतलाई सहजै पुष्टि गरेको सम्झना गराइदियो ।

हुन त यस कृतिलाई कवयित्रीको प्राथमिक कृति भनिएको छ जसलाई प्रा.डा.वासुदेव त्रिपाठी र विश्वनारी रत्न प्रा.डा.गार्गी शर्मा दुवै वरिष्ठ विद्वान्हरूले उनको प्रथम कृति भन्दै मुक्त कण्ठले प्रशंसा पनि गर्नुभएबाट उनको काव्यिक्तिक विलक्षणतालाई प्रदर्शित गर्दछ र पुनः अङ्ग्रेजीको यस उक्ति 'Morning shows the day.'को सहजै आभास गराउँछ ।

कवयित्री सुनीता कार्कीका सैँतिसवटै कवितालाई एक बहुभाषिक साहित्यकारका आँखाले हेर्दा केही कविता मात्र सामान्य स्वरूपको रहेको छ भने अधिकांश कविताहरू उत्कृष्ट कोटिका रहेका छन । अझ मैले स्पष्ट शब्दमा भन्ने हो भने उनको कविताले देशको सामाजिक, राजनीतिक विकृत परिवेशसँगै राष्ट्रियताको भावनाको सफल चित्रण एकातिर गरेको छ भने अर्कातिर केही कविताले पारिवारिक आस्था र स्नेहका भावनाहरू पोख्नसमेत सफल रहेको छ । केही कविताले जस्तै एकअर्काले मलाई मैथिली साहित्यका आदि महाकवि र कवि कोकिल विद्यापतिको, 'नौलो ठाउँ'ले अङ्ग्रेजी साहित्यका महान् कवि Wiliam Wordsworth को 'जानी नजानी'ले कवि म.वी.वि.शाहको, धड्कनले पुनः कवि कोकिल विद्यापतिको, चीत्कारले भारतका राष्ट्रिय तथा हिन्दी साहित्यका महाकवि रामधारी सिंह 'दिनकर' समेतको सहजै सम्झना गराइदिएबाट कवयित्रीको प्रकाशित प्रथम कृति भए पनि उनको काव्यिक प्रतिभा अन्तर्राष्ट्रिय विशिष्ट कविहरूको सम्झना गराउने प्रसङ्गले उनको गहन अध्ययनको आभाससमेत गराउँछ, यदि त्यस्तो छैन भने साक्षात्मा शारदाको वरदहस्त उनीमाथि रहेको मान्नैपर्ने हुन्छ ।

**रचनात्मक सुझाव**

रचना तथा प्रकाशकीय प्रकरणमा कहीँकहीँ परिमार्जन गर्नु काव्यसङ्ग्रहको उत्कृष्टताका दृष्टिले बेस हुने महसुस गरी एक

समीक्षक र शुभचिन्तकसमेतका रूपमा सुझावस्वरूप अधोलिखित प्रकार उल्लेख गर्न उपयुक्त ठानेको छु ।

**कवयित्रीको प्रयोजनका लागि**

(१) कवितासङ्ग्रहको प्रथम कविता 'साईराम'को सुरुमा माथि पृष्ठ १०३ मा कवयित्रीद्वारा कोरिएको चित्र राख्दा बेस हुनेछ । त्यस्तै अन्तिम कविता 'ओशो वन्दना' रहेको तर अन्तमा वन्दनाको साटो नमन गर्नु उपयुक्त हुन्छ त्यसैले त्यस कविताको सुरुमा माथि वा तल पृष्ठ १०९ मा भएको चित्र राखी कविताको शीर्षक 'ओशोलाई नमन' संशोधित रूपमा राख्दा समग्रमा आध्यात्मिकताको सन्देशसमेत सम्प्रेषित भई कवितासङ्ग्रह 'जानी नजानी'को महत्त्व अझ बढ्न जाने थियो ।

(२) दोस्रो कुरा, कविता स्वयम्ले पाठकलाई आफ्नो स्वरूप र रचनाधर्मिताबारे जानकारी गराउने हुँदा प्रत्येक कविताको अन्तमा दिइएको पृष्ठभूमिले कविताको भावसम्प्रेषणको स्वरूपलाई सीमितताको घेरामा पार्न सक्ने हुँदा पृष्ठभूमिलाई नराख्दा अझ व्यापक र राम्रो सन्देश सम्प्रेषित हुन जाने थियो ।

(३) 'मृत्यु ऊ जीवन म' शीर्षक कविताको पृष्ठ ४९ को माथि तेस्रो पङ्क्तिमा 'हरघडी बलात्कृत' शब्दको सट्टा 'हरघडी प्रताडित' शब्द तथा 'लज्जित युवतीको' सट्टा 'शोषित मजदुरको' शब्द राख्दा उपयुक्त र शुद्ध तथा बेस हुने थियो ।

**प्रकाशकीय प्रयोजनका लागि**

(क) आवरण मुखपृष्ठको माथिल्लो भागमा 'जानी नजानी' शीर्षकमुनि कोष्टकमा (कवितासङ्ग्रह) राखी मुनितिर 'सुनीता कार्की' राख्दा उपयुक्त र आकर्षकसमेत हुने थियो ।

(ख) कवयित्रीको परिचयसमेत कतै नदेखिएकाले आवरणको अन्तिम पृष्ठमा त्यसलाई राखी अन्तिम आवरण पृष्ठको मन्तव्य 'प्रकाशकीय' पृष्ठपछिको भागमा राख्नु बेस हुनेछ ।

**निष्कर्ष**

'जानी नजानी' (कवितासङ्ग्रह)लाई सुनीता कार्कीको प्राथमिक प्रकाशित रचना भनिए पनि प्रस्तुतिको दृष्टिकोणले निजलाई एक जानकार र सक्षम कवयित्री भन्दा पनि अत्युक्ति हुने छैन र यस क्रमलाई कवयित्रीले निरन्तरता बनाइराखे नेपाली साहित्यले अर्को विश्वनारी रत्न प्रस्तुत गर्न सक्षम हुने अपेक्षासाथ कवयित्रीलाई उत्कृष्ट कृतिका लागि साधुवाद दिँदै आफ्ना उद्गारलाई यहीँ विराम दिन चाहन्छु । शुभमस्तु !

# 'जानी नजानी'मा सुनीता कार्की

**प्रा.डा.गार्गी शर्मा**

**'भाइ फुटे गँवार लुटे' उखान आज उल्टो भयो,**
**भाइले नै भाइ लुटे नाङ्गो हाम्रो नेपाल भयो !**
**एकताको छहारीमा सुरक्षित नेपाली**
**यही हो हाम्रो मूलमन्त्र नभुल्नु है ! केही गरी।**

नेपाली काव्यसंसारको मन्दिरमा 'जानी नजानी' नाउँको फूलको थुँगा लिएर सुनीता कार्की उपस्थित भएकी छिन् । काव्यसंसारमा यो उनको यात्राको प्रथम प्रस्थानबिन्दु मानिन्छ । कविताकृतिको शीर्षकले नै नारीसुलभ भाव अभिव्यक्त गरेको छ । भर्खर काव्यघरभित्र प्रवेश गर्न लागेकी नवबधूझैँ लजाएर सुनीता कार्कीले शिर पनि झुकाएकी छन् । सङ्ग्रहको रूपमा प्रथम पटक आफ्नो कृति प्रकाशनमा आउन लाग्दा उनलाई अप्ठचारो लागेको मैले महसुस गरेकी छु । सायद कवयित्री कार्कीबाट त्यसैको प्रतिकारका रूपमा शीर्षक चयन गरिएको हो– 'जानी नजानी' ।

सुनीता कार्कीको काम लेख्ने हो, पढ्ने त हामी हौँ । उनीबाट केही लिनुपर्ने हामीले नै हो, भनौँ पाठकले नै हो । यसैले कविता पढ्दै जाँदा जानी नजानी लेखिएको रहेनछ । बरु कार्कीबाट जानेर र सोचेर नै कविता लेखिएका रहेछन् । यस सङ्ग्रहभित्र एउटा सानो सुन्दर बगैँचामा अनेक भाव र रङ्गका फूल फुलेका छन् ।

'जानी नजानी' काव्यवाटिकाभित्र प्रवेश गर्दा सुरुसुरुमै आध्यात्मिक भावले पूजा गरिएका 'साईराम'सँग साक्षात्कार हुने मौका मिल्छ । कुनै पनि पाठक त्यस बेला शिर झुकाएर नमन नगरी रहन सक्दैन । दैवीस्वरूप साईरामसँग सबै मिली सुखदु:ख बिसाऔँ र भजौँ भनी सबैलाई कवयित्रीले आह्वान गरेकी छन् । कार्कीको यो सहभाव र सहअस्तित्वबोधको चेतना हो । जुन कवितांश छ–

**तिम्रो आँगनमा आँचल बिछ्याई**
**सुखदु:ख तिमी छेउ बिसाई**
**अश्रुले पाउ पखाली**
**भजौँ हामी साईराम-साईराम-साईराम !**

साईरामसँग भक्तिभावले आँचल बिछ्याउँदै समर्पित भइसकेपछि उनको दृष्टि आफ्नो राष्ट्र, घर, समाजतिर छरिन्छ ।

नेपाली हुनुको गरिमाबोध कवयित्री कार्कीमा छ । नेपालीको स्वाभिमान उनको रगतका कणकणमा बगेको छ । यस्तो गौरवमय नेपाल कतैबाट विखण्डित हुन्छ कि भन्ने चिन्ताले उनलाई कोपरेको छ । त्यसैले नेपालको स्वाभिमान बचाउन, नयाँ नेपाल बनाउन र शान्तिले सबैलाई बाँच्न दिने यहाँ एकताको खाँचो छ । चार जात छत्तिस वर्णमा एकता भए नेपाल फेरि फुल्न सक्छ, आफ्नो गौरवमय इतिहास कायम राख्न सक्छ भन्ने उनको सुझाव छ । भाइभाइमा भएको लुट प्रवृत्तिले आज यस्तो स्थिति आएको हो भन्ने उनको मनको ठूलो गुनासो पनि छ–

**भाइले नै भाइ लुटे नाङ्गो हाम्रो नेपाल भो !**
**एकताको छहारीमा सुरक्षित नेपाली**
**यही हो हाम्रो मूलमन्त्र नभुल्नु है ! केही ।**

युगौँदेखिका वीर र साहसी नेपाली मात्र नभई राष्ट्रप्रेमी तथा देशभक्त नेपाली भनेर विश्वभरि प्रसिद्धि पाएका नेपालीको आँगनमा आज लास ढलिरहेको, रगतको आहाल बगेको, चारैतिर चीत्कार

भरिएको हृदयविदारक स्थितिले सुनीता कार्कीको मन र मुटु चहराएको छ । नेपाली मात्रको चीत्कारपूर्ण वेदना अति सशक्त रूपमा मसीबाट, शब्दबाट व्यक्त भएको छ । कवयित्री कार्कीको शब्दचित्रले श्रव्यदृश्यकै रूपमा प्रस्तुत गर्न सफल भएको छ । पाठकको आँखैअगाडि त्यो कारुणिक दृश्य तेर्सिन्छ, कानले चीत्कार सुनिरहेको हुन्छ । कति मार्मिक र सजीव चित्र !

**रगतैरगतले मुछिएर ढलेको लास**
**आँसु नै आँसुले भरिएर पोतिएको नेत्र**
**सिन्दूरहरूले लतपतिएर पुछिएको सिउँदो**
**भित्रभित्रै उकुसमुकुस भई निस्सासिएका श्वासहरू**
**एक सत्य जान्न टोलाएका कलिला अनुहारहरू**
**वात्सल्य प्रेममा उकुसमुकुस भएका**
**अशक्त कम्पित हात तथा पगहरू**
**एक मौनताको आभासले चीत्कार गरिरहेका आत्माहरू !**

नयाँ परिपाटी बोकेर आएको वर्तमानले नयाँ नेपालको सपना बोकेको छ । यसका लागि भ्रष्टाचारी, व्यभिचारी र अन्याय, अत्याचार अन्त्य गर्नु छ । नेपालको अस्मिता बचाउनै पर्छ । यसका लागि अरू केही होइन– एकता, विश्वास र स्वाभिमान चाहिन्छ । राष्ट्र निर्माणको लागि यो नै सबैभन्दा ठूलो र बलियो औजार हो । एकताको शक्ति अपारको हुन्छ भन्ने कवयित्री कार्कीको अठोट छ । हाम्रो कोही पराई छैन, सबै आफ्नै छन् भने किन यो वैरभाव ! यहाँ त हामीमा साहस र जागरुकता चाहिएको छ, हाम्रै प्राकृत सम्पत्तिबाट राष्ट्र बनाउनु छ तर के गर्नु ? हामीमा त्यो ज्ञान पलाउन सकेको छैन । वास्तवमा वर्तमानको नेपाल देखेर कवयित्रीको मुटु भक्कानिन्छ ।

यहाँका कहिल्यै नबन्ने सडक, अजस्र जलस्रोत भएर पनि त्यसै खेर गइरहेको स्थिति, भरोसा गरिएका वरिष्ठ नेताहरूको लरखराउँदो आश्वासन, राष्ट्रको विनाश गर्न आगजन्य कार्य गर्न अग्रसर व्यक्तिहरू देखेर उनी ज्यादै कूटनीतिक तरिकाले फटारो

हान्छिन् । भावका बिम्ब र प्रतीक भरिएको कविता 'बितिसक्यो' कति सरल तर कति गहिराइमा बगेको छ ? उनका कविता बुझ्न गहिराइमा पनि पुग्नुपर्छ । उपमा अलङ्कारको माध्यमबाट लेखिएका कविताले नेपालको वर्तमान स्थिति छर्लङ्ग पारेको छ । राष्ट्रिय चिन्तनले उनको पिरलो यति बढेको छ कि जतातत्तै त्यसैका लागि उनमा छटपटी छ । 'एकता' होस् कि 'चीत्कार', 'बितिसक्यो' होस् कि 'वाचाहरू' जतातत्तै राष्ट्रको गौरवमय इतिहास बचाउनकै लागि उनको आह्वान समेटिएको छ ।

'जानी नजानी' काव्यभूमिको अर्को पक्ष हो– प्रेमिल संसार । सुनीता कार्की आफ्नो प्रेमिल संसारमा विचरण गर्दै भन्छिन्–

**जानी नजानी तिम्रो प्यारमा**
**फसेछु म त यारायारीमा**
**आऊ नआऊ तिमी म कहाँ**
**पछ्याउनेछु गाउँगाउँमा ।**
**चोखो माया साँचिरहेछु**
**तिम्रो प्यारमै बाँचिरहेछु ।**
•
**छोडी तिमी जति टाढा गए पनि**
**माया यो अनन्त, तोडिने छैन**
**बिर्सी तिमीले बन्धन तोडे पनि**
**सम्झना निरन्तर यो, छाडिने छैन ।**

सुनीता कार्कीको यस सङ्ग्रहमा नारीहृदयले प्रेमिका, आमा र छोरी सबैतिरको भूमिका एकसाथ निर्वाह गरेको पाइन्छ । उनी आमा भएर आफ्नी छोरीलाई आशीर्वाद दिइरहेकी छन् । छोरीको कुशल मङ्गलका लागि आकाश, फूल, पृथ्वी, जून आदि सबै प्रकृतिका तत्त्वहरूसँग तिनका गुणले छोरीको मङ्गल होस् भनी प्रार्थना गरेकी छन् । कवयित्री कार्कीमा रहेको प्रकृतिप्रेम– प्रकृति बनेको छ । प्रकृतिचेत– संस्कृति र मातृत्व भरिएको यो कविताले उनको काव्यशिल्पको मिठास महकिएको छ । प्रेमिका र मातृभाव

मात्र होइन उनमा पुत्रीभाव पनि खचाखच भएकाले 'मेरा बुबा' कविता कोरिएको छ । नारीको त्रिवेणी रूप– छोरी, प्रेमिका र आमाको अन्तर्सम्बन्ध यहाँ कविताहरूमा एकएक गरेर अभिव्यक्त भएका छन् ।

नारीका जति नै रूप भए पनि आखिर नारी पनि मानिस नै हुन् ! त्यसैले उनका पनि आफ्नो जीवनसम्बन्धीका आफ्नै दृष्टिकोण हुन्छन् । सुनीता कार्कीले पनि आफ्नो जीवनका महत्त्वपूर्ण क्षणहरू तथा अवस्थाहरू नियालेको पाइन्छ । बाल्यावस्थाको रमाइलो अवस्था, चुलबुले क्षण थाहै नपाएर सकिएको, जिन्दगीको स्वर्णिम उमेर यौवनलाई जति रोकेर राख्न खोज्दा पनि खोलोझैँ बग्दै जाने क्षण अति सशक्त र संवेदनशील मनोभावमा अभिव्यक्त भएको छ । रोक्दारोक्दै पनि बग्ने यौवनबारे कति मीठोसँग अभिव्यक्त भएको छ–

**सारङ्गीको ऱ्याइँऱ्याइँमा रेटिएर झुम्दै**
**तिम्रो जीवनको सङ्गीतमा चिप्लिँदै गएँ**
**रोकेर हेरेँ छेकेर हेरेँ**
•
**न त तिमी रोकियौ न त म नै रोकिएँ ।**

अनि यसै क्षण कवयित्री कार्की जीवन र मृत्युलाई पनि नियाल्छिन् । अधिकांश व्यक्ति मृत्युको हाउँसँग अति तर्सिन्छन् । परन्तु सुनीता जीवनवादी कवि हुनाले उनको 'मृत्यु ऊ जीवन म भनेर मृत्यु र जीवनको तुलना गर्दै भन्छिन्, मृत्यु नैराश्यताको प्रतीक हो भनेर जीवननिर्माणको आशादीपको स्वरूप हो । मृत्युको सम्झनाले विनाश मात्र हुन्छ; केही निर्माण हुँदैन अर्थात् केहीमा पनि सफलता पाउन सकिन्न । त्यसैले बाँच्नका लागि जीवनवादी हुनुपर्छ, सफलतामा पुग्न मङ्गलमय जीवन व्यतीत गर्न आशावादी र जीवनवादी हुनुपर्छ भन्ने भावलाई नवीन अभिव्यक्तिशैलीमा व्यक्त गरिएको सफल कविता हो ।

कवयित्री कार्कीको कविताहरू लोकलयमा र गद्यमा पनि लेखिएका छन् । यी कविताहरू निक्कै सरल भएर पनि सशक्त छन् । पाठकको मन छुन सक्नु नै हरेक स्रष्टाको सफलता हो । त्यो उनका कविताले पनि प्राप्त गरेका छन् ।

सुनीता कार्कीको कलम यसै गरी निरन्तर चलिरहोस् । उनका अरू कृति पनि यसरी नै प्रकाशनमा आइरहुन् । कवयित्री कार्कीलाई उनैको कवितामार्फत यही मेरो हार्दिक शुभकामना छ–

**जुनसित यही माग्नेछु**
**सदा आफूलाई शीतल प्रकाशले भरिदेऊ भनेर,**
**प्रभातसँग भिखारी बनिदिनेछु**
**तिम्रो जीवनमा नवकिरण छरिदेऊ भनेर ।**

# काव्यको शिखर आरोहणमा 'जानी नजानी'

**प्रा.डा.गोपाल भण्डारी**

**१. प्राक्कथन**

नेपाली नारी सदियौँदेखि उकुसमुकुस भई बाँचिरहेका देखिन्छन् । उनीहरूलाई वाक् स्वतन्त्रता मात्र नभई दैहिक स्वतन्त्रता पनि दिइएको थिएन । एक किसिमको पराधीनता, एक किसिमको बन्धन र एक किसिमको उत्पीडनले उनीहरूलाई जीवनभरि नै पच्छ्याइरहन्थ्यो । दरबारदेखि झुपडीसम्मकै नारीले 'स्वेच्छा'लाई विसर्जन गर्नुपर्दथ्यो । अझ पतिको निधन भएपछि त जीवनबाटै विमुख हुनुपर्दथ्यो । निर्दयी समाजले धर्मका नाउँमा सती प्रथा कायम राखेको थियो । कसोकसो हाम्रा आवाल ब्रह्मचारी षडानन्द गुरुले प्रधानमन्त्री चन्द्रशमशेरलाई यो प्रथा बन्द गर्न अनुरोध गरेपछि वि.सं.१९७७ साल असार २५ गतेदेखि नेपाली नारीले जबरजस्ती सती हुनुपर्ने बाध्यताबाट मुक्ति पाएका थिए । कानुनी रूपमा यो प्रथा बन्द भए पनि मानसिक रूपमा नेपाली नारीहरू पूर्ण मुक्त हुन सकेका थिएनन् । क्रमश: शिक्षाको अधिकार तथा राजनैतिक अधिकारमा समानता हुँदै गएपछि नेपाली नारीहरू आफूलाई चिन्न, बुझ्न र थाहा पाउन सक्षम हुँदै गएका छन् । यसलाई समयको भाग, अन्तर्राष्ट्रिय सम्पर्क र चेतनामा आएको परिवर्तनको परिणामका रूपमा लिनुपर्दछ ।

इतिहासलाई दोष दिनुभन्दा नेपाली नारीलाई अझ सक्षम, अझ अधिकारसम्पन्न बनाएर पूर्ण शिक्षित र उत्तरदायित्वपूर्ण जिम्मेवारी

दिनुपर्दछ । नारीलाई गतिशील, उदार, युग सुहाउँदिलो र जुझारु बनाउँदै लैजानुपर्ने देखिन्छ । पुरुषहरूले पाएको अवसर वा पुरुषले आर्जन गरेको अनुभव नारीले पनि उपभोग गर्दै जाने हो भने नेपाली नारी पनि कुनै कुरामा निम्छरा हुँदैनन् भन्न सकिन्नँ । आज थुप्रै नेपाली नारीहरूले युगीन जिम्मेवारी बहन गरिसकेका छन् । यसो भन्दैमा नेपाली नारी पूर्ण सफल भइसके भन्ने निष्कर्ष निकाल्नु हुँदैन । केही क्षेत्रमा नेपाली नारीले पाएको सफलतालाई आंशिक मात्र मान्न सकिन्छ । यहाँ थुप्रै समस्या र थुप्रै चुनौती पनि छन् । नारी वर्गका समस्यालाई अझ सूक्ष्म रूपले अध्ययन गरेर अघि बढ्नुपर्ने देखिन्छ । यसो भएमा समाज र राजनीतिमा मात्र नभई साहित्य, संस्कृति, कला, दर्शन र चिन्तनमा समेत अनुकूल प्रभाव उमार्न सकिन्छ ।

### २. नेपाली साहित्यमा नारी हस्ताक्षर

नेपाली साहित्यतर्फ सिंहावलोकन गर्दा नेपाली नारीको उपस्थिति लोकसाहित्यदेखि नै भएको पाइन्छ । अतीतको अज्ञात समयदेखि नै अज्ञात नारी स्वरले नेपाली लोकसाहित्यका सगुन, फाग, धमारी, गाथा, गीत, सँगिनी र सवाई आदि अनुगुञ्जित गराउँदै आएका देखिन्छन् । ज्ञात र लेख्य नेपाली साहित्यमा ललितत्रिपुरसुन्दरी, हीरादेवी गाइनेनी, भक्तिकुमारी राणा, विद्यादेवी दीक्षित, लोकप्रियादेवी, पुण्यप्रभा, गोमा, प्रेमा शाह, सरिता ढकाल, देवकुमारी थापा, सुभद्रादेवी दङ्गाल, पारिजात, चाँदनी शाह, तोया गुरुङ, शशीकला शर्मा, डा.कमला साङ्कृत्यायन, डा.लक्खीदेवी सुन्दास, डा.वानीरा गिरी, चन्द्रकला नेवार, भागीरथी श्रेष्ठ, पद्मावती सिंह, गीता केशरी, कुन्दन शर्मा, हिरण्यकुमारी पाठक, अनिता तुलाधर, बेन्जु शर्मा, विन्ध्या सुब्बा, कुन्ता शर्मा, जया राई, भारती गौतम (अमेरिका), इन्दिरा प्रसाई, उषा शेरचन, माया ठकुरी, इल्या भट्टराई, कविता शेरचन, शारदा शर्मा, डा.ज्ञानु पाण्डे, ज्योति

जङ्गल, गङ्गा सुवेदी, बाबा बस्नेत, लक्ष्मी उप्रेती, मिश्र वैजयन्ती, शर्मिला खड्का (दाहाल), मोमिला, रेखा सुवेदी, ऋमक घिमिरेजस्ता थुप्रै द्रष्टा र स्रष्टा नारीहरूको उपस्थिति देखिएको छ । यी लेखिकाहरूले नेपाली साहित्यलाई निकै समुन्नत र फराकिलो पारेका छन् । स्वदेश वा विदेशमा रही नेपाली साहित्यलाई समृद्ध बनाउन अन्य थुप्रै नारी साहित्यकारहरूको योगदान रहेको छ । हालै कुमारी लामाले एउटा स्तरीय निबन्धसङ्ग्रह प्रकाशित गरी आफूलाई सबल लेखिकाका रूपमा उभ्याएकी छन् । नेपाली नारी साहित्यकारहरूमा आन्तरिक उत्साह थपिँदै गएको छ । दिनप्रतिदिन नयाँनयाँ प्रतिभाले नेपाली साहित्यलाई फराकिलो बनाउँदै लगेको देखिन्छ ।

### ३. **'जानी नजानी'मा सुनीता कार्की**

तिनै आधुनिक नेपाली नारी साहित्य स्रष्टाहरूका लहरमा सुनीता कार्कीको उपस्थिति देखिएको छ । कार्कीले वि.सं.२०७० (२०१४)मा 'जानी नजानी' शीर्षकको एउटा कवितासङ्ग्रह नइ प्रकाशन काठमाडौँमार्फत सार्वजनिक गरेको पाइन्छ । सैँतिस (३७) वटा कविताको यो सङ्ग्रह मुद्रणका दृष्टिले आकर्षक र स्तरीय देखिन्छ । यस सङ्ग्रहका माध्यमबाट कवयित्री सुनीता कार्की नेपाली नारी साहित्यकारका रूपमा परिचित हुँदै आएकी छन् । कार्कीको यस कवितासङ्ग्रहमा विविध भावहरू समेटिएका छन् । खास गरी जीवनका सुखदु:खलाई उनले कविताका विषयवस्तु बनाएकी छन् । मानिसको जीवन सधैँ एकैनासको हुँदैन । जीवनका आरोहअवरोहले मानिसलाई भावुक बनाउँछन् । त्यसैले सामाजिक घटना, राजनैतिक परिवर्तन, प्राकृतिक सौन्दर्य, सांस्कृतिक संयोजन, आध्यात्मिक जागरण, अन्य राष्ट्रका नागरिकसँगको भेटघाट र साहचर्य आदिबाट मनमा अनेक खुलदुली, तुलबुल, भावोच्छलन, स्वदेशभक्ति, आत्मगौरव आदिसमेत जागृत हुन थाल्छन् । तिनै भावहरूले केही सोच्न, केही लेख्न र केही प्रकटीकरण (प्रकाशन)

गर्न प्रेरित गर्दछन् । यसरी प्रकट गरिएका विषयले कलात्मक अभिव्यक्ति पाएमा त्यो साहित्य बन्न सक्दछ । कवयित्री सुनीता कार्कीको 'जानी नजानी'भित्र प्राय: छोटा (मझौला) किसिमका गद्य कविताहरू समेटिएका देखिन्छन् । यी कविताले कवयित्रीका आन्तरिक मनोभावना, आन्तरिक चेतना, आन्तरिक कामना, आन्तरिक श्रद्धाभक्ति तथा आन्तरिक वेदनाहरू प्रस्तुत गरेका छन् ।

परमेश्वरप्रति उनको अटुट आस्था देखिन्छ भने पारिवारिक स्नेह, सद्भाव, अनुशासन र मर्यादाप्रति उनी सचेत देखिन्छन् । नारीहरू असाध्यै संवेदनशील हुन्छन् भन्ने कुरा उनका प्रत्येक कविताले प्रमाणित गरेका छन् । आफ्नो लेखाइले कुनै किसिमको सीमा उल्लङ्घन नगरोस् भन्ने आकाङ्क्षा कवयित्रीमा रहेको देखिन्छ । उनी आफ्ना प्रियलाई सधैँ प्रसन्न बनाउन चाहन्छिन् र आफूलाई उनैका छायासरह हिँडाउन चाहन्छिन् । उनका कवितामा नायकप्रति अत्यन्तै समर्पण भाव छ । पारिवारिक वृत्तले उनलाई हत्तपत्त बाहिर जाने अनुमति नदिएझैँ लाग्दछ । कवयित्री सुनीता कार्कीलाई साईभक्ति, नायकप्रेम, सन्ततिस्नेह र देशप्रेमले निकै प्रभाव पारेका देखिन्छन् । ती कुराले उनको कोमल मन, प्रतिबद्ध मानसिकता तथा आध्यात्मिक आस्थाको परिचय दिएका छन् । सामाजिक घटना वा सामाजिक उत्तरदायित्वले उनलाई त्यति धेरै प्रभाव पार्न सकेको देखिँदैन । त्यसै गरी उनलाई कवयित्री चाँदनी शाहका कवित्वले पनि प्रभावित पारेको देखिन्छ ।

**४. सङ्ग्रहका कवितामा विचरण**

वैचारिक रूपमा सुनीता कार्कीले आफ्नो अभिमत स्पष्ट रूपले राखेकी छन् तर उनका कविताहरू कलात्मकतामा भन्दा भावुकतामा बढी एकोहोरिएझैँ लाग्दछन् । उनले 'साईराम' शीर्षकको प्रथम कवितामा साईभजन प्रस्तुत गरेकी छन् । सबैलाई 'भजौँ साईराम' भनी आह्वान गरिएको छ । यस कवितालाई भजनसङ्ग्रहमा समावेश

गर्दा अझ सार्थक हुन सक्ने देखिन्छ । दोस्रो कविता 'एकता'मा नेपाली भई नेपालको इतिहास मान्नुहुन्न भन्ने विचार प्रकट गरिएको छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको योगदान, विचार र सन्देशलाई कवयित्रीले सकारात्मक रूपमा लिएको देखिन्छ । 'भाइ फुटे गँवार लुटे' भन्ने उखान उल्टो भएर आज भाइभाइ नै लुटपाटमा संलग्न छन् भन्ने व्यङ्ग्य देखाउन खोजिएको छ । कवितामा उनले सन्देश दिन खोजेको पाइन्छ–

**रातो रगत वीरताको बगाउन है**
**सबै हात जुटे आज शान्ति आउँछिन् स्वदेश**
**चन्द्रसूर्य रहेसम्म झन्डा हाम्रो फहराओस्**
**स्वतन्त्रताको लक्ष्य हाम्रो स्वाभिमान भै मौलाओस् ।'**

यसरी नै 'अधुरो मिलन'मा बाल्यजीवनको स्मृति 'पागल'मा आन्तरिक इच्छाहरूलाई तगारो हाल्न विवश बनेको स्थिति 'प्यासी अधरहरू'मा पनि नारीका मानसिक असन्तुष्टिको अभिव्यक्ति पाइन्छ । 'बितिसक्यो'मा राजभक्तहरूले गोप्य कागज सिध्याउन सिंहदरबार नै जलाइदिएजस्तो भनी मूल भाव प्रकट गरिएको छ । राष्ट्रिय रूपमा देखिएका प्रवञ्चनालाई यहाँ विभिन्न उदाहरण र उपमाका साथ प्रस्तुत गरिएको छ । कवयित्रीले राष्ट्रको दुर्दशातर्फ ध्यान दिएकी छन् र त्यसमा केही असन्तुष्टि पनि प्रकट गरेकी छिन् । 'पिइरहेछु'मा अन्तरपीडा पचाएर बाँच्नुपरेको अनुभूति व्यक्त गरिएको छ । कविता केही कलात्मक बन्न सकेको देखिन्छ–

**प्याला जहरको पिएझैं**
**जिन्दगी यो जिइरहेछु**
**विश्वासघाती प्रेम लिएझैं**
**मानसिक रूपले खिइरहेछु ।**

'एकअर्का'मा प्रणय उत्सुकता व्यक्त गरिएको छ । 'जानी नजानी'मा पनि प्रेमलाई नै विषय बनाइएको छ । एक किसिमको गजलजस्तो प्रस्तुति छ यसमा ।

**कर्के नजर जुधाएर**
**मदहोस् मलाई तुल्यायौँ**
**मात्तिएर पछि लाग्न**
**विवश तिमीले बनायौ**

'एकान्त'मा पनि विरही चेतना सलबलाएको देखिन्छ । 'केवल यही चाहन्छु'मा युवावस्थाका प्रणयजन्य आकाङ्क्षा' प्रकट भएका छन् । प्रेमका परिकल्पित किरणहरू यहाँ उदाउन थालेका छन् । 'मुक्ति'मा स्वाभिमानी भावना व्यक्त गरिएको छ । 'हात पसार्न जान्दिनँ म, पोल्टो थाप्न आउँदैन मलाई, खुट्टा खुम्च्याई मन बाँधी, टाउको झुकाउन आउँदैन मलाई'मा मूल सन्देश वा विचार व्यक्त भएको देखिन्छ । यस्तै 'चाहना'मा नायकनायिकाको मिलनको हुटहुटी प्रकट भएको देखिन्छ । विशेष गरी यौन चाहनाले वंशीभूत भएका पात्रको मानसिकता यहाँ चित्रित गरिएको छ । 'चञ्चल'मा पनि आलम्बन विभाव (नायिका)कै वर्णन गरिएको हुँदा शृङ्गार रसको प्रस्तुति पाइन्छ । 'मृत्यु ऊ जीवन म'मा जर्जरता र कोमलता, अन्धकार र प्रकाशजस्ता भावहरू तुलनात्मक रूपमा प्रस्तुत गरिएका छन् । 'दुई विपरीत ध्रुवका दुई कटु सत्य हुन् जीवन र मृत्यु' भनी निष्कर्ष निकालिएको पाइन्छ ।

'धड्कन'मा पनि प्रोषित भर्तृका नायिका (पति परदेश गएकी)का मनोभावहरू व्यक्त गरिएका छन् । यस्तै 'नौलो ठाउँ'मा पनि नायिकाकै प्रणय कल्पनाको चित्रण गरिएको छ । 'महापुरुष'मा चाहिँ पुरुष जातिका कमजोरीको चित्रण गरिएको छ । यसमा केही व्यङ्ग्य र अलिकति नारी विद्रोह पनि झल्किएको छ । 'मेरा बुबा'मा स्वर्गीय आफन्तप्रति श्रद्धा प्रकट गरिएको छ । 'चीत्कार'मा माओवादी जनयुद्धका समयमा भएका ज्यादतीको चित्रण गरिएको देखिन्छ भने 'वाचाहरू'मा देशभक्तिको सन्देश दिने प्रयत्न गरिएको छ–

**यति याद राख**
**यो माटोको पनि नाम छ**

**यसको आफ्नो पहिचान छ**
**नेपाल आमाको अस्तित्व रहे**
**तिम्रो नाम छ ।**

'जिन्दगीसँग'मा विश्वासको उज्यालो खोजिएको छ भने 'मेरा सन्तानलाई'मा सन्ततिहरूलाई आमाका आशीर्वचन दिइएका छन् । 'नजिक आइदिन्छु'मा 'जिउँदो मानिस' हुनुका सन्देश प्रवाहित गरिएका देखिन्छन् । 'नयाँ नेपाल'मा विकासको जगमाथि उभिएको प्रजातन्त्र आवश्यक रहेको अनुभव गरिएको छ । 'बन्दी'मा प्रेमीको आह्वान छ प्रियतमालाई । 'विश्वनारी रत्न'मा कवयित्री वानीरा गिरीलाई सम्पूर्ण नारीको सम्मानको प्रतीक मानिएको छ । 'भावहरू'मा प्रेमकै भावना सूक्ष्म रूपले व्यक्त भएका छन् भने 'यही हो प्रेम'मा गजलका जस्ता मीठा अनुप्रासहरू छचल्किएका देखिन्छन् । 'माया' पनि जीवनप्रति आशावादी भावना जागृत गर्ने कविता हो । जीवनमा मायाको कति ठूलो भूमिका हुन्छ भन्ने कुरा यसमा व्यक्त गरिएको छ । 'नरक पनि हुन्छ होला योभन्दा सुविस्ता'मा वैदेशिक रोजगारमा जाँदाको पीडा प्रकट गरिएको छ । ठूलो आशा र सपना लिएर विदेश जाने युवा वर्गले खट्नुपरेका अमानवीय व्यवहारलाई यहाँ सजीव रूपमा व्यक्त गरिएको छ । यस कवितालाई सङ्ग्रहको लामो कविता मान्न सकिन्छ साथै कवयित्रीको सामाजिकताको उदाहरण पनि यस कवितालाई मान्न सकिन्छ । 'बाबाआमा'मा पितामाताप्रति कृतज्ञता जनाइएको छ । यसै गरी 'दिन र रातको सपना'मा अख्तियारको उद्देश्य भ्रष्टाचारलाई शून्य पार्नु हो भन्न खोजिएको छ ।

'जीवन यस्तै रहेछ'मा गाउँघरको विपन्नताको चित्रण गरिएको छ । यहाँ सम्पन्न हुनका लागि पुनर्जन्मको आशासमेत गरिएको छ । 'अस्तित्व'मा परमेश्वरको सर्वशक्तिमान स्वरूपको कल्पना गरिएको छ । अस्तित्व नै तिमी (परमेश्वर) हौ भन्न खोजिएको छ । 'हिजो, आज अनि यो भोलिको चित्रण'मा देशको अतीत, वर्तमान र भविष्यको परिकल्पना गरिएको छ । आशावादी बन्दै

कविता टुङ्ग्याइएको छ । 'ओशो बन्दना'मा ओशोलाई स्मरण गर्दै भक्तिभाव दर्साइएको छ ।

**५. सङ्ग्रहमा चित्रसङ्ग्रह**

सङ्ग्रहका पछिल्ला भागमा 'मेरा चित्रहरू'अन्तर्गत तेह्रवटा चित्रहरू दिइएका छन् । ती चित्रहरूमा साईरामको साङ्केतिक चित्र तथा गौतम बुद्धको औपदेशिक चित्र स्पष्टै चिनिन्छ । अन्य चित्रहरू राम्रा पनि देखिन्छन् । तिनमा सौन्दर्य र कलात्मकताको संयोजन भए पनि शीर्षक नदिँदा पाठकवर्ग द्विविधामा पर्ने देखिन्छन् । जे भए पनि एउटै सङ्ग्रहमा कविता र चित्रको रसास्वादन गर्न पाउँदा खुसी लाग्नु स्वाभाविकै हो ।

**६. उपसंहार**

समग्रमा सुनीता कार्कीको 'जानी नजानी' आधुनिक पुस्ताका नेपाली नारी लेखिकाको एउटा परिश्रमपूर्ण कविता सङ्कलन हो भन्नुपर्दछ । यस सङ्ग्रहमा कवयित्री कार्कीले चयन गरेका विषयवस्तु प्राय: प्रेम र पारिवारिक भावनामा केन्द्रित देखिन्छन् । यसै गरी देशप्रेमलाई पनि प्राथमिकतामा राखिएको छ । प्रस्तुतिमा कलात्मकताभन्दा भावनात्मकताको प्राबल्य रहेको देखिने यस सङ्ग्रहमा कवयित्रीका आन्तरिक स्वानुभावहरू नै तीव्र छन् । सङ्ग्रहको शीर्षकदेखि कविताका शीर्षक चयनमा चाहिँ पुनर्विचार गर्नुपर्ने देखिन्छ । विषयवस्तुअनुसार कुनैकुनै कविताका शीर्षक मिलेका पनि देखिन्छन् । भाषिक प्रयोग सामान्यतया सरल देखिन्छ भने कतैकतै राम्रा उपमाको संयोजन पनि भएको पाइन्छ । कवयित्रीमा गजलकारका क्षमता प्रतिबिम्बित भएका छन् भने भक्ति भावनाका कवितालाई छुट्टै सङ्ग्रहमा समावेश गर्दा उपयुक्त हुने देखिन्छ । प्रत्येक कविताका अन्त्यमा दिइएको स्पष्टीकरण कवितासङ्ग्रहका लागि त्यति आवश्यक मानिन्न । कविता र टिप्पणी फरक कुरा हुन् । कवितासङ्ग्रह भनिएको प्रस्तुत कृतिमा जोडिएको पश्च वा पादटिप्पणीले कवयित्रीको

गद्यलेखन क्षमता प्रभावकारी नै देखिए पनि कविताको अर्थ बुझ्न र रसास्वादन गर्न सो अंशलाई अनिवार्य मान्न सकिँदैन । कविता कलात्मकताको सुललित प्रकटीकरण हो । जो स्वतन्त्र रूपमा अभिव्यक्त हुन्छ । यस सङ्ग्रहका कविताहरू आफैँ अर्थबोध गराउन सक्षम देखिन्छन् ।

**७. निष्कर्ष**

निष्कर्षका रूपमा भन्न सकिन्छ– कवयित्री सुनीता कार्की आधुनिक पुस्ताकी उत्साही साहित्यकार हुन् । अभ्यास र परिमार्जनको निरन्तरताले उनलाई काव्यका शिखरहरू आरोहरण गराउँदै लैजान सक्छन् भन्नु समीचीन हुने देखिन्छ ।

# शिष्ट र शालीन : 'जानी नजानी'

**प्रा.गोपीकृष्ण शर्मा**

नेपाली साहित्यमा कवयित्री सुनीता कार्कीको नयाँ कृति 'जानी नजानी' कवितासङ्ग्रह सार्वजनिक भएको छ । २०७० सालमा नइ प्रकाशनबाट प्रकाशित यस सङ्ग्रहमा सैँतिसवटा कविताहरू सङ्कलित छन् । कवयित्री सुनीताका संवेदनापूर्ण अनुभूतिका साथै समाजचित्रणका छायाछविहरू छन् । विद्यालय तहमा अध्ययन गर्दाका समयदेखि नै यिनको कवितालेखन आरम्भ भएको हो । कवयित्री सुनीता गीतकारका रूपमा समेत चर्चित छिन् र यिनका कतिपय गीतहरू सङ्गीतबद्ध भएर रेडियो नेपालबाट समेत प्रसारित भएका छन् । कवितासिर्जनामा निरन्तरता नभए पनि पछि खास गरी विवाहपश्चात् श्रीमान्को प्रेरणाबाट कवितालेखनमा गतिशीलता आएको तथ्यलाई स्वयम् कवयित्रीले सङ्ग्रहको भूमिकामा व्यक्त गरेकी छन् । युवा अवस्थाका प्रणयराग, आईएस्सी पढ्दाको समय, साईआश्रममा साईबाबाबाट दुवैलाई प्राप्त भएको आशिष्, पौराणिक विश्वामित्रतर्फ मेनकाको आकर्षण, सपरिवार तीर्थयात्रा, श्रीमान्सँगै विदेशभ्रमणको सुखद क्षण, अग्रजप्रति सम्मानभाव, एकल नारीको पीडा, सन्तानप्रतिको स्नेहभाव, दसबर्से द्वन्द्वको त्रास, रोजगारीका लागि विदेश पठाउँदा हुने ठगी व्यवहार, गरिबीमा रुमल्लिएको जीवन, भ्रष्टाचारमुक्त राष्ट्रको आकाङ्क्षा, राष्ट्र र राष्ट्रियताप्रतिको निष्ठा, नयाँ नेपालको कल्पनाजस्ता विषयक्षेत्रहरूलाई आधार बनाएर यी कविताहरू रचिएका छन् ।

लेख्छु भन्दैमा कविता लेखिने होइन । कवितालेखनका लागि विशेष क्षण चाहिन्छ, अनुभूति चाहिन्छ र चाहिन्छ खास प्रतिक्रिया । कुनै दृश्य, घटना वा व्यवहार देखेर मनमा उठ्ने प्रतिक्रिया जब कलात्मक रूपले शब्दको बाटो भएर प्रकट हुन्छ, तब बन्छ कविता । कविता भनेको अन्तर्मनको आवाज हो । अनुभूतिको शब्दात्मक रूपान्तरण हो कविता । बाह्य घटनाले हृदयलाई तरङ्गित गराउन थालेपछि जन्मन्छ कविता । त्यसैले स्वत:स्फूर्त अभिव्यक्ति हो कविता । मेहनतसाथ शब्द थुपारेर मात्र कविता जन्मँदैन । भावले रागात्मक भाव भाषा पक्रेर व्यक्त भएपछि कविता जन्मन्छ । कवयित्री सुनीताका कविताहरू यसरी कुनै क्षण, व्यवहार, दृश्य वा कुनै घटनालाई देखेर स्वस्फूर्त रूपमा व्यक्त भएका छन् । उनी जहाँ जान्छिन् अथवा जे देखिन्छन्, त्यहाँको अवस्थितिले उनको मनलाई तरङ्गित तुल्याउँछ । त्यसैको प्रतिक्रियास्वरूप सुनीताले कविता लेखेकी छन् । प्रत्येक कविताको अन्तमा रचनासन्दर्भबारे दिइएका घटना वा परिदृश्यले यही तथ्यलाई बताएका छन् । कविताको आधारभूमि दिने यस खालको प्रक्रिया नौलो हो र अन्यत्र प्राय: यो प्रवृत्ति देखिएको छैन । यस आधारले भावकलाई कविताको मर्म ठम्याउन पनि निकै सजिलो भएको छ । कवितारचनाको उद्गमस्थल पहिल्याएर कविता लेख्ने कवयित्री सुनीताका यी रचनाहरू त्यसै कारण पनि बढी मार्मिक र आस्वाद्य बनेका छन् ।

पूरै सङ्ग्रहको शीर्षक कृतिभित्रकै एउटा कविताको शीर्षक टिपेर 'जानी नजानी' राखिएको छ । सन्दर्भअनुसार श्रीमान् सरकारी तहबाट विश्व ऊर्जा काउन्सिलको चारदिने सम्मेलनमा भाग लिन अर्जेन्टिना गएको बखत श्रीमती सुनीता पनि पछ्याएर सँगसँगै गएकी हुन्छिन् । त्यसरी आफू श्रीमान्लाई जानी नजानी पछ्याएको चित्रण छ यहाँ । तर कवयित्री सुनीताले भने आफूहरू बसेको होटेलको तलबाट एउटा युवक कुनै युवतीको पछि लागेर सधैँजसो

गइरहेको दृश्यबाट कविता फुरेको स्थिति दर्साउँदै परिवेशलाई थप नाटकीय बनाएकी छन् । कविताबाट केही पङ्क्तिहरू–

**जानी नजानी तिम्रो प्यारमा**
**फसेछु म त यारायारीमा**
**आऊ नआऊ तिमी म कहाँ**
**पछ्याउनेछु गाउँगाउँमा**

**चोखो माया साँचिरहेछु**
**तिम्रै प्यारमा बाँचिरहेछु ।**
**(जानी नजानी, पृ.३८)**

सङ्ग्रहमा सङ्कलित सैंतिस कवितामध्ये पहिलो कविता ‘साईराम’ हो भने अन्तिम कविताचाहिँ ‘ओशो वन्दना’ हो । धार्मिक तथा आध्यात्मिक भावनाबाट थालिएको कृति त्यही भावनाको कवितामा पुगेर टुङ्गिएको छ । परम्परागत धर्मसंस्कृतिप्रति कवयित्री सुनीताको पूर्ण आस्था छ र उनको जीवनशैली नैतिक आचरण र शिष्ट शालीन प्रवृत्तिद्वारा अभिप्रेरित छ । कृतिअन्तर्गत रहेका अन्य कविताहरूमा पनि देशप्रेम, राष्ट्रियता, न्याय, परोपकार, प्रेमप्रणय र उच्च भावनाका अभिव्यक्तिहरू छन् । पहिलो कवितामा नै ईश्वरीय निष्ठाप्रति समर्पित हुँदैन, समर्पण भाव यसरी व्यक्त भएको छ–

**तिम्रो दरबारमा आँचल बिछ्याई**
**प्रभुलाई हृदयमा सजाई**
**पुष्प भक्तिको अर्पिई**
**भजौँ हामी साईराम-साईराम-साईराम ।**
**(साईराम, पृ.२१)**

कविताका लागि प्रतिभा अपेक्षित हुन्छ । प्रतिभाशाली कविका रचनाहरू मार्मिक हुन्छन् र हृदयमा गहिरो प्रभाव पार्छन् । निरन्तर अभ्यास र व्युत्पत्ति वा कवित्व शिल्पले कवितालाई उजिल्याउने काम गर्छन् । त्यसमा पनि सामाजिक परिवेश र जीवन प्रक्रियाले प्रतिभाशाली कविलाई कविता लेख्न उत्प्रेरित गर्छन् र स्वस्फूर्त

रूपमा कविताको जन्म हुन्छ । कवयित्री सुनीता कार्कीलाई पनि विविध परिवेशले कविता लेख्न उत्साहित तुल्याएका छन् र कविताहरूको जन्म भएको छ । यसबारे स्वयम् कृतिकार सुनीताले सङ्ग्रहको भूमिका 'मेरो भनाइ'मा स्पष्ट सङ्केत गरेकी छन्–

'सुख र दु:खको परिवेशमा, एक्लो हुँदाको पीडामा, राष्ट्रले बलात्कारको पीडा भोगिरहेको आक्रोशमा, आमाको अन्तर्निहित प्रेममा, सङ्गीहरूसित वियोगको अनुभूतिमा, बुबा जनरल भूपालमानसिंह कार्कीको अन्त्येष्टिपछिको क्रन्दनमा, उनीसँग हुँदाको जीवन्ततामा र मेरा आराध्यदेव साईरामको सान्निध्यतामा आफ्नो प्रस्तुतिको र सन्तुष्टिको सानो आकार मात्रै हो– मेरो यो कृति ।'

वास्तवमा यिनै परिवेश र परिस्थितिका उपज हुन् यी कविता । यिनले नेपाल र नेपालीको महिमा गाएका छन्, राष्ट्रभक्तिको भावना जगाएका छन् र समसामयिक नेपालको अवस्थालाई चित्रण गरेका छन् । यहाँ राष्ट्रभक्ति, विवाह र प्रेम, रतिराग, गरिबी, सशस्त्र द्वन्द्व, मानवीय कर्तव्य, पारिवारिक दायित्व, मान्यजनप्रति आदरभाव, समाजचित्रण र ईश्वरीय आस्थाजस्ता विषयहरू काव्यिक शैलीमा व्यक्त भएका छन् । स्वच्छन्दतावादी काव्यप्रवृत्तिका कित्ताका यी कविताहरू सहज सम्प्रेष्य छन् र प्रसाद गुणले युक्त छन् ।

आफू जन्मेको देश र खेले, हुर्केको भूमि कसलाई मन पर्दैन र ? देशको माटो, देशको हावापानी र देशको आकाश प्रत्येक देशभक्त नागरिकका प्यारा हुन्छन् । कवयित्री सुनीतामा पनि देशको विकासनिर्माण गर्ने रन्को छ र आफ्नो देशको गरिमा बढोस् भन्ने तीव्र भावना छ । नेपाली हुनुको गौरवबोध भएकी कवयित्री सुनीता नेपालका सबै जातजातिमा बन्धुत्व भाव जगाउन चाहन्छिन् र आम नेपालीमा एकताको आमन्त्रण गर्छिन् । केही पङ्क्तिहरू–

**पुर्खाका गौरव हामी गौरव हाम्रो स्वदेश**
**पृथ्वीका सन्तान हामी एकताका पुजारी**

**'चार जात छत्तीस वर्ण' यही हो हाम्रो चिनारी**
**स्वाभिमान लुकाएर बाँच्नु आज के गरी ?**
**(एकता, पृ.२५)**

राष्ट्र र राष्ट्रियताप्रति सचेत रहेर राष्ट्रको स्वाभिमान जोगाउनु प्रत्येक नागरिकको कर्तव्य हो । कृषि, उद्योगव्यवसाय, बन्दव्यापार, शिक्षा, राष्ट्रसेवा आदि क्षेत्रमा लागेका हरेक नेपालीले आफ्नो देश नेपाललाई विकसित, समृद्ध तुल्याउनु आफ्नै दायित्व पनि हो । जुनसुकै पेसा अँगाले पनि पहिले देश अनि मात्रै आफू भन्ने सोच सबैमा हुनुपर्छ । यस क्रममा कवयित्री सुनीताले पनि किसान, विद्यार्थीलगायत सम्पूर्ण नागरिकलाई देशविकासमा सरिक हुन आह्वान गरेकी छन् । देशका लागि जिउने र देशकै लागि मर्ने वाचा गर्दै उनले कवितामार्फत भनेकी छन्–

**वाचा गरौँ आजैदेखि**
**देशका लागि मर्नेछौँ, देशका लागि जिउनेछौँ,**

**हलो अनि कोदाला बोकेका किसानहरू**
**धानको बाला लिएर भिजेका लबेदा लाउनेहरू**
**माटोमा मुछेको हात र माटैमा भिजेको हृदयले**
**माटोलाई हरियालीले रङ्गाइदिनेहरू**
**यति याद राख**
**यो माटोको पनि नाम छ,**
**यसको आफ्नो पहिचान छ**
**नेपाल आमाको अस्तित्व रहे**
**तिम्रो नाम छ ।**
**(वाचाहरू, पृ.६०)**

हाम्रो देशका लागि भ्रष्टाचार एउटा सरुवा रोगजस्तै भएको छ । सुशासन बोलीमा मात्र छ, व्यवहारमा आउन सकेको छैन । आचरण भ्रष्ट छ, व्यवहार भ्रष्ट छ । भ्रष्टाचार चारैतिर मौलाएको छ । त्यसो त नि:स्वार्थ कतिपय नेताहरूले भ्रष्टाचारमुक्त देश बनाउने कोसिस नगरेका

पनि होइनन् । तैपनि स्वार्थमा लिप्त भएका बहुसङ्ख्यक अगुवाहरूले देशलाई चुसिरहेका छन्, खोस्टो बनाउन लागिरहेका छन् । देशको यस खालको स्थितिप्रति कवयित्री सुनीताको असन्तुष्टि छ, आक्रोश छ । यस क्रममा 'नयाँ नेपाल' भन्ने बहुचर्चित शब्दलाई उद्धरण गर्दै कवयित्री सुनीताले देशनिर्माण गर्न यसरी आह्वान गरेकी छन्–

**जाग्नु छ आजैदेखि स्वाभिमानी नेपाली**
**मुन्द्रेदेखि सुन्द्रेसम्म गर्नु छ निगरानी**
**बसाउनु छ अनिर्णयको बन्धन तोडी निर्णयको परिपाटी**
**छाड्ने छैनौँ प्रतिज्ञा छ भ्रष्टाचारी अनि व्यभिचारी !**

......................................

**विकासको जगमाथि प्रजातन्त्र राखी**
**नयाँ नेपाल बनाउनु छ दृढविश्वास राखी ।**
**(नयाँ नेपाल, पृ.६८)**

यस सङ्ग्रहमा प्रेम प्रणयका मनरग्य कविताहरू छन् । जवानी चढ्दै गएपछि खास गरी बैँसको वसन्तले काउकुती लगाएको बेला नारी र पुरुषका बीच एकअर्कामा मौन आकर्षण हुन्छ र प्रेमको अङ्कुरण भइदिन्छ । बिनापूर्वयोजना, पत्तै नपाई प्रेमको बीजाधान हुन्छ । प्रेमी वा प्रेमिकाको रातदिन सम्झना, देख्ने र बोल्ने चाहना र मिलनको छटपटी भइरहन्छ । कहिलेकाहीँ त्यो प्रेम एकल पनि हुन्छ । एउटाको चाहना हुन्छ र अर्काको हुँदैन । प्रेम बीजाधान भएपछि त्यसको प्रभाव विभिन्न माध्यमबाट पर्न थाल्छ । एक्लै र प्राय: एकान्तमा प्रेमी वा प्रेमिकाबारे विभिन्न कुरा सोच्ने, भेट भएको बखत हावभाव र व्यवहारद्वारा प्रेम भएको प्रक्षेपण गर्ने, कुनै सङ्केत अँगाल्ने र अर्को पक्षको भावना बुझेपछि प्रेमलाई अघि बढाएर जीवनसाथीका रूपमा वरण गर्नेसम्मका यात्राहरू यस सन्दर्भमा आएका हुन्छन् । कहिलेकाहीँ कुनै पक्षबाट कुत्सित वासनाको देखावटी प्रेम पनि आउन सक्छ । यसबारे भने समयमै सचेत हुनुपर्छ । प्रेमका प्रमुख यस्तै केही पक्षलाई लिएर यहाँ कविताहरू रचिएका छन् ।

विवाहको निर्णयपश्चात् नारी र पुरुषका बीच एकअर्कामा अङ्कुरित भएको रतिराग वा प्रेमवासना झाङ्गिँदै गएर लगभग मिलनको क्षणसम्म पुगेको स्थितिलाई निम्नलिखित कवितांशमा रागात्मक शैलीमा यसरी व्यक्त गरिएको छ–

**जुनेली रातको चाँदनीसँगै**
**साउनको झरीमा निथ्रुक्कै रुझेर**
**उर्लिएको खोलामा चुर्लुम्म डुब्दै**
**तिम्रो जवानीको भेललाई रोक्नै सकिनँ ।**

**रोकेर हेरेँ, छेकेर हेरेँ**
**न त तिमी रोकियौ, न त म नै रोकिएँ**
**एकअर्काको अङ्कमालमा बगेरै गयौँ ।**
**(एकअर्का, पृ.३६)**

नजिकको भन्दा टाढाको वस्तु निकै प्यारो हुन्छ । रति वा प्रेमका भावमा पनि संयोगभन्दा वियोगका क्षण बढी वेदनापूर्ण हुन्छन् । मिलनको आतुरताले छटपटी भइरहन्छ । प्रेमी वा प्रेमिकासँग मिल्ने उत्कण्ठाका क्षणमा आएका प्रणयभावलाई यी कवितांशले व्यक्त गरेका छन्–

**चाहनाको आभास जब मनभित्र हुन्छ**
**पलहरू मिलनका अति तीव्र हुन्छन्**
**दिन लामो रात लामो हर क्षण लामो**
**तिमीबिना जिन्दगीको हरपल बिरानो ।**
**(चाहना, पृ.४५)**

मिलन र बिछोड स्वाभाविक प्रक्रिया हुन् । प्रेमप्रणयका सन्दर्भमा बिछोडका क्षणहरू बढी कष्टप्रद हुन्छन् । त्यहीँ नै बिछोडपछि लगत्तै हुने मिलनचाहिँ सुखद र चरम सन्तुष्टि प्रदान गर्ने भइदिन्छ । यहाँ पनि एउटी प्रेमिका रात छिप्पिँदै जान थालेपछि पनि आफ्नो प्रियतमको आगमन नहुँदा छटपटाइरहेकी हुन्छे । प्रकृति पनि विरहमा ओइलाएको अनुभव गर्छे । जब अबेर भए पनि प्रियतमको आगमनसँगै प्रणयमिलन हुन्छ; प्रकृतिले पनि मिलन मनाइरहेको महसुस गर्छे ।

यसरी बिछोड र मिलनका प्रेमसिक्त अनुभूतिलाई निम्नलिखित कविताले मार्मिक रूपमा व्यक्त गरेका छन्–

**तिमीबिना कलिले यहाँ**
**फक्रन नि बिर्सिसकेथे**
**मन्द मस्त पार्ने पवनले**
**बहन पनि छाडिसकेथे**
**सुस्केरामा जीवन मेरो**
**निस्सासिन थालिसकेथे ।**
........................
**अनायास त्रसित, भ्रमित जीवनमा**
**रविको मन्द मुस्कानमा**
**प्रभात बनी उदाइदियौ**
**उजाड अनि उराठ यस**
**मरुभूमिमा हरियाली बनी छाइदियौ ।**
**(धड्कन, पृ.५०)**

एक पक्षको प्रेमप्रस्ताव कहिलेकाहीँ अर्को पक्षलाई अमान्य पनि भइदिन्छ । कुनै प्रेमीले कुनै अर्कै प्रेमिकालाई एकल प्रेम गरिरहेको हुन्छ । तर प्रेमिकाचाहिँ अस्वीकार गरिरहेकी हुन्छे । यस अवस्थामा त्यस प्रेमीले केकसरी आफूतिर आकर्षित गराउन चाहेको हुन्छ ? त्यसैको अभिव्यक्ति हो निम्नलिखित कविता–

**झट्कारेर किन फ्याँक्छ्यौ यो हात**
**चाहेको हुँ केवल त्यो न्यानो साथ**
**सुनकेस्री बनी यो जीवन सजाऊ**
**विचलित हुनबाट मलाई बचाऊ**

**न त पराया सोच, न त निर्दयी बनाऊ**
**बिन्ती छ, बिन्ती ! हृदयमा सजाऊ !**
**(बन्दी, पृ.७१)**

प्रेमका विभिन्न लक्षण हुन्छन् । प्रेम दर्साउने प्रक्रिया पनि विविध हुन्छन् । बोल्नैपर्छ भन्ने केही छैन । नबोलीकन पनि एकअर्कामा

गहिरो प्रेम प्रदर्शन गर्न सकिन्छ । चेहराको चमक, मन्द मुस्कान, आँखाको इसारा, चञ्चल अधरजस्ता यी सबै प्रेमका मौन भाषा हुन् । यही कुरा सम्झाइरहेकी हुन्छे एउटी प्रेमिका आफ्ना प्रियतमलाई निम्नलिखित कविताबाट–

**यही हो प्रेम म कसरी भनूँ**
**इसारा नयनको के काफी थिएन**
**बोल्न अगाडि नसके पनि**
**मौन यो भाषा के काफी थिएन !**
........................
**समर्पण यो मेरो प्रेममा**
**मुस्कान अधरको के काफी थिएन !**
**(यही हो प्रेम, पृ.७६)**

यस सङ्ग्रहका चञ्चल, नौलो ठाउँ, प्यासी अधरहरू र भावहरू आदि अन्य कविताहरूले समेत प्रेमप्रणयको कुनै पक्षको वर्णन गरेका छन् । यहाँ सङ्कलन भएका खास गरी प्रेम विषयका कविताहरूमा शिष्ट यौन र शालीन यी कविताहरू रचिएका छन् । उच्छृङ्खल प्रेमलाई स्थान दिइएको छैन । देश, समाज, परिवारको मर्यादामा विशेष ध्यान पुऱ्याइएको छ ।

मूलत: जवान अवस्थामा नै श्रीमान् गुमाएपछि वा श्रीमान्ले सम्बन्ध विच्छेद गरेपछि पनि एकल नारीहरू प्राय: अभिशप्त जीवन बाँचेका हुन्छन् । उनीहरूले सामाजिक मर्यादा पनि पालन गर्नुपर्ने हुन्छ । उनीहरूको मनले जीवनसाथीको खोजी गरेको हुन्छ । प्राय: पुन: अर्को पति वरण गर्ने स्थिति पनि आउँदैन । यस अवस्थामा त्यस खालका एकल नारीहरूको मनमा केकस्ता तरङ्गहरू उठ्दा हुन् ? आफूलाई तिनले केकस्ता रूपमा लिएका हुन्छन् ? त्यस्तो मनोभावलाई कवयित्री सुनीताका निम्नलिखित शब्दहरूले मार्मिक रूपमा व्यक्त गरेका छन्–

**हरदिन एक उज्यालोको आश हुन्छ**
**उज्यालोलाई अँगाल्ने चाहनामा अन्धकारमा हराइसकेँ म ।**

**एक स्वच्छ श्वासका लागि, एक मुठी विश्वासका लागि**
**भिख माग्दामाग्दै भिखारी बनिसकेँ म ।**
....................................
**सङ्गिनी बनी हैँसे गर्ने हौसला हुँदाहुँदै**
**अनाथ बनी घृणाको भुमरीमा फसिसकेँ म ।**
**(जिन्दगीसँग, पृ.६२)**

प्रस्तुत सङ्ग्रहमा कवयित्री सुनीताले नेपाली समाजको यथार्थ चित्रण गर्दै विकसित नेपालको आशा राखेकी छन् । यिनका अनुसार नेपाल हिजो स्वच्छ र मर्यादित थियो, आज भ्रष्ट र प्रदूषित बनेको छ अनि भोलि भने विकसित, भ्रष्टाचारमुक्त र हरियालीपूर्ण हुनेछ । यस तथ्यलाई औँल्याउँदै कवयित्री सुनीता भन्छिन्–

**हिजो : अहिले जस्तो विदेशी खानाको अभावमा**
**ठूलो रोगले जरो गाड्न पाएन ।**
**स्वच्छ, सुन्दर, शान्त प्रकृतिको प्रभावमा**
**प्रदूषणको मार खेप्नु परेन ।**

**आज : तर हर क्षेत्रमा भ्रष्टाचारको विकराल**
**रूप मौलाउँदै गएका छन् ।**
.........................
**मिसावट र प्रदूषित खाद्यवस्तुको प्रभावले**
**शारीरिक, मानसिक तथा विकराल रोगहरूले**
**जीवनलाई अपाङ्ग र मृत्युतिर तान्दै छन् ।**

**भोलि : विकासको अभियान अघि बढाउँदै**
**जनताको मर्काको अन्त्य गराउँदै**
**नेपालीहरू सबैलाई नेपालभित्रै अटाउँदै**
**नेपाल आमाको निर्माणमा सय हात जुटाउँदै ।**

**आशा गरौँ : आजको प्रयासले भोलि नयाँ नेपाल अवश्य बन्ला**
**विकसित राष्ट्रको अग्रपङ्क्तितिरै**
**हाम्रो राष्ट्रको नाम पनि सज्ला ।**
**(हिजो, आज अनि भोलिको चित्रण, पृ.९४)**

समाजचित्रणका अन्य पक्षका सन्दर्भमा 'जीवन यस्तै रहेछ' शीर्षक कविताले एक छाक खान र एकसरो लाउनसमेत मुस्किल भएर गरिबीमा बाँचेको जिन्दगीको चित्रण गरेको छ भने 'एकान्तमा' भन्ने कवितामा जीवनका सहयोगीका रूपमा डाँडाकाँडा, पहाडी झरना र नदी, जङ्गलको प्रकृतिचित्रण गरिएको छ ।

नेपालले दसबर्से द्वन्द्वकालमा धेरै कुरा गुमायो । समाज तहसनहस भयो । भाइभाइका बीच काटाकाट भयो । सरकारी भवनहरू ध्वस्त भए । नारीहरूको सिउँदो पुछियो । निकै भाइबहिनीहरू हताहत भए । यस स्थितिलाई शान्त पार्न आग्रह गर्दै कवयित्री सुनीताले भनेकी छन्–

**रगतैरगतले मुछिएर ढलेको लास**
**आँसु नै आँसुले भरिएर पोतिएको नेत्र**
**सिन्दूर लत्पतिएर पुछिएको सिउँदो**
**भित्रभित्रै उकुसमुकुस भई निसासिएका श्वासहरू ।**
.....................................
**होइन भने शान्तिलाई आउन देऊ**
**नेपाली भई नेपालको अस्तित्वलाई नहल्लाऊ तिमी**
**'भाइ भए भरोस' भन्ने उखानको सत्यलाई**
**दोहोऱ्याऊ तिमी !**

**(चीत्कार, पृ.५८)**

पारिवारिक स्नेह, परिवारप्रतिको कर्तव्य, बुबाआमाको सम्मान र छोराछोरीप्रतिको स्नेहभावलाई लिएर पनि यहाँ कविताहरू रचिएका छन् । एउटी नारी सामाजिक मर्यादामा छोरी हो, बुहारी हो, पत्नी हो, आमा हो र जिम्मेवार नागरिक पनि हो । कवयित्री सुनीता कार्कीले सभ्य समाजमा जन्मे, हुर्केर र अनि विवाहित भएर सबै सम्बन्धितप्रति यथोचित दायित्व पूरा गरेका अभिव्यक्तिहरू यहाँ कतिपय कवितामा व्यक्त भएका छन् । 'बाबाआमा' कवितामा जन्म दिने पितामाताप्रति कृतज्ञता र आदरभाव दर्साएको छ भने 'मेरा

बुबा' भन्ने कवितामा ससुराबुबा जनरल भूपालमानसिंह कार्कीको राष्ट्रसेवा, साहित्यप्रेम, उदारता र स्नेहभावलाई ससम्मान चर्चा गरिएको छ । यसै गरी आदर्श पत्नीको जिम्मेवारी कवयित्री सुनीतामा सम्मानका साथ निर्वाहित भएका कतिपय कविताहरू छँदै छन्; यसबाहेक पनि आफ्ना छोराछोरीको लालनपालन, शिक्षादीक्षा र सुस्वास्थ्यप्रति विशेष चनाखो भएर अविरल स्नेहभाव बर्साएका अभिव्यक्तिहरू 'मेरा सन्तानलाई' शीर्षक कवितामा व्यक्त भएका छन् । प्रतिभाको कदर गर्ने प्रवृत्ति पनि कवयित्री सुनीतामा रहेको छ । 'विश्वनारी रत्न' भन्ने कवितामा साहित्यकार डा.वानीरा गिरीलाई 'नेपाली साहित्यमा विश्वनारी रत्न'ले सम्मानित गरेको प्रसङ्गसँगै उनका साहित्यिक योगदानबारे चर्चा गरिएको छ । यसै गरी 'केवल यही चाहन्छु' शीर्षक कवितामा कवयित्री सुनीताले अमृत साइन्स कलेजमा आईएस्सी पढ्दाको समयमा दुई वर्षपछि सहपाठी साथीहरूसँग छुट्टिनुपर्दाको वेदना व्यक्त गरेकी छन् ।

कवितासङ्ग्रहको अन्तमा 'ओशो वन्दना' शीर्षक कविता रहेको छ । ज्ञान, विज्ञान र धर्मबीच समन्वय गरेर आनन्दप्राप्तिको महत्त्व दर्साउँदै आध्यात्मिक दर्शनतर्फ अभिप्रेरित गर्ने परम श्रद्धेय ओशोप्रति यस कविताले कृतज्ञता जनाएको छ; हार्दिक वन्दना गरेको छ । केही पङ्क्तिहरू–

**अवतार पुरुष बनी गऱ्यौ पदार्पण**
**लाखौँ अनुयायी भए समर्पण !**
**मनमन्दिरबाटै गर्दछु भक्ति अर्पण !**
**धन्य छौ तिमी,**
**देखाउँछौ जगत्लाई जीवनदर्पण !**
**(ओशो वन्दना, पृ.९८)**

प्रस्तुत 'जानी नजानी' कवितासङ्ग्रह नेपाली साहित्यमा शृङ्खलित हुन पुगेको छ । कवितालेखनको थालनी छात्रावस्थामा नै भए पनि निकै पछि यौवनको प्रवेशसँगै कविता सिर्जनामा चासो

देखिएको छ । यस कृतिमा सङ्कलित कविता त्यसरी नै प्राय: विवाहोत्तर समयमा बेलाबखत रचिएका हुन् । कवितामा भाव हुन्छ र त्यसलाई पाठकछेउ सम्प्रेषित गर्ने माध्यम हो भाषा वा शब्दसंयोजन । गद्यकवितामा प्राय: अन्तर्लयले शब्दहरूमा मिठास ल्याउँछ । वाचनमा लय मिल्ने गरी पङ्क्तिहरूलाई भाँचेर यति वा क्षणिक विश्रामको तर्जुमा गरेर समेत सङ्गीतात्मकता ल्याइएको हुन्छ । गद्यकविताको यो रचना प्रविधिसँग कवयित्री सुनीता कार्की परिचित छन् र यसरी नै यी कविताहरू सिर्जिएका छन् ।

प्रस्तुति कविताको महत्त्वपूर्ण पक्ष हो । यसमा रचनाशिल्पको विशेष भूमिका रहन्छ । कवयित्री सुनीताका कवितामा भाव सहज सम्प्रेषण छन्, मार्मिक छन्; तर भावलाई अडचाउने शब्दशिल्पमा कतिपय ठाउँमा थप परिष्कार मागेको अनुभव हुन्छ । केही कवितामा रचनाकौशल अरू अपेक्षित भएको र निरन्तर साधनाको आमन्त्रण गरेको प्रतीत हुन्छ । यात्रा उत्साहप्रद छ र अझ परिष्कृत कविताहरू आउने सङ्केतकका रूपमा देखिएको छ ।

निष्कर्षमा 'जानी नजानी' कवितासङ्ग्रह नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण प्राप्ति हो । कवयित्री सुनीता कार्कीले आफ्नो जीवनका भोगाइसँगै आएका विविध विषयलाई कवितारूप दिएर सार्वजनिक गरेकी छन् । यो कृति अब नेपाली साहित्यको सम्पत्ति बनेको छ । आफ्नो व्यस्त जीवनमा पनि यति महत्त्वपूर्ण कृति दिएर नेपाली साहित्यको समृद्धिमा सघाउ पुऱ्याउने सिर्जनशील प्रतिभा कवयित्री सुनीता कार्कीको काव्यसाधनाको प्रशंसा गर्दछु ।

# 'जानी नजानी' अनुभूत्यात्मक वैविध्य

**प्रा.डा.घनश्याम न्यौपाने 'परिश्रमी'**

सुनीता कार्कीका कविताहरूको प्रकाशित सङ्कलन 'जानी नजानी' मेरा हातमा पनि आइपुगेको छ । यसबारे केही लेख्नुपर्ने छ । मैले प्रस्तुत समीक्षा कृति कुनै कारणवश अत्यन्त विलम्बतापूर्वक हस्तागत प्राप्त भएकाले यसबारे गम्भीर अध्ययन र गहन लेखन असम्भवप्राय: भयो । स्थूल कलेवराकारको यस कृतिमाथि सिंहावलोकन होइन, विहङ्गावलोकन पनि पूर्ण रूपमा हुन सकेन भनूँ । चक्रावलोचनपश्चात् अति सङ्क्षिप्तमा समीक्षा लेख्ने जमर्को गरिएको छ यसमा ।

प्रकृतिको चित्रफलक (क्यानभास)मा कवयित्री सुनीता कार्कीको प्रसन्न मुद्राको सुन्दर तस्बिर रहेको अग्रावरण र क्रमश: डा.वानीरा गिरी, प्रा.डा.वासुदेव त्रिपाठी, श्यामदास वैष्णव, प्रा.डा.गार्गी शर्मा, प्रा.डा.उषा ठाकुर र इन्दिरा प्रसाईका छोटाछोटा अभिव्यक्तिले सजिएको पश्चावरणभित्र प्रकाशकीय मन्तव्य, 'अविरल साधना र उत्कर्षका निम्ति' शीर्षकको प्रा.डा.वासुदेव त्रिपाठीको सङ्क्षिप्त भूमिका, ''जानी नजानी'मा सुनीता कार्की' शीर्षकको प्रा.डा.गार्गी शर्माको समीक्षात्मक भूमिका तथा स्वयम् कवयित्रीको 'मेरो भनाइ' शीर्षकको आत्मकथनसमेत रहेको यस कृतिमा लघु मध्यमाकारका सैंतिसवटा भजन, कविता र गीतिकविताहरूको समाविष्ट छ । यी कवितामा कवयित्रीका अनुभूत्यात्मक वैविध्य छ । कवयित्री स्वयम्बाट मेरो भनाइअन्तर्गत

अभिव्यक्त भएका केही वाक्यहरूले उनीभित्रको कवित्व चेत विद्यार्थी अवस्थामा नै थियो भन्ने जानकारी मिल्दछ । तर जीवनको उत्तर वयखण्डमा आइसकेपछि मात्र कृति प्रकाशनका माध्यमबाट उनी साहित्यिक मञ्चमा पञ्जीकृत भएकी छन् । यद्यपि उनका गीतहरू सङ्गीतबद्ध भई गायनका माध्यमबाट श्रोताहरूसामु पहिले नै आइसकेका छन् ।

'साईराम' शीर्षकको भजनबाट अथ अर्थात् आरम्भ भएको यस कृतिमा इति अर्थात् समापन पनि 'ओशो वन्दना' शीर्षकको भजनबाट नै भएको छ । यसरी आरम्भ र अन्त्य दुवै रचनामा आध्यात्मिक चेतना देखिएकाले कवयित्री मूलतः अध्यात्म दर्शन र चिन्तनबाट बढी प्रभावित छिन् भन्ने कुरा प्रमाणित हुन्छ । समग्रतः यस सङ्ग्रहमा उक्त दुईवटा रचनासमेत 'एकता', 'अधुरो मिलन', 'पागल', 'प्यासी अधरहरू', 'बितिसक्यो', 'पिइरहेछु', 'एकअर्का', 'जानी नजानी', 'एकान्तमा', 'केवल यही चाहन्छु', 'मुक्ति', 'चाहना', 'चञ्चल', 'मृत्यु ऊ जीवन म', 'धड्कन', 'नौलो ठाउँ', 'महापुरुष', 'मेरा बुबा', 'चीत्कार', 'वाचाहरू', 'जिन्दगीसँग', 'मेरा सन्तानलाई', 'नजिक आइदिन्छु', 'नयाँ नेपाल', 'बन्दी', 'विश्वनारी रत्न', 'भावहरू', 'यही हो प्रेम', 'माया', 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता', 'बाबाआमा', 'दिन र रातको सपना', 'जीवन यस्तै रहेछ', 'अस्तित्व' र 'हिजो, आज अनि भोलिको चित्रण' गरी सैंतिसवटा कवितात्मक रचनाहरू समाहित छन् । यी रचनामा मानवीय संवेदनशील भावभूमिका तरङ्गहरूको व्याप्ति छ । रचनामा सहज र स्वतःस्फूर्त रम्यानुभूतिको संवेगमय उच्छलन देख्न सकिन्छ । यस सङ्कलनमा ईश्वरभक्ति, प्रणयबोध, प्रकृति मोह, देशप्रेम, राष्ट्रवादी सञ्चेतना, मातृमन र आत्मानुभूतिका विविध संवेगात्मक मनोबिम्बहरूको प्रतिबिम्बन भएका कविताहरू रहेका छन् । कतिपय कवितामा राष्ट्रिय स्वाभिमान मुखरित भएको पाइन्छ भने कतिपय यस्ता कविता पनि छन् जसका

माध्यमबाट कवयित्रीले दुर्दशा, विडम्बना, विद्रुपता तथा विकृति र विसङ्गतिजन्य भावनाको अभिव्यञ्जन गरेकी छन् । कतै प्रेमीका रूपमा त कतै प्रेमिकाका रूपमा उपस्थित भएर मायाप्रीतिका भाव अभिव्यञ्जन गरिएका रचनाहरूको समाहिती पनि यसमा छ । केही यस्ता कविता छन् जसमा स्वकीय पूर्वस्मृतिका झलकहरूको उद्घाटन देख्न सकिन्छ । प्रेम, जीवन र जगत् एवं प्रकृतिका बिम्ब प्रतीकमय अभिव्यक्तिका रूपमा यी रचनाहरूको आफ्नै प्रकारको मूल्यवत्ता छ । समग्रमा श्रुति, दृष्टि, अनुभूति र यथार्थ भोगाइका अनेकानेक भाव विचार र कल्पनाका अभिव्यक्तिका रूपमा यी कविताहरूको सिर्जना भएको छ । कतिपय रचना साँच्चिकै आह्लादकारी र मार्मिक छन् । यिनका रचनाका केही बान्कीहरू द्रष्टव्य छन्–

ईश्वरभक्ति व्यक्त भएका पङ्क्तिहरू–

**तिम्रो पाउमा गङ्गा प्रवाहित**
**तिमीमै ब्रह्माण्ड समाहित**
**गीताको ज्ञान वेद पुराण**
**तिमी नै जगको नीतिनिर्माण ।**
**(साईराम, पृ.२१)**

**उनको छाती आकाश, उनको हृदय सागर**
**उनको शिर हिमाल, उनको तेज दिवाकर**
**उनको केश कालो मेघ, उनको शरीर क्षितिज**
**उनको पाउ धर्ती, उनको वरदान जीवन ।**
**(अस्तित्व, पृ.९२)**

**अवतार पुरुष बनी गर्‍यौ पदार्पण**
**लाखौँ अनुयायी भए समर्पण !**
**मनमन्दिरबाटै गर्दछु भक्ति अर्पण !**
**धन्य छौ तिमी,**
**देखाउँछौ जगत्लाई जीवनदर्पण !**
**(ओशो वन्दना, पृ.९९)**

राष्ट्रिय स्वाभिमान व्यक्त भएका पङ्क्तिहरू–

**पुर्खाका गौरव हामी गौरव हाम्रो स्वदेश**
**पृथ्वीका सन्तान हामी एकताका पुजारी**
**'चार जात छत्तिस वर्ण' यही हो हाम्रो चिनारी**
**स्वाभिमान लुकाएर बाँच्नु आज के गरी ?**
**(एकता, पृ.२५)**

**लक्ष्य हाम्रो उच्च छ**
**गति हाम्रो तीव्र छ**
**सुशासनको प्रतिभूति दिने भाव उग्र छ**
**राष्ट्रभक्ति नसानसामा उम्लेर बग्दछ ।**
**(नयाँ नेपाल, पृ.६८)**

प्रणयभाव व्यक्त भएका पङ्क्तिहरू–

**इन्द्रेणीको सप्तरङ्गमा रङ्गिँदै**
**वसन्तको हरियालीमा फूलझैँ फुलेर**
**भमराको भुनभुनमा गुन्जेर झुम्दै**
**तिम्रो सुवासको मदहोसी रोक्नै सकिनँ ।**
**(एकअर्का, पृ.३६)**

**लट तिम्रा काला मेघ**
**मुहार चन्द्रचकोर**
**चाल चञ्चल चपलाको**
**हृदय हुन्छ विभोर ।**
**(चञ्चल, पृ.४६)**

**नीर भरी अँजुलीमा**
**अधरको प्यास निम्त्यायौ**
**सरल सरस तिम्रा भावका**
**धारमा मलाई बगायौ ।**
**(जानी नजानी, पृ.३८)**

**यही हो प्रेम म कसरी भनूँ**
**इसारा नयनको के काफी थिएन**

**बोल्न अगाडि नसके पनि**
**मौन यो भाषा के काफी थिएन !**
**(यही हो प्रेम, पृ.७६)**

पितृस्मृति गरिएका पङ्क्तिहरू–

**राष्ट्रको सेवा गर्ने सहस्र क्षमता बोकेर आयौ तिमी**
**मानवको कल्याण गर्ने सम्पूर्ण गुण बोकेर आयौ तिमी**
**धर्मलाई जीवित राख्ने कामना बोकेर आयौ तिमी ।**
**(मेरा बुबा, पृ.५६)**

यस कृतिमा प्रत्येक रचनाको अन्त्यमा त्यस रचनाको पृष्ठभूमि र प्रभावबारे लेखिएको छ । यसले रचनागर्भको काम गरेको छ । पाठकलाई स्रष्टाबाट नै मूलभाव ग्रहण गर्न सहजीकरण गरिदिएको हुँदा स्वयम्मा सरल प्रकृतिका यी रचना अरू सरल बन्न पुगेका छन् । सामान्य पाठकहरूसमेत यी रचनाका उपभोक्ता बन्न सक्दछन् । यस प्रकारको सरलता र सहजता यस सङ्ग्रहका रचनाहरूको विशेषता नै हो ।

कवयित्री कार्कीका रचनाको शैली मूलत: दुई प्रकारको दृष्टिगत हुन्छ । उनले विशेषत: गीतिशैलीलाई सहज रूपमा प्रयोग गरेकी छन् । वस्तुत: यसभित्रका अधिकांश रचनामा भजन एवं गीति चेतनाको घनत्व रहेको छ । त्यसैले यी गेयगुण सम्पृक्त छन् भने केही गद्यशैलीमा लेखिएका कविताहरू पनि यस सङ्ग्रहमा सङ्कलित छन् । यी रचनामा प्राय: अन्त्यानुप्रासलगायत वृत्यानुप्रास, श्रुत्यानुप्रासको प्रयोग सुन्दर ढङ्गले गरिएको पाइन्छ । उपमा, उत्प्रेक्षा, रूपक, अलङ्कार तथा शृङ्गार, शान्त, वीरजस्ता रसहरू यी रचनामा स्वाभाविक रूपमा प्रतिबिम्बन भएको देख्न सकिन्छ ।

परिशिष्टमा भनूँ अर्थात् 'मेरा चित्रहरू' खण्डमा राखिएका तेह्रवटा चित्रले कवयित्रीको चित्रकारिता क्षेत्रको रुचि र त्यसको उपलब्धिलाई पनि दर्साएका छन् । एउटा स्रष्टा चित्रकार पनि हो भने उसभित्रको कल्पनाको कलात्मक जादु अरू बढी प्रगाढ र प्रबल हुन्छ

भनिन्छ । यस्तो संयोग कवयित्री सुनीतामा भएको पाइन्छ, जुन सुखद पक्ष हो । कविता र चित्रकला उस्तैउस्तै हुन् । फरक अभिव्यक्तिको माध्यम मात्र हो । एउटामा भाषा र कलम तथा अर्कोमा कूची र रङ्गको प्रयोग हुन्छ ।

जीवनको उत्तर वयखण्डमा आएर यस प्रकारको कृति साहित्यिक पाठकहरूमा अर्पण गरेकी कवयित्रीलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा अझ गहकिला कविताहरूका सँगालो आऊन् भन्ने कामना पनि गर्दछु ।

# अटोभित्रका अटोहरू : 'जानी नजानी'

**तर्कना शर्मा**

अटोबुक जसलाई मैले स्कुले साहित्यको संज्ञा दिएकी छु । म पनि खूब अटो भर्थें, जानी नजानी । आज 'जानी नजानी' कवितासङ्ग्रहकी स्रष्टा सुनीता कार्कीका जीवनका पानाहरू पल्टाउँदै जाँदा म तिनै अटोबुकहरूमा ठोकिन पुगेकी छु । त्यति बेला मसँग अटो किन्ने हैसियत त थिएन तर साथीहरूका चिल्ला अटोबुकमा मेरा भावनाहरूले राम्रै हैसियत प्राप्त गरेका थिए। दैनिकजसो मसँग एउटा न एउटा अटोबुक साथमा रहेकै हुन्थ्यो । ती अटोका पानाहरूमा म आफूलाई छताछुल्ल पोख्थें । म त्यसैमा लतपतिन्थें । अरूभन्दा फरक बन्ने स्वभावकै कारण मलाई कविता, गीत, गजल बढी मन पर्थ्यो । तिनै रचनाको लोभमा परेर साथीहरू मसँग अटो भराउन हुरुक्क हुन्थें । नजानी नजानी कोरेका त्यत्तिका अटोबुकहरू कहाँ गए होलान् । साँच्चि भनूँ भने अहिले तिनीहरू राम्रै, ठूलै कृतिहरू बन्थे होलान् । हराएका तिनै थानका थान अटोबुकहरूले मलाई साहित्यमा तातेताते गर्न सिकाए । आजभोलि मैले कोर्ने हरेक पानाका पार्श्वमा तिनै अटोहरू मधुर धुनमा गुनगुनाइरहेको तथा मुस्कुराइरहेको पाउँछु । सुनीता कार्कीले आफ्नो मन्तव्यमा व्यक्त गरेको यही शब्दका कारण यस कृतिका बारेमा केही नलेखी बस्न मन नै मानेन । उनको विगत र मेरो विगतले मितिनी साइनो गासैँजस्तै लाग्यो ।

सुनीता कार्की नेपाली समाजमा परिचित नाम हो । २०२० सालमा काठमाडौँमा जन्मिएकी उनी एक सशक्त समाजसेवी महिला हुन् । चित्रकला र साहित्यमा रुचि राख्ने सुनीताको 'जानी नजानी' पहिलो साहित्यिक सन्तान हो । जसमा विविध लय र भावका सैँतिसवटा कविताका गुच्छा फुलेका छन् । उनको बोटमा फुलेका थुङ्गाहरूले नेपाली साहित्यलाई सुवासित र आलोकित पारेका छन् । सारेगमको धुनमा उनका शब्दहरू झङ्कृत भएका छन् ।

कहिले जीवनका भङ्गालाहरूमा पस्दै त कहिले जीवन भोगाइका छालहरूमा तरेली खेल्दै जाँदा भावनात्मक अनुभूतिहरू टुट्ने र जुट्ने गरेको सत्य सुनीता कार्की आफैँले बोलेकी छन् । नारीहरूले समाजमा छोरी, बुहारी, आमा र हजुरआमा आदि जस्ता विविध भूमिका निभाउनुपर्ने भएकाले पनि साहित्यलेखनमा निरन्तरता बडो कठिनको विषय बनेको छ । जे होस् सुनीताको भावनाको भ्रूण सिर्जनाको झोलुङ्गेमा मच्चिँदै वयस्क बन्ने अवसर पाएको छ । उनको कोकिलकण्ठी लोरीले अक्षरहरू हुर्काएको छ । मलाई लाग्छ, आज तिनै अक्षरहरूले सुनीतालाई 'आमा ! आमा !!' भन्दै पुकारिरहेका छन् ।

एउटा कुशल सूचीकारले जस्तै फाटिसकेको सिर्जनाको थाङ्ग्नोलाई मिलाईमिलाई तुन्न सक्नु आफैँमा महान् कार्य हो । टुटिसकेको लेखनकार्यलाई थुङ्गाथुङ्गा जोड्दै माला बनाउन सक्नुले साहित्यप्रति उनको चिन्तन, लगाव र रुचि रहेको प्रस्ट हुन्छ । जीवनमा सुनीता कार्की धेरै पटक अक्षरहरूसँग लुकामारी खेलेकी छन् । कैयौँ पटक डुम भएकी छन् तर अन्त्यमा ग्यालासको बाजी उनैले मारेकी छन् । पछिल्ला दिनहरूमा देखिएको उनको वेगिलो साहित्यिक गति वेगवान् बनिरहेको छ ।

कवयित्री कार्कीले सिर्जनामा विविध विषयवस्तुलाई समेटेकी छन् । प्रकृतिको विशालताको वर्णन, जीवन भोगाइका क्रमका

अनुभूतिजन्य घटनाहरू; माया, प्रेम, राष्ट्र, राष्ट्रियता, समाज र समाजमा देखिएका विकृति र विसङ्गतिहरू; नारी र नारीसमस्या हुँदै उनका कविताहरूले झुपडीदेखि महलसम्म र पहाडका कुना कन्दरादेखि अन्तर्राष्ट्रसम्मको उडान भरेका छन् । उनका कवितामा अति सशक्त र संवेदनशील मनोभावको अभिव्यक्ति पाइन्छ ।

सुनीताका शब्दहरू भावनाको बुइँ चढेर गगनमा स्वतन्त्र विचरण गरेका छन् । कल्पनाको कारिगरीमा छमछम नाचिरहेका छन् । समाजका सङ्गत र विसङ्गत पक्षलाई उनले कविताको थालीमा यसरी पस्केकी छन्–

**सितारको मधुर धुनमा तरङ्गित हुँदै**
**मादलको घनघनमा थर्केर घम्किँदै**
**सारङ्गीको न्याइँन्याइँमा रेटिएर**
**तिम्रो जीवनको सङ्गीतमा चिप्लिँदै गएँ ।**

प्रेम जीवनको महत्त्वपूर्ण आवश्यकतामध्ये एक हो । प्रेमले जीवनलाई हराभरा र आनन्दित तुल्याउँछ । प्रेमले नै संसारका मानिसहरूलाई एउटा सूत्रमा बाँधिराखेको हुन्छ । प्रेमबिनाको जीवन मरुभूमिमा उम्रिएको सिँउडीजस्तै हो । जसले चस्सचस्स घोचिरहन्छ । सुनीता कार्कीका धेरै कवितामा प्रेमिल वातावरणको चर्चा गरिएको छ । जीवनका लागि माया, ममता र स्नेह अति आवश्यक भएकाले सबैलाई मानवताका नाताले प्रेम गर्नुपर्ने उद्‌गार उनको रहेको छ ।

सुनीताका कवितामा राष्ट्रिय भाव ओतप्रोत भएको छ । राष्ट्रभक्तहरूले नै देशलाई जस्तोसुकै परिस्थितिबाट पार लगाउन सक्छन् । देशभक्त नागरिक राष्ट्रका गहना हुन् भन्दै वर्तमान नेपालको परिस्थिति योभन्दा भिन्न रहेको उनको भनाइ छ । देशमा विकृति र विसङ्गति बढ्दै गएको पाइन्छ । विकासका नाममा भित्रिएको सहयोगले घुसखोरी र भ्रष्टाचारीहरूको खल्ती भरिएको यथार्थ उनी यसरी सिद्ध गर्छिन्–

**विकासशील राष्ट्र नेपालको विकास**
**पूर्व पश्चिम राजमार्गमा गई लम्पसार परेजस्तो ।**

हामी विकासका सन्दर्भमा विकासशील छौँ । देशको विकास नै नागरिकहरूको कर्तव्य हो । हाम्रो विकासको स्थिति भने लम्पसार परेको छ । थङथिलो पारिएको छ, त्यो उठ्नै नसक्ने गरी राजमार्गमा सुतेको छ । दिनप्रतिदिन विकासले फट्को मार्नुको सट्टा अद्योगतितर्फ लागिरहेको छ । विकासका नाममा कोही कसैको मात्र खुसी चुलिएको र राष्ट्रको ढुकुटीको सही सदुपयोग नभएको गुनासो सुनीताका कवितामा अभिव्यक्त भएको पाइन्छ । गरिबहरूप्रति पनि उनी सचेत कविका रूपमा देखा परेकी छन् । उनको कलमले ढिँडो र गुन्द्रुकको मर्म बुझेको छ । उनी चुहिने छानोको कथा यसरी लेख्छिन्–

**उजाडिएको खरको झुपडीमा**
**जहाँ रातमा चन्द्रको दियो बल्छ**
**जहाँ दिनमा प्रभाकरको तेजले पोल्छ**
**जहाँ पवनका झोक्काले विकराल**
**भुकम्प चलाउँछ ।**

सुनीता कार्कीले गरिब र गरिबहरूको वासस्थानको चित्रण गरेकी छन् । विकासका पूर्वाधारहरू नपुगेको गाउँको दूरदराजको झुपडीमा उनको नजर पुगेको छ । घाम, पानी र बतासबाट समेत जोगिन कठिन गरिबहरूको जिन्दगीको मार्मिक पक्ष यस गद्यांशमा पाइन्छ । एक गाँस खान र एकसरो लगाउनकै लागि निरूपाय देखिएपछि गाउँको खोरिया र खोलाखेतको बगर अनि खरले छाएको झुपडीलाई तमसुकमा टाँसेर छोरो परदेसिएको छ । फक्रँदै गरेको फूलजस्तै यौवना श्रीमती र बूढाबूढी बाआमालाई मीठा सपना बाँडेर हिँडेको छोराको दुर्दशा झन् हृदयविदारक छ । ऊ मरुभूमिमा बालुवा चाटेर बस्न बाध्य छ । यस तथ्यलाई कवितामा यसरी प्रस्तुत गरिएको छ–

**आज मरुभूमिमा**
**बालुवा चाटेर ।**

परिवारलाई सुख दिएर साहूको ऋण तिर्ने उद्देश्य लिएर अधिकांश युवाहरू बिदेसिन बाध्य छन् । गाउँघरमा श्रम गर्न नसक्ने बूढाबूढी र केटाकेटी मात्रै छन् । सुनौलो भविष्यको खोजीमा भौतारिएका युवाहरू बालुवाको तातोमा उसिनिएका छन् । विदेशीको गुलामी गरेर नुन खोजिरहेका छन् परदेशमा । यसरी आफ्ना नागरिक परदेशमा बलिको बोको बनिरहेका छन् यता राज्य मौन छ । देश मक्ख छ, रेमिटचान्सले मोटाएको यो देश ।

'जानी नजानी' सङ्ग्रहभित्रका कविताले आमनेपाली नारीहरूको स्थितिको सफल चित्र उतारेको छ । नारीमा हुने सहनशील र मातृत्व गुणको प्रशंसा गरेको छ । एउटी आमाले आफ्ना सारा खुसीहरूलाई तिलाञ्जली दिएर सन्तानको खुसीमा रमाएको यथार्थ यस्तो छ–

**तिम्रो जन्मदिन सुगन्धित तुल्याइदेऊ भनेर**
**यस आकाशसँग प्रार्थना गर्छु**
**एउटा सिङ्गै छतले सदा ढाकिदेऊ भनेर**
**यी फूलहरूसँग बिन्ती गर्छु ।**

आमा सन्तानको खुसीमा खुसी हुने र सदा छोराछोरीप्रति नै समर्पित रहेको पाइन्छ । सन्तानको टाउको दुख्यो भने आमाले आफू बिरामी भएको महसुस गर्छिन् । एउटी आमाले प्रकृतिसँग पनि आफ्नो सन्तानको रक्षार्थ भीख मागिरहेकी हुन्छिन् । तर विडम्बना तिनै आमालाई समाजले एकल र विधवाको पगरी गुथाइदिएको हुन्छ । बोक्सी भनेर डाम्छ, कामिनी ठानेर बलात्कार गर्छ । आमालाई वेश्या बनाएर आफू चोखो भएको अभिनय गर्छ समाज । गुड्डी जैसवाल भगतको जीवनलाई कवितामा उतार्न सक्नु साँच्चिकै कवि सरिताभित्रको कवित्वको विशिष्ट रूप हो । सुनीता कार्की अगाडि थप्छिन्–

**हरदिन उज्यालो आस हुन्छ,**
**उज्यालोलाई अँगाल्ने चाहनामा अन्धकारमा हराइसकेँ म ।**

गुड्डी नेपाली समाजमा विधवाको प्रतिनिधि पात्र हो । ऊ सधैँभरि उज्यालाको खोजीमा हुन्छे । प्रत्येक बिहानसँगै जीवनमा आशाका किरणहरू खोजिरहन्छे । तर तिनै बिहानीसँगै उसका खुसीहरू चकनाचूर भएर टुक्रन्छन् । समाजले उसलाई दीनहीन विधवा बनाएर लुछिरहन्छ । बोक्सी, वेश्या र पतित बनाएर पनि चाटिरहन्छ । उज्यालो खोज्दै हिँडेका उसका पाइलाले नीलकाँडाका खातखातमा टेक्न पुग्छन् । नारी स्वतन्त्रता र समानताका लागि धेरै पहलहरू भए पनि आममानिसको मानसिकतामा नारी नारी नै बनेको यथार्थ कवयित्री कार्कीका कवितामा पाइन्छ ।

'जानी नजानी' कवितासङ्ग्रहमा सङ्कलित सैँतिसवटा कविताहरूमा विविध भाव र विषयवस्तु रहेका छन् । प्रकृतिको रम्य रूपको वर्णन, मानवीय प्रेम, सद्भाव, नारी समस्या र नारीमा हुने उच्च मातृत्व शक्ति, राष्ट्र, राष्ट्रियताका यथार्थ पक्षका बारेका बोल्दै समाजमा देखिएका विकृति र विसङ्गतिलाई यी कविताहरूले चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । साईरामको स्तुतिबाट सुरु भएको यस सङ्ग्रहको कवितायात्रा ओशोमा टुङ्गिनुले कार्कीभित्र आध्यात्मिक भावना रहेको प्रस्टै देखिन्छ । विभिन्न कवितामा देखिएको ईश्वरप्रतिको उच्च महिमा गानले ईश्वरीय शक्तिप्रति उच्च विश्वास पनि रहेको पाइन्छ ।

'जानी नजानी'का हरेक कवितामा सरल र सरस भाषाशैलीको प्रयोग गरिएको छ । विभिन्न बिम्ब, प्रतीक र मिथकको समेत प्रयोग गरी रचिएका कविताको रचनागर्भसमेत उल्लेख हुनुले यो कवितासङ्ग्रह बढी गहन, सौन्दर्यपूर्ण र पठनीय बनेको छ । जीवन र मृत्युप्रति सचेत कार्कीको कलमले हिजोलाई देखाएर आजको छातीमा टेक्दै भोलिलाई सजग तुल्याएको छ । समाजसेवा, साहित्य सिर्जना, चित्रकला, गीतकार तथा एउटी सफल आमा र गृहिणी कार्कीमा रहेका बहुआयामिक व्यक्तित्वका भिन्नभिन्न पाटाहरू सबै उत्तिकै सबल र सक्षम रहेका छन् ।

अटोबुकबाट थालिएको सुनीता कार्कीको लेखनयात्रा 'जानी नजानी' कवितासङ्ग्रहसम्म आइपुगेको छ । नेपाली साहित्यमा एउटी आसलाग्दी स्रष्टा सुनीताको सिर्जनात्मक दियोले तिनै अँध्यारा झुपडीहरूलाई झलमल पार्न सकोस्, सिर्जनाका खोरियामा अक्षरका बीउहरू छर्दै अघि बढ्दै जाऊन्, यसरी नै पल्टाउँदै जान पाइयोस् अटोभित्रका अटोहरूलाई मेरो शुभकामना छ ।

# सुनीता कार्कीको 'जानी नजानी'

## डा.तुलसी भट्टराई

**जीउभरि लिएर नयाँ नीलडाम**
**साहूसँग लुकेर रुन्थेँ हरसाम ।**
**न त जान सक्छु यो देशबाट**
**न त पठाउन सक्छु पैसा खल्तीबाट ।**
**उल्टै गुहार्दै छु आमाबाबासँग**
**मगाइदेऊ पैसा**
**म फर्किन्छु, सुधिन्छु गल्तीबाट ।**

'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' शीर्षक कवितामा आँखा ठोक्किए । प्रस्तुत कवितामा मलेसियामा गएर काम गर्ने नेपालीहरूको पीडा पोखिएको रहेछ । कविता पढेपछि मात्र पुस्तकको बाहिरी आवरण हेरेँ । 'जानी नजानी' शीर्षकको कविताकृति रहेछ । रचनाकारको नामचाहिँ सुनीता कार्की । सैँतिसवटा कविता र तेह्रवटा चित्रहरूबाट सुसज्जित यस 'जानी नजानी' कृतिको भूमिका डा.वासुदेव त्रिपाठी र डा.गार्गी शर्माद्वारा लेखिएको छ । नइ प्रकाशनद्वारा २०७० सालमा प्रकाशित यो कृति निकै आकर्षक आवरण र कागजबाट सुशोभित छ ।

'कक्षा ८ मा पढ्दादेखि नै ममा कवितालेखनको सोख मौलाउन थालिसकेको थियो ।' कवयित्री सुनीता कार्कीले आफ्नो काव्यात्मक परिचय यसरी दिएकी छिन् । अर्थात्, उनी किशोरीवस्थादेखि नै कवितालेखन र गीत रचनामा लागेकी हुन् । उनले सयौँ कविता

र गीतहरू रचना गरिसकेकी भए पनि प्रकाशनमा आएका थिएनन् । 'मेरो आत्मसन्तुष्टिका निम्ति रचना गर्दछु । किन बाहिर प्रकाशनमा ल्याउने ?' उनको विचार आत्मकेन्द्रित थियो । यसपल्ट भने उनको केन्द्रीयता भत्कियो । अथवा भनौँ, प्रकाशनमा आएका छन् कविताहरू ।

**दुई विपरीत ध्रुवका दुई कटु सत्य हुन् जीवन र मृत्यु**
**एकले अघि बढ्न प्रेरित गर्छ अर्को शून्यतामा विलीन हुन्छ ।**
**(मृत्यु ऊ जीवन म)**

**चोखो माया साँचिरहेछु**
**तिम्रो प्यारमै बाँचिरहेछु**
.........................
**कर्के नजर जुधाएर**
**मदहोस मलाई तुल्यायौ**
**मात्तिएर पछि लाग्न**
**विवश तिमीले बनायौ ।**
**(जानी नजानी)**

**तिम्रा पाउमा आँचल बिछ्याई**
**शिर तिमीसामु झुकाई**
**मनमन्दिरमा तिमीलाई बसाई**
**भजौँ हामी साईराम-साईराम-साईराम ।**
**(साईराम)**

**ज्ञान, विज्ञान, धर्मबीच नराखी अन्तर**
**सर्वधर्मलाई बनाई एक जन्तर**
**नयाँ आध्यात्मिक दर्शनको स्वरूप दर्साउँदै**
**प्रकट गरेका छौँ अस्तित्वको रूप सुन्दर ।**
**(ओशो वन्दना)**

**आशा गरौँ**
**आजको प्रयासले भोलि नयाँ नेपाल अवश्य बन्ला**
**विकसित राष्ट्रको अग्रपङ्क्तितिरै**
**हाम्रो राष्ट्रको नाम पनि सज्ला ।**
**(हिजो, आज अनि भोलिको चित्रण)**

केही उदाहरणका रूपमा राखिएका यी कवितापङ्क्तिबाट पनि कवयित्री सुनीता कार्कीको कवित्व शक्ति जाँच्न, बुझ्न सकिन्छ । कवितामा विविध विषयवस्तु र भावहरू भरिएका छन् । प्रत्येक कवितामा छुट्टाछुट्टै विषय र प्रयोग पाइन्छ ।

पहिलो कविता 'साईराम' शीर्षकमा छ भने अन्तिमको कविता 'ओशो बन्दना'बाट सङ्ग्रह पूरा हुन्छ । यस शताब्दीका यी दुई आध्यात्मिक महागुरुप्रतिको श्रद्धा प्रकट भएका यी कविता पढ्दा कवयित्रीमा आध्यात्मिक चेतना प्रबल होला भन्ने अनुमान गर्न सकिन्छ । कृतिलाई नै आध्यात्मिक भक्तिपरक दृष्टिले सोच्न सकिन्छ ।

तर 'एकता', 'बितिसक्यो', 'चीत्कार', 'वाचाहरू', 'नयाँ नेपाल' जस्ता कविताले नेपालको राजनीति, सामाजिक, जनजीवन आदिको चित्रण गरेको छ । नेपाल र नेपाली जनजीवनको चिन्ता र चासो प्रशस्त छ । नेपालजस्तो प्रकृति धनी सुन्दर देशले भोग्नुपरेको गरिबी, अभाव र दुर्दशामा राजनीतिक क्षेत्रको नै निकम्मापन हो भन्ने अभिव्यक्ति दृष्टान्त छ ।

कविताको अर्को पक्ष– प्रेम, सद्भाव, मातृत्व, मातृपितृ भक्ति श्रद्धा, पारिवारिकताजस्ता विषयमा रचिनु हो ।

'जानी नजानी', 'चञ्चलता', 'धड्कन', 'मेरा बुबा', 'मेरा सन्तानलाई', 'यही हो प्रेम', 'माया', 'बाबाआमा' आदि कविता उत्कृष्ट कविता हुन् । यी कविता पढ्दा रचनाकारको पहिलो कृति पढेझैँ लाग्दैन । कविता क्षेत्रमा धेरैवटा कृति प्रकाशित गरिसकेको प्रौढता झल्किन्छ ।

'जिन्दगीसँग', 'जीवन यस्तै रहेछ', 'मृत्यु ऊ जीवन म'जस्ता कवितामा जीवनदर्शनको उच्चता प्रकट भएको छ । जीवन र मृत्यु दुवै पक्षलाई राम्ररी चित्रण गरिएको छ ।

केही कवितामा नारीत्व विशेष अभिव्यक्त भएको छ । 'नारी'को स्वाभाविक सरलता, कोमलता, भावुकता कविताभित्र भरिएको छ ।

यस सङ्ग्रहका कविताको प्रमुख विशेषता हो, प्रत्येक कविताको कवितागर्भ । अर्थात् कविता किन, कसरी रचियो भन्नेबारे कविताको अन्त्यमा कविता बन्नुपर्ने कारणको कथा राखिनु ।

'नेपाल आमाका काखमा चलेको द्वन्द्वको एक चित्रण हो । श्रीमान्को असामयिक मृत्युपछिको एक विधवाको जीवनकहानी हो यो... ।' चीत्कार कवितापछिको सानो अंश ।

अरूअरूका कवितासङ्ग्रहमा नपाइने विशेषता सुनीता कार्कीको यस सङ्ग्रहभित्र पाइन्छ । पाठकले कविता पढिसकेपछि यस्तो कविता गर्भ अंश पढेपछि कविताको मर्म झन् राम्ररी बुझ्न सक्छन् । कविताको रहस्य खोल्ने चाबी बनेको छ, प्रत्येक कविताको समाप्तिपछि राखिएको पदटिप्पणी ।

कवितासङ्ग्रहमा एक दर्जनभन्दा बढी चित्र अङ्कित भएका छन् । यदि यी चित्रमा पनि केही कविता अंश राखिएका भए कस्तो महत्त्वपूर्ण हुने थियो । अर्थात् चित्रको विशेषता बुझाउन कविताबाट सहायता मिल्ने थियो ।

जीवनप्रति आशावादी, कर्मप्रति विश्वास, कर्तव्यप्रति आस्था, ईश्वरप्रति निष्ठा, आफ्ना पितामाता एवं मान्यजनप्रति श्रद्धा अनि समग्रमा राष्ट्र र समाजप्रतिको समर्पण यस सङ्ग्रहका कविताहरूको सारतत्त्व हो । मानिसलाई सधैँ कर्मशील र दायित्वबोध गराउने सुनीता कार्कीको यो काव्ययात्रा निश्चय पनि रोकिने छैन । हामी पाठकहरू यस प्रकारका कृतिहरू पढ्न पाइरहने कुरामा विश्वस्त छौँ ।

# ‘जानी नजानी’मा प्रतिबिम्बित सारवस्तु

**त्रिभुवन बरई**

## १. **विषयप्रवेश**

नेपाली समाजमा समाजसेविकाका रूपमा सुपरिचित तथा दुई दशकअघिदेखि गीतिसाहित्यलेखनमा आबद्ध रहेकी सुनीता कार्कीले २०७० सालमा ‘जानी नजानी’ पुस्तकाकार कविताकृति प्रकाशन गरी आफूलाई नेपाली पाठकमाझ समसामयिक कविस्रष्टाकी रूपमा उभ्याएकी छन् । मानवमनमा विभिन्न समय, परिवेश र परिस्थितिमा तरङ्गित हुने अनेकानेक भावहरूलाई मुख्य विषय बनाई कविता रच्ने कार्कीको प्रस्तुत कृतिमा देशप्रेम, जातिप्रेम, प्रकृतिप्रेम राष्ट्रिय एकता, मानवतावाद, विश्वबन्धुत्व, पति र पत्नीबीचको आत्मिक प्रेम, नारी स्वाधीनता, स्वतन्त्रता र स्वअस्तित्व लगायत समकालीन युगका अनेकौँ महत्त्वपूर्ण विचारहरू समाहित छन् । समकालीन नेपाली समाज, राजनीति, शिक्षा, प्रशासन आदि विविध क्षेत्रमा देखा परेका विकृति, विसङ्गति र खराबीहरूप्रति तिखो व्यङ्ग्य प्रहार गर्दै नेपाल र नेपालीहरूको उन्नयन, उत्थान र समुन्नतिका लागि सम्पूर्ण नेपाली एकजुट भई इमानदारी, संवेदनशीलता र कर्तव्यपरायणताका साथ अघि बढ्नुपर्ने अपेक्षा कवयित्रीले राखेकी छन् । प्रस्तुत कृतिले कार्कीलाई एक देशभक्त, जातिप्रेमी, प्रकृतिप्रेमी, धार्मिक, मानवतावादी, सुधारवादी, आदर्शोन्मुख यथार्थवादी, मनका अनुभूति र भावनाहरूलाई अत्यन्त

जीवन्त, प्रभावकारी र विश्वसनीय ढङ्गले यथार्थपरक चित्रण गर्ने शिल्पी, सहज, सरल र सम्प्रेष्य भाषाशैलीमा पनि अत्यन्त गहन, अनुकरणीय र जीवनोपयोगी खुराक अभिव्यक्त गर्ने स्रष्टा व्यक्तित्वका रूपमा दर्ज गराइदिएको छ ।

१.१ **पूर्वभाग**

प्रस्तुत कृतिको आवरण पृष्ठदेखि पृष्ठसङ्ख्या २० सम्मको भागलाई पूर्वभाग मानिएको छ । जम्मा २४ पृष्ठमा समाहित रहेको उक्त कृतिको आवरण पृष्ठमा कवयित्रीको तस्बिर, कृतिको शीर्षक तथा स्रष्टाको नाम, पृष्ठ ४ मा प्रकाशनसम्बन्धी जानकारी, पृष्ठ ५ र ६ मा प्रकाशकीय, ७ र ८ मा विषयसूची, ९ र १० मा प्रा.डा.वासुदेव त्रिपाठीद्वारा 'अविरल साधना र उत्कर्षका निम्ति' शीर्षकमा लेखिएको भूमिका, ११ देखि १६ सम्ममा प्रा.डा.गार्गी शर्माद्वारा 'जानी नजानीमा सुनीता कार्की' शीर्षक लिपिबद्ध गरिएको भूमिका तथा १७ र १८ पृष्ठमा 'मेरो भनाइ' शीर्षकमा लेखकीय मन्तव्य अङ्कित गरिएको छ ।

नेपाल र नेपालीहरूको उन्नयन तथा नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुद आदि विविध क्षेत्रमा समर्पित व्यक्तित्वहरूको सिर्जनात्मक कौशललाई अभिप्रेरित गर्ने अभीष्टका साथ २०५२ साल माघ १५ गते स्थापित नइ प्रकाशनले सुनीता कार्कीलाई समाजसेविका तथा मानवजीवन, प्रकृति र प्रेमलाई आत्मसात् गरी नवीन शैलीका गीत र कविता लेख्ने व्यक्तित्वका रूपमा ठहर गर्दै 'जानी नजानी' कविताकृति सार्वजनिक गर्न पाएकोमा गौरवको अनुभूति गरेको तथ्य प्रकाशकीयमा उल्लिखित छ । समालोचक वासुदेव त्रिपाठीले आफ्नो मन्तव्यमा सुकुमार शैली र सुमधुर भावकी नवप्रतिभाका रूपमा सुनीता कार्कीलाई उभ्याउँदै 'प्रकृतिको सान्निध्य र सामाजिक परिपार्श्व तथा जीवनका अन्तर्धाराको छलबलाहट, देशभक्ति र भगवद्भक्तिको

गुञ्जनको तीव्रता, सामाजिक र समसामयिक विसङ्गतिप्रतिको परिमित व्यङ्ग्य, मानवीय सद्भाव तथा प्रेमका मिलनविरहका हार्दिक सूक्ष्म कम्पन तथा समयुगीन जीवनप्रवाहका बहुल अनुभूतिका समविषम ज्वारबाट र रन्काबाट' अभिप्रेरित भई रचना गरिएको प्रस्तुत कृति अत्यन्त जीवन्त, विश्वसनीय, मार्मिक र हृदयस्पर्शी बन्न पुगेको कुरा उल्लेख गरेका छन् । साथै, उनले प्रस्तुत कृतिलाई कवितागीतिसङ्ग्रहको रूपमा परिचित गराउँदै कवयित्री कार्कीलाई मानवीय मनका भावहरूलाई अत्यन्त सजीवतासाथ चित्रण गर्ने क्षमतावान् प्रतिभाका रूपमा पनि उभ्याएका छन् । पुगनपुग डेढ पृष्ठको मन्तव्यमा समालोचक त्रिपाठीले प्रस्तुत कृति र कृतिकारको अत्यन्त सटीक, कृतिपरक र सर्वतोमुखी मूल्याङ्कन गरेका छन् । सवा पाँच पृष्ठ र चौध अनुच्छेदमा निबद्ध रहेको प्रा.डा.गार्गी शर्माको भूमिकामा प्रस्तुत कृतिका कृतिकारलाई सौम्य र सरल स्रष्टा, अध्यात्म, देशप्रेम, जातीय एकता, सन्तान तथा अभिभावकप्रतिको पारस्परिक जिम्मेवार बोध र वहन, नेपालीहरूको आपसी फुट, कलह र द्वन्द्वले सिर्जिएको समस्या, एउटै नारीले विभिन्न समय र परिस्थितिमा निर्वाह गर्नुपर्ने भूमिका आदिलाई समाहित गरी काव्य रच्ने रचनाकारका रूपमा उल्लेख गर्दै जीवनवादी दृष्टिचेत प्रस्तुत गर्ने तथा पाठकको मनमुटुमा सजिलै मोहनी लगाउन सक्ने कविप्रतिभाको दर्जा प्रदान गरेकी छन् । छ ठाउँमा कवितांश उल्लेख गरी विश्लेषणात्मक शैलीका माध्यमबाट प्रस्तुत कृतिको मूल्याङ्कनलाई झन् विश्वसनीय र प्रामाणिक बनाउने काम शर्माबाट भएको पाइन्छ । जम्मा दुई पृष्ठ र आठ अनुच्छेदमा संरचित लेखकीय मन्तव्यमा कार्की आठ कक्षादेखि नै कवितालेखनमा लालायित भएकी, उनमा साहित्यप्रति रुचि बढेको, श्रीमान् लोकमानसिंह कार्कीबाट बढी प्रेरणा प्राप्त भएको, आमाबुबा र भाइ तथा सासू र छोराछोरीहरूबाट पनि साहित्य रचना गर्ने वातावरण बनेको, प्रस्तुत कृति प्रकाशन गर्ने अभिभारा बोकेका नइ प्रकाशनका नायकनायिकाद्वय नरेन्द्रराज

प्रसाई एवं इन्दिरा प्रसाईप्रति साधुवाद समर्पण गरिएको कुरा निबद्ध छ । प्रस्तुत कृतिको रचनागर्भ अर्थात् प्रसवपीडालाई कवयित्री कार्कीले आफ्नो मन्तव्यमा यसरी उद्घाटन गर्न पुगिन्– 'सुख र दुःखको परिवेशमा, एक्लो हुँदाको पीडामा, राष्ट्रले बलात्कारको पीडा भोगिरहेको आक्रोशमा, आमाको अन्तर्निहित प्रेममा, सङ्गीहरूसित वियोगको अनुभूतिमा, बुबा जनरल भूपालमानसिंह कार्कीको अन्त्येष्टिपछिको क्रन्दनमा, उनीसँग हुँदाको जीवन्ततामा र मेरा आराध्यदेव साईरामको सान्निध्यतामा आफ्नो प्रस्तुतिको र सन्तुष्टिको सानो आकार मात्रै हो– मेरो यो कृति (पृ.१८) ।'

### २.२ **मूल भाग**

पृष्ठ २१ देखि ९९ सम्मको भागलाई प्रस्तुत कृतिको मूलभाग मानिएको छ । जम्मा ७९ पृष्ठमा संरचित प्रस्तुत कृतिको मूलभागको उठान आध्यात्मिक चिन्तन र अनुभूति बोकेको 'साईराम' शीर्षक रचनाबाट भई भक्तिपरक कविता 'ओशो वन्दना'मा समापन भएको पाइन्छ । विभिन्न समय, परिस्थिति र परिवेशका कारण कवयित्रीको मानसपटलमा तरङ्गित भावना, अनुभूति तथा प्रतिक्रियाहरूले प्रसववेदनाको रूप ग्रहण गरी प्रस्तुत कविताकृति 'जानी नजानी' जन्माएको पाइन्छ । जम्मा सैंतिसवटा फुटकर रचना समाहित रहेको प्रस्तुत सङ्ग्रहभित्रको सबैभन्दा लामो कविताको रूपमा 'नरकमा पनि हुन्छ होला योभन्दा सुबिस्ता' रहेको छ भने त्यसभन्दा केही सानो आयामको रचनाका रूपमा 'हिजो, आज अनि भोलिको चित्रण' रहेको छ, बाँकी पैंतिसवटा कविताकृतिको संरचनागत आयाम लगभग समतुल्य र लघु देखिन्छ ।

अध्यात्म र भक्तिभावमा आधारित कवितामा 'साईराम', 'अस्तित्व' र 'ओशो वन्दना'; देशप्रेमसम्बन्धी विषयमा रचित कवितामा 'एकता', 'चीत्कार', 'वाचाहरू', 'नयाँ नेपाल' र हिजो, आज अनि भोलिको चित्रण'; प्रेम, स्नेह र माया तथा मिलन र बिछोडलाई

वर्ण्यविषय बनाई संरचित कृतिमा 'अधुरो मिलन', 'एकअर्का', 'जानी नजानी', 'केवल यही चाहन्छु', 'मुक्ति', 'चाहना', 'धड्कन', 'नौलो ठाउँ', 'मेरा बुबा', 'मेरा सन्तानलाई', 'बन्दी', 'भावहरू', 'यही हो प्रेम', 'माया' र 'बाबाआमा'; जीवनयापन गर्दा विभिन्न समय र परिस्थितिमा मनमा उत्पन्न हुने भावावेगमा आधारित रचनामा 'पागल', 'पिइरहेछु', 'एकान्तमा', 'मृत्यु ऊ जीवन म' र 'नजिक आइदिन्छु'; महिलाका विवशता, पुरुषका हेपाहा तथा आडम्बरयुक्त प्रवृत्ति र महिलाको पुरुषप्रतिको आक्रोशलाई सामल बनाई सृजित कवितामा 'प्यासी अधरहरू', 'महापुरुष' र 'जिन्दगीसँग', कर्तव्यच्यूत, गैरजिम्मेवार र अनुत्तरदायी नेताहरूका अदूरदर्शी र भ्रष्टाचारजन्य क्रियाकलापमा आधारित रचनामा 'बितिसक्यो', नारी सौन्दर्य र कामवासनाप्रतिको आकर्षणमा रचित कृतिमा 'चञ्चल' रहेको छ भने 'विश्वनारी रत्न'मा साहित्यकार वानीरा गिरीको व्यक्तित्व, 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता'मा वैदेशिक रोजगारीका क्रममा हुने ठगी र झूटा आश्वासन तथा ऋण लिई विदेश पलायन हुने युवायुवतीको कथा र व्यथा, 'जीवन यस्तै रहेछ' कवितामा आर्थिक अवस्था कमजोर भएका निम्नवर्गीय मानिसहरूको दिनचर्या एवं 'दिन र रातको सपना' कवितामा स्वप्निलजन्य अनुभूतिलाई मुख्य विषयवस्तु बनाइएको छ । प्रस्तुत सङ्ग्रहमा सबैभन्दा बढी कविताहरू प्रेम र माया तथा मिलन र बिछोडजन्य विषयवस्तुमा आधारित रहेको तथ्य प्रमाणित हुन आउँछ । सहज, सरल र सम्प्रेष्य तथा संस्कृतनिष्ठ र ठेट नेपाली शब्दावलीको प्रयोगले सशक्त बन्न पुगेको प्रस्तुत कविताकृतिमा प्रथम पुरुषीय कथनपद्धतिको प्रयोग गरिएकाले कविवक्तृप्रौढोक्तिको उपस्थिति पाइन्छ । विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग, मानवीय जीवन र जगत्का यथार्थता र वास्तविकतालाई अत्यन्त जीवन्तता र विश्वसनीयताका साथ चित्रण गरिएकाले प्रस्तुत कृतिको रसास्वादनीय पक्ष झन् बढी प्रभावकारी बन्न पुगेको देखिन्छ ।

कवयित्री कार्कीले प्रत्येक कविता रचना गर्न प्रेरित र प्रभावित गर्ने तथा बाध्य तुल्याउने सन्दर्भको उल्लेख गरी पाठकका लागि भाव, विचार र सान्दर्भिकता बोध गर्ने पृष्ठभूमि र अवस्थाको सिर्जना गरिदिएको पाइन्छ । प्रत्येक कवितामा दिइएका गद्यशैलीका अनुच्छेदको उपस्थितिले कवयित्रीको नवीन प्रयोगका साथै द्रष्टा व्यक्तित्व पनि झल्किएको पाइन्छ । कविताहरू गद्यात्मक शैलीमा लेखिए पनि गेयात्मकता र लयात्मकताले ओतप्रोत देखिन्छन् । फुटकर कविताको रचनाधर्मितालाई अवलम्बन गरी लेखिएका प्रस्तुत सङ्ग्रहका रचनाहरू पाठकको ध्यान तुरुन्तै आकृष्ट गर्ने प्रकृतिका देखिन्छन् ।

**२.३ उत्तरभाग**

प्रस्तुत कृतिको पृष्ठ १०० देखि पछाडिको गातासमेतको भागलाई उत्तरभाग नामाकरण गरिएको छ । 'मेरा चित्रहरू'बाट यस भागको सुरुवात भई प्रस्तुत कृतिका बारेमा वानीरा गिरी, वासुदेव त्रिपाठी, श्यामदास वैष्णव, गार्गी शर्मा, उषा ठाकुर र इन्दिरा प्रसाईद्वारा अभिलिखित टिप्पणी अंशमा समापन हुन पुगेको छ ।

तेह्रवटा पृष्ठमा तेह्र थरीका अत्यन्त कलात्मक, प्रभावकारी र जीवन्त प्रकृतिका चित्रहरू समाहित गरी कवयित्री कार्कीले आफूलाई चित्रकलाकी साधिकाका रूपमा उभ्याइदिएकी छन् । साईधर्मका गुरु साईरामको सर्वपरिचित तस्बिर, शान्तिका दूत र बौद्धधर्मका संस्थापक गौतम बुद्धसँग अर्ती उपदेश ग्रहण गरिरहेका बौद्ध भिक्षु र शिष्यहरूको तस्बिर, पहाडी ग्रामीण तथा सहरिया परिवेश एवं प्राकृतिक वातावरणको झल्को दिने प्रकृतिका तस्बिरहरू अङ्कित रहेका छन् । अत्यन्त आकर्षक, प्रभावकारी र कलापूर्ण ढङ्गले कार्कीद्वारा बनाइएका चित्रहरूको समायोजनले प्रस्तुत कृति झन् बढी उपयोगी र महत्त्वपूर्ण बन्न पुगेको छ । प्रस्तुत कृतिको उत्तरभागको एउटा महत्त्वपूर्ण पक्षको रूपमा चित्रकला रहेको छ भने दोस्रो उल्लेखनीय पाटोका रूपमा गातामा उल्लेख गरिएका

विभिन्न व्यक्तित्वहरूको टिप्पणी अंशलाई मान्न सकिन्छ । वानीरा गिरीले प्रस्तुत कृतिमा मानवीय संवेदनाले ओतप्रोत भएका प्रेम, मानवजीवन, प्रकृति र जगत्बारे नितान्त मौलिकता भएका तथा देशप्रेमको भावनासमेत बोकेका कविताहरू सङ्कलित रहेको कुराको उद्घाटन गरेकी छन् भने श्यामदास वैष्णवले प्रस्तुत कृतिभित्रका रचनाहरूले प्रेम, जीवन, जगत् र प्रकृतिसँग रहस्मय ढङ्गमा लुकामारी खेलेका, स्रष्टाको हृदयको स्पन्दन महसुस गर्न सघाएका तथा धर्म, संस्कृति, ज्ञान र चेतनाको प्रतिनिधित्व गरेको कुरा औँल्याएका छन् । यसै गरी, उषा ठाकुरले प्रस्तुत कृतिमा समसामयिकताको वर्णन, यथार्थताको चित्रण, दु:ख र पीडाको आर्तनाद, प्रणय र वेदनाको मीठो स्वर, प्रकृतिको सौन्दर्य र रम्यताको दिग्दर्शनका साथै अध्यात्म, दर्शन, चिन्तन र आदर्शका आग्रहहरू अभिव्यक्त भएको ठहऱ्याएकी छन् भने इन्दिरा प्रसाईले उक्त कृतिभित्रका रचनाहरू पाठकहरूलाई नौलो एवं मौलिक रसास्वादन गराउने, दृश्यगत तथा अर्थसम्प्रेषणका सिद्धान्तमा नवीनतम भए पनि भावप्रस्तुतिको गतिमा गहन र पाठकमा दीर्घ छाप छोड्ने प्रकृतिमा आबद्ध रहेको जिकिर गरेकी छन् । वासुदेव त्रिपाठी र गार्गी शर्माको अभिव्यक्तिको चर्चा पूर्वभागमा भइसकेको हुनाले यहाँ पुन: दोहोऱ्याउने चेष्टा गरिएको छैन ।

### ३. 'जानी नजानी' कविताकृतिमा प्रतिबिम्बित सारवस्तु

मानवमनमा भिन्नभिन्न समय र परिस्थितिमा उत्पन्न हुने भावना, देश र देशवासीले भोग्न बाध्य भएका पीडा, अन्तर्द्वन्द्व, अन्याय, अत्याचार, थिचोमिचो र मारकाट, प्राकृतिक साधन र स्रोतका दृष्टिले निकै सम्पन्न हुँदाहुँदै पनि दिनानुदिन खस्कँदै गइरहेको देशको आर्थिक अवस्था र बढिरहेको परनिर्भरता, वैदेशिक रोजगार कम्पनीले गर्ने ठगी तथा विदेश पलायन भएका नेपालीहरूले भोग्न विवश भएका पीडा, कष्ट र थिचोमिचो, नेताहरूको सत्तालिप्सा,

स्वार्थीपना अदूरदर्शिता र अकर्मण्यता, नेपालीहरूको आपसी फुट र वैमनस्यता, महिलाहरूले भोग्ने विभिन्न प्रकृतिका हिंसा, अन्याय, अत्याचार र थिचोमिचो, पितृसत्तात्मक पारिवारिक ढाँचाका कारण पुरुषमा देखिएको दम्भ, आडम्बर र हेपाहा प्रवृत्ति, नेपालीहरूको धर्म र संस्कृतिप्रतिको आस्था र विश्वासलगायतका नेपाल र नेपाली समाजको वास्तविकतालाई कुनै पनि प्रकारले ढाकछोप नगरी यथार्थवादी रीतिक्षेत्रका माध्यमबाट पाठकसमक्ष पुऱ्याउन खोज्नु नै प्रस्तुत 'जानी नजानी' कविताकृतिको सारवस्तु रहेको छ ।

साहित्यलाई विचारहरूको भण्डार मानिन्छ । साहित्यकार समाजकै सदस्य भएकाले आफ्नो युगको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक आदि विविध परिस्थितिबाट प्रभावित भई तत्कालीन युगका भाव, विचार एवं आदर्शलाई अभिव्यक्त गर्नु उसका लागि स्वाभाविक मानिन्छ । पहिलो दृष्टिकोणले पनि प्रस्तुत कृति अनेकानेक विचारहरूको सङ्ग्रह बन्न पुगेको छ भने दोस्रो वाक्यको मर्मलाई पनि कार्कीले अक्षरशः पालना गरेकी छन् । साहित्यकारले विगतको राम्रो र सुहाउँदो वातावरणको चित्रणका माध्यमबाट वर्तमानमा देखिएका खराबी, अनुपयुक्तता र समस्याहरूलाई समाधान गर्न खोजिरहेको हुन्छ । यस प्रवृत्तिको उद्घाटन कवयित्री कार्कीले 'एकता' कवितामा गरेकी छन् । नेपाल र नेपालीहरूको गौरवपूर्ण इतिहास भएको जिकिर गर्दै वर्तमान अवस्थामा देखिएको फुट, लुट र हानाहानको विषम अवस्थाप्रति आक्रोश र तिखो व्यङ्ग्य प्रहार गर्दै सम्पूर्ण नेपालीहरू एक ढिक्का भई आफ्नो देश र आफ्नो स्वाभिमानको रक्षा गर्नुपर्ने विचार अभिव्यक्त गर्न पुगिन्–

**रातो रगत वीरताको बगाउन हैन है**
**सबै हात जुटे आज शान्ति आउँछिन स्वदेश**
**चन्द्रसूर्य रहेसम्म झन्डा हाम्रो फहराओस्**
**स्वतन्त्रताको लक्ष्य हाम्रो स्वाभिमानमै मौलाओस् ।**

(पृ.२६)

यस्तै विचार र भावहरू 'चीत्कार', 'वाचाहरू', 'नयाँ नेपाल' र 'हिजो, आज र भोलिको चित्रण'जस्ता कविताहरूमा पनि मुखरित भएका छन् । सम्पूर्ण नेपालीहरू सचेत, संवेदनशील र जिम्मेवार भई देश निर्माणमा नलागे नेपाल र नेपालीको अस्तित्व र स्वाभिमान खतरामा पर्ने कुराको उद्घोष गर्दै कवयित्री कार्कीले देशवासीहरूमा देशप्रतिको उत्तरदायित्व बोध र वहन गर्ने भावनाको सञ्चार 'वाचाहरू' कवितामा गर्न खोजेकी छन्–

**भोलि माटो त सर्वत्र हुनेछ**
**तर तिम्रो पहिचानमा प्रश्नचिह्न लाग्नेछ**
**तिम्रो गरिमामा अमिट दाग लाग्नेछ ।**
(पृ.६०)

वर्तमानकालिक बृहत् आकारको सरकारको गठन, भ्रष्टाचारको बिगबिगी, खाद्यवस्तुमा गरिएको मिसावटका कारण नेपालीहरू अनेक प्रकृतिका रोगका सिकार बन्न बाध्य हुनु परिरहेको वास्तविकताको उद्घाटन कार्कीले निम्न कवितांशका माध्यमबाट गरेकी छन्–

**सरकारको विशाल स्वरूप**
**स्थापित भएका छन् ।**
**तर हर क्षेत्रमा भ्रष्टाचारको विकराल**
**रूप मौलाउँदै गएका छन् ।**
**मिसावट र प्रदूषित खाद्यवस्तुको प्रभावले**
**शारीरिक, मानसिक तथा विकराल रोगहरूले**
**जीवनलाई अपाङ्ग र मृत्युतिर तान्दै छन् ।**
(पृ.९५)

सामाजिक, राजनीतिक, प्रशासनिक आदि विविध क्षेत्रमा देखिएका खराबीहरूको समूल नष्ट गर्दै सम्पूर्ण नेपालीहरूमा एकताको सञ्चार भई सबै नेपालीहरू देशविकासमा लागेर देशको नवनिर्माण गरी सम्पूर्ण नेपाली सम्मान, स्वाभिमान र स्वच्छताका साथ जीवनयापन गर्न पाउने नयाँ नेपालको परिकल्पना कार्कीले 'हिजो, आज अनि भोलिको चित्रण' कवितामा गरेकी छन् ।

समाज, परिवार, इष्टमित्र आदिका बीचमा जीवन व्यतीत गर्दा उत्पन्न हुने माया, प्रेम र दया तथा मिलन र बिछोडजन्य परिस्थितिसम्बन्धी विचार अभिव्यक्त गर्न खोज्नु प्रस्तुत कृतिको अर्को महत्त्वपूर्ण वैचारिक पक्ष हो । दुई अलगअलग परिवेशमा हुर्केबढेका युवा र युवतीहरू वैवाहिक जीवनमा आबद्ध हुँदाका अवस्थामा एकले अर्कालाई अपनाउनुपर्ने र विश्वास गर्नुपर्ने सामाजिक र सांस्कृतिक परिस्थितिको अत्यन्त जीवन्त र वस्तुपरक ढङ्गले चित्रण गर्ने काम स्रष्टा कार्कीले 'एकअर्का' र 'नौलो ठाउँ' कवितामा गरेकी छन् । यसै गरी युवायुवतीका बीचमा मायाप्रीति गासिँदा उत्पन्न हुने हार्दिकता, सामीप्यता, मिलन र खुसीको चित्रण 'जानी नजानी'मा, निश्छलता, नि:स्वार्थता र हार्दिकताका साथ मित्रता गरिने साथीसङ्गीहरूको बिछोड हुँदाका अवस्थामा उत्पन्न हुने कष्ट, दु:ख र पीडामय परिस्थितिलाई 'केवल यही चाहन्छु'मा, अभिभावक र सन्तानबीचको हार्दिक प्रेम, जिम्मेवारी र कर्तव्यवहनलाई 'मुक्ति' र 'बाबाआमा'मा, छलकपट र स्वार्थलिप्सा नभएको हार्दिक, आत्मिक र पवित्र प्रेमको चाहनालाई 'चाहना,' 'बन्दी' र 'भावहरू'मा; प्रेमी र प्रेमिकाहरूको उपस्थिति तथा अनुपस्थितिमा उत्पन्न हुने मानसिक उतारचढावलाई 'धड्कन'मा; देश, समाज, धर्म र मानवसेवामा समर्पित असल र आदर्श पुरुषको महिमागानका माध्यमबाट नेपालीहरूलाई देश, समाज र मानवसेवामा तन, मन र धनले समर्पित हुने विचारलाई 'मेरा बुबा'मा; ममतामयी आमाको महानता तथा सन्तानप्रतिको सद्भावलाई 'मेरा सन्तानलाई'मा अभिव्यक्त गर्ने काम कवयित्री कार्कीबाट भएको पाइन्छ ।

यस कवितासङ्ग्रहको तेस्रो महत्त्वपूर्ण वैचारिक पाटो भनेको जीवनसम्बन्धी अवधारणा प्रस्तुत गर्नु हो । जीवन बडो रहस्यमय रहेको, जीवनको वास्तविकता बुझ्न गाह्रो हुने गरेको तथ्यलाई 'पागल'मा, जीवनयापन गर्दा बेलामौकामा उत्पन्न हुने आशा र

निराशामय भावावेगलाई 'पिइरहेछु'मा, जीवन अत्यन्त सङ्घर्षशील रहेको कुरालाई 'एकान्त'मा; मृत्यु दुःख, चिन्ता, अभाव, ग्लानि, पीडा, त्रास, विध्वंस, निराशा र विषम परिस्थिति तथा जीवन सुखी, खुसी, आशा, सिर्जना, महत्त्वाकाङ्क्षा एवं सम परिस्थितिको प्रतीक भएको कुरालाई 'मृत्यु ऊ र जीवन म'मा अभिव्यक्त गरिएको छ भने 'नजिक आइदिन्छु' कविताले मानवमा सिर्जनात्मक, जीवनवादी, कर्मवादी, सेवामुखी र प्रेमपरक दृष्टिचेत हुनुपर्ने आवश्यकतालाई औँल्याइदिएको छ ।

यस कृतिको अर्को महत्त्वूर्ण वैचारिक पक्ष भनेको महिलाहरूले भोग्नुपरेको थिचोमिचो, अन्याय र अत्याचार हो । महिलाहरू आफ्नो लोग्नेप्रति पूर्ण रूपमा इमानदारीका साथ समर्पित हुँदा पनि पुरुषबाट हेपिएका, पुरुषहरू घरबाहिर पनि अनेकौँ कोठी चहार्दै यौनतृष्णा शमन गरी बदमासी गरिरहेका; नारी अस्तित्व, अस्मिता र हक बोध र बहन गर्न चुकिरहेका; महिलाहरूलाई दासत्व, कामवासना र मनोरञ्जनको साधन मात्र ठानिरहेका; महिलाहरूका सामर्थ्य, प्रतिभा र क्षमताको उपहास गरिरहेका; असल भविष्यको कल्पनामा तिक्त र अनपेक्षित रीतले जीवनयापन गर्नुपर्ने महिलाहरूको विवशतालगायतका कुराहरू स्रष्टा कार्कीले 'प्यासी अधरहरू', 'महापुरुष' र 'जिन्दगी'जस्ता कविताहरूमा उल्लेख गर्दै आफूलाई नारी अस्तित्व, अस्मिता र हकका पक्षमा आवाज बुलन्द गर्ने नारीवादी स्रष्टाको रूपमा दर्ज गराएकी छन् । महिलाहरूको अस्तित्व र अस्मिता नस्विकारे, सहकार्य, सदभाव र निश्छलताको अवलम्बन नगरे; सदैव सन्देह, छलकपट, स्वार्थ, आडम्बर र पाखण्डका भरमा हैकम चलाउन खोजे र वास्तविकता बुझेर पनि बारम्बार बुझ पचाए महिलाहरूमा रहेको धैर्य र आसको बाँध टुट्न गई पुरुषका विरुद्धमा नारी विद्रोह हुन सक्ने कुराको उद्घोष कार्कीले यसरी गरेकी छन्–

**म त कालो मेघ हुँ, एक चोटमै बर्सिदिन्छु**
**केवल त्यही चोटका लागि**
**सोच्नेहरूलाई काफी छन् यी दुई लहरहरू**
**बुझ पचाइन्छ भने रित्ता छन् यिनै लहरहरू**
**तृषित प्यासी अधरहरूजैँ ।**

(पृ.३०–३१)

राजनेताहरूको स्वार्थलिप्सा, अदूरदर्शिता, भ्रष्टाचार, राष्ट्रघाती प्रकृतिका सन्धि र सम्झौता गर्ने दुर्नियत, कर्तव्यविमूढता, आपसी तानातान र दुर्गन्धपूर्ण राजनीतिक दुष्कर्म, सत्तालिप्सा आदि विविध कारणले देश प्रगति र समुन्नतिको साटो अधोगति र अवनतिरूपी खाडलमा जाकिन पुगेको उल्लेख गर्दै राजनीतिक दलका नेताहरूप्रति तीव्र आक्रोश र व्यङ्ग्य प्रहार गर्दै नेताहरू इमानदार, संवेदनशील, कर्तव्यनिष्ठ र जिम्मेवार भई देशविकासमा लाग्नुपर्ने सन्देश 'बितिसक्यो' कविताले सम्प्रेषण गर्न खोजेको छ ।

षड्यन्त्रकारी इन्द्रले मोहिनी मेनकालाई पठाई विश्वामित्रको तपस्या भङ्ग गराएजस्तै मानवसमाजमा जीवनयापन गर्दा, प्रगतिपथमा लम्कँदा तथा गन्तव्यमा पुग्नै लाग्दा समाजमा रहेका इन्द्ररूपी षड्यन्त्रकारीहरू खुट्टा तान्ने तथा प्रगतिका बाधक बन्ने भएकाले अत्यन्त सचेत, सावधान, संवेदनशील र होसियार भई अघि बढ्नुपर्ने सन्देश 'चञ्चल' कविताबाट प्राप्त गर्न सकिन्छ ।

यसै गरी वैदेशिक रोजगार कम्पनीहरूले गर्ने ठगी तथा आफूसँग भएको सम्पत्ति पनि धितोमा राखी अर्थोन्नति गर्ने अभीष्टका साथ विदेश पलायन हुने युवायुवतीहरूले भोग्नुपरेका अभावमय, पीडामय, कारुणिक र हृदयविदारक परिस्थितिको अत्यन्त जीवन्त र वस्तुपरक ढङ्गले चित्रण गर्दै यसतर्फ सबै सचेत, सावधान र संवेदनशील हुनुपर्ने कुराको उद्घाटन 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता'मा गरिएको छ । कविताबाट एउटा अंश हेरौँ–

**जीउभरि लिएर नयाँ नीलडाम**
**साहूसँग लुकेर रुन्थेँ हरसाम ।**
**न त जान सक्छु यो देशबाट**
**न त पठाउन सक्छु पैसा खल्तीबाट ।**
**उल्टै गुहार्दै छु आमाबाबासँग**
**मगाइदेऊ पैसा**
**म फर्किन्छु, सुधिन्छु गल्तीबाट ।**
(पृ.८२)

पुँजीवादी अर्थव्यवस्था, असमान अर्थनीति तथा अवसर र रोजगारीका अभावले आर्थिक अवस्था कमजोर भएका निम्नवर्गीय मानिसहरूको अभावमय, कष्टप्रद र समस्याग्रस्त जीवनपद्धतिको यथार्थ चित्रण गर्दै न्यूनतम मानवीय आवश्यकताको ग्यारेन्टी सरकारले गर्नुपर्ने, समतामूलक समाजको स्थापना हुनुपर्नेलगायतका अभिमतको जानकारी 'जीवन यस्तै रहेछ' भन्ने कविताबाट प्राप्त गर्न सकिन्छ ।

अध्यात्मप्रति गरिने विश्वास र आस्थाले आत्मसन्तुष्टि र मनको निर्मलीकरण हुने, मानसिक शान्ति मिल्ने, अनेक समस्या र सङ्कटहरूबाट जोगिने कुराहरूको उल्लेख 'साईराम', 'अस्तित्व' र 'ओशो वन्दना'मा गरिएको छ ।

त्यसै गरी महिला स्रष्टा वानीरा गिरीको साहित्यिक व्यक्तित्वको उल्लेख गर्दै अन्य नारी प्रतिभाहरूको जन्म हुनुपर्ने तथा महिलाहरूले पनि आफ्नो सामर्थ्यको पहिचान गराउनुपर्ने विचार 'विश्वनारी रत्न' कवितामा मुखरित भएको पाइन्छ ।

यस किसिमबाट कवयित्री कार्कीले आफ्नो यस कविताकृतिमा नियति, भाग्य, जीवन, मृत्यु, पाप एवं प्रेमसम्बन्ध, सामाजिक कर्तव्य, पारिवारिक सम्बन्ध, राज्यप्रतिको नागरिक कर्तव्य, नागरिकप्रतिको राज्यको कर्तव्य, स्त्रीपुरुषबीचको लैङ्गिक सम्बन्ध, विवाह, सम्बन्ध विच्छेद आदिसम्बन्धी आफ्नो दृष्टिकोण र अनुभूति अभिव्यक्त गर्न खोजेकी छन् । प्रस्तुत कृतिको अध्ययन र पठनबोधले

समसामयिक नेपाली समाज र नेपालको वास्तविकता बुझ्न सकिन्छ । कतिपय कविताहरूमा प्रतिबिम्बित सारवस्तु आग्रहीकरणको सिद्धान्तबाट अभिप्रेरित छ भने कतिपय कविताहरूमा समस्याको मात्र उद्घाटन गरी समस्या समाधानको उपाय खोज्ने जिम्मेवारी पाठकवर्गलाई सुम्पी आधुनिक साहित्यको सारवस्तुको पस्काइको अवधारणालाई पनि अवलम्बन गरिएको पाइन्छ । आग्रहीकरणको सिद्धान्तबाट अग्रसारित भए पनि विचारको प्रस्तुतिमा प्रशस्त नाटकीकरण, प्रतीक र बिम्ब, साङ्केतिकता र व्यङ्ग्यात्मकताको प्रयोग गरिएका कारण प्रस्तुत कृतिको साहित्यिकता र कलात्मकताको मूल्यमा कुनै कमी वा अभाव आएको महसुस हुँदैन ।

'हिजो, आज अनि भोलिको चित्रण', 'एकता', 'प्यासी अधरहरू' लगायतका कवितामा आंशिक रूपमा भए पनि विचारवाक्य (Thesis sentence)को प्रयोग गरिएको पाइन्छ । प्रत्येक कविताको रचनागर्भका विषयमा स्वयम् स्रष्टाद्वारा गरिएको टिप्पणीले सामान्य पाठकलाई पनि भाव, मर्म र सार बोध गर्न सजिलो हुन गएको छ भने उक्त सन्दर्भको उल्लेख मुक्त पाठको अध्ययनको अवधारणामा तगारो खडा पनि गरिदिएको छ । यस कृतिमा उठान गरिएको अधिकांश समस्या सार्वकालिक र सार्वदेशिक हुन नसक्ने भएकाले प्रसङ्गविषयक सारवस्तुको उपस्थिति रहेको कुरा प्रमाणित हुन आउँछ ।

## ४. निष्कर्ष

समयुगीन नेपाली समाज र नेपाल अधिराज्यको वास्तविक समस्या, आवश्यकता र समाधानसम्बन्धी विचारहरू प्रस्तुत गरी आफूलाई देश र समाजको चिन्तनमनन गर्ने, देश र समाजको उन्नयन र समुन्नति तथा सुनौलो भविष्य देख्न चाहने जिम्मेवार र संवेदनशील साहित्यकारका रूपमा उभ्याउने काम कार्कीबाट भएको पाइन्छ । प्रस्तुत कृतिले कवयित्रीमा देश र समाजको वास्तविकता र

आवश्यकता बोध गर्ने द्रष्टा व्यक्तित्व रहेको कुरालाई पनि छर्लङ्ग्याइदिएको छ ।

सैंतिसवटा कविताहरूमध्ये मायाप्रीतिलाई आधार बनाई रचना गरिएको 'जानी नजानी' कविताको शीर्षकबाट नामाकरण गरिएको प्रस्तुत कृति आधुनिक नेपाली कविताको समकालीन धाराको उत्तरवर्ती चरणका कृतिहरूमा सूचीबद्ध हुन पुगेको छ । यस कृतिले कवि सुनीता कार्कीलाई एक देशभक्त, जातिप्रेमी, मानवतावादी, प्रकृतिप्रेमी, आदर्शोन्मुख यथार्थवादी, अध्यात्मवादी र संस्कृतिप्रेमी स्रष्टाव्यक्तित्वका रूपमा स्थापित गरिदिएको छ । विविध विषयवस्तु र विचारहरूको सङ्ग्रह, आशावादी जीवनदृष्टि, अन्याय, अत्याचार र विषमतारहित समतामूलक समाजको स्थापना, राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र सार्वभौमसत्ताको संरक्षण, कानुन, न्याय, समानता र स्वाभिमानका साथ जीवनयापन गर्न पाउनुपर्ने राजनीतिक वातावरणको निर्माण, सहज, सरल र सम्प्रेष्य भाषाशैलीको प्रयोग, अत्यन्त सटीक र जीवन्त प्रकृतिका बिम्ब तथा प्रतीकको उपस्थिति, कविवक्तृप्रौढोक्ति कथनपद्धति, यथार्थवादी रीतिक्षेत्र, प्रसङ्गविषयक सारवस्तु अभिधात्मक र अन्योक्तिमूलक अर्थसापेक्ष, मुक्त लयात्मकता आदिको प्रतिनिधित्व गर्न सफल रहेकाले प्रस्तुत कृति सङ्ग्रहणीय, पठनीय र मननीय देखिन्छ ।

# ‘जानी नजानी’भित्र फुलेका पुष्पहरू

**प्रा.डा.देवीप्रसाद सुवेदी**

नेपाली भाषासाहित्यको क्षितिजमा झुल्कनुअघि सुनीता कार्की समाजसेवामा समर्पित व्यक्तित्वका रूपमा देखा परिसकेकी थिइन् । कताकता समाजसेवा र भाषासाहित्यको सेवाले परस्परमा सान्निध्य राखी उनी नवउन्मेषशालिनी कवयित्रीका रूपमा परिचित हुन आइपुगेकी छिन् । नेपाली भाषासाहित्यका पाठक एवं अन्य स्रष्टाहरूका निम्ति यो गौरव र खुसीलाग्दो विषय हो ।

कवितालाई भावनाको सहज स्फुरण माने पनि यो शब्द-शब्दावलीको सुन्दर कलात्मक प्रस्तुति पनि हो । मनमा चलमलाइरहेका सुकोमल भावपुष्पहरू पनि कलात्मक मलजलबिना फक्रिन सक्दैनन् । यसरी हेर्दा कवयित्री सुनीता कार्कीका कविताहरूमा सहज भावोच्छ्वलन र कलात्मक बान्की दुवैको सम्मीलन भएको देख्न सकिन्छ । उनको सहज भाव प्रणयन हामी र हाम्रो वरपरकै समाज, राष्ट्र र यसमा रहेको सांस्कृतिक मूल्य र मान्यताहरू हुन् । उनमा आफ्नो राष्ट्रप्रति गरिमाबोध छ, अखण्ड राष्ट्र नेपालको स्वाभिमानी चेतना छ । ‘एकता’ शीर्षकको उनका कविताका पङ्क्तिहरूमा त्यही स्वाभिमानी चेतना बोलेको छ–

**खुकुरीको धार हाम्रो वीरताको इतिहास**
**हाम्रो नेपाल नेपाली हामी पुर्खाको आशीर्वाद**

**ज्ञानका कुण्ड तिमी हौसला छ बुलन्द**
**स्वाभिमानी नेपालीको पहिचान जोगाऊ ।**

यी कविताका पङ्क्तिहरूमा सम्बोधित 'तिमी'ले प्रत्येक चेतनशील राष्ट्रप्रेमीलाई लक्ष्यित गरेको छ । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले सुरु गरेको एकीकरणको अभियान र हाम्रा वीर पुर्खाहरूले बचाएको यस देशको सार्वभौम अस्तित्वका पक्षधर प्रत्येक नेपालीलाई कवयित्री सुनीताका यी कवितापङ्क्तिहरूले झकझक्याएका छन् । नेपाली राष्ट्रियतासम्बन्धी चिन्तनको खडेरी परेको आजको नेपाली साहित्यको रूखो फाँटमा कवयित्रीका यी र यस्ता अरू पनि कविताहरू राष्ट्रिय स्वाभिमानका जलकणहरू बनेर सिञ्चित भएका छन् । उनी यस देशको सार्वभौम अखण्डताप्रति मात्र चिन्तित छैनन् उनको चासो वर्तमान नेपालमा देखा परेका विकृति र विसङ्गतिप्रति पनि छ । 'नयाँ नेपाल' कविताका यी पङ्क्तिहरू–

**बसाउनु छ अनिर्णयको बन्धन तोडी निर्णयको परिपाटी**
**छाड्ने छैनौँ प्रतिज्ञा छ भ्रष्टाचारी अनि व्यभिचारी !**

कवयित्री सुनीताले आजको नेपालका मुख्य विकृति र राज्यव्यवस्थामा देखा परेका विसङ्गतिलाई सही रूपले खुट्टचाएकी छिन् । उनी सार्वभौम रूपमा अखण्ड राष्ट्रलाई सुरक्षित राखेर मात्र नयाँ नेपालको मानचित्र निर्माण गर्न सकिने विश्वास राख्दछिन् र भ्रष्टाचार व्यभिचारमुक्त समाज र मुलुकलाई नयाँ नेपालको परिकल्पनाका रूपमा अगाडि सार्छिन् । तर यस नयाँ नेपालको कुरूप चित्र उनका अगाडि 'हिजो आज अनि भोलिको चित्रण' शीर्षक कवितामा अनि 'नरक पनि हुन्छ होला योभन्दा सुविस्ता' कवितामा सजीव भएर उभिन्छ अनि कविभित्रको भावुक चेतना चलमलाउँछ र शब्दहरूमा त्यसकै प्रतिक्रिया बनेर पोखिन्छ–

**आफ्नै स्वदेशको ढिँडो खाएर**
**देशकै लागि जीवन बिताएर**

**विकासकै लागि**
**सानै भए पनि योगदान दिएर**
**स्वदेशलाई स्वर्ग बनाउनेछु ।**

माथिका शब्दहरू रोजगारीका लागि विदेशलाई सुखद भूमि सम्झी गएका तर त्यहाँको नारकीय यातनाबाट छटपटाएका नेपाली युवाहरूका स्वर हुन् र तिनै स्वरहरूलाई टिपेर कवयित्री सुनीताले यी कवितापङ्क्तिहरू तयार गरेकी छिन् । वर्तमान तथाकथित नयाँ नेपालको सबभन्दा जटिल समस्या युवाहरूको पलायनको जीवन्त चित्र यी पङ्क्तिहरूमा कोरिएको छ । यसले कवयित्रीको भावुक हृदयले कोरेको नयाँ नेपालको दुर्दशालाई चित्रण गरेको छ ।

कवयित्री सुनीता कार्कीको यस 'जानी नजानी' कवितामा झुल्किएको व्यक्तित्वमध्येको एक रुमानी प्रणयप्रेमी व्यक्तित्व पनि हो । प्रणय रुमानी चेतनाको महत्त्वपूर्ण अङ्ग हो । हरेक मानिसमा मात्रात्मक अन्तरमा पाइने प्रेमभावले कविको संवेदनशील हृदयलाई झन् बढी स्पर्श गर्छ र त्यसले कविको हृदयलाई आलोडित गर्छ अनि त्यो कविताको पङ्क्ति बनेर यसरी पोखिन्छ–

**साथ हुँदा उजेलीमा तिमीभित्रै हराउँछु**
**तन्द्रा टुट्दा बिपनीमा आफू एक्लै पाउँछु**
•
**दैलो तिम्रो सजाउँदै बेहुली बन्ने हो कि ?**
**नयनभरि सपनाहरू यही सबै बोकी ।**
**(चाहना)**

प्रस्तुत कवितासङ्ग्रहमा कवयित्रीका रुमानी भावहरू यत्रतत्र छचल्किएका छन् । 'मुक्ति', 'केवल यही चाहन्छु', 'एकान्तमा', 'पिइरहेछु', 'भावहरू' आदि यस सङ्ग्रहभित्रका थुप्रै कविताहरू रुमानी प्रेमभावले सिञ्चित छन् । यसबाट कवयित्री सुनीताको कविहृदयको कोमल र संवेदनशील पक्षको वास्तविक परिचय पाउन सकिन्छ । यी कविताहरूमा कवयित्रीका संयोग, वियोग, प्रेम, आलिङ्गन, आशा,

निराशा आदि भावहरू पोखिएका छन् । माया, प्रेमको अन्तस्तलमा पुगेर यी रुमानी शब्दहरूले सजीवता पाएका छन् । यहाँ प्रेमीसँगको प्रणयको आग्रह छ, मौन शब्दहरूमा लुकेको भावलाई प्रेमीले बुझ्न नसकेकोमा गुनासो छ । यस्तै प्रणयी भावले व्यक्तिने माध्यम बनेका छन् यस सङ्ग्रहभित्रका कविताहरू । कवितासङ्ग्रहकै मूल शीर्षक रहेको 'जानी नजानी' शीर्षक कविताका निम्न पङ्क्तिहरू कवयित्री सुनीताको रुमानी चेतलाई व्यक्त गर्न पर्याप्त छन्–

**नीर भरी अँजुलीमा**
**अधरको प्यास निम्त्यायौ**
**सरल सरस तिम्रा भावका**
**धारमा मलाई बगायौ**
•
**चोखो माया साँचिरहेछु**
**तिम्रो प्यारमै बाँचिरहेछु ।**

स्पष्ट छ कवयित्रीको सहज, संवेद्य भाव बोकेका यी पङ्क्तिहरूमा प्रणयको अत्यन्त मीठो आग्रह पाइन्छ । त्यो प्रणयको आह्वान आफ्नै जीवनसाथीप्रति परिलक्षियत हो तापनि यसमा सर्व संवेद्यता र सर्वकालिकताको आभास पाइन्छ । सम्भवत: सबै प्रेमीप्रेमिकाको स्वच्छ प्रेमको आग्रह यस्तैयस्तै हुन्छ ।

'जानी नजानी' कवितासङ्ग्रहभित्र पोखिएकी कवयित्री सुनीताको भावतरङ्गहरूको एक अर्को पक्ष भक्तिभाव हो । सङ्ग्रहकै पहिलो कविता 'साईराम' र अन्तिम कविता 'ओशो वन्दना'ले कोष्ठकका रूपमा सम्पूर्ण कवितालाई समेटेका छन् । कवयित्री हिन्दु संस्कृति र आध्यात्मिक परम्पराका पश्ववर्ती सन्तसाधुहरूको वैचारिक चिन्तनको गम्भीर प्रभाव परेको पाइन्छ । अझ हृदयमा उर्लेको भक्तिभावले कवयित्री पूर्णत: आध्यात्मिक गहिराइमा डुबेकी छिन् । उनी 'साईराम' शीर्षक कवितामा यसरी आफ्ना भक्तिभावका पुष्पहरू चढाउँछिन्–

**तिम्रो पाउमा गङ्गा प्रवाहित**
**तिमीमै ब्रह्माण्ड समाहित**
**गीताको ज्ञान वेदपुराण**
**तिमी नै जगको नीतिनिर्माण ।**

'ओशो वन्दना' कवितामा भने ओशोलाई साईरामभन्दा केही भिन्न रूपमा प्रस्तुत गरिएको छ । ओशोलाई मृत्युका व्याख्याता, जीवनचक्रको दृष्टान्त प्रतिपादक र आनन्दामृतका अजस्र प्रवाहको स्रोतका रूपमा लिइएको छ–

**जीवनरूपी चक्रको दिन्छौ दृष्टान्त**
**मृत्युको पनि गरिदिन्छौ बखान**
**जीवनमृत्युको भयबाट पार पाउन**
**आनन्दामृतको खुलाउँछौ मुहान ।**

सुनीता कार्की अद्यतन कवितायात्राकी पथिक हुन् र नवनव भावप्रवाहकी सम्प्रेषणीय प्रतिभा हुन् । उनका कविताहरू सहज सम्प्रेष्य भएर पनि घनीभूत भावप्रवाहद्वारा सिञ्चित छन् । उनी आफ्ना कविताहरूमा कतै जीवन र त्यसको मूल्य खोजिरहेकी पाइन्छिन् त कतै आफ्ना अन्तस्तलका इच्छाआकाङ्क्षा, व्यग्रता, विवशता र आशानिराशाका भावभुमरीहरूमा घुमिरहेकी पाइन्छन् । आखिर जे भए पनि उनका कविताको गन्तव्य जीवनमूल्यको बोध हो र आशातन्तुको फेर समातेर जीवनलाई उज्यालोतिर उन्मुख गराउनु हो । यस अर्थमा उनी जीवनवादी कवयित्री हुन् । उनको पर्खाइ, बोलाइ, हेराइ प्रत्येक भावमा जीवनमूल्यको खोजी पाइन्छ ।

'जानी नजानी' कवितासङ्ग्रहका पङ्क्तिहरू गद्यलयमा रचित छन् । यी पङ्क्तिहरूमा कवयित्रीको भावनिनादका मिठास पाइन्छ । साङ्गीतिक लयमा समेत सुनिन सक्ने कतिपय कविताहरूले उनको गीतकार व्यक्तित्वको राम्रै छनक पनि दिन्छन् । कतिपय कविताहरू आनुप्रासिक शैलीमा आउँदा तिनले बेग्लै मिठास दिएको पाइन्छ ।

कवितासङ्ग्रहको मूल शीर्षक 'जानी नजानी' कविताको मूल भावमा कवयित्री सुनीताको प्रणयभाव वा रुमानी चेतना सुसाएको छ । यसले कवयित्रीको अपरिपक्व र जानी नजानी भएको नवयौवनाको प्रेमिल स्वरूपतर्फ पनि इङ्गित गरेको छ । अर्कातर्फ एक नवोदीयमान कवयित्रीले जानी नजानी व्यक्त गरेका भावप्रस्तुतिका रूपमा यस सङ्ग्रहभित्रका कविताहरूलाई पनि सङ्केत गरेको बुझ्न सकिन्छ । आखिर जे भए पनि र जानी नजानीकनै भए पनि कवयित्रीका यी कविताहरू उनका कोमल अनुभूतिबाट नि:सृत परिपाकयुक्त भावनाका अभिव्यक्तिस्वरूप देखा परेका छन् । यस प्रकारको अभिव्यक्तिका लागि कवयित्री सुनीता कार्कीलाई साधुवाद दिँदै उनीभित्रको कविले अरू परिष्कार पाउने आशा गर्दछु ।

# सुनीता कार्कीको 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' कविताको विश्लेषण

**प्रा.डा.दैवकीदेवी तिम्सिना**

कवयित्री सुनीता कार्की दुई दशकअघि नेपाली गीतिफाँटमा झुल्किएकी कुशल समाजसेवीका रूपमा चिनिँदै आएकी हुन् । गीत र कवितालाई सुकुमार शैलीमा व्याख्या गर्न सक्ने एक कुशल कलाकार पनि हुन् । प्रकृति प्रेम, सामाजिक परिपार्श्व, आन्तरिक जीवनको मूल्यको खोज, देशभक्ति भावनाको अन्वेषण, सामाजिक तथा समसामयिक विसङ्गतिप्रतिको व्यङ्ग्य, नारीहृदयका चोखा अनुभूतिको प्रकटीकरण, मर्मस्पर्शी सहज उद्गार, बिम्बहरूको मनोरमता, दयनीयताप्रतिको व्याकुलता, स्वच्छन्दतापूर्ण भावना, सर्वोत्कृष्ट सुन्दरप्रति आकर्षित, समर्पणको भावना, अतीतप्रतिको रोमन्थन नस्टालजिया मनोभाव, प्रश्नप्रश्नमा घेरिएका आकाङ्क्षा, भ्रष्टाचारप्रतिको तीव्र व्यङ्ग्य, सुशासन तथा विकासको प्रत्याभूति, अख्तियारप्रतिको विश्वास, विषयवस्तुको सशक्तता, कलात्मक मूल्य र मान्यता युगबोध र नेपाली साहित्यमा नवीन भएर उदाउने सुनीता कार्कीको 'जानी नजानी' २०७० सालमा नइ प्रकाशनद्वारा प्रकाशित प्रथम कवितासङ्ग्रह हो । प्रस्तुत कवितासङ्ग्रहमा जम्मा सैँतिसवटा कविता प्रकाशित छन् । उनका उक्त कविताहरूमध्ये 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' कवितालाई प्रतिनिधि कविताका रूपमा चयन गरिएको छ । प्रस्तुत प्रतिनिधिमूलक कवितालाई विषयवस्तु, उद्देश्य, भाषाशैली र लयविधानका आधारमा क्रमश: तल विश्लेषण गरिन्छ–

सुनीता कार्कीको 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' कविता २०७० सालमा लेखिएको र उनको 'जानी नजानी' (२०७०) शीर्षकको कवितासङ्ग्रहमा प्रकाशित कविता हो । बयासी पङ्क्तिको आयाममा विस्तारित यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो । वर्तमान युगको चरम व्यर्थता, विसङ्गति, भ्रष्टाचारका साथै देशमा व्याप्त विकृतिलाई कथ्य बनाएर लेखिएको प्रस्तुत कविताले युगीन विसङ्गतिलाई देखाउन सफल भएको छ ।

**(क) भावविधान**

'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' देशप्रेममूलक कविता हो । यहाँ आफ्नो आर्थिक कमजोरीले विदेशतिर लाग्न बाध्य भएका नेपाली नागरिकहरूको दु:खदपूर्ण स्थितिको बयान गरिएको छ । स्वर्गको सपना र नर्कको बिपना भोग्ने गरिब दाजुभाइहरूको आत्मकथा र आत्मव्यथा बोलेको प्रस्तुत कविताले विदेशको त्रासदपूर्ण भोगाइको चित्र प्रस्तुत गरेको छ । यहाँ पासपोर्टविहीन भएर कम्पनीको दासत्व जीवन व्यतीत गर्न बाध्य भएका तमाम नेपाली नागरिकको दु:खदपूर्ण जीवनलाई सङ्केत गरिएको छ । कवितामा घरसँग सम्पर्कविहीन भएर बाँच्न बाध्य भएका र जेलमा सड्न लागेका अभागी देशका सपूतहरूको दुर्गतिपूर्ण भाग्यको वर्णन विस्तारपूर्वक गरिएको छ । 'मृत्यु र लावारिस लासहरूले हाम्रो कथा सुनाउलान्' भन्दै विदेशमा गएर मर्न लागेका सन्तानले आफ्ना आमाबाबा र देशलाई सम्भी अन्तिम अवस्थामा धरधरी रुँदै पछुतो मानेको वर्णन पाइन्छ । खाडी मुलुकका सबै देशमा नेपालीहरूले भोग्नुपरेको त्रासदपूर्ण स्थितिको प्रस्तुत कवितामा बयान गरिएको छ ।

कवितामा आफ्नी धर्ती आमालाई सन्तानहरूले लत्याउँदै यहाँको मकै अर्थात् यहाँको खानपान र न्यानो काखलाई लत्याएको कुरालाई कवयित्रीले यसरी बयान गरेको पाइन्छ–

(१)

**आफ्नी धर्तीमाताको छातीमा**
**मकै किन रुचेन ?**

**आफ्नी आमाको न्यानो काखमा**
**चित्त किन बुझेन ?**

(२)

**नेपाल आमाको काख**
**बन्जर बनाएर**
**विदेश आई के पो भो**
**सबलाई रुवाएर ?**

(३)

**भएको अस्तित्व बेचेर**
**ऋणमा चुर्लुम्म डुबेर**
**न त आमाको हाँसो**
**फर्काउन सकेँ**
**न त बाबाको नै**
**आधार बन्न सकेँ ।**

(पृ. ८०)

वर्तमानको सबैभन्दा ठूलो समस्या आफ्नो देश छोडी बिदेसिनुमा आधारित प्रस्तुत कवितामा घतलाग्दो पाराले अस्तित्वको कुरा पोखिएको छ । तथ्याङ्क (१) मा आफ्नी आमाले दिएको ढिँडो पनि मीठो हुन्छ भन्ने नेपाली परम्पराको त्याग गर्दै हरियो, काँचो वा सुकेको मकैको महकलाई लत्याउँदै, आफ्नी आमाको न्यानो काखलाई बिर्सिंदै विदेश गएका सपूतहरूलाई प्रश्न गरिएको छ । यस्तै तथ्याङ्क (२) मा 'नेपाल आमाको काख बन्जर बनाएर' भन्दै आफ्नो देशको उर्वर भूमिलाई बन्जर बनाएको आरोप लगाउँदै देश छोडी विदेशतिर लाग्नेहरूमाथि आक्रोशित भएको देखिन्छ । तथ्याङ्क (३) मा आफ्नो अस्तित्व बेच्नु, ऋणमा चुर्लुम्म डुब्नु, आमाको रुन्चे अनुहारमा हाँसो फर्काउन नसक्नु र बाबाको आधार बन्न नसक्नुजस्ता समस्यामूलक कथन जोड्दै कवितालाई कारुणिक दिशातिर उन्मुख गरिएको छ । देश छोड्दा दु:ख पाउने र आइलाग्ने बिस्मातहरूको अन्वेषण गर्दै प्रस्तुत कवितामा देशप्रतिको दायित्वशील भावना र देशप्रतिको मोह व्यक्त गरिएको छ ।

प्रस्तुत कविताको देशभन्दा ठूलो अर्को केही छैन र देशलाई लत्याउँदा आइपर्ने दु:खदपूर्ण स्थितिको वर्णन गर्दै देशप्रतिको कर्तव्यलाई पुन: मूल्याङ्कन, पुन: सोच्नुपर्ने कुरालाई देखाउन खोजिएको छ ।

**(ख) उद्देश्य**

देशप्रेममूलक विचारधारामा केन्द्रित यस कविताको मूल उद्देश्य देशप्रतिको माया, राज्यप्रतिको झुकाउ, देशप्रतिको निष्ठा, सन्तान हुनुको कर्तव्यलाई देखाउनु रहेको छ । यसका साथै हेपिएर, थिचिएर बसेका नुनका सोझा गर्ने नेपालीले विदेशीमूलमा पाएको यातनादायी रूप सबैले देखून् भन्ने उद्देश्य प्रस्तुत कवितामा ओतप्रोत भएको देखिन्छ । यस कवितामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देशको हक र हितका निम्ति गरेको कार्यको बयान कवयित्रीका आफ्नै भाषामा यसरी व्यक्त भएका छन्– अख्तियार दुरुपयोग अनुसन्धान आयोगले, जसरी देशका लागि केही गर्ने प्रण लिएको छ, त्यही सिलसिलामा २६ जना कर्मचारीलाई भ्रष्टाचारविरुद्धको कार्ययोजना सिकाउन पाँचदिने तालिममा मलेसियाको माकामा लगिएको थियो । समापन कार्यक्रमका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रमुखको नेतृत्वमा चार सदस्य टोली त्यसतर्फ प्रस्थान गऱ्यो (२०७१।१।७) । नेपाल राजदूतावासको कार्यालय पुग्दा त्यहाँ आफ्नै आँखाअगाडिको दृश्य निकै असामान्य थियो । झन्डै चारपाँच सयको हाराहारीमा नेपाली कामदारहरूको उपस्थिति त्यहाँ थियो । नेपालबाट आउँदा एउटा स्वर्गको सपना र त्यहाँ पुगेपछि नर्कको बिपना (कार्की, २०७१।५।८।४) । यस प्रकार नेपाल छाडी बिदेसिएका गरिब भाइबहिनीहरूको बिथोलिएको सपनालाई देखाउँदै आफ्नो देशप्रतिको मायालाई कदर गर्नुपर्ने उद्देश्य प्रस्तुत कवितामा देखिन्छ ।

कविले देशप्रतिको माया यस प्रकार देखाएकी छन्–

**अरूको भूमिमा सुख केही हुन्न ।**
**आफ्नै स्वदेशको ढिँडो खाएर**
**देशकै लागि जीवन बिताएर**
**विकासकै लागि**

**सानै भए पनि योगदान दिएर**
**स्वदेशलाई स्वर्ग बनाउनेछु ।**
(५–८३)

उपर्युक्त कवितांशमा स्वदेशको ढिँडो खाएर देशकै निम्ति जीवन बिताउनुको तात्पर्य देशको सेवा गर्दै, देशको विकासतर्फ लाग्नु हो । सबै देशका सन्तानले सानोसानो योगदान दिँदै गए भने देश स्वर्ग बन्नेछ भन्ने आशय कवितामा देखिन्छ ।

अरूको भूमिमा सुख नहुनु, आफ्नो देशको ढिँडो खानु, देशकै लागि जीवन बिताउनु, सानै भए पनि योगदान दिनु, देशलाई स्वर्ग बनाउनु देशभक्तिमूलक भावनामा आएका सकारात्मक पक्ष हुन् र यही नै कविताको उद्देश्य हो ।

**(ग) भाषाशैली**

'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' मुक्त लयमा लेखिएको एक्काइस खण्डमा विभाजित फुटकर कविता हो । सुनीता कार्कीका अन्य कविताका सापेक्षतामा प्रस्तुत कविता बढी भावपूर्ण र देशप्रेममूलक चेतना भएको देखिन्छ । प्रस्तुत कवितामा सरल बोलचालको भाषा प्रयोग गरिएको छ । यो कविता नेपालको धरातलमा र नेपालीहरू कमाउन जाने विदेशको धरातलमा आधारित देखिन्छ । यहाँ परम्पराजस्तो विदेश जाने प्रक्रियामाथि रोक लगाउने चेष्टा र आफ्नो देशको महत्त्वमा गान गरिएको छ । तत्सम शब्दहरूको न्यून प्रयोग भएको र नेपाली वाक् व्यवहारमा प्रचलित तत्सम शब्द र अधिकांश तद्भव शब्दहरूको उपयोग भएको यस कवितामा नेपाली वाक् व्यवहारमा प्रचलित पदावली एवं वाक्यहरू यस प्रकार प्रयोग भएका छन्–

(१)
**'नमरी बाँचे कालले साँचे'**
**अर्को भाइलाई म मर्न दिन्नँ ।**
(५–८३)

(२)

**न त आमाको हाँसो**
**फर्काउन सकँ**
**न त बाबाको नै**
**आधार बन्न सकँ ।**

(२–८०)

(३)

**बहिनीलाई रुवाएर धुरुधुरु**
**आफ्नो आत्मा बेचे खुरुखुरु ।**

(५–८०)

(४)

**प्रलोभनमा परेर**
**खुट्टा उचालेँ**
**नपढेका मोराले**
**बुद्धि बिगारे ।**

(५–८१)

(५)

**आफ्नो नेपाली**
**हृदय साटेर**
**भाइ नै बने शत्रु**
**यथार्थ ढाँटेर ।**

(५–८१)

उपर्युक्त कवितांशमा यसरी कथनभङ्गीमा भावगत गाम्भीर्यतालाई विशिष्टता प्रदान गरिएको छ । यहाँ तथ्याङ्क (१) मा नमरी बाँचे कालले साँचे लोकोक्तिमूलक कथनको प्रयोग गर्दै कवितालाई भावनात्मक तुल्याइएको छ । यहाँ फर्काउन सकेँ, आधार बन्न सकेँ, धुरुधुरु, खुरुखुरु, खुट्टा उचाले, बुद्धि बिगारे, साटेर, ढाँटेरजस्ता वाक्यहरूले समध्वन्यात्मक र अन्त्यानुप्रासको सृजना गरेर कवितालाई लयात्मक तुल्याएका छन् । यहाँ तथ्याङ्क (४) मा प्रलोभनमा परेर खुट्टा उचाले, नपढेको मोराले बुद्धि बिगारेर भन्ने कथनले

सोझो र सीधा वन गरी खाने नेपालीको सन्तानलाई कसैले प्रलोभनमा पार्दै छक्याएको आवाज व्यक्त गरिएको पाइन्छ । यहाँ देशप्रेममूलक चेतना अन्तर्गर्भित प्रतीकात्मक बिम्बको प्रयोग पनि कवितामा सशक्त देखिन्छ ।

कवितामा पश्चात्तापमूलक कथनको प्रयोग गरिएको पाइन्छ । तथ्याङ्क (५) मा बालुवा चाट्नु, आफ्नो नेपाली हृदय साट्नु, यथार्थ ढाँटेर भाइ नै शत्रु बन्नुजस्ता कथनले वर्तमान नेपालको समाजव्यवस्था, देशको राजनैतिक स्थिति विसङ्गतपूर्ण रहेको दर्साइएको छ । आफ्नै देशले देशका नागरिकहरूलाई रोजगारको सुविधा दिन नसक्दा आफ्ना नागरिकहरू कोही ठगार र कोही ठगिने भएको आशय कवितामा पाइन्छ । विदेशतिर छक्याउँदै कामदार लैजाने र त्यहाँ गएपछि तिनीहरूको पासपोर्ट भिसा खोसेर तिनीहरूलाई अलपत्र पार्दै नारकीय यातना दिँदै नराम्रा काम गर्न बाध्य गराइएका घटनाहरूले कवितामा मार्मिक पक्षको उद्घाटन गरेको छ भने देशद्रोही, भ्रष्टाचारी दलालहरूप्रति कडा व्यङ्ग्य पनि प्रहार गरिएको छ ।

**(घ) लयविधान**

'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' कविता मुक्त लयमा लेखिएको छ । प्रस्तुत कवितामा एउटै समस्याका विभिन्न रूपको उद्घाटन गरिएको छ भने मुख्य समस्याका रूपमा नेपालबाट रोजगारका निम्ति विदेशतिर जाने कारिन्दाहरूले पाएको यातनादायी समस्यामा केन्द्रित देखिन्छ । मुक्त लयमा समध्वन्यात्मक शब्दहरूको विन्यास, एउटै शब्दको आवृत्ति, स्वर व्यञ्जनको नियमित आवर्तनजस्ता लयोत्पादक गुण यस कवितामा पाइन्छ । जस्तै–

(१)

**सकिनँ मैले केही गरी भने**
**मेरो चिहान मेरो धर्तीमै खने**
**भाइहरू जुटी एक हात बने ।**

(२)

**जीउभरि लिएर नयाँ नीलडाम**
**साहूसँग लुकेर रुन्थेँ हरसाम ।**

**न त जान सक्छु यो देशबाट**
**न त पठाउन सक्छु पैसा खल्तीबाट ।**
**उल्टै गुहार्दै छु आमाबाबासँग**
**मगाइदेऊ पैसा**
**म फर्किन्छु, सुध्रिन्छु गल्तीबाट ।**

(३)

**न त सम्पर्कमा नै छ कोही**
**न त फर्किने व्यवस्था नै छ कोही**
**पासपोर्ट उनीहरूकै कब्जामा छ त्यहीँ ।**

उपर्युक्त कवितांशहरूमध्ये दोस्रो कवितांशमा न त जान सक्छु, न त पठाउन सक्छु जस्ता वाक्यमा 'न' वर्ग र 'त' वर्गको अनियमित आवृत्तिले श्रुति माधुर्य सिर्जना गरेको छ भने स्वदेश फर्किन नसक्नु र स्वदेशमा पैसा पनि पठाउन नसक्ने भावगत ऐक्यले अर्थगत लय सिर्जना हुन पुगेको छ । यस कवितामा आफ्नो धर्ती, आमाको न्यानो काख, आफ्नै स्वदेश, आमा तिम्रो मुहार सम्झन्छु, तिम्रो आँसुले पोल्छ, मेरो नेपालजस्ता शब्द र वाक्यहरूको आवृत्तिले बाह्य लयका साथै मातृभूमिप्रति उच्च आदर गरेको हुँदा अर्थगत आभ्यन्तर लयसमेत उत्पन्न हुन पुगेको देखिन्छ ।

अन्तमा भन्नुपर्दा प्रस्तुत कवितामा कवयित्रीलाई देशप्रेममूलक भावनाले हुटहुटयाएको छ । उनी आफ्नो देशबाट विदेशतिर कमाउन गएर अलपत्र पारिएका आफ्ना देशका सन्तानहरूको मायाले पिरोलिएकी छन् । विदेशतिर लाने दलालहरूप्रति नकारात्मक भावना व्यक्त गर्दै आफूले आफ्नो देशको माया गर्नुपर्ने कुरामा अडिग भएको अभिव्यक्ति पाइन्छ ।

'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' शीर्षकको कविता नेपाली जातीय अस्मितामा आइपरेको आपत्कालीन अवस्थाको कारुणिक अभिव्यक्तिमा केन्द्रित देखिन्छ ।

# सुनीता कार्कीको सृजना र सामर्थ्य

**प्रा.बालकृष्ण भट्टराई**

**कवयित्रीको पारिवारिक पृष्ठभूमि**

काठमाडौँनिवासी स्वनामधन्य पिता रामेश्वरबहादुर सिंह र ममतामयी माता शशी सिंहकी स्नेहमयी सुपुत्रीका रूपमा वि.सं.२०२० साल असार ७ गतेका दिन सुनीता कार्कीको जन्म भएको हो । नेपालको राष्ट्रिय जीवनका प्रतिष्ठित पदमा रही राष्ट्रसेवामा जीवन व्यतीत गरेका तत्कालीन राजसभाका सम्माननीय सभापति जनरल भूपालमानसिंह कार्की र श्रीमती भूमा कार्कीकी पुत्रबधू, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त लोकमानसिंह कार्कीकी जीवनसङ्गिनी, सुशिक्षित दुहिताद्वय डा.आद्याश्री र आकृति एवं सुपुत्र अभ्युदयमानसिंह कार्कीकी वात्सल्यमयी जननी सुनीता कार्कीको पारिवारिक जीवन आफैँमा समृद्ध, समुन्नत, सुखी एवं यशस्वी रहेको छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गत अमृत साइन्स कलेज विज्ञानसङ्कायकी अध्ययनशील छात्राको पृष्ठभूमिमा अघि बढ्दै आधुनिक शिक्षाबाट दीक्षित बनेकी सुनीताको जीवनका आधा शताब्दी निश्चय नै सुखमय बितेका छन् ।

**सिर्जनाको रुचि र प्रथम प्रकाशन**

छात्रावस्थादेखि नै सिर्जनामा अभिरुचि राख्तै फाट्टफुट्ट कविता रच्दै आएकी सुनीताको वि.सं.२०७० सालमा आएर 'जानी नजानी' नामक कवितासङ्ग्रह प्रथम पुस्तकाकार कृतिका रूपमा नेपाली

काव्यजगत्मा देखा परेको छ । सामान्यत: 'अभाव, असम्पन्नता र दु:खका घडीमा मात्र सर्जकहरूको जन्म हुन्छ' भन्ने भ्रमलाई चिर्दै कवयित्री कार्की प्रस्तुत कविताकृतिमार्फत समसामयिक नेपाली साहित्यको इतिहासमा आफ्नो नाउँ पञ्जीकृत गर्न सफल भएकी छन् । वास्तवमा यही 'जानी नजानी' पुस्तकाकार कृति नै कवयित्री कार्कीको साहित्यिक यात्राको प्रस्थानबिन्दु बन्न पुगेको छ ।

**'जानी नजानी' (कवितासङ्ग्रह)को संरचना**

'जानी नजानी' नेपाली कविताको सङ्ग्रह हो । यसमा मूलत: लोकलय र गद्यलयमा रचिएका सैँतिसवटा रचना समावेश गरिएका छन् । प्रा.डा.वासुदेव त्रिपाठी, प्रा.डा.गार्गी शर्मा र त्रिमूर्ति निकेतनका अध्यक्ष इन्दिरा प्रसाईका प्राक्कथन, प्रकाशकीय, कवयित्रीको भनाइ र विषयसूचीले २० पृष्ठ ओगटेका छन् भने २१ देखि ९९औँ पृष्ठसम्म कविता र प्रत्येक कविताको पुच्छारमा तिनको रचनागर्भ अनि सङ्क्षिप्त चिनारी प्रस्तुत गरिएको छ । १०३ देखि ११५ पृष्ठसम्म स्वसंरचित तेह्रवटा चित्र समावेश गरिएका छन् । नइ प्रकाशनको प्रकाशन, कमलराज उपाध्यायको संशोधन, बुद्ध प्रधानको आवरण सज्जा, आयुष्मान् शाक्यको अक्षराङ्कन अनि मोडर्न प्रिन्टिङ प्रेसबाट मुद्रित ११५ पृष्ठको रङ्गीन गाताद्वारा आबद्ध डिमाई साइजको पुस्तक 'जानी नजानी'को कभरपेजमा कवयित्रीको सौम्य, सुन्दर आकर्षक तस्बिर साथै पृष्ठभागमा डा.वानीरा गिरी, प्रा.डा.वासुदेव त्रिपाठी, श्यामदास वैष्णव, प्रा.डा.गार्गी शर्मा, प्रा.डा.उषा ठाकुर र त्रिमूर्ति निकेतनका अध्यक्ष इन्दिरा प्रसाईद्वारा कवयित्री कार्कीको कृतित्वका विषयमा उल्लेख गरिएका प्रशस्तिमूलक टिप्पणी समावेश गरिएका छन् ।

**शीर्षकगत सङ्क्षिप्त चर्चा**

'साईराम' यो साईबाबाको भजनका रूपमा संरचित कविता हो । सङ्ग्रहको पहिलो यस कविताको संरचना वि.सं.२०६२ साल

फागुन महिनामा प्रशान्तिनिलयम्, पुट्टपर्ती (भारत) यात्रामा जाँदा भएको हो । साईबाबासँगको साक्षात्कारमा उहाँकै गुणगानमा यो कविता केन्द्रित रहेको छ । लोकलयमा रचिएको 'एकता'मा राष्ट्रियता प्रतिको चिन्ता प्रकट गरिएको छ । यसमा राष्ट्रिय एकताका सम्बन्धमा कवयित्रीको मनोभावना सशक्त रूपमा प्रकट भएको छ । 'अधुरो मिलन' शीर्षक कवितामा प्रणयभाव व्यक्त भएको छ । लोकलयमै संरचित यस कवितामा विप्रलम्भ शृङ्गारको छनक पाइन्छ । कलेज पढ्दा रचिएको गद्यलयको 'पागल' कवितामा युवासुलभ रोमान्टिक भाव व्यक्त छ । विप्रलम्भ शृङ्गारिक भाव झल्कने 'प्यासी अधरहरू' शीर्षकको गद्यात्मक कवितामा रागात्मक रोष प्रकट गरिएको छ । प्रणयिनीको विद्रोही स्वर सुन्दर शैलीमा अभिव्यक्त छ यस कवितामा । राष्ट्रघातीप्रति व्यङ्ग्य र राष्ट्रको दुर्दशाको चित्रण गरिएको कविता 'बितिसक्यो'मा प्रणयभावको सुन्दर मिश्रण छ । 'पिइरहेछु' प्रेमविषयक कविता हो भने अर्को रागात्मक अनुभूति भएको 'एकअर्का' शीर्षक कवितामा २०४१ वैशाख १० गते दाम्पत्यसूत्रमा आबद्ध भएपछि उत्पन्न कवयित्रीका कुतकुतीहरू सलबलाएका छन् । 'जानी नजानी' सङ्ग्रहकै केन्द्रीय कविता हो । सोह्र पङ्क्तिको यस कवितामा अर्जेन्टिना जाँदा देखिएका एक जोडी युवायुवतीको सहयात्राबाट प्रभावित भई छचल्किएका प्रणयकेन्द्रित भावहरू समेटिएका छन् । यसरी नै विप्रलम्भ शृङ्गारका भाव द्योतन गर्ने कविता 'एकान्तमा'मा निराशाका भाव उद्वेलित छन् भने 'केवल यही चाहन्छु' कविता अमृत साइन्स कलेजमा सत्रान्तमा दुईबर्से आईएस्सीको पढाइ पूरा गरेकाहरूको बिदाइका अवसरमा रचिएको हो । यसमा बिदाइको बेलाका प्रेमसिक्त भावहरू व्यक्त भएका छन् । 'मुक्ति'ले आमाछोराबीचको सुमधुर सम्बन्धको झल्को दिएको छ । यसमा प्रेमकै अपेक्षा गरिएको छ । 'चाहना'मा जीवनसाथीसँगको सामीप्यका निम्ति उत्सुक आतुरताको भाव व्यक्त भएको छ । शृङ्गारिक भावले कविता सुन्दर बनेको छ ।

यसै गरी टेलिभिजनमा 'विश्वामित्र' हेरिरहँदा देवराज इन्द्रको तपस्या तुहाउन मेनका (अप्सरा)को उपयोग गरेको घटना हेरेपछि फुरेका भाव 'चञ्चल' कवितामा छचल्किएका छन् । संयोग शृङ्गारको यस कवितामा मेनकाको सौन्दर्यको छायाभाव प्रस्तुत भएको छ । 'मृत्यु ऊ, जीवन म'मा २०६९ फागुन ५ गते पूरा परिवार भीमेश्वरको दर्शन गर्न दोलखा जाँदा प्राकृतिक सौन्दर्य अवलोकन गरेपछि उब्जेका मनोभाव पोखिएका छन् । यसमा जीवन र मृत्युलाई आशा र निराशाका रूपमा चित्रण गरिएको छ । 'धडकन' शीर्षक कवितामा प्रेमीको प्रतीक्षा र मिलनमा उठ्ने मनका तरङ्ग प्रस्तुत गरिएको छ । प्रेमीको अनुपस्थितिमा विह्वल मन र उपस्थितिमा उल्लसित मनका दुई भिन्न भाव व्यक्त यो शृङ्गारिक कविता हो । एक जना मित्रको विवाहपछिको अनुभूतिमा आधारित कविता हो 'नौलो ठाउँ' । जन्म दिने आमाको काख छाडेर पराइघर गएकी चेलीका मनमा उठ्ने तरङ्गहरू यस कवितामा सजीव किसिमसँग प्रस्तुत गरिएको छ । सङ्ग्रहको सुन्दर व्यङ्ग्य कविता हो 'महापुरुष' । यसमा नारीप्रति दासीको व्यवहार गर्ने पुरुषको खिल्ली उडाइएको छ । नारीको उदारता र पुरुषको स्वार्थी प्रवृत्ति यसमा राम्ररी झल्काइएको छ । 'मेरा बुबा' वि.सं.२०६० माघ १ गते दिवङ्गत पिताप्रति व्यक्त शब्द श्रद्धाञ्जलीस्वरूप यो कविता आएको छ । वर्णनात्मकता यसको वैशिष्टय हो । 'चीत्कार'मा भाइभाइका बीच चलेको द्वन्द्वको पीडा पोखिएको छ । शान्ति र एकताको अभ्यर्थना गरिएको यस कवितामा वियोगवेदना र देशभक्तिको भावना तीव्र रूपमा प्रस्तुत भएको छ ।

यसै गरी माटो र मुलुकका लागि प्रतिबद्ध हुन अभिप्रेरणा दिइएको 'वाचाहरू' शीर्षक कवितामा 'नेपालको अस्तित्व मेटियो भने नेपालीको पनि अस्तित्व मेटिनेछ' भन्ने भाव व्यक्त भएको छ । 'जिन्दगीसँग'मा वैधव्यको विरक्ति, नारीको जिजिविषा र पुनर्विवाहपछि

समाजबाट तिरस्कृत हुनुपर्ने अवस्थाको मार्मिक चित्रण गरिएको छ । झापा राजगढकी एक महिला गुड्डी जैसवालसँग सम्बन्धित यथार्थ घटना यसको रचनागर्भ हो । 'मेरा सन्तानलाई' छोराको शुभ जन्मदिनको शुभकामनाका रूपमा रचिएको यस कवितामा आमाको ममता व्यक्त छ । 'नजिक आइदिन्छु'मा स्रष्टाको विनयशीलता, नम्रता प्रस्तुत भएको छ । आत्मश्लाघाविहीन शिष्ट प्रस्तुति र अनुप्रासको सुन्दर संयोजन भएको छ यसमा । 'नयाँ नेपाल'मा सुशासन र राष्ट्रिय एकताको भावना व्यक्त भएको समसामयिक अनुभूति व्यक्त भएको छ । २०७० माघ २८ गते अख्तियार दिवसका अवसरमा संरचित यस कविताले भ्रष्टाचारविरुद्धको अभियानलाई पुष्टि गरेको छ । 'बन्दी'मा प्रणय छ । एक प्रेमीले प्रेमिकासँग व्यक्त गरेको अनुरोधी भाव यसमा व्यक्त भएको छ । 'विश्वनारी रत्न'मा कवयित्री वानीरा गिरीको प्रशस्ति प्रस्तुत भएको छ । 'भावहरू'मा प्रेमीलाई आफूप्रति प्रतिबद्ध हुन गरिएको आग्रह अत्यन्त रोचक शैलीमा चित्रण गरिएको छ । 'यही हो प्रेम' कवयित्री सुनीता कार्कीलाई बढी मन परेको कविता हो । छोरीको दोस्रो जन्मदिनमा मुक्तकीय शैलीमा संरचित यो गीतिकविता सङ्गीतबद्ध भई रेडियो नेपालबाट प्रसारण भएको छ । 'माया' २०७१ वैशाखमा मलेसियाबाट फर्कंदा एक मित्रले मायाको परिभाषा सोद्धा फुरेको रचना हो । यसमा मायालाई विश्वास, समर्पण, आदर, घृणाको अन्त्य, सुखद अनुभूति, मस्त हाँसो, रोदनको अन्त्य र प्रकृतिका विविध रूपहरूको प्रतिबिम्बका रूपमा चित्रण गरिएको छ । 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता'मा वैदेशिक रोजगारीमा गएकाहरूका पीडा र दु:खद अनुभूतिको सजीव चित्र उतारिएको छ । 'बाबाआमा' आफ्ना मातापिताप्रति समर्पण गरिएको यस कवितामा बाबाआमाहरूको स्नेहसिक्त वात्सल्य भाव र अतीतको मोह प्रस्तुत भएको छ । सपनाको काल्पनिकता र बिपनाको यथार्थको परिकल्पना गरिएको सुन्दर कविता हो 'दिन र रातको सपना' । 'जीवन यस्तै रहेछ'मा अभावबाट मुक्त पुनर्जन्मका

निम्ति ईश्वरसँग अभ्यर्थना गरिएको छ । 'अस्तित्वमा' ईश्वरप्रति आस्था प्रकट गरिएको छ । प्रकृतिका विविध रूपलाई ईश्वरको प्रतीकका रूपमा चित्रण गरिएको यसमा स्रष्टाको आध्यात्मिक भाव मुखरित भएको छ । 'हिजो आज भोलिको चित्रण' सकारात्मक परिणतिको परिकल्पना गरिएको सुन्दर कविता हो । अतीत, वर्तमान र भविष्यको यथार्थतालाई यसमा स्पर्श गर्न खोजिएको छ । हिजो सुखद थियो । जीवन प्राकृतिक थियो । आज प्राकृतिक सम्पदाको विनाश, प्रदूषण, रोगहरूको प्रकोप, भूमण्डलीय तापक्रममा अभिवृद्धि र भ्रष्टाचारजस्ता विकृतिले आक्रान्त छ । भोलि सुखद, सुन्दर, आत्मीयतापूर्ण समाज हुनेछ भन्ने दृढता यसमा व्यक्त भएको छ । 'ओशो वन्दना'मा महान् दार्शनिक ओशो (रजनीश)को वन्दना, यशोगानद्वारा ओशोप्रति शब्द पुष्पाञ्जली समर्पण गरिएको छ । यो महान् व्यक्तित्वप्रति श्रद्धाभाव व्यक्त गरिएको सङ्ग्रहको अन्तिम कविता हो ।

यसरी 'सत्यसाई'को भजनबाट प्रारम्भ भएको र 'ओशो वन्दना'मा समापन गरिएको 'जानी नजानी' कवितासङ्ग्रह स्रष्टाको आध्यात्मिक भावना र आस्थाको चेतनाबाट परिवेष्टित भएको पाइन्छ ।

**प्रेरणा प्रभाव र कृतज्ञता**

व्यक्तिभित्र अन्तर्निहित भावना तथा जीवन र जगत्का अनुभूतिहरूलाई शब्दमा उतार्नमा कुनै न कुनै प्रेरकको भूमिका महत्त्वपूर्ण हुन्छ । सृजनाको मूल स्रोत आफ्नै मन र मस्तिष्क भए पनि मनका भावना र अनुभूतिहरूलाई घचघच्याउन कुनै प्राकृतिक वा भौतिक तत्त्वले विशेष काम गरेको हुन्छ । कक्षा आठमा अध्ययन गर्दादेखि नै सुनीतामा कविता लेख्ने सोख भए पनि कलमलाई तीव्रता दिन र लेखनलाई निरन्तर रूपमा अघि बढाउन मूलतः जीवनसाथी लोकमानसिंह कार्कीको विशेष प्रेरणा रहेको, मातापिता, भाइ, सासू र सन्ततिहरूबाट प्रभाव र ऊर्जा प्राप्त गरेको आफ्नो भनाइमा उल्लेख गर्दै कवयित्रीले नइको सहयोग, सद्भाव र स्नेहप्रति कृतज्ञता भाव

व्यक्त गरेकी छन् । यसरी आफ्नै परिवारजनबाट प्रेरणा, स्नेह र प्रोत्साहन पाएको सुनीताको आत्मस्वीकृति भए पनि दैनन्दिन जीवनमा परिआउने घटना परिघटना, नेपाली प्रकृति, सुखदुःखका क्षण र आध्यात्मिक चेतना पनि कवयित्री कार्कीका सृजनाका स्रोत रहेका छन् ।

**सुनीता कार्कीका काव्यप्रवृत्ति**

'जानी नजानी' कवितासङ्ग्रहभित्रका कविताहरूको सरसरती अध्ययन गर्दा स्रष्टाका काव्यप्रवृत्तिलाई मोटामोटी रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ–

**प्रेम र प्रणय**

आदर्श प्रेमको शिष्ट प्रस्तुति कवयित्री कार्कीको मूल विशेषता हो । यस सङ्ग्रहभित्रका 'अधुरो मिलन', 'पागल', 'प्यासी अधरहरू', 'पिइरहेछु', 'एकअर्का', 'जानी नजानी', 'एकान्तमा', 'चाहना', 'चञ्चल', 'माया', 'धडकन', 'नजिक आइदिन्छु', 'यही हो प्रेम', 'बन्दी', 'भावहरू' आदि कविताहरूमा निजका रागात्मक चेतनाको सुन्दर प्रस्तुति छ । कतै सम्भोग त कतै विप्रलम्भ शृङ्गारको चित्रण गरिएको पाइन्छ भने अधिकांश कविता आफ्नै प्रियतम (जीवनसाथी) प्रति सङ्केत गरिएका छन् । यहाँसम्म कि कविताको सत्यता साबित गर्न स्रष्टाले आफ्ना प्रणयीप्रति शुभकामना यसरी व्यक्त गरेकी छन्–

**झूटो यो कविता हैन**
**तर सत्य योभन्दा पर पनि त छैन !**
**स्वच्छ यो लेखाइ हैन**
**तर दूषित भावना पनि त छैन !**
**जे होस्**
**लाखलाख शुभकामना व्यक्त गर्छु**
**सफलताका लागि हार्दिक शुभेच्छा व्यक्त गर्छु**
**यदि साँचो हृदयले**
**मसँग केही अभिव्यक्तिको आशा गर्छौ भने ।**
**(केवल यही चाहन्छु)**

कवयित्रीको प्रणयसिक्त भावुकता कति संवेदनशील बनेको छ, हेरौँ यी पङ्क्तिहरूमा–

**नीर भरी अँजुलीमा**
**अधरको प्यास निम्त्यायौ**
**सरल सरस तिम्रा भावका**
**धारमा मलाई बगायौ ।**
**(जानी नजानी)**

आफ्नो प्रेमीप्रतिको तादात्म्य सिद्ध गर्न प्राकृतिक बिम्बहरूलाई उपमाको रूपमा चित्रण गरिएका कति सुन्दर शृङ्गारिक भाव छन् यस कवितामा । हेरौँ–

**इन्द्रेणीको सप्तरङ्गमा रङ्गिँदै**
**वसन्तको हरियालीमा फूलझैँ फुलेर**
**भमराको भुनभुनमा गुन्जेर झुम्दै**
**तिम्रो सुवासको मदहोसी रोक्नै सकिनँ ।**
**(एकअर्का)**

प्रियतमप्रतिको आशक्ति र समर्पणको सुन्दर प्रस्तुति भन्नुपर्छ यी पङ्क्तिहरूलाई कतै संयोगका यस्ता सुन्दर अभिव्यक्ति छन् भने कतै वियोग वेदनामा मूर्च्छित भावहरूले जीवनको नीरसता र निस्सारता यसरी प्रमाणित गरेका छन्–

**टाढा भयौँ आज हामी एकअर्कासँग**
**नीरस भयो जिन्दगीको आज सबै रङ्ग ।**
**(अधुरो मिलन)**

प्रेमीसँगको समर्पणको भावमा व्यवधान उत्पन्न हुँदा प्रणयको उत्कर्षमा पुगेको प्रणयिनीको मनोभाव आक्रोशमा कसरी परिणत हुन पुग्दछ भन्ने सत्यलाई सुनीताले भिन्न शैलीमा अति सुन्दर ढङ्गबाट यसरी प्रस्तुत गरेकी छन् ।

**म त कालो मेघ हुँ, एक चोटमै बर्सिदिन्छु ।**
**(प्यासी अधरहरू)**

यी कतिपय उदाहरणहरूबाट अवगत हुन्छ कवयित्री सुनीताका काव्यप्रवृत्तिहरूमा प्रेम मूल रूपमा व्यक्त भएको छ । यो प्रेम कतै मानवीय, कतै प्राकृतिक त कतै माटो र मुलुकप्रति संवेदनशील रूपमा प्रकट भएको छ ।

**राष्ट्रियता र देशभक्ति**

सुनीता कार्कीका कविताको अर्को वैशिष्टय राष्ट्रियता र देशभक्ति हो । राष्ट्रसेवामा संलग्न पारिवारिक पृष्ठभूमिले निजलाई राज्य सञ्चालकहरू वा राजनीतिक व्यक्तित्वहरूको जीवनचर्या बुझ्न विशेष हम्मे गर्नु परेन । स्वयम् एक सचेत नारीस्रष्टा भएकैले पनि देश र जनताले भोगेका मर्म र पीडा नजिकैबाट अनुभूत हुनाले आपसी द्वन्द्व, विभेद र विकृतिप्रति लेखिका संवेदनशील बनेकी छन् । त्यसैले गौरवपूर्ण इतिहास र राष्ट्रिय एकताको भावनामाथि कुठाराघात गर्न खोज्नेहरूलाई सङ्केत गर्दै आफ्ना औपदेशिक विचार यसरी पोख्तछिन्–

**मास्नु हुन्न नेपाली भई नेपालको इतिहास**
**एकता रहे नेपाल हुन्छ नत्र हुन्छ अभिशाप ।**
**(एकता)**

एकातिर राष्ट्रिय एकताका निम्ति स्रष्टाको कलम तीव्र बनेको छ भने अर्कातिर देशको अस्मिता बचाउन सबै क्षेत्र, वर्ग, तह र तप्काका नेपालीहरूलाई सशक्त ढङ्गबाट मुलुकका निम्ति समर्पित हुन र सङ्कल्प गर्न आह्वान गरिएको छ । जस्तै–

**वाचा गरौँ आजैदेखि**
**देशका लागि मर्नेछौँ, देशका लागि जिउनेछौँ ।**
**(वाचाहरू)**

यसरी कवयित्रीले 'एकता', 'चीत्कार', 'वाचाहरू', 'नयाँ नेपाल', 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता', 'हिजो, आज अनि भोलिको चित्रण' आदि कविताका माध्यमबाट राष्ट्रियता, राष्ट्रिय एकता अनि

देशभक्तिको भावना व्यक्त गरेकी छन् । त्यसैले राष्ट्रप्रेम वा राष्ट्रियता र देशभक्ति स्रष्टाको अर्को विशेषता हो ।

**प्रकृतिप्रेम**

जसरी माटो र मुलुक, नेपाल र नेपाली एवं आफ्नो प्रियतमप्रति कवयित्रीको अगाध माया छ, त्यसै गरी प्रकृतिप्रतिको अनुराग पनि बेजोड रहेको पाइन्छ । प्रकृतिलाई नै उपजीव्य बनाएर रचिएका कतिपय कविताले निजको स्वच्छन्दतावादी प्रवृत्तिलाई इङ्गित गरेका छन् । हार्दिकतापूर्ण पवित्र प्रेमलाई उत्कर्षमा पुऱ्याउन वा प्रणयजन्य आशा निराशालाई अभिव्यक्त गर्न प्रकृतिका विविध पक्षबाट प्रतीक र बिम्ब चयन गरिएको छ । कवयित्री सुनीताका प्रणयको अभिप्रेरक प्रकृति बनेको छ । मनमा सुषुप्त अवस्थामा रहेका प्रणय र कुतकुतीहरूलाई प्रकृतिका विविध रूपले जिस्क्याएका छन् । हाँसो र रोदन, सुख र दुःख, मिलन र बिछोडका अवस्थाहरूमा प्रकृति कवयित्रीकी सहचरी बनेकी छन् ।

**लटा तिम्रा काला मेघ**
**मुहार चन्द्रचकोर**
**चाल चञ्चल चपलाको**
**हृदय हुन्छ विभोर ।**
**(चञ्चल)**

**बिहानीको लालिमा गगन चुम्ने त्यो क्षितिज**
**निशाको अङ्कमालमा मेट्छ आफ्नो अस्तित्व**
**जहाँ म आफ्नो कथा पाउँछु, आफैँमा हराउँछु ।**
**(एकान्तमा)**

प्रकृति र जीवनका बीचको तादात्म्य सम्बन्धलाई विविध शैलीमा प्रस्तुत गर्न सिपालु कवयित्रीको प्रकृतिप्रेम सुन्दर रूपमा प्रकट भएको छ । कवयित्रीले जीवनलाई सुन्दर तुल्याउन प्रकृतिसँग सौन्दर्यका उपकरणको कति सरल शब्दहरूका माध्यमबाट याचना गरिएको छ । हेरौँ कविता 'मेरा सन्तानहरूलाई' ।

**आध्यात्मिक भाव**

भगवद्भक्तिका माध्यमबाट जीवनलाई पूर्णता प्रदान गर्न; शान्त, सुखी, समृद्ध एवं आनन्दमय जीवन जिउन कवयित्रीले आध्यात्मिकता अवलम्बन गरेकी छन् । साईरामको भजनबाट प्रारम्भ भएको काव्ययात्रा ओशो (रजनीश) वन्दनामा पुगेर टुङ्गिएको छ । भगवान्का प्रतीकका रूपमा सत्य साईबाबा र ओशोलाई लक्षियत गरी रचिएका आदि र अन्त्यका यी कविताबाटै कवयित्रीको आध्यात्मिक चेतनाको अनुमान गर्न सकिन्छ । कवितासङ्ग्रहको आदि र अन्त्यमा ईश्वरीय अस्तित्वका दुई महान् आत्माहरूको प्रशस्तिले सृष्टिको वा जीवनको आरम्भ र अन्त्यका कारक ईश्वर हुन् भन्ने कवयित्रीको दृढ विश्वास र आस्थाको द्योतन भएको छ भन्न सकिन्छ । भगवद्भक्तिबाटै जीवनलाई ऊर्जावान् बनाउन सकिन्छ भन्ने कुरामा कवयित्री कार्कीको अटल विश्वास छ र सम्पूर्ण ज्ञानको, सुखको र ब्रह्माण्डको स्रोत भगवान् नै हुन् भन्ने अठोट छ ।

**तिम्रो पाउमा गङ्गा प्रवाहित**
**तिमीमै ब्रह्माण्ड समाहित**
**गीताको ज्ञान वेदपुराण**
**तिमी नै जगको नीतिनिर्माण ।**
**(साईराम)**

यस प्रकार आफ्नो धार्मिक विश्वास र भक्तिभाव समर्पण गरी कवयित्रीले अन्तर्निहित आध्यात्मिक आस्था प्रकट गरेकी छन् । सङ्ग्रहभित्रका 'साईराम', 'जीवन यस्तै रहेछ', 'अस्तित्व', 'ओशो वन्दना' आदि कविता आध्यात्मिक धार्मिक पृष्ठभूमिमै रचिएका हुन् । यी केही उदाहरणबाटै कवयित्रीको सृजनशीलतामा ईश्वरभक्तिले ऊर्जा प्रदान गरेको विश्वास व्यक्त भएको छ । विश्वब्रह्माण्डका सृष्टि, स्थिति र प्रलयकारक ईश्वर नै हुन् भन्ने अटल विश्वासले यसरी मूर्त रूप लिएको छ–

**अविनाशी, निराकार,**
**बिन्दुको सुरुवात अनि अन्त पनि उनी**
**यस सारगर्भित ब्रह्माण्डको नटराज पनि उनी**
**उनी नृत्य गर्दछन् ।**
**(अस्तित्व)**

## जीवनवादिता

सुनीता कार्की जीवनवादी कवि हुन् । प्रेमप्रणय, भक्तिभावना, स्नेह र वात्सल्य, सम्मान र श्रद्धा, विनयशीलता र नम्रता, जनक जननीप्रतिको आदरभाव, जीवनलाई सजाउन प्रकृतिबाट उपहारस्वरूप उपलब्ध उपकरण, सङ्घर्ष, कर्मशीलता, श्रमको मूल्यबोध, गीत सङ्गीतको गुञ्जन, राष्ट्रप्रतिको दायित्व एवं सुन्दर समाजको उज्ज्वल भविष्यको कामना र समर्पण भावका राम्रा अभिव्यक्ति 'जानी नजानी' भित्र भेट्टाउन सकिन्छ । सुकर्मद्वारा जीवनलाई सार्थक तुल्याउने अठोटले कवयित्रीलाई जीवनवादी स्रष्टाका रूपमा स्थापित गरेको छ । 'मृत्यु ऊ जीवन म' शीर्षक कवितामा अभिव्यक्त सकारात्मक चिन्तनले यस कुरालाई पुष्टि गरेको छ ।

**पतझड वृक्ष**
**मृत्युको काखमा पुगेर नाङ्गिएको नरकङ्काल 'ऊ'**
**नवशिशुको प्रतीक्षामा रहेकी मातृसरह**
**नव पालुवाको पखाईमा 'म' ।**
**(मृत्यु ऊ जीवन म)**

## द्वन्द्वप्रतिको वितृष्णा र शान्तिको आग्रह

ईश्वर, प्रकृति र प्रेम मात्र होइन; प्रस्तुत कवितासङ्ग्रहका कतिपय कवितामा द्वन्द्वप्रति वितृष्णा व्यक्त गरिएको छ र शान्ति कामना गरिएको छ । सम्भवत: दसबर्से जनविद्रोहले निम्त्याएका दाजुभाइबीचको तिक्तता, द्वन्द्व र अशान्तिलाई लक्ष्यित गरी रचिएका 'एकता', 'चीत्कार'जस्ता कवितामा कवयित्रीले आफ्ना अनुभूतिहरूलाई अत्यन्त सशक्त ढङ्गबाट प्रस्तुत गरेकी छन् ।

**'भाइ फुटे गँवार लुटे' उखान आज उल्टो भयो**
**भाइले नै भाइ लुटे नाङ्गो हाम्रो नेपाल भयो ।**
..............................................
**रातो रगत वीरताको बगाउन हैन है**
**सबै हात जुटे आज शान्ति आउँछिन् स्वदेश ।**
**(एकता)**

**रगतैरगतले मुछिएर ढलेको लास**
**आँसु नै आँसुले भरिएर पोतिएको नेत्र**
**सिन्दूर लतपतिएर पुछिएको सिउँदो**
............................................
**के यी नै हुन् त नेपालीको यथार्थ**
**भूत भविष्यत तथा वर्तमान ?**
**(चीत्कार)**

**भ्रष्टाचारको अन्त्य र सुशासनको स्थापना**

भ्रष्टाचारविरुद्धका सशक्त अभियन्ता लोकमानसिंह कार्कीकी अर्धाङ्गिनी सुनीता कार्कीमा अन्तर्निहित संस्कार र भ्रष्टाचारविरोधी पारिवारिक परिवेशले निजमा भ्रष्टाचारविरुद्धको आचरणप्रति आकर्षण एवं निष्ठा हुनु स्वाभाविकै हो । फलस्वरूप देशमा व्याप्त भ्रष्टाचार समाप्त पारी कानुनी शासन स्थापनाका निम्ति पनि कवयित्रीको कलम जुरमुराएको छ–

**बसाउनु छ अनिर्णयको बन्धन तोडी निर्णयको परिपाटी**
**छाड्ने छैनौँ प्रतिज्ञा छ भ्रष्टाचारी अनि व्यभिचारी ।**
**(नयाँ नेपाल)**

**वैदेशिक रोजगारीमा जानेको दुर्दशाको चित्रण**

दृश्यजगत्का घटनापरिघटनालाई आत्मसात् गरी तत्काल ती घटना र वृतान्तलाई सरल शब्दमा रूपान्तरण गर्ने कलामा कवयित्री सक्षम देखिएकी छन् । वि.सं.२०७१ सालको प्रारम्भमा मलेसिया जाँदाको अनुभूति अत्यन्त सुन्दर ढङ्गबाट प्रस्तुत गरिएको

'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' शीर्षक कविताले उक्त कुरा प्रमाणित गरेको छ–

**जीउभरि लिएर नयाँ नीलडाम**
**साहूसँग लुकेर रुन्थैं हरसाम ।**
**न त जान सक्छु यो देशबाट**
**न त पठाउन सक्छु पैसा खल्तीबाट ।**
**उल्टै गुहार्दै छु आमाबाबासँग**
**मगाइदेऊ पैसा**
**म फर्किन्छु, सुधिन्छु गल्तीबाट ।**
**(नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता)**

पैसाको प्रलोभनमा परेर बिदेसिएका नेपाली स्वयम्ले व्यक्त गर्ने पश्चात्तापका स्वरहरूको कविताद्वारा साधारणीकरण गरी कवयित्री युवाहरूलाई आफ्नो मुलुकप्रति संवेदनशील बन्न प्रेरित गरेकी छन् ।

**संवेदनशीलता**

स्वभावत: कविहरू संवेदनशील हुन्छन् । कविसुलभ संवेदनशीलता कवयित्री सुनीता कार्कीमा पनि प्रबल रूपमा रहेको छ । 'मेरा सन्तानलाई', 'मेरा बुबा', 'यही हो प्रेम', 'बाबाआमा' आदि कवितामा मानवीय संवेदना सरल, सहज ढङ्गबाट व्यक्त भएको छ । कवयित्री कार्कीको भावुकता र संवेदनशीलता कतै मातापितालाई सर्वगुणसम्पन्न ईश्वरका प्रतिमूर्ति मानी श्रद्धा र कृतज्ञताका भाव समर्पण गर्ने रूपमा प्रस्तुत भएको छ भने कतै सन्तानहरूको सुखद भविष्यको कामना गर्दै मातृसुलभ वात्सल्य प्रकट गर्नमा अभिव्यक्त भएको छ–

**मलाई लाग्छ**
**राष्ट्रको चिन्ता गर्ने राष्ट्रिय आत्मा हौ तिमी**
**मानवको सेवा गर्ने सामाजिक आत्मा हौ तिमी**
**कृष्णमय भई मन्दिरले भरिपूर्ण पार्ने धार्मिक आत्मा हौ तिमी ।**
**(मेरा बुबा)**

**जूनसित यही माग्नेछु**
**सदा आफूजैँ शीतल प्रकाशले भरिदेऊ भनेर**
**प्रभासँग भिखारी बनिदिनेछु**
**तिम्रो जीवनमा नवकिरण छरिदेऊ भनेर ।**
**(मेरा सन्तानलाई)**

## नारीवादिता/व्यङ्ग्यविधान

पुरुषप्रधान नेपाली समाजमा नारीलाई दासीको रूपमा व्यवहार गर्ने पुरुषको चरित्र नङ्ग्याएर नारीले भोग्नुपरेका पीडालाई अत्यन्त सूक्ष्म ढङ्गबाट व्यक्त गर्न कवयित्री सफल बनेकी छन् । सङ्ग्रहभित्रको 'महापुरुष' कविता यस्तै नारीवादी चिन्तनको एउटा बलियो उदाहरण हो । एकातिर नारीमाथि पुरुषले गर्ने शोषणको पराकाष्ठा देखाइएको छ भने साथै त्यस्तो विकृत चरित्रको पुरुषलाई 'महापुरुष' भनी उसप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

**तिमी त केवल उसलाई**
**दिनको दासी अनि रातको प्रेयसी ठान्छौ**
**ऊ तिमीलाई जहाँ राम सोच्दछे**
**त्यहाँ तिमी उसलाई सीता सोच्न सक्तैनौ**
............................................
**अनि तिमी जस्तो 'महापुरुष' दोस्रो कहाँ पाउँछौ ?**
**(महापुरुष)**

## लयविधान

'जानी नजानी' कवितासङ्ग्रहमा मूलत: गद्य र लोकलयको प्रयोग भएको छ । अधिकांश कविता गद्यलयमा रचिएका छन् भने केही कवितामा लोकलयको सम्मिश्रण पाइन्छ । सरल पदावलीमा सलल बगेका भावनाहरूमा एक प्रकारको साङ्गीतिक झल्को छ । 'अस्तित्व'जस्ता कतिपय कविता मुक्तकका नजिक देखिन्छन् । जेहोस्, प्रत्येक कवितामा एक प्रकारको गीतिमयता छ ।

### रस अलङ्कार

यसमा धेरैजसो कविता शृङ्गाररसका छन् भने करुण, वीर, शान्त आदि विविध रसको पनि प्रयोग पाइन्छ । उपमा, उत्प्रेक्षा, दृष्टान्त र अतिशयोक्ति अलङ्कारले काव्यसौन्दर्य बढाएका छन् । अधिकांशतः उपमा अलङ्कारको वर्चस्व यत्रतत्र भेट्न सकिन्छ ।

### भाषाशैली, प्रतीक र बिम्बविधान

कविताहरूमा प्रयुक्त भाषा सरल छ । नेपाली जनजिभ्रोमा भिजिसकेका संस्कृत तत्सम, आगन्तुक, हिन्दी, अरबी आदि भाषाका शब्दले भावसम्प्रेषणको काम गरेका छन् । 'आह्लाद', 'बाहुपाश', 'पराकाष्ठा', 'पुलकित', 'नयन', 'अधर', 'विस्तारक', 'त्रसित', 'नेत्र' जस्ता संस्कृत शब्दले कवितालाई परिष्कृत तुल्याएका छन् भने 'भक्कानो', 'ढिँडो', 'कुन्यु', 'तगारो', 'बासी', 'ढुसी', 'निथ्रुक्कै', 'चुर्लुम्म', 'कात्रो', 'सारङ्गीको ऱ्याइँऱ्याइँ'जस्ता ठेट नेपाली नाम, अनुकरणात्मक शब्द र वाग्धाराले साधारण पाठकका निम्ति कविता बोधगम्य बनाइएका छन् ।

'ग्लोबल वार्मिङ'जस्ता अङ्ग्रेजी शब्द नगण्य मात्रामा प्रयुक्त यस सङ्ग्रहका कवितामा हिन्दी र अरबीका 'अजनबी', 'पराया', 'काफी', 'पग', 'जिन्दगी', 'हरसाम'जस्ता लवजले लालित्य बढाएका छन् । समग्रमा कविता सम्प्रेषणीय छन् । यसरी कवि र पाठकका बीच तादात्म्य बढाउनमा भाषा सफल छ भने शैली सरल, सहज, सुरम्य र आकर्षक छ । जीवन, जगत् र मूलतः प्रकृतिबाट प्रतीक र बिम्ब चयन गरिएको छ । 'बितिसक्यो' आदि कवितामा बिम्बको सुन्दर समायोजन गरिएको छ ।

### शीर्षक

कम्तीमा दुई अक्षर र बढीमा पन्ध्र अक्षरसम्मका शीर्षक राखिएका कविताहरूको सङ्ग्रहअन्तर्गतकै 'जानी नजानी' कवितालाई नै पुस्तकको शीर्षक बनाइएको छ । जानेर नजानेर भन्ने अर्थमा

'जान्नु'बाट कृदन्त 'ई' प्रत्यय लागेर व्युत्पन्न 'जानी नजानी'मा प्रयुक्त 'ज' र 'न' वर्णको पुनरुक्तिबाट नादसौन्दर्य उत्पन्न भएको छ र शीर्षक सङ्क्षिप्त र श्रुतिमाधुर्य बढाउन सक्षम रहेको छ ।

**निष्कर्ष**

समग्रमा हेर्दा युवावस्थादेखि नै साहित्यसृजनामा र कलासाधनामा रुचि राख्दै आएकी सुनीता कार्कीको यो कृति जीवनको उत्तरार्द्धतिर प्रवेश गर्दानगर्दै प्रकाशनमा आएको छ । शिष्ट र प्रतिष्ठित परिवारकी कुशल गृहिणी कार्कीको काव्यकर्मका उत्प्रेरक आफ्नै पति, सन्तति र परिवारजन देखिएका छन् ।

'कविता लेख्ने क्षमता छैन, तैपनि कलम चलाइदिन्छु'जस्ता अभिव्यक्तिबाट कवयित्रीको शिष्टता र शालीनता मुखरित भएको छ । आफ्ना सर्वाधिक प्यारा जीवनसाथीकै छत्रछाया र उनकै अभिप्रेरणामा सुनीता कार्कीभित्रको कवि ब्यूँतिएको छ र मनका सुकोमल भावहरू प्रेमालापी शैलीमा प्रस्फुटित भएका छन् । एकातिर सृजनाको स्रोतमा सर्वाधिक आफ्नै प्रियतमको उपस्थिति छ भने अर्कातिर आफ्नै उनै प्रियतम पतिलाई असल श्रोता बनिदिन आग्रह गर्दै आफ्ना मनका भावतरङ्गहरू प्रवाहित गरिएका छन् ।

**मनभरिका भावहरू छल्किएर**
**जब बग्न खोज्छन्**
**विश्वास लिएर जब**
**म केही भन्न खोज्छु**
**तिमी अडेर केही सुन्न खोजे ।**
**(भावहरू)**

**प्राप्ति र सीमाहरू**

यसरी सरसरती अध्ययन गर्दा कवयित्रीले नेपाली समाजमा रहेका हत्याहिंसा, नारीप्रति गरिने दुर्व्यवहार, युवाहरूको विदेश पलायन, भ्रष्टाचार, द्वन्द्व, अशान्ति, राष्ट्रद्रोह र विखण्डनका विरुद्ध

कलम चलाएर विकृति विसङ्गतिप्रति आवाज बुलन्द गरेकी छन् भने प्रेम, सद्भाव, अहिंसा, शान्ति, राष्ट्रियता, राष्ट्रिय एकता, मुलुकको गौरवमय इतिहास, देशभक्ति, इमानदारी एवं सृजनशीलताका निम्ति प्रेम प्रणय तथा भगवद्भक्तिलाई आधार बनाएकी छन् साथै सत्य साईबाबा, ओशो, मातामाता, नारीरत्न डा.वानीरा गिरीप्रति श्रद्धा र सम्मान अर्पण गर्दै आफ्ना प्रिय सन्ततिप्रति सुखद भविष्यको कामना पनि गरेकी छन् । सरल, सहज सम्प्रेषणीय भाषा, सुरम्य शैली, कोमलकान्त पदावलीको प्रयोग, दैनन्दिन जीवनका अनुभूतिहरूको सहज प्रस्फुटन, विशुद्ध प्रेमप्रतिको निष्ठा, प्रकृतिप्रेम, माटोको ममता आदि यसका प्राप्ति हुन् भने प्रणयप्रतिको एकमना आग्रह, भावहरूको पुनरुक्ति र कतिपय कविताहरूको अभिधात्मकता यसका सीमा हुन् । जेहोस्, आफू बाँचेको समय र समाजको यथार्थ प्रतिबिम्ब शब्दमा रूपान्तरण गरी पहिलो कवितासङ्ग्रहमार्फत नेपाली वाङ्मयको फाँटमा पदार्पण गरेकी कवयित्री सुनीता कार्कीको 'जानी नजानी' कवितासङ्ग्रह निजको नेपाली काव्यकलायात्राको प्रस्थानबिन्दु साबित भएको छ । आगामी दिनहरूमा कवयित्रीबाट अझ स्तरीय कृतिहरू नेपाली समाजले प्राप्त गर्दै जानेछ भन्ने अपेक्षासहित निजको सृजनशील सुखद भविष्यको शुभकामना व्यक्त गर्दछु । इत्यलम् ।

# 'जानी नजानी' कवितासङ्ग्रहमा सुनीता कार्कीका काव्यिक संवेदनाको प्राप्ति

**प्रा.राजेन्द्र सुवेदी**

**१. विषयप्रवेश**

कविता सृजनाका परम्पराको पछिल्लो चरण नेपाली सन्दर्भमा निकै उर्वर बनेको छ । सृजनाको सङ्ख्यात्मक उर्वरताभित्र विशिष्ट गुणहरूको पनि मात्रा विकसित र विस्तारित बन्दै गएको छ । कवितालेखनका दृष्टिले स्रष्टाका निम्ति अत्यन्त सहज साध्य मानिने विधा मानिँदै आएको भए पनि कविताकै क्षेत्रमा सफलता प्राप्त गर्नका निम्ति साधना गर्ने कविहरूका लागि भने गम्भीर तपस्या गर्नुपर्ने विधा कविता नै बनेको छ । यस महान् तपस्याको प्रतिफलनका रूपमा मात्र सार्थक परिणाम दिने विधाका रूपमा सार्वजनिक हुने विधा कविता बनेको छ । नेपाली साहित्यको समवर्ती चरणमा साहित्यका सबैजसो विधाहरू सामाजिक तथा सांस्कृतिक संवेदनाका मूल्यसँग जोडेर पुनर्व्याख्या गरिने विषय बन्दै गएका यस स्थितिमा कविता पनि यिनै मूल्यको सेरो हुन आरम्भ भएको विधा बनेको छ । ज्ञानका पुरातात्त्विक संवेदना र पौराणिक मिथ योजनाका सन्दर्भहरू पुन:र्निरूपित र पुन:र्विमर्शित हुने वर्तमानलाई साहित्यमा संयोजन गरिने सृजनाको रूपमा आजका साहित्यले आफ्नो काय प्राप्त गरेका हुन्छन् । यिनै विशेषताहरूमा नै कविताले पनि आफ्नो कलेवर प्राप्त गरेको हुन्छ । यिनै सीमामा सुनीता कार्कीको कवित्व प्रादुर्भाव भएको तथ्य आफैँमा सिद्ध हुन्छ ।

कवयित्री सुनीता कार्कीको कवितासङ्ग्रह 'जानी नजानी' २०७० सालमा प्रकाशनमा आएको छ । यस कविताकृतिमा नेपालको सामाजिक तथा राजनीतिक विषयका अनेकतम विसङ्गतिले विस्तारित रूप प्राप्त गरेको पछिल्लो दुई दशक अवधि हो । यसरी विभिन्न विसङ्गति र विकृतिले साहित्यको कलात्मक आवरण प्राप्त गर्नाले नेपाली साहित्य समाज शास्त्रीय र सांस्कृतिक संवेदनाको स्वरूप ग्रहण गर्ने विषय बनेर प्रकटमा आएका छन् । कार्कीको सृजनयात्राको समारम्भ पनि यिनै दुई दशकको समयदेखि आरम्भ भएर विकसित बन्दै आएको अवधि पनि हो । यस कालखण्डमा नेपाली समाज, नेपाली संस्कृति, नेपाली राजनीतिले जन्माएका विकारहरू भोगेका नेपाली जीवनका चित्रले कविताको स्वरूप प्राप्त गरेका छन् । आजको समग्र परिवेशले जन्माएका अनेक विसङ्गति र तिनबाट प्रादुर्भूत बनेका अनेक वितण्डालगायतका विषयहरू कार्कीका कविताका विषय बनेर प्रकटमा आएका छन् ।

कविताको संवेदना ग्रहण गरेका उनका रचनाहरू निम्नानुसार प्रस्तुत भएका छन्– 'साईराम', 'एकता', 'अधुरो मिलन', 'पागल', 'प्यासी अधरहरू', बितिसक्यो', 'पिइरहेछु', 'एकअर्का', 'जानी नजानी', 'एकान्तमा', 'केवल यही चाहन्छु', 'मुक्ति', 'चाहना', 'चञ्चल', 'मृत्यु ऊ जीवन म', 'धड्कन', 'नौलो ठाउँ', 'मेरो बुबा', 'चीत्कार', 'वाचाहरू', 'जिन्दगीसँग', 'मेरा सन्तानलाई', 'नजिक आइदिन्छु', 'नयाँ नेपाल', 'बन्दी', 'विश्व नारी रत्न', 'भावहरू', 'यही हो प्रेम', 'माया', 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता', 'बाबाआमा', 'दिन र रातको सपना', 'जीवन यस्तै रहेछ', 'अस्तित्व', 'हिजो, आज अनि भोलिको चित्रण', 'ओशो वन्दना'समेत जम्मा सैंतिसवटा कविताहरू समावेश भएका प्रस्तुत कृतिको आफ्नै विशेषता रहेको छ ।

### २. **कविताको प्रमुख समूह र सन्दर्भ**

प्रस्तुत सङ्ग्रहमा सङ्कलित कविताहरूलाई (क) राजनीतिका विसङ्गतिप्रतिका नकारात्मक संवेदना, (ख) प्रणय तथा आत्मसम्मानका संवेदना,

(ग) श्रद्धार्चना भावसँवेगजन्य संवेदना र (घ) राष्ट्रप्रतिको समर्पणजन्य भावको संवेदना र (ङ) जीवनप्रतिको विमर्शात्मक संवेदनासमेत जम्मा पाँचवटा समूहमा विभाजन गरेर विवेचना गर्नु वाञ्छनीय ठर्हछ ।

२. **(क) राजनीतिका विसङ्गतिप्रतिका नकारात्मक संवेदना**

नेपालको वर्तमान राजनीतिक चिन्तन सर्वसाधारणहरूका निम्ति निकै अनास्थाको विषय बनेर सार्वजनिक हुन थालेको छ । राज्य कुनै एक वर्गविशेष र व्यक्तिविशेषको स्वार्थको विषय होइन । मुलुक कुनै एक पात्रको अनुकूल हुने सलक्क मिलेको सपाट भूधरातल मात्र होइन । त्यस धरातलभित्रका मिले नमिलेका समग्र स्थिति र प्राकृतिक जीव, वनस्पति र त्यहाँ भएका मानवका निम्ति अनुकूल र प्रतिकूल व्यक्तिका निम्ति मात्र हुन सक्तैन, राष्ट्र त सबैका निम्ति सर्व पक्षहरू उपस्थित रहेका हुन्छन् भन्ने कुरा पनि स्वीकार गर्नुपर्ने हुन्छ । समग्र विसङ्गतिको संवेदनाका आधारहरूका साक्ष्य बनेर आएका कविताहरूमा 'नौलो ठाउँ' शीर्षकको कवितामा सिङ्गो मुलुक अन्धकारयुक्त अवस्था प्रस्तुत गरिएको छ । आफ्नो मुलुकको माटो नागरिकको रगतबाट रङ्गिँदै र सिञ्चित हुँदै गएको स्थितिमा देखिएका पक्षहरूलाई 'चीत्कार' कविताले प्रस्तुत गरेको छ । मुलुकको संवेदनालाई सम्बोधन गर्ने क्रममा अनेक वाचाबन्धन र जीवनका विभिन्न प्रतिक्रियाहरू पनि यहाँ 'वाचाहरू' शीर्षकका कविताले पनि प्रस्तुत भएको छ । यस सन्दर्भको साक्ष्यका निम्ति एक उद्धरण प्रस्तुत गर्नु वाञ्छनीय ठहर्छ–

**के यिनै नेपालीको रगत बगाउन**
**र नेपालको अस्तित्व नै हल्लाउन हो त ?**
**होइन भने**
**होइन भने शान्तिलाई आउन देऊ**
**नेपाली भई नेपालको अस्तित्वलाई नहल्लाऊ तिमी**
**'भाइ भए भरोस' भन्ने उखानको सत्यलाई**
**दोहोऱ्याऊ तिमी !**
**(कार्की /५८–५९)**

नेपालको अस्तित्व नै खतरामा पार्ने गरी आज परस्परमा नेपाली नेपाली मारामार गरेर लडेको देख्दा पुर्खाले तयार गरिदिएको धरोहर भत्काएर आफैँ अस्तित्वविहीन हुन गरिएका प्रयत्नलाई कटु व्यङ्ग्य गरिएको यहाँ प्रस्तुत भएको छ । यसरी प्रस्तुत कित्ताका कविताका माध्यमबाट राजनीतिका विसङ्गति विकृतिप्रतिका नकारात्मक संवेदनालाई प्रतिपादन गर्न कवि कार्कीको कलम क्रियाशील देखिन्छ ।

२. (ख) **प्रणय तथा आत्मसम्मानका संवेदना**

मानवमनका कोमल पक्षमा रहेका भावसंवेगले प्रेमका केन्द्रीय भाव बहन गर्दछन् । मानवजीवनमा आफ्नो अन्तर्मनले आत्मसात् गरेका विषयहरू नितान्त अन्तर्संवेदनाका विषय बनेर प्रकटमा आउने गर्दछन् । प्रणय प्रेमी र प्रेमिकाको परस्परको समर्पण भावमा, आत्मसम्मान र स्वाभिमानको रक्षाको भावमा, परस्परको सहभोग र सद्भावको संवेदनाका आधारमा मुखरित हुने विषय हो । यसै विषयलाई मूल कथ्य बनाएर तयार गरिएका कविताहरूमा पर्ने कविता 'अधुरो मिलन' शीर्षकमा प्रस्तुत भएको छ । आत्मसमर्पणमा लेनदेन र कमबेसीका सन्दर्भहरू, तेरोमेरो र हिसाबकिताबका सन्दर्भहरू चर्चामा आउने विषय नै बन्दैनन् भन्ने भाव 'पागल' शीर्षकको कविताले प्रतिपादन गरेको छ । प्रेमी र प्रेमिकाबीचका समर्पणका भावहरूलाई पनि कविताले कथ्य बनाउन सक्तछन् । प्रेमी र प्रेमिकाका बीचमा परस्परका समर्पण भावहरू 'प्यासी अधरहरू' शीर्षकको कविताले प्रस्तुत गरेको छ । यसै किसिमको भाव तर प्रकारान्तरीय शैलीका आधारमा 'एकअर्का' शीर्षकको कविताले पनि प्रतिपादन गरेको छ । प्रणय हार्दिकताको उपज हो र प्रणय संवेदनाका भावकले निर्णय गर्दा मनले गर्दछ । उहाँ विवेकको र तर्कको गुन्जायस रहने सम्भावना नै रहँदैन । मात्र समर्पणको एकोहोरो प्रवेग मात्र प्रकट हुन्छ भन्ने कुरा 'जानी नजानी' शीर्षकमा रचित कविताले प्रकटमा ल्याएको छ । समर्पणका संवेग र भावको प्रवाहमै मान्छे आफू समर्पित बन्दछ भन्ने भावमा केन्द्रित

भाव संवेग 'केवल यही चाहन्छु' शीर्षकमा रचित कविताले पनि प्रकट गरेको छ ।

प्रणयकै भाव संवेदनालाई कवितात्मक रूप दिने अर्को कविता 'चाहना' शीर्षकमा प्रस्तुत भएको छ । यसमा पनि समर्पणको भाव नै कविताको रूप प्राप्त गर्न सफल आकलन गर्न सकिन्न । मानवमा विचलनशीलता नै मौलिक स्वभाव हो । यसै अस्थिरतालाई परिभाषित गर्ने क्रममा कविताको संवेदना पनि मुखरित बनेको छ । मानसिक ऊहापोहलाई विवेक तर्कको स्थिरतामा अड्न भने मनको चाञ्चल्यले त्यति सजिलै दिँदैन । निकै ठूलो व्यायामपछि मात्र कविताले आकार प्राप्त गर्दछ र त्यो स्थिति भनेको पनि प्रणयकै समर्पणको भाव बनेको अवस्था हो भन्ने कुरा 'चञ्चल' शीर्षकका कविताले प्रस्तुत गरेको छ । मनका यिनै समर्पणका भावलाई कार्कीको 'धड्कन' शीर्षकको कविताले पनि साक्ष्य गरेको छ । मानव मन त सधैँ नै विचलनशील हुन्छ, यसलाई सार्थक अवतरण दिन उपयुक्त पात्रको आवश्यक पर्दछ भन्ने कुरा 'नौलो ठाउँ' शीर्षकको कविताले प्रतिपादन गरेको छ । मनको सबभन्दा व्यवस्थित बन्दी बन्ने स्थिति पनि प्रणयकै समर्पण भावको स्थिति हो । यसलाई पनि कवयित्री कार्कीको 'बन्दी' शीर्षकको कविताले साक्ष्य गरेको छ । मनका व्यामोहित र संवेदनशीलताहरूको साक्ष्यचाहिँ 'भावहरू' शीर्षकमा रचित कविताले निर्वाह गरेको छ । यस्तै कवयित्री कार्कीको प्रणय संवेगले सही निष्कर्ष प्राप्त गर्ने क्रममा 'यही हो प्रेम' शीर्षकको कविता सृजना भएको छ । प्रणय संवेदनाको साक्ष्यका अर्थमा एउटा मात्र साक्ष्य यहाँ प्रस्तुत गर्नु उपयुक्त हुन्छ–

**अनायास त्रसित, भ्रमित जीवनमा**
**रविको मन्द मुस्कानमा**
**प्रभात बनी उदाइदियौ**
**उजाड अनि उराठ यस**
**मरुभूमिमा हरियाली बनी छाइदियौ**

**निशाको निस्सासिँदो अन्धकारलाई**
**चिरी चन्द्र बनी ज्योति दियौ ।**
**(कार्की/५०–५१)**

मानवजीवन ग्रहण र समर्पण दुवै हो । प्रणयको संवेगमा जीवन ग्रहण भन्दा पनि समर्पण अधिक हो । प्रदानको प्रवाहमै जीवनको समर्पण गर्ने स्थिति कवयित्री कार्की यस कित्ताका कवितामा प्रदर्शित भएको अवस्था मुखरित भएको छ । यसरी कविताका माध्यमबाट प्रणयको पवित्रता र आकर्षणका पक्षहरू कार्कीका कविताले आकार प्राप्त गरेका छन् ।

**२. (ग) श्रद्धार्चना भावसँवेगजन्य संवेदना**

सम्मानित तथा दैवी शक्तिको स्वरूप र तिनका शक्तिका संवेदनाको तह र आदरणीय व्यक्तित्वको सम्मान तथा श्रद्धाका पक्षहरूको पनि उपस्थापन गरिने पक्षहरू पनि यहाँ कविताबाट सङ्केतित बनेका छन् । यस प्रकरणगत संवेदनाका तहमा पर्ने कवितामा अलौकिक शक्ति निहित रहेका दैवी संवेदनाका पक्षहरू पनि कार्कीका कवितामा प्रस्तुत भएका छन् । यस भौतिक विश्वमा अभौतिक संवेदना प्रतिपादन गर्ने र ईश्वरीय पक्षको विशिष्ट सम्मानको सन्दर्भमा सृजना भएको भजन मधुर शिल्प र भक्ति भावको कविता 'साईराम' शीर्षकमा प्रस्तुत भएको छ । त्यसरी नै आफ्ना सन्तानप्रतिको वात्सल्य र संवेदनाको सन्दर्भलाई अभिव्यञ्जन गर्ने 'मेरा सन्तानलाई' शीर्षकको कविता पनि प्रकटमा आएको देखिन्छ । त्यस्तै नारी सम्मान्य र सृजनाकी प्रतीक हो र नारीको महिषी आचरणमा नतमस्तक बन्नुपर्ने भाव 'विश्वनारी रत्न' शीर्षकको कविताले प्रकटमा ल्याएको छ । वत्सलता पनि सृजनाको अनिवार्य र शाश्वत संवेदना हो । यसै वत्सलतालाई श्रद्धा र समर्पण तथा वात्सल्य संवेदनागत कलाको स्वरूप प्रदान गर्ने भावको प्रस्तुति कवयित्री कार्कीको 'माया' शीर्षकको कविताले प्रतिपादन गरेको छ । यस लौकिक जगत्का भौतिक ईश्वर आमाबाबा नै हुन् भन्ने कुरालाई पनि यहाँ 'बाबाआमा' शीर्षकको कविताले प्रतिपादन गरेको छ । तयारी नै भौतिक संसारमा अलौकिक शक्ति र वेदना लिएर अवतरित हुने

किसिमका भावहरूको अभिव्यञ्जना गरिने कविताहरूमा 'ओशो वन्दना' शीर्षकमा प्रकट भएको छ । यस सन्दर्भका पुष्टिका निम्ति पनि आवश्यक साक्ष्य प्रस्तुत गर्नु उपयुक्त हुन्छ–

**तिम्रो आँगनमा आँचल बिछ्याई**
**सुखदुःख तिमी छेउ बिसाई**
**अश्रुले पाउ पखाली**
**भजौँ हामी साईराम-साईराम-साईराम ।**
**(कार्की / २१)**

अलौकिक र दैवी बिम्ब प्राप्त गरेका साधक पुरुषहरूमध्येका उत्कर्ष पुरुष साईबाबा अथवा साईरामको प्रार्थनाका रूपमा सृजना गरिएको 'साईराम' शीर्षकको कविताले समग्र विश्वको परिचालक ईश्वरको प्रतिबिम्ब पनि मानव नै हो भन्ने भाव प्रकटमा ल्याएको देखिन्छ । यस्ता परमशक्तिको बिम्ब प्राप्त गरेका अलौकिक रूप साईराम हुन् भन्ने सन्दर्भ कार्कीका प्रस्तुत कविताले प्रकट गरेको देखिन्छ ।

हामीले भोगिरहेका भौतिक विश्वमा ईश्वरको प्रतिरूपका बिम्बहरू श्रद्धेय पुरुष र आत्मीय संवेदनाका संवाहक आफ्नै परिवेशमा र आफ्नै स्वजनका रूपमा ईश्वरीय संवेदनाका रूपमा प्रकट भएका देखिन्छन् । यस्ता भावको संवहन गर्ने तत्त्व 'माया', 'बाबाआमा'जस्ता कविताले प्रकटमा ल्याएका छन् । यस्तो लौकिक संवेदनाका संवाहक कवितामध्ये एक साक्ष्य प्रस्तुत गर्नु पनि सान्दर्भिक नै ठहर्छ–

**बाबा तिम्रो अनुशासनको पहिलो पाठ**
**तिम्रो सुरक्षित छायाको बलियो आड**
**तिम्रो कसिलो पकडाइमा अघि बढ्ने आँट**
**तिमी नै आदर्श हामी सन्तानको माँझ ।**
**(कार्की / ८५)**

जीवनको आचार, व्यवहार, अनुशासन र मर्यादाको निर्माणमा आमाबाबाको जति गम्भीर योगदान रहन्छ त्यो योगदान अतुलनीय र अपरिभाष्य

बनेर रहेको हुन्छ । यसै संवेदनाका केन्द्रमा प्रस्तुत प्रकरणका कविताहरूको वैशिष्टचले सिद्ध गरेका छन् । प्रत्येक पूर्वपुस्ताको सिर्जनात्मक संवेदना उत्तरपुस्ताको संस्कार, मर्यादा र आदर्शका संवेदनाहरूको निर्माणमा महनीय र आदरणीय शक्ति सन्धान गर्ने सन्दर्भ पनि कवितामा प्रस्तुत भएका छन् । तिनको पक्षपोषणका निम्ति प्रस्तुत उद्धरणले सिद्ध गरेको सन्दर्भ प्रकटमा आएको देखिन्छ ।

२. (घ) **राष्ट्रप्रतिको समर्पणजन्य भावको संवेदना**

कुनै पनि मानवको अस्तित्व राष्ट्रको स्वीकृत संवेदनाका आधारमा मात्र सार्थक बन्दछ । राष्ट्रका अनेक परिचय र मौलिक चिन्तनका पक्षहरूले राष्ट्रको संवेदनाजन्य पक्षहरूले सम्मान प्राप्त गर्दछन् । राष्ट्रको संवेदनाका पक्षहरू पनि यहाँ राष्ट्रिय संवेदनाका भाव लिएर कविताका रूपमा प्रतिबिम्बित बनाउँदै छन् । राष्ट्र र त्यसका परिचयको पक्षलाई अहम्को पक्ष पनि र राष्ट्र पनि यहाँ उपस्थित भएका देखिन्छन् । तिनलाई 'एकता' शीर्षकको कविताले प्रस्तुत गरेको देखिन्छ । देशको अस्मिता र सम्मानका सन्दर्भमा देशले पनि समयमा आफ्नो दृष्टिकोणको सन्दर्भलाई साक्ष्य गर्ने कविताका रूपमा 'बितिसक्यो' भन्ने सन्दर्भमा पनि प्रतिष्ठित देखिएको छ । यहाँ आफ्नै आचरणका आधारमा राष्ट्रिय संवेदनाका तिक्त सर्न्दभमा 'मेरो बुबा' शीर्षकको कविताले पनि प्रतिष्ठापित बनेको देखिन्छ । नेपालको सांस्कृतिक आर्थिक र भावनात्मक संवेदनामा आएका विखण्डनका रूपलाई नै 'नयाँ नेपाल' संज्ञाको स्थितिलाई पनि प्रस्तुति देखा परेको छ । देशका बासिन्दाको आकाङ्क्षाको सम्मानको सन्दर्भमा 'दिन र रातको सपना' शीर्षकको कविताले पनि प्रस्तुत भएको स्थिति देखिन्छ । सिङ्गो मुलुकको संरचना, प्राकृतिक सम्पदा, जीवनचर्या, भौतिक आचरण तथा समग्र भौतिक सत्यको सन्दर्भ पनि यहाँ विकारको आवरणमा प्रस्तुत भएको छ । यस सन्दर्भको प्रस्तुति 'हिजो, आज अनि भोलिको चित्रण' शीर्षकको कविताले पनि प्रस्तुत भएको सन्दर्भ यहाँ प्रतिपादन भएको छ ।

'राष्ट्रप्रतिको समर्पणजन्य भावको संवेदना'लाई निरूपण गर्ने कविताहरूमा कवयित्री कार्कीको काव्यिक सन्दर्भ पनि यस समूहको कवितामा सहजतासाथ प्रकट भएको छ । कविचेतनाको भावकूपमा सञ्चित बनेका संवेदनाहरू बाह्य स्थिति र पर्यावरणको प्रभावानुसार कविता बनेर प्रकट भएका हुन्छन् । त्यस्ता कविताको साक्ष्यका रूपमा पनि एक उद्धरण प्रस्तुत गर्नु उपयुक्त देखिन्छ । यस सन्दर्भको पुष्टिका निम्ति तलको उद्धरण उपयुक्त देखिन्छ–

**सरकारको विशाल स्वरूप**
**स्थापित भएका छन् ।**
**तर हर क्षेत्रमा भ्रष्टाचारको विकराल**
**रूप मौलाउँदै गएका छन् ।**
**मिसावट र प्रदूषित खाद्यवस्तुको प्रभावले**
**शारीरिक, मानसिक तथा विकराल रोगहरूले**
**जीवनलाई अपाङ्ग र मृत्युतिर तान्दै छन् ।**
**मै बाँचूँ, मै हाँसूँ, मै खाऊँ**
**भन्ने भावले**
**जीवन धान्न जीवन तान्न**
**असम्भव नै तुल्याएका छन् ।**
**(कार्की /९५)**

समाज र राष्ट्रलाई जरैदेखि धमिराले झैँ खाने गरेका विकारग्रस्त राजनीतिक सन्दर्भलाई अत्यन्त पीडाजनक पक्षका रूपमा स्थापना गरिएको छ । यस्ता पीडाका कारकहरूलाई यहाँ कविताको अङ्ग बनेर सन्दर्भमा ल्याइएको छ । सानो देशको सरकार भद्दा आकारमा बसेर देशको शोषण गरेको स्थितिप्रति रचनाकारको सहमति नभएको भाव प्रकट गर्ने रचना, जीवनको प्रतिकूलको स्थिति र आत्मकेन्द्रित स्वार्थको पक्षपोषण गर्ने दुराचारीहरूको कुरूप संवेदनाको स्थिति पनि यहाँ कविताको अङ्ग बनेर प्रकट भएको देखिन्छ । सामाजिक यथार्थताको संवेदनामा जोडिन आएका कुरूपताका सन्दर्भहरूले पनि यहाँ कविताको अङ्ग बन्ने अवसर प्राप्त गरेको स्थिति प्रकटमा आएको देखिन्छ ।

२. (ङ) **जीवनप्रतिको विमर्शात्मक संवेदना**

जीवन नश्वर हो भन्ने दार्शनिक चिन्तनहरूको बीचबाट नै जीवनमूल्यको अन्वेषण गरिन्छ । जीवन चाहेर अथवा स्वेच्छाले प्राप्त गरेको वस्तु होइन र मृत्यु नचाहेर पनि भोग नगरी नहुने विषय हो । यस प्रकार जीवनबारेको अनुभूति आत्मसात् गर्न मान्छे स्वयम् विवश छ भन्ने कुरा पनि यहाँ कविताले नै प्रस्तुत गरेका छन् । जीवन मान्छेले बनाएको ग्राफजस्तो सपाट अवस्थामा बढ्दै जाने र भोगिने विषय होइन, यो त भोग्दै जाँदा बन्ने एक समष्टि पुञ्ज मात्र हो भन्ने तथ्यमा केन्द्रित पङ्क्तिमा पर्ने कविताहरू यस समूहमा समावेश गरिएका छन् । यिनलाई प्रस्तुत गर्ने कविता 'पिइरहेछु' शीर्षकमा प्रतिपादन भएको छ । यसरी नै जीवनको भोग र त्यसबाट बन्ने स्थिति अर्को 'एकान्तमा' शीर्षकको कविताले पनि पुष्टि गरेको छ । त्यस्तै जीवन भोग गर्नुपर्ने विषय हो र भोगबाटै मुक्तिको बोध हुन्छ भन्ने कुरा 'मुक्ति' शीर्षकमा प्रस्तुत गरिएका कविताले सिद्ध गरेको छ । यस भौतिक संसारको प्राप्ति जीवन हो र यसको क्षति मृत्यु हो र प्राप्ति जीवन हो भन्ने कुरा 'मृत्यु ऊ जीवन म' शीर्षकमा तयार भएको कविताले प्रस्तुत गरेको छ । त्यसरी नै जीवनको सन्दर्भको नश्वरभित्रै श्वर खोज्ने पक्ष पनि 'जिन्दगीसँग' शीर्षकको कवितामा प्रतिपादन भएको छ । जीवन निकटता हो, सहभोग र सहअनुभूतिको परिणति हो अनि आत्मानुभूति पनि हो भन्ने कुरा 'नजिक आइदिन्छु' शीर्षकका कविताले प्रस्तुत गरेको छ । जीवनको भोगमा आत्मसात् गरिने यथार्थताको रूप 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' शीर्षकका कविताले प्रस्तुत गरेको छ । जीवन अप्राप्ति ठान्दाठान्दै पनि प्राप्तिकै सीमामा परिभाषित हुने विषय हो भन्ने सन्दर्भ 'जीवन यस्तै रहेछ' शीर्षकमा रचित कविताले प्रस्तुत गरेको छ । जीवनका व्यापक पक्ष र यसका कोणप्रतिकोणहरू भोगेर अनुभव गरिने विषय हुन् । यस्ता अपरिभाषित परिभाषामा व्याख्या हुने जीवन दृष्टिका पक्षहरू पनि भोगकै आधारमा सम्बोधित हुन्छन् भन्ने कुरा 'अस्तित्व' शीर्षकमा रचित कविताले प्रतिपादन गरेको छ ।

जीवनलाई हेर्ने र भोग्ने सन्दर्भ भोक्ताको दृष्टिको पक्ष हो । यस दृष्टिलाई पनि यहाँ प्रतिष्ठापन गरिएको छ । भोक्ताका भोग वैयक्तिक किसिमको हुन्छ । कतिपय सन्दर्भमा जीवनलाई कतै विसङ्गत र कतै अस्तित्वको संवेगमा पनि भोगिन्छ । यहाँ कवयित्री कार्कीले कविताकै रूपमा प्रस्तुत गर्ने प्रयत्न गरेको देखिन्छ । यस दिशालाई निर्देशित भएका पक्षहरू यी कवितामा प्रकट भएका छन् । तिनलाई कवयित्री कार्कीका कविताले जीवनबोधका स्थितिलाई पनि प्रतिबिम्बन गरेको छ । कवयित्री कार्की यस्ता दृष्टिलाई एक साक्ष्यका आधारमा सिद्ध गर्नु उपयुक्त हुन्छ–

**हरदिन एक उज्यालोको आश हुन्छ**
**उज्यालोलाई अँगाल्ने चाहनामा अन्धकारमा हराइसकें म**
**आशाको एक दीपकका लागि, मनको अन्धकार मार्ने कामनाका लागि**
**प्रयास गर्दागर्दै औँसीको रात बनिसकें म ।**
**(कार्की / ६२)**

जीवनको महत्ता सकारात्मकतामा सार्थक हुन्छ । त्यस्तो सार्थकता खोज्ने जीवनका पलपलहरू आशाका तन्तुमा निबद्ध बनेर रहेका हुन्छन् । यस्ता सकारात्मक तथ्यहरूको अन्वेषणमा जुट्दाजुट्दै पनि मान्छे नकारात्मकताको अन्धगर्तमा जाकिन पुग्छ । तर यस्तो स्थिति आइपर्दछ भन्दैमा मान्छेले अन्धकारमै झोक्राएर रहनु जीवनको सार्थकता होइन भन्ने सन्दर्भमा कवयित्री कार्कीको जीवनदृष्टि मुखर भएको छ । यस स्थितिलाई पनि उपर्युक्त कविताले प्रस्तुत गरेको छ । कविताको परिवृत्तमा प्रकट हुने भावका आधारमा कवयित्री कार्कीको जीवन चेत अझै पनि सकारात्मक र नकारात्मक संवेदित चेतनाको तरङ्गमा भ्रमित बनेर प्रस्तुत भएकाले चिन्तनको स्थिरता आउन बाँकी नै रहेको स्थिति उनका कविताले प्रकटमा ल्याएका छन् ।

### ३. कवितामा शिल्प र लयात्मक संवेदना

कवयित्री कार्कीका कविताको रचनाविधान गद्य र गीतिशिल्पको निकटतामा व्यवस्थित बनेको छ । कविता मानवीय भावसंवेगको न्यूनतम

लयात्मक भाषिक एकाइ हो । यसो हुनाले कवितामा भावको लयात्मक तरङ्ग रहनु अनिवार्य हुन्छ नै । यसमाथि थप कविताले गीति अवस्था प्राप्त गर्न भने वर्णयोजना, पदको योजना, आदि, मध्य र अन्त्यको समुचित अनुप्रास योजनाको व्यवस्थापनले जन्माउने गेय गुणको सन्निवेश भएपछि कविताले गीतको मौलिक स्वरूप प्राप्त गर्दछ । अत: कविता र गीतको पारस्परिक अन्त:सम्बन्ध पनि कायम रहने कुरा यहाँ चर्चाको विषय बन्दछ । भावमा विभिन्न अर्थको लाक्षणिक संवेग र ध्वन्यात्मकता तथा अनेकार्थी र मानसिक संवेदनामा ऋङ्कृति जन्माउने गुणको समेत समावेशन भएको कवितात्मक गुण भएको निश्चित पङ्क्तियोजनामा सृजित रचना गीत हो । यस सीमामा आधारित रचनाका दृष्टिले कार्कीका गेय गुणयुक्त कविताले गीति स्वरूप प्राप्त गरेका छन् । यिनै विशेषताका आधारमा कवयित्री कार्कीका कविता र गीतको निरूपण गर्न सकिने अवस्था पनि राम्ररी प्रकट भएका छन् ।

कवयित्री कार्कीका कविताको सीमामा सृजित गीत र कविताहरूमा देशप्रेम, भगवद्भक्ति, सामाजिक र समसामयिक विसङ्गतिप्रतिको व्यङ्ग्य, मानवीय सहिष्णुता र सद्भाव, प्रणयका मिलन र विरहका प्रकम्पनजस्ता अनुभूतिहरू कतै गीत र कतै कविताको रूपमा मुखरित बनेका छन् (त्रिपाठी, ९) । नारी संवेदना र नारी हृदयको सन्दर्भ पनि यहाँ कविता र गीतको आकार धारण गर्न सफल बनेका छन् । राष्ट्रप्रेम र मानवीय सद्भाव तथा नारी संवेदनाका कोमल बिम्ब पनि कवयित्री कार्कीका रचनाहरूले लयात्मक तथा गेयात्मक संवेदनाका आधारमा साक्ष्य गरेका छन् । पङ्क्ति विन्यासमा रहेका आलङ्कारिकता र आनुप्रासिकता अनि तिनको विन्यासमा भएका पदक्रमिकता, पङ्क्तिक्रमिकता, पदक्रम व्यत्यय र पङ्क्तिक्रम व्यत्ययलगायतका सौन्दर्य विधाका सन्दर्भहरूमा कार्कीका रचना सृजित बनेका छन् । यसरी कविताको लयात्मकता र गेयात्मकताको साक्ष्यका निम्ति एकएक उद्धरण प्रस्तुत गर्नु उपयुक्त हुन्छ । तीमध्ये लयात्मक कविताको एक उद्धरण–

**जीउभरि लिएर नयाँ नीलडाम**
**साहूसँग लुकेर रुन्थेँ हरसाम ।**
**न त जान सक्छु यो देशबाट**
**न त पठाउन सक्छु पैसा खल्तीबाट ।**
**उल्टै गुहार्दै छु आमाबाबासँग**
**मगाइदेऊ पैसा**
**म फर्किन्छु, सुध्रिन्छु गल्तीबाट ।**
**(कार्की /८२)**

प्रस्तुत उद्धरणमा प्रङ्क्तिहरूको पहिलो र दोस्रो पङ्क्तिको दोस्रो स्थानमा 'लिएर', 'लुकेर' तत्स्थानिक सदृश पदको विन्यास, तेस्रो, चौथो र पाँचौँ पङ्क्तिको चौथो र दोस्रो स्थानमा स्थान व्यत्यय विधानमा प्रयोग भएका 'सक्छु', 'सक्छु', र 'गुहार्दै छु' जस्ता पदहरूले मध्यानुप्रासिक वृत्यनुप्रासिकता र लाटानुप्रासिक अलङ्कार विन्यास विधिको पनि समायोजन भएको देखिन्छ । त्यस्तै यस उद्धरणको अन्त्यानुप्रासिक सौन्दर्यका आधारमा पहिलो र दोस्रो पङ्क्तिको अन्त्यमा 'नीलडाम' र 'हरसाम' निरन्तरतामा प्रयोग भएको छ र चौथो र सातौँ पङ्क्तिको अन्त्यमा 'खल्तीबाट' र 'गल्तीबाट' सदृश पदहरू पङ्क्ति क्रमव्यत्ययका आधारमा अनुप्रास विधानको सौन्दर्य संयोजन भएर आएका छन् । यस किसिमको संरचना विधानले कवितालाई निकै आकर्षक बनाएको छ । यसरी लयात्मक गद्य कविताले पनि निकै गेयात्मक गुण वरण गरेको अवस्था कार्कीका रचनामा निहित छ ।

कवयित्री कार्कीका गीतिकवितामा र गीतमा पनि विषयको यथार्थता र लयात्मकताको माधुर्य निकै मिठासपूर्ण बनेर प्रकटमा आएको पाइन्छ । यस सङ्ग्रहमा कवयित्री कार्कीका गीतिकविताहरू गीतकै तहमा पुगेर पनि प्रकट भएका छन् । यस्ता प्रकारका कविताहरूमा 'साईराम', 'एकता', 'अधुरो मिलन', 'चाहना', 'चञ्चल', 'नजिक आइदिन्छु', 'नयाँ नेपाल', 'यही हो प्रेम', 'ओशो वन्दना' लगायतका रचना गीतको सन्निकट संवेदना लिएर निर्माण भएका छन् । यी रचनामा पदयोजनको कोमलता, अनुप्रासको व्यवस्थित योजना, समान पङ्क्ति योजना जस्ता बाह्य संरचनाका गेय

तत्त्वहरू रचनाका गुण बनेर प्रस्तुत भएका छन् । गीतका आन्तरिक संरचनामा विषयको व्यवस्थापनअनुसार भाव र संवेदनाको तरलता र मानसिक तरङ्गलाई ऋङ्कृत बनाउने शक्तिलगायतका सन्दर्भले कार्कीका गतिलाई ऊर्जा प्रदान गरेका छन् । उनका गीतको परीक्षणका निम्ति एक मात्र साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक ठहर्छ–

**प्रभातको लालीसँगै सिँउदो रङ्ने धोको**
**बादलको आँचलमा चन्द्रसूर्य जडेर**
**दैलो तिम्रो सजाउँदै बेहुली बन्ने हो कि ?**
**नयनभरि सपनाहरू यही सबै बोकी ।**
**(कार्की/४५)**

नारी संवेदना र कोमल भाव विन्यास गरेर गीतको लयमा कविताराग समायोजन गर्ने कार्कीको प्रस्तुत गीतले उनको गीति सृजनाचेतको साक्ष्य गरेको स्थिति पनि प्रस्तुत भएको छ । अन्त्यानुप्रास विधानको विभग्नतामा पनि कविताले गीतको मर्यादा निर्वाह गरेको सन्दर्भ यहाँ प्रकट भएको छ । प्रभातको लाली रङ्गका बादलको आँचलमा चन्द्रसूर्यको सितारजडित घुम्टो ओढेर बेहुलीको साजसज्जामा आँखामा अनेक सपनाहरू लिएर कल्पित प्रेमीको दैलोको शोभा बन्न आउने अभीप्सामा एक युवतीको कैशोर्य मनस्थिरता र अठोटमा संयोजित बनेको कुरा पनि यहाँ प्रकटमा आएको सन्दर्भ प्रस्तुत उद्धरणले सिद्ध गरेको छ । गीतकार कार्कीका गीतिचेतनामा पनि देशप्रेम र जातीयताको प्रेमका भावनाहरू मुखर बनेका छन् । प्रकृति र मानवप्रेम, दैवी र आत्मिक समर्पण तथा समस्त विश्वबन्धुत्वको प्रकम्पन गीतको आवरणका बीज बनेर प्रकटमा आएका छन् ।

**५. विवेचनान्त**

समवर्ती चरणको नेपाली कविता क्षेत्रमा आफ्नो पहिचान लिएर आएका नारीस्रष्टाका पङ्क्तिमा निकै ऊर्जाशील प्रतिभाको विचार लिएर आउने कवयित्री सुनीता कार्कीको सृजनाले पाठकको मन जित्ने सफलता

प्राप्त गर्न लागेको देखिन्छ । निरन्तरको साधना र अभ्यासको प्रतिफलन हो– कविता । छोटो समयको साधनाबाट निकै सफलतातर्फ उन्मुख बन्दै गएको र कवितामा राष्ट्रियता, मानव तथा दैवी प्रणयप्रतिको समर्पण भाव ग्रहण गर्ने कविताको उपस्थापन यहाँ कवयित्री कार्कीको भाव संवेदनाले मूर्त रूप प्राप्त गरेको अवस्था उनका कविताले प्रस्तुत गरेका छन् । आफ्नै जीवनको मोह, आफ्ना प्रेमीप्रेमिकाका बीचका प्रणय संवेदना, परिवार र समाजको मैत्री भाव, राष्ट्र र विश्वजनीन संवेदनाको पक्ष यहाँ कविताका विषय बनेर आएका छन् । त्यस्ता विषयले कवितात्मक कोमल संवेदना आत्मसात् गरेका कारण कार्कीका कविताले लयात्मक गद्य संरचना र गेयात्मक निष्कर्ष तथा गीति संरचनाको भावना उनका रचनाको प्राप्ति बनेको तथ्य कवितामा स्थापित बनेको देखिन्छ ।

# 'जानी नजानी' : नारी संवेदनाको बिम्ब

**डा.रेणुका थापा सोलु**

सुनीता कार्की साहित्यका क्षेत्रमा नयाँ नाम हो । कविताका फाँटमा समर्पित सुनीता रामेश्वरबहादुर सिंह र शशी सिंहकी सुपुत्री हुन् । आफ्ना जीवनसाथी लोकमानसिंह कार्की नेपाल सरकारको मुख्य सचिव भएका समयमा नेपाल निजामती कर्मचारी श्रीमती सङ्घकी केन्द्रीय अध्यक्षको पदमा रहेर सामाजिक कार्यको भूमिकासमेत निर्वाह गरेकी कवि कार्कीको 'जानी नजानी' पहिलो कृति हो । प्रस्तुत कवितासङ्ग्रहमा कवि कार्कीले कोमल संवेदनाका भाव र मानवीय अनुभूतिका प्राय: सबै पक्षलाई जीवन्त दिने प्रयास गरेको पाइन्छ । सुनीता कार्कीका गीतिरचना श्रव्यदृश्यका माध्यमबाट धेरै समयअगाडि नै प्रसारण भइसकेका भए तापनि लिपिबद्ध भएर प्रकाशित भएका थिएनन् । त्यसैले सार्वजनिक रूपमा कृतिआकार लिएर कार्कीको यो पहिलो उपस्थिति हो नेपाली भाषा साहित्यिक फाँटमा । सरल भाषाशैली र स्वत:स्फूर्त प्रस्तुतिमा यो कवितासङ्ग्रह उभिएको छ । नेपाली समाजमा नारीले आफ्नो अस्तित्व स्थापित गराउन वा व्यक्तित्व विकास गर्नका निमित्त पलपलका खुसीहरू बलिदान दिनुपर्ने हुन्छ । कति नारीहरू सुख र खुसीका बलिदानभित्रै आफ्नो अस्तित्व र व्यक्तित्व पनि होमिदिन बाध्य भएका हुन्छन् । जिम्मेवारीका धेरै डोकाहरू पिठचूँमा बोकेर व्यक्तित्व विकास गर्नु भनेको नेपाली नारीहरूका

लागि अझै ठूलो चुनौती छ । यस्ता चुनौतीहरूको सामना गर्दै समय व्यवस्थापन गरेर आफ्नो प्रतिभा सार्वजनिक गर्ने लाइनमा सुनीता कार्कीको पनि नाम थपिएको छ ।

प्रकृतिको चित्रण, सामाजिक परिवेशको वर्णन, मानवीय सद्भाव, देशभक्ति तथा भगवान्भक्तिका प्रसङ्ग, समसामयिक परिवेश अथवा परिस्थितिप्रति व्यङ्ग्यजस्ता विषयवस्तुहरू कवि कार्कीका कविताहरूमा पढ्न पाइन्छन् । नारीमनका कोमल भावहरू तरङ्गित उनका कविताहरूमा सरलता र सरसता भेटिन्छन् ।

'जानी नजानी' कवितासङ्ग्रहलाई सार्वजनिक गर्ने प्रयासस्वरूप उभिएकी कवि सुनीताभित्र संवेदनशील मुटु अनि मन छ, शालीन आक्रोश अनि व्यङ्ग्य छ, जिम्मेवारीप्रतिको सशक्त चेतना छ । यस सङ्ग्रहभित्र सङ्गृहीत कतिपय कविताहरूमा देश र भगवान्प्रति श्रद्धा, सम्मान गर्न दिशानिर्देश गरिएको छ भने मानवीय सचेतता, सङ्कल्प र कर्तव्यपरायणताको प्रसङ्ग पनि परोक्ष रूपमा समेटिएको छ । कवि सुनीता कार्कीका कवितामा आध्यात्मिक चेतना प्रबल छ । यस कृतिभित्र प्रवेश गर्दा मूल गेटमै साईराम भक्तिभावमा तयार भएको कविता पढ्न पाइन्छ–

**तिम्रो दरबारमा आँचल बिछ्याई**
**प्रभुलाई हृदयमा सजाई**
**पुष्प भक्तिको अर्पिई**
**भजौँ हामी साईराम–साईराम–साईराम ।**

'साईराम' शीर्षकको कविताभित्रका कवितांशहरू पढ्दा यस्तो लाग्छ कवि सुनीता साईबाबाप्रति यति समर्पित थिइन् कि साईबाबाको दर्शनमा उहाँको पाउमा लम्पसार पर्नसमेत पछि परिनन् । आफू मान्छे भएर पनि भगवान्को अस्तित्व आत्मैदेखि स्विकार्ने र भगवान्प्रति पूर्ण विश्वास गर्ने कविका रूपमा सुनीता उभिएकी छिन् 'साईराम' कवितामा ।

कवि सुनीता कार्की परम्परावादी मूल्य र मान्यतालाई पनि चटक्कै छाड्न नहुने अनि आधुनिक सोच र मान्यतालाई पनि दुत्कार्न नहुने कुरा आफ्ना कवितामार्फत व्यक्त गर्न चाहन्छिन् । उनका कवितामा युगीन पुस्ताको चाहना र रोजाइलाई परम्परित मूल्य मान्यता नखलबलिने गरी स्थान दिएको पाइन्छ । तर पनि आधुनिकताका नाममा नाङ्गो हुनु राम्रो लाग्दैन उनलाई । कार्कीका कविता राष्ट्रियताको जगमा उनिएका छन् । उनलाई फुट र लुटको राजनीति पटक्कै मन पर्दैन । राष्ट्र रहे मात्र हामी रहन्छौँ भन्ने महत्त्वपूर्ण विषयमा पूर्ण चेत छ कवि कार्कीमा । गौरवशालीको ऐतिहासिक वीरता, नेपालीको स्वाभिमान, आत्मीयता, भातृत्व र मातृत्वप्रति सबै सचेत रहन 'एकता' शीर्षकको कवितामार्फत कवि आग्रह गर्दछिन्–

**खुकुरीको धार हाम्रो वीरताको इतिहास**
**हाम्रो नेपाल नेपाली हामी पुर्खाको आशीर्वाद**
**मास्नु हुन्न नेपाली भई नेपालको इतिहास**
**एकता रहे नेपाल हुन्छ नत्र हुन्छ अभिशाप ।**

फरकफरक शीर्षकमा रहेका सुनीताका कविताहरूमा कतै कोमल संवेदना, कतै शालीन आक्रोश, कतै करुण रोदन अनि कतै राजनीतिक वितृष्णा प्रस्तुत भएको पढ्न पाइन्छ । संवेदनाशून्य व्यक्तिका मनमा संवेदना कुन चराको नाउँ हो पत्तो हुँदैन तर कवि सुनीताको मन अत्यन्तै संवेदनायुक्त र करुणायुक्त रहेको छ । उनले नेपालमा लास, रगत, आँसुजस्ता वीभत्स विषय निम्त्याउने सम्बन्धित पक्षलाई सम्मान, श्रद्धा, सचेतता, सङ्कल्प र कर्तव्यको सोच लिन सचेत गराएकी छन्–

**रगतैरगतले मुछिएर ढलेको लास**
**आँसु नै आँसुले भरिएको पोतिएको नेत्र**
**सिन्दूर लतपतिएर पुछिएको सिउँदो**
**भित्रभित्रै उकुसमुकुस भई निसासिएका श्वासहरू**

**एक सत्य जान्न टोलाएका कलिला अनुहारहरू**
**वात्सल्यप्रेममा उकुसमुकुस भएका**
**अशक्त कम्पित हात तथा पगहरू**
**एक मौनताको आभासले चीत्कार गरिरहेका आमाहरू !**

राष्ट्रिय स्वाभिमान नै नेपालीको पहिचान सम्झने कवि सुनीता देशको भविष्य हातमा लिएर हिँडेका अगुवाहरूलाई नेपाल आमाको उचित सेवा र सम्मान गर्न सके मात्र तिमी सपूत हुन्छौ नत्र कपूत ठहरिनेछौँ भनेर खबरदारी पनि गर्दछिन् । हतियारले हिंसा मात्र गर्दछ, रोदन क्रन्दन मात्र निम्त्याउँछ भन्ने पूर्ण ज्ञान सबैमा हुन जरुरी देख्छिन् ।

सुनीता कार्की प्रेम र करुणाकी पनि कवि हुन् । उनका कवितामा मानवीय प्रेमिल हृदय करुणा बनेर पोखिएको पाइन्छ । प्रेमभित्र अटाएको प्रकृति, संस्कृति, विश्वास, आशानिराशाजस्ता उतारचढावजस्ता प्रेमका पक्षहरूको मार्मिक प्रस्तुतीकरणले सुनीताका कवितालाई अमर बनाएका छन्–

**प्यासको आभासमा**
**जब सुक्नेछन् अधर**
**पवित्र नदीको**
**बनेर लहर**
**तिमी नलजाई मलाई रुझाउन खोजे ।**

**विश्वास तोड्न चाहेको हैन**
**जिन्दगी मात्र जोड्न खोजेको**
**अलमलिन्छौ किन मसँग तिमी**
**बसाउनेछु प्रिये ! तिमीलाई हृदयमा ।**

**यही हो प्रेम म कसरी भनूँ**
**कम्पित अधर के काफी थिएन**
**बढ्न अगाडि नसके पनि**
**लक्षित यी कदम के काफी थिएन !**

सुनीता कार्कीका कवितामा मायाको अमरताको स्वाभाविक प्रस्ताव विषयवस्तु बनेका छन् । प्रेमको शृङ्खलासँगै नारीचेतना र जागरणको उद्घोष पनि पाइन्छ उनका कवितामा–

**चर्मचक्षुले होइन, आत्माको आँखाले हेर**
**त्यहाँ वात्सल्य, जवानी अनि मातृत्वको प्रेम हुँदैन कि**
**काँधमा काँध मिलाएर हिँड्ने क्षमता हुँदैन कि ?**
**तर तिमी तिमी त केवल उसलाई**
**दिनको दासी अनि रातको प्रेयसी ठान्छौ**
**ऊ तिमीलाई जहाँ राम सोच्दछे**
**त्यहाँ तिमी उसलाई सीता सोच्न सक्दैनौ ।**

कवि सुनीता कार्कीमा अरूको पीडा अनुभूत गर्न सक्ने क्षमता छ । हाम्रो जस्तो सङ्कुचित समाजमा एकल नारीले भोग्दै गरेका दिनचर्या कार्की आफ्नै भोगाइ सम्झिन्छिन् । नेपाली समाजमा एकल नारीले पाउने कष्ट, मनभित्रका इच्छा, आकाङ्क्षा, अप्राप्तिले निम्त्याएका जीवनप्रतिकै नैराश्यता, विरक्ति, तिक्तताजस्ता कुरालाई पनि कार्कीले आफ्ना कविताका विषयवस्तु बनाएकी छन् । हाम्रो समाजमा जरा गाडेर बसेको नारीको अवस्थालाई विश्लेषणात्मक चस्माले नियाल्दै तार्किक उद्घोष र शालीन विद्रोह ओकल्नु कार्कीको रचनात्मक विशेषताभित्र पर्दछ । कवि सुनीता नारी अस्तित्वको बोध गराउँदै जागरणका निमित्त शङ्खघोष गर्न चाहन्छिन् आफ्ना रचनामार्फत । अनि उन्मुक्ति चाहन्छिन् बन्दी जीवनबाट–

**जिन्दगीसँग सम्झौता गर्दागर्दै थाकिसकेँ म**
**आफ्ना इच्छा आकाङ्क्षामा तगारो हाल्दाहाल्दै**
**एक उन्मुक्त हाँसोका लागि**
**एक आजाद जिन्दगीका लागि**
**रहर गर्दागर्दै बन्दी बनिसकेँ म !**

सुनीता कार्की कतै प्रकृतिप्रेमी बनेर उपस्थित भएकी छन् । उनका कवितामा प्राकृतिक बिम्बहरूलाई जीवन र भाव सुहाउँदो

गरेर प्रस्तुति दिएको पाइन्छ । साथै यसैका माध्यमबाट विषयवस्तुको सुन्दर चित्रण, मानवीय दैनिक जीवनसँग जोडिएका वनस्पतिहरूको उल्लेख्य चित्रण गर्नमा कवि कार्की सफलोन्मुख देखिन्छिन्–

**भूमिको काखाभरि पाखाभरि फुलेको तोरी**
**निर्जीव शरीरमा (पीडादायी, मर्मदायी) वेष्टित रामनानी 'ऊ' ।**

यसरी यस कवितासङ्ग्रहभित्र प्रकृतिलाई जीवनसँग जोडेर प्रस्तुत गरिएका सुन्दर कवितात्मक फूलहरू छन् । मानवीय जीवनको अति स्वाभाविक र अत्यावश्यक कुरा प्रेमलाई शिष्टता र सभ्यतामा समेटेर कार्कीका केही कविता अभिव्यक्त भएका छन् । नेपालीको ऐतिहासिक वीरता, इमानदारिता, शिष्टता, आत्मीयता, बन्धुत्व, नैतिकता र स्वाभिमानलाई वर्तमानका राजनीतिक नेतृत्वले विलीन बनाउने हुन् कि भन्ने शङ्का गरी सम्बन्धित पक्षप्रति खबरदारी गर्दै जन असन्तुष्टि र निराशा उनका कवितामा व्यक्त गरिएका छन् ।

कवि सुनीता कार्कीका कतिपय कविताहरूमा राष्ट्रप्रेम र भगवान्भक्तिका साथै अस्तित्वको खोजी गर्दै चेतना र जागरणका आवाजहरू उठेका छन् । माटो र आमा दुवैको सम्बन्ध संवेदनासँग गाँसिएको हुन्छ भन्ने कुरा कार्कीका रचना पढेपछि अवगत हुन्छ । कवि सुनीताले कुनै कवितामा बिम्ब वा प्रतीकका माध्यमबाट वर्तमान राजनीतिक असङ्गतिप्रति लक्षित गर्दै सुधारको अपेक्षामा शालीन व्यङ्ग्य प्रस्तुति पनि गरिसकेकी छन् । वर्तमान नेपाली समाजमा रहेको मान्छेभित्रको क्रूरता र असामाजिक संरचनाप्रतिको कार्कीको दृष्टिकोण साथै शान्तिको कामना उनको अभिमत यस सङ्ग्रहभित्रका कतिपय कविताहरूमा पढ्न पाइन्छ । शिल्प र कलाका दृष्टिमा यस सङ्ग्रहभित्रका कविताहरू अझै परिमार्जित हुने सम्भावना भेटिए पनि निरन्तर साधनाले यो आकाङ्क्षाको अन्त्य गरिदिनेछ भन्नेमा विश्वस्त हुन सकिन्छ । लोक तथा गीतिलयमा र गद्यमा

लेखिएका कवि सुनीता कार्कीका कविताहरू सरल, सरस हुँदाहुँदै करुणा र संवेदनाका माध्यमबाट जागरण र सचेतताको सन्देश दिने सन्दर्भमा सशक्त छन् । नेपाली काव्यजगत्मा सुनीता कार्कीको हातबाट कलम नथाकोस् कहिल्यै । नेपाली भाषासाहित्यको क्षेत्रमा अझै पक्की इँटाहरू थपियून् कार्कीका हातबाट भन्ने अपेक्षासहित 'जानी नजानी' कृति अध्ययनपश्चात् उब्जिएको मेरो छोटो दृष्टिकोण टुङ्ग्याउँछु ।

# विविध भावबिम्बका कविता, गीत 'जानी नजानी'

**प्रा.डा.लक्ष्मणप्रसाद गौतम**

आधुनिक नेपाली कविताको पछिल्लो चरण अर्थात् उत्तरवर्ती चरणमा कवितासङ्ग्रहका साथ देखा परेकी सुनीता कार्की आफ्नो 'जानी नजानी' (२०७०) कृतिका साथ उपस्थित भएकी छन् र नेपाली नारी कवितालेखनका क्षेत्रमा पनि आफ्नो उक्त कवितासङ्ग्रहका साथ देखा परेकी छन् । फुटकर कविताका रूपमा कवितासृजना र गीतसृजनामा धेरै पहिलेदेखि देखा परे पनि कृतिगत रूपमा भने प्रस्तुत कवितासङ्ग्रह नै पहिलो रूपमा देखिएको छ र पहिलो कविताकृतिमा नै सरल तर भावपूर्ण एवं संवेदित कविता लेख्ने स्रष्टाका रूपमा उनी उपस्थित भएकी छन् । सैँतिसवटा कविता, सैँतिसवटा कविताका सैँतिसवटा रचनागर्भ र सुनीताले सृजना गरेका तेह्रवटा मूर्त तथा अर्धमूर्त चित्रहरूसमेतको समावेशका कारण यसमा जम्मा सतासीवटा सृजनाहरू सङ्गृहीत देखिन्छन् । अंशत: गीतिकविता र मूलत: गद्यकविताको आभास दिने यस सङ्ग्रहका गद्यकविताहरू आयामका दृष्टिले लघु आयाममा नै संरचित छन् ।

कवयित्री सुनीता कार्कीको यस सङ्ग्रहका कविताहरू विविध भाव र विषयमा आधारित छन् । यस सङ्ग्रहको पहिलो कविता

साईरामप्रतिको आस्था र वन्दनामा केन्द्रित छ भने अन्तिम कविता ओशोप्रतिको आस्था र श्रद्धामा नै केन्द्रित देखिन्छ । यसरी आध्यात्मिक भावबाट सुरु भएर आध्यात्मिक भक्तिभावमै टुङ्गिएकाले उनीभित्रको आध्यात्मिकता यस कृतिका कवितामा मुखरित भएको छ र अन्य भावभूमिका कवितामा पनि बीचबीचमा आध्यात्मिक भाव पाइन्छ ।

यस कृतिका धेरैजसो कवितामा रागात्मकता पाइन्छ र यस दृष्टिले 'अधुरो मिलन', 'प्यासी अधरहरू', 'एक अर्थ', 'जानी नजानी', 'एकान्तमा', 'भावना', 'चञ्चल', 'धड्कन', 'नौलो ठाउँ', 'बन्दी', 'माया' आदि शीर्षकका कविता बढी प्रभावपूर्ण छन् । यस सङ्ग्रहका कवितामा पाइने रागात्मक भावहरू भावना र अनुभूतिसँग गाँसिएका छन् । वैयक्तिकतासँग पनि ती जोडिएका छन् । त्यस्ता कवितामा उत्ताउलोपन पाइँदैन । प्रेमको उच्च उदात्त स्वरूपको प्रकटीकरण पाइनु सुनीता कार्कीका कविताको विशेषता हो ।

उत्तरवर्ती नेपाली नारी कवितालेखनमा थपिएको एउटा नाम सुनीता कार्की हो र उनका कविताले राष्ट्रिय भावनालाई र नेपाली हुनुको गौरवबोधलाई कलात्मक रूपमा अभिव्यञ्जित गरेर राष्ट्र रागको अभिव्यञ्जना प्रकट गरेका छन् । राष्ट्रिय चेतना भएका कविताहरू बढी भाव गम्भीर छन् र तिनले नेपालीत्वको भावनालाई समेत सशक्त रूपमा देखाएका छन् । राष्ट्र रागलाई अभिव्यञ्जित गर्ने उनका कवितामा 'एकता', 'वाचाहरू', 'नयाँ नेपाल', 'हिजो आज अनि भोलिको चित्रण' आदि शीर्षकका कविताहरू निकै सशक्त देखिन्छन् ।

सुनीता कार्कीका कविता आशावादी छन् । वर्तमानका अनेकौँ विसङ्गतिहरू देख्दादेख्दै पनि एक दिन अवश्य उज्यालो दिन आउनेछ भन्ने भविष्यप्रतिको आशामुखी चेतना उनका कविताले अभिव्यञ्जित गरेका छन् । त्यसैले सुनीताका कविता राष्ट्रनिर्माणप्रति केन्द्रित छन्, राष्ट्रको समुन्नतिका लागि बाटो देखाउन समर्थ छन् र राष्ट्रिय स्वार्थमा समर्पित हुन आह्वान गर्छन् ।

उनका कविताामा अभिव्यक्त राष्ट्रिय भावका शब्दतरङ्गहरूले उनीभित्रको आत्मगौरवलाई यसरी प्रकट गरेका छन्–

**पुर्खाका गौरव हामी गौरव हाम्रो स्वदेश**
**पृथ्वीका सन्तान हामी एकताका पुजारी ।**
**(एकता)**

रागात्मक सुनीता कार्कीका कवितामा सर्वाधिक पाइने विषयवस्तु हो । यस्ता भावहरू धेरै ठाउँमा भावुक र शाश्वत दुवै भएर आएका छन् । कल्पनाशीलता यस किसिमका कविताको विशेषता हो–

**रातभरि चन्द्रतारा सङ्गी बन्थे हाम्रा**
**पहिलो डाकमा जब हुन्थ्यो हरदिन बिहानी**
**आँखा माडी उघार्दामा हुन्थ्यौ तिमी सिरानी ।**
**(अधुरो मिलन)**

**निश्चल यो सागरसरह मन**
**रातको निस्तब्धतामा किन उर्लिदिन्छ ?**
**शान्त मनका पवन पनि**
**रजनीको गहिराइमा किन बतासिदिन्छ ?**
**(प्यासी अधरहरू)**

सुनीता कार्कीका कविता जीवनवादी छन् । जीवनलाई सुन्दर बनाउन चाहने र सुन्दरताकै आँखाले हेर्ने दृष्टिकोण उनमा छ । उनको यो दृष्टिकोण 'ऊ' र 'म'को तुलना प्रतितुलनामा यसरी अभिव्यक्त भएको छ–

**स्वच्छन्द निरन्तर बहने सरिता**
**मन्जिलविहीन कोलाहलमिश्रित क्रन्दन 'ऊ'**
**सङ्गीतमय निर्मल उद्देश्य परिपूर्तितिर्फ अग्रसर 'म' ।**
**(मृत्यु ऊ जीवन म)**

'जानी नजानी' कवितासङ्ग्रहभित्रका कतिपय कविताहरू समकालीन युगचेतनासँग पनि गाँसिएका छन् र ती कवितामा वर्तमानबोध र युगबोधको अभिव्यक्ति पाइन्छ । कवि जुन काल र

परिवेशमा बाँचिरहेको हुन्छ, त्यसको प्रभाव उसका कवितामा पनि परेको हुन्छ । युगीन चेतनालाई सुनीता कार्कीका कविताले सम्बोधन गरेका छन् । यस्तै युगीन यथार्थका केही अभिव्यक्ति यस प्रकार छन्–

**रगतैरगतले मुछिएर ढलेको लास**
**आँसु नै आँसुले भरिएर पोतिएको नेत्र**
**सिन्दूर लतपतिएर पुछिएको सिउँदो**
**भित्रभित्रै उकुसमुकुस भई निसासिएका श्वासहरू**
**एक सत्य जान्न टोलाएका कलिला अनुहारहरू... ।**
**(चीत्कार)**

यस कवितांशमा सशस्त्र द्वन्द्वजन्य प्रभावको यथार्थ चित्रण छ । डलर फलाउने आशामा विदेशी भूमिमा काम गर्न गएका नेपाली महिलाहरूको दारुण स्थिति र तिनले भोग्नुपरेका पीडा, यन्त्रणा र भोगाइले कवयित्री सुनीतालाई राम्ररी छोएको छ र उनले त्यस भावनालाई यसरी प्रकट गरेकी छन्–

**जीउभरि लिएर नयाँ नीलडाम**
**साहूसँग लुकेर रुन्थेँ हरसाम**
**न त जान सक्छु यो देशबाट**
**न त पठाउन सक्छु पैसा खल्तीबाट...**
..................................
**पासपोर्ट उनीहरूकै कब्जामा छ**
**के गरी आऊँ ?**
**आमा ! तिम्रो मुहार सम्झन्छु ।**
**(नरक पनि हुन्छ योभन्दा सुबिस्ता)**

सुनीता कार्कीको 'जानी नजानी' कृतिभित्रका कविताहरूमा यस्ता धेरै विषय र भावहरूको अभिव्यक्ति पाइन्छ । यी केही सामान्य उद्धरण मात्र हुन् । उनका यी कविताले र यस्तै अन्य कविताले मानवीय मनोसंवेदनालाई राम्ररी अभिव्यञ्जित गर्छन् ।

सुनीता कार्कीका कविता जीवनवादी छन् । जीवनलाई सुन्दर रूपमा हेर्ने र अनेकौँ दुःख, पीडा, सङ्घर्ष आदिलाई पनि हाँसीहाँसी

स्विकार्नुपर्ने यथार्थलाई उनका कविताले देखाएका हुन्छन् । यसै जीवनवादी चिन्तनकै केन्द्रीयतामा नारी आस्तित्विक चेतना र मातृत्व चेतना पनि प्रकट भएको पाइन्छ । जीवनलाई असल र सुन्दर बनाउनुपर्छ भन्ने अभिप्रायबाट उनका कविता अभिप्रेरित र परिलक्षित छन् ।

उनका जीवनवादी र नारीत्वको महिमा तथा मातृत्व चेतनासमेत अभिव्यञ्जित भएका कविताहरूमध्ये 'पिइरहेछु', 'पागल', 'मुक्ति', 'मृत्यु ऊ जीवन म', 'महापुरुष', 'जिन्दगीसँग', 'मेरा सन्तानलाई', 'जीवन यस्तै रहेछ' आदि कविताहरू उल्लेखनीय छन् ।

स्रष्टा जुन युग र परिवेशमा बाँचेको हुन्छ, त्यसको प्रभाव उनका सृजनामा पनि परेको हुन्छ । सृजनामा युगीन परिवेशको प्रभाव पर्नु समकालीन चेतनाको उपस्थिति हुनु हो । कवयित्री सुनीता कार्कीका केही कवितामा समकालीन चेतना पाइन्छ । सशस्त्र द्वन्द्वले देश दुखेका बिम्बहरू पनि उनका कवितामा छन् भने विदेशमा काम गर्न जाने नेपाली महिलाहरूले भोग्नुपरेका दारुण परिस्थिति र भोगाइका अभिव्यक्तिले पनि उनका कवितामा वाणी पाएका छन् ।

देशमा देखिएका भ्रष्टाचार र अनाचारप्रति पनि उनका कविताले विमति प्रकट गरेका छन् । समकालीन चेतना र युगीन यथार्थलाई अभिव्यञ्जित गर्ने उनका कवितामध्ये 'हिजो आज अनि भोलिको चित्रण', 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता', 'चीत्कार', 'बितिसक्यो' आदि शीर्षकका कविताहरू यस दृष्टिले उल्लेखनीय देखिन्छन् ।

सुनीताका कवितामा उक्त विषयका अतिरिक्त अन्य विभिन्न भाव पनि अभिव्यञ्जित भएको पाइन्छ र केही कविता व्यक्तिबिम्बमा पनि केन्द्रित छन् । उनका कविता तथा गीतमा भावना र अनुभूतिको तरल अभिव्यक्ति छ । तरल भएकाले उनका कविता निकै सरल

पनि छन् । भाव र अभिव्यक्तिको तरलताका कारण नै उनका यी कविताहरू मस्तिष्कले पढिँदैनन् र हृदयले मात्र पढिन्छन् । शाश्वतता र काव्यिक मूल्यवत्ता तथा कलात्मक सौन्दर्य चेतना उनका कविताको अपेक्षा हो ।

कवयित्री सुनीता कार्कीले यस सङ्ग्रहका कवितामा नयाँ प्रयोग पनि गरेकी छिन् । त्यो प्रयोग भनेको सबै कविताको रचनागर्भ दिनु हो । यस सङ्ग्रहका कविता, गीतमा सबैमा रचनागर्भ दिइएको छ । ९४ पङ्क्तिदेखि १-१/२ पङ्क्तिसम्मका रचनागर्भहरूले कविता, गीत सृजनाको पृष्ठभूमिबारे जानकारी दिन्छिन् र यसबाट पाठकहरूमा कौतूहल पनि सृजना हुन्छ । उनले गरेको अर्को प्रयोग भनेको चित्रात्मकताको संयोजन हो र तेह्रवटा चित्रहरू पनि स्वयम्मा शब्दबिनाका कविता हुन् । यसरी कृतिलाई विविधतामय बनाएर यस कृतिमार्फत उदीयमान स्रष्टाका रूपमा देखिएकी सुनीता कार्कीलाई कृति प्रकाशनका अवसरमा बधाई ।

# भावतरङ्गका कसीमा 'जानी नजानी'

**प्रा.डा.लेखप्रसाद निरौला**

**क) विषयप्रवेश**

नवप्रतिभाका रूपमा उदीयमान कवयित्री सुनीता कार्कीद्वारा लिखित पहिलो कवितासङ्ग्रह 'जानी नजानी' (२०७०) हो । यसभित्र गद्यलयमा संरचित प्राय: गीत्यात्मक प्रकृतिका सैँतिसवटा कविताहरू सङ्कलित छन् । सामान्यतया मध्यम आकारका फुटकर कविताहरूको सँगालोका रूपमा यसको संरचना तयार भएको छ । कवयित्री कार्कीद्वारा विभिन्न समय एवं सन्दर्भहरूलाई सदुपयोग गर्दै रचना गरिएका यी कविताहरूले विषयगत वैविध्यलाई सम्बोधन गरेका छन् । तिनमा पनि मूलत: प्रणय अनुराग, राष्ट्रवादी चिन्तन र आशावादी जीवनदृष्टिको त्रिपक्षीय सन्दर्भले कवितासङ्ग्रहलाई उचाइमा पुऱ्याउने प्रयास गरेको छ । धेरैजसो कविताहरू यिनकै सेरोफेरोमा लालित्यपूर्ण ढङ्गबाट तयार भएका छन् । वस्तुत: एउटा व्यक्तिको जीवनको पूर्णतामा आनन्द वा खुसीयालीले साथ देओस् भन्ने रहन्छ नै । उसलाई प्रेमको त्यति नै महत्त्व रहन्छ जति अन्य आहारविहारको रहेको हुन्छ । सम्भवत: त्यसैले पनि होला यसमा प्रेमप्रणयसम्बन्धी भावनाहरूले जीवन्तताका साथ सलबलाउने अवसर पाएका छन् । तर प्रेममय वातावरणका लागि राष्ट्र, राष्ट्रियता र देशभक्तिको पनि त्यत्तिकै महत्त्व रहन्छ भन्ने किसिमको अभिप्रायलाई यसमा प्रयुक्त राष्ट्रवादी कविताहरूको उपस्थितिले सङ्केत गरेका छन् । राष्ट्र समृद्ध, समुन्नत,

भ्रष्टाचारविहीन र राजनीतिक स्थिरताबाट प्रभावित भए व्यक्तिको जीवन पनि सहजै सुखद हुन सक्ने मानिन्छ । तसर्थ पनि यस कृतिमा तमाम राष्ट्रवादी चिन्तनहरूले स्थान पाएका होलान् भन्न सकिन्छ । जीवन भोगाइका क्षणहरू सधैँ एकै किसिमका हुँदैनन् र जीवनमा आरोहअवरोहहरू आइ नै रहन्छन् । तर, एउटी सचेत नारी स्रष्टाले जीवन कसरी आशावादी भएर बाँच्न सकिन्छ भन्ने मान्यतालाई यहाँ सुन्दर कविताका माध्यमबाट पस्किएकी छन् । वस्तुत: आशावादी जीवन नै सुन्दर एवं सुखद मान्ने गरिन्छ । त्यस्तै कवयित्री स्वयम् आधुनिक समाजकी सचेत नारी हुन् । उनले नारीजीवनसँग जोडिएर आउने हरेक गतिविधिहरूलाई नजिकैबाट अनुभूत गर्दै आएकी पनि छन् । कदाचित् उनका त्यस्ता नारीबोधी चिन्तनहरूले अनायासै यहाँ सगबगाउने मौका पाएका होलान् । यीबाहेक पनि ईश्वर एवं मान्यजनप्रतिको श्रद्धा, वात्सल्य प्रेम, बिछोडजन्य वेदना, वैयक्तिक दृष्टिकोणलगायतका विषय सन्दर्भहरूलाई पनि कवयित्रीले यस सङ्ग्रहमा समेट्ने प्रयास गरेकी छन् । कवयित्रीभित्रको अजस्र भावप्रवाहद्वारा थिचिएका कारण उनका यी सबैजसो कविताहरू अनुभूतिको तरलतामा बगेका पाइन्छन् र यिनले स्वच्छन्दतावादी रुमानी प्रवृत्तिको समेत झल्को गराएका छन् । यस सङ्ग्रहमा समेटिएका त्यस्ता सशक्त अनुभूति वा विचारहरूको अवस्थालाई तलका विभिन्न उपशीर्षकहरूका क्रममा केलाउने प्रयास गरिएको छ ।

**ख) प्रणय चेतना**

प्रणय अनुरागलाई प्राथमिकता दिने क्रममा कवयित्री कार्कीद्वारा मूलत: आफू विद्यार्थी अवस्थादेखि गृहस्थी हुँदै प्रौढ अवस्थासम्म आइपुग्दा अनुभव गरिएका अनुभूतिहरू अथवा जीवन भोगाइका क्रममा देखा परेका प्रेम सन्दर्भहरू र समाजमा नारी जातिले अनुभूत गर्न सक्ने प्रेमजन्य अवस्थाहरूलाई आधार मानी रचना गरिएका बहुसङ्ख्यक

कविताहरू यसमा समेटिएका छन् । त्यस्ता प्रेमप्रणयमा केन्द्रित कविताका शीर्षकहरूमा 'एकअर्का', 'जानी नजानी', 'चञ्चल', 'धड्कन', 'बन्दी', 'यही हो प्रेम', 'नौलो ठाउँ', 'चाहना', 'भावहरू', 'नजिक आइदिन्छु', 'अधुरो मिलन' र 'माया' आदि रहेका छन् । यिनमा प्राय: म पात्रका रूपमा लेखिका, कवयित्री वा कुनै प्रेमिका रहेको सङ्केत पाइन्छ भने तिमी पात्रका रूपमा कुनै प्रेमी, सहृदयी वा पुरुष (श्रीमान् ?)को सङ्केत गरिएको पाइन्छ ।

उनको 'एकअर्का' शीर्षकको कविता दाम्पत्य जीवनको सुखद एवं सुमधुर क्षणलाई लक्षित गरी तयार पारिएको हो । छ विश्राम र तेइस हरफमा संरचित तरल अनुभूति भएको प्रणयचेतमा आधारित यो कविता कवयित्रीले २०४१ वैशाख १० गतेको स्मरणमा तयार पारको बताएकी छन् । वस्तुत: यो प्रेमीप्रेमिकाको पहिलो मिलनका क्षणमा एउटी प्रेमिकाका मनमा उठेका तरङ्गहरूलाई श्लिष्ट किसिमबाट लिपिबद्ध गरिएको कविता हो । यसमा सम्भोग शृङ्गारका लागि आवश्यक सम्पूर्ण विभाव, अनुभाव र व्यभिचारी भावहरूको सटीक प्रस्तुति पाइन्छ । अऋ खास गरी आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावका अनेकौँ सङ्केतहरूको समन्वयबाट कविताको सौन्दर्य छचल्किएको देखिन्छ । जुनेली रात, साउनको झरी, प्रियतमको जवानी, अङ्कमालको क्षण, प्रियतमकै सुवास, सङ्गीतमय वातावरण आदिको समन्वयले यस कवितामा सम्भोग शृङ्गारलाई परिपाकमा पुऱ्याएको अनुभव गर्न सकिन्छ । त्यस्तै उनको अर्को 'जानी नजानी' शीर्षकको कवितामा प्रेमीलाई जानेर वा नजानेर प्रेमिकाको प्यारले लट्ठचाएको कुरा बताइएको छ । कवयित्री अर्जेन्टिनामा रहँदाको क्षणमा कसैलाई देखेर तयार पारिएको भनिए पनि पाँच विश्रामयुक्त सोह्र हरफको यस लघुतर प्रकृतिको गेयगुणसम्पन्न कविताले प्रणयचेतलाई सबल तुल्याएको छ । यसमा ऊ पछ्याउँदै गाउँगाउँसम्म पुग्न तयार छ; उसमा चोखो माया भएकाले त्यसैका लागि ऊ

बाँचिरहेको कुरा बताइएको छ । प्रेमिकाका अधर प्यासले सताएको र कर्के नजरले मदहोस तुल्याइएका कारणले पनि उसलाई मात्तिएर पछि लाग्न विवश तुल्याएको सन्दर्भ प्रस्तुत गरिएको छ । वस्तुत: यस किसिमका क्रियाप्रतिक्रियाहरू हरेक प्रेमीप्रेमिकाबीच भइ नै रहने भएकाले यो कविता प्रणयचेतका दृष्टिले सशक्त बनेर देखा पर्दछ ।

कवयित्री कार्कीको 'चञ्चल' शीर्षकको कविताले प्रणय अनुराग उत्पन्न गराउन सक्ने कुनै नायिका, सुन्दरी वा प्रेमिकाको बाह्य आकर्षणलाई नजिकबाट विश्लेषण गरेको छ । यो पाँच विश्राम र बीस हरफमा संरचित गीत्यात्मक प्रकृतिको उत्कृष्ट काव्य गुणसम्पन्न रचना हो । वस्तुत: कुनै सुन्दरीको सौन्दर्य वर्णनमा आधारित यस कवितामा सुन्दरीका नयन, अधर, काया, लट, चाल, वाणी, कमर, रङ, केश, गर्दन, बास्ना, दाँत, वक्ष, नितम्ब र हेराइ आदिको उपमानसहित सविस्तार चर्चा गरिएको छ । यसरी सुन्दरीका हरेक सूक्ष्म पक्षसँग आबद्ध सौन्दर्य वा आकर्षणको वर्णनबाट यसमा शृङ्गार रस उद्बुद्ध गराउने प्रयास भएको देखिन्छ । त्यस्तै अर्को 'धड्कन' शीर्षकको कविताले पनि एउटी प्रियतमाले आफ्नो प्रियतमको पर्खाइलाई कसरी अनुभूत गरेकी हुन्छे भन्ने कुरालाई सङ्केत गरेको छ । तीन अनुच्छेद वा विश्राम भएको एकतिस हरफको यस कविताले प्रणयरागलाई पूर्ण परिपाकमा पुऱ्याउने जमर्को गरेको कुरा प्रस्टै देखिन्छ । लामो पर्खाइपछि प्रियतमसँगको मिलन र ऊबाट भएको सन्तुष्टि आदिलाई यस कविताले कटाक्ष गरेको छ । केही क्षणको विलम्बमा पनि प्रियतमामा हुने निराशा र छटपटीहरू निशाको निस्सासिँदो रातमा प्रियतमसँगको सुमधुर मिलनपछि प्रेमरसमा परिणत भई कसरी जीवन साकार हुन पुग्दछ भन्ने अनुरागपूर्ण अभिव्यक्तिहरूले यहाँ वास्तवमै प्रणयचेतलाई उत्कर्षमा पुऱ्याएको देखिन्छ । अर्को 'बन्दी' शीर्षकको कवितामा पनि प्रेमीले प्रेमिकासँग प्रणयराग व्यक्त

गर्दै बाहुपाशमा समाहित हुनका लागि आह्वान गरेको सन्दर्भलाई समेटिएको छ । प्रेमप्रस्तावमा आधारित सात विश्रामयुक्त चौबिस हरफको नयाँ शैली अर्थात् चारपछि दुई हरफको क्रममा संरचित यस कवितामा जबरजस्ती बलात्कारभन्दा पनि सहमतिका आधारमा दुवैको अनुराग झल्कोस् भन्दै प्रेमीले प्रस्ताव राखेको सन्दर्भ उठाइएको छ । ऊ विश्वास तोड्न हैन जीवन जोड्न चाहन्छ र कुनै नाइँनास्ति नगरी हृदयमा सजाइदिन आग्रह गर्दछ । वस्तुत: यस किसिमको प्रेमप्रस्ताव आफैँमा श्लिष्ट एवं अनुरागपूर्ण रहेको मान्न सकिन्छ । उनकै अर्को 'यही हो प्रेम' शीर्षकको कवितामा प्रेम आफैँ छचल्किने वस्तु हो र त्यसमा पनि इसारा काफी छ भन्ने भनाइलाई सङ्केत गरिएको छ । कवयित्रीकी आफ्नी छोरी दोस्रो वर्षकी हुँदा तयार भइसकेको र सङ्गीतबद्ध भई रेडियो नेपालबाट समेत गीतका रूपमा प्रसारित भएको मानिने चारचार हरफका चार विश्रामसहित सोह्र हरफमा संरचित यस सुन्दर कवितामा वास्तवमै प्रेमिकाका इसाराहरूलाई गहिरिएर बुझ्न सक्नुपर्ने कुरामा जोड दिइएको छ । कुनै प्रेमिकाले प्रेमीका अगाडि नयनको इसारा गरेकी हुन्छे अथवा मौन भएर बसेकी हुन्छे अथवा कम्पायमान अधरसँगै मुस्कान छर्दै प्रणयराग प्रकट गरिरहेकी हुन्छे । त्यस्तो स्वाभाविक एवं आकर्षणपूर्ण इसारा वा क्रियाकलापलाई पनि बुझ्न नसक्ने अवस्था कस्तो होला भन्दै प्रणयचेतलाई बिउँझाउनका लागि यस कविताले भूमिका निर्वाह गरेको छ ।

प्रणय चेतनाको एउटा प्रमुख आधार नारी पनि हो । उसका जीवन चाहनाहरू आफ्नै किसिमका हुन्छन् । यहाँ 'नौलो ठाउँ' शीर्षकको कवितामा एउटी नारी अथवा कुनै प्रेमिकाले प्रियतमको पर्खाइसँगै आफ्ना व्यथा पीडाहरूलाई भुल्न खोजिरहेको सन्दर्भ कोटचाइएको छ । छ विश्रामसहित कतै असमान आयामगत लम्बाइ भएको एक्काइस हरफयुक्त यस कवितामा ऊ दाम्पत्य जीवनको

प्रारम्भसँगै कुनै नौलो स्थानमा अथवा अपरिचित परिवेशमा पुगे पनि उसलाई त्यहाँ खासै उत्साह तथा क्रियाशीलताले साथ नदिइरहेको कुरा बताइएको छ । उसलाई उजेली चाँदनी रातले समेत गति दिन सकिरहेको छैन तापनि ऊ प्रियतमको स्मरणमा मात्र बाँचिरहेकी छे । उसले अझै जीवनको सही आनन्द पाउन सकिरहेकी छैन । यसरी प्रेमको चाहनासँगै प्रियतमको पर्खाइमा बसेकी नारीको अनुरागपूर्ण भावहरूका माध्यमबाट यहाँ विप्रलम्भ शृङ्गारको झल्को गराइएको छ । त्यस्तै उनकै अर्को 'अधुरो मिलन' शीर्षकको कविताले पनि बाल्यकालीन स्मरणसँगै प्रणयसुखको कामनासहित विप्रलम्भ शृङ्गारलाई नै पुष्ट तुल्याएको छ । आठ विश्रामयुक्त तेइस हरफमा संरचित यस कवितामा कुनै प्रेमिकाको बाल्यकाल परालको कुन्युमा अथवा बारीको आलीमा लुकामारी खेल्दै र कहिले इनारको छेउमा बसेर नहरमा खुट्टा खेलाई कोइलीको भाकामा गीत गाउने प्रयास गर्दागर्दै प्राकृतिक वातावरणमा बितेको बताइएको छ । त्यो क्षण निकै सुखद भए पनि बिस्तारै बाल्यकालको अवसानसँगै जीवनले अर्कै मोड लिएकाले जिन्दगी नीरस बन्न थालेको र यौवनको आँधीले मनको बाँधलाई तोड्ने प्रयास गर्न थालेको कुरा स्मरण गरिएको छ । त्यसै क्रममा उसलाई एक दिन सिन्दूरको एक चुट्कीले परिवर्तन गरी बिस्तारै प्रियतमबिनाको जीवन बाँच्न गाह्रो हुन थालेको स्मरण गरिएको छ । त्यसपछि प्रियतमसँगै सपनीमा चन्द्रताराहरू नियाल्दै डुल्दा र बिहान उठेर आँखा माड्दै हेर्दा सिरानीमै रहेको अनुभव गरिए पनि वास्तवमा प्रियतमको अभावले उसलाई चिन्तित तुल्याएको छ । उसलाई अझै पनि आफ्नो प्रेमीसँग मिलन हुने कुराको प्रतीक्षाले सताउन छोडेको छैन । त्यस्तै चार विश्रामयुक्त सोह्र हरफमा संरचित छन्दनजिकको अर्को 'चाहना' शीर्षकको कविताले पनि प्रणयपरक विप्रलम्भ शृङ्गारलाई उद्बोधन गरेको छ । यस कवितामा प्रेमिकाका मनभित्र चाहना जागेसँगै दिनरातजस्ता दुवै अवस्था निकै लामो हुने गरेको र प्रेमीबिनाको

जिन्दगी बिरानो बन्न थालेको बताइएको छ । साथै प्रेमिकाको जीवनमा यौवनको जवानीले मत्याएपछि उज्यालो र अँध्यारो दुवै क्षण प्रियतमकै लागि हुन थालेकाले उज्यालामा आफूलाई सजाउने तथा रातमा समर्पण गर्ने धोको बाँकी रहेको कुरा बताएर प्रणयचेतलाई मुखरित तुल्याउने प्रयास गरिएको छ । अर्को पाँचपाँच हरफका चार विश्रामसहित बीस हरफमा संरचित 'भावहरू' शीर्षकको कविताले पनि प्रेमीको इच्छाअनुसार आफूले काम गर्दै जाने भन्दै प्रणयजन्य अनुरागलाई प्रस्तुत गरेको छ । यसमा यदि प्रेमीले प्रेमिकाको कुरा सुन्न खोजे केही बताइदिने, थाम्न खोजे मदहोसको क्षणमा समर्पित हुने, थपथपाउँदै सहारा दिए अथवा प्यासा भए अधरहरू रसाइदिने क्षमता आफूमा भएकाले त्यस किसिमको प्रणयरागका लागि तयार रहन आग्रह गरेको सन्दर्भमाथि प्रकाश पारिएको छ । त्यस्तै अर्को 'नजिक आइदिन्छु' शीर्षकको कविताले आफूसँग विचारशून्यताले गर्दा कविता कोर्ने प्रयास सफल नभए पनि कविता कोरिरहेझैँ प्रेमीका अगाडि प्रेमका लागि उपस्थित गराइरहेको सन्दर्भलाई समेटेको छ । चारचार हरफका चार विश्राम र सोह्र हरफमा संरचित प्ररणरागको स्पर्श भएको यस कवितामा जिउँदो मानिसमा विचार शून्यता नभएझैँ चोखो प्रेमको सम्भावना नहराएकाले अझै पनि प्रेम सफल हुने कुराप्रति विश्वास प्रकट गरिएको छ । जीवनमा बाँचुन्जेल विचारशून्य नभएझैँ प्रेमको सम्भावना सधैँ रहने भएकाले प्रेमीको समीपका सहजै आफूलाई पाउन सक्ने विश्वास प्रकट गरिएको छ । त्यस्तै मायाको छुट्टै परिभाषा दिने प्रयासस्वरूप देखा परेको उनको 'माया' शीर्षकको कविता पनि प्रेम प्रणयचेतकै उपज मान्न सकिन्छ । २०७१ वैशाख १४ को एउटा घटनासन्दर्भलाई लिइएर लेखिएको भनिए पनि चौबिस हरफयुक्त एक अनुच्छेदमा संरचित यो कविता निकै भावपूर्ण रहेको छ । यसमा उनले मायालाई विश्वास, समर्पण, आदरभाव, घृणाको अन्त्य, सुखद सङ्गम, जीवनको सुरुवात,

मधुर हाँसो, पीडाको अन्त्य, हर्षाश्रु, सारङ्गीको ध्वनि, झरनाको चञ्चलता, नदीको कलकल, सृष्टिको परिकल्पना, जूनको शीतलता, अग्नितापको मिठास, हिमालको आलिङ्गन, नभको सुरक्षित छत र मृत्युपछिको स्मरण आदिका रूपमा व्याख्या गरेकी छन् । यस किसिमको परिभाषाबाट उनी मायालाई प्रणय अनुरागकै नजिकमा रहेर व्याख्या गरिरहेकी जस्ती देखिन्छिन् ।

यसरी कवयित्रीभित्र सबैभन्दा बढी प्रणय अनुराग वा प्रेमपूर्ण भावनाको उथलपुथल देखा पर्दछ । उनी हरेक दृष्टिले जीवनमा प्रेमको अमरतालाई सर्वोपरि ठानिरहेकी जस्ती देखिन्छिन् । उनका प्रणयजन्य अनुरागले प्रेमको साकार रूपलाई प्रतिबिम्बित गरिरहेको मान्न सकिन्छ । प्रस्तुत कवितासङ्ग्रहको एउटा प्रमुख उपलब्धि भन्नु पनि श्लिष्ट एवं स्वाभाविक प्रणयचेतको महत्त्वलाई दर्साउनु मान्न सकिन्छ ।

**ग) राष्ट्रवादी स्वर**

कवयित्री कार्कीका कवितामा पाइने अर्को महत्त्वपूर्ण पक्ष भनेको राष्ट्रवादी चिन्तन हो । उनले राष्ट्रिय एकता, अखण्डता र भ्रष्टाचारमुक्त मुलुकका लागि सबैलाई समर्पित हुन आग्रह गरेकी छन् । उनी आफ्ना कविताहरूमा एक सशक्त देशभक्त व्यक्ति वा नारीस्रष्टाका रूपमा प्रस्तुत भएकी छन् । उनले राष्ट्रको सर्वाङ्गीण विकासका लागि समर्पित हुन पटकपटक आग्रह गरेकी छन् । उनलाई आफ्नो मुलुक नै सबैभन्दा प्यारो रहेको अनुभूतिसमेत भएको पाइन्छ । यस सङ्ग्रहभित्रका अनेकौँ कविताहरूले सुन्दर, सभ्य, शान्त, समृद्ध र अखण्ड राष्ट्रको चाहनालाई मुखरित गरिरहेको देख्न सकिन्छ । त्यस्ता राष्ट्रवादी चिन्तन भएका अथवा देशभक्तिले ओतप्रोत भएका कविताहरूमा 'एकता', 'बितिसक्यो', 'चीत्कार', 'नयाँ नेपाल', 'हिजो आज अनि भोलिको चित्रण', 'वाचाहरू' र 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' आदि रहेका छन् ।

कवयित्री कार्कीद्वारा रचित 'एकता' शीर्षकको कविताले नेपाल र नेपालीको गौरवशाली इतिहासलाई बिर्सन नहुने सन्देश दिएको छ । गीतिलयको निकै नजिक देखिने चौबिस हरफयुक्त यस कवितामा नेपालको पहिचान भन्नु नै एकता हो भन्ने धारणा प्रस्तुत गरिएको छ । तिमी अर्थात् वीर गोर्खालीले स्वाभिमानी नेपालीको पहिचान जोगाउनुपर्छ भन्दै नयाँ नेपाल निर्माण गर्न आह्वान गरिएको यस कवितामा स्वार्थी मानवहरूले दानवझैँ बनेर शान्ति मास्न खोजिरहेको सन्दर्भसमेत उठाइएको छ । यसमा कहिल्यै स्वाभिमान लुकाएर बाँच्न नसक्ने नेपालीहरूले आपसमा लडेर लुटालुट गर्नु दु:खद पक्ष भएकाले वीरहरूले जुट्न र जुटाउन सिक्नुपर्छ तथा चन्द्र र सूर्य रहेसम्म नेपाली स्वतन्त्रता कायम रहनुपर्छ भन्ने कुरामा जोड दिइएको छ । वस्तुत: ऐतिहासिक महत्त्व बोकेको मुलुक नेपालले विश्वलाई नै एकताको सन्देश प्रवाहित गरिरहेको सन्दर्भलाई समेत स्मरण गराउँदै एकताबद्धतामै नेपालको पहिचान छ भन्ने सन्देश दिन सक्नु यस कविताको प्रमुख उपलब्धि मान्न सकिन्छ । त्यस्तै उनको 'बितिसक्यो' शीर्षकको अर्को कवितामा पनि मुलुकको दुर्दशा देखेपछि कविलेखकका विचारहरूसमेत हराउने गरेको यथार्थ वा व्यङ्ग्यलाई समेटिएको पाइन्छ । वस्तुत: पाँच अनुच्छेद र छब्बिस हरफमा संरचित उपमा बाहुल्य आलङ्कारिक प्रकृतिको यो कविता मुलुकभित्रका तमाम विकृतिहरूबाट लेखकलाई असह्य पीडा भइरहेको कुरा व्यक्त गर्नमा सफल रहेको छ । यसमा आश्वासनको थुप्रो ओइराउने नेताहरूले अझै मुलुकको समुन्नति गर्न नसकेको देखी पीडा बढिरहेको भन्दै देशको बिग्रँदो अवस्थाप्रति चिन्ता प्रकट गरिएको छ । वास्तवमै यो एक सफल राष्ट्रवादी चिन्तनमा आधारित सशक्त कविताका रूपमा देखा पर्दछ । उनको 'चीत्कार' शीर्षकको अर्को कविताले पनि देशभक्त नौजवानले सहादत प्राप्त गर्दाको समयसँगै उसमा आश्रितहरूको कारुणिक अवस्था कस्तो हुन्छ

भन्ने विषयलाई समेट्दै प्रकारान्तरबाट देशभक्तिलाई नै प्रस्तुत गरेको छ । तीन अनुच्छेद वा विश्रामयुक्त तेइस हरफको यस कविताले नेपालको द्वन्द्व अन्त्य होस् र शान्ति तथा एकता कायम रहोस् भन्ने अपेक्षालाई प्राथमिकता दिएको पाइन्छ । नेपालमा पटकपटक राष्ट्रका लागि आहुति दिनेहरूको क्रम चलि नै रहेको अवस्थामा अथवा द्वन्द्वका क्रममा वीरगति प्राप्त गर्नेहरूको पनि कमी नरहेको अवस्थामा यसरी जतिजति घरका प्रमुख व्यक्तिहरूको असामयिक मृत्यु हुँदै जान्छ त्यतित्यति नै आश्रितहरूको जीवनसमेत कष्टकर बन्दै जाने भएकाले राष्ट्रमा यस किसिमको हत्या सन्दर्भ अन्त्य हुनुपर्छ भनिएको छ । त्यसै गरी उनको 'नयाँ नेपाल' शीर्षकको कविताले नयाँ नेपाल निर्माणका क्रममा जस्तोसुकै किसिमले भए पनि देशहितका पक्षमा निर्णय लिनुपर्ने कुरा औँल्याएको छ । लेखिकाले २०७० माघ ८ गते अख्तियार दिवसको सन्दर्भ पारेर रचना गरेको भनिए पनि चारचार हरफका पाँच विश्रामसहित बीस हरफको यस कविताभित्रको विषय सन्दर्भ हाम्रोजस्तो मुलुकका लागि शाश्वतझैँ बन्दै गएको मान्न सकिन्छ । उनले यसमा मुलुकलाई मुन्द्रेदेखि सुन्द्रेसम्मका व्यक्तिले अनिर्णयको बन्दी हुनबाट जोगाउनुपर्छ; यो नसकिने काम पनि होइन र सुशासनको प्रत्याभूति गराउन सकिन्छ भन्दै त्यसका लागि देशभक्तिको भावना चाहिन्छ भन्ने कुरामा जोड दिएकी छन् । गरिबी र अशिक्षा नै मूल शत्रु भएकाले प्रजातन्त्रकै माध्यमबाट नयाँ नेपालका लागि विकासको जग बसाल्न सकिन्छ भन्ने उनको यो चिन्तन वास्तवमै राष्ट्रवादी देशभक्तिमा आधारित रहेको छ ।

कवयित्री कार्कीकै अर्को 'हिजो, आज अनि भोलिको चित्रण' शीर्षकको कविताले नेपालको विगत शान्त एवं सुन्दर रहेको, वर्तमान प्रदूषित बनेको तर भविष्य सुन्दर एवं समृद्ध हुने कुरामा विश्वस्त हुनका लागि आह्वान गरेको छ । उपशीर्षकझैँ हिजो, आज र भोलिको

प्रयोगसँगै उनन्साठी हरफका सत्र अनुच्छेदमा काठमाडौँको सहरिया परिवेशलाई लिएर तयार पारिएको यो कविता वास्तवमै आशावादिताका साथ राष्ट्रिय चिन्तनमा आधारित देखिन्छ । उनले आज सहरभरि जताततै गगनचुम्बी महलहरू निर्माण गरिए पनि धूवाँ र प्रदूषणले ढाकेको र अस्वस्थकर वातावरण सिर्जना भएको कुराप्रति गम्भीर हुन आग्रह गरेकी छन् । त्यसै क्रममा आगामी दिनमा वृक्षरोपणसहित हराभरा सुन्दर, मनोरम वा विकसित सहर बनाउन सकिने कुरामा पनि उनी विश्वस्त बनेकी छन् । उनकै 'वाचाहरू' शीर्षकको अर्को कविताले पनि देशका लागि बाँच्न र मर्न तयार हुनका लागि आह्वान गरेको छ । तीन अनुच्छेदयुक्त सत्ताइस हरफको यस कवितामा उनले निरन्तर श्रम गरिरहने किसानदेखि कापीकिताब बोक्ने विद्यार्थीहरूसम्मलाई देशकै लागि केही गर्नुपर्छ भन्ने वाचा गर्न आह्वान गरेकी छन् । उनी देशका अगुवाहरूले यस्तो विषयलाई बिर्सनै नहुने बताउँदै देशको सेवा गरौँ; देश रहे हामी रहन्छौँ भन्ने कुरा प्रस्तुत गर्दछिन् । उनको अर्को एउटा 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' शीर्षकको कविताले नेपालमा विद्यमान गरिबीका कारण बिदेसिनु परिरहेको समस्यालाई दर्साउँदै अन्ततः स्वदेशमै रहेर सेवा गर्नका लागि आह्वान गरेको छ । २०७१ वैशाख ७ गते कवयित्री स्वयम् मलेसिया जाँदाको सन्दर्भलाई लिएर तयार पारिएको भनिए पनि एक्काइस विश्राम भएको बयासी हरफको यो कविता समग्र वैदेशिक रोजगारीका क्रममा नेपालीले भोग्नुपरेको पीडाव्यथालाई समेट्न सक्षम छ । यसमा भनिएको छ– 'नेपालीहरू बिदेसिने क्रममा आफ्नो घरपरिवार वा आफन्तलाई छोडेर ऋणमा डुब्दै सुनौलो आशा बोकेका हुन्छन् । तर, तिनको न त व्यवस्थित कागजपत्र बनाइएको हुन्छ, न तिनीहरू तोकिएबमोजिमको काम पाएर सन्तुष्ट हुन पुग्दछन् । तिनीहरू दयनीय अवस्थामा विद्रोह गर्न नसकी अथवा विद्रोह गरे मृत्युलाई समेत वरण गर्नुपर्ने बाध्यतामा रहेका हुन्छन् । त्यहाँको अन्यायपूर्ण अवस्था र पीडालाई आत्मसात् गर्दै तिनीहरू आफ्ना

सन्तति वा आफन्तलाई त्यस्तो नरकमा कहिल्यै जान नदिने बरु नेपाल आमाकै सेवामा समर्पित हुने कुरा बताइरहेका हुन्छन् ।' यस कविताले पनि युगीन समस्याबोधसहित अन्तत: स्वदेशप्रतिको सेवाभावलाई दर्साएको देख्न सकिन्छ ।

यसरी कवयित्रीका राष्ट्रवादी विचारहरूलाई उपर्युक्त कविताहरूले मुखरित गरे पनि यिनमा समसामयिक राष्ट्रिय विकृति वा विसङ्गतिको पक्षलाई समेत त्यत्तिकै सशक्त रूपमा औँल्याइएको देखिन्छ । उनका विचारमा मुलुकभित्र तमाम विकृति विसङ्गतिहरूले मौलाउने अवसर पाइरहेका छन्, तिनलाई सबैले आआफ्नै स्थानबाट निर्मूल पार्नुपर्ने हुन्छ, जबसम्म विकृति विसङ्गतिलाई हटाउन सकिँदैन तबसम्म मुलुकको विकास सम्भव छैन, विदेशमा पनि स्वदेशको जस्तो स्वाभिमान र वातावरण नपाइएको अवस्था छ, जसरी हुन्छ मुलुकलाई सुखी एवं समृद्ध तुल्याउन र मुलुककै हितमा काम गर्न तयार होऔँ भन्ने रहेको पाइन्छ ।

**घ) आशावादी जीवनदृष्टि**

हरेक स्रष्टामा जीवनलाई हेर्ने दृष्टिकोण आफ्नै किसिमको रहेको हुन्छ । यस सङ्ग्रहभित्रका कविताहरूमा कवयित्री कार्कीले पनि समयसन्दर्भ र भोगाइका क्रममा जीवनलाई आफ्नै किसिमबाट नियालेको पाइन्छ । उनले जीवनलाई कहिले पागलजस्तै, कहिले जहरको प्याला पिइरहेको जस्तै, कहिले मृत्युको नजिक त कहिले आसैआसमा बाँच्ने वा गरिबीमै बिताउन सक्ने वस्तुका रूपमा हेरेकी छन् । उनी कतिपय त्यस्ता घटना सन्दर्भहरूबाट जीवनलाई नजिकबाट बुझ्न सक्ने अथवा सुखदु:खमा समान हुन सक्नुपर्छ भन्ने मान्यतालाई आत्मसात् गर्ने आशावादी जीवनदृष्टि भएकी नारीस्रष्टाका रूपमा देखा पर्दछिन् । उनका 'पागल', 'पिइरहेछु', 'जिन्दगीसँग', 'जीवन यस्तै रहेछ' तथा 'मृत्यु ऊ जीवन म' आदि कविताहरू जीवनदृष्टि सापेक्ष भएर तयार गरिएका पाइन्छन् ।

कवयित्री कार्कीको 'पागल' शीर्षकको कवितामा जीवन यात्रालाई वास्तवमै पागलजस्तै तत्क्षण अनेक क्रियाप्रतिक्रियामा परिणत हुने प्रकृतिका रूपमा व्याख्या गरिएको पाइन्छ । तीन अनुच्छेद र चौध हरफ भएको यस लघुतम प्रकृतिको आलङ्कारिक कविताले जीवनलाई नयाँ दृष्टिकोणबाट व्याख्या गरेको छ । यसमा भनिएको छ– 'मानव जीवन भावहरूको मन्दाकिनी हो, यसलाई मस्तिष्कले रोक्न सक्दैन, आँखाबाट बग्ने आँसुका छादहरूजैँ छचल्किरहने हुनाले यिनलाई कुनै किनाराले पनि रोक्न सक्दैन, जीवनमा हाँसो हुन्छ जुन रविको प्रत्येक किरणसँगै मुस्काउन थाल्छ; जीवन पनि नव कोपिलाजैँ फक्रिन खोज्छ र मुस्कान छर्छ, त्यसैले जीवन बाँच्नु भनेकै पागलसरह हो ।' वस्तुत: यस कवितामा जीवन र प्रकृतिको साहचर्यमाथि प्रकाश पारिएको अवस्था छ । जसरी नदीको प्रवाहमा अनेक आरोहअवरोहहरू आइरहन्छन् त्यसरी नै जीवनमा अनन्त भावतरङ्ग र असीम इच्छाहरूका साथै उन्मुक्त हाँसो र अजस्र आँसुको प्रवाह देखा पर्दछ । यसमा नदीको प्रवाहजस्तै जीवन पनि प्रवाहित हुने वस्तुका रूपमा हेरिएको छ । त्यस्तै उनको 'पिइरहेछु' शीर्षकको कविताले पनि जीवन भोगाइका उतारचढावहरूलाई दर्साउने क्रममा जीवनमा निरन्तर निराशा र पीडा भइरहे पनि जीवनले सङ्घर्ष गर्दै आशावादी ढङ्गबाट बाँच्नुपर्छ भन्ने सन्देश दिइएको छ । छ अनुच्छेद र पच्चिस हरफको उपमाबाहुल्य आलङ्कारिक प्रकृतिको यस कवितामा जीवन भोगाइ एक किसिमले जहरको प्याला पिएजैँ अथवा प्रेममा विश्वासघात भएजैँ तरिकाबाट चलिरहेको कुरा उठाइएको छ । साथै यस्तो अवस्था भनेको अनुभूतिका आवेगबाट संसारलाई राख बनाउन चाहने इच्छाहरू हराएको, आफैँलाई थाहा हुन छोडेको तथा जीवनमा अनन्त पीडा मात्र बाँकी रहेको अवस्था हो भनिएको छ । यस अवस्थामा बाहिरी नजरले मात्र मूल्याङ्कन गर्नु हुँदैन किनभने प्राय: दृष्टिहरू सङ्कुचितजैँ हुन थाल्छन् र यसबाट बाहिर बुझ्न गाह्रो परिरहेको हुनाले जीवनको पीडाइतर भोगाइ बुझ्नु

भनेको विफल प्रयास पनि बन्न सक्छ भन्दै त्यो प्रयास जारी रहनुपर्छ भन्ने कुरामा जोड दिइएको छ ।

उनको अर्को 'जिन्दगीसँग' शीर्षकको कविताले जीवनमा सम्झौता गर्दागर्दै थाकिसकिने र उन्मुक्त हाँसो हाँस्नसमेत बन्दी भइने कुरालाई समेटेको छ । चार अनुच्छेद र बीस हरफयुक्त यो कविता दुःख, वेदना र आशामै केन्द्रित छ । यसमा एक स्वच्छ श्वासको याचना गर्दागर्दै आफू भिखारी तथा उज्यालोको चाहना पूरा नहुँदा औँसीको रात बनिसकेको कुरा बताइएको छ । त्यस्तै यसमा मायाको संसारमा सद्भावको आस गर्दै अनाथ बनी घृणाको भुँवरीमा फसिसकेको भए पनि विश्वासको उज्यालोमा मायाको आस गर्दै त्यसैको प्रयासमा जीवन बाँचिरहेकी सायद कुनै एकल नारीको जीवन भोगाइलाई झल्काइएको छ । उनकै अर्को बत्तिस हरफको एक अनुच्छेदमा संरचित 'जीवन यस्तै रहेछ' शीर्षकको कविताले चाहिँ गरिब व्यक्तिको जीवन सन्दर्भबाट उसको वर्तमान भोगाइ र मृत्युका क्षणमा उत्पन्न आशालाई दर्साएको छ । यसमा गरिबले सूर्यचन्द्र, उकालीओराली, गाउँबेँसी, हावा र वर्षा आदिका क्षणमा जीवनको जवानी बिताउँदै वृद्धावस्थापछि मृत्युलाई वरण गरेर लास बनिसक्दा पनि कात्रोको अभावमा डँडाउने गरेको कुरा बताइएको छ । साथै गरिबले मृत्युपश्चात् चन्दन हैन चिसो काठमा कोचिँदै अर्को जन्म भए एक पटक महलको सौख पूरा गर्न ईश्वरसँग प्रार्थना गरेको सन्दर्भ उठाइएको छ । वास्तवमा गरिबले यस्तै सधैँ आसैआसमा कष्टकर तरिकाबाट जीवन बिताए पनि आशाको अन्त्य नहुने कुरा औँल्याउँदै यसमा जीवनलाई सङ्घर्ष, पीडा र आशाको कोणबाट व्याख्या गर्ने प्रयास गरिएको पाइन्छ ।

उनको 'मृत्यु ऊ जीवन म' शीर्षकको कविताले पनि जीवन र मृत्युसम्बन्धी दृष्टिकोणहरूलाई प्रस्तुत गरेको छ । भावना र दर्शनको दोसाँधलाई अपेक्षाकृत विस्तृत आयतनमा प्रस्तुत गर्ने क्रममा

यो कविता नौ अनुच्छेद र उनन्तिस हरफहरूमा तयार भएको देखिन्छ । यसमा यात्राका क्रममा देखिने हिमाली परिदृश्यसँगै डरलाग्दा भीर एवं पहराहरू तथा नदीहरूको निरन्तरको आवाजले मानिसलाई कसरी भावपूर्ण तुल्याउँछ भन्ने कुरा बताइएको छ । त्यस्तै व्यक्तिले आफू प्रकृतिका त्यस्ता कठोर तथा कहालीलाग्दा दृश्यहरू देखेर पनि आफ्नो जीवनलाई कसरी नियालिरहन्छ भन्दै अविच्छिन्न यात्राका क्रममा अगि बढिरहने जीवन र नजिकै घुमिरहने मृत्युको दोसाँधभित्र संसार चलिरहेको कुरा कसरी अनुभूत गर्दछ भन्ने कुरामाथि प्रकाश पारिएको छ । वस्तुत: यो कविता कसैका लागि जीवन्त देखिने वस्तुहरू कसैका लागि मृत्युबोधी पनि हुन सक्छन् भन्ने मान्यतामा आधारित देखिन्छ ।

यसरी कवयित्रीमा एउटा ज्ञानी सन्तमा जस्तै निस्पृहताजन्य चिन्तनहरूको गहिरो प्रभाव रहेको अनूभूत हुन्छ । उनी जीवनलाई सङ्घर्षकै कोणबाट हेर्छिन् र आशा निराशाका बीच जीवन चलिरहेको पाउँछिन् । उनलाई थाहा छ निराशाले सताउँछ र जीवनमा दु:ख र निराशा भइरहन्छन् । त्यसैले उनको स्पष्ट दृष्टिकोण आशावादी हुनुमै केन्द्रित रहेको पाइन्छ । उनका उक्त तमाम कविताहरू यस कुराको प्रमाणका रूपमा सङ्कलित देखिन्छन् ।

**ङ) अस्तित्वमुखी नारीचेतना**

एउटी सचेत नारीस्रष्टालाई पुरुषहरूको स्वभाव, प्रवृत्ति वा क्रियाकलापका सम्बन्धमा निकै हदसम्म जानकारी हुन सक्दछ । उनलाई पुरुषको कुन स्वभाव समतामूलक छ र कुन प्रवृत्तिले पुरुषभित्रको अहम्लाई प्रतिबिम्बित गर्दछ भन्ने खुटचाउन पक्कै त्यति गाह्रो पर्दैन । कतिपय पुरुषहरू नारीमा पाइने तरलता वा स्निग्धतालाई आफ्नो अनुकूल प्रयोग गर्छन् र नारी मनोदशालाई नजिकबाट बुझ्ने प्रयास गर्दैनन् । त्यसै कारण पनि नारीहरूले आफ्नो अस्तित्व र पुरुषहरूको कतिपय त्यस्ता प्रवृत्तिका बीचको अन्तर कम गर्नका

लागि आफूलाई प्रस्तुत गरिरहेका हुन्छन् । यस कृतिमा कवयित्रीले नारीवादी चिन्तनसँग सन्दर्भित भएर रचना गरिएका त्यस्ता कतिपय कविताहरू सङ्कलित गरेको पाइन्छ । यद्यपि यिनमा केवल नारीवादी चिन्तनको दार्शनिक धरातल मात्र छ भन्ने हैन, कलात्मक अभिव्यक्तिभित्र नितान्त नारीमा मात्र मुखरित हुने कतिपय त्यस्ता नारीका अस्तित्वबोधी विचारहरूचाहिँ अवश्य छन् नै ।

कवयित्रीका 'प्यासी अधरहरू', 'मेरा सन्तानलाई' र 'महापुरुष'जस्ता कवितालाई नारीवादी चिन्तनको स्पर्शबाट हेर्न सकिन्छ । उनको 'प्यासी अधरहरू' शीर्षकको कविताले जीवनलाई नारीवादी दृष्टिकोणबाट व्याख्या गर्न सहयोग पुऱ्याएको छ । दुई अनुच्छेद र बीस हरफमा संरचित यस कवितामा नारीजीवनको तरलतालाई नजिकबाट बुझ्नुपर्ने अपेक्षा राखिएको छ । त्यसै गरी जीवनका त्यस्ता एकान्तता, भावनाशून्यता र निश्चलता आदि कतिपय क्षणहरू सुनसान रातमा तरङ्गित हुनु र रजनीको गहिराइमा हराउनु कस्तो क्षण होला भन्ने जिज्ञासा अगि सार्दै नारीका ती क्षणहरू आवारा बादल मात्र नभएको स्पष्टीकरण दिइएको छ । यसमा नारीजीवन भनेको एकै चोटमा बर्सिन सक्ने कालो मेघजस्तै अवस्था हो; यसको महत्त्व नबुझी बुझ पचाइन्छ भने यो जीवन तृषित प्यासी अधरजस्तै रित्तो हुन्छ भनिएको छ । यसरी नारीको इच्छा, आकाङ्क्षा र स्वभावलाई लिइएर तयार पारिएको यस कविताले नारीलाई विशेषत: मेघका रूपमा हेर्न आह्वान गरेको छ । त्यस्तै नारीमा पाइने स्वाभाविक गुण भनेको मातृसुलभ वात्सल्य पनि हो, जुन पुरुषहरूमा रहँदैन । चार विश्रामयुक्त पच्चिस हरफमा संरचित 'मेरा सन्तानलाई' शीर्षकको कविता नितान्त वात्सल्यमा आधारित रहेको छ । यसमा एउटी आमाले आफ्ना सन्तानलाई अहर्निश खुसी देख्ने चाहनास्वरूप प्रत्येक जन्मदिनको क्षणमा मङ्गलमय भविष्यको असीम कल्पना व्यक्त गरिरहेकी हुन्छे भन्दै नारीभित्रको वात्सल्य

अनुरागलाई प्रकट गरिएको छ । ममतामयी आमाले आफूसँग केही नभए पनि आशीर्वादस्वरूप वातावरण, आकाश, फूल, पृथ्वी, जून, प्रभात र भगवान् आदिसँग कल्याणका निम्ति याचना गरिरहन्छे जस्ता वात्सल्यजन्य अनन्य अनुरागको विषयलाई यसमा समेटिएको पाइन्छ । उनको अर्को 'महापुरुष' शीर्षकको कविताले पुरुषहरूको प्रवृत्ति र स्वभावलाई समेट्दै पुरुषहरूभित्र महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नपाइएको कुरा औँल्याइएको छ । यो एक अनुच्छेद र अट्ठाइस हरफ भएको सुन्दर कवित्वपूर्ण रचना हो । यसमा पुरुषहरू महिलालाई केवल दिनको दासी र रातको प्रेयसी मात्र सोच्दछन्; आफूलाई राम भन्न रुचाउँछन् र महिलालाई अग्निपरीक्षाको कसीमा उभ्याउन चाहन्छन् भनिएको छ । त्यस्तै आफूलाई घरमा सेवा गर्ने श्रीमतीलाई छोडेर रक्सी र चुरोटका पछि लाग्ने आइमाईको जालमा परिरहेका त्यस्ता पुरुषले पैसा कमाएर मोजमज्जा लुटे पनि महिलाको वेदना र मर्मलाई बुझेका हुँदैनन् भन्ने कुरा उठाइएको छ । साथै त्यस्ता आधुनिक पुरुषहरू महापुरुषजस्तै हुन् भन्दै यसमा नारीवादी चिन्तनसहित पुरुषहरूको व्यवहारमाथि प्रकाश पारिएको छ ।

यसरी कवयित्रीका उक्त कविताहरू नारी तथा पुरुषहरूको नितान्त फरक भावना, स्वभाव तथा प्रवृत्तिलाई सङ्केत गर्न सक्षम छन् तापनि यिनमा भावनाको प्रबल वेग रोकिएको छैन । यिनमा कतैकतै अनुभूति तरलतासँगै स्वत्वबोधको स्पर्श पनि देखा पर्दछ । जे होस्, कवयित्रीद्वारा नारी अस्तित्वसँग गाँसिएका र पुरुषभित्रको नारीत्व विरोधी क्षण वा प्रवृत्तिलाई यिनमा समेटेको पाइन्छ ।

**च) ईश्वरीय चिन्तन**

अध्यात्मवादी प्रकृतिका व्यक्तिले ईश्वरीय गुणप्रति अनुराग प्रकट गर्दछ । उसलाई ईश्वरभक्तिले आनन्दित तुल्याउँछ । ऊ आफूलाई संसारमा हराइरहेको र ईश्वरले विभिन्न रूपबाट मार्ग प्रदर्शन गर्ने गरेको कुरामा विश्वस्त हुने गर्दछ । यस कवितासङ्ग्रहमा कवयित्रीले

त्यस्ता महान् आत्माप्रति श्रद्धासुमन अर्पण गरेकी छन् । उनका दृष्टिमा अदृश्य निराकार ब्रह्म, साईराम र ओशो आदि आराध्य हुन् भन्ने पाइन्छ ।

उनको ईश्वरस्तुतिमा आधारित बाह्र विश्रामयुक्त एकचालिस हरफको कविता 'अस्तित्व' हो । यसमा प्रकृतिका विविध सन्दर्भलाई समेटेर सबैको अस्तित्वमा ईश्वरीय तत्त्वको अंश रहेको सम्भावना दर्साइएको छ । आकाश, सागर, हिमाल, सूर्य, मेघ, क्षितिज आदिको अस्तित्वकै कारण व्यक्तिको जीवन र सुखदु:ख देखा परेको भन्दै ती सबै ईश्वरकै देन भएको बताइएको छ । अदृश्य निराकार ब्रह्माण्डका नटराजप्रति श्रद्धासुमन अर्पणस्वरूप यो कविता तयार पारिएको देखिन्छ । त्यस्तै चारचार हरफका सात विश्रामसहित अट्ठाइस हरफमा संरचित 'साईराम' शीर्षकको अर्को कविताले साईरामलाई ईश्वरीय गुणसम्पन्न प्रभुका रूपमा वर्णन गरेको छ । भगवान्का सबै रूप र लीला उनमा प्रतिबिम्बित हुने कुरा बताउँदै उनी संसारको पथप्रदर्शकका रूपमा रहेकाले उनको पाउमा शिर नुहाएर भक्तिभाव प्रकट गर्ने गरेको कुरा बताइएको छ । उनकै सात विश्रामसहित उनन्तिस हरफमा संरचित 'ओशो वन्दना' शीर्षकको अर्को कविताले ओशोका माध्यमबाट मानिसले सबै धर्मलाई समेट्ने गरी नयाँ आध्यात्मिक दर्शन प्राप्त गरेको कुरामाथि प्रकाश पारेको छ । यसमा कवयित्रीले ओशोको महान् व्यक्तित्वकै कारण उनीप्रति श्रद्धाभाव प्रकट गरिएको कुरा बताइएको छ । यसरी उनका उक्त कविताहरूमा भावपूर्ण ढङ्गबाट भक्ति अर्पण गरिएको सन्दर्भमाथि प्रकाश पारिएको देखिन्छ ।

**छ) बिछोडको क्षण**

सांसारिक जीवनमा मिलन र बिछोडले निकै महत्त्व राखेको हुन्छ । मिलनको खुसीयालीले भन्दा बिछोडको विरहव्यथाले मानिसलाई निकै भावविह्वल तुल्याउँछ । यहाँ कवयित्रीले अनुभूत गरेका त्यस्ता कतिपय बिछोडजन्य संवेदनालाई समेट्ने प्रयास

गरिएको पाइन्छ । २०६० माघ १ गते आफ्ना बुबाको मृत्युको सन्दर्भसँग जोडेर छ विश्रामसहित छब्बिस हरफमा रचना गरिएको 'मेरा बुबा' शीर्षकको कविताले उनका आराध्य बुबाको अवसानसँगै उत्पन्न अनुरागपूर्ण भावनाहरूलाई समेटेको छ । यसमा उनका बुबाको व्यक्तित्व भगवान् र मानवको भन्दा केही फरक रहेको अतिशय भावपूर्ण उद्गार प्रस्तुत गरिएको छ । उनी आफ्नै तीक्ष्ण प्रतिभा र दूरदर्शी व्यक्तित्वका कारण राष्ट्रसेवा, मानव कल्याण, धर्मरक्षा र पारिवारिक दायित्व आदि पूरा गर्ने महात्मका रूपमा चिनिन्छन् भन्दै उनी मृत भए पनि जीवित आत्माका रूपमा रहेको बताइएको छ । त्यस्तै अर्को एउटा सन्दर्भमा अर्थात् अस्कलमा पढ्दा साथीसँगको बिदाइका क्रममा उनमा उत्पन्न भावनाहरूलाई समेटेर तयार पारिएको 'केवल यही चाहन्छु' शीर्षकको कविता पनि उल्लेखनीय रहेको पाइन्छ । यसमा मित्रतालाई कहिल्यै भुल्न नसकिने कुरा बताउँदै मित्रतामा कुनै स्वार्थ वा घृणा नहुने भएकाले यसको आफैँमा महत्त्व रहेको छ भन्ने कुरा स्मरण गरिएको छ । यद्यपि बिछोडको क्षणमा पीडाबोध भए पनि अथवा टाढाटाढा पुग्नुपरे पनि सधैँसधैँ यादहरू रहिरहून् भन्ने अपेक्षा पनि यसमा गरिएको छ ।

**ज) अन्य विचार**

प्रस्तुत कवितासङ्ग्रहमा समेटिएका अन्य कविताहरूमा पनि वैचारिक विविधताको क्रम देखा पर्दछ । दुई विश्रामयुक्त बाइस हरफको उनको 'दिन र रातको सपना' शीर्षकको कवितामा त्यस्तै वैचारिक तरलताको आभास पाउन सकिन्छ । उनले दिनको सपना र रातको सपनालाई आफ्नै किसिमबाट व्याख्या गरेकी छन् । उनका दृष्टिमा रातको सपना जीवनलाई अगि बढाउने, वास्तविकताको नजिक, कल्पनापूर्ण, तनाव र आनन्दको सम्मिश्रण तथा स्वप्निल चीत्कारजस्तो तर यथार्थमा आनन्दपूर्ण रहने गरेको

कुरा बताएकी छन् । त्यस्तै उनका दृष्टिमा दिनको सपना कामुक प्रकृतिको, अन्धो वा लङ्गडोजस्तो अथवा राजनीतिज्ञ, कृषक, भोको एवं अख्तियार आदिले सक्रियता देखाउने किसिमको रहने गरेको भन्ने पाइन्छ । सङ्ग्रहभित्रकै अर्को 'एकान्तमा' शीर्षकको कवितामा उनले जीवनको निराशपूर्ण अवस्थालाई सङ्केत गरेकी छन् । उनको भनाइ छ– 'जीवनमा कहिलेकाहीँ निराशाका क्षणहरू सिर्जना हुँदा उसलाई एकान्तता वा सुनसानको रातमा पनि असङ्ख्य विचारहरूले प्रभाव पार्न थाल्दछन् । प्रात:कालीन लालिमाले सम्पूर्ण क्षितिजलाई उज्यालो पारे पनि कुनै क्षण अन्धकारको बाक्लो तुवाँलोभित्र हराउनुपर्ने अथवा घना अन्धकारलाई चिर्ने निशापति चन्द्रमाको पनि सूर्योदयसँगै विलीनताको क्षण सिर्जना हुने अवस्थाजस्तै व्यक्तिको जीवनमा पनि अँध्यारो वा निराशाको क्षण आएरै छोड्दो रहेछ । वस्तुत: यस्तै निराशपूर्ण अवस्थामा एकान्तता र शून्यताको रात सहयोगी बन्दो रहेछ ।' चार विश्राम र पन्ध्र हरफमा संरचित यो कविता भावना प्रबल तर लघुतर प्रकृतिको रहेको छ ।

त्यस्तै उनको अर्को 'विश्वनारी रत्न' शीर्षकको कवितामा वानीरालाई विश्वनारी रत्नबाट विभूषित गरिएको सन्दर्भलाई उठाउँदै सम्पूर्ण नारीको सम्मानका रूपमा हेरिएको कुरा समेटिएको छ । छ विश्रामयुक्त तेइस हरफमा संरचित यस भावुक कविताले वानीराप्रतिको श्रद्धापूर्ण महिमागानलाई प्रस्तुत गरेको छ । यसमा उनलाई सगरमाथाको जस्तै उच्चतम व्यक्तित्व, नेपाली साहित्य र संस्कृतिकी प्रतिमूर्ति, कवित्वकलाकी पारखी र औपदेशिक क्षमता भएकी नारीस्रष्टाका रूपमा हेरिएको छ । यो महान् व्यक्तित्वप्रतिको श्रद्धा र नारीजगत्को सम्मानमा केन्द्रित कविता मानिन्छ । उनकै अर्को 'मुक्ति' शीर्षकको कविता स्वाभिमानी व्यक्तिले जीवनमा माया वा तृष्णाका पछि लागेर बाँच्न चाहँदैन

भन्ने मान्यतामा आधारित छ । छोराले समेत केवल आनन्द खोजेको छ र अरूबाट मुक्ति पाउन चाहेको सन्दर्भसँग गाँसेर तयार पारिएको भनिएको चार विश्राम र अठार हरफमा संरचित यस कविताले जीवनले कहिलेकाहीँ केवल आनन्दको मात्र अपेक्षा गरिरहेको हुन्छ भन्ने कुरालाई समेटेको छ । यसमा भनिएको छ– 'ऊ न त कसैका अगाडि हात फैलाउन चाहन्छ, न शिर झुकाउन चाहन्छ । उसलाई कसैले दिन चाहन्छ भने आनन्दको क्षण प्रदान गरोस् । ऊ जुनसुकै किसिमको पाप, धर्म, माया, घृणा, आशीर्वाद र अभिशापको जालबाट सदाका लागि मुक्ति चाहन्छ ।' यसरी विषयगत विविधता भएका सुन्दर कविताहरूलाई पनि यस सङ्ग्रहमा सङ्कलन गरिएको पाइन्छ ।

**ऊ) निष्कर्ष**

नेपाली साहित्यमा मध्यमकालीन कविता प्रवृत्तिका रूपमा शृङ्गारलाई लिइन्छ भने प्राथमिक कालीन कविता प्रवृत्तिका रूपमा वीरता (देशभक्ति) र भक्तिलाई लिइन्छ । तर, आधुनिक कालमा पनि त्यस्ता विषयलाई स्वच्छन्दतावादी रुमानी शैली अथवा अन्य विविध शैलीका रूपमा पनि ग्रहण गर्ने परम्परा रहँदै आएको छ । आधुनिक कालका पछिल्ला रचनाहरूमा अस्तित्व र नारीवादी चिन्तनले समेत सशक्त उपस्थिति जनाउँदै आएको अवस्था छ । यसरी विषयवस्तुको परिधिलाई भन्दा त्यसभित्रको गहिराइ, सान्दर्भिकता र प्रस्तुतिगत कुशलताले स्रष्टाको प्रवृत्ति वा प्राप्तिको मूल्याङ्कन गर्न सकिन्छ । हरेक पटक नयाँजस्तै बनाउन सक्नु नै साहित्यस्रष्टाको उपलब्धि हो । यस दृष्टिले हेर्दा यस 'जानी नजानी' कवितासङ्ग्रमा सङ्कलित कविताहरूले स्थापित विषयगत सन्दर्भलाई नयाँ गति र उचाइ प्रदान गरेका छन् । शृङ्गारमा शिष्टता र स्वाभाविकता, देशभक्तिमा यथार्थता र क्रियाशीलता, जीवनदृष्टिमा सङ्घर्षशीलता र आशावादितालगायत विषयगत मौलिकताभित्र हुर्किन सक्ने किसिमका कविताहरूको सँगालोका रूपमा यसलाई

मूल्याङ्कन गर्न सकिन्छ । अजस्र अनुभूतिप्रवाहभित्र आफूलाई बगाउन सक्ने क्षमताका कारण पनि यी हरेक कविताहरू तरल बन्न पुगेका देखिन्छन् । अर्थात्, अनुभूतिको तरलताले शैलीको कसिलोपनलाई पछाडि पारेझैँ भावप्रवाहको आँधीमा त्यस्ता कतिपय बन्धनहरू अनायासै टुटेजस्ता देखिन्छन् । कतैकतै त लयबोध र भाषिक चयनभन्दा पनि बढी भावको ज्वारभाटाले सिङ्गो कवितालाई नै निगरण गरेको हो कि भन्ने अनुमान पनि गर्न सकिन्छ । जेहोस्, पहिलो रचनाको सङ्केत सुनौलो बिहानीझैँ बनेर देखा परेको छ र भावतरङ्गले अन्धकारका पक्षहरूलाई हटाउँदै लाने प्रयास गरेको पाइन्छ ।

# कवयित्री सुनीता कार्कीको पूर्वकवितायात्रा र दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'को समीक्षात्मक पर्यवलोकन

**महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी**

म यहाँ कवयित्री सुनीता कार्कीको कवितायात्राका परिप्रेक्ष्यमा सुनीता कार्कीको दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'का सम्बन्धमा मेरो समीक्षात्मक पर्यवलोकनमा आधारित यो मन्तव्य व्यक्त गर्न उभिएको छु । मेरो यो समीक्षात्मक मन्तव्य क्रमशः पूर्वप्रसङ्ग, कवयित्री सुनीता कार्कीको पूर्व कवितायात्रा र उहाँको प्रकाशोन्मुख 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको समीक्षात्मक मोटामोटी पर्यवलोकनसमेत प्रस्तुत गरी टुङ्ग्याउनीमा पुग्नेछु ।

**पूर्वप्रसङ्ग**

कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह 'जानी नजानी' २०७० सालमा प्रकाशित भएथ्यो– उहाँका प्रारम्भिक सैंतिस कविताका सँगालाका रूपमा । यस सङ्ग्रहमा सामान्यतः उहाँले २०७० सालसम्म लेखेका कविताहरू (र २०७१ सालको वैशाख महिनाको ७ गते र १४ गतेको रचनासन्दर्भ दिइएका क्रमशः 'नरक पनि हुन्छ होला योभन्दा सुविस्ता' र 'माया' शीर्षकका थप दुई कविता पनि) परेका रहेछन् । मैले २०७० सालमा उक्त कवितासङ्ग्रहमा सँगालिएका फुटकर कविताहरूको टङ्कित पाण्डुलिपि सरसरती पढी उहाँका

कविताका आधारभूत गुण र बान्कीहरूको सङ्क्षिप्त रेखाङ्कनसहित उहाँका मर्ममधुर र प्राय: गीतिनिकट कवितासृजनामा अर्धमुग्ध सरस्वती खुलेको उल्लेखसहित उहाँका कवितासाधनाको अविरलता र उत्कर्षका निम्ति शुभेच्छा व्यक्त गरी लेखेको एक सानो समीक्षात्मक मन्तव्यसमेत त्यहाँ रहेकै छ । सो 'जानी नजानी' कवितासङ्ग्रह प्रकाशित भइसकेपछि पढ्दा भने त्यहाँ सङ्गृहीत सैँतिस फुटकर कवितामध्ये प्रत्येकका अन्त्यमा त्यस कविताको रचनासन्दर्भबारे कवयित्रीले स्वयम् गद्यकारको अवतार पनि लिई आफ्ना लामाछोटा गद्यउद्गारसमेत प्रस्तुत गरेको र यस क्रममा त्यहाँ सैँतिसवटा प्राय: मार्मिक गद्यरचना पनि समेटिएको पाउँदा मलाई विशेष प्रसन्नताको अनुभव भयो । यसरी एकै चोटि सार्वजनिक रूपमा एक नारीप्रतिभा कवयित्री र गद्यकार दुवै रूपमा नेपाली वाग्देवीका नव आराधिकाका रूपमा उदाउनु एक शुभ संयोग हुँदै हो । सम्बन्धित कविताको मुख्य प्रेरक रचनासन्दर्भ र मूल भावभूमितर्फ पनि केही सङ्केत गर्ने यी सैँतिसवटा गद्यअभिव्यक्तिले कवयित्रीका चेतनातलका सम्बन्धित कविताका रचनाका बखतका आफ्ना संवेदना र सोचसोचाइ एवं जीवनदृष्टिलाई गद्यभाषामा पनि विशेष खुलाई समानान्तर रूपमा उक्त सैँतिस कवितापरक स्वव्याख्या र स्वटिप्पणीसमेत प्रस्तुत गरिएको छ र त्यसमा थोरै आत्मसमीक्षाधर्मिता पनि सँगसँगै देखिन आएको विशेष पक्ष पनि यहाँ उल्लेख्य रहेको छ ।

सामान्यत: साहित्यिक विधाहरूका चिन्तनका क्रममा कविता र गद्यरचना वा पद्यगद्यमिश्रित यस्ता साहित्यिक रचनाका प्रकारलाई संस्कृत साहित्यिक परम्परामा चम्पू भनिन्छ र त्यहाँ बीचबीचमा पद्य र गद्य दुवैको मिश्रित प्रयोग भएको एकान्वयी रचनाशीलता रहने गर्दछ भने त्यस्ता कतिपय प्रसिद्ध दृष्टान्त हुन्– त्रिविक्रम भट्टकृत 'नलचम्पू', सोमदेवकृत 'यशस्तिलकचम्पू', भोजराजकृत 'रामायणचम्पू' आदि । गद्यपद्यमिश्रित जुनसुकै ग्रन्थविशेषलाई बुझाउने

सामान्य तात्पर्यमा चम्पू शब्दको अर्थको विस्तार गर्ने हो भने मूर्धन्य नेपाली साहित्यस्रष्टा बालकृष्ण समका 'मेरो कविताको आराधन'का दुई भागस्वरूप उपासना १ र २ को गद्यप्रधान र बीचबीचमा आफ्नै कविताहरूको समावेश गरिएको आत्मसंस्मरणलाई पनि चम्पूका पाराको आत्मकथामूलक वा आत्मजीवनीपरक रचना भन्न सकिएला । यसै सन्दर्भमा सुनीता कार्कीको पूर्वोक्त 'जानी नजानी' कवितासङ्ग्रह चाहिँ प्रत्येक कविताका अन्तमा त्यसको रचनासन्दर्भ (र मूल भावभूमि) स्वयम् कवयित्रीका गद्यरचना अंशद्वारा खुलाइएको अनि मूल कवितासङ्ग्रह प्रबन्धाकृतिको नभई फुटकर गद्यात्मक रचनासन्दर्भहरूका सङ्ग्रहको ढाँचाको र अरू अलि भिन्नै किसिमको कविता र गद्य मिश्रित रहेको एक अर्को थरी चम्पूको प्रकार हुन सक्छ– केवल आफ्ना पद्य (कविता) र त्यसैको रचनासन्दर्भ दिइएको आफ्नै गद्य अभिव्यक्ति मिश्रित रहेका फुटकर प्रकृतिका लेखन प्रकारका सङ्ग्रहका रूपमा । वास्तवमा यही सामान्यत: पूर्वोक्त चम्पूका ढपको गद्यकविता रचना र तत्सम्बन्धी आफ्नै गद्यअभिव्यक्तिको मिश्रित रचनाकै सन्दर्भमा यहाँ मूल विवेच्य रहेको सुनीता कार्कीको 'साथ रहोस् नरहोस्' भन्ने दोस्रो कवितासङ्ग्रहलाई पनि यस्तै विधागत परिप्रेक्ष्यमा हेर्नुपर्ने देखिन आउँछ ।

कविता/पद्य र गद्य दुवै थरी रचनाहरू कुनै साहित्यकारका एउटै ग्रन्थ वा किताबमा सँगै राखी प्रस्तुत गर्ने यो परिप्रेक्ष्य पूर्वी र पश्चिमी दुवै साहित्यिक जगत्मा भेटिने गर्दछ । वास्तवमा विश्वसाहित्यका सृजना र साहित्यिक विधापरक सिद्धान्तका विकासका क्रममा युरोपकेन्द्री पाश्चात्य जगत्मा ईसवीय अठारौँ र उन्नाइसौँ शताब्दी हुँदै निक्खरा पद्य वा कविता विधाको कुरा उठे पनि त्यो गद्यकविता हुँदै अगि बढेको छ र निक्खर गद्यविधाहरूअन्तर्गत नव आख्यान (कथा, उपन्यास), निबन्ध (र प्रबन्ध) तथा जीवनभोगाइमूलक (र कल्पनातत्त्व द्वितीय महत्त्वको रहने) जीवनी, संस्मरण,

दैनिकीय/रोजनाम्चा, नियात्रा, प्रतिवेदनिका (रिपोर्ताज) आदि आख्यानेतर अन्य गद्य विधासमेत मौलाउँदै आएको पाइन्छ । बीसौँ शताब्दीका उत्तरार्धतिरदेखि चाहिँ प्राय: पश्चिमी साहित्यजगत्मा पुन: विधाभञ्जन, विधाविघटन, विधाका मिश्रण/विमिश्रणका र नवनव विधान्तरण आदिका प्रवृत्ति देखा परिरहेको र तिनको असर पूर्वी जगत्का दक्षिण एसियाली नव साहित्यजगत्मा पनि परिरहेको छँदै छ । पूर्वीय, खास गरी संस्कृत, साहित्यजगत्मा चाहिँ सृजन र विधासिद्धान्तका तहमा पनि मोटामोटीमा एकातर्फ काव्य वा साहित्यका श्रव्यपाठ्य प्रभेदअन्तर्गत पद्य, गद्य र मिश्र वा पद्यगद्यमिश्रित चम्पू भनिने तीन थरी विधाभेद प्रतिष्ठित रही अर्कातर्फ नाट्य रङ्गमञ्चको प्रयोग प्रधान रहने रूपक वा नाटकलाई चाहिँ श्रव्य, पाठ्य, क्रीडनीय र प्रेक्षणीय भनी आचार्य भरतद्वारा चिनाइएको र क्रीडनीय र प्रेक्षणीय वा अभिनेय तथा दृश्य किसिमको साहित्यिक अतिरिक्त गुण पनि रहेको नाटक/नाट्य विधाभेद मान्य रही त्यो गद्यपद्य मिश्रित र संवादप्रधान रूपमा अभिनेयसमेत रहेको सकारिँदै आएको भेटिन्छ । जहाँ संस्कृत गद्यकाव्य वा गद्यसाहित्यअन्तर्गत परिमित रूपमा बीचबीचमा पद्य प्रयुक्त भए पनि (अनि बेलाबखत निकै पद्यहरूको प्रयोगसमेत भेटिए पनि) त्यस अन्तर्गतका कथा र आख्यान/आख्यायिका मूलत: गद्यात्मक विधा नै मानिन्छन् त्यहीँ नाटक/नाट्य वा रूपकभेदहरू गद्यसंवाद प्रधान रहे पनि संस्कृत परम्पराका रूपक वा नाट्य प्राय: पद्य/गीतसमेत मिश्रित रहँदै केही मात्रामा चम्पूवत् रहेको पाइन्छ र संस्कृत परम्पराका सुप्रसिद्ध नीतिआख्यानकार विष्णु शर्माका 'पञ्चतन्त्र'प्रभृति गद्यप्रधान नीतिकथाका ग्रन्थमा पनि गद्यपद्य मिश्रण भएको चम्पूवत् संरचना भेटिन्छ । त्यस्तै संस्कृत कविहरूका काव्यमहाकाव्यमा मूल पद्यसँगै अरू विद्वान्हरूले लेखिदिएका गद्यटीका रहने गरेको पाइन्छ । यस बृहत् परिप्रेक्ष्यमा पद्यगद्य विधाको मिश्रण पनि साहित्यिक एक मुख्य प्रवृत्ति नै रहेको पाइन्छ र नेपाली नव कवयित्री सुनीता कार्कीको

पहिलो कवितासङ्ग्रह 'जानी नजानी' (२०७०)मा सँगालिएका सैंतिस फुटकर कवितामध्ये प्रत्येकका अन्त्यमा त्यसबारे स्वयम् कवयित्री कार्कीद्वारा प्रस्तुत भएका गद्यात्मक रचनासन्दर्भहरूले यस कवितासङ्ग्रहलाई कविता र तत्सम्बन्धी गद्य रचनागर्भ सम्मिश्रित भई चम्पूसंरचनातर्फ समेत डोऱ्याएको भेटिन्छ । यसै विस्तृत तथा बृहत् साहित्यिक विधागत सन्दर्भमा उहाँको उक्त पहिलो 'जानी नजानी' कवितासङ्ग्रहका साथै प्रस्तुत दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्' (२०८०)लाई पनि हेर्नुपर्ने अपेक्षा छँदै छ ।

साथै कवयित्री सुनीता कार्कीको पूर्वप्रकाशित उपर्युक्त 'जानी नजानी' कवितासङ्ग्रहले उहाँको व्यक्तित्वको कलाकार अवतारतर्फको विशेष जानकारी पनि प्रदान गरेको हो त्यसको पृष्ठ ९९ पछिको 'मेरो चित्रहरू' भन्ने अन्तिम भागअन्तर्गतका पृ.१०३–११५ का तेह्रवटा प्रायः दृष्टिसुखद र मनोरम भावपूर्ण सूक्ष्म संरचनाका श्यामश्वेत आरेख र चित्रहरूद्वारा रचिएको एक प्रकारको यस रोचक चित्रावलीको थप समावेशमार्फत । यी श्यामश्वेत प्रस्तुतिका र आरेख या रेखाचित्रजस्तो झल्को पनि केही मात्रामा दिने अनि प्रकृति, वनस्पति र जीवनजगत्का र वस्तुजगत्को अनुचित्रणमा आधारित चित्ररचनामा भन्दा खास गरी नरनारीका व्यक्तिचित्र र तिनका मुहारचित्रमा कलाकारीय विशेष दक्षता झुल्किन आउने र समष्टिमा सुन्दर तेह्रवटा चित्रकलाकृतिहरूका आपातदृष्टिका सरसरती अवलोकनबाटै पनि यिनमा पर्याप्त माझिएको कलाकारीय कूचीको मिही स्पर्श पाएको रेखासौष्ठव र परिमित श्यामश्वेत रङ्गसंयोजनको विशेष कौशलसमेत झल्किन्छ अनि सम्बन्धित वस्तु, परिवेश वा व्यष्टि/व्यक्तिको अवस्था र परिदृश्य आदिको विविध मूर्त अमूर्त तथा अर्द्धमूर्त सूक्ष्म रूपाकृति र दृष्टिभङ्गिमाको कलात्मक चित्रणको विस्मयकारी र आह्लादक चाक्षुष संवेद्यतासँगै प्रातिभ कल्पनाशील सृजनात्मक भावसघनता र भावातिरेकको मुग्धकारी अन्तर्झलक

पनि यहाँ यी चित्रहरूमा अधिकांशमा पर्याप्त आस्वाद्य रहेको पाइन्छ विशेष गरी पृ.१०३, १०४, १०६, १०८, १०९, १११, ११२, ११३ र ११५ का सुनीताकृत यी सफल कलाकृतिमा । यसरी उहाँको यो 'जानी नजानी' नाउँको पहिलो कवितासङ्ग्रह एकातर्फ कवित्वको र त्यसको रचनासन्दर्भगत मूल भावभूमिको स्वयम् व्याख्याकारी आफ्नै गद्यरचनाको अनि अर्कातर्फ चित्रकलाकारिताको तीन थरी सृजनधाराको त्रिवेणीसङ्गम हुन पुगेको छ । तसर्थ कवि, गद्यकार र कलाकार नारीव्यक्तित्व सुनीता कार्कीको सहउपस्थितिले यस दोस्रो कवितासङ्ग्रहको प्रकाशन अलि विलक्षण किसिमको घटना हुन पुगेको छँदै छ भने त्यो क्रम प्रस्तुत कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'मा पनि जारी नै रहेको पाइन्छ । साथै आशा गरौँ– उहाँको कलाकार नारीव्यक्तित्व पनि नटुटी सदा गतिमय हुँदै रहोस् ।

वस्तुत: कवयित्री सुनीता कार्कीको उपर्युक्त पूर्वप्रकाशित प्रथम कवितासङ्ग्रह 'जानी नजानी'का सैँतिसवटा फुटकर कवितामध्ये प्रत्येकका अन्त्यमा दिइएका गद्यात्मक सैँतिसवटा लामाछोटा रचनासन्दर्भबाट उहाँको गद्यकारिताको एक झल्को दिग्दर्शनसँगै उहाँको जीवन र कवितारुचि एवं कवितारचनाका विकासका सम्बन्धमा पनि उल्लेख्य जानकारी र सङ्केत प्राप्त हुन्छन् र यिनलाई त्यसै कवितासङ्ग्रहका सुरुतिरका पृ.१७–१८ मा दिइएको र पहिले नै उल्लेख गरिसकिएको 'मेरो भनाइ' भन्ने लेखकीय आत्मकथनका विभिन्न उल्लेखसँग समेत जोडेर र संयोजित गरेर हेर्दाचाहिँ जेजस्ता विशिष्ट जानकारी यहाँ प्राप्त हुन आउँछन् तिनबाट उहाँका कवितायात्राका बारेमा पनि विशेष जानकारी प्राप्त हुन आउने देखियो । तसर्थ अब प्रथमत: त्यस्ता जानकारीलाई उद्धृत गरी या सम्पादित र सारांशीकृत गरी अनि त्यसपछि उहाँका खुदै कविताबाट पनि सम्बन्धित जानकारी लिने गरी तल यी जानकारीहरूलाई यसरी राखेर सरसरती हेरौँ– साथै यहाँ उहाँका

'बाबाआमा' र 'विश्वनारी रत्न' भन्ने दुई खुद कविताभित्रबाटै पनि उहाँका जीवन र कविताबारे थप केही जानकारी भेटिने देखा पर्न आयो ।

(क) 'कक्षा आठमा पढ्दादेखि नै ममा कविता लेखनको सोख मौलाउन थालिसकेको थियो । साथीहरूको अटोबुकमा दुई लहर लेख्दा विशेष नै लेखूँ जस्तो लाग्थ्यो । त्यसैले... मस्तिष्कले जे भन्थ्यो वा हृदयले जे बोल्थ्यो, म त्यही पानाभरि कोरिदिन्थेँ तर मैले लेखनलाई निरन्तरता दिन सकिनँ ।' ('जानी नजानी' कवितासङ्ग्रह, मेरो भनाइ, पृ.१७, अनुच्छेद १) ।

(ख) 'विवाहपश्चात् पनि मेरो कलम चल्न थाल्यो । आफ्ना अनुभूति लेख्दा कौतूहल र काउकुती लागेजस्तो हुन्थ्यो, तर त्यो पनि त्यतिमै सीमित भयो । कलेज पढ्दा लेखेको एउटा कविता देखेर मेरा लागि पहिलो प्रोत्साहन बनेर उभिए मेरा श्रीमान् लोकमानसिंह कार्की । उनैको प्रेरणाले मेरो प्रयास गीत बनी गोपाल श्रेष्ठको गायन र शम्भुजित बाँस्कोटाको सङ्गीतमा रेडियो नेपालबाट प्रसारित हुँदा मभन्दा पनि उनी नै अझै हर्षित भएको मैले पाएँ ।' (पूर्ववत्, अनु.२) ।

(ग) 'प्रस्तुत 'जानी नजानी'मा रहेका कविताहरू कुन परिस्थितिमा मेरा भावनाहरू बनेर प्रकट भए त्यसलाई टिपोटका रूपमा पनि मैले यहाँ व्यक्त गर्न चाहेकी छु ।' (पूर्ववत्, अनु.३) ।

(घ) मलाई जन्म दिने मेरा बुबा रामेश्वरबहादुर सिंह, आमा शशी सिंह तथा भाइ दीपकबहादुर सिंह... । वास्तवमा म पनि कविता कोर्छु भन्ने मेरो परिवारलाई थाहै थिएन ।

(ङ) 'आफू जन्मी, बढी, हुर्की आफ्नो जिन्दगी बिताएको ठाउँ छाडेर २०४१ साल वैशाख १० गते आउँदाको बिरानोपनलाई रोक्न खोजेर नयाँ ठाउँ, नौलो परिवेश, नयाँ अनुहारहरू, नयाँ नाताहरू सबैसँग सामञ्जस्य स्थापित गर्न चाहने हर कोसिस र प्रयासको

परिणति हो यो । यी सबै सन्दर्भपश्चात् आफूले बटुलेका अनुभूतिका क्षणलाई शब्दमा कोर्ने प्रयास पनि हो यो ।' (पूर्ववत्, यस 'जानी नजानी' कवितासङ्ग्रहको एक निकै उत्कृष्ट कवितास्वरूप 'एकअर्का' कविताका अन्त्यमा सो कविताका रचनासन्दर्भबारेको लेखकीय गद्यटिप्पणीको एक अंश, पृ.३७) ।

(च) 'अमृत साइन्स कलेजका जीवन्त र रमाइला क्षण... दुई वर्ष बिताई आईएस्सीको अन्तिम वर्षमा साथीहरूसँग छुट्टिने बेलाको एउटा दु:खद अनुभूति, कताकता खालीपनको अनुभूति । ...हाम्रै विद्यालयका मलगायत पाँच जना साथीहरूको एउटा समूह थियो । ...निकै वर्षको साथपछि टाढा हुन लाग्दा... हृदय एक प्रकारको भारीपनाले भरिएछ र शब्द कोर्नेतर्फ हात सलबलाएछन् । त्यही क्षणको स्मृतिमा कोरिएका लहरहरूको प्रस्तुति हो यो ।' (पूर्ववत्, 'केवल यही चाहन्छु' भन्ने कविताका अन्त्यमा गरिएको सो कविताको रचनासन्दर्भबारेको लेखकीय गद्यटिप्पणीको अंश, पृ.४२) ।

(छ) '२०३९ सालमा अमृत साइन्स कलेजमा आईएस्सीको परीक्षा सकेर म केही समय पोखरास्थित मत्स्यविभाग गएकी थिएँ जहाँ निर्देशक पदमा मेरा भिनाजु हुनुहुन्थ्यो । एक साँझ केही पाहुनाहरू बोलाउनुभएको थियो उहाँले त्यस साँझ वानीराज्यूलाई पनि आमन्त्रित गर्नुभएको रहेछ । ...एक विशिष्ट साहित्यकारसँग साक्षत्कार हुँदा खुसी लाग्नु स्वाभाविकै थियो । आज उहाँ नै 'नेपाली साहित्यका विश्वनारी रत्न'ले सम्मानित हुँदा केही लेख्न कलम स्वत: अगाडि बढ्यो (पूर्ववत्, 'विश्वनारी रत्न' कविताका अन्त्यमा दिइएको लेखकीय गद्यात्मक रचनासन्दर्भसम्बन्धी टिप्पणीको एक अंश, पृ.७३) ।

कवयित्री सुनीता कार्कीको प्रथम कवितासङ्ग्रह 'जानी नजानी' (वि.सं.२०७०)मा रहेको उहाँको 'मेरो भनाइ' भन्ने लेखकीय मन्तव्य

(पृ.१७–१८) र उहाँको सो कवितासङ्ग्रहका 'एकअर्का' र 'केवल यही चाहन्छु' अनि 'विश्वनारी रत्न' भन्ने तीन कविताका अन्त्यमा गद्यभाषामा दिइएका ती कविताका रचनासन्दर्भसम्बन्धी लेखकीय टिप्पणीबाट समेत लिइएका उपर्युक्त सात उद्धरणबाट पाइने जानकारीहरू र तिनका अन्तराशयसमेतलाई समेटेर हेर्दा सम्भवत: २०३५ सालतिर कक्षा आठमा पढ्दादेखि त्यतिखेरकी विवाह हुनुपूर्वकी सुनीता सिंहको कवित्व प्रस्फुटित भई प्रथमत: साथीहरूका 'अटोबुक'का पानामा स्वस्फूर्त प्रवाहका रूपमा सलबलाएको कविताको प्रस्फुटनको त्यो क्रम तत्कालीन अमृत साइन्स कलेजमा २०३९ सालसम्ममा आईएस्सी पढिसक्दा अऊ छचल्किई २०४१ सालमा बिहे भएपछि पनि अलि मन्द गतिमा तर विशेष माझिँदै यदाकदा कागजका पानामा तीव्र वेगपूर्वक र स्वस्फूर्त तवरले नै व्यक्तिने गरेको बुझिन्छ । तर त्यसबारे उहाँका माइतीघरमा वा बिहेपछिका कर्मघरमा पनि कसैलाई खास जानकारी नरही उहाँका केही साथीहरूको सानो समूहभन्दा बाहिर नपुगेको अनि उहाँका कविता, गीतको सार्वजनिक प्रकाशन या प्रसारणको खास अवसर र वातावरण पनि नजुरेको देखिन्छ ।

कवयित्री सुनीता कार्कीको पहिलो 'जानी नजानी' भन्ने कवितासङ्ग्रहको बत्तिसौँ कविता 'बाबाआमा' (पृ.८५–८६)को पहिलो चारहरफे अनुच्छेदमा उहाँले आफ्ना जन्मघर वा माइतघरमा उन्नाइस वर्ष बिताएको स्मरण यसरी प्रस्तुत हुन आएको छ–

**आमाको कोखबाट अवतरण भएर**
**उनकै आलिङ्गनमा आबद्ध भएर**
**कसरी बिते उन्नाइस वसन्त जिएर**
**सोच्दछु आज पनि भावविह्वल भएर ।**

यसरी कवयित्री सुनीता सिंहको जीवनका सुरुका उन्नाइस वर्ष (वा वसन्त) आफ्ना जन्मघरमा बितेको समयसन्दर्भसँग 'जानी

नजानी' कवितासङ्ग्रहको आठौँ 'एकअर्का' शीर्षक भएको अर्को कविताको गद्यात्मक रचनासन्दर्भमा बताइएअनुसार आफू जन्मी, बढी, हुर्की आफ्नो जिन्दगी उपर्युक्त उन्नाइस वसन्त वा वर्ष बिताएको ठाउँ छोडी २०४१ वैशाख १० गते बिहा भई पतिघरका नयाँ ठाउँमा भित्रिन पुगेको भन्ने आशयको जानकारी यहाँ जोडिन पुग्दछ । यस परिप्रेक्ष्यमा उहाँको यस 'जानी नजानी' कवितासङ्ग्रहमा सम्भवत: २०३५ सालतिर देखिका र खास गरी उहाँका किशोरीकाल र वयसन्धिका उमेरदेखि बैँस र उत्तर बैँसका साढे तीन दशक जतिका कवितारचना २०७० सालमा उहाँका पचासौँ वर्षका जैविकीय उमेरतिर प्रकाशित हुन पुगेको ठान्न सकिने देखिन आउँछ । यस कवितासङ्ग्रहका सुरु भागका 'अधुरो मिलन', 'प्यासी अधरहरू', 'पिइरहेछु', 'एकअर्का', 'जानी नजानी' र 'एकान्त' अनि 'साईराम' जस्ता किशोर वय र बैँसका उमेरजस्तै सुकुमार र सुकोमल प्रवृत्तिका अनेकौँ कवितादेखि यस कवितासङ्ग्रहका मध्यतिरका र आखिरी भागतिरका 'मुक्ति', 'मृत्यु ऊ जीवन म', 'महापुरुष' र 'मेरा बुबा' अनि 'वाचाहरू', 'नरक पनि हुन्छ होला योभन्दा सुविस्ता', 'जीवन यस्तै रहेछ' र 'हिजो, आज अनि भोलिको चित्रण' र 'ओशो वन्दना' जस्ता समयुगीन राष्ट्रिय जीवनका विसङ्गतिप्रति व्यङ्ग्योपहास, नारीमुक्तिको चेतना र बुढचौली र मृत्युका अग्रिम प्रतिछाया अनि आध्यात्मिक चेतनाका जैविकीय परिपक्वताका र जीवनमध्यान्तरको झल्को दिने कवितासमेतले झल्काएकै छन् ।

त्यस्तै उपर्युक्त सन्दर्भमा कवयित्री सुनीता कार्कीद्वारा 'जानी नजानी' नाउँको आफ्नो पहिलो कवितासङ्ग्रहको 'विश्वनारी रत्न' भन्ने सत्ताइसौँ कविताका खास गरी तेस्रो र चौथो अनुच्छेद (उद्धृत माथिका दुई अनुच्छेदका कवितामार्फत) कवयित्री सुनीता कार्कीले वरिष्ठ नेपाली कवयित्री वानीरा गिरीलाई 'तिमी' भनी स्नेहपूर्वक सम्बोधित गरी 'शब्दजगत्की सम्राज्ञी' र 'श्वासप्रश्वासमा कविता

बोक्ने' भनी प्रशंसासमेत गरेको अनि आफ्नो 'प्रेरणास्रोत' भनी सम्मानभाव पनि व्यक्त गरेको र यसै सन्दर्भमा आफ्ना कविताबारेका कवयित्री वानीराले व्यक्त गर्ने गरेको एक प्रकारको प्रतिक्रियाको पनि अनुसंस्मरण यसरी व्यक्त गरेको देखिन्छ–

**शब्दजगत्की सम्राज्ञी तिमी**
**मेरा लागि प्रेरणाको स्रोत तिमी**

**श्वासप्रश्वासमा कविता बोक्ने तिमी**
**'मेरो कविता'को ठाडोपनको स्वाद टोक्ने तिमी**
**वास्तविकतालाई छर्लङ्ग देखाइदिने तिमी ।**

वि.सं.२०३० को दशकको मध्यतिरदेखि २०४० को पूरै दशकसम्म नै यसरी सलबलाएको स्वर्स्फूत कवितासृजनका यात्रामा २०३९ सालमा पोखरामा भएको कवयित्री वानीरा गिरीसँगको आकस्मिक भेटबारेको उक्त पूर्वप्रसङ्ग भने यहाँ उल्लेख्य महत्त्वको देखिन्छ । साथै उपर्युक्त 'विश्वनारी रत्न' कविताका अन्त्यमा गद्यभाषामा दिइएको उक्त कविताबारेको सात हरफको रचनासन्दर्भसम्बन्धी लेखकीय आत्मटिप्पणीसमेतका परिप्रेक्ष्यमा यहाँ उक्त 'विश्वनारी रत्न' कविताका यी दुई अनुच्छेद ('जानी नजानी' कवितासङ्ग्रह, पृ.७२)बाट टिपिएका तेस्रो र चौथो अनुच्छेदका उपर्युक्त पाँच हरफ कविता उहाँका परवर्ती अनुसंस्मरणका रूपमा केही आत्मव्यञ्जकजस्ता पनि छन् ।

तर वास्तविकतामा चाहिँ कवयित्री सुनीता कार्कीको २०७० सालमै प्रकाशित 'जानी नजानी' कवितासङ्ग्रहका अधिकतर कवितामा खास 'ठाडोपन' पाइँदैन भने यस कवितासङ्ग्रहका सैंतिस कवितामध्ये केवल यी केही कविताहरूमा चाहिँ अलिकति ठाडोपन भेटिन्छ– 'नयाँ नेपाल', 'नरक पनि हुन्छ होला योभन्दा सुविस्ता', 'दिन र रातको सपना', 'केवल यही चाहन्छु', अनि 'एकता', 'हिजो, आज र भोलिको चित्रण', 'चीत्कार'जस्ता केही

(केवल सातवटा) कवितामा समकालीन नेपालका राष्ट्रिय जीवनका कतिपय (राजनैतिक र प्रशासनिक, आर्थिक र सामाजिक आदि) सार्वजनिक फाँटका बिथिति र विसङ्गति तथा आदर्शच्युति एवं स्वार्थदबदबा अनि मूल्यस्खलनजस्ता विचलनप्रतिका यथार्थपरक व्यङ्ग्योपहासपरक तथा आदर्शसापेक्ष चित्रणका क्रममा यी कवितामा पाइने तिक्खर कथ्य विषयवस्तु प्राय: मीठो, छोटो, मझौलो र लामो उच्चारको श्रुतिरम्य लयात्मकता, लामलामो अन्त्यानुप्रासीयता, उक्तिचातुर्य र प्रखर बिम्बरचना एवं अपेक्षाकृत कठोर व्यङ्ग्योपहासपरक युक्तिकौशलका साथै कवितागत अरू अनेक विशेष कौशलका बीच केही थोरै खस्रोपन वा खरोपन रहे पनि मेरा पाठकीय र भावकीय सन्तुलित मूल्याङ्कनका क्रममा भने यीमध्ये सुरुका चार कविता उच्चमध्यम स्तरभन्दा तल डग्दैनन् अनि पछिल्ला तीन कविता पनि मध्यम स्तरभन्दा नडग्ने र उच्चमध्यम स्तरतर्फ केही उन्मुख नै रहेजस्ता लाग्दछन् ।

वास्तवमा कवयित्री सुनीता सिंह/सुनीता कार्कीको आफ्नै परिवारजनले खास थाहा नपाएको उहाँको लगभग अन्तरनेपथ्यको कवितारचनाको काल झन्डै डेढ दशक वा पन्ध्रसोह्र वर्षजतिको रह्यो– वि.सं.२०५० भन्दा पूर्वको । यस सन्दर्भमा उहाँले कलेजजीवनमा या त्यतिखेरको महाविद्यालयीय सुरु तहका (विज्ञानतर्फका) दुईबर्से अध्ययनकालबीच लेखेको गीतिमय एक कविता बिहे भएको दस वर्षजतिपछि संयोगवश उहाँका पति लोकमानसिंह कार्कीले देखेपछि सुप्रसिद्ध सङ्गीतकार शम्भुजित बाँस्कोटाले गरेका सङ्गीतरचनामा र कलाकार गोपाल श्रेष्ठका गायनमा रेडियो नेपालका सार्वजनिक श्रव्य सञ्चारमाध्यमबाट प्रसारित हुन पुगेको लेखकीय आत्ममन्तव्य (पूर्ववत्, मेरो भनाइ, अनु.२, पृ.१७) विशेष जानकारीप्रद छ भने २०७० सालमा मैले कवयित्री सुनीता कार्कीले 'जानी नजानी' नाउँको पहिलो कवितासङ्ग्रह

(प्रकाशन वि.सं.२०७०)का सम्बन्धमा 'अविरल साधना र उत्कर्षका निम्ति' शीर्षकको संक्षिप्त मन्तव्य (पूर्ववत्, पृ.९–१०) लेख्दा दुई दशकअगि नेपाली गीतिफाँटमा फुल्केकी 'सुनीता कार्की' भनी लेखेको थिएँ र त्यो मैले वरिष्ठ बहुमुखी नेपाली साहित्यस्रष्टा नरेन्द्रराज प्रसाईसँग सोधी बुझिन आएअनुसार नै गरेको सङ्केत थियो भने स्वयम् त्यस कवितासङ्ग्रको प्रकाशक नइ प्रकाशनको प्रकाशकीय (पूर्ववत्, पृ.५–६) अन्तर्गत पनि दुई दशकअघि नेपाली गीतिलेखनमा फुल्केकी कार्कीका रचना...' भनी भनिएकै छ ।

यी परिमित जानकारीहरूका आधारमा विचार गर्दा उहाँका कवितायात्राका खास जानकारीमा आएका वि.सं.२०३० को दशकको मध्यतिरदेखि वर्तमान समय (वि.सं.२०७८) सम्मको विगत चार दशकभन्दा केही बढी नै वर्षका उल्लेख्य मुख्य पूर्वडोबका रूपमा यहाँ कतिपय प्रमुख सन्दर्भ उल्लेख्य देखिन आउँछन् । यस क्रममा उहाँबाट आठ कक्षामा पढ्दाको बखत साथीहरूका 'अटो'मा लेखिएको कविताउद्‌गार र अमृत साइन्स कलेजका आईएस्सीको पढाइका अन्त्यतिरको २०३९ सालको आफ्ना खास साथीहरूसँगका बिदाइका बखतको 'केवल यही चाहन्छु' जस्तो कविताको सृजन (पूर्ववत्, पृ.४१–४२) सँगै उक्त कविताका अन्त्यमा गद्यभाषामा उहाँले लेखेको कविता रचनासन्दर्भसम्बन्धी लेखकीय आत्मटिप्पणी अनि 'बाबाआमा' कविता (पूर्ववत्, पृ.८५–८६)को पहिलो अनुच्छेदको तेस्रो हरफमा पाइने 'कसरी बिते उन्नाइस वसन्त जिएर' भन्ने माइतीकालको भावविह्वल स्मृतिको कविता र २०४१ साल (वैशाख १० गते) उहाँको लोकमानसिंह कार्कीसँग शुभविवाहको अनुपम लगनगाँठो बाँधिएपछिका दाम्पत्ययात्राका मिलनक्रम र बैंसालु कामज्वारका परितृप्ति एवं आत्मविलयनका क्षणको मर्ममधुर सुकोमल गीतिमय अभिव्यक्तिज्वारपूर्ण 'एकअर्का' भन्ने कविता (पूर्ववत्, पृ.३६–३७) अनि सोही २०३९ सालमै उहाँको कवयित्री

वानीरा गिरीसँग भएको प्रेरणादायी भेटको अनुस्मरणको प्रसङ्गका रचना (पूर्ववत्, पृ.३६–३७) र त्यससम्बन्धी रचनासन्दर्भबारे गद्यभाषामा लेखिएको लेखकीय आत्मटिप्पणी (पृ.३७) तथा खास गरी उहाँबाट कलेजमा पढ्दा लेखिएको एक गीतिकविता उहाँका प्रिय पति लोकमानसिंहका दृष्टिमा परी (डेढ दशकको नेपथ्य कवितायात्रापछि) वि.सं.२०५० तिर त्यो रचना शम्भुजित बाँस्कोटाका सङ्गीत–रचना र गोपाल श्रेष्ठका गायनमा रेडियो नेपालबाट प्रसारित हुनुजस्ता विशेष सन्दर्भ अत्यन्त महत्त्वपूर्ण क्रमिक घटना हुँदै हुन् । यसको तात्पर्य २०५० सालतिर रेडियो नेपालको श्रव्य सञ्चारमाध्यममार्फत एक सुकुमारी गीतकार नारीप्रतिभाको रूपमा उहाँको एक झल्को उदय र थोरै सार्वजनिक परिचिति सुरु भएको थियो । यसको लगभग दुई दशकजति र उहाँको आठ कक्षामा पढ्दाको बखतदेखिकै कवितारचनाका क्रमका दृष्टिले चाहिँ साढे तीन दशकभन्दा बढी नै समयस्वरूप सैँतिस वर्षजतिपछि उहाँको माथि उल्लेख गरिसकिएको पहिलो गीतिमय कवितासङ्ग्रह ‘जानी नजानी’ प्रकाशित हुन पुग्यो र चर्चित पनि रह्यो भने वि.सं.२०८० मा उहाँको ‘साथ रहोस् नरहोस्’ भन्ने यो दोस्रो कवितासङ्ग्रह प्रकाशित भयो । यसरी उहाँको अद्यावधिक पुगनपुग साढे चार दशकजति बढीको कवितायात्राका क्रममा यी ‘जानी नजानी’ भन्ने र ‘साथ रहोस् नरहोस्’ भन्ने उपर्युक्त दुई कवितासङ्ग्रहमा परेका क्रमशः सैँतिसवटा र तेत्तिसवटा गरी जम्मा सत्तरीवटा उल्लेख्य फुटकर कविताराशि नेपाली कविताजगत्लाई सिर्जनात्मक उपहार चढाई उहाँ वरिष्ठ नेपाली कवयित्रीका रूपमा प्रतिष्ठित बन्न पुगेको यस सुखद सन्दर्भमा उहाँप्रति नेपाली पाठकजगत्का तर्फबाट हार्दिक आभार प्रस्तुत गर्दै विशेषतः प्रस्तुत दोस्रो ‘साथ रहोस् नरहोस्’ कवितासङ्ग्रहका बारेमा यो समीक्षात्मक मन्तव्य प्रस्तुत गर्न म यहाँ उभिएको हुँ ।

**सुनीता कार्कीको पूर्वकवितायात्रा : 'जानी नजानी' कवितासङ्ग्रहको सरसरती पर्यवलोकन**

यहाँनिर आइपुगेपछि प्रथमतः कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह 'जानी नजानी' (वि.सं.२०७०)का सैँतिस कविताको पठन र पुनःपठनबाट मेरा पाठकीय हृदयमा परेको समष्टि कवितात्मक छापको सन्दर्भको सरसरती एक झल्को अभिव्यक्ति प्रस्तुत गर्दै अगि बढौँ जुन उहाँको प्रस्तुत दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्' (वि.सं.२०७८)मा प्रवेश गर्ने पूर्वाधारका साथै उहाँको यस अवधिबीच गतिशील कवित्वको चर्चाका निम्ति पनि सापेक्ष पर्याधार हुन सक्दछ । यहीँ यो पनि निवेदन गरौँ– अब सुरुमा हामी कवयित्री सुनीता कार्कीको २०७० र २०७१ सालको सुरुतिरसम्मको समष्टि कवितायात्राको प्राप्तिपुञ्जस्वरूप 'जानी नजानी' भन्ने प्रथम कवितासङ्ग्रहको (प्रकाशन २०७०)को आधारभूत स्वरूपका विमर्शतर्फ क्रमशः बढ्दै छौँ ।

उपर्युक्त परिप्रेक्ष्यमा यहाँ कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह 'जानी नजानी'का पृष्ठ २१–९९ का बीचका जम्मा ६९ पृष्ठमा प्रस्तुत भएका र सरदर या औसतमा दुई पृष्ठभन्दा अलि कमैको मध्यम विस्तारका अनि फुटकर कविता र लघु कविता पनि भन्न मिल्ने सैँतिसवटा फुटकर कविताको समष्टि अन्तर्वस्तु तथा भावमण्डल एवं विचारपरिधिबारेको मेरो आफ्नै मोटामोटी पाठकीय तथा भावकीय अनुभववृत्तकै स्मरणसहितको उल्लेख सुरुमा गर्नु उपयुक्त देखिन आउँछ । तदनुसार यहाँ मुख्यतः कवयित्रीका बाल्य तथा कैशोरका र त्यसपछिका वयका छात्रावस्थालगायतका सुकुमार जीवनका नारीसुलभ कोमल संवेदनायुक्त स्नेह र सँगिनीभाव तथा विशेषतः आमाबाबालगायत माइतीका वात्सल्य र ममताका मोहमय अनुभव अनि दाम्पत्य जीवनका प्रणयराग र वासनाबिम्ब एवं मातृवात्सल्य तथा स्नेह अनि आफ्ना परिवारप्रतिका तथा सामाजिक

सम्बन्धका साथै जीवनजगत्का यात्राका र भोगाइका समविषम नाना अनुभवसञ्चितिमध्येका कतिपय ती विशेष तीव्र र टड्कारा भावअन्तर्भाव तथा सोचसोचाइका मर्मस्पर्शी अनुभूतिबिम्बले यहाँ प्राय: गीतिमय गुँजसहितको कवितात्मक वाग्विन्यास प्राप्त गर्न पुगेको पाइन्छ जुन कवयित्रीका चेतनातलमा विशेष सलबलाउँदै नेपाली भाषामा प्रस्फुटित हुने विशेष उत्सुकता र आतुरताका साथ र स्वर्स्फूत रूपमा समयसमयमा प्रकट हुन पुगे– उहाँका किशोरी छात्रावस्थादेखि (२०७०–२०७१) साल वैशाखसम्मका करिब साढे तीन दशकजतिका लगभग अर्धशतकीय आयुक्रमका समयसन्दर्भमा । यहाँ उहाँको मनोजगत् या अन्तर्जगत्का स्थूलसूक्ष्म भाव र संवेदना पितृमातृप्रेम, सख्य प्रणय र प्रगढ दाम्पत्य तथा मातृवात्सल्य, प्रकृतिप्रेम र देशप्रेम, राष्ट्रिय अस्तित्व र नेपाली राष्ट्रिय एकताका दृढ संवेग अनि नेपाली हुनुको गौरवभावको अनुभूतिसम्म विस्तारित भई विशेषत: व्यक्त भएका छन् भने सँगसँगै जीवनजगत्का र नेपाली समयुगीन राष्ट्रिय जीवनका समाज र अर्थराजनीतिका तहका विविध बिथिति र विसङ्गति र विकृति तथा भ्रष्टताप्रति एवं कतिपय राष्ट्रघात तथा समाजघातका परिवेशप्रतिको नागरिक स्तरको चिन्ता र उद्वेग अनि हास्यव्यङ्ग्य, सशस्त्र द्वन्द्वकाल र त्यसपछिका लामो सङ्क्रमणकालका नेपाली जनताका पीडा र यातना तथा त्रास एवं तनावप्रतिको करुण संवेदना अनि शान्तिकामना, मातृभूमि आमा नेपालप्रतिको प्रगाढ श्रद्धा र भक्तिभाव तथा कुशलमङ्गलको कामना, नेपाली युवायुवतीका वैदेशिक रोजगार प्रवासका क्रमका भुक्तमानी र आघातप्रतिको संवेदनशीलता प्रभृति अरू विषयवस्तुगत प्रवृत्ति पनि अभिव्यक्त हुन पुगेका छन् । उहाँको यस कवितासङ्ग्रहको भावजगत् सामान्यत: एक नेपाली उच्चमध्यमवर्गीय तथा उच्चवर्गीय गृहिणी र सुशिक्षित नारीको क्रमिक जीवनवृत्त तथा मनोवृत्त र चेतनावृत्तकै परिधिमा रही एकातर्फ किशोर वयका, वय:सन्धिका अनि शैक्षिक जीवनयात्राका सख्य र माइतीघरका मधुर ममता तथा

प्रकृतिप्रियता, दाम्पत्य जीवनका प्रगाढ प्रेम र संयोगशृङ्गार एवं वात्सल्य तथा आत्मीय भाव र अग्रजप्रति श्रद्धाका बिम्बहरूका कविताहरूद्वारा नै मुख्यत: निर्मित भएको छ र त्यहाँ अर्कातर्फ नेपाली नारीजीवनका बन्धनबद्धताका अनुभूतिका साथै नरनारीलाई समान रूपमा नहेरी नारीलाई केवल भोग्या र सेविका मान्ने परम्परित पुरुषव्यवहारप्रति असहमतिसहित नारीका नव अस्मिता र मुक्तिकामनाको भाव पनि अन्तर्ध्वनित भएको छ र यसै सन्दर्भमा धर्म, भक्ति र अध्यात्मको अनि देशभक्तिको र राष्ट्रिय एकताको चेतना पनि त्यहाँ सञ्चारित नै छ र केही मात्रामा नेपाली सामाजिक, राजनैतिक र आर्थिक जीवनका विसङ्गति र विडम्बनाप्रति चिन्तित र आक्रोशी सञ्चेतना पनि व्यक्त हुन पुगेको पाइन्छ । यहाँ बाल्य, कैशोर, वयसन्धि र बैँसका अनि उत्तरबैँसका विभिन्न वयसन्दर्भमा प्रथमत: अर्धमुग्ध रुमानी संवेगबाट उहाँका कविता निसृत भई क्रमश: जीवनजगत्का र देश एवं समाजका समसामयिक यथार्थतर्फ पनि कवयित्रीको दृष्टि जागृत हुन थालेको आभास भेटिन्छ र यस क्रममा यहाँ पहिले प्राकृतिक (नेपाली प्रकृति, वनस्पतिजगत्सँग सम्बन्धित) परिवेश बढी रही पछि नेपाली सामाजिक रापतापको चोटिलो सन्दर्भ बढ्न थालेको देखिन्छ । उमेरक्रमले समेत यहाँ कवयित्रीको सम्भवत: तीव्र भक्तिचेतना शान्तरसतर्फ उन्मुख रहेको छ अनि आध्यात्मिक उद्बोधन र चिन्तन पनि सहप्रस्फुटित भइरहेको देखिन्छ । उपर्युक्त परिप्रेक्ष्यमा यहाँ सापेक्ष रूपमा वर्तमानयुगीन मानवसमाजमा विशेष रूपमा देखिएका भौतिकवादी, देहवादी र भोगवादी सोच तथा आत्मपतनको प्रवृत्तिको आलोचनासँगै कवयित्री सुनीताद्वारा मानवीय उच्च गुण र मानवताको स्पन्दनको सञ्चार होस् भन्ने कामनासमेत व्यक्त गरिएको अनुभव हुने गर्दछ ।

वास्तवमा यस पहिलो 'जानी नजानी' कवितासङ्ग्रहका कविताहरूमा मुख्यत: उपर्युक्त विषयवस्तुगत एवं भावगत मूल

परिवृत्त कतिपय समसामयिक र सान्दर्भिक थपघट, परित्याग या विस्तार एवं नव परिवर्तनको क्रमसहित उहाँको प्रस्तुत दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'को पनि मुख्य र आधारभूत विषयवस्तुगत र भावगत पर्याधारका रूपमा ज्यादाजसो कायमै रहेको देखिन आउँछ ।

कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह 'जानी नजानी'को मुख्य कथ्य अन्तर्वस्तु र भावजगत्को यति चर्चापछि उहाँका कविताका लयगत, उक्तिगत र शैलीशिल्पगत तथा संरचनागत प्राप्ति र परिसीमाबारे पनि सङ्क्षेपमा चर्चा गरौँ । यस सन्दर्भमा प्रथमत: उक्त कवितासङ्ग्रहको लयविधान र संरचनागत पक्षलाई नै आत्मसात् गरौँ । यस सङ्ग्रहका निकै कवितामा एकातर्फ नेपाली कतिपय वार्णिक लोकछन्दको निकटको तर प्रत्येक संरचनागत पाउ वा पङ्क्तिमा नियमित उच्चार्य अक्षरको पूर्ण मेल र पालन भने नभएको स्वच्छन्द लयात्मक गीतिअनुगुँजको अनुभूति हुने गर्दछ भने अर्कातर्फ वार्णिक लोकछन्दकै जस्तो पङ्क्तिगत उच्चार्य अक्षरगुच्छको नभई उच्चार्य निश्चित मात्राको समुच्चा पङ्क्तिगत पालना गरिने महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' र 'भिखारी'प्रभृति कविताको जस्तो किसिमले नियमित हुनुपर्ने मात्राछन्दको स्वच्छन्द र अनियत अनुगुँजको रनकसमेत यस 'जानी नजानी' कवितासङ्ग्रहका केही कवितामा भेटिन्छ । तर यस कवितासङ्ग्रहका अधिकतर कवितामा भने धेरथोर यी दुवै थरी वार्णिक र मात्रिक लय मिश्रित भएको, मुक्त र स्वच्छन्द अनि कतै अझै अन्तर्गीतिमय र कतै गीतिचेत न्यून रहेका अनि आन्तरिक श्रव्य गीतात्मक रन्को रहे पनि प्राय: अनियत या अनियमित एवं मुक्त र स्वच्छन्द त्यस्तो गद्यकवितात्मक विषम लयविधानयुक्त पङ्क्तिसंरचना भएका अनुच्छेदहरू नै यहाँ खास गरी कविता बन्न पुगेको पाइन्छ । यसको तात्पर्य हो पर्याप्त वार्णिक या मात्रिक गीतात्मक अनुगुञ्जन रहेको

तर कविताका अनुच्छेदगत पङ्क्तिहरूका लयविधानका तहमा भने विषमता रहने मुक्त गद्यकविताका स्वच्छन्द लयप्रवाहमा यस कवितासङ्ग्रहका विभिन्न कविता पर्याप्त अन्तर्गीतिगुण गुँज्ने गरी रचिन पुगेका छन् । त्यस्तै यस सङ्ग्रहका कविताहरू प्राय: असमान अनुच्छेद सङ्ख्याका छन् अनि यहाँ ज्यादाजसो असमान पङ्क्ति या हरफका अनुच्छेदहरू रहेको पाइन्छ । प्राय: यस्तो रहेर पनि मात्रिक छन्दसंरचनाका अलि निकटका 'जानी नजानी', 'साईराम', 'पिइरहेछु', 'केवल यही चाहन्छु', 'बन्दी', 'यही हो प्रेम'प्रभृति कतिपय कविता भने गेय रूपमा श्रुतिसुखद हुन सक्ने र 'एकता', 'अधुरो मिलन', 'चाहना', 'धड्कन' र 'जीवन यस्तै रहेछ'जस्ता केही कविताचाहिँ कतिपय नेपाली लोकछन्दका ढाँचामा चाहिने वर्णगुच्छाका निकटका संरचनामा रहेका अनि पर्याप्त गीतिगुण भएका र गेय अनि गाउँदा श्रुतिरमणीय सिद्ध हुन सक्ने प्रवृत्तिका पनि छन् । यति हुँदाहुँदै पनि यहाँका केही कवितागत अनुच्छेद भने अंशत: परम्परागत चारहरफे या चतुष्पङक्ति ढाँचाका पनि देखा पर्छन् भने यस सन्दर्भमा उदाहरणीय कविता यी हुन्– 'साईराम', 'एकता', 'एकान्तमा', 'चाहना', 'चञ्चल' आदि र 'यही हो प्रेम' अनि 'ओशो वन्दना'चाहिँ मझौला र लामा हरफ मिश्रित भए पनि 'नजिक आइदिन्छु' र 'नयाँ नेपाल' कवितासमेत चतुष्पदी संरचनाकै छन् । यहाँ अनुच्छेद नछुट्टाइएको र लगातार पङ्क्तिप्रवाह भएको 'माया', 'जीवन यस्तै रहेछ' र 'महापुरुष'जस्ता कविता पनि भेटिन्छन् । वस्तुत: यहाँ 'मेरो बुबा' र 'अस्तित्व'प्रभृति कतिपय कविता मुक्तलयात्मक गद्यकविताका रूपमा पनि बेस छन्– श्रुतिमाधुर्यका सन्दर्भमा ।

अब नेपाली गद्यकविताका मुक्त या अनियत पङक्तिगत छोटो र लामो उच्चार्य (र श्रव्य) लयविधानका सन्दर्भमा अहिलेसम्म भएका अध्ययन र आधारभूत स्थापनाका सन्दर्भमा कवयित्री सुनीताको पहिलो कवितासङ्ग्रह 'जानी नजानी'को पङ्क्तिसंरचनाको तेर्सो या क्षितिजीय

लमाइगत स्वरूपबारे केही चर्चा गरौँ । नेपाली गद्यकविताका अद्यावधिक प्रयोगका अध्ययनका सन्दर्भमा मोटामोटीमा यी लयात्मक अन्तर्ढांचा वाचन र श्रवणका तहमा अनि किताबका पानापानाका चाक्षुष मुद्रिताक्षर र खाली भागका समेत सन्तुलित चाक्षुष आकृतिकै तुलनात्मक अवलोकनका क्रमबाट पनि देखिने र अलिकति अन्दाज गर्न सकिने किसिमका हुने गरेको पाइन्छ– (१) अति छोटो लय : चारपाँच उच्चार वा उच्चार्य अक्षरसम्मको रहने लय, (२) छोटो वा लघु लय : पाँच उच्चार्य अक्षरदेखि र नौ उच्चार्य अक्षरजतिसम्मको लय, (३) मझौलो, मध्यम वा मध्य लय : दस उच्चार्य अक्षरदेखि चौधजति उच्चार्य अक्षरसम्मको लय, (४) लामो वा दीर्घ लय : पन्ध्र उच्चार्य अक्षरदेखि उन्नाइसजति उच्चार्य अक्षरसम्मको लय र (५) दीर्घतर, अति लामो वा विशेष लामो लय : २०–२५/२६ उच्चार्य अक्षरआसपासको लय । उपर्युक्त सन्दर्भमा क्रमश: यिनको उच्चार्य र श्रव्य स्वरूपको आकलन र चाक्षुष पृष्ठगत आकृतिको मोटामोटी सन्तुलनको अवलोकन गर्न यस कवितासङ्ग्रहबाट यी केही विविध मुक्त लयात्मक पङ्क्तिहरूका कवितांश वा कवितानमुना तल उद्धृत छन्–

(१) **हिजो...**
**आज...**
**भोलि...**
**आशा गरौँ ।**
**('हिजो, आज अनि भोलि'को कविता, पृ.९४–९६)**

(२) **चोखो माया साँचिरहेछु**
**तिम्रो प्यारमै बाँचिरहेछु ।**
**('जानी नजानी' कविता, पृ.३८)**

**कर्के नजर जुधाएर**
**मदहोस मलाई तुल्यायौ**
**मात्तिएर पछि लाग्न**
**विवश तिमीले बनायौ ।**
**(पूर्ववत्)**

(३) छोडी तिमी जति टाढा गए पनि
माया यो अन्ततः तोड्ने छैन
बिर्सी तिमीले बन्धन तोडे पनि
सम्झना निरन्तर यो छोड्ने छैन ।
('केवल यही चाहन्छु' कविता, पृ.४१)

(४) राष्ट्रको सेवा गर्ने सहस्र क्षमता बोकेर आयौ तिमी
मानवको कल्याण गर्ने समग्र गुण बोकेर आयौ तिमी
धर्मलाई जीवित राख्ने कामना बोकेर आयौ तिमी ।
('मेरो बुबा' कविता, पृ.५६)

(५) के यी नै हुन् त नेपालीको यथार्थ भूत, भविष्य तथा वर्तमान ?
किल्ला काँगडामा बहादुरीका साथ बढेका ती पाइलाहरू
राष्ट्रप्रेमले ओतप्रोत भई हिम्मतले भरिएका ती हृदयहरू
देशभक्तिले ओतप्रोत अबिरले रङ्गिएका ती मुहारहरू ।
('चीत्कार' कविता, पृ.५८)

यसरी समष्टि रूपमा अवलोकन गर्दा सुनीता कार्कीका 'जानी नजानी' कवितासङ्ग्रहमा अति छोटा कवितागत अनुच्छेद वा हरफ उति खासै ज्यादा नरही खास गरी छोटा र मझौला लयगत पङ्क्तिहरू नै यस कवितासङ्ग्रहमा मुख्यत: रहेको र लामा र अति लामा हरफका लयतर्फ उनका परवर्ती कवितामा धेरथोर विस्तार तथा उन्मुखता रहेको भेटिन्छ ।

कवयित्री सुनीता कार्कीका कवितामा यहाँ देखा पर्ने शैलीगत र लयगत एउटा प्रवृत्ति वैशिष्टच हो लगातारका कवितापङ्क्तिहरूबीच या वैकल्पिक कवितापङ्क्तिहरूका बीचको अन्त्यानुप्रासिता र त्यसको बहु अनुच्छेदगत लामो शृङ्खला पनि । यसप्रति उहाँका कविताहरूमा तीव्र रुचि र अलि विशेष मोह नै पनि रहेको देखिन्छ । वास्तवमा भर्खरै माथि उद्धृत विशेष गरी (२), (३), (४) र (५) सङ्ख्याका दृष्टान्तका क्रमका छोटा, मझौला, लामा र अति लामा कविताका उदाहरणमा पनि कविताका लगातार आउने दुई वा बढी पङ्क्तिका अन्त्यमा या वैकल्पिक पङ्क्तिगत पाउहरूका अन्त्य र उपान्त्यलगायत स्थानमा

एकाधिक स्वरव्यञ्जनका आवृत्तिले हुन जाने अनुप्रासीयताले विशेष श्रुतिमाधुर्य सृष्टि गरेको छँदै छ । वास्तवमा अन्त्यानुप्रासयुक्त कवितापङक्तिहरूसँगै यथाअवसर सक्दो लामो अन्त्यानुप्रासका छटाका रचनामा खेल्ने प्रातिभ क्षमता उहाँको कवितारचनाको कलाको एक उल्लेख्य पक्ष नै हो र यसले कवितामा खास व्याघात नपारी श्रुतिरमणीयता नै प्राय: बढाएको पाइन्छ । समष्टि कवितागत अन्तरअनुप्रासीय श्रुतिरम्यताका व्यापक छाँट र प्रचुर अन्तर्माधुर्यका दृष्टिले भने यी कवितामध्ये केही उच्च र प्राय: उच्च मध्यम स्तरकै नजिक छन् अनि अन्त्यानुप्रासकै दृष्टिले पनि केही उच्च स्तरका र प्राय: उच्च मध्यम स्तरका र केही उच्चस्तरतर्फ अलि ढल्केका पनि छन् ।

वस्तुत: यसरी नै 'साथ रहोस् नरहोस्' भन्ने दोस्रो कवितासङ्ग्रहमा पनि अति छोटा उच्चारभन्दा छोटा र मझौला र लामा उच्चारका मुक्त लयका गद्यकविता बढी भेटिन्छन् र अति लामो मुक्त गद्यकविताको लयविधान भने अपेक्षाकृत थोरै नै कविता वा कवितांशमा देखा पर्न आएका छन् अनि यहाँ पहिलो कवितासङ्ग्रह 'जानी नजानी'का मुक्त गद्यकवितामा पाइने सुकोमल गीतिगुण अलि कम हुँदै ओजिलोपन बढ्दो र छोटो मझौलोभन्दा लामा र अति लामा गद्य कवितांशको मात्रा पनि अलि बढ्दो नै देखिन्छ । साथै यिनमा विशेष गरी निरन्तरित र वैकल्पिक कवितापङ्क्तिहरूका बीचको अन्त्यानुप्रासशृङ्खलाको श्रुतिरम्यतासमेत सिर्जने प्रवृत्ति भने उम्दा र बढ्दो मात्रामा नै रहेको अनुभूत हुने गर्दछ ।

कवयित्री सुनीता कार्कीका 'जानी नजानी' कवितासङ्ग्रहका कविताहरू वार्णिक लोकछन्दका उच्चार्य रूपका नजिकका र मात्राछन्दका गेय संरचनाका निकटका पनि छन् र तिनका कवितापङ्क्तिहरू पढ्दा सुन्दा स्वत: श्रुतिसुखद लाग्छन् अनि उहाँका अरू निकै कविता भने मुक्त स्वच्छन्द गद्यकविताका आफ्नै लयबान्कीका छन् । यस क्रममा प्राय: माथि भनिएझैँ छोटा, मझौला

र लामा पङ्क्तिसंरचनाका अन्तर्गीतिमय मुक्तलयका कविताले पनि यहाँ ज्यादाजसो लोकछन्द या मात्राछन्दका गीतकै निकटको अनि केही छोटा लामा पङ्क्तिहरू मिश्रित रहेको तर अलि मुक्त गद्यकवितात्मक छाँट र बान्की प्राप्त गरेको अनुभूत हुन आउँछ–

**परालको कुन्युमा लुकामारी खेल्थ्यौँ**
**बारीका आलीमा नाच्दैनाच्दै हिँड्थ्यौँ...**
**कता कुन्नि गयो हाम्रो त्यो बाल्यकाल...**
**इनारको छेउ बसी नयाँ भाका बुन्थ्यौँ**
**नहरमा खुट्टा खेलाई त्यही भाका गुन्थ्यौँ...**
**टाढा भयौँ आज हामी एकअर्कासँग... ।**
**('अधुरो मिलन' कविता, पृ.२७)**

**पतझड वृक्ष**
**मृत्युका काखमा पुगेर नाङ्गिएको नरकङ्काल ऊ...**
**भूमिको काखाभरि पाखाभरि फुलेको तोरी ।**
**('मृत्यु ऊ जीवन म' कविता, पृ.४९)**

**प्रिय ! तिमी धड्कन बनी**
**अन्तसम्म धड्किदिनू ।**
**('धड्कन' कविता, पृ.५१)**

**रोकेर हेरेँ छेकेर हेरेँ**
**आफैँले आफैँलाई सहमाल्न खोजेँ**
**न तिमी रोकियौ न त म नै रोकिएँ**
**तिम्रो जीवनरूपी सङ्गीतमा विलीन नै भएँ ।**
**('एकअर्का' कविता, पृ.३७)**

**आमा हुँ...**
**त्यसैले आशीर्वादको दुई शब्द दिँदै**
**यस वातावरणसँग हात जोड्छु**
**तिम्रो जन्मदिन सुगन्धित तुल्याइदेऊ भनेर**
**यस आकाशसँग प्रार्थना गर्छु**
**एउटा सिङ्गै सुरक्षाको छतले सदा ढाकिदेऊ भनेर ।**
**('मेरा सन्तानलाई' कविता, पृ.६४)**

वाचा गरौँ आजैदेखि
देशका लागि मर्नेछौँ, देशका लागि जिउनेछौँ ।
('वाचाहरू' कविता, पृ.६०)

भाइले नै भाइ लुटे नाङ्गो हाम्रो नेपाल भयो ।
('एकता' कविता, पृ.२६)

राष्ट्रको सेवा गर्ने सहस्र क्षमता बोकेर आयौ तिमी
मानवको कल्याण गर्ने सम्पूर्ण गुण बोकेर आयौ तिमी
धर्मलाई जीवित राख्ने कामना बोकेर आयौ तिमी ।
('मेरा बुबा' कविता, पृ.५६)

जुन काम भन्थे
सबै रै'छ उल्टा
स्वर्ग छ भन्थे नरक पनि
हुन्छ होला योभन्दा सुबिस्ता ।
('नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' कविता, पृ.८२)

राष्ट्रभक्ति नसानसामा उम्लिएर बग्दछ ।
('नयाँ नेपाल' कविता, पृ.६८)

नारीको धर्म बुझाउने
हे पुरुष जाति !
...धनार्जन अनि रातको प्रेम के यही हो तिम्रो गन्तव्य ?
...तर तिमी– तिमी त केवल उसलाई
दिनको दासी अनि रातको प्रेयसी ठान्छौ ।
('महापुरुष' कविता, पृ.५४)

दुई विपरीत ध्रुवका दुई कटु सत्य हुन् जीवन र मृत्यु
एकले अगि बढ्न प्रेरित गर्छ अर्को शून्यतामा विलीन हुन्छ ।
('मृत्यु ऊ जीवन म' कविता, पृ.४९)

आशाको एक दीपका लागि, मनको अन्धकार मार्ने कामनाका लागि
प्रयास गर्दागर्दै आँसीको रात बनिसकेँ म ।
('जिन्दगीसँग' कविता, पृ.६२)

**कसरी बिते उन्नाइस वसन्त जिएर**
**सोच्दछु आज पनि भावविह्वल भएर ।**
**('बाबाआमा' कविता, पृ.८५)**

**अविनाशी, निराकार,**
**बिन्दुको सुरुवात अनि अन्त्य पनि उनी**
**यस सारगर्भित ब्रह्माण्डको नटराज पनि उनी**
**उनी नृत्य गर्दछन् ।**
**('अस्तित्व' कविता, पृ.९२)**

**तिम्रो आँगनमा आँचल बिछ्याई**
**सुखदुःख तिमी छेउ बिसाई**
**अश्रुले पाउ पखाली**
**भजौँ हामी साईराम... ।**
**('साईराम' कविता, पृ.२१)**

अब सौन्दर्यवर्धक अर्थालङ्कृति र बिम्बोपमा आदिका दृष्टिले कवयित्री सुनीता कार्कीको 'जानी नजानी' कवितासङ्ग्रहको एक झल्का नमुना अवलोकन गरौँ । यहाँ स्वभावोक्ति तथा वाच्यार्थ र लक्ष्यार्थकै विशेष जोड रहे पनि ठाउँठाउँमा विविध अर्थालङ्कार र व्यञ्जनावृत्तिकै पनि उल्लेख्य परिपोषण यहाँका कतिपय कवितामा प्राप्त हुने गर्दछ । यहाँका कविताहरूमा ज्यादाजसो स्फुट अलङ्कार या फाटफुट अर्थालङ्कारको मीठो संश्लिष्ट उपस्थिति रहेको छ भने यहाँ उपमा र रूपक अर्थालङ्कार बढी प्रयुक्त छन् र उत्प्रेक्षा, समासोक्ति, दृष्टान्त, काव्यलिङ्ग, विभावना, दीपक, स्मरण, विषम, अधिक, अतिशयोक्ति, प्रश्नालङ्कार, विरोधोक्ति, सन्देह, रूपकातिशयोक्ति (प्रतीकोक्ति) आदि अरू अर्थालङ्कार पनि फाटफुट भेटिइ नै राख्छन्; जस्तै–

**मन्दाकिनीझैँ बहने यी भावहरू**
**बाँधरूपी मस्तिष्कले नियन्त्रण गर्नै सक्तैन**
**छालझैँ छचल्किने यी अश्रुहरू**
**किनाररूपी कोसहरूले रोक्नै सक्तैनन् ।**
**('पागल' कविता, पृ.२९)**

निश्चल यो सागरसरह मन
रातको निस्तब्धतामा किन उर्लिदिन्छ ?
(‘प्यासी अधरहरू’ कविता, पृ.३०)

आवारा बादल नठानी देऊ
ठक्कर दिँदै पुलकित हुने
म त कालो मेघ हुँ, एक चोटमै बर्सिदिन्छु
केवल त्यही चोटका लागि...
तृषित प्यासी अधरहरूझैँ ।
(पूर्ववत्, पृ.३०–३१)

पाइलाहरू अकस्मात् लरबराउँछन्
हाम्रा वरिष्ठ नेताहरूको आश्वासनको
बोझरूपी भार थाम्न नसकी
नेपालका भविष्यरूपी खुट्टाहरू ढल्पलिएका जस्ता ।
(‘बितिसक्यो’ कविता, पृ.३३)

प्याला जहरको पिएझैँ
जिन्दगी यो जिइरहेछु ।
(‘पिइरहेछु’ कविता, पृ.३४)

निरन्तर बहने सरिताझैँ
निश्छल माया दिइरहेछु ।
(पूर्ववत्)

रोकेर हेरेँ छेकेर हेरेँ
आफैँले आफैँलाई सह्माल्न खोजेँ
न त तिमी रोकियौ न त म नै रोकिएँ
तिम्रो जीवनरूपी सङ्गीतमा विलीन भएँ ।
(‘एकअर्का’ कविता, पृ.३७)

नयन तिम्रा मृगसदृशी
अधर पुष्पकमल
रङ चोर्‍यौ गुलाफको
काया चन्दन लेपन ।
(‘चञ्चल’ कविता, पृ.४६)

**पतझड वृक्ष**
**मृत्युको काखमा पुगेर नाङ्गिएको नरकङ्काल ऊ' ।**
**('मृत्यु ऊ जीवन म' कविता, पृ.४९)**

**उजाडिएको खरको झुपडीमा**
**जहाँ रातमा चन्द्रको दियो बल्छ**
**('जीवन यस्तै रहेछ' कविता, पृ.८९)**

**मनमन्दिरबाटै गर्छु भक्तिअर्पण !**
**धन्य छौ तिमी,**
**देखाउँछौ जगत्लाई जीवनदर्पण ।**
**('ओशो वन्दना' कविता, पृ.९९)**

उपर्युक्त एघारवटा कवितांशमा पाइने अर्थालङ्कारका नमुनामध्ये केही परम्परित किसिमका छन् भने केहीमा कवयित्रीका नव भाव र सोचको कल्पनाश्रित उद्भावनाशक्ति पर्याप्त झुल्किन्छ अनि मानवीय भक्तिभावना र प्रेम तथा कामवासनाका बिम्बमा सहजता र शालीन व्यञ्जनाको आभा पनि झुल्किन्छ र समसामयिक राजनीति र अर्थतन्त्र आदिसँग सन्दर्भित कविताका बिम्ब भने प्राय: अलि खस्रो पाराका तर व्यङ्ग्यपूर्ण कविसुलभ सहज प्रतिभाका द्योतक देखा पर्छन् । कवयित्री सुनीता कार्कीका 'एकता', 'बितिसक्यो', 'वाचाहरू', 'नयाँ नेपाल' आदि देशभक्तिपूर्ण कविताका सन्दर्भमा भने इतिहासका स्मरणका बिम्बको र वर्तमान अनुभवको घोलाइको प्राचुर्य भएको र फाटफुट अर्थालङ्कार रहेको स्वस्फूर्त हार्दिक भावातिरेकको सहजोद्गार मूलत: देखा पर्छ र ती कतिपय स्फुट अलङ्कार मूल भावको सहयोगी भने रहेका छन् । खास गरी यहाँ प्रेरक अग्रज कविबिम्बका दृष्टिले कवयित्री सुनीताका कवितामा कविशिरोमणि लेखनाथ पौड्यालको 'तरुण तपसी' नव्यकाव्यको मानवीय भौतिक र सामाजिक लोभलालचाप्रतिको व्यङ्ग्यभाव वहन गर्ने 'म खाऊँ मै लाऊँ'जस्ता विशेष चर्चित कवितांशको केही प्रतिच्छाया 'हिजो, आज अनि भोलिको चित्रण' कवितामा भेटिन्छ भने

कवयित्री चाँदनी शाहका 'उकाली ओरालीहरूमा' जस्तो गीतिअभिव्यक्तिका स्वायत्त अनुप्रभावको केही झल्को कवयित्री सुनीताको 'जीवन यस्तै रहेछ' कविताका सुरुका केही हरफमा आउँछ तर त्यहाँ कवयित्री सुनीताको मौलिक प्रतिभापूर्ण सृजनात्मक स्वायत्तीकरण गर्ने सामर्थ्य भने टड्कारै देखिन्छ ।

यसरी नै उहाँको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कविताहरूमा पनि अनेक अस्फुट वा स्फुट अर्थालङ्कारपूर्ण उक्तिको उद्भावना र सम्मिश्रण गर्ने रम्य प्रवृत्ति र सामर्थ्य बढ्दो नै देखिन्छ अनि विशेष गरी कतिपय कवितामा विस्तारित उपमा अलङ्कारको शृङ्खला रच्ने प्रभावशाली र सौन्दर्यवर्धक सृजनशक्तिसमेत यहाँ झल्किन पुगेको देखिन्छ अनि यहाँ अर्थालङ्कार या बिम्बविधानका क्रममा प्रकृतिका साथै जीवनजगत्का अरू पक्षका नयाँनयाँ स्रोततर्फको सृजनात्मक रुचि पनि विस्तारित भइरहेको पाइन्छ ।

अब कवयित्री सुनीता कार्कीका 'जानी नजानी' कवितासङ्ग्रहका फुटकर कविताका उक्ति र संरचना एवं दृष्टिबिन्दु तथा भाषाशैलीका सीपका सन्दर्भका बारेमा चर्चा गरी क्रमश: यस विमर्शको बिट मार्ने तयारीतर्फ लागौँ । यस कवितासङ्ग्रहका सैँतिस कवितामध्ये 'दिन र रातको सपना' भन्ने कविता तृतीय पुरुष दृष्टिबिन्दुबाट भनिएको भन्न सकिनेछ उक्तिसंरचनाका दृष्टिले । यहाँ यो कविता 'रातमा देखिने' र 'दिनमा देखिने' भनी दुई उपशीर्षक दिई दुई अनुच्छेदमा धाराप्रवाहमय रूपमा भनिएको छ र प्राय: यहाँ अठारवटा पङ्क्तिजतिसम्म प्राय: भिन्न र कतिपय उनै शब्दसमेत दोहोऱ्याइएको '...आर' भन्ने अन्त्यानुप्रासको शृङ्खलाको नियोजित प्रयोग यसरी गरिएको छ– (क) आधार, सँघार, पूर्णाधार, पुकार, पूर्वाधार, चीत्कार, सञ्चार; (ख) भण्डार, संसार, जुहार, अङ्गीकार; (ग) बहार, पुकार, आहार, भ्रष्टाचार, डकार, दुत्कार, जयकार आदि । यहाँ प्राय: लहरे अन्त्यानुप्रासीय छटा देखा पर्दछ अनि अरू थप अन्त्यानुप्रासका

रहरमा अँबार (फारसी स्रोतको हिन्दी 'अंबार/अम्बार') जस्तो नेपाली भाषाले नचलाएको शब्द पनि भित्रिन पुगेको छ । यस सङ्ग्रहमा पूर्वोक्त 'दिन र रातको सपना'बाहेकका अरू फुटकर कविता प्राय: नेपाली प्रथम पुरुष एकवचन 'म'का प्रथम पुरुषका दृष्टिबिन्दुबाट भनिएका छन् भने 'साईराम', 'एकता', 'अधुरो मिलन', 'वाचाहरू', 'नयाँ नेपाल' र 'हिजो, आज अनि भोलिको चित्रण'जस्ता केही कविता भने विशेषत: नेपाली प्रथम पुरुष बहुवचन सर्वनाम (हामी/हामीहरू)का दृष्टिबिन्दुबाट भनिएका उक्तिसंरचनामा छन् र यिनले क्रमश: स्वयम् वा आफूलगायत अरू भजनकर्ता भक्तसमूह, देशभक्त नेपाली जनसमूह, सँगिनीसमूहसँगै प्रणयीजोडी, देशभक्त नेपाली जनसमुदाय र विकासप्रेमी नेपाली जनगणजस्ता विभिन्न समूहका सामूहिक कामनालाई यहाँ वाणी दिएका छन् । उक्त केही कविताबाहेक यस कवितासङ्ग्रहका अरू कविताहरूचाहिँ नेपाली प्रथम पुरुष एकवचन सर्वनाम 'म'का दृष्टिबिन्दुबाट भनिएका उक्तिढाँचामा रचिएका छन् । यस सन्दर्भमा यहाँ स्वयम् कवयित्रीको कवि 'म' वा कविनिबद्ध विशेष वक्ता वा भोक्ता पात्रका रूपमा कवितामा उभिने कवितागत 'म' पात्रका पनि आफ्नै मनोलाप या आत्मालापका साथै यीद्वारा कसैप्रति वा नेपाली द्वितीय पुरुष एकवचन सामान्य आदरार्थी सर्वनाम 'तिमी'ले जनाउने कवितागत भित्री पात्रप्रति सम्बोधितसमेत उक्तिसंरचनाको प्रयोग भएका प्रमुख कविता यी हुन्– 'पागल', 'प्यासी अधरहरू', 'बितिसक्यो', 'पिइरहेछु', 'एकान्तमा', 'जिन्दगीसँग', 'माया' र 'नरक पनि हुन्छ होला योभन्दा सुविस्ता'जस्ता कविता । यीमध्ये खास गरी 'पागल', 'प्यासी अधरहरू', 'पिइरहेछु', 'एकान्तमा', 'जिन्दगीसँग' र 'माया'जस्ता कवितामा कवयित्रीको या उनको निकटको कवितागत प्रणयी अन्त:पात्रको प्रणयपरक समविषम संयोग वा वियोगको भावको आत्मोद्गार व्यक्त भएको छ र यिनमा कताकता अन्तर्व्यथित नारीहृदयको आत्मपरक अन्तर्गुञ्जन नै बढी गुन्जिन्छ । उपर्युक्त 'बितिसक्यो' कवितामा

चाहिँ कसैका अन्तर्हृदयका भताभुङ्ग अवस्था तथा जलन र प्रकट अश्रुधारा अनि लगपगाएका पाइला र निद्रा विलीन हुने विवश चाहना अनि विभिन्न थरी राष्ट्रिय बेहाल र भताभुङ्गे चालामालाका सूचक बिम्ब देखा पर्छन् । यस कविताका चारै अनुच्छेदका अन्तिम जोर हरफका खस्रा खरा चार उपमाको विस्तारित जोडबलबाट यहाँ राष्ट्र बर्बाद पार्नेहरूप्रतिको थोरै हास्य भाव व्यक्त भएको छ र त्यो ज्यादा घोच्ने राजनैतिक र आर्थिक व्यङ्ग्यका प्रहारमा रूपान्तरित हुन खोजेको भेटिन आउँछ । अर्को 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' कवितामा चाहिँ ऋण काढी देश छाडी खुबै कमाइ हुने वैदेशिक रोजगारका झूटा प्रलोभनमा नेपाली सानाठूला दलालबाट फसाइएर आखिर विदेशमा अलपत्र परेको र स्वदेश फिर्ने आधार नपाई आत्मपश्चात्ताप गरिरहेको र नेपाल सम्झीसम्झी तड्पिरहेको एक नेपाली युवक 'म' पात्रको मोटामोटी कथा र व्यथाको आत्मपरक करुण उद्गार मुख्यत: व्यक्त भएको छ ।

कवयित्री सुनीता कार्कीको 'जानी नजानी' कवितासङ्ग्रहका निकै कविताहरू कवितागत 'म' या 'हामी' भन्ने भित्री वक्ता पात्रका दृष्टिबिन्दुबाट कसैप्रति वा नेपाली द्वितीय पुरुष एकवचन सामान्य आदरार्थी 'तिमी'द्वारा जनाइएको आन्तरिक पात्रप्रति कमबेसी सम्बोधित उक्तिसंरचनामा रचिन पुगेको देखिन आउँछ । उदाहरणार्थ यस सन्दर्भमा यहाँ 'साईराम' कवितामा सामूहिक भजनका उक्तिढाँचामा 'तिमी' भनी साईरामको सुकोमल ईश्वरीय संरक्षक बिम्बको रचना गरी भक्तिसङ्कल्पको मृदु समूहभावलाई प्राञ्जल प्रभावपूर्ण अभिव्यक्ति प्रदान गरिएको पाइन्छ । यसै परिप्रेक्ष्यमा 'एकअर्का' कवितामा चाहिँ 'म' भनी उभ्याइएको विशेषत: एक नवविवाहिता युवतीको 'तिमी' भनी आफ्नो नवयुवा पतिसँगको प्रगाढ दैहिक मिलनको क्रमको परस्परकै तीव्रातितीव्र र अदम्य कामावेगको ज्वार र चरम तृप्तिको दैहिक र स्नायविक सन्तृप्त अनुभाव तथा सूक्ष्म शृङ्गारिक भावको

सशक्त तथा ऊर्जस्वी अभिव्यक्ति रचिन पुगेको छ । 'म'का दृष्टिबिन्दुबाट कथित र 'तिमी'प्रति सम्बोधित संश्लिष्ट र प्रभावशाली उक्ति संरचनामार्फत यहाँ छ अनुच्छेदका क्रमिक र परस्परआबद्ध चरणप्रतिचरण भई त्यो संयोगशृङ्गारिक भाव पूर्ण हुन पुगेको छ । साथै यस कवितासङ्ग्रहको नाउँ राखिएको र 'जान्नु' भन्ने अर्थ भएको 'जान्' भन्ने नेपाली धातुको विध्यर्थक र निषेधार्थक दुवै थरी अर्थको विकल्पी असमापिका पूर्वक्रियाका योगबाट बनेको पूर्वक्रियापदावलीस्वरूप केन्द्रीय कविता 'जानी नजानी' पनि उक्तिसंरचनाका दृष्टिले कवयित्रीको या कविनिबद्ध प्रेमिका अन्त:पात्र 'म'को जानी नजानी माया बस्तै आएको प्रेमीस्वरूप 'तिमी' भनी सम्बोधन गरिएको आन्तरिक पात्रप्रतिको दृढ प्रीतिभावको स्वीकार र त्यसको निरन्तर अनुसरणको सङ्कल्पको व्यञ्जक अनि आफैँलाई पाउने र आफैँ हराउने किसिमको 'आफ्नै कथा', 'आफ्नै छाया' र 'आफ्नै दर्पण'का बिम्बसमेत दिई अभिव्यक्त आत्मोद्‌गार हुन पुगेको छ र यो आत्मिक रुमानी प्रेमको उच्च मर्ममधुर रम्य कविताका रूपमा पनि विशेष उल्लेख्य हुन पुगेको देखिन्छ । त्यस्तै यस कवितासङ्ग्रहका 'केवल यही चाहन्छु', 'मुक्ति' र 'चाहना'जस्ता कविता पनि उपर्युक्त ढङ्गकै दृष्टिबिन्दु र उक्तिसंरचना भएका राम्रा कविता हुन् भने 'मुक्ति' कवितामा चाहिँ प्रणयरागबाट मुक्त नारी मुक्तिको चेतना हुँदै आध्यात्मिक परम मुक्तिको विशेष कामना गरिएको भेटिन्छ । त्यस्तै 'हिजो, आज अनि भोलिको चित्रण' कविता पनि 'हामी' (नेपाली प्रथम पुरुष बहुवचन)का 'म' (आफू)लगायत अरूको सामूहिक रूपमा हामी 'नेपाली' भन्ने सामूहिक दृष्टिबिन्दुका उक्तिसंरचनाअन्तर्गत रचिएको छ र यहाँ अपेक्षाकृत छोटा 'हिजो', 'आज', 'भोलि' अनि 'आशा गरौँ'जस्ता चार वा तीन खण्डको आन्तरिक संरचना क्रमश: '...एन' भन्ने भूतकालिक अकरण नेपाली क्रियाको नौ आवृत्ति र वर्तमानकालिक 'छन्' बहुवचन क्रियाका दस आवृत्ति एवं भविष्यत्‌कालिक विध्यर्थक वा इच्छार्थक सोच जनाउने

'...आउँदै/...उँदै'को दस आवृत्तिसँगै '...ला'को दुई आवृत्तिको वैकल्पिक या निरन्तरित अन्त्यानुप्रासका शृङ्खलामा आबद्ध भई श्रुतिअनुप्राससमेत सघन रहेको छ अनि विदेशी प्रभाव र अभाव दुवै विहीन रहेको अवस्थाबाट विदेशी चकचकी र राष्ट्रिय विविध पक्षका अस्तित्वसङ्कट आई प्रकृति र पर्यावरणको संरक्षणशील स्वस्थ र सम्पन्न राष्ट्रिय भविष्यको कामनासमेत यहाँ गरिएको पाइन्छ । यति परिमित दृष्टान्तका चखनीका सन्दर्भमा हेर्दा यस कवितासङ्ग्रहका कविताहरू विशेषत: तीव्र प्रेम/प्रणयका भावाभिव्यञ्जनाका साथै अंशत: भक्तिभाव र मुक्तितर्फ पनि झुकेको र उल्लेख्य रूपमा देशभक्तिको भावसहित देशका राजनैतिक–आर्थिक बेथिति, आदर्शदेखिको स्खलन र विसङ्गतिप्रति सपाट रूपमा आक्रोशी र व्यङ्ग्यप्रहारकारी नवसामाजिक चासोसमेत राख्ने र खास गरी कवितागत 'म' (प्रथम पुरुष एकवचन सर्वनाम) वक्ता र एक भोक्ता पात्रका दृष्टिबिन्दुबाट अनि 'तिमी' (द्वितीय पुरुष एकवचन सामान्य आदरार्थी सर्वनाम) आन्तरिक पात्रप्रति सम्बोधितसमेत उक्तिसंरचनाबाट कविता रचना गर्ने कौशलतर्फ अभिमुख छन् र यो कवितासङ्ग्रह मुख्यत: प्रथम पुरुषात्मक दृष्टिबिन्दुतर्फ नै विशेष उन्मुख रहेको पाइन्छ । खास गरी तृतीय पुरुषात्मक तटस्थ पर्यवेक्षकीय दृष्टिबिन्दुबाट जीवनजगत्को सूक्ष्म पर्यवेक्षण गर्ने उक्तिसंरचनाप्रति भने कवयित्रीको प्राय: खास रुचि नभएको समेत यहाँ देखिन आएको छ ।

उपर्युक्त विविध सन्दर्भमा हेर्दा प्रस्तुत 'साथ रहोस् नरहोस्' भन्ने दोस्रो कवितासङ्ग्रहमा पनि कवयित्री सुनीताका यी भावगत र उक्तिसंरचनागत एवं कविताका सङ्कथनका दृष्टिबिन्दु र अन्त्यानुप्रासको शृङ्खलासम्बन्धी प्रमुख प्रवृत्तिहरूको प्राय: निरन्तरता नै देखिन्छ । खास गरी यहाँ केही कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भइरहेको पाइन्छ र अन्त्यानुप्रासशृङ्खलाप्रतिको रुचि

चाहिँ झन् बढ्दो देखिन्छ अनि भक्तिभावभन्दा आध्यात्मिक चिन्तनशीलतातर्फ बढेको र विवेकसङ्गत ऐहिकताप्रति पनि केही चासो देखिएको र सुकोमल भावसँगै केही बौद्धिक अन्तर्लाप र समयुगीन राष्ट्रिय जीवनका परिवेशका विविध विसङ्गत प्रवृत्तिप्रतिको आक्रोश र व्यङ्ग्योपहास अरू खरो भइरहेको जस्तो नव प्रवृत्ति पनि यहाँ देखिन आएको पाइन्छ ।

कवयित्री सुनीता कार्कीको 'जानी नजानी' कवितासङ्ग्रहका कविताहरूको आन्तरिक भाषाजगत्का सन्दर्भमा विशेषत: उहाँका शब्दभण्डारका तत्सम (संस्कृत) र तद्भव (नेपाली) र अरू आगन्तुक शब्दस्रोत र कवितासृजनमा तिनको सन्तुलित प्रयोग तथा उपयोगका कौशल र कतिपय कसरबारे पनि स्थालीपुलाक न्यायले केही (आठवटा) बहुबान्कीका नमुनास्वरूप कविताका आधारमा यहाँ अलिकति चर्चा गरौँ । यस सन्दर्भमा यस कवितासङ्ग्रहका सैँतिस कविताहरूमध्ये भक्तिभावतर्फका 'साईराम' र 'ओशो वन्दना' कविता, प्रणयरागतर्फका 'एकअर्का' र 'जानी नजानी' कविता अनि नारीमुक्तिचेतनापरक र व्यङ्ग्यधर्मी 'महापुरुष' कविता एवं आदर्श अग्रज चरित्रप्रति श्रद्धापरक 'मेरा बुबा' कविता र देशभक्तिपरक 'वाचाहरू' कविता तथा समकालीन राष्ट्रिय जीवनका विसङ्गति र पीडाको चित्रण गर्ने 'चीत्कार' र 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता'जस्ता आठ कविताको शब्दविधान वा शब्दशङ्ख्याको स्रोतगत वितरणको अनुपातको सरसरती अवेक्षण र अवलोकन गरेर हेरौँ– केही नमुनाका रूपमा । यसरी मोटामोटी आकलन गर्ने क्रममा यहाँ प्रथमत: यस सङ्ग्रहका सुरु र अन्त्यका भक्तिकविता अनि त्यसपछि अरू बाँकी कविताबारे क्रमिक चर्चा गरौँ ।

'जानी नजानी' कवितासङ्ग्रहको पहिलो कविता 'साईराम'मा संस्कृत स्रोतका तत्सम शब्दका अनुपातमा ठेट वा झर्रा नेपाली शब्दहरू डेढी अनुपातमा र आगन्तुक स्रोतका शब्द नगण्य छन्

अनि भजनको उक्तिसंरचना भएकाले तत्सम शब्द अलि बढी आउनु स्वाभाविक नै हो र यो औसत नेपाली कविताका रचनाका दृष्टिले पनि स्वीकार्य नै रहेको छ । परम्परागत चतुष्पदी ढाँचाका सात पङ्क्तिगुच्छा वा अनुच्छेदमा उनिएको अलि मुक्त र स्वच्छन्द मात्रिक छन्दको निकै अन्तर्नियमित तथा गेयश्रव्य लयात्मक अन्तर्गुण पर्याप्त रहेको र पहिलो, तेस्रो, पाँचौँ र सातौँ अनुच्छेदका अन्तिम हरफमा 'भजौँ हामी साईराम...'का स्थायी भागको आवृत्ति हुने अनि दोस्रो, चौथो र छेटौँ अनुच्छेदमा दुई हरफबीच अन्त्यानुप्रासको रहर र अरू अनुच्छेदहरूको सुरुका तीन पङ्क्ति वा हरफबीच '...आई' र कहीँ '...ई'को प्राय: रम्य सहज अनुप्रासको अन्तर्योजना गरिएको एवं सुकोमल भक्तिभाव र अलि बौद्धिक धार्मिक प्रकल्पना र तर्कनाका बीच सक्दो समन्विति स्थापित गरिएको अनि छोटा र मझौला उच्चार्य– श्रव्य पङ्क्तिगत प्रभावपूर्ण संरचना भएको यो 'साईराम' कविता स्वभावोक्ति र अतिशयोक्तिका साँधबाट निर्झरित कविता हो र यहाँ रहेको 'प्रवाहित/समाहित', 'वेदपुराण/नीतिनिर्माण' तथा 'प्रकाशविस्तारक/पथप्रदर्शक'जस्ता तत्सम संस्कृत शब्दको अन्त्यानुप्रासी आयोजनाको चासोसमेत अवलोकनीय छ । यस सङ्ग्रहको आखिरी वा सैँतिसौँ कविता 'ओशो वन्दना'मा भने तत्सम संस्कृत स्रोतका शब्दको प्रयोगको अनुपात तद्भव नेपाली शब्दहरूका दाँजामा पुगनपुग डेढीजस्तो रहेको छ र अरू आगन्तुक शब्द भेटिँदैनन् । यहाँ ती तत्सम संस्कृत शब्दमध्ये समासयुक्त शब्दसमेत निकै परेको र द्रष्टाभाव, आनन्दप्राप्ति, धर्मविश्लेषक, अवतारपुरुष आदि जस्ता विशिष्ट अर्थवाहक शब्दसमेत रहेको देखिन्छ । सात अनुच्छेदको ओशोप्रति अर्पित जीवनश्रद्धाञ्जलीस्वरूप यो भक्तिकविताचाहिँ भक्तिप्रवणताभन्दा विशेष अन्तर्बौद्धिक र अध्यात्मचिन्तनपरक अनि ज्ञानमार्गको र भक्तिमार्गको साँधतिरै छ भन्न सकिने किसिमको छ र यो कवयित्रीको या कविनिबद्ध 'म' अन्त:पात्रका दृष्टिबिन्दुबाट 'तिमी' ओशोप्रति सस्नेह सम्बोधित

उक्तिसंरचनामा रचिएको छ । यस कविताका अन्त्यमा दिइएको गद्यात्मक रचनागर्भमा स्वयम् कवयित्रीले 'भगवान् ओशो'बारे यसो पनि भनेको पाइन्छ– 'उहाँको प्रवचन बिहान एक घण्टा सुन्ने बानी बसालेकी छु । उहाँले जीवनदेखि मृत्युसम्म तथा हर जीवनअङ्कुरको प्रकृति, अस्तित्व, ज्ञानविज्ञानको विश्लेषण गर्नुभएको छ । ...मेरा श्रीमान् केही वर्षअगिदेखि उहाँका अनन्य भक्त र अनुयायी हुनुभएको छ । ...हामी जे काम गर्छौं त्यो हाम्रो काम होइन उहाँको कृपा हो भन्ने भाव राखेकाले हरेक मुस्किल काम पनि सजिलो रूपमा पूरा गर्ने क्षमता र ऊर्जा उहाँमा आएको छ ।' यसबाट यो 'ओशोवन्दना' कविता कवयित्री सुनीता कार्की र उहाँका पति (लोकमानसिंह कार्की)को पनि श्रद्धाभाजन मनीषी ओशोको अभिनव ज्ञानाश्रित भक्तिमार्गको उत्प्रेरणा प्राप्त गरेको रचना हुन पुगेको अवगत हुन आउँछ भने त्यसैले यहाँ प्रयुक्त तदनुरूपको तत्सम संस्कृत शब्द प्रचुर रही त्यसमा पनि निकै शब्द समासयुक्तसमेत रहेको र सूक्ष्मार्थको संवाहक यो उच्च भाषाशैलीगत उक्तिसंरचना सान्दर्भिक नै ठहर्छ भन्न सकिन्छ ।

यति बिस्तारपछि अब क्रमशः कवयित्री सुनीता कार्कीको पहिलो 'जानी नजानी' कवितासङ्ग्रहका माथि छानिएका अरू छवटा कविताको भाषाशैलीगत उक्तिसंरचनालाई समेट्दै केही चर्चा गरूँ । यस क्रममा खास गरी कवितागत छ अनुच्छेदमध्ये दोस्रो त्रिपदी र अरू चतुष्पदी रहेको अनि प्रायः मझौलो लमाइको मुक्त गद्यकवितागत लयमा सुमधुर रूपमा रचिएको 'एकअर्का' कवितामा भने तत्सम संस्कृत शब्द नगण्य रूपमा छन् अनि ठेट नेपाली तद्भव शब्दहरूकै अत्यधिक प्राचुर्य रहेको र आगन्तुक शब्द पनि न्यून मात्रामा रहेको तर त्यहाँ चोखो ठेट नेपाली भाषाले पचाउन नसक्ने 'मदहोसी' (हि. मदहोशी) जस्तो शब्द पर्न आएको छ र त्यसले 'मदहोसिनु' भन्ने नामधातु क्रिया पनि जन्माएको छ (अनु.३ पङ्क्ति ४ र अनु.४ को

पङ्क्ति ४) । त्यहाँ 'मदविह्वलता' या 'मदआकुलता' आदि भन्न पनि सकिन्थ्यो । यहाँ उक्त श्रव्य लयमाधुर्यसँगसँगै एकातर्फ कवितागत पङ्क्तिका आदि, मध्य र मध्यान्त अनुप्रासका साथै पङ्क्तिका आधाउधीतिरको आर्थी र शाब्दी समानान्तरण र निकटतासँगै बीचबीचको आवर्ती स्वरव्यञ्जन वर्णको श्रुतिरम्य अन्तरअनुप्रासीयताको छाँद र अर्कातर्फ केही मात्रामा '...दै', '...एर', '...यौँ'को अनि मुख्यत: '...एँ'को आवर्ती विस्तारित अन्त्यानुप्रासीय वर्णगत श्रुतिसुखद वर्ण वा ध्वनिका शृङ्खलाको श्रव्य अन्तर्माधुर्यको छटासँगै केही अनुच्छेदका सुरुका पङ्क्तिका बीच र दोस्रो र तेस्रो पङ्क्तिका बीचमा पूरै वा आंशिक रूपमा अर्धस्थायीवत् हुने आवृत्ति पनि प्रभावशाली रहेको पाइन्छ । अर्थगत र भावगत स्तरमा यस 'एकअर्का' कविताको गद्यात्मक रचनासन्दर्भलाई पनि ध्यानमा राखी हेर्दाचाहिँ यहाँ एक नवविवाहित दम्पती जोडीकी नवोढा 'युवती'को अभ्यन्तर 'म'को दृष्टिबिन्दुबाट 'तिमी' भनी आफ्ना प्रिय पतिप्रति सम्बोधित मनोलापको उक्तिसंरचना रहेको छ । यस कवितामा खास एकान्त सहवासका सन्दर्भमा एकअर्काका अँगालामा आबद्ध दुई नवविवाहित जोडीबीचको झन्झन् बढ्दो दैहिक अन्योन्य आशक्ति र मिलनको क्रमको जवानीको भेललाई छेक्न र रोक्न नसकी मदविह्वल हुँदै बग्दै चिप्लिँदै जैविक तीव्र रतिराग, वासना र कामोर्जाका ज्वारका चरम सङ्गीतमा लीन हुन पुगेको दाम्पत्य यौन उत्तेजनाज्वारको शमन, परम मिलन र परितृप्तिको प्राप्तिबिन्दुको मधुर क्षणलाई ससन्दर्भ विभिन्न शब्दार्थगत कौशल र युक्तिमार्फत अभिव्यक्त गरिएको छ । यहाँ उपर्युक्त सशक्त सम्भोगसन्दर्भलाई साउनको झरी, उर्लेको खोला, इन्द्रेणी रूपरङ्ग, वसन्ती पुष्पहरियाली, मादक सुवास, भ्रमरगुञ्जन र सितार, मादल र सारङ्गीका मिश्रित बजाइका सम्मिश्रित मधुर श्रुति तथा क्रियाप्रतिक्रियाका व्यञ्जक रूपकातिशयोक्तिमय अर्थालङ्कारसमेतका सशक्त प्रतीक र बिम्बका ऊर्जित उन्मादी र भावावेगी अर्थशृङ्खलामार्फत अभिव्यक्त गरिएको

छ । यसरी पूर्वोक्त केही मुक्त र केही बद्ध मिश्रित लयगत र भाषाशैलीगत श्रुतिमाधुर्यका अन्तर्लहरको योगसमेतबाट यो एक उत्कृष्ट नेपाली सम्भोगशृङ्गारात्मक कवितामा परिणत हुन पुगेको छ ।

कवितागत उक्तिको संरचना र दृष्टिबिन्दुसँगै भाषाशैलीगत वैशिष्ट्यका दृष्टिले छानिएको अर्को यहाँ विवेच्य नमुना कविता हो 'जानी नजानी' जुन कवयित्रीको यस पहिलो कवितासङ्ग्रहको नाउँकै रूपमा रहेको केन्द्रीय कविता पनि हो । यस कविताका बारेमा कवयित्री स्वयम्ले आफ्ना गद्यात्मक रचनागर्भमा भनेका कुरालाई पनि ध्यानमा राखी यसको उक्तिसंरचना र भाषाशैलीलगायतको आकलन गरौँ । अपेक्षाकृत मुक्त स्वच्छन्द मात्रिक छन्दको निकटको छोटो लमाइको गीतिगुञ्जित गद्यकवितात्मक लयमा कवयित्रीको या कविनिबद्ध कवितागत प्रणयशील वा प्रणयशीला 'म' अन्त:पात्रका आत्मालापका दृष्टिबिन्दुबाट प्रणयी वा प्रणयिनी 'तिमी' आन्तरिक पात्रप्रति सम्बोधित गरिएको र प्रेमका विविध हावभावको अनुसरण गर्दै रहने दृढ आत्माभिव्यक्ति व्यक्त गरिएको अनि चतुष्पदी तीन अनुच्छेद र बीचमा स्थायीवत् दोहोरिने द्विपदी दुई अनुच्छेद रहेको अनि '...मा'/'आँ', '...आँचिरहेछु'जस्ता दुई वा बढी लगातारका पङ्क्तिमा अन्त्यानुप्रास पारिएको अनि '...आ' र '...आयौ' तथा '...अ'का विकल्पी पङ्क्तिका बीचको अन्त्यानुप्रासिता पनि रहेको यो कविता विभिन्न पङ्क्तिका कोमल स्वरव्यञ्जन वर्णका आवृत्तिले छाँदिएको अन्तरअनुप्रासका वर्णतारतम्यको उल्लेख्य श्रव्य माधुर्यले पनि ओतप्रोत रहेको छ । यहाँ संस्कृत तत्सम शब्दको प्रयोग थोरै मात्रामा नै गरिएको छ र त्यसका दाँजामा ठेट तद्भव नेपाली शब्दको अनुपात साढे चार गुनाजति बढी छ र आगन्तुक शब्द पनि नगण्य मात्रामा रहे पनि यहाँ नेपाली भाषाले पचाउन गाह्रो पर्ने 'यारायारी' शब्दको प्रयोग हुनु भने चिन्त्य छ; 'यार' र 'यारी' शब्द नेपाली भाषामा चले पनि फारसी स्रोतको हुन सक्ने (र सम्भवत:

'एकआपसको गुप्त या अगुप्त गाढा प्रेम, सख्य या दोस्ती भन्ने आशय जनाउने') 'यारायारी' शब्दले भने 'मानक हिन्दीकोश' (हिन्दी साहित्यसम्मेलन, प्रयाग : वि.सं.२०४८) र 'बृहत् हिन्दीकोश' (ज्ञानमण्डल लि., वाराणसी : सप्तम सं., सन् १९९२)मा पनि प्रविष्टि प्राप्त गरेको देखिएन । यति राम्रो नेपाली कवितामा यो 'यारायारी' शब्द खास सुहाउँदो पनि देखिएन ।

कवयित्री सुनीताको जागृत नारीचेत, सूक्ष्म हास्य र तीव्र व्यङ्ग्यमुद्रासहित व्यक्त भएको 'महापुरुष' कवितामा पुरुष जातैले वा लैङ्गिक रूपमै नारीवर्गको उपभोगकर्ता र स्वामी भई महान् हुने र नारी उसकी भोग्या र सेविका हुने अनि धनार्जन र रातको प्रेम नै प्रत्येक पुरुषको जीवनको लक्ष्य हुने र नारी सती सीता हुनुपर्ने तर पुरुष राम बन्न नपर्ने किसिमको र जीवनक्रममा नरनारी दुवै समान नहुने र समान हक र सहभागिता स्वीकार नगरिने परम्परागत सामन्ती पुरुषसत्ताप्रधान समाजपरिपाटीअन्तर्गतको प्रत्येक पुरुष आफ्नी स्त्री वा नारीका निम्ति स्वतः महापुरुष बन्ने लिङ्गविभेदवादी सामाजिक ढाँचाको पुरुषसत्ताप्रति यहाँ तीव्र व्यङ्ग्य गरिएको छ । यहाँ रहेका कतिपय छोटा र केही मझौला अनि केही लामा गद्यकवितात्मक पङ्क्तिको अनुच्छेदविभाजनबिनाको जुन कवितासंरचना छ त्यो निकै वैविध्यपूर्ण भएर पनि स्वच्छन्द र समष्टि लयात्मक प्रभावका दृष्टिले प्रभावशाली नै छ । यहाँ आगन्तुक शब्द नगण्य मात्रामा रही तत्सम संस्कृत शब्दका तुलनामा ठेट तद्भव नेपाली शब्दको जुन झन्डै साढे चार गुनाको अनुपात छ त्यो यस स्मित हास्यगर्भित रहेको व्यङ्ग्य कविताका निम्ति पनि सहायक नै हुन पुगेको छ र यहाँ सूक्ष्मतर हास्यरससमेत व्यञ्जित हुन पुगेको छँदै छ ।

कवयित्री सुनीता कार्कीको 'मेरा बुबा' कविता उहाँका आदरणीय ससुरा तथा नेपाल र आधुनिक नेपाली समाजका

समुत्थानमा विशिष्ट, बहुमुखी, उच्च सार्वजनिक योगदान गर्ने परम श्रद्धेय राष्ट्रिय व्यक्तित्व भूपालमानसिंह कार्कीका पुण्यस्मृतिमा रचिएको छ । कवयित्रीको अभ्यन्तर 'म'को प्रथम पुरुष दृष्टिबिन्दुबाट श्रद्धेय भूपालमानसिंहलाई सादर सस्नेह 'तिमी' भनी सम्बोधित गरी उहाँको निधनको गहन शोकसँगै उच्च यशोगानसमेत गरिएको यो शालीन कविता मर्मस्पर्शीसमेत छ । भूपालमानसिंहको उच्च व्यक्तित्व र चरित्रका विभिन्न पाटा र पक्षको श्रद्धापूर्वक संस्मरण गर्दै विशेषत: उच्च राष्ट्रसेवक र महान् राष्ट्रभक्त एवं धर्मका आधार, धरोहर या धरहरा र मानवकल्याणका कर्मप्रति सतत समर्पित सच्चा मानवसेवकका रूपमा उहाँको सम्झना गरिएको मर्मस्पर्शी शब्दआरेखद्वारा रचिएको यो सघन र शालीन कविता उहाँको एक सुन्दर र चिरस्थायी कवितात्मक संस्मरणतुल्य बन्न पुगेको छँदै छ । यहाँ उहाँको पारिवारिक अभिभावकत्व र वात्सल्य एवं मीठो मायाममताको पनि स्मरण गरिएको पाइन्छ । यहाँ निकै कम मात्रामा र चल्तीका नै आगन्तुक शब्द प्रयुक्त भई प्रचलित तत्सम संस्कृत शब्दका दाँजामा डेढी अनुपातमा ठेट तद्भव नेपाली शब्दको जडान गरिएको र पङ्क्तिअन्तर्गतको र विभिन्न पङ्क्तिका बीचको आवर्ती स्वरव्यञ्जन वर्णहरूको परिमित सहज अन्तरअनुप्रासको छाँद र लगातारका या वैकल्पिक पङ्क्तिका बीचको प्राय: अन्त्यानुप्रासिताले सजिएको अनि छोटा, मझौला र लामा लयात्मक गद्यकवितापङ्क्तिको सम्मिश्रित श्रुतिरम्य र मीठो वर्णधुनको सिर्जनाद्वारा वर्णनीय व्यक्तिका प्रमुख चारित्रिक विशेषताको सजीव भावबिम्ब सिर्जिएको उच्च शैलीको कवित्व श्रद्धेय भूपालमानसिंह कार्कीको महिमाअनुरूप पर्याप्त चुलिन पुगेको अनुभव हुन्छ ।

कवयित्री सुनीताको सृजनशील कवयित्री 'म'को जागरूक नेपाली समाजचेतना र नारीचेतनाको दृष्टिबिन्दुबाट हेर्दै द्वन्द्वरत पक्षहरूलाई 'तिमी' भनी सम्बोधन गरिएको 'चीत्कार' कविता

'नेपाल आमाको काखमा चलेको लामो द्वन्द्वको चित्रण'का रूपमा रचिएको छ र यहाँ त्यस द्वन्द्वकालकी एउटी बिधुवी आमास्वरूप नारी र उनका टुहुराटुहुरीहरूको आत्माको करुण चीत्कार प्रस्तुत गरी राष्ट्रिय शान्ति र जनस्तरको सद्भाव र एकताको स्थापनाको आह्वानसमेत गरिएको छ । छोटा पङ्क्ति साह्रै कम रही मुख्यत: मझौला र लामा गद्यकवितात्मक पङ्क्तिगत लयको सम्मिश्रण गरी रचिएको यस कवितामा नगण्य आगन्तुक शब्द र खास गरी संस्कृत तत्सम शब्दका दाँजामा साढे चार गुनाजस्तै ठेट नेपाली शब्दले बुनिएको र कतै लगातारका र कतै वैकल्पिक कवितापङ्क्तिहरूका बीचको अन्त्यानुप्रास र परिमित अन्तरअनुप्रासले छाँदिएको मध्योच्च शैलीगत संरचना भेटिन्छ । तर यहाँ 'पग'जस्तो नेपाली भाषाले पचाउन नसक्ने हिन्दी शब्द (ने.पाउ, पाइला)को प्रयोगचाहिँ अनपेक्षित रहेको छ । कवयित्री सुनीता कार्कीको कविनिबद्ध नेपाली प्रथम पुरुष बहुवचन 'हामी'ले जनाउने आफूसमेत राष्ट्रभक्तिसचेत नेपाली जनसमुदायका दृष्टिबिन्दुबाट खास गरी माटामा खेली माटैले हृदय भिजी माटालाई हरियालीले रङ्गाइदिने किसानहरूलाई 'तिमी' भनी विशेष सम्बोधित 'वाचाहरू' कवितामा मर्मस्पर्शी रूपमा देशको माटाको सार्वभौम स्वतन्त्र अस्तित्वको रक्षा गर्नुपर्ने चुनौतीप्रति सचेत रही सक्षमसमेत हुनुपर्ने प्रबुद्ध सामूहिक जनस्तरीय वाचा र सङ्कल्पको भावना व्यक्त गरिएको पाइन्छ । एकाध अति छोटा, केही छोटा, केही मझौला र केही लामासमेत लयात्मक गद्यकवितात्मक पङ्क्तिको छ्यासमिसे मिश्रित रनक सुनिने यस कवितामा तत्सम शब्दका दाँजामा ठेट नेपाली तद्भव शब्दको अनुपात उल्लेख्य रूपमा झन्डै साढे तीन गुना रहेको छ र नेपाली भाषामा नरतिएका अनि नेपाली भाषाले पचाउन नसक्ने आगन्तुक शब्द पनि उति नपरेको पाइन्छ भने 'बुलन्दी' जस्तो फारसी स्रोतको र नेपालीमा खास नचलेको र 'उच्चता' वा 'उत्कर्ष' भन्नेसम्म अर्थ बुझाउने हिन्दी शब्दको प्रयोग हुनुचाहिँ शोभनीय भएन । यहाँ लगातारका र

वैकल्पिक पङ्क्तिहरूका बीचको अन्त्यानुप्रासितासँगै उल्लेख्य किसिमले अन्तरअनुप्रासको मीठो श्रुतिरम्यता भने भेटिने गर्दछ ।

केही अति छोटा पङ्क्ति र खास गरी छोटा र मझौला लमाइका पङ्क्तिहरूले युक्त तथा मात्रिक लयका निकटका गद्यकविताका रूपमा रचिएको र वैदेशिक रोजगारमा पैसा कमाउन भनी ऋण काढी गएको तर आफ्नै देशका दलालहरूबाट झुक्याइएर भनेजस्तो तलब नमिली फन्दामा समेत फसेको र पश्चात्तापी एक नेपाली युवकलाई कविनिबद्ध कवितागत 'म' भन्ने प्रथम पुरुष एकवचन पात्रका रूपमा खडा गरी उसका करुण आत्मविलाप र पश्चात्ताप तथा घर फर्कने खर्चका निम्तिको सार्वजनिक अनुनयका साथै देशप्रेमको भावना व्यक्त गरिएको एक अन्त:कथा प्रस्तुत गरिएको छ– 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' कवितामा । यहाँ प्राय: लगातार रूपमा र वैकल्पिक पङ्क्तिहरूमा समेत सक्दो अन्त्यानुप्रास मिलाउने तर्जुमासँगै बीचबीचमा पाइने अन्तरअनुप्रासीय परिमित छाँदले पनि पूर्वोक्त द्रुत लयसंरचनासँग मिली श्रुतिरम्यता सिर्जेको पाइन्छ । यहाँ तत्सम संस्कृत शब्दका दाँजामा छ गुना बढी ठेट तद्भव नेपाली शब्दको प्रयोग गरिएको छरितो र मध्यस्तरको भाषाशैलीगत संरचना भेटिन्छ भने 'नीलडाम'को अन्त्यानुप्रास मिलाउन 'हरसाम'को प्रयोग हुनुचाहिँ साँझका तात्पर्यमा 'हिन्दी' शब्द 'साम' नेपाली भाषामा नचल्ने हुँदा त्यति उपयुक्त भएन ।

उपर्युक्त विविध सन्दर्भमा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कविताहरूमा चाहिँ खास गरी नेपाली भाषामा चल्दै नचलेका आगन्तुक फारसी, अरबी, उर्दू र हिन्दी (अनि अङ्ग्रेजी) स्रोतका शब्द प्रयोग नभएको उल्लेख्य भाषागत विशुद्ध प्रयोगको स्थिति देखा पर्नु अवश्य नै स्वागतयोग्य छ । 'जानी नजानी' कवितासङ्ग्रहका उक्ति, सङ्कथन, संरचना र अन्तरअनुप्रासगत छाँद तथा अन्त्यानुप्रासीय शृङ्खलालगायतका प्रभावकारी र श्रुतिरम्य

अरू भावगत तथा शैलीगत तथा उच्चमध्य सम्प्रेष्यतालगायतका विभिन्न प्रवृत्तिहरूको भने यहाँ अन्तर्निरन्तरता तथा अभिवृद्धिशीलता नै उल्लेख्य रूपमा देखा पर्दछ ।

अब यहीँनेर आएर कवयित्री सुनीता कार्कीको प्रथम कवितासङ्ग्रह 'जानी नजानी' (२०७०) सम्मका कवितायात्राका क्रममा रचिएका र प्रकाशित सैँतिस कवितामध्येका कतिपय उत्तम कवितातर्फ यहाँसम्मका विवेचनात्मक सङ्केतका निचोडका आधारमा अलिकति सङ्केत गर्नुपर्ने देखियो । यस क्रममा यस कवितासङ्ग्रहका उपर्युक्त विभिन्न कविताका चारपाँच पटकसम्मका पठन, मनन र उपर्युक्त समीक्षात्मक पर्यवलोकनका क्रममा मलाई उहाँका 'एकअर्का', 'महापुरुष' र 'मेरो बुबा' कविता अत्यन्त राम्रा लागे; यी तीनवटै कविता सम्पूर्ण नेपाली फुटकर कविताकै अद्यावधिक मानस्तरका दाँजामा पनि उच्च स्तरका छन् भन्ने म ठान्दछु । साथै उपर्युक्त तीन उत्कृष्ट कविता नेपाली कवयित्रीहरूका उच्च अग्रपङ्क्तिका उम्दा कवितासृजनाका दाँजामा चाहिँ विशिष्ट प्राप्ति नै ठहर्ने कोटिका छन् भन्ने मेरो ठम्याइ छ । त्यस्तै यस सङ्ग्रहका उहाँका अरू कवितामध्ये केही कसर रहे पनि मलाई राम्रै लागेका अन्य कविता यी हुन्– 'साईराम', 'अधुरो मिलन', 'प्यासी अधरहरू', 'बितिसक्यो', 'पिइरहेछु', 'एकान्तमा', 'जानी नजानी', 'एकता', 'मृत्यु ऊ जीवन म', 'धड्कन', 'नौलो ठाउँ', 'चीत्कार', 'वाचाहरू', 'जिन्दगीसँग', 'मेरा सन्तानलाई', 'बन्दी', 'विश्वनारी रत्न', 'भावहरू', 'यही हो प्रेम', 'माया', 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता', 'बाआमा', 'ओशो वन्दना', 'जीवन यस्तै रहेछ', 'अस्तित्व', 'केवल यही चाहन्छु' अनि 'हिजो, आज अनि भोलिको चित्रण' तथा 'दिन र रातको सपना' । वास्तवमा उहाँका उपर्युक्त फुटकर कविताहरू पनि समुच्चा नेपाली कविताजगत्का मानस्तरमा समेत उच्चमध्यम स्तरभन्दा डग्दैनन् ।

यीबाहेक उहाँका यस सङ्ग्रहका अरू कविता भने अलि कसर रहे पनि अंशत: राम्रा छन् । निष्कर्षमा भन्न सकिन्छ– 'जानी नजानी' कवितासङ्ग्रह (२०७०)कै सन्दर्भमा पनि सुनीता कार्की नेपाली कविताजगत्की अलि ढिलो सार्वजनिक स्तरमा उदाएकी एक विशिष्ट नव नारीप्रतिभा हुन्– पूर्ण परिपाक प्राप्त गर्न बाँकी र पूर्ण प्रभामा फक्रिननिम्ति प्रतीक्षित ।

**सुनीता कार्कीको दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'को समीक्षात्मक पर्यवलोकन**

यहाँ प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहसम्बन्धी यो समीक्षात्मक पर्यवलोकन प्रथमत: उक्त कवितासङ्ग्रहको मूलभूत स्वरूप र रचनागत समयबारे सङ्केत गर्दै विशेषत: यस कवितासङ्ग्रहका कथ्य अन्तर्वस्तु, भाव र चिन्तनलगायतको सेरोफेरोको केही पर्यवलोकन गर्दै यसका लयगत, भाषागत र शैली शिल्पगत समीक्षात्मक संक्षिप्त चर्चा र कलाकार सुनीताको चित्रकलाको दोस्रो विशिष्ट खेपको पर्यवलोकनसहित 'टुङ्ग्याउनी'मा पुगी टुङ्गिनेछ ।

**प्रस्तुत कवितासङ्ग्रहको मूलभूतस्वरूप र रचनासम्बन्धी सङ्केत**

अब कवयित्री सुनीता कार्कीको यो प्रकाशित हुन लागिरहेको 'साथ रहोस् नरहोस्' (२०८०) भन्ने नाम राखिएको दोस्रो कवितासङ्ग्रहका सम्बन्धमा चर्चा गर्नेतर्फ म यस समीक्षात्मक आलेखलाई डोऱ्याउँदै छु । उहाँको यो दोस्रो कवितासङ्ग्रह पहिलो कवितासङ्ग्रह 'जानी नजानी'को निकै निकट नै रहेको देखिन आउँछ– प्रथमत: (कुनै) कविताको मूल पाठ राखी त्यसपछि गद्यमा कवयित्री स्वयम्द्वारा रचिएको आफ्नो सो कवितासम्बन्धी रचनासन्दर्भ दिने र सबै कविता र ती कवितासम्बन्धी रचनासन्दर्भको एक प्रकारको चम्पूस्वरूप यस्तो क्रमिक प्रस्तुतिसँग कवितासङ्ग्रहका अन्त्यमा उहाँका (पन्ध्रवटा) विशिष्ट श्यामश्वेत चित्रकलाकृतिका रचनाको पनि समावेश गर्ने क्रममा । यसरी उहाँको यो दोस्रो

कवितासङ्ग्रह पनि कविता र तत्सम्बन्धी आफैँद्वारा रचित गद्यात्मक रचनासन्दर्भको मिश्रित चम्पूस्वरूप ग्रहण गर्दै श्यामश्वेत रूपरङ्गका रेखाचित्रात्मक कलासमेतको सहसान्निध्य प्राप्त गर्न पुगेको छ– मूलत: भाषिक कलास्वरूप साहित्यिक सिर्जनाका पठ्य एवं श्रव्य स्वरूपका कविता र गद्यात्मक रचनासन्दर्भसँगै अंशत: श्यामश्वेत चित्ररेखासहितका चित्ररचनाको चाक्षुष कलासंवेदनासमेतको सहआस्वादन प्राप्य रहेको एक बहुल कलात्मक सङ्गमका रूपमा ।

कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' भन्ने यस दोस्रो कवितासङ्ग्रहअन्तर्गत उहाँका तेत्तिसवटा कवितारचना स्वरचित गद्यात्मक रचनासन्दर्भसहित सँगालिएका छन् र सामान्यत: यी उहाँको पहिलो कवितासङ्ग्रह 'जानी नजानी' (२०७०) पछिका रचना हुँदै हुन्– २०७०–२०७८ सालका बीचका आठ वर्षजतिका समसमयका । यहाँ यस दोस्रो सङ्ग्रहमा सँगालिएका केही कविताका अन्त्यमा दिइएका कतिपय गद्य रचनासन्दर्भबाट चाहिँ सम्बन्धित केही कविताका रचनाकालबारे यी साङ्केतिक जानकारी प्राप्त हुन्छन्– (क) 'प्रकृतिको अस्तित्वको सन्देश' कविता २०७७ चैत महिनाको सुरुआतसँगै विश्वव्यापी कोरोना महामारी नेपालमा समेत प्रवेश गरी तीव्र हुँदै आएको समयसन्दर्भमा २०७८ सालको रचना देखिन आउँछ; (ख) यस दोस्रो कवितासङ्ग्रहको 'उम्लिएर बगोस्' कविताको रचना २०७० असोज १६ का बडादसैँ महाअष्टमीका पर्वमा गरिएको ऐतिहासिक स्थल गोरखाका गोरखकाली र गोरखनाथका दर्शनका परिवेशबाट उत्प्रेरित रहेको जानकारी पाइन्छ अनि (ग) 'जलधारा एक रूप अनेक' कविताचाहिँ २०७१ सालका भारतका केरल राज्यका विशेष भ्रमणका क्रममा त्यहाँका सागरतटका अवरुद्ध पश्चजलका उत्प्रेरणाबाट रचिएको जानकारी प्राप्त छ र (घ) 'वेदना एक मानव भ्रूणको' कविता २०७१ सालमा रचिएको जानकारी पाइन्छ अनि (ङ) 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताचाहिँ नेपालमा २०७२ वैशाख १२ गते

आएको भूकम्पभन्दा पछिको समयको रचना रहेको बुझिन्छ र (च) 'नवदुर्गा भवानी : एकताकी सूत्र' कविताचाहिँ २०७२ कात्तिक ४ गते विजयादशमीभन्दा पूर्वको विशेष उत्प्रेरणामा रचिएको थाहा हुन आउँछ अनि (छ) 'बन्दी पुस्तक' २०७२ सालको असोजको बडादसैँको घरसफाइको एक प्रसङ्गबाट उत्प्रेरित हुन आएको देखिन्छ र 'शून्य र पुण्य' कविताको रचना भने प्रस्तुत 'साथ रहोस् नरहोस्' भन्ने कवितासङ्ग्रहको प्रकाशन वर्ष २०७८ सालभन्दा करिब दुईतीन वर्षअगि' भएको सङ्केत प्राप्त छ ।

## 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको मुख्य कथ्य अन्तर्वस्तु एवं भाव र चिन्तनलगायतको परिवृत्त

वास्तवमा कवयित्री सुनीता कार्कीको प्रस्तुत दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'का कविताहरूले चर्चेको विषय वस्तुगत समष्टि राष्ट्रिय समयसन्दर्भतर्फ ध्यान दिँदाचाहिँ यहाँ (यस दोस्रो कवितासङ्ग्रहअन्तर्गत) नेपालको माओवादी जनयुद्धकाल (वि.सं.२०५२–२०६३), ऐतिहासिक जनआन्दोलन (२०६२–२०६३), अन्तरिम संविधान (२०६३) अनि संविधानसभाकाल र वर्तमान संविधानको निर्माण गरिएको अवधि (२०६४–२०७२) र भूकम्पको समयसन्दर्भ (२०७२ यता) र कोभिड– १९ वा कोरोनाको महामारीकाल (२०७६–२०७८) आदिको झन्डै विगत साढे तीन दशकको समयसन्दर्भबाट उत्प्रेरित उद्गारका रूपका रचिएका कविता नै ज्यादाजसो रहेका छन् । यहाँ मुख्यत: त्यसै समयसन्दर्भका विभिन्न स्थूल तथा सूक्ष्म प्रभाव एवं अनुप्रभावसँग सम्बन्धित घटना तथा अन्तर्घटना अनि अन्तरपरिदृश्य एवं मन:स्थिति र भावगत अन्तरछायाको वर्णन र आलेखन तथा अभिव्यक्ति गरिएको पाइन्छ । यसैबीचका कवयित्रीका आफ्ना वयक्रमका पाँचौँ दशकताकका जीवनक्रमका अनि वैयक्तिक एवं पारिवारिक जीवनसन्दर्भका कतिपय समविषम अनुभूतिपुञ्ज र सोचसोचाइबाट पनि यहाँ कविताऊर्जा

प्राप्त हुन आएको देखिन्छ । साथै यहाँ यसबीच कवयित्रीका शिक्षा र जीवनभोगाइ तथा सामाजिक र सांस्कृतिक चेत एवं जाग्रत् हुँदो राष्ट्रचेत तथा नागरिक सचेतता र नागरिक संवेदनालगायत नारीचेतनासँगैको प्रेमका मिलन तथा विरहका सञ्चेतना अनि नेपाली प्रकृतिचेत र पर्यावरणचेतनासँगै अंशत: विवेकसम्मत विज्ञानचेतना र विशेषत: धार्मिक तथा आध्यात्मिक चेतले पनि कवित्वका निम्ति प्रेरक ऊर्जा प्रदान गरेको भेटिन आउँछ । मोटामोटीमा कवयित्री सुनीताको प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको कवितात्मक अन्तर्जगत्को मुख्य भावमण्डल तथा वैचारिक पहिचान र सन्देशको पाइनको सारभूत प्रेरक परिवृत्त यही हो ।

अब कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' नामक दोस्रो कवितासङ्ग्रहमा सङ्ग्रह गरिएका तेत्तिस कवितालाई सम्बन्धित कविताको शीर्षकले गरेको सङ्केतसँगैको त्यस कविताभित्र रहेका र तिनमा पाइने मुख्य कथ्य तथा तत्सम्बन्धी विषयवस्तुगत वृत्त र केन्द्रीय भाव एवं सोचसोचाइ र तिनका परिवेश र सन्देशसमेतका सन्दर्भमा प्रथमत: वर्गीकृत गरी हेर्ने प्रयास गरौँ । यस दृष्टिले यस सङ्ग्रहका कविताहरूको पठन र मनन गर्दा यहाँ खास गरी सम्बन्धित कविताशीर्षकले सङ्केत गरेका शीर्ष अन्तर्वस्तु र आधारभूत भावभूमि र सोचाइ तथा सम्बन्धित संरचनागत प्रस्तुतिसमेतका सन्दर्भमा विभिन्न विषयगत, परिवेशगत, भावगत र वैचारिक तहका यी संश्लिष्ट अन्तर्वस्तुगत र भावगत चार थरी मुख्य केन्द्रहरू देखा पर्न आउँछन्– (१) समसामयिक नेपाली राष्ट्रिय जीवनपरक, (२) नारीचेतनापरक तथा आत्मपरक एवं प्रणयभावपरक र (३) नेपाली प्रकृतिपरक (नेपाली प्रकृति, वनस्पति र जीवजगत्समेत समेटिएको) अनि जगत् र जीवनसम्बन्धी चिन्तनपरक (प्रकृतिमानव सम्बन्ध, मानवता, राष्ट्रियता, राज्य, समाज, लैङ्गिकता, राजनीति र प्रशासन एवं सुशासन र विकाससन्दर्भ, वर्गीयता,

जातीयता र दलितता र परिधीयता तथा सीमान्तीयता एवं धर्मसंस्कृति, भक्ति र अरू विविध पक्षीय जगत् र जीवनसम्बन्धी (विवेकसम्मत ऐहिक र भौतिक एवं अध्यात्मपरकलगायत विविधतापूर्ण) विशेष चिन्तनपरक । वास्तवमा यी कवयित्री सुनीताका 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कविताजगत्मा पाठकीय र भावकीय क्रमिक प्रवेश र आन्तरिक अवलोकनका निम्ति स्थूल वर्गीकृत प्राथमिक आधारसम्म हुन् र यी चारवटै पक्षहरू खास कवितारचनाका आन्तरिक स्तरमा भने प्राय: परस्पर अन्तमिश्रित र संश्लिष्टसमेत रहेका छन् अनि यिनसँग जीवनजगत्का अन्य अनेक पक्षहरू पनि आबद्ध र सहसम्बद्ध रहेको देखिन आउँछ । यसै सन्दर्भमा यहाँ यसपछि क्रमश: उपर्युक्त चार पक्षका आधारमा प्रस्तुत 'साथ रहोस नरहोस्' कवितासङ्ग्रहका विभिन्न कविताहरूलाई वर्गीकृत र विवेचित गर्ने प्रयास गरेर मोटामोटीमा हेरौँ– सम्बन्धित कवितासँगका गद्यशैलीका रचनासन्दर्भतर्फ पनि यथावश्यक दृष्टिपात गर्दै ।

**'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको प्रकृतिजगत्को समीक्षात्मक पर्यवलोकन**

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहमा मोटामोटी रूपमा हेर्दा कतिपय कविता नेपाली प्रकृतिको यो या त्यो फेरोलाई मुख्य आलम्बन या अवलम्बन तुल्याई रचिएका छन् भने अरू निकै कवितामा चाहिँ प्रकृतिलाई सहआलम्बन वा उद्दीपन विभावका रूपमा वा अन्य आङ्गिक सजावटकारी र सौन्दर्यवर्धक अर्थालङ्कार र बिम्बविधानका साधकका रूपमा पनि प्रयोग गरिएको पाइन्छ र तीमध्ये सामान्यत: प्रकृतिजगत्सँग सम्बन्धित शीर्षक राखिएका कविताका रूपमा यी देखा पर्दछन्– 'प्रकृतिको अस्तित्वको सन्देश', 'भानु', 'जलधारा एक रूप अनेक', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' अनि 'पृथ्वीको गर्भ', 'समय', 'सगरमाथा नीर नबगाऊ' र 'सगरमाथा परेली नभिजाऊ'जस्ता आठ कविता । साथै यहाँ उपर्युक्त

कविताहरूका अतिरिक्त प्रकृतिपरक शीर्षक नराखिए पनि 'असम्भव प्राय: मिलन' प्रकृतिकेन्द्री कविता हो तत्त्वत: जून घामको प्रणयपरक विपरीत लिङ्गी आकर्षणमूलक अनि मिलन अन्तत: लगभग बाधित रहेको मानवीकृत रुमानी विरहपरक भावप्रतिच्छाया व्यक्त गर्ने । त्यस्तै यहाँ प्रकृतिपरक शीर्षक नदिइए पनि प्रकृतिजगत्लाई सहआलम्बन र उद्दीपन विभावका रूपमा वा विभिन्न अर्थालङ्कारपूर्ण सौन्दर्यवर्धक उक्ति वा शोभावर्धक बिम्बविधानका साधकका रूपमा यी विभिन्न चार कवितामा समेत कल्पनाशील रुमानी अन्तर्भावुकतासहित उल्लेख्य रूपमा प्रकृतिको उपयोग गरिएको भेटिन्छ– 'एक भूल', 'समर्पित', 'अपरिहार्य' र 'अधुरो कल्पना' । साथै यहाँ प्रकृतिपरक शीर्षक नरहेका यी अन्य छवटा कवितामा पनि विभिन्न ढङ्गले प्रकृतिको सौन्दर्यवर्धक कमबेसी तर उल्लेख्य आंशिक प्रयोग तथा उपयोग गरिएको भेटिन्छ– (क) 'गाईजात्रा', (ख) 'शून्यतामा', (ग) 'कालो दाग', (घ) 'कुलकी मान', (ङ) 'बिना' अनि (च) 'साथ रहोस् नरहोस्' । यीबाहेक यहाँका अरू केही (पाँचवटा) कवितामा पनि अन्य भावाभिव्यक्तिका परिप्रेक्ष्यमा फाटफुट रूपमा प्रकृतिगत अलङ्कृत बिम्बविधान गरिएका यस्ता कवितांश भेटिने गर्दछन्–

१. **सुरुङमार्गद्वारा/ओडार छिर्दाछिर्दै...**
**यही अँध्यारो ओडारबाटै ।**
**('वेदना एक मानव भ्रूणको' कविताबाट)**

२. **उही तिम्रो**
**कस्तूरी सुवास ।**
**('कस्तूरी सुवास' कविताबाट)**

३. **धाँजा परी फाटेका गरामा सुनको बाला झुलाउनु छ**
**('अदम्य साहस' कविताबाट)**

४. **गुलाफको मदमय सुगन्ध कोमल स्पर्श**
..............................
**आज मभित्रका लबज/सुकेर झरेका पुष्पसरह**
**('बन्दी पुस्तक' कविताबाट)**

### ५. निबिड अन्धकारकी शशी उनी
### ('नारी' कविताबाट)

यहाँ माथि उल्लेख गरिएका न्यूनाधिक प्रकृतिपरक चौबिसवटा कविताहरू जम्मा तेत्तिस कवितामध्ये दुईतिहाईभन्दा केही बढी नै देखा पर्दछन् । यीमध्ये केही फाटफुट कवितांश उद्धृत गरिएका उपर्युक्त पाँच कविताबाहेक नै पनि यहाँ 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहमा उल्लेख्य रूपमा अठारवटा (यस कवितासङ्ग्रहका आधाभन्दा बढी) कवितामा शीर्षक, आलम्बन, सहआलम्बन, उद्दीपन एवं सौन्दर्यसाधक तथा शोभाकारी विभिन्न बिम्ब तथा उक्तिगत शोभावर्द्धक अर्थालङ्कारका स्रोतका रूपमा पनि प्रकृतिजगत्को यो वा त्यो पक्षको प्रयोग तथा उपभोग गरिएको पाइन्छ । अब क्रमश: यस कवितासङ्ग्रहका यिनै आधाजसो प्रकृतिपरक कवितामा हाम्रो पाठकीय र भावकीय दृष्टि केन्द्रित गरौँ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्गहअन्तर्गतका निकै कवितामा सामान्यत: धर्ती, आकाशलगायत विश्वकै प्रकृति एवं पर्यावरण र परिवेश तथा मानवीय जीवनसन्दर्भको पनि उल्लेख्य उपस्थिति रहेको छ । विशेषत: यहाँ नेपाली प्रकृतिजगत्को व्यापक प्रयोग र उपयोग गरिएको पाइन्छ । यहाँका 'पृथ्वीको गर्भ' तथा 'जलधारा एक रूप अनेक' र 'प्रकृतिको अस्तित्वको सन्देश'जस्ता थोरै कवितामा वा तिनका गद्यात्मक रचनासन्दर्भमा चीन र भारतलगायत अन्तर्राष्ट्रिय तहका भौगोलिक र प्रकृतिगत अरू सन्दर्भ र बिम्बहरू पनि छन् ।

यहाँका शीर्षक नै प्रकृतिपरक रहेका फुटकर कवितामध्ये पहिलो 'प्रकृतिको अस्तित्वको सन्देश' कविता यी तीन उपशीर्षक भएका तीन भाग या खण्डहरूमा विभाजित रही ती भाग/खण्ड अरू अनुच्छेदविभाजन नभएका निरन्तरित तीन लामा पङ्क्तिप्रवाहका तीन लामा अनुच्छेदलहरहरूका सङ्कथनका रूपमा संरचित भएको

छ– म प्रकृति हुँ अस्तव्यस्त मेरो हालत, कोरोना भाइरसको स्पष्टीकरण र कोरोनापीडित मानव । यहाँ प्रथम पुरुष एकवचन 'म' पात्र भई क्रमश: प्रकृति/धर्ती, कोरोना भाइरस (चक्रे विषाणु) र कोरोनापीडित मानिसका आत्मालापहरूमार्फत भावपरक कतिपय अन्तर्विचार प्रवाहितसमेत गरिएको पाइन्छ । यसरी यहाँ समकालीन कोरोना या कोभिड– १९ भन्ने चक्रे विषाणुको विश्वव्यापी जैविक महामारीको त्रासद सङ्क्रमण बढी त्यसले नेपाली जीवनलाई पनि निकै प्रभावित तुल्याई हजारौँ नेपालीको प्राण हरण गरी सताइरहेको परिप्रेक्ष्यमा मानिसले प्रकृतिमाथि आधिपत्य जमाई आफ्नो सुखसुविधा बढाउन चरम रूपमा प्रकृतिको प्राविधिक दोहन गर्दै रहेबाट नै कोरानाजस्तो पूर्ण नियन्त्रण गर्न गाह्रो परिरहेको यस्तो भयावह जैविक महामारीको सामना गर्नुपरेको हो र आफ्नो यो वर्तमान अकिञ्चनता र निरीहताको अवस्था मानवजातिले बेहोर्नुपरेको हो भन्ने दु:खद विशेष सन्देश पनि व्यक्त गरिएको छ । यहाँ अन्तर्विधागत मिश्रणका तहमा कवितातत्त्वसँग मनोवाद, अन्तरसंवाद, सूक्ष्म पात्रविधान तथा अन्तरकथाका युक्तिसमेतका योगबाट जुन सन्देश प्रदान गरिएको छ त्यसमा स्वयम् मानवजातिप्रति व्यङ्ग्योपहास र स्वयम् मानिसकै पनि आत्मकरुणाको भावसमेत समेटिएको छ । यहाँ समकालीन नेपाली जीवनको विशेष व्याकुल व्यग्र सन्दर्भ र पर्यावरणसंरक्षणलगायत प्रकृतिसंरक्षणको र प्रकृतिमैत्रिक दिगो विकासको प्रबल सन्देश प्रसारित गर्दो अन्तर्वैचारिकी पनि छँदै छ जुन यसका रचनासन्दर्भबाट समेत प्रस्टचाइएको छ ।

उपर्युक्त परिप्रेक्ष्यमै 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका प्रकृतिपरक शीर्षक भएका अरू कवितातर्फ क्रमश: अगि बढौँ । यसै क्रममा 'भानु' कवितातर्फ दृष्टि दिँदा यहाँ प्रथम पुरुष एकवचन 'म' सर्वनाम पदले स्वयम् कवयित्री या कविनिबद्ध कवितागत आन्तरिक 'म' पात्रविशेषका रूपमा (आदिकवि भानुभक्तसमेतका ज्योतिर्मय

सोचका प्रतिच्छायामा) मिरमिरे प्रभातकालीन भानु वा सूर्यका आत्मकथनका तहमा संरचनागत रूपमा यो कविता रचिएको देखिन्छ । यहाँ त्यस 'म' पात्रका प्रथम पुरुष एकवचनका दृष्टिबिन्दुबाट मिरमिरे बिहानीका 'भानु'का सृजनात्मक ज्योतिर्मय चाहनाहरू यस कविताका प्राय: विभिन्न अनुच्छेदका अन्तका 'चाहन्छु' क्रियापदका दस पटक जतिका आवृत्तिबाट र चारु प्रकाशमय पूर्वाकाशको रचना गर्ने चाहनाबाट अप्रत्यक्षत: स्वयम् कवयित्रीकै देशको विकासको चाहनासमेत अभिव्यक्त भएको छ । यहाँ सूर्योदयकालीन पूर्वी क्षितिजका कतिपय सुन्दर चित्रात्मक भावबिम्बहरूमार्फत पनि कवयित्रीका पूर्वोक्त देशविकासका कामनासँगै 'भानु' शब्दका अर्थश्लेषबाट चाहिँ कवयित्रीका आफ्ना कवित्वको विकासका कतिपय चारु चाहनासमेत व्यक्तिन आएका छन् । यहाँ 'भानु'को प्रकृतिबिम्ब कवयित्रीको देशविकासको र आफ्नो कवितारचनाको विकासको दोहोरै सुकुमारी नारीचाहनाको संश्लिष्ट आन्तरिक अभिव्यञ्जक हुन पुगेको छँदै छ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' भन्ने फुटकर कवितासङ्ग्रहको प्रकृतिपरक शीर्षक भएको अर्को कविता हो– 'जलधारा एक रूप अनेक' । यहाँ 'तिमी' (द्वितीय पुरुष एकवचन सामान्य आदरार्थी सर्वनाम पद)को प्रयोग जलधारा वा पानीको धारा वा लहरलाई सम्बोधन गरी कवितागत अन्तर्निहित 'म' पात्रका पन्ध्रवटा अनुच्छेदहरूमा विस्तारित निबन्धनात्मक शैलीका कवितात्मक सङ्कथनमार्फत यस कवितालाई रूपाकृति दिइएको छ । यहाँ एकै जलधारा पानीका यस्ता अनेक रूपको वर्णन गरिएको पाइन्छ– धर्तीको आँतबाट छुटेको वा नभबाट बर्सी बग्दो बर्साती नदीका जलप्रवाह र धारा अनि समुद्री जलराशि, आकाशका घाम, जून अनि ताराको ज्योति र वृक्षको हरियाली आदिमा रहेको आन्तरिक जलबिन्दुको कोमल ऊर्जिततामा रूपान्तरित भएको सरसताको प्रतिबिम्बक र प्रदर्शक अभ्यन्तर जलराशि, धर्ती सिञ्चित गर्ने र सिञ्चन गरी

विविध वनस्पति र बालीनाली तथा अन्न उत्पादन गर्ने र प्राणीका प्यास बुझाई आन्तरिक शीतलता प्रदान गरी जीवनका सञ्चालनमा सहयोग पुऱ्याउने जलतत्त्व, ऊर्जास्रोत तथा अग्निज्वाला शमन गरी धर्ती र जीवनको आँतको रक्षा गर्ने जलस्रोत, विध्वंसक बाढीपहिरो र डुबान अनि समुद्री तुफानलगायत प्रलयकारी उग्र जललीलाप्रवाह, पवित्रता र मुक्तिको संवाहक नदीको जलसङ्गमको पावन प्रवाह आदि । यहाँ जलधाराका शान्त तथा सृजनात्मक अनि उग्र र विध्वंसी विभिन्न स्वरूप र प्रयोग अनि प्रयोजन आदिका कतिपय प्रकृतिगत आलम्बनका टुक्राटुक्रा सौन्दर्यवर्धक परिदृश्यसँगै चारु स्वभावोक्तिका अलङ्कृत लघु उक्ति र बिम्बावलीका स्तरमा पानीका अनेक रूप चित्रित हुनाका साथै पानी र कवयित्रीको मानवीय मनको मेल र तादात्म्यको भावसमाधिमय अनुभूतिचित्रसमेत सृजित हुन पुगेको देखिन आउँछ ।

कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको प्रकृतिपरक शीर्षक रहेको अर्को उल्लेख्य कविता हो– 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' । यहाँ 'मानवको गुनासो', 'धर्ती प्रकृतिको मानवसित गुनासो' र 'उत्थान, पुनर्निर्माण र विकासको विश्वास'जस्ता तीन उपशीर्षक रहेका तीन खण्डका संरचनामा कविता प्रस्तुत गरिएको छ । यसको रचनासन्दर्भतर्फ समेत दृष्टि दिँदा यो कविता मुख्यत: २०७२ साल वैशाख १२ गते नेपालका कतिपय क्षेत्रमा आएको भूकम्प (र त्यसको परकम्पशृङ्खला)ले गर्दा हुन पुगेको त्रासद एवं करुण प्राकृतिक तथा मानवीय क्षति र भौतिक विनाश एवं विध्वंसको समसामयिक घटनासन्दर्भसँग जोडिएको देखिन आउँछ । यहाँ प्रथमत: कवयित्रीद्वारा मानिस र स्वयम् धर्तीलाई क्रमश: 'म' पात्रका रूपमा उभ्याई ती दुवै पक्षका गुनासाको उद्‌गार पनि क्रमश: प्रस्तुत भएको छ र तेस्रो उपशीर्षकअन्तर्गतचाहिँ कवयित्रीद्वारा 'हामी' (प्रथम पुरुष

बहुवचन) पात्रका रूपमा अन्तर्निहित राष्ट्रिय भावना र राष्ट्रएकताका भावका साथ अब भूकम्पोत्तर राहतको निःस्वार्थ वितरण तथा राष्ट्रिय पुनरुत्थान र पुनर्निर्माणका साथै देशविकासमा एकतापूर्वक लाग्नुपर्ने साझा विश्वासको सन्देश पनि सूक्ष्म अन्तर्कथाका बान्कीमा प्रवाहित गरिएको पाइन्छ । यस क्रममा यस कविताको तेस्रो खण्ड वा उपशीर्षकमा वार्ता तत्त्व र सन्देश तत्त्व बढी छ भने पहिलो खण्डमा 'मानिस' पात्रका आलापविलापसँगै विभिन्न धार्मिक, सांस्कृतिक, पौराणिक एवं भौतिक तथा जैविक आदि तहका सशक्त बिम्ब र अर्थालङ्कारपूर्ण उक्तिवैशिष्टचका साथ अनि 'तिमी' भनी त्रिपुरारि र कृष्णजस्ता दैवी तत्त्वसँगै अन्तर्निहित रूपमा प्रकृतिप्रति मानवको गुनासो व्यक्त भएको छ अनि यस कविताको दोस्रो खण्डमा चाहिँ प्रकृति र धर्तीलाई मानवीकृत गरी 'म' पात्रका रूपमा खडा गरी मानवजातिलाई सम्बोधित गर्दै स्वार्थान्ध द्रव्यपिशाच मानिस जातिका अति लोभ र चरम भौतिक तृष्णाले गर्दा प्रकृतिको अनियन्त्रित अति दोहन र अति शोषण अनि पर्यावरण वा वातावरणको ह्रास र क्षय भई प्रतिक्रियात्मक प्राकृतिक प्रक्रियास्वरूप भूकम्पजस्तो समयसमयमा आउने प्रकोप सापेक्ष रूपमा चरम विनाशी र विध्वंसक हुन पुगेको प्रकृति 'म' पात्रको 'तिमी' मानवप्रतिको गुनासोसँगै मानिस सुध्रिनुपर्ने र प्रकृति र पर्यावरणको संरक्षण हुनुपर्ने वैचारिक सन्देश व्यक्त गरिन पुगेको छ । यस कविताका वैचारिकीमा समकालीन प्राकृतिक पक्षसँगै समसामयिक मानवसमाजका र वर्तमान मानवसभ्यताका स्वार्थीपन र लोभीलालची मानवमनका प्रभावले गर्दा हुन पुगेको प्रकृति र पर्यावरणको अति दोहन र क्षतविक्षत अवस्थातर्फ मानिसको ध्यानसमेत टड्कारो रूपमा आकर्षित पारिएको पाइन्छ । यस सन्दर्भमा यहाँ नेपाली जनमनका र कवयित्रीका आत्मअनुभवका त्रास र करुणासँगै व्यङ्ग्य, उपहास र पुनर्निर्माणका उत्साह भावको पनि अन्तर्घुलन हुन पुगेको भेटिन्छ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको प्रकृतिपरक शीर्षक भएको अर्को कविता हो 'पृथ्वीको गर्भ' । सम्बन्धित गद्यात्मक रचनागर्भसमेतका साक्ष्यबाट यस कवितामा 'यहाँ' भनी स्वदेश नेपालको र 'त्यहाँ' भनी आफूले भ्रमण गरेका चीनलगायत विकसित बाह्य मुलुकको तुलनाप्रति तुलना तिनका आआफ्ना कतिपय विशेषता र कमीका आधारमा र खास गरी प्राकृतिक पक्ष र विकासका सम्भाव्यताका साथै राष्ट्रिय गौरवको समष्टि वैशिष्टचसमेतका दाँजामा भावपरक र भावुक रूपमा गरिएको पाइन्छ । 'पृथ्वीमा गर्भमा रहेको एक सुन्दर प्रदेश' भनी स्वदेश नेपाललाई चिनाउँदै बाह्य मुलक भौतिक विकास र सम्पन्नताका दृष्टिले निकै समुन्नत रहे पनि पूर्ण सदुपयोग हुन बाँकी प्राकृतिक क्षमता र सम्भाव्यताको अनि गरिमामय संस्कृति र इतिहासको दृष्टिले नेपाल पनि सम्पन्न छ भनी विरोधाभाससँगै तुल्ययोगितासमेत देखाई हीनताभासबाट मुक्त भई 'प्रिय नेपाल यहाँ/भूस्वर्ग नेपाल यहाँ' भन्ने आत्मविश्वासपूर्ण भावोद्‌गारमा पुगी दस अनुच्छेदको र 'हामी' भन्ने नेपाली पनको स्थूल र मोटामोटी भाव प्रबल रहेको यो कविता टुङ्गिएको छ । यस कवितामा मुख्यत: नेपाली प्रकृतिका कतिपय पक्ष मुख्य आलम्बनका रूपमा रहेर पनि राष्ट्रियता र देशप्रेमको भावना नै मूल सोच र सन्देशका रूपमा परिणत हुन पुगेको छँदै छ ।

त्यस्तै यहाँका 'सगरमाथा नीर नबहाऊ' र 'सगरमाथा परेली नभिजाऊ' भन्ने प्रकृतिपरक शीर्षक भएका दुई कवितामा चाहिँ मुख्यत: नेपालको विश्वशिखर 'सगरमाथा'लाई द्वितीय पुरुष एकवचन सर्वनाम पदद्वारा 'तिमी' भनी मुख्य मानवीकृत पात्रका रूपमा उभ्याई सम्बोधन गरी आमा (नेपाल आमा)लाई समेत पुकारिएको पाइन्छ । यी दुई कविताहरूमा एक प्रकारले निषेधबाट विधिकै तीव्र व्यञ्जनासमेत गर्दै कवयित्रीको वा यहाँ अन्तर्निहित कवितागत आन्तरिक 'म' पात्रको एक प्रकारको समकालीन आर्त राष्ट्रिय पुकार

नै व्यक्त हुन पुगेको छ र विशेष गरी दोस्रो कवितामा चाहिँ पर्वत (सगरमाथा) सँगै 'जून' र 'दैव' तथा पशुपतिनाथ पनि सम्बोधित रहेका छन् । यहाँ यी केही मानवीकृत प्रकृतिबिम्बसँगै देशमा प्रकृतिविनाश, तस्करी र भ्रष्टाचार, कालो बजारी, द्वन्द्व र विखण्डनका त्रासका साथै चरम जनशोषण अनि सत्ता र स्रोतको स्वार्थी भागबन्डा र स्वार्थसाधनाको चाँदीकटाइ आदि राष्ट्रिय बहुपक्षीय विकृति र विसङ्गति बढिरहेको तर्फ जनता, सरकार र आयोग (अख्तियार दुरुपयोग नियन्त्रण आयोग) आदिलाई पनि सचेत हुन घचघच्याई आह्वान गर्दै यस्ता बिथिति र विषमताका चुनौतीको नियन्त्रण गर्न र सुशासनको बिगुल फुक्न सक्षम कुनै सपूत नेपाल आमाले जन्माउनुपर्ने आदि समकालीन जनस्तरीय चिन्ता र सचेततालाई खरो शैलीमा व्यक्त गरिएको पाइन्छ । यहाँ सगरमाथा पर्वत, नदीनाला र जलप्रदूषण, शीतलहर, जूनको प्रकाश, अन्धकारको व्याप्तता आदिका सपाट प्रकृतिबिम्बसँगै समकालीन राष्ट्रिय सार्वजनिक जीवनका कटु यथार्थ र पीडाको समानान्तर परिदृश्यको व्यङ्ग्योपहासी अन्तर्नियोजित प्रस्तुतिको विपर्यासी सङ्कथन नै मुख्य चारु उक्ति युक्ति हुन पुगेको छ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहअन्तर्गतको 'असम्भव प्राय: मिलन' भन्ने कवितामा भावुक रुमानी प्रेमपरक शीर्षक दिई कुनै जोडीको विपरीतलिङ्गीतुल्य प्रेमपरक मिलनको प्राय: असम्भव रहेको अनि विशेष निराशी अवस्थातर्फ सङ्केत गरिएको छ । प्रस्तुत कवितामा प्रकृतिपरक शीर्षक नदिइए पनि प्रकृतिलाई नै मानवीकृत गरी आलम्बन तुल्याइएको पाइन्छ । यस सन्दर्भमा पारस्परिक मुख्य आलम्बन र उद्दीपन भानु (सूर्य) र शशी ( चन्द्रमा)लाई बनाई तिनलाई मानवीकृत रूपसमेत दिई जति सन्निकट भए जस्तो लागेर पनि अन्तरदूरी कायमै रही यस प्रणयी जोडीको वास्तविक मिलनको असम्भवताको विरहशृङ्गारिक मूल भाव यहाँ

प्रस्तुत गरिएको छ । यहाँका दस अनुच्छेद कवितामा कवयित्रीद्वारा कथयिता 'म' पात्रका प्रथम पुरुष सर्वनाम एकवचनका दृष्टिबिन्दुबाट कहिले प्रभाकर/आदित्य भनी भानुलाई र कहिले शशीलाई सम्बोधन गर्ने अनि यस क्रममा र सन्दर्भमा ठाउँठाउँमा एकलाई 'तिमी' भन्दा अर्कालाई 'उनी' भनी जनाउने अनि कतै 'भानु शशी' भनी दुवैलाई सँगै 'तिमी' भन्नेजस्तो वैकल्पिक दृष्टिबिन्दुको प्रयोग गर्ने पनि जुन अन्तरसंयोजित बहुल सम्बोधनको प्रक्रिया अँगालिएको छ त्यसबाट यहाँ प्रयुक्त भएका सन्दर्भित सूर्य, चन्द्र, तारा, तेज/ज्योति/प्रकाश र अन्धकार, दिनरात, उदयकाल, प्रभात, नदीका दुई किनारा आदि प्रकृतिस्रोतबाटै लिइएका आलम्बन र उद्दीपन विभाव तथा समासोक्ति, रूपक, उत्प्रेक्षा, विकल्प, पर्यायोक्त, उपमा, समानान्तरण र विरोधजस्ता सौन्दर्यवर्धक उक्ति– अलङ्कृति र बिम्बावलीलगायत पनि नरनारीगत विपरीताकर्षणपरक प्रेम वा प्रणयका संयोग र विप्रलम्भ/विरह शृङ्गार दुवै समविषम पाटासँग अन्तरतहमा आबद्ध र सम्बद्ध रही अन्ततः यहाँ विरह शृङ्गारका परिणतिका साधक हुन पुगेका छँदै छन् ।

अब माथि कवयित्री सुनीता कार्कीको दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'का प्रकृतिपरक शीर्षक भएका र आन्तरिक स्तरमा भने प्रकृतिसन्दर्भसँगै समकालीन नेपाली राष्ट्रिय जीवनसन्दर्भ र नारीजीवन तथा नारीचेतनाका साथै प्रणयभाव एवं चिन्तन र सन्देशपक्षसमेत धेरथोर अन्तर्निहित रहेका 'प्रकृतिको अस्तित्वको सन्देश', 'भानु', 'जलधारा एक रूप अनेक', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', 'पृथ्वीको गर्भ', 'समय', 'सगरमाथा नीर नबहाऊ' र 'सगरमाथा परेली नभिजाऊ'जस्ता आठ कविताका साथै प्रणयभावपरक शीर्षक भए पनि सामान्य भनाइका अभिधास्तरमा प्रकृतिसन्दर्भकै मानवीकृत प्रस्तुति भएको 'असम्भव प्रायः मिलन' लगायतका आठ कविताको जुन मोटामोटी विवेचना गरिएको छ

त्यसै सन्दर्भमा ती कविताको प्रकृतिपक्षको अलिकति अनुवर्णनका साथै बिम्बगत सौन्दर्यविधानको पनि पाठकीय र भावकीय आस्वादन र अन्तर्मननका प्रयोजनका निम्ति तिनबाट उद्धृत गरिएका कतिपय मार्मिक कवितापङ्क्तिका केही नमुना तल क्रमशः प्रस्तुत गरिएका छन्–

**अस्तव्यस्त मेरो हालत**
**लुटिएकी नारीसमान**
**जगल्टिएका यी केश**
**लुछिएको जङ्गलसमान**
**उछिट्टिएका दन्तलहर**
**हिमाल पग्लिई खिइएका नाङ्गा पहाडसमान ।**
**('प्रकृतिको अस्तित्वको सन्देश' कविताबाट)**

**हुँ म एक अदृश्य जीव**
**मानिस तिम्रै जैविक आविष्कारले बनेर सजीव**
**सल्किँदै छु फैलिँदै छु मुसासरि**
**सुरु भएथैं जहाँ एक नगरीबाट फैलिएसरि**
**त्यहीँबाट आज पुगेको छु जगतैभरि ।**
**(पूर्ववत्)**

**आज गाँज्यो एक तुच्छ जीवले**
**हल्लाइदियो मेरो अस्तित्व उसले ।**
**(पूर्ववत्)**

**जन्म मृत्यु कहाँ छ मेरो वशमा**
**यो त सब छ परम शक्तिको अदृश्य हातमा**
**गर्दछु म अदना कर जोडी प्रार्थना**
**प्रकृति, मनुष्य समष्टि जीवजगत्का बीच रहोस्**
**अटुट तादात्म्य ।**
**(पूर्ववत्)**

**म भानु...**
**छरिदिनेछु पूर्व आकाश उजिल्याई मेरो प्रकाश ।**
**('भानु' कविताबाट)**

धरतीको आँतबाट फुटेको धारा
नभ बर्सी छुटेको धारा ।
(‘जलधारा एक रूप अनेक’ कविताबाट)

त्यसैले हे जलधारा !
तिमीबिना न अस्तित्व, न जीवन छ ।
(पूर्ववत्)

धरहरा निमोठ्यौ त्यसरी
मात्तिएको हात्तीको सुँडले
कमल निचोर्छ जसरी...
भन्न डर लाग्छ
तर गर्‍यौ काम
जस्तो गर्छ कसाही ।
(‘भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण’ कविताबाट)

वातावरणको क्षयीकरणमा अग्रसर
ती मानव तिम्रा हात
वनजङ्गल विनाश भयो
तोड्यौ मानव हरियालीको साथ ।
(पूर्ववत्)

आफ्नो संस्कृति, इतिहास
किल्ला अनि सङ्ग्रहालयमा
गर्वित ती मन
धर्म, संस्कृति धरोहर
मठमन्दिर, दरबार कला वैभव
कहाँ कमी छ र यहाँ रुन् ।
(‘पृथ्वीको गर्भ’ कविताबाट)

पराधीन रहेको इतिहास
बोक्न लाज मान्दैनन् त्यहाँ
स्वाधीनता अनि स्वाभिमानमा
मौलाएको हाम्रो राष्ट्र
प्रिय नेपाल यहाँ ।
भूस्वर्ग नेपाल यहाँ ।
(पूर्ववत्)

**जीवन एक क्षणमै तुहाउँछ**
**जीवन अर्को क्षणमै ब्यूँताउँछ ।**
(**'समय' कविताबाट**)

**सगरमाथा नीर नबहाऊ**
**यहाँ चाँदी कटाइ हुँदै छ**
**आमा काख फैलाऊ**
**यहाँ देश विखण्डित हुँदै छ**
**हिमाल, पहाड, तराई रुँदै छ ।**
(**'सगरमाथा नीर नबहाऊ' कविताबाट**)

**पर्वत नजर नझुकाऊ**
**यहाँ सत्ता बलात्कृत हुँदै छ**
**पशुपति तिमी बचाऊ**
**यहाँ तिम्रै महिमाको मोलतोल हुँदै छ ।**
(**'सगरमाथा परेली नभिजाऊ' कविताबाट**)

**जस्तो नदीको दुई किनारा**
**जस्तो आकाश जमिन**
**त्यस्तै भानु शशी तिम्रो**
**असम्भव प्रायः मिलन ।**
(**'असम्भव प्रायः मिलन' कविताबाट**)

कवयित्री सुनीताको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको प्रकृतिपरक नभई 'समर्पित' भन्ने प्रेमपरक शीर्षक नभएको कवितामा पनि प्रकृतिजगत्बाट लिइएका रूपक, विरोध उत्प्रेक्षा आदि गर्भित भएको अर्थालङ्कृतियुक्त उक्तिगत शोभावर्द्धक बिम्बविधानको पर्याप्त उपभोग गरिएको पाइन्छ । यस कविताका आठ अनुच्छेदमध्ये कम्तीमा छवटा अनुच्छेदमा अरूभन्दा मुख्यत: रातकी रानीको महक, पवनको शीतल झोक्का, जूनको मधुर किरण, गङ्गाको धार, इन्द्रेणीको रङ, बरको वृक्षको शीतल छाया, चन्द्रको चकोर, गुलाबको सुगन्ध र कल्पवृक्षलगायत प्रकृतिस्रोतकै बिम्बको प्रयोग भएको छ र यहाँ अन्तर्निहित कवितागत आन्तरिक प्रेमिका वा प्रेयसी 'म' पात्रद्वारा ज्यादाजसो यिनै प्रकृतिबिम्बका

साहचर्यका साथै 'चाहन्छु' भन्ने समापिका क्रियापदका पाँच आवृत्तिमार्फत आफ्नो जीवन 'तिमी' भनी सम्बोधित प्रेमी पात्रप्रति समर्पित गर्न चाहेको संयोगशृङ्गारिक तीव्र सघन प्रेमभाव तथा रतिभावसमेत यहाँ व्यक्त हुन पुगेको देखिन्छ । प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको अर्को 'एक भूल' भन्ने सात अनुच्छेदको कविता नारीसमस्यापरक छ र यसका सातमध्ये खास गरी छ अनुच्छेदमा कतै पूरै र कतै आंशिक रूपमा प्रकृतिबिम्बको प्रयोग भएको छ । यहाँ 'वसन्ती बागमा नाङ्गिएर लुटिएकी/एक फूल हुँ म' जस्तो केन्द्रीय बिम्ब र अरू अनेक प्रकृतिबिम्बमार्फत असमयमै बर्बाद भएका कतिपय नेपाली युवतीको पीडा तथा व्यथाको अभिव्यक्ति कवितागत अन्तर्निहित 'म' पात्रका अन्तर्विलापी दृष्टिबिन्दुबाट गरिएको छ । यस कविताको मूल भावको सङ्कथन गर्ने क्रममा मुख्यत: प्रकृतिजगत्बाट लिइएका हरियाली प्रकृतिको वसन्ती बागमा प्रेम नभई विपरीत प्रकृतिका आकर्षणमा जवानी मदको मातको एक भुलस्वरूप नाङ्गिएर लुटिएकी एक फूलजस्ता सहसम्बद्ध अनेकौँ (मोटामोटीमा सोह्रवटाजति) विरोधाभासी बिम्बहरूका सम प्राय: शृङ्खलाबाट उनिएको बिम्बावलीअन्तर्गतका अन्तर्गर्भित रसमासोक्ति, उत्प्रेक्षा, दृष्टान्त, रूपकातिशयोक्ति (प्रतीकोक्ति), रूपक, विरोध आादि बहुअर्थालङ्कृतियुक्त तथा विशेष चमत्कारी धेरैजसो बिम्बहरू यहाँ सहआलम्बन र उद्दीपनविभावतुल्य अन्तर्भूमिकामा समेत झल्किने गरी प्रयोग भएको पाइन्छ । त्यस्तै यस कवितासङ्ग्रहको अर्को 'अपरिहार्य' कविता पनि नारीजीवनपरक छ र यहाँ विशेष गरी बैँसालु र अधबैँसे युवतीका प्रेम र दाम्पत्यसम्बन्धका समविषम सन्दर्भ र नारीका अस्मिताका उद्बोधनसँग पनि केही जोडिएका र प्रचुर रूपमा प्रकृतिबिम्बको प्रयोगसमेत भएका कविताहरूमध्ये मुख्यत: 'अपरिहार्य' कविता पनि पर्दछ । यहाँ एक स्त्रीका दाम्पत्य जीवनका सन्दर्भमा विशेष गरी उसका पतिका जीवनमा आइपर्न सक्ने विघ्नबाधाविरुद्ध

प्रतिरक्षा गर्ने भावको दृढ पतिप्रेमको अठोट व्यक्त भएको छ । यस कविताका नौ अनुच्छेदमध्ये सात विभिन्न अनुच्छेदमा प्रयोग भएका प्रेमभाव र त्यसका बाधाव्यवधानसमेत सकारात्मक र नकारात्मक दुवै पक्षका भावको सहअभिव्यक्ति गर्ने र अन्त्यत: पत्नीकै पतिप्रतिको प्रेमकै दृढता अभिव्यक्त गर्ने शोभावर्धक साधक तत्त्वस्वरूप रूपक, उत्प्रेक्षा र विरोध आदि अलङ्कारयुक्त उक्तिगत बिम्बहरू 'प्रभाती किरण र कालो मेघ', 'गुलाब पुष्प र धारिला काँडा' आदि अनेक प्राकृतिक अन्तर्विरोधपूर्ण बिम्बावली नै रहेका छन् । यसै संयोगशृङ्गार पक्षको प्रतिपूरक भूमिकामा यहाँ रहेको अर्को 'अधुरो कल्पना' कवितामा चाहिँ एक युवतीले भोग्न र अनुभव गर्न पुगेको आफ्ना प्रेम र सपनाप्रतिको आफ्नै मानिसको विश्वासघात र प्रेमको विफलता तथा जीवितमै जीवन जलनतुल्य हुन पुगेको घातकी पीडाको अन्तर्ज्वालामय विरहशृङ्गारको तीव्रता र करुणशृङ्गारतर्फको उन्मुखता अभिव्यक्त हुन पुगेको छ । यस कविताका दस अनुच्छेदमध्ये धेरैजसो (लगभग छ अनुच्छेद)मा पूर्वोक्त 'अपरिहार्य' कविताको अनुच्छेदगत पूर्वार्धको भाव, बिम्ब र उक्तिशैली राखी उत्तरार्धमा त्यसको विपरीत वा नकारात्मक पक्षको भाव व्यक्त गर्ने प्रकृतिबिम्ब वहन गर्ने विपरीत शाब्दी र आर्थी दुवै थरी परिवर्तनसमेत गरिएको भेटिन्छ । यसरी यी विशेषत: नेपाली नारीजीवनसँग सन्दर्भित सफलविफल प्रेमपरक चारवटै कवितामा अन्तर्निहित रूपक, उत्प्रेक्षा, विरोध आदि अर्थालङ्कारयुक्त अनेक प्रकृतिबिम्बको चारुतावर्धक विशिष्ट अन्तर्भूमिका देखिन आउँछ ।

उपर्युक्त 'समर्पित', 'एक भूल', 'अपरिहार्य' र 'अधुरो कल्पना' जस्ता चार कविताको पाठकीय र भावकीय परिमित आस्वादन र अन्तर्मननका प्रयोजनका निम्ति तल यिनबाट उद्धृत नमुनाका रूपमा केही कवितांश दिइएका छन्–

सारङ्गीको तार बनी
झङ्कार तरङ्गित गर्न,
इन्द्रेनीको रङ चोरी
रङ्गीन माहौल सृजना गर्न
बरको वृक्ष बनी
शीतल छाया प्रदान गर्न चाहन्छु ।
('समर्पित' कविताबाट)

बास्नाको कामनामा अँठ्याइएकी
कलिली कोपिलाकी नियति हुँ म
गोधूलि साँझमा रङ्गीन आकाशमा
अस्त हुँदो रविको
अस्तव्यस्त छायास्वरूप हुँ म
दुर्गन्धित हिलोको कुण्डबाट जन्मिएकी
कमल हैन जलकुम्भी हुँ म ।
('एक भूल' कविताबाट)

पहिलो प्रभातको किरण बनी
तिमीभरि उदाउने मेरा रहरहरू
नढाकून् काला मेघले
कहीँ, कतै वर्षात बनी ।
('अपरिहार्य' कविताबाट)

जूनको शीतलता चोरी चन्द्रमुखी बनी
तिम्रो जीवन उजिल्याउने मेरा रहरहरू
मधुर टिमटिमाहट बने ताराका
औँसीको रात बनी ।
('अधुरो कल्पना' कविताबाट)

कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कमबेसी वा न्यूनाधिक मात्रामा तर उल्लेख्य रूपमा प्रकृतिको उपयोग र प्रयोग गरिएका भनिएका पूर्वोक्त छ कवितामध्ये 'गाईजात्रा' कवितामा मुख्यत: मानवजीवन जेजस्तो भोग्नु छ स्वर्गमा या नर्कमा नभई यसै जगत् वा धर्तीमै यही एकै जुनीमा एक आयुमा

नै भोग्ने हो भन्ने विवेकवादी, विज्ञानसम्मत र इहलोकवादी दृष्टिकोण भएको जीवनचिन्तन व्यक्त भएको छ– प्रकृतिजगत्‌बाट लिइएका अन्धकार र दीपको प्रकाश तथा फूल र काँडाजस्ता समानान्तर बिम्बजोडीहरूका अन्तर्निहित रूपकीयता, रूपकातिशयोक्ति र विरोध जस्ता विभिन्न अर्थालङ्कारपूर्ण उक्तियुक्तिका अर्थगत प्रतिच्छाया मार्फत । यसै सन्दर्भको अर्को 'शून्यतामा' कविताका पूर्वभाग र उत्तरभागमा क्रमश: वनस्पतिजगत्‌मा माटामा बीउ अङ्कुराई वृक्षको जीवन सुरु भई समयक्रममा हुर्किई, फुली, फली आखिर जीर्ण भई माटामा शून्यतामा मिली बिलाएझैँ मानवको भ्रूण पनि नौ महिना मातृकोखमा गर्भवास बसी समयक्रममा जन्मी हुर्की बढी बाल्य, जवानी र वृद्धावस्था हुँदै आखिर जीर्ण भई खरानी/माटामा परिणत भई शून्यतामा मिल्ने मानवीय जीवनचिन्तन प्रस्तुत गरिएको छ भने यहाँ पूर्वभागको मूल अवलम्बन र अन्तर्वस्तु रहेको प्राकृतिक वनस्पतिजीवनको र उत्तरभागको मुख्य कथ्य विषयवस्तु रहेको मानवजीवनको बीचको अन्तर्निहित सादृश्य र दृष्टान्तका रूपमा रूपकीयता, सादृश्य, दृष्टान्तीकरण, तुल्ययोगिता र रूपकातिशयोक्ति जस्ता अर्थालङ्कारका झल्का र अर्थगत प्रतिच्छायायुक्त तथा शोभावर्धक उक्तियुक्तिको उपयोग हुन पुगेको छ । प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको 'कालो दाग' कविता भने मुख्यत: समकालीन नेपाली जीवनका विभिन्न पक्षमा देखा परेका आदर्शच्युति, विचलन र विसङ्गति र विकृतिका स्थितिको सपाट तर तिक्खर र चोटिलो वर्णन तथा सङ्केत र व्यङ्ग्योपहासको त्यस्तो प्रवृत्तिसँग सम्बन्धित रहेको छ जुन समकालीन नेपाली कविताकै पनि एक प्रमुख प्रवृत्तिका रूपमा रहने गरेको पाइन्छ । यस 'कालो दाग' कवितामा चाहिँ विशेषत: राजनीति र प्राय: सत्ताद्वन्द्व तथा आन्तरिक द्वन्द्वसँगै गुटराजनीति र राजनैतिक तथा आर्थिक स्तरका परिवारवादका आधारमा राष्ट्रिय र स्थानीय सम्पदा तथा साधनस्रोतका मिलीजुली वा भागबन्डाका भोगमा रमाएको र स्वार्थका धरातलमा भास्सिएको,

देश एवं समाजले चाहेको र खोजेको एवं नेपाली प्रकृतिले खुला आमन्त्रण गरिरहेको दिगो विकासचाहिँ ज्यादाजसो रक्षक नै भक्षक बनी कुण्ठित हुनाका साथै प्रकृतिका विविध स्रोतका स्वार्थी अति दोहन र विखण्डनले जनता झन् आहत भई अलमलिएको अनि द्रव्यपिपासा प्रबल रही वनजङ्गल मासिएको एवं राति अँध्यारामा हुने प्रश्नपत्रको बिक्री अनि झोले शिक्षणसंस्था र शिक्षाले सन्ततिको भविष्य धमिलिएको र झोलामा खोला कब्जा भई प्रकाशको उत्पादन नहुँदा देशमा प्रचुर अन्धकार कायमै रहेको अनि देश तथा प्रकृतिमा पनि विखण्डनका खतराका प्रतिच्छाया परेको जस्ता नेपाली विभिन्न सञ्चारमाध्यमहरूसमेतले बारम्बार उठाइराखेको राष्ट्रिय दूरावस्थातर्फ सङ्केत गरी 'तिमी' भनी सम्बन्धित सबै सरोकारवाला कर्तव्यच्युत र भ्रष्ट पक्षप्रति यस्तो आचरण र क्रियाकलापले तिम्रा चरित्रमा इतिहासमै कालो दाग लाग्छ होला भनी अलि मलुवा व्यङ्ग्योपहासको भाव व्यक्त गरिएको पाइन्छ । यस क्रममा यहाँ प्रकृतिजगत्बाट लिइएका कञ्चन हिमशिखर, पहाडी हरियालीको यौवन, वनजङ्गलको विनाश, नदीनाला र झरनाको चञ्चलता, प्रकाश र अन्धकार, सुनकोसीको छातीको पीडा, कान्लाकान्ला गराको पोषक तत्त्वको विषाक्तीकरण आदिका उपादान र बिम्बरचनाहरूले पनि अन्तर्निहित रूपकीयता, रूपकातिशयोक्ति, विरोधोक्ति, स्मरण आदि अर्थालङ्कृतिको प्रतिच्छायामार्फत व्यङ्ग्योपहाससँगै राष्ट्रिय आत्मकरुणा र जनमनका वेदनाका कतिपय मर्मस्पर्शी भावतर्फ पनि विशेष संवेदनशील नेपाली नारीगत नागरिक सञ्चेतनासहित औँल्याएको भेटिन्छ ।

यहाँसम्म पूर्वोक्त न्यूनाधिक मात्रामा वा अंशतः तर उल्लेख्य रूपमा प्रकृतिको उपयोग गरिएका भनिएका छवटा कविताहरूमध्ये तीनवटाका बारेमा केही चर्चा गरियो र अब चर्चा गर्न बाँकी विशेषतः नारीजीवनपरक यी तीन कविता रहे– 'कुलकी मान',

'बिना' र 'साथ रहोस् नरहोस्' । यी तीन कवितामध्ये 'कुलकी मान' कवितामा अन्तर्निहित स्वयम् कवयित्रीकै अगाध पुत्रीस्नेहको मार्मिक अभिव्यञ्जना छ र यहाँ कवितागत 'म' पात्र आमाको आफ्नै कोखकी सन्तति र आफैँले हुर्काई बिहे भई बिदा हुने क्रममा रहेकी छोरीप्रतिको कोमल वात्सल्य र प्रगाढ स्नेहातिशयसँगै छोरीको बिहेको क्रमको बिदाइको तीव्र विरहभाव एवं छोरीको वैवाहिक दाम्पत्य जीवनको पूर्ण सफलताको हार्दिक मङ्गलमय कामनासमेत उनकै भावपूर्ण पूर्वस्मरणसहितका यहाँका मनोलापका रूपमा क्रमशः व्यक्त भएको पाइन्छ । यहाँ अरू स्रोतका केही बिम्ब र मार्मिक एवं सशक्त कतिपय प्रकृतिबिम्बले नै पनि सिर्जेका उपमा, रूपक आदि सादृश्यमूलक अर्थालङ्कृतिका उद्‌भावनाको पनि उल्लेख्य आंशिक सौन्दर्यवर्धक भूमिका छँदै छ । यहाँ प्रकृति स्रोतका पहिलो मृदुल किरण, सुवास, सरिताको सुरिलो ऋङ्कार, सप्तरङ्गी वसन्त, स्वर्णिम वर्ण दिवाकर, सुवर्ण वर्ण नभ, कुहुकुहु गुञ्जन, कञ्चन गङ्गा, रङ्गीन उजेली रात, रजनी, पुष्पवृष्टि आदि विशेषतः सुकोमल र चारु अनि सुरम्य प्रवृत्तिको र नारीजीवनकै विशेष मार्मिक सन्दर्भ रहेको कोमल बिम्बावलीसमेत पर्याप्त आकर्षक र मर्मस्पर्शी हुन पुगेको छँदै छ । यहाँ अर्को 'बिना' कवितामा चाहिँ अति प्रगाढ (र किन्तु, परन्तु भनेजस्ता कुनै वैकल्पिक तर्कनाका निम्ति स्थानै नरहेको) दाम्पत्यसम्बन्धमा आधारित कुनै पत्नीको आफ्ना पतिप्रति सदा कायम रहने अन्तर्हृदयैदेखिको निःशङ्क वा बिनाशङ्काको दृढ विश्वासको अभिव्यक्ति प्रस्तुत हुन आएको छ र यहाँ अरू स्रोतका बिम्बसँगै प्रकृतिपरक उकालीओराली, चन्द्रग्रहण, उदाउँदो सूर्य, आकाश, धर्ती, हल्का छाया, दियो, रातको चन्द्र, विषाक्त नागिनीजस्ता समविषम तथा रूपक र उत्प्रेक्षा आदि अर्थालङ्कार गर्भित रहेका कतिपय मार्मिक बिम्बहरूको पनि उल्लेख्य आंशिक अन्तर्भूमिका देखिन्छ । यसै नारीसन्दर्भकै अर्को कविता हो 'साथ रहोस् नरहोस्' जुन प्रस्तुत कवितासङ्ग्रकै नामाकरणसँगै पनि सम्बन्धित रहेको

छ । यस कवितामा चाहिँ प्रेमी वा पतिको विश्वासघातले भित्री हृदयसम्म नै आहत हुनुपर्ने अन्तर्घात भोगेकी एक प्रेमिका वा पत्नीस्वरूप प्रगल्भ नारीले त्यो पीडा आफैँमा दबाउँदै अनि आफ्ना मस्तिष्कतन्तु टुट्लान् कि भन्ने दिमागी आँधीको अन्तर्कम्पसमेत थाम्दै र आफ्ना अगाडि आइपरेका हरेक खाडलउपर विजय पाउँदै आफू एक्लै पनि आगामी जीवनयात्रामा गुराँसझैँ फुल्ने चाहना राख्दै दृढ रहिरहने नारीअस्मिताको अन्तर्भाव विशेषत: व्यक्त भएको छ– कसैको 'साथ रहोस् नरहोस्' । यहाँ अरू स्रोतका बिम्बहरूसँगै प्रकृतिपरक नदीको धार, डुबुल्की, वसन्तबतास, आँधी, सुनामी, गुराँस, कमल, हिमशिखर आदिसँग सम्बद्ध उपमा र रूपक आदि अर्थालङ्कारका शोभावर्धक बिम्बहरूले पनि उपर्युक्त दृढ नारीअस्मिताको मनस्थितिका अन्तर्विकासमा आंशिक तर उल्लेख्य अन्तर्भूमिका खेलेको देखिन आउँछ ।

माथि विवेचना गरिएका 'गाईजात्रा', 'शून्यतामा', 'कालो दाग', अनि 'कुलकी मान', 'बिना' र 'साथ रहोस् नरहोस्' नाउँका छवटा कविताको पाठकीय र भावकीय परिमित आस्वादन र अन्तर्मननका प्रयोजनका निम्ति यी कविताबाट नमुनाका रूपमा तल केही कवितांश उद्धृत गरी प्रस्तुत गरिएका छन्–

**स्वर्ग कहाँ छ ?**
**नर्क कहाँ छ ?**
**जे जस्तो भोग्नु छ**
**यस धर्तीमै छ ।**

**जीवन फूलको कथा होइन**
**तर काँडाबीच फुल्नु पनि व्यथा होइन...**
**सबै यसै जगत्को**
**एक जुनीमै सीमित छ**
**एक आयुमै सीमित छ ।**
**('गाईजात्रा' कविताबाट)**

बालक जवानी अनि वृद्धावस्था
जीवनरूपी चक्रको
तीन थरी व्यवस्था पार गर्दै
मरेर, जलेर, डढेर
खरानी बनेर
विलीन हुन्छ माटोमा
अन्धकारमा समाहित हुन्छ
अन्त्यमा गएर
उही शून्यतामा ।
('शून्यतामा' कविताबाट)

हिमशिखर कञ्चन स्वरूप
विश्वसामु दर्साउन घचघचाइरहेछ
देख्दा आपसी भागबन्डामा अल्झिएकाहरू
हिमशिखर निरन्तर रुस्किरहेछ ।
('कालो दाग' कविताबाट)

तिमी सुवास बनी आयौ
सुकुमारी पदचाप लुकाई
मेरो कोख सफल तुल्याई...
दिवाकरको स्वर्णिम वर्ण पदार्पण
सुवर्ण वर्णित नभ
कुहुकुहुको सुरिलो गुञ्जन...
जसरी सिँगार्‍यौ हाम्रो जीवनसंसार
शुभ किरण छर्न् त्यहाँ पनि
जब पहिलो कदम राख्छ्यौ
नाघी सँघार ।
('कुलकी मान' कविताबाट)

न त दियो हुँ
न त रातको चन्द्र हुँ
स्वअस्तित्व जोगाउन
एक विषाक्त नागिनीसरह हुँ ।
('बिना' कविताबाट)

**किन वसन्तबतासझैँ**
**.......................**
**आज झनै अधीर छन् ?...**
**तिम्रो कालो मेघवेष्टित मनभित्र**
**सलबलाहट क्षीण भयो**
**तिम्रो विश्वासविहीन अँगालोमा**
**अटाउने मनोकाङ्क्षा जीवित हुँदै मऱ्यो...**
**तर पनि**
**हृदयको पीडा दबाउँदै**
**मनको तड्पाइ लुकाउँदै**
**मस्तिष्कको आँधी**
**सुनामी सुल्झाउँदै**
**यति नै चाहन्छु**
**जीवन गुराँसझैँ फुलोस्...**
**जितले हर पाइला सर्वथा चुमोस्**
**चाहे भोलि मेरो साथ रहोस् नरहोस् ।**
**('साथ रहोस् नरहोस्' कविताबाट)**

यहाँसम्म आइपुग्दा कवयित्री सुनीता कार्कीको प्रस्तुत दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'मा सँगालिएका तेत्तिस कवितामध्ये प्रकृतिपरक शीर्षक भएका र अन्य किसिमका शीर्षक भएका अनि प्रकृतिजगत् नै मूल आलम्बन विभाव र वर्णित विषय रहेका र प्रकृति सहआलम्बन र उद्दीपन विभावका साथै कतिपय अर्थालङ्कारको सृजना गर्ने शोभावर्धक बिम्बविधानको मूल, गौण, न्यूनाधिक वा आंशिक स्रोत रहेका जम्मा चौबिसवटा कविताको सरसरती विवेचना गरी तिनबाट उद्धृत कतिपय कवितांशको अवलोकन र आस्वादनका साथै तिनको एक झलक अन्तर्मननसमेत गरिसकिएको छ ।

वास्तवमा धेरथोर प्रकृतिपरक रहेका यी चौबिसवटा कविता एकातर्फ यस सङ्ग्रहको झन्डै ७० प्रतिशत अनुपातका भन्न सकिने कविताहरू हुन् भने अर्कातर्फ यिनमा प्रकृतिको स्रोत र सन्दर्भको न्यूनाधिक वर्णन तथा उपयोग गर्दै सँगसँगै नेपाल राष्ट्र र समकालीन

नेपाली राष्ट्रिय जीवनसन्दर्भ अनि नारीपरक प्रेमप्रणय चेतना र त्यसका समविषम स्थितिविकास र आत्मपरक सन्दर्भ एवं नारीमुक्तिचेतना अनि समष्टि जीवनजगत्परक चिन्तन (प्रकृतिमानवसम्बन्ध, मानवता, राष्ट्रियता, लैङ्गिकता, प्रशासन एवं सुशासन, अर्थतन्त्र र विकाससन्दर्भ, वर्गीयता, सामाजिकता तथा सीमान्तीयता र परिधीयता, संस्कृति, धर्म र भक्तिभाव एवं कतिपय विवेकसम्मत ऐहिक र भौतिक सोचसोचाइ र विशेषत: आध्यात्मिक जगत् र मानवजीवनपरक चिन्तन र सन्देश अनि (विविध भावविधान र भावविन्यासजस्ता) अरू थरी पक्षान्तरहरूको पनि पर्याप्त उल्लेख्य मिश्रित उपस्थितिसमेत रहेको देखिन आएको छँदै छ ।

**नेपाल र समकालीन नेपाली राष्ट्रिय जीवनसम्बन्धी कविताको समीक्षात्मक पर्यवलोकन**

उपर्युक्त सन्दर्भमा अब यहाँ प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका पूर्वोक्त (प्रकृतिपरकबाहेक) अरू विषयवस्तुगत पक्षान्तर तथा भावकेन्द्रसँग जोडिई प्रस्तुत भएका अन्य कविताहरूको सरसरती अवलोकन गर्दै जाने क्रममा प्रथमत: नेपाल राष्ट्र र समकालीन जीवनसन्दर्भसँग सम्बन्धित कविताको पहिचान र समीक्षात्मक पर्यवलोकनतर्फ लागौँ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहअन्तर्गत नेपाल राष्ट्र र समकालीन नेपाली राष्ट्रिय जीवनको समष्टिगत यो वा त्यो पक्षसँग र स्वयम् कवयित्रीका कतिपय तत्सम्बद्ध निजात्मक र आत्मपरक जीवनभोगाइका सन्दर्भसँग पनि मूल रूपमा, गौण रूपमा या आंशिक रूपमा सम्बद्ध रहेका विशेष उल्लेख्य कविताहरू यी हुन्– (क) 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', 'प्रकृतिको अस्तित्वको सन्देश', 'नमुना नेपाल', 'कालो दाग', 'उम्लिएर बगोस्', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'नवदुर्गा

भवानी : एकताकी सूत्र', 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'पृथ्वीको गर्भ'; (ख) 'एक वेदना मानव भ्रूणको', 'बन्दी पुस्तक', 'भानु', 'अदम्य साहस', 'स्थितप्रज्ञ', 'बिना' र 'अपरिहार्य'; (ग) 'अधुरो कामना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने', 'एक भूल', 'कस्तुरी सुवास' र 'जलधारा एक रूप अनेक' । अब खास गरी विगत अढाई दशकजति (वि.सं.१९५२ यताको) समकालीन नेपाली जीवनसन्दर्भ र स्वयम् कवयित्रीका जीवनका वैयक्तिक र पारिवारिक सन्दर्भ तथा सार्वजनिक जीवनभोगाइका अनुभव एवं तिनले उहाँका सृजनात्मक मानसतलमा पारेका सूक्ष्म प्रभाव र प्रतिच्छायाका थेरथोर वा न्यूनाधिक अनुप्रभाव परेको देखिने यी तेइस कविताहरूको अपेक्षित सरसरती अवलोकन र तीमध्येबाट छानिएका कतिपय कविताहरूबाट उद्धृत गरिएका परिमित कवितांशहरूको स्वल्प आस्वादन र अन्तर्मननसमेतका दिशातर्फ क्रमश: यो चर्चा उन्मुख हुनेछ ।

उपर्युक्त परिप्रेक्ष्यमा समकालीन नेपाली जीवन र स्वयम् कवयित्री सुनीता कार्कीका आफ्नै निजात्मक जीवनका भोगाइका साथै सार्वजनिक जीवनसञ्चेतनासँग सम्बन्धित विगत अढाई दशक वा एकचौथाइ शताब्दीजति समयका स्थूल या सूक्ष्म अनुप्रभाव अन्तर्निहित  रहेका पूर्वोक्त कवितामध्ये यहाँ प्रथमत: उल्लेख्य छ 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' भन्ने कविता, जसमा २०७२ साल वैशाख १२ गते गोरखाको बारपाक क्षेत्रलाई केन्द्रबिन्दु बनाई सुरु भएको महाभूकम्प र त्यसका परकम्पका लामो शृङ्खलाले गर्दा हुन आएको नेपालको अपार प्राकृतिक र भौतिक क्षतिका साथै जनधनको र विविध राष्ट्रिय सम्पदाको समेत ठूलो खतीसँगै त्यसले नेपाली जीवनमा अनुभव गराएको समकालीन दु:खद घटनाको पनि चित्रण गरिएको छ । यहाँ यस चरम त्रासद र करुण राष्ट्रिय तथा स्थानीय गहन जनमनोवेदना र शोकको परिदृश्यको मार्मिक चित्रणका क्रममा भूकम्पोत्तर अपेक्षित राष्ट्रिय एवं जनस्तरीय आत्मसचेतताका

साथै सुदृढ पुनर्निर्माणका निम्ति गरिनुपर्ने साझा राष्ट्रिय सङ्कल्प, साहस र उत्साहको भावपूर्ण सन्देशसमेत व्यक्त भएको छ– केही आक्रोश र व्यङ्गोपहासको भाव मिश्रित रूपमा रहन पुगेको । यस कवितासङ्ग्रहमा त्यस्तै अर्को समकालीन विशेष महत्त्वको कोरोना महामारीको दु:खद घटनासन्दर्भसँग सम्बन्धित 'प्रकृतिको अस्तित्वको सन्देश' नाउँको कविता पनि परेको छ जसमा २०७६ सालका आखिरी महिनाहरू हुँदै नेपाल प्रवेश गरेको र अद्यावधि पनि पूर्ण नियन्त्रणमा नआइसकेको कोरोना या कोभिड– १९ को सरुवा अन्तर्राष्ट्रिय जैविक महामारीको प्रकोपका समयमा नेपाली जनजीवनमा व्याप्त हुन पुगेको र निकै त्रासद र घातक अनि करुण रहेको राष्ट्रिय र जनस्तरीय मनोदशाको चित्रण गरिएको छ । साथै यहाँ प्रकृति र पर्यावरणलाई ठूलो क्षति पुऱ्याई गरिएको मानवीय चरम प्रकृतिदोहनले गर्दा कोभिड– १९ जस्तो, आजको विश्वकै मानवजातिलाई दुई वर्षमा पनि पूर्ण नियन्त्रण गर्न कठिन भइरहेको र सामान्य मानवीय आँखाका निम्ति अदृश्य जैविक महामारीको प्रकोप भोग्दै वर्तमान मानवसभ्यता असहाय र अकिञ्चनतुल्य देखिन पुगेको सन्दर्भसमेत देखाइएको छ । यहाँ यस सन्दर्भमा मानवीकृत धर्ती प्रकृतिको गुनासोअन्तर्गत प्रकृति र पर्यावरणको विध्वंस गर्ने यस्तो परम लोभी लालची हुन पुगेको मानवजातिप्रतिको हास्यव्यङ्ग्य र उपहासको भाव पनि निकै तीव्र आक्रोशपूर्ण रहेको छ र तिक्खर रूपमा व्यक्त हुन पुगेको छ । त्यस्तै यहाँ प्रकृति र वातावरण वा पर्यावरणको संरक्षण र त्यसको स्वच्छता र सुरक्षितताका पुन: स्थापनामा पूर्ण ध्यान दिनुपर्ने चेतावनीपूर्ण सन्देश पनि प्रकृतिद्वारा मानवजातिलाई दिइएको छ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका निकै कविताहरूमा नै समयुगीन दसबर्से माओवादी जनयुद्धकाल (वि.सं.२०५२–२०६३)का सशस्त्र हत्याहिंसा र आतङ्क एवं धम्की

तथा सार्वजनिक र निजी घरजग्गा एवं सम्पत्तिको कब्जा र अपहरणलगायत अपार जनधनका क्षतिका साथै तत्कालीन शासनका दमनकारी प्रतिशोधको दोहोरो मारमा परेको अत्यन्तै त्रासद र करुण समय तथा परिवेशको नेपाली जनस्तरीय भोगाइको पीडा मुखरित हुन पुगेको पाइन्छ ।

त्यस्तै त्यसकै अन्तिमतिरको समयसन्दर्भमा भएको र ठूलो युगान्तकारी महत्त्व रहेको २०६३/२०६४ सालको ऐतिहासिक जनआन्दोलन र त्यससँगै आमूलचूड रूपमा परिवर्तित राजनैतिक स्थितिमा हिन्दु राष्ट्र नेपालको खारेजी र धर्मनिरपेक्ष नेपालको जुन घोषणा भयो र नेपालको अन्तरिम संविधान (२०६४) र पछि संविधानसभाबाट बनेको नेपालको संविधान, २०७२ मा पनि सो परिवर्तन कायमै रह्यो । कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रह (२०८०) अन्तर्गतको 'नवदुर्गा भवानी : एकताकी सूत्र' कविताका अनुच्छेद ३–४ मा त्यस परिवर्तनबाट कवयित्रीको चित्त दुखेको र उहाँले हिन्दु राष्ट्रको सम्मान चाहेको भाव व्यक्त हुन्छ ।

त्यस्तै त्यसलगत्तैका दुई संविधानसभाकाल र त्यसका जनप्रतिनिधिहरूद्वारा बनाइएको निर्वाचित जनप्रतिनिधिको सहीछाप परेको र जनछापे भनिएको संविधाननिर्माणका समसमय (२०६४–२०७२)को सचेत, जागृत र प्रबुद्ध नेपाली जनताका भोगाइका क्रममा पनि एकातर्फ मुख्यत: जातीय एवं क्षेत्रीय चरम द्वन्द्व र धर्मनिरपेक्षता तथा हिन्दु राष्ट्र नेपालसम्बन्धी विवाद एवं हस्तक्षेपी बाह्य प्रभावसमेत निकै बढेको अन्तरिम तथा सङ्क्रमणकालीन समय र परिवेशका राष्ट्रिय र जनस्तरीय अन्योल अनि देश र नेपाली समाजको विखण्डनको सम्भाव्य सन्त्रास अनि प्रत्यक्षअप्रत्यक्ष रूपमा जनताबाट निर्वाचित र राजनैतिक दलद्वारा नियुक्त नयाँ जनप्रतिनिधिबाट निर्मित संविधान नै नबन्ला कि भन्ने भय र त्यो

बनेपछि पनि कतिपय क्षेत्र र तप्कामा देखिएको अलि उग्र असन्तुष्टिको अभिव्यक्ति र प्रत्यक्षाअप्रत्यक्षा बाह्य नाकाबन्दी आदि घटनाप्रतिघटनाको स्थूल वा सूक्ष्म प्रतिबिम्बन पनि यहाँ व्यक्त भएको छ । यसका साथै उक्त समकालीन भनिएको समयसन्दर्भका राष्ट्रिय स्रोतसाधन तथा राज्यकोषका चरम स्वार्थपूर्ण दोहनलगायतमा राजनैतिक, प्रशासनिक र व्यापारिक आदि तहतप्काका मिलीजुली र भागबन्डा एवं भ्रष्टाचारमा अभिवृद्धि र त्यसउपर नियन्त्रणकारी सुशासनको कमी प्रभृति अरू अनेक आर्थिक विचलन र विसङ्गतिका परिस्थितिप्रतिको उद्वेगपूर्ण नागरिक चिन्ता र चिन्तनका छाया र प्रतिच्छाया पनि यस सङ्ग्रहका अनेक कवितामा स्थूल वा सूक्ष्म तहमा परेको देखिन आउँछ । साथै यहाँ कृषिबालीका उत्पादनमा मानिसका निम्ति हानिकारक कालविषको उत्पादन पनि मिसिन थालेकोमा त्यसको नियन्त्रण छिटो हुनुपर्ने चिन्ताको रछाया पनि भेटिन्छ । त्यस्तै वैदेशिक रोजगारमा गएका गरिब नेपालीका विप्रेषणका कमाइबाट अप्ठचारो अवस्थाको नेपाली अर्थतन्त्रलाई टेको प्राप्त हुनु तर तिनको जीवन र कमाइको सुरक्षाप्रति प्राय: सरकार हुनुपर्नेजति संवेदनशील नरहनु पनि यहाँ व्यक्त भएको एक उल्लेख्य समकालीन सन्दर्भ हो । यी र यीबाहेक पनि यहाँ राष्ट्रढुकुटीको निकै भाग नाना थरी स्वार्थका साधनामा रित्तिनु, जनताको चरम शोषण हुनु, देशमा कालाबजारी र तस्करी मौलाउनु, रक्षक भक्षक बनी गरिने कतिपय वनविनाश, झोलामा खोला बोक्नु, झोले विद्यालय, तरुनी आइमाईको बेचबिखन, भ्रूणहत्या, पुरुषवर्गीय विश्वासघात र नारीजीवनका अनपेक्षित बिचल्ली तथा दमित नारीअस्मिताको उद्बोधन, नयाँनयाँ मोहनीदार र प्रमोदपूर्ण सञ्चारका उपकरणका आकर्षणमा ज्ञानराशि सञ्चित भएका पुस्तक दराजमै बन्द हुन थाल्नु, न्यायक्षेत्रमा पनि विभिन्न रूपमा देखिँदो बिथिति अनि विसङ्गति आदि अनेक समकालीन विचलनहरूको र आदर्शको स्खलन तथा नैतिक मूल्यको ह्रासको

अवस्थाको मोटामोटी या सूक्ष्म अङ्कन पनि आक्रोश र व्यङ्ग्योपहासका साथ यहाँका यी केही र अरू कवितामा पनि व्यक्त हुन पुगेको पाइन्छ । यस सन्दर्भमा यहाँ विशेष गरी उदाहरणीय छन्– 'नमुना नेपाल', 'कालो दाग', 'उम्लिएर बगोस्', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'वेदना एक मानव भ्रूणको', 'एक भूल', 'कस्तूरी सुवास', 'अधुरो कल्पना', 'अदम्य साहस', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'साथ रहोस् नरहोस्', 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'बन्दी पुस्तक' आदि कविता ।

यहाँ अब पूर्वोक्त महाभूकम्प र त्यसका लहरे परकम्प अनि त्यसपछिका कोरोनाका प्रकोपका त्रासद तथा करुण पीडासँगै मुख्यत: नेपाली राजनैतिक र प्रशासनिक तथा आर्थिक एवं सामाजिक तहका र अंशत: शैक्षिक, न्यायिक र धार्मिक तथा कृषि अनि सञ्चार आदि अरू अनेक विकासशील पक्षका समकालीन सार्वजनिक जीवनका च्युति र विचलनका साथै यिनमा अपेक्षित सुधार होस् भन्ने सन्देशयुक्त अन्तरचेतना झल्किने गरी विभिन्न समकालीन परिवेश र परिदृश्यको प्रतिबिम्बन प्रस्तुत गर्ने प्रमुख कविताहरूबाट छानिएका कतिपय कवितांश पाठक र भावकका आस्वादन र अन्तर्मननका निम्ति सम्बन्धित कथ्य विषयवस्तुपरक कतिपय प्रमुख वर्गमा वर्गीकृतसमेत गरी तल प्रस्तुत हुँदै जानेछन्, जहाँ मुख्यत: कवयित्रीका नागरिक सचेतता एवं राष्ट्र र राष्ट्रियता अनि नेपाली राष्ट्रिय र सामाजिक एकताका पक्षका चिन्ता र चिन्तन अनि सुशासन र भ्रष्टाचार नियन्त्रण एवं निर्बाध सर्वाङ्गीण देशविकासका तीव्र कामना पनि कतै निकै खरो रूपमा र कतै अलि मलुवा रूपमा तर उत्तिकै बेधक ढङ्गले अभिव्यक्त हुन पुगेका छन्–

(क) महाभूकम्पका सन्त्रास र कोरोनाकालीन कहरसम्बन्धी कतिपय कवितांशको उद्धरण–

न छोड्यौ सांस्कृतिक धरोहर
नसुन्यौ गरिबको पुकार
नेत्र बन्द गरेर खर्लप्प निल्यौ
वसन्तपुर, भक्तपुर,
नुवाकोट अनि गोरखाका दरबार ।
('भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताबाट)

(ख) मूलतः राष्ट्र, राष्ट्रियता, राष्ट्रप्रेम तथा राष्ट्रिय एवं सामाजिक एकताको चासो, चिन्ता र चिन्तन प्रस्तुत गर्ने केही कवितांशको उद्धरण–

तिम्रो सुषुप्त सत्ता महत्त्वाकाङ्क्षाले
मेरो देश जलिरहेछ
जनता तडपिरहेछन् ।
('सुषुप्त महत्त्वाकाङ्क्षा' कविताबाट)

तिम्रा कुर्सी र सत्ताका लागि
नेपाल आमा उत्पीडित
हुँदै छिन्
नेपाली भावभन्दा जातिजातिको अलगथलग
पीडा र भारले उनी रुँदै छिन् ।
(पूर्ववत्)

उचाल्यौ तिमीले
पछार्‍यौ तिमीले
सङ्घीयताको पाठ
पढायौ तिमीले
जातिजातिबीच
प्रेम सद्भाव
सक्दो टुटायौ तिमीले ।
(पूर्ववत्)

आज पूर्व लिम्बुवान रुन्छ
पश्चिम थरुहट
मजबुर बन्छ
हृदय जन्मिँदै नेपाली थियो

आर्यघाटसम्म नेपाली नै रहन पाए
अलि चित्त बुझ्छ ।
(पूर्ववत्)

भन्छन् राजनीतिले आज नेपाल खायो
सत्ता प्राप्तिको मात्रै भूकम्प आयो ।
(पूर्ववत्)

एक थान संविधान कोर्ने प्रयास
सफल होस् ।
(पूर्ववत्)

तर प्रश्न गर्छु म
के संविधान ल्याउन
राष्ट्रमा अरू पनि
मानवबलि चढ्नै पर्छ ।
(पूर्ववत्)

कुर्सीमा आसीन हुने
अभिलाषा फगत बोकेकाहरू
स्वार्थका साधनाका निम्ति
नित्य निरन्तर कस्सिएकाहरू
सत्तालोलुपताका आहालमा
चुर्लुम्म डुबेकाहरू ।
('नमुना नेपाल' कविताबाट)

एकअर्कालाई दोषारोपण गरी
भएको अस्तित्व पनि बेची
आत्मसम्मान बन्धक राखी
भागबन्डामा अल्झिने खेल छोड अब ।
(पूर्ववत्)

मधेस, पहाड, किरात, लिम्बुवान
यी सबै हुन् हाम्रा दोस्रो पहिचान
नेपाली हौँ भन्ने अस्तित्व जोगाउन सके
अटल रहनेछन् ती सब हाम्रा पहिचान ।
(पूर्ववत्)

देश
विकासका लागि छट्पटाइरहेछ
राजनीति
सत्ताका द्वन्द्वमै रमाइरहेछ
जातीयताको
चक्करमा चहराइरहेछ ।
('कालो दाग' कविताबाट)

शत्रु हुन् जातीयता सामाजिक असमानता ।
('अदम्य साहस' कविताबाट)

कुनै भिन्न अन्य जात हैन
सबै नेपाली हौँ ।
('भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताबाट)

देख्दा आपसी भागबन्डामा अल्झिएकाहरू
हिमशिखर निरन्तर रुस्किरहेछ ।
('कालो दाग' कविताबाट)

भोलि विखण्डनको नेपालको इतिहास
तिम्रो काँधको बोझ बन्छ होला
तिम्रो चरित्रमा कालो दाग लाग्छ होला
तिम्रा चिनारीमा कालो दाग बस्छ होला ।
(पूर्ववत्)

अब त केवल कुर्सीको मोह फ्याँक
अवसरमुखी राजनीतिको मार्ग त्याग
नेपाली एक भई
नेपाल बचाउन जाग
अनेकताभित्रको एकतालाई जगाउन लाग ।
('उम्लिएर बगोस्' कविताबाट)

अरू केही हुनुअघि
नेपाली भई जिउन चाहन्छु
नेपाली भई मर्न चाहन्छु ।
('नवदुर्गा भवानी : एकताकी सूत्र' कविताबाट)

(ग) सुशासन, भ्रष्टाचार नियन्त्रण तथा देशको सर्वाङ्गीण विकास एवं सार्वजनिक जीवनका विभिन्न क्षेत्रका विकृति र विसङ्गतिको निराकरणतर्फका चासो र सोच व्यक्त गर्ने कतिपय कवितांशको उद्धरण–

**पशुपति तिमी बचाऊ**
**यहाँ तिम्रै महिमाको मोलतोल हुँदै छ ।**
**('सगरमाथा परेली नभिजाऊ' कविताबाट)**

**यहाँ धर्मको व्यापार हुन्छ...**
**राहतमा पनि भागबन्डा हुन्छ**
**राष्ट्रको ढुकुटी स्वार्थसाधनामै रित्तिन्छ ।**
**(पूर्ववत्)**

**आज शून्यताको गर्भमा रुमल्लिरहेको**
**हुँ म एक मानव भ्रूण**
**आन्द्राको त्यान्द्रामा झुन्डिएको**
**जीवन सङ्घर्षमा**
**कूपमय अन्धकारमा ।**
**('वेदना एक मानव भ्रूणको' कविताबाट)**

**यहाँ आमाको गर्भ तुहिन्छ**
**भविष्यको हत्या गरिन्छ**
**नदीनाला गोजीमा थन्किन्छ**
**झोलामा शिक्षा तड्पिन्छ ।**
**('सगरमाथा नीर नबगाऊ' कविताबाट)**

**यहाँ नक्कली प्रमाणपत्र**
**र झोले विद्यालयले**
**आफ्ना अमूल्य सन्ततिको भविष्य**
**धमिल्याइरहेछन् ।**
**('कालो दाग' कविताबाट)**

**झोलामा खोला बोक्नेहरू**
**समाज, देशलाई गहन अन्धकारमा**
**धकेलिरहेछन् ।**
**(पूर्ववत्)**

जून प्रकाश नलुकाऊ
यहाँ अन्धकारमा प्रश्नपत्र बेचिन्छ
दैव शीतलहर नबहाऊ
यहाँ केवल गरिबको लास ढल्दछ ।
('सगरमाथा परेली नभिजाऊ' कविताबाट)

वातावरणको क्षयीकरणमा अग्रसर
ती मानव तिम्रा हात
वनजङ्गल विनाश भयो
तोडचौ मानव हरियालीको साथ ।
('भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताबाट)

सत्ताताबेदार द्रव्यपिपासुहरू
विकास हैन परिवारवादकै
घेरामा रङमगाइरहेछन् ।
('कालो दाग' कविताबाट)

कान्लाकान्ला गरागरा
पोषक तत्त्व पैदा गर्न रुकरुकाइरहेछन्
स्वार्थको धरातलमा भासिनेहरू
कालस्वरूप विष उत्पादन गर्न सलबलाइरहेका छन् ।
('कालो दाग' कविताबाट)

धाँजा परी फाटेका गरामा सुनको बाला फुलाउनु छ
बिदेसिएका युवा शक्तिलाई फिराई राष्ट्रनिर्माणमा जुटाउनु छ ।
('अदम्य साहस' कविताबाट)

## नारीपरक प्रेमभाव एवं नारीमुक्तिचेतनासम्बन्धी कविताको समीक्षात्मक पर्यवलोकन

अब कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका नेपाली नारीजीवनका प्रेम र दाम्पत्यलगायतका नरनारीसम्बन्ध एवं मातृत्व र वात्सल्यसँगै नारीमुक्तिचेतनाका विभिन्न पक्ष र उहाँका आफ्नै निजात्मक र आत्मपरक जीवनभोगाइका कतिपय विशेष सन्दर्भसँग (मूल, गौण या आंशिक रूपमा) धेरथोर वा न्यूनाधिक सम्बन्धित कविताहरू छान्ने र पर्गेल्नेतर्फ लागौँ ।

उपर्युक्त परिप्रेक्ष्यमा खास गरी उल्लेख्य देखिने अठारवटा कविताहरू यी हुन्– (क) 'समर्पित', 'कुलकी मान', 'नारी', 'एक भूल', 'कस्तूरीसुवास', 'बिना', 'अपरिहार्य', 'अधुरो सपना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने'; (ख) 'वेदना एक मानव भ्रूणको', 'अदम्य साहस' र 'स्थितप्रज्ञ'; (ग) 'गाईजात्रा', 'बन्दी पुस्तक', 'असम्भवप्राय: मिलन', 'प्रकृतिको अस्तित्वको सन्देश' अनि 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' । साथै यस कवितासङ्ग्रहका विभिन्न (सबैजसो) कविताहरूका कथन या सङ्कथनमा प्रयुक्त विभिन्न थरी दृष्टिबिन्दुहरूको वर्गीकृत विश्लेषणअनुसार यहाँ तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग 'शून्यतामा', 'जीवनको रहस्य' र 'नारी'जस्ता सीमित कविताहरूमा मात्रै भएको भेटिन्छ र प्रथम पुरुष बहुवचन सर्वनाम 'हामी'ले जनाउने आफू र अरूहरू पनि अन्तर्निहित समवेत दृष्टिबिन्दुको प्रयोग पनि 'नमुना नेपाल', 'उम्लिएर बगोस्', 'पृथ्वीको गर्भ', 'समय', 'कुलको मान', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', 'जलधारा एक रूप अनेक' र 'अदम्य साहस'जस्ता केही कवितामा मात्रै भएको भेटिन्छ र अरू ज्यादाजसो कवितामा चाहिँ प्रथम पुरुष एकवचन सर्वनाम 'म'ले जनाउने कवितागत वक्ता 'म' पात्रकै व्यक्त वा अन्तर्व्यक्त दृष्टिबिन्दुकै प्रयोग भएको पाइन्छ अनि यो दृष्टिबिन्दु स्वयम् कवयित्री वा कविनिबद्ध भनिने 'म' पात्रको माध्यमबाट हुने वा भएका कवितासङ्कथनका रूपमा विशेषत: अर्थिन्छ । यस सन्दर्भमा यहाँ यस्तो अन्तर्निहित वक्ता या कथयिता 'म' पात्र कवयित्रीको स्त्रीलिङ्गी समबिम्ब वहन गर्ने व्यक्ति पात्रको अन्तरछायासमेत परेको वक्ता र कविताको एक भोक्ता चरित्रका रूपमा समेत पाठक वा भावकका दृष्टिमा झुल्किन सक्ने पर्याप्त सम्भाव्यता देखा पर्छ ।

उपर्युक्त परिप्रेक्ष्यमा यहाँ प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कविताहरू पढ्दा पाठकीय या भावकीय भित्री

मनमा पर्दामा झल्कने यी सूक्ष्म नारी पात्रहरू उमेर, अवस्था, सम्बन्ध/सन्दर्भ र भूमिकाअनुरूप विशेषत: यी विभिन्न नारीस्वरूप धारण गरी प्रस्तुत हुन आएको पाइन्छ– बालिका, युवती र प्रौढा अनि नातिनी, छोरी, प्रेमिका, पत्नी अनि आमा (एवं बृहत् भावस्तरकी प्रकृति/धर्ती आमा अनि नेपाल आमा) आदि ।

अब यहाँ उपर्युक्त 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका उपर्युक्त परिप्रेक्ष्यमै यो वा त्यो नारीसन्दर्भसँग धेरथोर सम्बन्धित रहेका पूर्वोक्त अठार कविताको सरसरती अवलोकनका साथै यीमध्येबाट छानिएका कतिपय कविताहरूबाट उद्धृत केही कवितांशको पनि आस्वादनका साथै परिमित अन्तर्मनन गर्नेतर्फ क्रमश: हामी लाग्नेछौँ ।

उपर्युक्त परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहअन्तर्गत एक हजुरबुबाकी नातिनी र एक आमाकी छोरी नाताकी बालिका वा किशोरीको प्रसङ्गवश चर्चा गरिएको छ– 'गाईजात्रा' कवितामा । यसबाहेक यस सङ्ग्रहका 'कुलकी मान' कवितामा 'आमा' म पात्रका 'हामी' भनी विस्तारित प्रथम पुरुष बहुवचन दृष्टिबिन्दुअन्तर्गत आमाका गर्भाशयमा नव भ्रूणले प्रवेश गरी अन्तर्विकसित भई छोरी जन्मेदेखिको छोरीप्रतिको आमाको स्नेहभावना र छोरी हुर्की, पढी, लेखी, बिहे भई छोरीलाई अन्माई पतिघर पठाउने बिदाइबिन्दुको स्नेहपूर्ण मङ्गलकामनासम्मको आत्माभिव्यक्ति प्रस्तुत गरिएको छ र यो छोरीप्रतिको अगाध मातृवात्सल्यको सुकोमल अनुपम स्नेहप्रवाहको प्रकृतिबिम्ब प्रचुर रूपमा रहेको भावाभिव्यक्ति हुँदै हो । यस सङ्ग्रहका नारीपरक अरू कवितामा चाहिँ मुख्यत: युवती नारीहरूका विपरीत लिङ्गी पुरुषप्रतिको प्रेमाकर्षणका समविषम मनोदशा तथा चिरदमित नारीअस्मिताको उद्बोधन एवं दाम्पत्यसम्बन्धमा आबद्ध युवती र प्रौढा नारीका विशेष गरी आफ्ना पति वा पुरुषप्रतिको दाम्पत्यसम्बन्धको

प्रगाढ स्नेहको अभिव्यक्तिसँगै पतिको सतत अभ्युदयको कामनाका साथै कुनै सङ्कट आइपर्दा पतिका प्रतिरक्षामा ढाल वा रक्षाकवच बनी खडा हुने अटल सङ्कल्पसहितको गाढा पतिप्रेमसमेतले प्रकृतिस्रोतलगायतका परम्परित र अभिनव प्राय: ऊर्जित विभिन्न बिम्बरचनामार्फत अभिव्यक्ति पाएको भेटिन्छ । यस परिप्रेक्ष्यमा यी दुवै प्रकारका नारी (प्रणयिनी नारी र प्रगाढ पतिप्रेमवती पत्नी नारी)का तीव्र आवेगी मनोभाव व्यक्त गर्ने यस कवितासङ्ग्रहका (उपर्युक्त दुई थरी प्रकार वा वर्गका) ठहर्ने प्रमुख कविता यी हुन्– (क) 'समर्पित', 'असम्भव प्राय: मिलन', 'एक भूल', 'कस्तूरी सुवास', 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने' र 'नारी' अनि (ख) 'बिना', 'अपरिहार्य' र 'स्थितप्रज्ञ' । धेरथोर शृङ्गारिक प्रेम वा प्रणयको भावसँग यी कवितामध्ये सुरुको (क) प्रकारका प्रणयकविताअन्तर्गतको 'समर्पित' कवितामा संयोग शृङ्गार वा मिलनको कामना कवितामा अन्तर्निहित 'म' नारी पात्रबाट व्यक्त भएको छ भने अर्को 'असम्भव प्राय: मिलन' कवितामा चाहिँ प्रकृतिजगत्का भानु र शशी दुवैलाई स्वयम् परस्पर आलम्बन र उद्दीपन विभावका रूपमा मानवीकृत गरी र पात्रीकृत रूपमा खडा गरी उभ्याई गाढा विरहशृङ्गारको भाव व्यक्त हुन पुगेको छ । बैँसालु नारीका बेचबिखनका धन्दा र पुरुषकृत नारी बलात्कारका फन्दासमेतका सन्दर्भका उत्पीडित युवती नारी पात्र 'एक भूल' र 'कस्तूरी सुवास'जस्ता कवितामा चित्रित छन् अनि 'अधुरो कल्पना', 'साथ रहोस् या नरहोस्' र 'जीवनले कोल्टे फेरेछ भने'जस्ता कविताहरूमा पुरुष प्रेमी या पतिका विश्वासघातबाट अभ्यन्तर तहसम्मै आघात बेहोर्नुपरे पनि सँभालिई तिनमा आफ्ना बाँकी जीवनयात्रामा उन्मुक्त नारीचेतना र नारीअस्मिताको उद्‌बोधनको अनि आत्मविश्वासको क्रमिक वृद्धि भइरहेको र ती नव सङ्कल्पतर्फ उन्मुख रहेको मनस्थितिको चित्रण गरिएको भेटिन्छ । यसै सन्दर्भको 'नारी' कवितामा चाहिँ नारीका प्रेममय अबोध बालिका रूप, जवानीको

प्रेमिका र रतिरूपिणी पत्नीको रूप अनि जन्मदात्री जीवनदायिनी आमारूपसँगै बृहत् भावस्तरमा जन्मभूमिमयी माता धर्ती वा पृथ्वीको रूपको र 'नेपाल आमा'को प्रस्तुतिसमेत गरिएको पाइन्छ ।

उपर्युक्त दाम्पत्यसम्बन्ध र प्रगाढ पतिप्रेमको सन्दर्भको भावप्रवण आत्मपरक अभिव्यक्ति 'बिना' र 'अपरिहार्य'जस्ता कवितामा गरिएको पाइन्छ । कवितामा अन्तर्निहित स्वयम् कवयित्री वा कविनिबद्ध 'म' पात्रका दृष्टिबिन्दुबाट कथन गरिएको 'स्थितप्रज्ञ' कवितामा भने सम्बोधित 'तिमी' अन्त:पात्रप्रतिको त्यस्तो अटल दाम्पत्यसम्बन्ध र गाढा पतिप्रेमको अभिव्यक्ति हुन पुगेको देखिन्छ, जुन स्वयम् कवयित्री (सुनीता)का आफ्ना प्रिय पति (तत्कालीन अख्तियार दुरुपयोग नियन्त्रण आयोगका प्रमुख आयुक्त तथा पूर्व मुख्यसचिव लोकमानसिंह कार्की)प्रति कवितास्तरमा 'तिमी' भनी सम्बोधित उदाहरणीय अटल दाम्पत्य सम्बन्धको र भावप्रवण प्रगाढ प्रेमको सङ्कथन पनि हो । यिनका अतिरिक्त प्रस्तुत कवितासङ्ग्रहको 'वेदना एक मानव भ्रूणको' भन्ने कवितामा चाहिँ भ्रूणलाई मानवीकृत आत्मालापी न्यायप्रार्थी 'म' पात्रका रूपमा उभ्याइएको छ । यहाँ गर्भे भ्रूणावस्थामै जीवनको प्रारूपको घात नहोस् र प्रत्येक भ्रूणले पूर्णाङ्ग जन्मिन र बाँच्न पाउनुपर्छ भन्ने फिरादी भावना र सञ्चेतना अभिव्यक्त हुन आएको देखिन्छ । साथै यहाँ आमामाथि पर्ने कतिपय अन्तर्बाह्य दबाब र आमा स्वयम्का अन्तर्बाध्यताका कारणले पनि समाजमा गर्भे भ्रूणको लिङ्गपहिचानपछिको स्त्रीलिङ्गी भ्रूणको गोप्य घात गर्ने प्रवृत्ति देखिएकामा त्यसप्रति साङ्केतिक असन्तुष्टि जनाइएको भेटिन्छ । त्यस्तै यहाँ, यस कवितामा, भ्रूणको भरखर यौनाङ्ग विकसित भई अरू कतिपय अङ्गविशेष विकासशील रहेको अवस्थामै नारीको गर्भे भ्रूणको घात हुने सन्दर्भविरुद्ध गर्न खोजिएको न्यायिक याचिकाको जस्तो आर्त पुकारको अन्तर्गुंज पनि व्यक्त भएको भेटिन्छ । यस कवितामा जैविक र मानवीय दृष्टिबाट अनि विशेषत: मातृत्वका

सन्दर्भमा विशेष गरी भ्रूणावस्थामा नै विभिन्न कारणले हुने गोप्य भ्रूण घातप्रति आमा नारीका अन्तश्चेतनातलबाटै स्वयम् भ्रूणकै आत्मसन्त्रास र पुकाराका रूपमा गुँजेको तीव्र सजीव अन्तर्वेदनासमेत अभिव्यक्त हुन आएको पाइन्छ । साथै यहाँ पुरुष सन्तान चाहनेहरूले खास गरी लिङ्गपहिचानपछि प्राय: निर्ममतापूर्वक मातृगर्भको स्त्रीभ्रूणको हत्या गर्ने गराउने गरेको समयुगीन कुप्रवृत्तितर्फ पनि विशेष इङ्गित गरिएको छँदै छ ।

कवयित्री सुनीता कार्कीको प्रस्तुत कवितासङ्ग्रहका नेपाली नारीसन्दर्भसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका उपर्युक्त कविताहरूमध्ये विशुद्ध रुमानी भावप्रवण र स्वप्निल कविता पनि हो 'समर्पण' । जहाँ एक कल्पनाशील युवतीको कसैप्रति सपना र बिपनामा पनि पूर्ण सपर्पित हुने र उसलाई नै आफ्नो देह र जीवन समर्पण गर्ने मनोकामना व्यक्त गरिएको पाइन्छ । यस सङ्ग्रहका पूर्वोक्त 'कस्तूरी सुवास' कविता भने खास गरी एक युवतीका यौवनका कामुक र मादक उन्मत्तताको प्रदर्शन र बास्नादार हाउभाउपूर्ण अभिनयको रूपबजारको चटकमटक अनि चहकमहकको सन्दर्भसँग जोडिन पुगेको देखिन्छ भने यहाँ अर्को 'एक भूल' कविताकी युवतीचाहिँ भूलवश जवानीको मदको मातमा कसैको पाशविकताको जीवित सिकार भई लुटिन पुगेको स्थिति अनि उसका मानसतलका विभ्रान्ति र अस्तव्यस्तताको जीवनसन्दर्भसँग जोडिन पुगेको पाइन्छ । यीबाहेकका अरू 'अधुरो प्रेम', 'साथ रहोस् नरहोस्' र 'जीवनले कोल्टे फेरेछ' भन्ने कविताहरूमा चाहिँ क्रमश: प्रेमी वा पतिका विश्वासघात भोग्नुपर्दाका अवस्थाका कतिपय युवतीहरूका अधबैँसे नारीवेदना र गैरजिम्मेवार पुरुषसत्ताका मानसिक दासताबाट उन्मुक्त हुने दृढतासँगै जागृत हुँदो नारीमुक्तिचेतना र नारीअस्मिताको चेतनासँगैको आत्मविश्वासपूर्ण नवजीवनको सङ्कल्पको उद्बोधजस्ता प्रवृत्तितर्फ विशेष इङ्गित

गरिएको छ । यहाँका विशेष गरी 'बिना' र 'अपरिहार्य' कवितामा चाहिँ युवती वा अधबैँसे अनि दाम्पत्य जीवनका अटल एवं अपरिहार्य पारस्परिक विश्वासका सन्दर्भमा आफ्ना पति वा पुरुषप्रति पूर्ण आस्थासहित जुनै सङ्कटका अवस्थामा पनि सधैँ आफ्ना पतिको ढाल र सुरक्षाकवच बन्ने अनि आफ्ना पतिविरुद्ध आइलाग्नेहरूविरुद्ध स्वअस्तित्वको आधारजस्तो पतिअस्तित्व जोगाउन एक विषाक्त नागिनीसरह झम्टन पुग्ने अन्तर्निहित प्रचण्ड नारीशक्तिस्वरूपको चित्रण विशेषत: गरिएको पाइन्छ । वास्तवमा यहाँको अर्को 'स्थितप्रज्ञ' कवितासमेतका सन्दर्भमा हेर्दा चाहिँ पूर्वोक्त 'बिना' र 'अपरिहार्य' भन्ने दुई कवितामा स्वयम् कवयित्री सुनीताको आत्मभावनाको प्रतिबिम्बनसमेत भइरहेको बुझिन आउँछ । विशेषत: पूर्वोक्त 'स्थितप्रज्ञ' कवितामा चाहिँ उहाँका पति तथा तत्कालीन 'अख्तियार दुरुपयोग नियन्त्रण आयोग'का प्रमुख आयुक्त लोकमानसिंह कार्कीलाई पदबाट हटाउन संसदीय र दलीय सुस्पष्ट राजनैतिक प्रतिच्छाया रहेको व्यूहरचनासहित वकालती र अदालती प्रपञ्च खडा गर्ने प्रपञ्चकारीहरूविरुद्ध उहाँकी पत्नी (तथा कवयित्री) सुनीता कार्की आफ्नो दाम्पत्यधर्मको प्रतिपालन गर्ने क्रममा आफ्ना ऊर्जस्वी कविताका वाग्बाणका माध्यमबाट व्यङ्ग्योपहासपूर्ण आक्रामक शैलीमा सशक्त प्रहार गर्न उद्यत र प्रवृत्त एवं समर्थ भएको पाइन्छ । यहाँ स्वयम् पति लोकमानसिंह कार्कीचाहिँ यस्ता प्रतिघातबाट खास आन्तरिक स्तरमा अनाहत रही सांसारिक यस प्रपञ्चमय महासमरमा धैर्यशील रही उक्त पदगत मुद्दा हार्नु जित्नुभन्दा धेरै उच्च र उदात्त आध्यात्मिक 'स्थितप्रज्ञ' चैतन्यबिन्दुमा आरूढ बनी प्रज्ञावान् जीवनयोगीका रूपमा अन्तर्विकसित भई ओशोजस्ता महाज्ञानीका गीताव्याख्याका विचारप्रवाहबाट समुत्प्रेरित हुँदै नेपाली भाषामा 'लोकगीता'जस्तो उच्च कोटिका आध्यात्मिक ग्रन्थका रचनातर्फ सृजनात्मक तहमा

उत्प्रेरित भएको र सो रच्ने सिद्धि प्राप्त गर्नसमेत समर्थ हुन पुगेको भेटिन्छ ।

अवश्य नै यो 'स्थितप्रज्ञ' कविता कवयित्रीको आफ्ना पतिको सार्वजनिक जीवनको एक अप्ठ्यारो मोडका सन्दर्भमा एक भावनाशील र पतिपरायणा धर्मपत्नीको आफ्ना प्रिय पतिप्रतिको अगाध प्रेमपूर्ण दृढ अनुसमर्थनसहित पतिको काव्यात्मक प्रतिरक्षाको र प्रशंसापूर्ण गुणवर्णनका क्रममा रचिएको हुँदै हो ।

वस्तुत: कवयित्री सुनीता कार्कीले यहाँ आफ्नो स्त्रीधर्म र आपत्कालीन धर्म (आपद्धर्म) अनुसारको जुन दृढ पतिप्रेमसहित यो काव्यिक ओजपूर्ण साथ दिएको देखिन्छ त्यो कवितास्तरमा अवश्यै स्मरणीय र उल्लेखनीय अभिव्यक्ति हुन पुगेको छ । तत्कालीन अन्तर्घटनाको सत्यतथ्य चित्रण तथा पतिका इमान तथा देशभक्तिपूर्ण चरित्रको यो वर्णन सान्दर्भिक नै छ । सांसारिक जीवनमा जस्तै कविताका समरप्राङ्गणमा पनि सान्दर्भिक विभिन्न काव्यिक युक्ति र प्रयुक्तिको घतिलो प्रयोग हुन्छ र यहाँ प्रयुक्त भएको उक्त प्रपञ्चकारीहरूविरुद्धको व्यङ्ग्यपूर्ण आक्षेपको कठोर शैलीका साथै आफ्ना पतिका विशेष गुणहरूको प्रशंसापूर्ण वर्णन र कथनको उच्च शैली दुवै नै सान्दर्भिक वाग्भूषण ठहर्छन् भन्ने म ठान्दछु । किन नेपाली समाजमा प्रतिष्ठित तथा नेपाल सरकारका पूर्वमुख्य सचिव लोकमानसिंह कार्कीलाई परिवर्तित नवसमयको अख्तियार दुरुपयोग नियन्त्रण आयोगका उक्त प्रमुख आयुक्त पदमा चार शीर्षद्वारा ससम्मान ल्याइयो या भित्र्याइयो र किन संसदीय राजनैतिक प्रतिच्छायाको भद्दा न्यायिक कलाप्रदर्शन गरीगराई अर्का समयमा उनै र अर्का थरी शीर्षहरूद्वारा उहाँलाई अनेक प्रपञ्चपूर्वक हटाइयो त्यो समयसमयको नेपाली शीर्ष राजनीतिक वृत्त नै जानोस् तर यी सकल सांसारिक प्रपञ्चभन्दा माथि स्थितप्रज्ञ कर्मयोगीका रूपमा लोकमानसिंह कार्कीको आध्यात्मिक चैतन्यको

क्रमिक अभ्युदय भई महाज्ञानी ओशोका पूर्वोक्त गीताप्रवचनबाट अभिप्रेरितसमेत हुँदै उहाँद्वारा नेपाली भाषामा 'लोकगीता'जस्तो बृहत् विशिष्ट आध्यात्मिक ग्रन्थ रचिन पुग्नु अनि यति दृढ र आफ्ना पतिविरुद्ध आइलाग्नेहरूप्रति जुधारुसमेत पतिप्रेमलाई काव्यिक रूपमा व्यक्त गर्दै एक अणु लघु काव्यका छाँट र आकृतिको यस 'स्थितप्रज्ञ' कविताको रचना गर्न कवयित्री सुनीता कार्की उत्प्रेरित तथा सक्षम हुनुचाहिँ आध्यात्मिक तथा वाङ्मयिक सुसंयोगकै उल्लेख्य वैयक्तिक परिघटना पनि हुँदै हुन् ।

प्रस्तुत कवितासङ्ग्रहमा 'प्रकृतिको अस्तित्वको सन्देश', 'असम्भव प्राय: मिलन', 'अदम्य साहस' र 'सुषुप्त महत्त्वाकाङ्क्षा' जस्ता कविताहरूमा विशेषत: प्रकृति/धर्ती र जन्मभूमि नेपाल देशलाई अति नै प्रेमपूर्वक 'नेपाल आमा', 'नेपाल आमा जननी', 'आमाकी पनि आमा' आदि भनी अति स्नेहपूण बृहत् मातृबिम्ब प्रदान गरी कवयित्रीद्वारा देशप्रेम, देशभक्ति र राष्ट्रियता तथा राष्ट्रप्रेमको प्रबल भावना ऊर्जित रूपमा अभिव्यक्त गरिएको पाइन्छ । हुन त यस सङ्ग्रहको 'नवदुर्गा भवानी : एकताकी सूत्र' भन्ने कवितामा नवदुर्गादेवीलाई पनि सूक्ष्मत: मातृमहिमा दिन खोजिएको छ तर त्यो त्यति व्यक्त छैन भने आमाको मातृबिम्बमा जन्मभूमि नेपालप्रति पर्याप्त सघन र तीव्र प्रेमभाव र भक्तिभाव यहाँका अरू पूर्वोक्त कविताहरूमा पनि पटकपटक अभिव्यक्त गरिएको भेटिन्छ ।

उपर्युक्त विभिन्न परिप्रेक्ष्यमा यस कवितासङ्ग्रहका नारीपरक विभिन्न स्वरूप र भूमिकासँग सम्बद्ध पूर्वोक्त कतिपय कविताहरूमध्येबाट छानिएका मुख्य कविताहरूबाट उद्धृत कतिपय मर्मस्पर्शी कवितांश सम्बन्धित केही वर्गमा वर्गीकृतसमेत गरी पाठकीय र भावकीय आस्वादन तथा परिमित अन्तर्मननका निम्ति तल प्रस्तुत छन्–

(क) आमाका छोरीप्रतिको प्रेम र वात्सल्य तथा बिहे भई छोरी अन्माउँदाका भित्री आनन्द र आकुलताका द्वैत भाव अभिव्यक्त भएको कवितांश–

**साथ थियौ, छौ, हुनेछौ**
**कहाली लाग्छ सोच्दा**
**अब अर्को घरकी दीप्ति हुँदै छौ**
**तर पनि सम्हाल्दछु यो मन घरीघरी**
**अब नूर दुई परिवारकी हुनेछौ ।**
**('कुलकी मान' कविताबाट)**

(ख) प्रेमका मिलन अनि विरह तथा विफलताका भाव तथा नारीअस्मिताका चेतना अभिव्यक्त भएका केही कवितांश–

**सारङ्गीको तार बनी**
**झङ्कार तरङ्गित गर्न**
**इन्द्रेनीको रङ चोरी**
**रङ्गीन माहौल सृजना गर्न**
**बरको वृक्ष बनी**
**शीतल छाया प्रदान गर्न चाहन्छु ।'**
**('समर्पित' कविताबाट)**

**जस्तो नदीको दुई किनारा**
**जस्तो आकाश जमिन**
**त्यस्तै भानु शशी तिम्रो**
**असम्भव प्रायः मिलन ।**
**('असम्भव प्रायः मिलन' कविताबाट)**

**वसन्ती बागमा नाङ्गिएर लुटिएकी**
**जवानी मदको मातमा**
**चुकेको एक भूल हुँ म**
**हरियाली प्रकृतिको कोखमा**
**लुटिएकी पतझडकी वृक्ष हुँ म**
**('एक भूल' कविताबाट)**

**सायद**
**तिम्रो बदलिएका नजरहरू**
**झेल्न कठिन भयो**
**तिम्रो प्रेमविहीन हृदयभित्र**
**अट्ने रहर मृत भयो...**
**तिम्रो विश्वासविहीन अँगालोमा**
**अटाउने मनोकाङ्क्षा जीवित हुँदै मऱ्यो ।**
**('साथ रहोस् नरहोस्' कविताबाट)**

**हात पसार्न जान्दिनँ म**
**पोल्टो थाप्न आउँदैन**
**खुट्टा खुम्च्याई, मन बाँधी**
**शिर झुकाउन आउँदैन मलाई**
**जीवनले... ।**
**('जीवनले कोल्टो फेरेछ भने' कविताबाट)**

(ग) दृढ दाम्पत्य प्रेम र विश्वास तथा साथका भावना अभिव्यक्त भएका केही कवितांश–

**न त दियो हुँ**
**न त रातको चन्द्र हुँ**
**स्वअस्तित्व जोगाउन**
**एक विषाक्त नागिनीसरह हुँ ।**
**('बिना' कविताबाट)**

**काला मेघका घनघोर वर्षा उधारो मागी**
**तिम्रा सुषुप्त बास्ना**
**तृप्त तुल्याउने मेरा रहरहरू**
**विश्वासरूपी ढाल बनी**
**तिमीलाई सर्वसुरक्षित बनाउने मेरा रहरहरू ।**
**('अपरिहार्य' कविताबाट)**

**न भोक तारिफको**
**न त झूटो प्रशंसाको**
**वचन स्याबासीका अनपेक्षित**
**राष्ट्रहितमा अविचलित**

न त कर्तव्य
न त छाडचौ धर्म ।
('स्थितप्रज्ञ' कविताबाट)

जे जो भूमिका वहन गऱ्यौ
इमानमा, सत्यमा अडचौ ।
(पूर्ववत्)

(घ) नारीको मातृस्वरूप विस्तारित भएकी धर्तीमाता र नेपाल आमाप्रतिको बृहत् प्रेमको भाव अभिव्यक्त भएका केही कवितांश–

आमा भन्दथिन् धर्तीलाई माता
मामा चन्द्र ।
('प्रकृतिको अस्तित्वको सन्देश' कविताबाट)

उसरी नै जीर्णजीर्ण बनायौ
तन नेपाल आमाको विदीर्ण ।
('भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताबाट)

तर पनि जननी बनेर
सम्पूर्ण छाती चिरेर दिएँ
चाहेँ तिमीहरूकै मङ्गल ।
(पूर्ववत्)

तिम्रो कुर्सी र सत्ताका लागि
नेपाल आमा उत्पीडित
हुँदै छिन् ।
('सुषुप्त महत्त्वाकाङ्क्षा' कविताबाट)

तिमी नै हो पृथ्वी, आकाश
अनि तिमी नै धर्ती
तिमी नै माता धर्ती ।
('नारी' कविताबाट)

पाएका छौँ, चाहेका छौँ
शुभकामना सतत आशीर्वाद नेपाल आमाको ।
('अदम्य साहस' कविताबाट)

**चाहिएको छ नेपाल आमाको**
**सतत आशीर्वाद ।**
**(पूर्ववत्)**

**जीवनजगत्सम्बन्धी चिन्तनपरक कविताको समीक्षात्मक पर्यवलोकन**

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका विभिन्न कवितामा खासखास सन्दर्भका विविध अनुभव र अनुभूति अनि भाव तथा आवेग र संवेगसँगै कतिपय सोचसोचाइ र सन्देश तथा विचार र चिन्तनका विविध अन्तर्लहर भाषिक लयात्मक दृष्टिले नेपाली गद्यकविताका विभिन्न थरी लामाछोटा अन्तर्मिश्रित तथा प्राय: श्रुतिसुखद लयात्मक मुक्त पङ्क्तिलहरसँग संश्लिष्ट भई विभिन्न प्रकारका उक्तिढाँचा र शैलीमा सजिई व्यक्तिन पुगेका छन् । यस सन्दर्भमा यहाँ विचारपक्ष र भावपक्षकै कविताको चर्चा गरौँ ।

उक्त परिप्रेक्ष्यमा कवयित्रीका विशेष गरी प्रकृति, राष्ट्र, समकालीन नेपाली जीवनधारा र नारीचेतनासँगै जीवनजगत् र धर्म एवं संस्कृतिसम्बन्धी कतिपय विशेष मानवीय दृष्टिकोण यहाँ अन्तर्निहित र अभिव्यक्त हुन पुगेका छन् जसलाई मोटामोटीमा उहाँका कवितागत मुख्य चिन्तनकेन्द्र पनि भन्न सकिन्छ । यहाँ मुख्यत: इहलोकवादी, प्रकृतिवादी/पर्यावरणवादी, मानववादी र मानवतावादी, राष्ट्रवादी, आदर्शोन्मुख नीतिवादी/नैतिकतावादी, सुशासनवादी, संस्कृतिपरक, हिन्दूधर्मपरायण र अध्यात्मवादी दृष्टिकोण, चिन्तन र विचार कविताकलामार्फत भावपक्षसँग परस्पर संश्लिष्ट र अन्तर्घुलितसमेत भई कतै मुखरित भएको र कतै धेरथोर अन्तर्व्यक्त रहेको स्थिति पाइन्छ । त्यस्तै यहाँका कतिपय कवितामा यो चिन्तन या विचार पक्ष मूल रूपमा, कतै गौण रूपमा र कतै आंशिक रूपमा अनि अनेक कवितामा अन्तर्मिश्रित रूपमा पनि अन्तर्निहित रहेको पाइन्छ भने त्यस्ता विशेष विचारणीय र उल्लेख्य कविता यी हुन्–

(क) 'प्रकृतिको अस्तित्वको सन्देश', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', 'गाईजात्रा', 'शून्यतामा', 'अङ्गुष्ठभ्याम', 'जीवनको रहस्य', 'स्थितप्रज्ञ', 'शून्य र पुण्य' तथा 'वेदना एक मानव भ्रूणको'; (ख) 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'पृथ्वीको गर्भ', 'कालो दाग', 'उम्लिएर बगोस्', 'अदम्य साहस', 'समय' र 'नवदुर्गा भवानी : एकताकी प्रतीक'; (ग) 'नारी', 'नमुना नेपाल', 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने', 'जलधारा एक रूप अनेक', 'बिना', 'अपरिहार्य', 'एक भूल' र 'कस्तूरी सुवास' आदि । वास्तवमा विचारपक्ष सबल वा अपेक्षाकृत कम उद्बुद्ध र न्यून रहेका यीबाहेकका बाँकी तीन कविता हुन्– 'असम्भव प्राय: मिलन', 'समर्पित' र 'भानु' । यिनमा क्रमश: प्रेममय चिरविरह र पूर्ण मिलनको कामना एवं ज्योतिर्मय उत्साह भाव आन्तरिक स्तरमा व्यक्त भएको पाइन्छ ।

अब प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका विभिन्न कविताहरूमध्येबाट जीवनजगत्सम्बन्धी कतिपय वैचारिक सन्दर्भ वा चिन्तन विशेष अभिव्यक्त हुन पुगेका यी केही कवितांश सम्बन्धित कतिपय वर्गमा वर्गीकृतसमेत गरी पाठकीय र भावकीय परिमित आस्वादन एवं मननका निम्ति तल उद्धृत गरिएका छन्–

(क) प्रकृति र मानवका बीचको तादात्म्य र पर्यावरणसंरक्षणसम्बन्धी कतिपय सोच झल्किने केही कवितांश–

**गर्दछु म अदना कर जोडी प्रार्थना**
**प्रकृति, मनुष्य समष्टि जीवजगत् बीच रहोस्**
**अटुट तादात्म्य ।**
**('प्रकृतिको अस्तित्वको सन्देश' कविताबाट)**

**प्रकृतिको पर्यावरणीय सन्तुलन समाप्त पार्ने**
**तिमी नै हो मानव ।**
**('भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताबाट)**

**त्यसैले हे जलधारा**
**तिमीबिना न अस्तित्व छ, न जीवन छ ।**
**('जलधारा एक रूप अनेक' कविताबाट)**

**यहाँ प्रकृति विनाश हुन्छ**
**जल विषाक्त बन्छ ।**
**('सगरमाथा नीर नबहाऊ' कविताबाट)**

(ख) राष्ट्रप्रेमका सोचका कतिपय सन्दर्भ झल्कने केही कवितांश–

**किन कोही मेरो देश बनाउने सपूत**
**जन्मँदैन ।**
**('सुषुप्त महत्त्वाकाङ्क्षा' कविताबाट')**

**शरणार्थीको कारुणिक वेदना**
**भोग्नुअघि**
**छटपटाएको छातीले पोलेर**
**आफ्नो देश खोज्नुअघि ।**
**('नमुना नेपाल' कविताबाट)**

**राष्ट्रका निम्ति जिउने, मर्ने**
**हर नेपालीका मुहारमा...**
**मुस्कान फर्केको हेर्न चाहन्छु ।**
**('नवदुर्गा भवानी : एकताकी सूत्र' कविताबाट)**

**धर्म, संस्कृति धरोहर**
**मठमन्दिर, दरबार कला वैभव**
**कहाँ कमी छ र यहाँ भन् ।**
**('पृथ्वीको गर्भ' कविताबाट)**

(ग) मानवता, नैतिकता र आदर्श चरित्र तथा नरनारीका मानवीय जीवनका उच्च सोच झल्किने कतिपय कवितांश–

**सबको साझा सुखको सोच होस् ...**
**अठोटमा जनताको पीडाको संवेदना होस्**
**साझा अस्तित्व बोध होस् ।**
**('उम्लिएर बगोस्' कविताबाट)**

मानिसप्रतिको सेवाभाव छाड्दिनँ म ।
(‘जीवनले कोल्टे फेरेछ भने’ कविताबाट)

समय आउँछ पर्खिंदैन
सत्य मार्ग रोज्नु उचित हुनेछ ।
(‘गाईजात्रा’ कविताबाट)

क्षणमा बाँचे
हुँदैन भूत भविष्य ।
(‘शून्य र पुण्य’ कविताबाट)

विषधर सर्पलाई
क्षमा गर्ने तिम्रो प्रवृत्तिलाई
शिर नुहाई अभिवादन गर्छु म
तिम्रो यो बुद्धपनलाई ।
(‘स्थितप्रज्ञ’ कविताबाट)

तिमी थियौ, छौ, रहनेछौ
सत्य वचनका, पक्का जवान ।
(पूर्ववत्)

नडगी लड्यौ
माफिया, गुन्डा, भ्रष्टहरूविरुद्धको जङ्‌ग ।
(पूर्ववत्)

एक्लो युद्धभूमिमा
लड्यौ युद्ध, हे वीर योद्धा
अधर्मी असत्य
झूटा जाली अनि पापीहरूविरुद्ध ।
(पूर्ववत्)

जसरी सिँगार्‍यौ हाम्रो जीवनसंसार
शुभ किरण छर्नू त्यहाँ पनि ।
(‘कुलकी मान’ कविताबाट)

यति नै चाहन्छु
जीवन गुराँसझैँ फुलोस्
हिलोमाथि पनि निर्लिप्त शोभासँगै

**इच्छा कमलझैँ फक्रियोस्**
**अन्धकारमाथि विजय पाउँदै**
**लक्ष्य सूर्यझैँ चम्कियोस् ।**
**('साथ रहोस् नरहोस्' कविताबाट)**

(घ) ऐहिकता, शून्यता र अस्तित्वको चिन्तन झल्किने केही कवितांश–

**स्वर्ग कहाँ छ ?**
**नर्क कहाँ छ ?**
**जे जस्तो भोग्नु छ**
**यसै धर्तीमै त छ ।**
**('गाईजात्रा' कविताबाट)**

**सबै यसै जगत्‌को**
**एक जुनीमै सीमित छ**
**एक आयुमै सीमित छ ।**
**(पूर्ववत्)**

**जहाँ सुरुवात अन्त्य पनि त्यही...**
**उही शून्यतामा ।**
**('शून्यतामा' कविताबाट)**

(ङ) अध्यात्मचिन्तनका विभिन्न सन्दर्भ झल्कने केही कवितांश–

**अजर अविनाशी...**
**केवल जीवनरूपी**
**देह फेर्छु ।**
**('अङ्गुष्ठभ्याम' कविताबाट)**

**जीवन अजम्बरी हुँदैन**
**एकनास सधैँभरि हुँदैन**
**केको घमन्ड गर्छौ**
**झूटो संसार जुनीभरि हुँदैन ।**
**('जीवनको रहस्य' कविताबाट)**

**घेराबन्दी गर्दो**
**विरोधीहरूको जमात...**
**टिकेन तर तिम्रो**

**स्वयम्को सोचाइमा कुनै विषाद**
**स्वयम् कुनै पनि अवसाद...**
**अन्यथा**
**गुज्रिने थियो जीवन**
**तुच्छ संसारमय विषादको साथ ।**
**('स्थितप्रज्ञ' कविताबाट)**

**पाउन सफल भयौ अमूल्य निधि**
**लोकगीतारूपी प्रसाद ।**
**(पूर्ववत्)**

**प्राणी त आउँछन्, जान्छन्**
**स्थिर छ समय सदा ।**
**('समय' कविताबाट)**

**योग भन्दछ–**
**ज्ञान, भक्ति, कर्म नै हो सब**
**कर्तापन छोडी**
**कर्मयोगी बन**
**प्राप्त हुन्छ अमृत तत्त्व ।**
**('शून्य र पुण्य' कविताबाट)**

**शून्यबाट स्थापित**
**हुनु छ शून्यमा विलीन**
**शून्यमा समाहित हुनु दीप निभ्नु हो ।**
**(पूर्ववत्)**

(च) यहाँ हिन्दु राष्ट्र नेपालको पहिलेको संवैधानिक मान्यता खारेज गरी नेपाललाई धर्मनिरपेक्ष तुल्याइएकामा कवयित्रीको त्यसप्रतिको असहमति र आफ्नो दृढ चाहना व्यक्त गरिएको कवितांश तल उद्धृत छ–

**धर्मनिरपेक्षताको साटो**
**सकल मानवप्रति**
**सद्भाव राख्ने विश्वको एक मात्र**
**नेपाली पहिचान बोकेको हिन्दु राष्ट्रको सम्मान चाहन्छु ।**
**('नवदुर्गा भवानी : एकताकी सूत्र' कविताबाट)**

**प्रस्तुत कवितासङ्ग्रहका विभिन्न कविताका गद्यात्मक रचनासन्दर्भमा प्रतिबिम्बित चिन्तन पक्ष र गद्यकारिता**

अब प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका पूर्वोक्त जीवनजगत्परक विविध विशेष चिन्तनका रेखाङ्कनकै सन्दर्भमा यस कवितासङ्ग्रहकै विभिन्न कवितासँग सम्बद्ध र गद्यशैलीमा लेखिएका तेत्तिसवटा रचनासन्दर्भमध्येका सुरु भाग, बीचको भाग र आखिरी भागतिरबाट यादृच्छिक तर सूक्ष्म प्रयोजनपरक रूपमा लिइएका यी कतिपय गद्यांशका नमुनाले खुलाएको कवयित्री सुनीताका कामना, सोचाइ, अवधारणा र वैचारिकीको समेत केही अवलोकन र अन्तर्मनन गरेर हेरौँ । तल यस प्रयोजनका निम्ति उद्धृत कतिपय गद्यांश प्रस्तुत छन्–

(क) '२०७७ साल चैत महिनाको सुरुवातसँगै अदृश्य जीवाणु कोरोनाको महामारी नेपालमा जुन रूपमा चम्किँदै गयो त्यसबाट अहिलेसम्म त्राण प्राप्त हुन सकेको छैन । ...यहाँ कोरोनापीडित मानवले अब आफ्नो वर्तमान दुर्दशा र अकिञ्चन असहाय अवस्थाका साथै प्रकृति, मनुष्य, समष्टि जीव र जगत्को तादात्म्यको पाठ पुनः सम्झिन थालेको अभिव्यक्ति दिइएको छ ।'

**('प्रकृतिको अस्तित्वको सन्देश' कविताको अन्त्यको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश)**

(ख) 'लाग्यो– हाम्रो खुद भोगाइ भने यसै जगत्को एक आयुमा सीमित हुँदो रहेछ ।'

**('गाईजात्रा' कविताको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश)**

(ग) 'तसर्थ नेपाललाई एक समुन्नत राष्ट्र देख्ने अभिलाषा हो यो । नसानसामा देशभक्तिको रक्तको प्रवाह हो यो । राष्ट्रको एकता छिन्नभिन्न हुन खोज्दा दुखेको मुटुको व्यथा पनि हो यो ।'

**('कालो दाग' कविताको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश)**

(घ) 'मेरो नेपाल आमाको समृद्ध मुहारको मुस्कुराहटको कामना हो यो । दुर्गा भवानीसँग मेरो राष्ट्रका लागि मेरो अन्तर्हृदयको एक पुकार हो यो– राष्ट्रको एकताको ।'

**('नवदुर्गा भवानी : एकताकी सूत्र' कविताको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश)**

(ङ) 'प्रथमतः यहाँ मैले मेरा अभिन्न जीवनसङ्गीको सदा सत्यनिष्ठ र कर्तव्यपरायण चरित्रको र उनले भोग्नुनपर्ने तर भोगेका केही व्यथाकथाको पनि चित्रण गरेको छु ।'

**('स्थितप्रज्ञ' कविताको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश)**

(च) 'ज्ञानको गीतारूपी भावसागरमा प्रवेश गरी... यस भावसागरबाट केही मोती बटुलेर कविताका रूपमा गुँथ्ने प्रयास यहाँ गरेकी छु ।'

**('शून्य र पुण्य' कविताका रचनासन्दर्भबाट उद्धृत एक गद्यांश)**

माथि 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका उपर्युक्त सातवटा कविताका अन्त्यमा दिइएका र गद्यशैलीमा रचिएका सात रचनासन्दर्भबाट उद्धृत गरी टिपिएका सातवटा (उक्त कवितासङ्ग्रहका कुल तेत्तिस कविताका अन्त्यका गद्यशैलीका तेत्तिसवटै रचनासन्दर्भमध्येका ऊन्डै २० प्रतिशतजति) रचनासन्दर्भका प्रतिनिधि सातवटा गद्यांशका नमुनाको पठन र मनन गर्दा समुच्चा ती सन्दर्भबाट ज्यादाजसो सम्बन्धित कविताकृतिको प्रेरक प्रसङ्ग र मूल कथ्य अन्तर्वस्तु, भाव या विचारको सार कतै विस्तृत र कतै संक्षिप्त रूपमा र कतैकतै सूक्तिमय र सूत्रात्मक रूपमा पनि नेपाली गद्यभाषामा व्यक्त गरिएको भेटिन आयो । साथै यस्तो गद्यशैलीमा सुनीता कार्कीले क्रमशः निबन्ध, संस्मरण आदि अरू नेपाली आख्यानेतर गद्य विधामा पनि रचना प्रस्तुत गर्दा राम्रै हुने पनि मलाई लाग्यो ।

**कवितागत विभिन्न भाव र रसात्मकता**

अब उपर्युक्त परिप्रेक्ष्यमै प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका अनेक कविताहरूमा विभिन्न ढङ्गले अभिव्यक्त भई क्रमश: अन्तर्विकसित भावराशिमध्येका खास गरी स्थायी वा मूल भाव भन्न सकिने कतिपय विशिष्ट भावका साथै आलम्बन तथा उद्दीपन विभाव र अनुभावलगायत सञ्चारी विविध भावहरूको परस्पर संयोजनबाट हुने भावोदय, भावसन्धि, भावसबलता वा भावविकीर्णता र भावप्रशमनका अवस्थासँगै कतिपय स्थायी प्रकृतिका भावका सरस परिणतिका बारेमा पनि सङ्क्षेपमा केही विमर्श गरौँ । यस सन्दर्भमा यहाँ मुख्यत: शृङ्गार, हास्य, भयानक र करुण अनि शान्तरस धेरथोर उद्धृत हुन पुगेका छन् भने उत्साहमूलक वीररस, आश्चर्यपरक वा विस्मयपरक अद्भुत एवं घृणापरक र जुगुप्सापरक बीभत्सरस अनि क्रोधपरक रौद्ररसचाहिँ व्यक्त रूपमा अपेक्षाकृत कम प्रयुक्त रहेको भेटिन्छ । शृङ्गाररसलाई रसराज पनि भनिन्छ भने प्रस्तुत कवितासङ्ग्रहका यी एकतिहाइजसो कवितामा शृङ्गाररसकै प्रचुर वा आंशिक उद्बोधक अन्तर्भूमिका रहेको र मुख्यत: विपरीतलिङ्गी नरनारीका बीचका आकर्षण, आसक्ति, मनस्ताप, प्रेम, संयोग, विप्रलम्भ, विरह, दाम्पत्य, रतिराग, युग्मेच्छा र यौन सम्बन्ध आदिसँग सम्बन्धित समविषम वृत्तिको भावजगत् विकीर्ण रूपमा व्यक्त र सञ्चितसमेत हुन पुगेको पाइन्छ– 'समर्पित', 'असम्भव प्राय: मिलन', 'अपरिहार्य', 'बिना', 'नारी', 'वेदना एक भ्रूणको', 'एक भूल', 'कस्तूरी सुवास', 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने' र 'स्थितप्रज्ञ' । त्यसो त यस कवितासङ्ग्रहको आमाको छोरीप्रतिका नजन्मिँदैदेखि विवाहोत्तर समयसम्मको प्रगाढ अनुराग र असीम वात्सल्य भाव तथा मङ्गलकामना अभिव्यक्त भएको 'कुलकी मान' कविता पनि अर्का प्रकारले प्रीतिभावको परिपाक प्राप्त भएको कविता हुँदै हो । वास्तवमा संयोग वा विरह शृङ्गारको प्रीतिभाव र दाम्पत्यसम्बन्धको दृढता

अनि त्यसमा खास गरी स्वार्थी पुरुषसत्ताका कारणले प्रतिकूलता पैदा भई आहत नारीअस्मिताको अन्तर्विद्रोही चेतनाको दोछाया झल्किने बिन्दुसम्मको नरनारीसम्बन्धको र अन्तर्जागृत मुक्त नारीचेतनाको सेरोफेरो नै यस कवितासङ्ग्रहका अनेक कविताहरूको एक मूल भाव पक्ष हुँदै हो ।

यसपछि प्रस्तुत सङ्ग्रहका अनेकौँ कवितामा प्रखर रूपमै र उल्लेख्य मात्रामै व्यक्त भएको अर्को भावधारा भेटिन्छ राष्ट्रप्रेमको; जसअन्तर्गत समकालीन नेपाली राष्ट्रिय, सामाजिक र सार्वजनिक जीवनबीच विगत लामै समयसन्दर्भमा कवयित्रीका मानसतलमा चहऱ्याउन पुगेको जनयुद्धकालीन पूर्वापर समयसन्दर्भका हत्याहिंसा र आतङ्क तथा त्यसका दमनप्रयासका शृङ्खलाप्रति शृङ्खलाबाट नेपाल राष्ट्र र नेपाली समाजको अप्रत्याशित विनाश तथा विखण्डन नहोस् र सम्भावित जातीय तथा क्षेत्रीय द्वन्द्वको र बाह्य चलखेलको प्रभावबाट सामूहिक बुद्धिमत्तापूर्वक जोगिई नेपाली जनसमुदायमा पारस्परिक सद्भाव एवं सौहार्द कायम रहोस् अनि त्यसमा कुनै खलल नपरोस् र निर्बाध देशविकास र जनताको सुखसमृद्धिको प्रयाससमेत अगि बढिरहोस् भन्ने एकसाथ विशेषत: त्रासपूर्ण र करुण अनि खास गरी समकालीन राजनैतिक, आर्थिक, सामाजिक र अन्य विभिन्न सार्वजनिक फाँटका प्राय: सत्तालोलुप र धनलुब्ध अनि आचारहीन चरित्रका प्रदर्शनमा देखिने आदर्शच्युति, विचलन र विसङ्गतिप्रति स्थूल र सूक्ष्म दोहोरै स्तरमा जुगुप्सा/घृणा तथा व्यङ्ग्योपहास (हासपरिहासको भाव) जडितसमेत रहेको र विशेषत: शान्तिकामी अनि मूलत: विशेष उत्साही राष्ट्रप्रेमको, राष्ट्रियताको, राष्ट्रको स्वतन्त्र सार्वभौम सत्ताको र राष्ट्रएकताको समुच्चा भावतुमुलता समेटिएको निविड भावजगत् झुल्किन पुगेको पाइन्छ । यस क्रममा मानवनियोजित द्वन्द्वजन्य, प्रकृतिप्रकोपजन्य र जैविक महामारीजन्य समयसन्दर्भमा उपर्युक्त समकालीन नेपाली राष्ट्रिय जीवनले भोगे,

बेहोरेको अनेक थरी चरम भयत्रासमूलक भयानक रस र एक चौथाइ शताब्दी वा पच्चिस वर्षजतिको पूर्वापर समयसन्दर्भमा हजारौँहजार (चालिस हजारजति) नेपालीहरूको जीवनको अकार्थैमा अप्रत्याशित रूपमा भएको अवसान, अपहरण, बलिदान र बेपत्ताजस्ता अवस्थाबाट उद्बुद्ध असीम करुणरससँगै यहाँ विविध सार्वजनिक विचलन र विसङ्गतिको आँतबाट अनुभूत हुने एकातर्फ जुगुप्सा र व्यङ्ग्योपहासका अनि अर्कातर्फ आफ्ना राष्ट्र र आफूसमान सकल नेपाली जनताको अस्तित्वको रक्षाप्रति जागृत हुनैपर्ने प्रबल उत्साह भावलाई जनक्रोधपरक रौद्र सञ्चेतना र जीवनमा आखिर अपरिहार्य शान्तिकामनाको समेत तुमुल आवेग उद्गवेगसँगसँगै यहाँ आश्चर्य र विस्मय भाव प्रधान रहेको अद्भुत रस जैविक उदात्त सन्दर्भमा नभई खास नकारात्मक तथा अप्रत्याशित दारुण प्रभाव पार्ने महाभूकम्पजस्तो प्राकृतिक प्रकोप र जैविक सङ्क्रामक विश्वमहामारीमूलक कोरोनाप्रकोपको अप्रत्याशित त्रासद र करुण अद्यावधिक असरका सन्दर्भमा अरू धनीभूत हुन पुगेको छ– 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' र 'प्रकृतिको अस्तित्वको सन्देश'जस्ता कविताहरूमा समेत । त्यस्तै सङ्क्षेपमा भन्न खोज्दा उपर्युक्त अवधिबीचका राष्ट्रिय गौरवी इतिहाससन्दर्भहरूको स्मरण र समयुगीन समविषम र आरोहअवरोहमय राष्ट्रिय एवं नागरिक स्तरीय भोगाइ र जनअन्तरचेतनाका समष्टिसन्दर्भमा अनुभूत हुने कतिपय राष्ट्रिय विशेष प्राप्तिका उल्लाससँगैका कतिपय राष्ट्रिय तीव्र वेदना र विषादका ती समयुगीन बहुभावको तुमुलता पनि यहाँ व्यक्त हुन पुगेको छ जुन समयुगीन पूर्वापर समयसन्दर्भका राष्ट्रिय चेतनास्तरमा र नेपाली लोकमानसका स्तरमा विशेष प्रभावी बन्न पुगेथ्यो । यहाँ यस सन्दर्भमा यी विशेष उल्लेख्य राष्ट्रिय समयुगीन राजनैतिक र अरू सन्दर्भित घटनासन्दर्भलाई आधारभूत रूपमा समेटी यसरी क्रमश: सरसरती दृष्टिगत गरेर हेरौँ– राजा र राजनैतिक दलहरूका बीचको लामो अन्तर्बाह्य द्वन्द्वक्रम, पटकपटकका र अलि लामै पनि

बाह्य सीमानाकाबन्दी, विभिन्न रूपका बाह्य प्रभाव र मुकुन्डे दबाबका सघन प्रतिच्छाया, पहिले प्रतिबन्धित र पछि खुला अवस्थाका राजनैतिक दलका विभिन्न ऐतिहासिक जनआन्दोलनक्रम, निर्दलीय पञ्चायती राज्यव्यवस्थाको खारेजी र संवैधानिक राजतन्त्रको व्यवस्था अनि बहुदलीय संसदीय प्रजातन्त्रको स्थापना र आमचुनाव एवं दलीय शासनको द्वन्द्वपूर्ण सन्दर्भ एवं राजा वीरेन्द्रको शान्तिक्षेत्र प्रस्तावको पूर्ण पटाक्षेप, प्रजातन्त्रवादी र साम्यवादी शक्तिबीचको सहअस्तित्व तथा द्वन्द्वप्रतिद्वन्द्व र सत्ताहोड, विभिन्न क्रान्ति तथा आन्दोलन एवं चुनावी प्रतिस्पर्धाका क्रमका सिद्धान्त र आदर्श एवं समयसमयका नारा, घोषणा तथा प्रतिबद्धताका र बाचाका लहरप्रतिलहर, जनहृदयमा जगाइएका यो या त्यो नाना आशा र उत्साहका ज्वारमा समयक्रममा र वास्तविकताका धरातलमा देखा पर्दो शिथिलता, राजनैतिक क्षेत्रमा बढ्दो विसङ्गति र भ्रष्टता एवं देशहित तथा जनहितप्रतिको उदासीनताको क्रम र जनस्तरमा देखा पर्दो कुण्ठा र निराशा एवं विशेषत: अनेक नेतागणप्रति बढ्दो जनताको मोहभङ्ग र अविश्वास एवं अन्तरआक्रोश, राजनैतिक स्थायित्व तथा सुशासन र देशविकास एवं समाजसमुन्नतिसम्बन्धी जनव्यग्रता, माओवादी सशस्त्र जनयुद्ध र जनताको हत्याहिंसा तथा सम्पत्तिकब्जाको क्रम र यसउपरको शासनका क्रमिक दमनचक्र अनि अन्तर्बाह्य दबाबबीच राज्यशक्तिका क्रमिक क्षयका सङ्केत, दरबारमै राजा वीरेन्द्रको हत्या र वंशविनाश, राजा ज्ञानेन्द्रको उदय र अस्तक्रम, नयाँ दिल्लीसम्झौता, जनयुद्ध र दोस्रो जनआन्दोलनको समीकरण, परम्परागत राजसत्ता र राज्यशक्तिद्वारा क्रान्तिकारी तथा आन्दोलनकारी शक्तिलाई क्रमिक सत्ताहस्तान्तरण, लोकतन्त्रोदय, गणतन्त्रोदय, हिन्दु राष्ट्रको खारेजी र धर्मनिरपेक्षताको घोषणा, शान्तिसम्झौता, प्रथम र द्वितीय संविधानसभाकालका अन्तरचुनौती एवं खारेज हिन्दु राष्ट्र र विस्थापित संवैधानिक राजतन्त्रका पुन:स्थापनाका पक्षमा केही मात्रामा र मुख्यत: जातीय र क्षेत्रीय

स्वपहिचानअनुसारका प्रदेश दाबीका चापप्रतिचापलाई चिर्दै नयाँ संविधानको निर्माण र कार्यान्वयनको सन्दर्भ, महाभूकम्पका जनधनक्षति र राहतका विचलन तथा भूकम्पोत्तर पुनर्निर्माणको झन्झटिया र सुस्त प्रक्रिया, जातिगत र भौगोलिक क्षेत्रगत स्वपहिचान र प्रदेश दाबीका द्वन्द्वप्रतिद्वन्द्व र आन्दोलनलहरका शेष बेचैनी र अन्तरताप तथा संविधानका निर्माणोत्तरकालका कतिपय तप्काका मुखर असन्तुष्टि र विशेषत: परवर्ती मधेसआन्दोलन, पुनर्नाकाबन्दी र द्वन्द्व तथा क्रमिक समझदारी, सङ्घीय ढाँचा र प्रदेश तथा पालिका तहको चुनाव शृङ्खला, दलीय अन्तर्बाह्य द्वन्द्वप्रतिद्वन्द्व तथा शासनका आरोहअवरोहको उथलपुथलपूर्ण राष्ट्रिय घटनाप्रतिघटनाको क्रम एवं राजनैतिक स्थायित्वका अन्तरचुनौती र विशेषत: विश्वव्यापी कोरोना महामारीका जैविक लहरप्रतिलहरको नेपालप्रवेशका कहर तथा विशेष जनक्षति एवं अद्यावधिक सन्त्रास र प्रतिरोधको क्रम आदि । वास्तवमा यिनै समयुगीन बहुविध घटनाप्रतिघटनाक्रमबाट नेपाली राष्ट्रिय चेतनातल र लोकमानसमा परेका आधारभूत प्राप्तिमय उल्लाससँगैका कतिपय पीडापूर्ण घातसङ्घातको पनि प्राय: सूक्ष्मतर अन्तरछाया परेको सिर्जनात्मक भावतुमुलताको अभिव्यक्ति कवयित्री सुनीता कार्कीका प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका यी कविताहरूमा बेसी वा कम उल्लेख्य रूपमा व्यक्त भएको भेटिन्छ– 'नमुना नेपाल', 'कालो दाग', 'उम्लिएर बगोस्', 'पृथ्वीको गर्भ', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'अदम्य साहस' र 'सुषुप्त महत्त्वाकाङ्क्षा' आदि ।

स्वयम् मानवीय जीवनसम्बन्धी यो वा त्यो चिन्तनका सन्दर्भमा यहाँ प्रस्तुत कवितासङ्ग्रहका शून्यता वा आध्यात्मिकताका वैचारिक पाटाहरूतर्फ विशेष अभिमुख हुँदै हास्य, राष्ट्रिय उत्साह, करुण, रौद्र, भयानक, बीभत्स, अद्भुत, शृङ्गार आदि विभिन्न रसका मिश्रित

अन्तर्धाराका गौणता या धेरथोर सहकारितासँगै प्रशान्त भाव प्रधान रहने शान्तरसतर्फ झुकेका अर्का थरी कविताहरू हुन्– 'गाईजात्रा', 'शून्यतामा', 'जलधारा एक रूप अनेक', 'अङ्गुष्ठभ्याम', 'जीवनको रहस्य', 'स्थितप्रज्ञ' तथा 'शून्य र पुण्य' ।

यहाँ विवेकसम्मत ऐहिक र भौतिकवादी चिन्तनको छापसँगै पूर्वीय अध्यात्मविद्याको नव व्याख्याको अलि बौद्धिक तर प्राय: भावप्रवण नै अनुभव हुने जागृत मानवचेतनाको अलिकति अन्तर्राप पनि भेटिने गर्दछ ।

वास्तवमा यो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रह नेपाली समयुगीन राष्ट्रिय जीवनको र स्वयम् कवयित्रीकै समेत अन्तरअनुभूतिमय आत्मिक जीवनकै विशेष सोच पनि पर्याप्त प्रतिबिम्बित मुक्त कवितात्मक अन्तर्गान हुँदै हो– अलिअलि उहाँकै 'गाईजात्रा' कवितामा भनिएजस्तो पनि– 'जीवन फूलको कथा होइन/तर काँडाबीच फुल्नु पनि व्यथा होइन ।'

**प्रस्तुत समीक्षात्मक पर्यवलोकनको अब विशेषत: विवेचनीय सन्दर्भ**

अब क्रमश: यहाँ कवयित्री सुनीता कार्कीको प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका गद्यकविताका लयको पङ्क्तिगत आधारभूत संरचना तथा अन्त्यानुप्रासलगायत अन्तरअनुप्रासीयताको श्रव्य गुण एवं भाषाशैलीगत स्वरूपविन्याससँगै खास गरी प्राकृतिक र गैरप्राकृतिक मानवीय स्रोतका विविध बिम्बअनुबिम्ब तथा बिम्बप्रतिबिम्बसमेत वहन गर्ने कतिपय स्वभावोक्ति तथा विशेष उक्ति तथा तिनका अर्थालङ्कृति एवं भावबिम्बरचना आदि अभिव्यक्तिगत खास गरी शैलीशिल्पगत पक्षको केही चर्चा गरी त्यसपछि यस कवितासङ्ग्रहका अन्त्यमा राखिएका उहाँकै रचनास्वरूप पन्ध्रवटा श्यामश्वेत चित्र तथा आरेखउपर सरसरती दृष्टिपात गर्दै यस कवितासङ्ग्रहका प्रमुख कविताहरूको गुणस्तर वा गुणवत्ताका सम्बन्धमा आपातत: इङ्गित

वा सङ्केत गरी यस समीक्षात्मक पर्यवलोकनका आलेखलाई टुङ्ग्याउनीमा पुऱ्याई बिस्तारै टुङ्ग्याइनेछ ।

**गद्यकवितात्मक मुक्तक कवितालयका स्वरूप वैशिष्टचका सम्बन्धमा**

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका पूर्वोक्त तेत्तिस कविताहरूको मुक्त गद्यकवितात्मक अन्तर्लयविधानको अन्तर्विश्लेषण गरेर हेर्दा यहाँ कवयित्री सुनीताको पहिलो 'जानी नजानी' भन्ने कवितासङ्ग्रहकै जस्तो किसिमको पाठचश्रव्य र गेय उच्चार वा उच्चार्य वर्ण र अक्षरका स्तरमा आधारभूत रूपमा अति छोटादेखि अति लामासम्मका अनुच्छेदगत प्राय: उन्मुक्त लयात्मक गद्यकविताका लगभग निकटका पङ्क्तिलहरहरूको प्रयोग वा उपयोग गरिएको पाइन्छ । यहाँ नेपाली गद्यकविताका रचनाका क्रममा विगत लगभग पौने एक शताब्दीजतिका समयावधिमा प्रयोग भएको समुच्चा मुक्त गद्यकविताको लयविधानसम्बन्धी मेरो आधारभूत अध्ययनका साथै स्थापनाअनुरूपकै पर्याप्त अन्तर्गीतिगुण भएको मुक्त गद्यकवितात्मक पङ्क्तिगत लयसंरचनाको मोटामोटी स्वरूपसमेत भेटियो । त्यसको निरूपण गर्ने क्रममा यी पाँच थरी प्रतिमानको न्यूनाधिक अन्तर्मिश्रण भएको आन्तरिक साक्ष्य यहाँ विशेषत: देखिन आयो– अति छोटा लघुतर वा विशेष लघु (१–४ उच्चार वा उच्चार्य वर्ण/अक्षरको), छोटो वा लघु (५–९ उच्चारको), मझौलो वा मध्यम (१०–१४ उच्चारको), लामो वा दीर्घ (१५–१९ उच्चारको) र अति लामो वा विशेष लामो (अति दीर्घ : २०–२५/२६ उच्चारको) अनि सासका एक भुल्कामा उच्चारित हुन सक्ने जति वा संस्कृत छन्दशास्त्रले मोटामोटी मापन गरेको लयव्यवस्थाभित्रैको र गद्य र पद्य दुवै थरीका विधाको साँधको अनि २६ उच्चारभन्दा बढीका पङ्क्ति प्रयुक्त हुने अनि दण्डकको तहमा भने प्रवेश नगरेको ।

वास्तवमा संस्कृत छन्दशास्त्रीय परम्पराअन्तर्गत यो दण्डक भनिने र दण्डककैँ वा तेर्सो रूपमा विस्तारित हुने अनि मूलत:

क्षितिजीय तथा निकै असीमजस्तो या अति नै लामो पनि हुन सक्ने हुँदा तत्सम्बन्धी छन्दको मापन र विशेष लक्षणको निर्धारण तथा नामाकरणमा ज्यादा रुचि नलिइए पनि अमापित तथा विशिष्ट छन्दविधान वा मुक्त लयव्यवस्थाचाहिँ अन्तर्निहित र स्वस्फूर्त रहने ठानिएको अनि ऊर्ध्वाधरीय रूपमा समेत लयगत आवृत्ति र विस्तार तथा अन्त्यानुप्रासीय लहर पनि प्रयुक्त हुन सक्ने अनि पद्य र गद्य दुवै थरी वाङ्मयिक वा साहित्यिक विधाको दोसाँधिलो र सीमान्तीय रेखाको पनि भनिने अनि सामान्य पद्य या कविताका दाँजामा विशेष विस्तारित लयात्मक प्रयोगको अवस्था हो । यो संस्कृत साहित्यिक तथा साहित्येतर वाङ्मयिक क्षेत्रमा यजुर्वेदसंहितामा तथा कतिपय संस्कृत ब्राह्मणग्रन्थमा अनि संस्कृत आरण्यक रचनाका कतिपय उपनिषद्ग्रन्थ आदिमा तथा महापुराण भनिने श्रीमद्भागवत आदि ग्रन्थमा धेरथोर प्राचीन प्रयोग भेटिने एक थरी विशेष विस्तारित र प्राय: अनियत लयविधान मानिन्छ र हालको मुक्त पद्य वा मुक्त कविता अनि गद्यकविताको तहमा भने खास बद्ध र व्यवस्थित नभएको तर श्रुतिरमणीयता भने रहने र पाइने गरेको मोटामोटी भाषिक पङ्क्तिगत उच्चार्य र अनुच्छेदगत मुक्त अति छोटो, छोटो, मझौलो, लामो या अति लामोजस्ता उच्चार्य लयविधानअन्तर्गत न्यूनाधिक रूपमा रहने र भेटिनेजस्ता कतिपय आधारभूत सन्दर्भ यहाँ विशेष उल्लेखनीय अनि मननीय रहेको पाइन्छ ।

उपर्युक्त सन्दर्भमा प्रस्तुत कवितासङ्ग्रहअन्तर्गत उपर्युक्त केवल अति छोटो विशेष लयपङ्क्तिगत स्वरूप मात्र भएको मुक्त गद्यात्मक लयविधान यहाँ प्राय: कुनै गद्यकवितामा पनि समग्रत: प्रयोग गरिएको देखा पर्दैन भने नगण्य रूपमा यो अति छोटो उच्चार्य मुक्त लय र उल्लेख्य रूपमा भने अर्को छोटोचाहिँ प्राय: लघु मुक्त लयको भनिने अन्तर्मिश्रित प्रयोग भएका छोटो लयका यी गद्यकविता

यहाँ भेटिन्छन्– 'असम्भव प्राय: मिलन', 'गाईजात्रा', 'समर्पित', 'भानु', 'कस्तूरी सुवास' र 'शून्य र पुण्य' (जम्मा छवटा गद्यकविता) । त्यसो त यहाँ नगण्य रूपमा यो अति छोटो मुक्त लयको प्रयोग भई विशेष रूपमा चाहिँ अरू नै मुक्त लयको प्रयोग भएका मिश्रित लयका चाहिँ झन्डै दुई दर्जनजति गद्यकविता फेला पर्छन् । प्रस्तुत कवितासङ्ग्रहका लगभग उनन्तिस कवितामा उल्लेख्य रूपमा छोटो वा लघु भनिने मुक्त लयको मिश्रित प्रयोग भएको पाइन्छ भने सत्ताइसवटाजति गद्यकवितामा मिश्रित रूपमा मझौला वा मध्यम मुक्त लयको उल्लेख्य प्रयोग भएको भेटिन्छ । यहाँका आधाजसो गद्यकविताहरूमा नगण्य रूपमा लामो (दीर्घ) मुक्त लयको प्रयोग भएको देखिने भए पनि यस लामो मुक्त लयको प्रयोग अरू थरी लयसँग मिश्रित रूपमा यी दुई कवितामा उल्लेख्य प्रयोग भएको भेटिन्छ– 'अदम्य साहस' र 'नव दुर्गा भवानी : एकताकी सूत्र' । त्यस्तै यहाँ अति लामो या विशेष लामो (दीर्घतर) पङ्क्तिगत मुक्त लय मिश्रित रूपमा फाटफुट प्रयुक्त भएको देखिए पनि यसको उल्लेख्य मिश्रित प्रयोगचाहिँ एउटै गद्यकवितामा भेटिन्छ– 'अदम्य साहस' । समुच्चा रूपमा हेर्दाचाहिँ उल्लेख्य रूपमा छोटो (लघु) र मझौलो (मध्यम) भनिने उक्त दुई थरी मिश्रित लयकै प्रयोग यहाँका ज्यादाजसो गद्यकविताहरूमा भएको भेटिन्छ र ती कविता हुन्– 'प्रकृतिको अस्तित्वको सन्देश', 'नमुना नेपाल', 'कालो दाग', 'पृथ्वीको गर्भ', 'शून्यतामा', 'समय', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'कुलकी मान', 'जलधारा एक रूप अनेक', 'वेदना एक मानव भ्रूणको', 'एक भूल', 'बिना', 'अपरिहार्य', 'अधुरो कल्पना', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने', 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'बन्दी पुस्तक', 'नारी', 'जीवनको रहस्य' र 'स्थितप्रज्ञ' (प्रस्तुत कवितासङ्ग्रहका तेत्तिस कवितामध्ये झन्डै दुई तिहाइभन्दा बढी, दुई दर्जनजसो गद्यकविता छन्) ।

वास्तवमा यही छोटो मझौलो (लघु र मध्यम : बढीमा पन्ध्र उच्चारजतिको आसपाससम्मको) मुक्त पङ्क्तिगत लय भएको र अन्तर्गीतिगुण उल्लेख्य मात्रामा रहेको गद्यकवित्व नै कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' गद्यकवितासङ्ग्रहसम्मको गद्यकवित्वको प्रवाहको त्यस्तो मूल पहिचानजस्तो हुन पुगेको छँदै छ जुन विशुद्ध वार्णिक छन्दढाँचाको नेपाली झ्याउरे लयको १६ अक्षरे (३ + २, ३ + २, ३ + ३) उच्चार्य वर्ण/अक्षर वा उच्चार रहेको पङ्क्तिगत लय हुने विशेष लोकलयको र अरू पनि पङ्क्तिगत १३–१५ श्रव्य उच्चारआसपासका कतिपय नेपाली वार्णिक लोकलयको समेत पर्याप्त निकटको प्रतीत हुने गर्दछ । यहाँ नगण्य रूपमा अरू मुक्त लय मिश्रित भए पनि लामो (दीर्घ) मुक्त लय नै विशेष उल्लेख्य रूपमा प्रयोग भएको गद्यकविता हो– 'उम्लिएर बगोस्' । यहाँ वस्तुत: छोटो, मझौलो र लामो तीनै प्रकारका मुक्त लयका पङ्क्तिको मिश्रित प्रयोग भएको एक मात्र गद्यकविता फेला पर्छ– 'नवदुर्गा भवानी : एकताकी सूत्र' । साथै यहाँ अरू प्रकारका मुक्त लयको नगण्य प्रयोग भई उल्लेख्य रूपमा मझौलो र लामो र अति लामो (अति दीर्घ : लगभग २५–२६ उच्चार्य तथा श्रव्य वर्ण/अक्षरका आसपासको) मुक्त लयका पङ्क्तिहरूको मिश्रित प्रयोग भएको चाहिँ गद्यकविता हो– 'अदम्य साहस' । यसरी हेर्दा कवयित्री सुनीताको गद्यकवित्वको अन्तर्विकासको प्रक्रिया पहिले 'जानी नजानी' गद्यकवितासङ्ग्रहदेखिकै मुक्त गद्यकविताका लयगत सन्दर्भमा मुख्यत: अति छोटोछोटो र मझौलो मुक्त पङ्क्तिगत लय हुँदै लामो मुक्त लयतर्फ बढ्दो र अति लामो मुक्त लयतर्फ चाहिँ विभिन्न कवितामा आक्कलझुक्कल आकृष्ट रहेजस्तो बुझिन आउँछ र खास गरी उच्चार्य तथा श्रव्य लयगत उन्मुक्तताभित्रको अन्तर्नियमित आंशिक गीतिगुण नै उहाँको गद्यकवित्वको मूल शक्ति र सीमा ठहर्न आउँछ । यिनै विभिन्न परिप्रेक्ष्यमा उहाँको प्रस्तुत दोस्रो कवितासङ्ग्रहका खास गरी क्रमश: छोटा, मझौला

अनि अति लामो उच्चार्य तथा श्रव्य पङ्क्तिगत अमिश्रित वा मिश्रित मुक्त लय भएका केही गद्यकवितांश तल पाठकीय र भावकीय नमुना आस्वादनका निम्ति विशेष चयनपूर्वक उद्धृत गरी प्रस्तुत गरिएका छन्–

१. छोटो वा लघु मुक्त उच्चार्यश्रव्य पङ्क्तिगत लय भएको एक कवितांश–

**अस्तव्यस्त मेरो हालत**
**लुटिएकी नारीसमान**
**जगल्टिएका यी केश**
**लुछिएका जङ्गलसमान ।**
**('प्रकृतिको अस्तित्वको सन्देश' कविताबाट)**

२. (मिश्रित) मझौलो (मध्यम) उच्चार्यश्रव्य पङ्क्तिगत मुक्त लय भएको एक कवितांश–

**जसले**
**नेपाल आमाको अस्तित्व जोगाउनेछ...**
**राष्ट्रलाई विखण्डनबाट बचाउनेछ ।**
**('उम्लिएर बगोस्' कविताबाट)**

३. (मिश्रित) लामो र अति लामो (दीर्घ र दीर्घतर) उच्चार्य श्रव्य पङ्क्तिगत मुक्त लय रहेको एक कवितांश–

**धाँजा परी फाटेका गरामा सुनको बाला फुलाउनु छ**
**बिदेसिएका युवाशक्तिलाई फिराई राष्ट्रनिर्माणमा जुटाउनु छ ।**
**('अदम्य साहस' कविताबाट)**

**कवितागत अनुच्छेदरचना र पङ्क्तिविधानका सम्बन्धमा**

कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका प्रमुख गद्यकविताहरूको अनुच्छेदगत संरचना र अधिकतर अनुच्छेदका पङ्क्तिसंरचनागत मुक्त लयात्मक गद्यकवित्वका मुख्य झुकाउतर्फ अब यहाँ अलिकति इङ्गित वा

सङ्केत गरौँ । उपर्युक्त सन्दर्भमा हेर्दा यहाँ ‘अस्तित्वको सन्देश’ र ‘भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण’जस्ता दुवै अपेक्षाकृत विस्तारित गद्यकविता अलगअलग तीन थरी उपशीर्षक दिई तीन भागमा रचिएका छन् र विस्तारित अनुच्छेद भन्न सकिने यी तीन भागको उपसंरचना भने अलगअलग किसिमको रहेको पाइन्छ । यस सन्दर्भमा पहिलो ‘प्रकृतिको अस्तित्वको सन्देश’नामक विशेष विस्तारित कविताअन्तर्गतका क्रमशः ‘म प्रकृति हुँ अस्तव्यस्त मेरो हालत’, ‘कोरोना भाइरसको स्पष्टीकरण’ र ‘कोरोनापीडित मानव’ उपशीर्षक दिइएका तीन भागअन्तर्गत अरू कुनै भित्री अन्तर्विभाजनबिना मिश्रित मुक्त कवितालयका निरन्तरित पङ्क्तिप्रवाहका उपसंरचनामा रचिएको भेटिन्छ अनि तिनमा मोटामोटीमा क्रमशः ५३, ६४, ५५ जति पङ्क्तिका लयगत पङ्क्तिसंरचना रहेको पाइन्छ भने अर्को ‘प्रकृति र यसको त्रिआयामिक दृष्टिकोण’नामक कविताका ‘मानवको गुनासो’, ‘धर्ती प्रकृतिको मानवसँगको गुनासो’ र ‘उत्थान, पुनर्निर्माण र विकासको विश्वास’ भन्ने उपशीर्षक भएका तीन भाग भने विभिन्न (क्रमशः १५, ९, ७, ३१ सङ्ख्याका अनुच्छेदहरूमा अन्तर्विभाजित भई रचिन पुगेको भेटिन्छ । वास्तवमा प्रस्तुत कवितासङ्ग्रहअन्तर्गत प्रथमतः खास सङ्ख्याका भागमा फुटकर कवितालाई उपशीर्षकहरू दिई अन्तर्विभाजित गरी ती प्रत्येक भागअन्तर्गत अरू अनुच्छेदविभाजन नगरी एकै अनुच्छेदजस्तो लाग्ने मुक्त लयको निरन्तरित पङ्क्तिप्रवाह प्रस्तुत गरिएको यही एउटै कविता हो ‘प्रकृतिको अस्तित्वको सन्देश’ । प्रस्तुत कवितासङ्ग्रहका योबाहेक अरू कविताहरूमा भने खासखास सङ्ख्याका विभिन्न अनुच्छेदहरूमा विभाजित हुने मूल संरचनागत प्रवृत्ति रहेको पाइन्छ । मोटामोटीमा अब यहाँ कविताको संरचनागत अनुच्छेदसङ्ख्याका दृष्टिले प्रस्तुत कवितासङ्ग्रहका विभिन्न कविताहरूमा भेटिने अरू आधारभूत प्रवृत्तिहरूबारे क्रमशः दृष्टिपात गर्दै जाऔँ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका मूलतः तीन भागमा विभाजित भएका पूर्वोक्त दुई कविता 'प्रकृतिको अस्तित्वको सन्देश' र 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण'बाहेकका बाँकी एकतिस कवितामध्ये क्रमशः सबभन्दा कम र बढी अनुच्छेद भएका कविता यी देखिन्छन्– (क) पाँच अनुच्छेद भएका : 'सगरमाथा परेली नभिजाऊ', 'कस्तूरी सुवास' र 'जीवनले कोल्टे फेरेछ भने' कविता अनि (ख) सोह्र अनुच्छेद भएको : 'सुषुप्त महत्त्वाकाङ्क्षा' कविता। त्यस्तै यिनै पाँचदेखि सोह्र अनुच्छेदका कविता संरचनाभित्रै समेटिने र क्रमशः कवितागत अनुच्छेदसङ्ख्या बढ्दै जाने प्रवृत्तिका अरू यी कविताहरू यहाँ देखा पर्छन्– छ अनुच्छेदका : 'सगरमाथा नीर नबहाऊ', 'अदम्य साहस', 'नारी' अनि 'शून्य र पुण्य' कविता, सात अनुच्छेदको : 'एक भूल' कविता; आठ अनुच्छेदका : 'समर्पित', 'शून्यतामा' र 'बिना' कविता; नौ अनुच्छेदका : 'पृथ्वीको गर्भ', 'वेदना एक मानव भ्रूणको', 'अङ्गुष्ठभ्याम', 'अपरिहार्य', 'साथ रहोस् नरहोस्' र 'जीवनको रहस्य' कविता; दस अनुच्छेदका : 'नमुना नेपाल', 'असम्भव प्रायः मिलन', 'कालो दाग', 'समय', 'कुलकी मान', 'अधुरो कल्पना', 'नवदुर्गा भवानी : एकताकी सूत्र' र 'स्थितप्रज्ञ' कविता; एघार अनुच्छेदको : 'भानु' कविता; बाह्र अनुच्छेदको : 'बन्दी पुस्तक' र पन्ध्र अनुच्छेदको : 'जलधारा एक रूप अनेक' कविता। वस्तुतः पद्यका श्लोकका तुलनामा गद्यकविताको अनुच्छेदरचना पङ्क्तिगत लयप्रवाहको भन्दा मुख्यतः आन्तरिक भावप्रवाहको बीचबीचको एक टेको र कवितापङ्क्तिका दाँजामा अलि बढी विश्राम लिने किसिमको सानो पङ्क्तिसमूहरचना बढी हो र विशेषतः सांयोगिक पनि हो। वास्तवमा यो झन्डै कवितागत श्लोकसंरचनाजस्तै तर अलि भिन्न किसिमले गद्यकविताको अनियत अनुच्छेदरचनाका भावोर्जागत पङ्क्तिप्रवाहको क्रमको बीचबीचको उठान र बैठानको सम्भाव्य सिलसिला एवं प्रक्रियाको अलिकति नियन्त्रक, परिवर्तक र पुनः ऊर्जक एक सांयोगिक टेकातुल्य पनि देखिने गर्दछ।

अब यसपछि प्रस्तुत 'साथ रहोस् नरहोस्' गद्यकवितासङ्ग्रहअन्तर्गतको खास कविताको अनुच्छेदगत पङ्क्तिसमूहको सङ्ख्यात्मक विशेष स्थितितर्फ मोटामोटीमा र समष्टिगत सन्दर्भमा अलिकति दृष्टिपात गरौँ । सामान्यत: छोटो वा लामो एक पङ्क्तिको मुक्त लय र त्यस्तो एकै पङ्क्ति वा पाउ/चरणको कविता उति सान्दर्भिक मानिन्न र कम्तीमा पनि दुई पोयोको संरचना अपेक्षित हुने ठानिन्छ भने चार पङ्क्ति, हरफ, पाद, चरण या पाउको श्लोकसंरचना नै पद्य या कविताका क्षेत्रमा विशेष प्रतिष्ठित रहँदै आएको छ भने प्राचीन वैदिक संस्कृत युगदेखि नेपाली लोकगीतका परम्परामा र अंशत: नेपाली गद्यकवितामै पनि त्रिष्टुप् भन्न सकिने तीनहरफे या त्रिपादयुक्त श्लोकसंरचना पनि प्रचलित नै छ । यिनै पङ्क्तिगत मापका परिप्रेक्ष्यमा प्रस्तुत कवितासङ्ग्रहका विविध कविताअन्तर्गतका खास कवितागत अनुच्छेदरचनाअन्तर्गतका आन्तरिक पङ्क्तिरचनाको मोटामोटी साङ्ख्यिकी र साङ्ख्यिकीय अवस्थितिगत स्वरूपतर्फ मोटामोटी नजर दौडाई यहाँ केही अवलोकन गरेर हेरौँ– प्रथमत: १, २, ३ र ४ हरफे विविध मुक्त लयका केही नमुना कवितांशमार्फत–

(क) एकहरफे अनुच्छेद भेटिने कवितांश–

**के गरूँ ।**

**('भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताको 'मानवको गुनासो' उपशीर्षकबाट)**

(ख) दुईहरफे अनुच्छेद भेटिने केही कवितांश–

**जीवनले धेरै उकाली,**
**ओराली देखायो ।**

**('बिना' कविताबाट)**

**रस, रूप, माधुर्यकी सुन्दर सङ्गम**
**कञ्जन पुनीत गङ्गासरह मन ।**

**('कुलकी मान' कविताबाट)**

**शरीरसँग बाँधिएको आत्मा हुँदैन**
**जन्मदेखि मृत्युसम्म के परमात्मा हुँदैन ?**
**('अङ्गुष्ठभ्याम' कविताबाट)**

(ग) तीनहरफे अनुच्छेद भेटिने केही कवितांश–

**जीवित नै जलिरहेछु**
**एक आधा अधुरो सपनी बनी**
**आधा अधुरो कल्पना बनी ।**
**('अधुरो कल्पना' कविताबाट)**

**धरहरा निमोठ्यौ त्यसरी**
**मात्तिएको हात्तीको सुँडले**
**कमल निचोर्छ जसरी ।**
**('भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताको 'मानवको गुनासो' उपशीर्षकबाट)**

**भन्न डर लाग्छ**
**तर गऱ्यौ काम**
**जस्तो गर्छ कसाही ।**
**(पूर्ववत्)**

**सबै यसै जगत्को**
**एक जुनीमै सीमित छ**
**एक आयुमै सीमित छ ।**
**('गाईजात्रा' कविताबाट)**

(घ) चारहरफे अनुच्छेदका केही कवितांश–

**शरणार्थीको कारुणिक वेदना**
**भोग्नुअघि**
**छटपटाएको छातीले पोलेर**
**आफ्नो देश खोज्नुअघि ।**
**('नमुना नेपाल' कविताबाट)**

**प्रभुको चरणमा अर्पण हुनुअगाडि नै**
**अपवित्र घोषित बेगमबेली हुँ म**
**आँधीको प्रकोपमा चुँडिएर फ्याँकिएकी**
**निरीह पुष्प हुँ म ।**
**('एक भूल' कविताबाट)**

उपर्युक्त दुई, तीन र चारहरफे अनुच्छेदरचना भएका उद्‌धृत कवितांशको परिमित पाठकीय र भावकीय लयमाधुर्यगत आस्वादन र अन्तर्मननबाटै पनि कवयित्री सुनीता कार्कीको अद्यावधिको पर्याप्त मार्मिक र सुमधुर मुक्त लयात्मक कविता सृजना गर्ने शक्तिको बढ्दो अन्तर्विकासको क्रमको प्रशस्त पुष्टि हुन आउँछ भन्ने म ठान्दछु ।

कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको पहिलो कविता 'प्रकृतिको अस्तित्वको सन्देश' उहाँको अद्यावधिक सार्वजनिक कवितायात्राको एक महत्त्वपूर्ण नवीन कविताप्रदानका रूपमा देखा पर्न आएको छ अनि यो यसको रचनासन्दर्भअनुसार २०७७ साल चैतयता विश्वव्यापी कोरोना जैविक महामारीका समकालमा र त्यसै समसामयिक र जल्दोबल्दो विषयवस्तुमा केन्द्रित भई लेखिएको अनि तत्सम्बन्धी एक मार्मिक र उत्कृष्ट नेपाली कवितात्मक आलेख सिद्ध हुन पुगेको र यसका तीन भागअन्तर्गतका तीन अनुच्छेदको उपसंरचनाअन्तर्गतका ऊन्डै १७२ पङक्तिको प्रवाहको निरन्तरतालाई चतुष्पादी ढाँचामै गन्दा पनि त्रिचालिस श्लोकको हाराहारीको परिमापको विशिष्ट गद्यकविता रचना हुँदै हो । वास्तवमा यो उहाँको फुटकर कविताका स्तरको सबभन्दा समसामयिक र अधिकतम विस्तारसमेत प्राप्त गरेको कविता हो । यसै परिप्रेक्ष्यमा उहाँको यो दोस्रो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका विभिन्न कविताहरूमध्ये अरू कविताहरूभन्दा अपेक्षाकृत लामो पङ्क्तिसंरचना प्राप्त भएका यी कतिपय कवितागत अनुच्छेद यहाँ विशेष उल्लेख्य देखिन्छन्– 'साथ रहोस् नरहोस्' भन्ने नै शीर्षक भएका फुटकर कविताको 'तर पनि' बाट थालिई 'नरहोस्'मा पुगेर टुङ्गिने नवौँ र सोह्रौँ पङ्क्तिको अन्तिम अनुच्छेद, 'नारी' कविताको सोह्र पङ्क्तिकै 'जीवनभर'बाट सुरु भई 'सञ्जीवनी उनी'मा पुगी टुङ्गिने उपान्त्य अनुच्छेद, 'स्थितप्रज्ञ' कविताको सोह्र पङ्क्तिकै सातौँ ('अख्तियार दुरूपयोग नियन्त्रण आयोगको प्रमुख' भनी सुरु भई

'प्रयोग भयो झूटो लाञ्छना' भनी टुङ्गिने) अनुच्छेद अनि 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' भन्ने कविताको 'उत्थान, पुनर्निर्माण अनि विकासको विश्वास' भन्ने उपशीर्षकअन्तर्गतको अठार पङ्क्तिको 'चाहिएको छ' भन्नेबाट सुरु भई 'समर्पित'मा पुगी टुङ्गिने चौथो अनुच्छेद र 'शून्यतामा' भन्ने कविताको उन्नाइस पङ्क्तिको 'एक मानव भ्रूण'बाट सुरु भई 'उही शून्यतामा' भन्नेमा पुगी टुङ्गिने उपान्त्य छैटौँ अनुच्छेद एवं 'बन्दी पुस्तक' भन्ने कविताको पच्चिस पङ्क्तिको र 'पन्ना पल्टाउँदाको' भनी सुरु भई 'एक कोठा सजावट'मा पुगी टुङ्गिने दोस्रो अनुच्छेद तथा 'स्थितप्रज्ञ' कविताको तीस पङ्क्तिको 'किनकिन' भनी सुरु भई 'आफ्नो इमान'मा पुगी टुङ्गिने पहिलो अनुच्छेद । परम्परागत चतुष्पाद पद्य या श्लोकका हाराहारीका मापमा विचार गर्दा उपर्युक्त विभिन्न कविताका अनुच्छेदमा भेटिने सोह्रदेखि तीस पङ्क्तिसम्मका अनुच्छेद नै पनि कम्तीमा परम्परागत चार श्लोकदेखि बढीमा साढे सात श्लोकसम्मका हाराहारीका दाँजामा पर्याप्त विस्तारित हुन पुगेको देखा पर्दछ अनि यिनबाट पनि प्रस्तुत 'साथ रहोस् नरहोस्' भन्ने कवितासङ्ग्रहका अनेक कविता अनुच्छेदसङ्ख्या र अनुच्छेदगत पङ्क्तिलहरका दृष्टिले पनि कवयित्रीको भावगत र लयगत बढ्दो प्रवाहशीलता एवं प्रातिभ विस्तार र सृजनात्मक आन्तरिक घनत्व तथा व्यञ्जनशीलताका कौशल र क्षमताका अभिवृद्धिका दृष्टिले पनि विशेष उल्लेख्य रहेको ठान्न सकिन्छ र यसको थप पुष्टि प्रस्तुत कवितासङ्ग्रहको पूर्वोक्त 'प्रकृतिको अस्तित्वको सन्देश' भन्ने पहिलो कविताका तीन भागका तीन उपशीर्षकका निरन्तरित पङ्क्तिप्रवाहात्मक क्रमिक पङ्क्तिसङख्या ५३, ६४ र ५५ (जम्मा १७२) रहेबाट पनि अवश्य नै हुन आउँछ भन्ने म ठान्दछु ।

**कविता रचनाका भाषाशैलीगत कतिपय उल्लेख्य प्रवृत्तिका सम्बन्धमा**

अब प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका भाषाशैलीगत कतिपय पक्षका सम्बन्धमा सङ्क्षेपमा केही अवलोकन गर्नेतर्फ लागौँ ।

यस क्रममा प्रथमत: कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह 'जानी नजानी'मा प्रयुक्त भाषाका शब्दस्रोतका सन्दर्भमा पनि केही चर्चा गर्नु अपेक्षित देखिन आयो । सामान्यत: उहाँको कविताको भाषा या काव्यभाषाको आधारभूत स्वरूप तद्‌भव नेपाली शब्दस्रोतको प्रधानता र गौण रूपमा तत्सम संस्कृत शब्दको अपेक्षित र उपयोगी हद वा सीमाअन्तर्गतका जडानबाट नै मुख्यत: निर्मित भई त्यसमा सीमित बाह्य आगन्तुक शब्दको पनि उल्लेख्य उपस्थिति र भूमिका रहेकोमा कतिपय अरबी–फारसी स्रोतबाट उर्दू भई हिन्दीमा प्रवेश गरेका तर नेपाली भाषामा भने उति नचलेका उर्दूहिन्दी रम्य आगन्तुक शब्दहरूसमेतको प्रयोगबाट प्रवेश गरेका केही कसरमसर भने देखिन पुगेका हुन् । यस्ता नेपालीमा कम प्रचलित आगन्तुक शब्द कतैकतै त कुनै खास अन्त्यानुप्रासका शृङ्खलाका अरू विस्तारका निम्तिसमेत प्रयुक्त हुने गरेको अवस्था भेटिने गर्दथ्यो– उहाँका तत्कालीन केही कवितारचनामा । तर उहाँको प्रस्तुत 'साथ रहोस् नरहोस्' भन्ने दोस्रो कवितासङ्ग्रहमा चाहिँ त्यस्ता नेपालीमा कम प्रचलित आगन्तुक शब्द उति परेका छैनन् । वास्तवमा उहाँको यस दोस्रो कवितासङ्ग्रहमा भावगत सन्दर्भमा भक्तिपक्षको प्रभाव कम भई संस्कृत अध्यात्मविद्याको नव व्याख्याको अन्तर्बौद्धिक रचनाशीलता तथा प्रज्ञान पक्ष बढ्दो क्रममा रहेकाले उहाँका काव्यभाषामा सम्बन्धित संस्कृत तत्सम शब्दको अनुपातचाहिँ अलि बढ्दो नै रहेको छ । त्यस्तै उहाँका केही कवितामा समयुगीन नेपाली राजनैतिक एवं आर्थिक र सार्वजनिक जीवनका अरू पक्षमा समेत देखा परेका अनेक विचलन र विकृतिप्रति आक्रोशपूर्वक व्यङ्ग्योपहास गर्ने अपेक्षाकृत अलि निर्मम चित्रण पनि बढ्दो रहेकाले समेत काव्यभाषाका माधुर्य पक्षमा त्यसबाट अलि क्षति पुग्न जान्छ कि भन्ने विशेष सतर्कता पनि वाञ्छनीय नै रहेको छ । यिनै सन्दर्भमा मैले प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका तेत्तिस कवितामध्ये झन्डै आधाजति (सोह्रवटा) कवितामा प्रयुक्त काव्यभाषाअन्तर्गत रहेको

तत्सम संस्कृत र तद्भव नेपाली तथा अरू कतिपय आगन्तुक स्रोतका शब्दको अनुपाततर्फ अलि गहिरिएरै हेरौं र त्यस क्रममा यस कवितासङ्ग्रहका सुरुतिरका, बीचबीचका र आखिरीतिरका अनि पुगनपुग आधाजति सङ्ख्याका र विभिन्न प्रकार या पाराका यी कतिपय कविताका शब्दस्रोतगत स्थितिबारे सरसरती अवलोकनसमेत गरौं– 'प्रकृतिको अस्तित्वको सन्देश', 'नमुना नेपाल', 'गाईजात्रा', 'समर्पित', 'पृथ्वीको गर्भ'; 'भानु', 'सरगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'कुलकी मान'; 'वेदना एक मानव भ्रूणको', 'एक भूल'; 'अङ्गुष्ठभ्याम', 'कस्तूरी सुवास', 'नारी', 'शून्य र पुण्य' । यस्तो किसिमले कवितामा प्रयुक्त भाषाका शब्दस्रोतको निर्क्योल गर्ने प्रसङ्गमा मैले प्रयोग गर्ने गरेको खास विधि र अन्तर्ढांचाअनुरूप यहाँ प्रयुक्त विशेषत: तत्सम (संस्कृत) तथा तद्भव नेपाली (र अरू बाह्य आगन्तुक) स्रोतका शब्दको साङ्ख्यिकीय प्रशोधित अनुपात र तिनका सङ्केतलाई पनि दृष्टिगत गरी कवयित्री सुनीता कार्कीको काव्यभाषागत स्रोतभाषासम्बन्धी मेरो सामान्यीकृत अवधारणाबारे पनि अलिकति मनमा गुनौं र मनन गरौं ।

उपर्युक्त मोटामोटी सन्दर्भमा यहाँ पहिलो उल्लेख्य कुरा के देखियो भने प्रस्तुत दोस्रो कवितासङ्ग्रहमा पनि उर्दू र हिन्दी (अनि अङ्ग्रेजी आदि) स्रोतका आगन्तुक शब्दको मात्रा प्राय: अनुल्लेख्य र कम नै रहेको पाइयो भने अबचाहिँ ती नेपाली आम बोलचालमा र केही मात्रामा चालु साहित्यिक तथा साञ्चारिकलगायत क्षेत्रका लेखनमा पनि घुस्न पुगेकै वा लिनुपर्ने किसिमका पनि देखिए । यस सन्दर्भमा प्रस्तुत कवितासङ्ग्रहका कविताका पठनका क्रममा यस्ता थोरै शब्द मात्र यतिखेर मेरा सम्झनामा टिपिन पुगेका छन्– (क) चार दिवार, जमाती ('प्रकृतिको अस्तित्वको सन्देश' कविता), माहौल ('समर्पित' कविता), मदहोस ('कस्तूरी सुवास' कविता) आदि अनि ट्विन टावर, रेनफरेस्ट, लकडाउन ('प्रकृतिको अस्तित्वको

सन्देश'); क्रोमोजोम ('वेदना एक मानव भ्रूणको'), क्यानभास ('एक भूल' कविता) आदि । वस्तुत: आफ्नो प्रथम कवितासङ्ग्रह 'जानी नजानी' (वि.सं.२०७०)का प्रकाशनको पूर्वापर सन्दर्भमा हिन्दी साहित्य र गीतसङ्गीतप्रति उल्लेख्य रुचि रही त्यसको असर उहाँका कविताभाषामा परे पनि अब कवयित्री सुनीता कार्की उपर्युक्त र अरू प्रकारका आगन्तुक शब्दलाई कुन हदसम्म कस्ता स्थितिमा आफ्ना कविताभाषामा मीठो गरी भित्र्याउने भन्ने हदतर्फ र यिनका नेपाली भाषामा नै भेटिने र चल्न थालेका खास विकल्पस्वरूप शब्दका सम्भाव्यताबारेमा पनि कवयित्री सचेत हुन लागिरहेको साक्ष्य यस दोस्रो सङ्ग्रहका यिनै वा अरू कवितामा समेत भेटिन्छ जुन शुभ लक्षण हुँदै हो ।

उपर्युक्त परिप्रेक्ष्यमै यहाँ देखा पर्ने मुख्य पक्षचाहिँ के हो भने प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहबाट छानिएका माथिका सोह्रवटा कवितामध्ये प्रत्येक कवितामा प्रयुक्त शब्दराशिका सन्दर्भमा हेर्दा संस्कृत तत्सम र तद्भव नेपाली शब्दका दाँजामा फारसी, अरबी अनि उर्दूहिन्दी र अङ्ग्रेजी आदि स्रोतका बाह्य आगन्तुक शब्दको सङ्ख्यात्मक अनुपात बढीमा सात प्रतिशत (उदाहरणार्थ 'कस्तूरी सुवास' कविता) र कम्तीमा एक प्रतिशत (उदाहरणार्थ 'गाईजात्रा', 'सगरमाथा नीर नबगाऊ', 'नारी', 'शून्य र पुण्य' कविता देखिन आउँछ र औसतमा चाहिँ तीन प्रतिशतजति छ अनि ती सामान्य नेपाली लेखापढमा चलेका किसिमका नै छन् अनि उहाँको भावप्रवण कविताशैलीका आवश्यकताअनुरूप नै छन् । साथै यहाँ यी कवितामा तत्सम संस्कृत शब्दहरूको प्रयोगको औसत अनुपात चालिस प्रतिशत वा सोभन्दा बढी रहेको पाइन्छ– 'गाईजात्रा', 'वेदना एक मानव भ्रूणको', 'पृथ्वीको गर्भ', 'भानु', 'अङ्गुष्ठभ्याम', 'शून्य र पुण्य', 'कुलकी मान', र 'नारी' (त्रिपन्न प्रतिशतजति) । यी तीव्र भावप्रवणता भएका तत्सम शब्दप्रधान कविता खास गरी

आध्यात्मिक प्रज्ञानतर्फ उन्मुख रहेका छन् । साथै यहाँ हास्यव्यङ्ग्य तर्फ उन्मुख 'नमुना नेपाल' कवितामा भने बीस प्रतिशतजति तत्सम संस्कृत शब्दको प्रयोगको अनुपात रही तद्नुसार अत्यधिक तद्भव नेपाली शब्दको प्रयोग भएको पाइन्छ अनि वर्तमान जैविक महामारीस्वरूप कोरोना या कोभिड १९ विश्वमहामारीसँग सन्दर्भित र प्रकृति तथा मानिस र अरू सूक्ष्म जीवका सूक्ष्म अन्तरसम्बन्धप्रति चिन्तनशील तथा व्यङ्ग्योपहासी सङ्कथनशैलीका 'अस्तित्वको सन्देश'जस्ता कवितामा पनि तत्सम संस्कृत शब्दको प्रयोगको अनुपात बत्तिस प्रतिशतजति मात्र भई तद्भव शब्दको प्रयोगको अनुपात दुईतिहाइभन्दा बढी (ऋन्डै छयसट्ठी प्रतिशतजति) देखिन आउनु एक प्रकारको विशेष सङ्केत हुँदै हो । यहाँ तद्भव शब्दको प्रयोगको अनुपात पैँतालिस प्रतिशतभन्दा माथि नै वा सो र उनन्साठी प्रतिशतसम्म रहेका देखिने अरू यी कविताहरू पनि उल्लेख्य देखिन्छन्– 'नारी', 'कुलकी मान', 'भानु', 'अङ्गुष्ठभ्याम', 'शून्य र पुण्य', 'पृथ्वीको गर्भ', 'कस्तूरी सुवास', 'वेदना एक मानव भ्रूणको', 'गाईजात्रा' र 'एक भूल' । यसै सन्दर्भमा यहाँ तद्भव शब्दको प्रयोगको अनुपात साठी वा सोभन्दा माथि र छयसट्ठी प्रतिशतभन्दा तल भएका यी अरू कविता विशेष उल्लेख्य देखिन्छन्– 'सगरमाथा नीर नबगाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'समर्पित' र 'बिना' कविता । यिनमा व्यङ्ग्योपहासको भावसँगै दृढ प्रगाढ समर्पित प्रेम या दाम्पत्यको सङ्कल्पना अभिव्यक्त भएको पाइन्छ । समष्टिगत रूपमा हेर्दाचाहिँ पूर्वोक्त नमुनास्वरूप ऋन्डै आधा सोह्र कवितामा संस्कृत तत्सम शब्द र तद्भव नेपाली शब्दको मोटामोटी औसत अनुपात क्रमशः चालिस प्रतिशत र सन्ताउन्न प्रतिशतजति रहेको देखिन्छ । यो तत्सम तथा तद्भव शब्दप्रयोग र आगन्तुक शब्दप्रयोगको पूर्वोक्त (तीन प्रतिशत) अनुपातसँगै यी सम्बन्धित कविताहरूको पठन र अन्तर्मननको अनुप्रभावलाई समेत दृष्टिगत गर्दा यहाँ मध्योच्चशैली र मध्यशैलीको मिश्रित प्रयोग भई एकातर्फ अधिकतर कविता

अर्थका स्तरमा सहज सम्प्रेष्य र बोध्य अनि पारदर्शक र प्रसन्नताकारी प्रसादगुणले युक्त हुन पुगेका छन् भने अर्कातर्फ चित्त द्रवित तुल्याई आह्लाद दिन उपर्युक्त अनुपातको शब्दचयन गर्दा कवयित्रीको भाषाशैलीगत रुचि विशेषत: माधुर्य गुणप्रतिको विशेष झुकाउसँगै त्यस ओज गुणतर्फ पनि उन्मुख रहेको प्रतीत हुन्छ जुन अपेक्षाकृत प्रौढ र दीप्तिपूर्ण एवं प्रज्वलित र जोसिलो पनि हुने गर्दछ ।

यसै परिप्रेक्ष्यमा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कविताको वर्णगत रचनाशैली एकातर्फ कोमल, ललित र मधुर वृत्तिको छ र त्यो विशेषत: प्रेम र दाम्पत्य तथा वात्सल्यका भावको व्यञ्जक रहेको छ भने अर्कातर्फ समयुगीन राष्ट्रिय जीवनका सन्दर्भका विभिन्न प्रकारका विचलन र विकृतिसँग सम्बन्धित जनस्तरीय असन्तुष्टि, अन्तर्ज्वाला, आक्रोश र क्रोध एवं व्यङ्ग्योपहास आदिका अभिव्यक्तिका क्रममा चाहिँ कटु, कडा वा कठोर मानिने परुषा भनिने अर्को वर्णवृत्तिको रचनाशैली प्रभावी रहेको छ अनि यहाँका चिन्तनपरक तथा आध्यात्मिक प्रज्ञानतर्फ विशेष उन्मुख कविताहरूको रचनाशैलीगत वर्णवृत्ति वा वर्णप्रवृत्ति भने प्राय: प्रौढ, प्रगल्भ, भद्र र प्रशान्त प्रकृतिको देखिन आउँछ ।

नेपाली भाषामा शब्द वा पदहरू मिली वाक्य बन्ने आधारभूत पदक्रम हो– कर्ता, (कर्म) र क्रिया । तर यस भाषिक या व्याकरणगत सामान्य पदक्रममा साहित्यिक भाषामा गद्यशैलीकै रोचकताका दृष्टिले पनि विशेष फेरबदल हुन सक्छ भने पद्य या कविताका भाषामा लयगत माधुर्यसँगै शैलीगत विशेष रोचकताका प्राप्तिका निम्ति सामान्य भाषिक पदक्रममा बढी परिवर्तन ल्याउनु झन् अपेक्षित हुने गर्दछ । यस सन्दर्भमा कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका गद्यकविताहरूमा सामान्य भाषिक पदक्रमअन्तर्गत वाक्य (र उपवाक्य या वाक्यखण्ड)का अन्त्यमा आउने क्रियापदलाई वाक्यका बीचमा या सुरुमै राख्ने अनि कर्मपदलाई

वाक्यका अन्त्यमा लैजाने र मनको भाषामा जस्तै कर्ता वा क्रियाको लोप गर्नेजस्ता प्रक्रियामार्फत बदलेर सुनियोजित रूपमा लयगत मिठास र अन्त्यानुप्रासलगायत अनुप्रासीय विशेष माधुर्य प्राप्त गरिएको पाइन्छ भने त्यसका परिमित दृष्टान्तका रूपमा यहाँ तल दुई कवितांश उद्धृत छन्–

**जन्म मृत्यु कहाँ छ मेरो वशमा**
**यो त सब छ परम शक्तिको अदृश्य हातमा**
**गर्दछु म अदना कर जोडी प्रार्थना ।**
(**'प्रकृतिको अस्तित्वको सन्देश' कविताबाट**)

**जो छ अचल सदा ।**
(**'समय' कविताबाट**)

**तिम्रो सङ्कल्प**
**गुप्तदान**
**राष्ट्रहितका लागि**
**बेचेनौ कहिल्यै तिमीले**
**आफ्नो इमान ।**
(**'स्थितप्रज्ञ' कविताबाट**)

साथै यहाँ प्राय: वाक्यगत सामान्य भाषिक पदक्रमकै निकट रही लयात्मक विशेष प्रयोजनका निम्ति छोटो सरल वाक्यलाई पनि एकै पङ्क्ति या हरफमा नराखी गद्यकविताका विभिन्न दुई वा बढी मुक्त पङ्क्तिहरूमा विभाजित गरी अडचाएर छोटो लय सिर्जना गर्दै जाने छोटा या अन्तर्निवेशी र लामा सरल वाक्यहरूलाई सामान्य पदक्रमकै सन्निकट रही प्राय: बिनासंयोजक समानान्तर लयात्मक लमाइका र अन्त्यानुप्रासयुक्त हरफ वा पङ्क्तिका लाममा खडा गर्दै जाने अनि मिश्रवाक्यका वाक्यखण्डहरूलाई कतै पङ्क्ति अलिकति भाँचे पनि सामान्य पदक्रमकै निकटका गद्यकविताका समानान्तर पङ्क्तिका रूपमा अन्त्यानुप्राससहित प्रस्तुत गर्नेजस्ता प्रवृत्ति पनि देखा पर्ने गर्दछन् । तल तिनैमध्येका केही स्थिति र प्रवृत्तिका दृष्टान्तका

रूपमा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका यी केही कवितांश उद्धृत छन्–

(क) कर्ता पद लुप्त रहेको अनि केवल सात पद या शब्दले बनेको छोटो वाक्यलाई सामान्य गद्य पदक्रमकै सन्निकट रही बढीमा ३–५ उच्चारका चार हरफमा भाँची विशेष छोटो मुक्त लयढाँचाको अन्तरअनुप्रासी मीठो गद्यकविता लय सिर्जित भएको स्थिति–

**यो जीवन**
**तिमीलाई नै**
**अर्पित गर्न चाहन्छु ।**
**('समर्पित' कविताबाट)**

(ख) सामान्य गद्यपदक्रमकै सन्निकट रहेका चार गद्यकवितापङ्क्तिहरूलाई लगभग समानान्तर रूपमा उभ्याई ७–९ उच्चारबीचको छोटो वा लघु मुक्त लयसंरचनाको चौकोस खडा गरी त्यसअन्तर्गतका पहिलो र दोस्रो दुई पङ्क्तिका सुरु भागमा उही शब्द दोहोऱ्याइएको आद्यानुप्रास अनि दोस्रो र विशेषत: तेस्रो अनि चौथो एवं अंशत: पहिलोसमेत पङ्क्तिका उपान्त्य या मध्योत्तर शब्दहरूका बीचको शब्दादि र शब्दान्त दुवैतर्फको लगभग मध्यानुप्राससहित चारवटै पङ्क्तिहरूमा उही शब्द चार पटक दोहोऱ्याइएको अन्त्यानुप्रासको क्रमसँगैको अतिरिक्त रूपमा बीचबीचका अरू छिटपुट अन्तरअनुप्रासलगायतको योगबाट विशेष अनुप्रासी मीठो अन्तर्नियोजित कवितालय सिर्जिन पुगेको स्थिति–

**यहाँ प्रकृति विनाश हुन्छ**
**यहाँ जल विषाक्त बन्छ**
**अन्धकार व्याप्त हुन्छ**
**एकता श्रापित हुन्छ ।**
**('सगरमाथा नीर नबगाऊ' कविताबाट)**

(ग) खास कर्ता पद लुप्त रहेका र ६ देखि ८ पद भएका र १९–२२ उच्चारको अनि सामान्य गद्य पदक्रमकै सन्निकट रहेका तीन पङ्क्तिको लामो वा दीर्घ किसिमको गद्यकविताको मुक्त लय प्रवाहित भई सोअन्तर्गतका तीनवटै पङ्क्तिका उपान्त्य र अन्तिम भागहरूका बीच लगभग ४–५ उच्चार्य अक्षरको सघन र विस्तारित अन्त्यानुप्रासीयताका साथै चौथो पङ्क्तिका उपान्त्य र अन्त्य भागमा बीचसमेत अतिरिक्त अनुप्रासीय श्रुतिमधुर गुणसँगै बीचबीचका अरू कतिपय स्थलमा पनि अनुप्रासीय परिमित अन्तरछाँद रहेको तर लयात्मक तथा अनुप्रासीय समुच्चा श्रुतिमाधुर्य भने गद्य र कविताको बीचको दोसाँधिलो मझौला कित्ताको रहेको स्थिति–

**धाँजा पारी फाटेका गरामा सुनको बाला फुलाउनु छ**
**बिदेसिएका युवाशक्तिलाई फिराई राष्ट्रनिर्माणमा जुटाउनु छ**
**भविष्यका कर्णधारको सुदिन फिराउनु, सिर्जनु छ ।**
**(‘अदम्य साहस’ कविताबाट)**

खास मुख्य मिश्रवाक्यखण्डबिना नै पनि दुई सापेक्ष संयोजक उपस्थित रही एक सापेक्ष संयोजक लुप्त रहेका तीन विशेषण मिश्र वाक्यखण्ड वा उपवाक्य मिली रचिन पुगेको र गद्यकविताका मुक्त लयका संरचनाका सन्दर्भमा भने सुरुको सापेक्ष संयोजकचाहिँ दुई उच्चारको अति छोटो बेग्लै लयात्मक पङ्क्ति भई छुट्टिई चार मुक्त पङ्क्तिको लयसंरचना खडा भएको तर बाँकी तीन पङ्क्ति १३–१७ उच्चारका मझौलो र लामो लय मिश्रित भई बनेको र सोअन्तर्गतका समुच्चा चार कवितापङ्क्तिहरूमध्ये पहिलो र चौथो पङ्क्तिमा हल्का आद्यानुप्रास तथा दोस्रो, तेस्रो र चौथो कवितापङ्क्तिका अन्तिम ३–४ उच्चार्य अक्षरबीच सघन अन्त्यानुप्रासीयताको अतिरिक्त बीचबीचका श्रुत्यनुप्रासका अन्तरछाँदका मिश्रवाक्यका वाक्यखण्डका पदहरूका बीच प्राय: रहने बलियो पारस्परिक आबद्धतासमेतका योगबाट अन्तरपङ्क्तिगत मीठो लयात्मक र अनुप्रासीय गुण सिर्जित हुन पुगको स्थिति–

**जसले**
**नेपाल आमाको अस्तित्व जोगाउनेछ...**
**राष्ट्रलाई विखण्डनबाट बचाउनेछ...**
**जो नयाँ नेपालको मार्गचित्र कोर्न सफल हुनेछ ।**
**('उम्लिएर बगोस्' कविताबाट)**

यहाँ खास गरी 'प्रकृतिको अस्तित्वको सन्देश'जस्तो तीन उपशीर्षक दिई कवितालाई तीन भागमा विभाजन गरी ती उपशीर्षकअन्तर्गतचाहिँ अनुच्छेद विभाजन नगरी निरन्तरित पङ्क्तिप्रवाहका अन्तर्ढांचामा रचिएको कवितारचनाको पहिलो उपशीर्षक 'म प्रकृति हुँ अस्तव्यस्त मेरो हालत'का सुरुका अनेकौँ कवितापङ्क्तिहरूमा उपमावाचक 'समान' शब्दको विकल्पी अन्त्यानुप्रासको आवृत्तिको सिलसिला लामो छ– एघार पल्टजति । यहाँ अनुच्छेदको विभाजन भएका अरू कविताको अनुच्छेदरचना पनि अनेकौँ पङ्क्तिहरूमा फिँजारिएको छ र कवयित्रीको रुचि क्रमिक दुई या बढी कवितापङ्क्तिका बीच विकल्पी र निरन्तरित दुवै ढङ्गले मीठोसँग खास ढाँचाको अन्त्यानुप्रासको सिलसिलालाई अनेकौँ पङ्क्तिहरूसम्म विस्तारित गर्नेतर्फ आकर्षित रहेको देखिन्छ– अन्तरपङ्क्तिगत, अनुच्छेदगत र अन्तरअनुच्छेदगत रूपमा पनि ।

वास्तवमा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका सबै कवितामा उपर्युक्त ढङ्गको लामो अन्त्यानुप्रासी सिलसिलाको न्यूनाधिक आवृत्ति गर्ने रुचि र प्रवृत्ति देखिन्छ भने यस सन्दर्भमा सापेक्ष रूपमा यी कविता विशेष उल्लेख्य देखिन आउँछन्– 'नमुना नेपाल', 'गाईजात्रा', 'कालो दाग', 'उम्लिएर पोखियोस्', 'भानु', 'सगरमाथा नीर नबगाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'अदम्य साहस', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'जीवनले कोल्टो फेरेछ भने', 'जलधारा एक रूप अनेक', 'एक भूल', 'अपरिहार्य', 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्', 'बन्दी पुस्तक' र 'नारी' ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका एकाध कवितामा चाहिँ एकातर्फ विभिन्न अनुच्छेदगत सुरुका पङ्क्तिहरूका बीचको आवृत्तिको अनि अर्कातर्फ ती अनुच्छेदका अन्तिम पङ्क्तिहरूका बीचसमेत न्यूनाधिक अन्त्यानुप्रासीयताको सिलसिला भेटिन्छ भने अरू एकाध कविताका विभिन्न अनुच्छेदगत अन्तिम पङ्क्तिको अन्तिम शब्दको आवृत्तिको सिलसिला पनि यहाँ भेटिने गर्दछ अनि अन्य एकाध कवितामा कविताशीर्षककै आवृत्ति विभिन्न अनुच्छेदका अन्तिम पङ्क्तिमा गीतको 'स्थायी' पङ्क्तितुल्य आवृत्ति गर्ने प्रवृत्तिसँगै अनुच्छेदगत पहिलो र दोस्रो पङ्क्तिको र विशेष गरी उपान्त्य पङ्क्तिहरूको खास ढाँचाको न्यूनाधिक आवृत्ति विभिन्न अनुच्छेदमा पनि गर्दै जाने प्रवृत्तिसमेत यहाँ भेटिन आउँछ । वस्तुत: यस 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहमा भेटिने यी र अरू पनि यस्ता प्रकारका अन्त्यानुप्रासीय रुचि गीत र गजलका रचनाप्रक्रियाबाट समेत न्यूनाधिक प्रेरित र प्रभावित रहेको प्रतीत हुन्छ ।

उपर्युक्त विभिन्न परिप्रेक्ष्यउपर विचार गर्दा 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका यी विभिन्न प्रवृत्तिबाट के पुष्टि हुन्छ भने गद्यकविताका रचनाका अनेक तत्त्व र युक्तिमध्ये लयतत्त्व र अझ बढी वर्णसङ्घटना वा पदसङ्घटनाको स्वस्फूर्त चाख र प्रतिभा तथा चातुर्यमा आधारित अन्त्यानुप्रासशृङ्खलालगायत विविध अनुप्रासीय श्रुतिगुणको सिर्जनाले उहाँका कवितारचनामा निकै नै विशिष्ट स्थान ओगट्ने गरेको जस्तो स्थिति आभासित हुन आउँछ । यहाँ यसबारे अरू थप विमर्शसमेत गरौँ– कतिपय कवितागत अन्त:साक्ष्यसमेतका आधारमा ।

कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कवितामा भाषाशैलीगत अनुप्रासीय श्रुतिमाधुर्यप्रति उल्लेख्य चासो र सचेतता रहेको पाइन्छ र निश्चय नै यसबाट उहाँका कवितामा श्रव्य विशेष मिठास पैदा हुन आएको छ । उहाँका

अधिकतर कविता र तिनका विभिन्न स्थलमा खुला किसिमको कविसहज अन्तरअनुप्रासीय छाँटको मिठासभन्दा पनि अन्त्यानुप्रासशृङ्लाका जेजस्ता विविध रोचक प्रयुक्तिहरूको प्राचुर्य देखा पर्ने गर्दछ; त्यो उहाँले गीत, गजल र कविताका अन्तर्मिश्रित प्रेरणा र पर्याप्त साधनाद्वारा आर्जित गरेको विशेष सीप हुँदै हो ।

कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह 'जानी नजानी' देखि नै सामान्यत: र विशेषत: दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'का कवितामा मीठा लाग्ने र मधुर सुनिने शब्दहरूप्रति उहाँको विशेष रुचि चासो र सचेतता रहने गरेको पाइन्छ । वास्तवमा शब्द मधुर हुने भनेको शब्दको स्वरव्यञ्जन वर्णको रखाइ या विन्यासको विशेष क्रमले गर्दा नै हो । साथै उहाँको अभिरुचि मीठा शब्दहरू चयन गरी तिनलाई सक्दो सुललित रूपमा वाक्य र उक्ति वा भनाइका स्तरमा अनि कवितागत लयात्मक पङ्क्ति र अन्त्यानुप्रासी अनुच्छेदरचनाका तहमा सजाउने क्रममा पनि उहाँको सुरुचि देखिन्छ यसरी कविताकलाका भावपक्ष, लयपक्ष र अन्त्यानुप्रासलगायत अन्तरअनुप्रासीय शैलीको मिठाससँगै सक्दो घतिलो र रोचक किसिमको भन्ने तरिका र भनाइको या उक्तिको विशेष कौशल प्राप्त गर्नेतर्फ पनि उहाँको पर्याप्त रुचि र प्रयास देखिन्छ– पङ्क्ति तहमा, अनुच्छेद तहमा या एक पूरै फुटकर कविताको बनोट या संरचनाका तहमा । यस सन्दर्भमा उहाँका कविताकलामा उल्लेख्य रूपमा रम्य वर्णहरूको तारतम्य भएका सुकोमल शब्दावलीद्वारा सन्तुलित वाक्यहरूको रचना गरी मीठो भाव व्यक्त गर्ने र अर्कातर्फ भित्री गीतिगुण भएको मुक्त पङ्क्तिको खास गरी छोटो र मझौलो अनि लामो खालको मधुर र सुन्दै रम्य लयको सृजनासँगै त्यसलाई कविताका विकल्पी या निरन्तरित पङ्क्तिहरूका बीचको अन्त्यानुप्राससँगै बीचबीचका अन्तरअनुप्रासका दृष्टिले पनि सक्दो मीठो पार्नेतर्फ उहाँको सिर्जनात्मक चाख रही उहाँलाई पर्याप्त

सफलता पनि प्राप्त भएको विशेष स्थिति देखा पर्छ । साथै उहाँको अन्त्यानुप्रासप्रतिको यो मोह र रुचि यहाँका कतिपय कविताका अनेक अनुच्छेदहरूसम्म पनि फिँजारिने गरेको पाइन्छ ।

कवयित्री सुनीता कार्कीको कवितागत विस्तारित अन्त्यानुप्रासीयतामा एकातर्फ अनुच्छेदका निरन्तरित वा विकल्पी विभिन्न पङ्क्तिहरू भई ऊर्ध्वाद्वार रूपमा वा माथिदेखि तलतर्फ अगि बढ्ने अनुच्छेदगत र अन्तरअनुच्छेदगत अन्त्यानुप्रासशृङ्खलाको सृजना विशेष उल्लेखनीय रहेको छ भने अर्कातर्फ उहाँको अन्त्यानुप्रासचेतना क्षितिजीय स्तरमा (बायाँबाट दायाँतर्फ) निकै (पाँचछ) उच्चार या उच्चार्य अक्षर हुँदै पङ्क्तिगत उपान्त्य भाग भई अन्त्याक्षर वा अन्तिम अक्षरसम्म लामो अन्त्यानुप्रासगत लहरका रूपमा पुग्ने गरेको पनि पाइन्छ– अन्तरपङ्क्तिगत वा अन्तरअनुच्छेद रूपमा । यस्तो दोहोरो र लामो अन्त्यानुप्रासीयताको विशेष लहरले सिर्जने घतलाग्दो र रोचक श्रुतिरम्यताको सामर्थ्य पनि उहाँको अन्त्यानुप्रासरचनाको कौशलको एक प्रकारको वैशिष्टच हुँदै हो । यसै सन्दर्भमा ‘प्रकृतिको अस्तित्वको सन्देश’, ‘कालो दाग’, ‘बन्दी पुस्तक’ र ‘नारी’जस्ता कविता विशेष उदाहरणीय देखिन्छन् यहाँ अठारौँ पङ्क्तिसम्म ऊर्ध्वाद्वार रूपमा अन्त्यानुप्रासीय लहर फिँजारिएको र पङ्क्तिगत उपान्त्य भागबाट अन्त्य भागतर्फ पनि पाँचछ उच्चार या उच्चार्य अक्षरसम्मको क्षितिजीय विस्तारका कतिपय श्रुतिरम्यताका विशेष नमुना ठाउँठाउँमा भेटिन्छन् ।

उपर्युक्त अन्त्यानुप्रासीय परिप्रेक्ष्यमा यहाँ यी कतिपय दृष्टान्तको अवलोकन गरौँ– ‘कालो दाग’ कविताका दस अनुच्छेदमध्येका खास गरी पहिलोदेखि नवौँ अनुच्छेदसम्मका निरन्तरित र प्राय: वैकल्पिक पङ्क्तिहरूका बीचको अनुच्छेदगत र अन्तरअनुच्छेदगत लामो अन्त्यानुप्रासको शृङ्खला यसरी पनि व्यक्त भएको पाइन्छ– छटपटाइरहेछ, रमाइरहेछ, चहराइरहेछ, चिच्च्याइरहेछ, दोहोऱ्याइरहेछ,

घचघचाइरहेछ, रुस्किइरहेछ, बोलाइरहेछ, मोटाइरहेछ; गरिरहेछन्, धकेलिरहेछन्, रुकरुकाइरहेछन्, सलबलाइरहेछन्, धमिल्याइरहेछन्; जुरमुराइरहेछ, ढकढक्याइरहेछ, जमजमाइरहेछ; रङमगाइरहेछन् आदि । त्यस्तै 'बन्दी पुस्तक' कविताको खास गरी दोस्रो अनुच्छेदका प्राय: अनेक विकल्पी पङ्क्तिहरूका बीचको अन्त्यानुप्रासको मीठोसँग दसपल्ट आवर्ती वा दोहोरिने शृङ्खला पनि यहाँ अवलोकनीय छ– सरसराहट, सलबलाहट, चमचमाहट, लजावट, वलटपलट, गर्माहट, लुटपुटाहट, रुनरुनाहट, छटपटाहट, सजावट आदि साथै 'नारी' कवितामा खास गरी अन्तरअनुच्छेदगत रूपमा दोस्रो, तेस्रो र चौथो अनुच्छेदका निरन्तरित र विकल्पी पङ्क्तिहरूका बीचको उही शब्द एकाधिक पटक दोहोरिएरसमेत हुने अन्त्यानुप्रासको अठारपल्टजति आवर्ती लामो शृङ्खलासमेत अवलोकनीय देखिन्छ– बिछ्याउने, बर्साउने, रङ्गाउने, तुल्याउने, गराउने, नरित्तिने, चुलिने, रहने, दिने, हुने, ओछ्याउने, तुल्याइदिने, बिर्साउने आदि । यही 'नारी' कविताको पाँचौँ अनुच्छेदका निरन्तरित पन्ध्र पङ्क्तिहरूका बीचको 'बनी' शब्द चारपल्ट, 'उनी' शब्द दसपल्ट र 'धनी' शब्द एकैपल्ट प्रयोग भई बनेको अन्त्यानुप्रासको अन्तर्योजना पनि विशेष उल्लेख्य नै छ । यहाँ प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका तेत्तिस कवितामध्ये धेरथोर सबैमा अनुच्छेदतह र अन्तरअनुच्छेद तहमा निरन्तरित र प्राय: निकट वैकल्पिक पङ्क्तिहरूका बीचको यस्तो अन्त्यानुप्रासी रुचिकर शब्दार्थखेल बेजोड किसिमको छ अनि यसतर्फ कवयित्रीको यतिको अगाध रुचि र सचेतता अनि मोह र क्षमता देखिनु विशेष उल्लेख्य छँदै छ ।

### विभिन्न कवितामा प्रयुक्त विशिष्ट उक्तिसँग सम्बन्धित अर्थालङ्कारगत बिम्बविधानका सम्बन्धमा

कवयित्री सुनीता कार्कीका प्रस्तुत दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'का विभिन्न कवितामा पाइने अन्त्यानुप्रासलगायत

भाषिक अनुप्रास वा शब्दालङ्कारका सामर्थ्यका बारेमा यति चर्चापछि अब लागौँ– यहाँ कवितात्मक उक्तिका प्रक्रियामा खास गरी अर्थगत तहमा विशेष प्रयोग भएको अर्थालङ्कारको स्थितिको आकलनतर्फ ।

माथि नै कवयित्री सुनीता कार्कीको प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका तेत्तिस कवितामा व्यक्त गरिएको विषयवस्तु या अन्तर्वस्तुको मोटामोटी सेरोफेरोलाई मुख्यत: प्रकृतिपरक, समयुगीन राष्ट्रिय जीवनपरक, नारीपरक र विशेषत: प्रणयपरक अनि धर्मसंस्कृति तथा जगत् र जीवनसम्बन्धी चिन्तनपरकजस्ता चार वर्गमा समेट्न सकिने कुरा दृष्टान्तसहित केलाई देखाइसकिएको छ भने यहाँ तिनै चार पक्षलाई विषयगत कवितागत अर्थतत्त्वसम्बन्धी प्रारम्भिक मूल आधार बनाई क्रमश: अगि बढौँ– यहाँ प्रयोग भएका अर्थालङ्कारपरक आकलनको स्वभावोक्तिलगायत विशेषत: वक्रोक्तिजस्ता वा अतिशयोक्तिमा आधारित उपमा, रूपक आदि अर्थालङ्कारका विषयगत स्रोतका आकलनका सन्दर्भमा पनि ।

सरल शब्दमा छोटकरीमा भन्दा साहित्य भाषाका वर्ण वा अक्षरको ध्वनि तह तथा शब्दार्थ र वाक्यार्थ तथा उक्तिका तहका समेत समुच्चा सृजनशक्तिका माध्यमबाट रचिने त्यस्तो सुन्दर कलात्मक उक्ति वा अभिव्यक्ति हो जुन पढ्दा र सुन्दा विशेष चाखलाग्दो र मीठो अनि मर्मस्पर्शी र प्रभावकारी हुने गर्दछ । साहित्यका कविता र गद्यलगायत प्रमुख विधाहरूका केही साझा बेहोरा र केही आआफ्ना गुण र विशेषता हुन्छन् भने भाषाका कलामार्फत जगत् र जीवनका मानवीय समविषम भोगाइ, सिकाइ र कल्पाइमा आधारित अनेक विषयवस्तु, अनुभवअनुभूति अनि सोचसोचाइ आदिसम्बन्धी अन्तर्वस्तु र अर्थतत्त्वलाई विशेष रोचक, चाखिलो र मार्मिक ढङ्गले प्रस्तुत र अभिव्यक्त गर्ने अनेकौँ साहित्यिक युक्तिहरूमध्ये उक्तितत्त्व पनि निकै प्रसिद्ध र प्रभावकारी रहँदै

आएको छ अनि त्यसका अर्थगत मुख्य दुई रूप मानिएका छन्– स्वभावोक्ति तथा वक्रोक्ति वा अतिशयोक्ति ।

अब यहाँ प्रथमत: यिनै दुई थरी साहित्यिक उक्ति या अभिव्यक्तिका प्रक्रियाबारेमा केही चर्चा गरौँ क्रमिक रूपमा । उपर्युक्त सन्दर्भमा स्वभावोक्ति जगत् र जीवनअन्तर्गतका विविध पदार्थ, वस्तु र प्राणी आदिका मूल स्वरूप वा रूप, गुण, क्रिया, अवस्था आदिमध्येबाट खास छानिएका कथ्य वा वर्णनीय विशिष्ट अर्थतत्त्वको कुशल छनोटपूर्वक ठीक, सही या दुरुस्त अनि यथार्थ वा वास्तविक (वस्तुनिकट र वस्तुनिष्ठ) तथा मूर्त अनुवर्णन एवं सशक्त र मर्मस्पर्शी चित्रण गर्ने एक थरी भाषिक कलात्मक उक्ति, कथन, भनाइ वा प्रस्तुतिको एक विशिष्ट ढङ्ग हुँदै हो– कल्पनाशक्तिको ज्यास्ती र बढीचढी पाइन या पुलिक भने खासै नचढाइएको । यो स्वभावोक्ति लोकव्यवहारलगायतमा र सार्वजनिक जीवन आदिमा देखा पर्ने वस्तुगत यथार्थलाई जस्तो छ त्यसै रूपमा प्राय: साहित्यिक चलनचल्तीका सामान्य भाषामा सहज ढङ्गले अभिधान गरिने वा प्रस्तुत गरिने उक्ति हो– वाक्यस्तरमा र त्यसभन्दा माथिका साहित्यिक अभिव्यक्तिका तहमा ।

अर्को प्रकारको विशेष उक्ति, कथन, प्रस्तुति या अभिव्यक्ति अपेक्षाकृत अलि वक्र वा घुमाउरो किसिमले र लाक्षणिक ढङ्गले केही सङ्केतसमेत गर्दै अनि अभिव्यञ्जनाका अलि भित्री र गहिरो थप तथा विस्मयकारी आशय या विलक्षण र चमत्कारी अभिप्राय पनि झल्किने गरी प्रस्तुत गरिने त्यस्तो अलि चमत्कारी र अलि विलक्षण साहित्यिक उक्ति हो जहाँ साहित्यिक उक्तिका केही खास युक्तिहरूको प्रयोग गरी स्वाभाविक वस्तुयथार्थमा थप पाइन चढाई र चहकिने गरी पुलिक पनि लगाई अलि बढीचढीजस्तो लाग्दो विलक्षण किसिमको सिँगारपटार र सरसजावटसहित सम्बन्धित भाव र भाषालाई परस्पर घोली साहित्यिक अभिव्यक्ति

प्रस्तुत गरिएको हुने गर्दछ । विशेष ऊर्जित कल्पनाशक्तिले सम्पन्न रही खास गरी विभिन्न विलक्षण र चमत्कारी अर्थालङ्कार र बिम्बविधानले पनि सजिन अनि ठाँटिन पुगेको यस्तै विशेष साहित्यिक उक्ति नै साहित्यिक वैचित्र्यपूर्ण वक्रोक्ति हो र त्यो केही अतिशयोक्तिजस्तो पनि लाग्ने गर्दछ– अलि बढीचढी र चड्का रङ्गढङ्गको भावाभिव्यक्ति । वास्तवमा यहाँ उपमा, रूपक, विरोध आदिजस्ता साहित्यिक वैचित्र्यमार्गका वक्रोक्ति या अतिशयोक्तिका साथै वैचित्र्य तथा लाक्षणिकता र अभिव्यञ्जनाका क्रमश: छड्केपन र गहिराइका चहकमहकका सन्दर्भमा उक्ति या अभिव्यक्तिका बिम्ब तहमा साथसाथै दुई वस्तु अर्थगत तहमा समानान्तर रूपमा वा सँगसँगै उपस्थित हुने गर्दछन्– बिम्बअनुबिम्ब भनिने बिम्ब र प्रतिबिम्ब वा छाया र प्रतिच्छायाका रूपमा अनि तुल्यता, अभेद या विरोधजस्ता विशेष गुणका आधारमा तिनलाई दाँजी तुलनाप्रतितुलनासमेत गर्न मिल्ने गरी । यी दुई पक्षको बिम्बप्रतिबिम्बजस्तो सहउपस्थिति र सहसम्बन्ध अनि पारस्परिक सहकार्यबाट पनि यहाँ विशेष विलक्षण र चमत्कारी अतिरिक्त साहित्यिक उक्तिगत शोभाकारी विशेष सौन्दर्यात्मक ऊर्जाका साथै आह्लादकारी अनुप्रभावसमेत सम्बन्धित पाठक वा श्रोताका अनुभूति तथा चेतनाका तहमा सृजित हुन पुग्दछ । वस्तुत: स्वभाव या वस्तुयथार्थका स्वत: मार्मिक कथन र अभिधानका दाँजामा त्यस वस्तुयथार्थलाई अलि विचित्र, वक्र या वक्रिम ढङ्गले अनि त्यसमा अलि अतिशयताका वा बढीचढी छाँटका पाइन चढ्ने गरी भनिने यस दोस्रो वक्र वा वक्रिम र अतिशयात्मक तथा विचित्र र विलक्षण किसिमका उक्तिका बीचको मुख्य फरक के हो भने यहाँ उपर्युक्त दोस्रो वक्रिम वा अतिशयात्मक अर्थगत तहमा वस्तुयथार्थसँगसँगै त्यससँग तुल्यता, अभिन्नता वा विरुद्धताजस्ता अनुकूल र प्रतिकूल सहसम्बन्धले अन्तरसम्बन्धित रही गाँसिन पुगेको अर्को वस्तुपक्ष सहवर्ती पक्षका अर्थगत युग्मक या जोडीका

रूपमा जोडिएर आएको र रहेको हुन्छ अनि त्यही तुल्यता (सादृश्य), अभिन्नता (अभेद) वा विरुद्धता (असादृश्य) आदिका विस्मयकारी र रोचक विशेष अनुभवबाटै त्यहाँ भावाभिव्यक्तिमा विशेष चित्तचमत्कारिता र सुखद विस्मयसँगै आह्लादकता र विशेष मर्मस्पर्शिता पनि सम्बन्धित भावकीय या पाठकीय मनमा पैदा हुन पुग्दछन् ।

अब यिनै दुई थरी साहित्यिक उक्तिप्रक्रियाका सन्दर्भमा कवयित्री सुनीता कार्कीका प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका खास कविताहरूमा दृष्टिपात गरौँ– पालैपालो ।

उपर्युक्त परिप्रेक्ष्यमा प्रथमत: साहित्यिक स्वभावोक्तिका दृष्टिबाट हेर्दै कवयित्री सुनीता कार्कीका प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका तेत्तिसवटा कविताहरूको अवलोकन गर्दा कुनै पनि कविता साहित्यिक स्वभावोक्तिमा नै बिलकुल आधारित र केन्द्रित रहेको देखिँदैन भने खास कविताका खास अनुच्छेद वा स्थलमा स्वभावोक्तिको प्रयोग भएको र अन्य स्थलमा चाहिँ अतिशयोक्तिपूर्ण उपमा, रूपक र विरोधजस्ता अर्थालङ्कारको पनि प्रयोग हुन सक्ने देखिन्छ । यसै मिश्रित सन्दर्भमा हेर्दाचाहिँ यहाँ स्वभावोक्ति अर्थालङ्कारको प्रयोगका दृष्टिले 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' र 'प्रकृतिको अस्तित्वको सन्देश' शीर्षकका दुई कविता प्रथम दृष्टिमा विशेष उल्लेख्य देखा पर्छन् जुन क्रमश: २०७२ सालमा नेपालमा आएको प्राकृतिक भूकम्प र परकम्पनको लहर र जैविक विश्वमहामारीका रूपमा उत्पात मच्चाउँदै २०७६ सालका आखिरी समयसन्दर्भदेखि यहाँ नेपालमा प्रवेश गरी अद्यावधिसम्म पूर्ण नियन्त्रणमा नआइसकेको कोभिड– १९ ले सचेत नेपाली जनमानसमा पैदा गरेको प्रचुर त्रासआतङ्क र अपार जनसंहारलगायतका महाविनाशकारी अवस्थाका वस्तुगत यथार्थमा पर्याप्त आधारित रहेका र त्यसका स्मारक मार्मिक

अनुवर्णन र चित्रण हुँदै हुन् । यीमध्येको 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताका उपशीर्षकीय तीन भागमध्येका विशेष गरी पहिलो 'मानवको गुनासो' उपशीर्षक र दोस्रो 'धर्ती प्रकृतिको मानवसित गुनासो' भन्ने उपशीर्षकहरूमा भूकम्पीय असर र अवस्थाका साथै प्रकृति र पर्यावरणका संरक्षणका चुनौतीको समेत सजीव प्रस्तुति गरिएको पाइन्छ भने अर्को 'प्रकृतिको अस्तित्वको सन्देश' कविताका तीनवटै भागमा कोभिड– १९ (कोरोना)ले ल्याएका महासङ्कटसँगै प्रकृति तथा पर्यावरणको संरक्षण गर्नैपर्ने ज्वलन्त स्थितिको सशक्त र मार्मिक चित्रणसमेत गरिएको छ स्वभावोक्तिसँगै कवयित्रीका ऊर्जित कल्पनाशीलताबाट प्रसूत विस्तारित उपमाजस्ता अरू कतिपय अर्थालङ्कारसमेतको ऊर्जित सशक्त सम्मिलनका सहकारिता तथा सहक्रियाबाट । यिनै सन्दर्भमा यी दुई कविताबाट परिमित रूपमा उद्धृत केही कवितांशका नमुना तल प्रस्तुत छन्–

(क) विस्तारित उपमा (र अन्तर्गर्भित आक्षेप आदि) अलङ्कारसँग स्वभावोक्ति अलङ्कारको सम्मिलन–

**सिंहले मृगको बथानमा**
**आक्रमण गर्दा**
**जसरी हुन्छ तितरबितर**
**गोरखा, सिन्धुपाल्चोक, दोलखा, काभ्रे**
**भूकम्प तिम्रो आक्रमणले**
**त्यसरी नै पार्‍यो सोत्तर ।**

**('भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताको भाग १ अनुच्छेद २)**

**गोमन सर्पले जिब्रो लपलपाएझैं**
**एक झट्कामा अजिङ्गरको श्वास बनी**
**सोहोरेर क्षतविक्षत कति मृत अहो बनायौ**
**काठमाडौं सहर पनि ।**

**(पूर्ववत्, अनुच्छेद ३)**

**वातावरणको क्षयीकरणमा अग्रसर**
**ती मानव तिम्रा हात**
**वनजङ्गल विनाश भयो**
**तोडयौ मानव हरियालीको साथ**
**पराकाष्ठा नाघ्यो आज गर्मी अनि जाडो तिम्रै कारण**
**प्रकृतिको पर्यावरणीय सन्तुलन समाप्त पार्ने**
**तिमी नै हो मानव ।**
**(पूर्ववत्, भाग २, अनुच्छेद ७)**

(ख) विस्तारित उपमा तथा अन्तर्गर्भित विरोध अलङ्कारसँग स्वभावोक्ति अलङ्कारको सम्मिलन–

**म प्रकृति हुँ**
**अस्तव्यस्त मेरो हालत**
**लुटिएकी नारीसमान**
**जगल्टिएका यी केश**
**लुछिएका जङ्गलसमान**
**उछिट्टिएका दन्तलहर**
**हिमाल पग्लिई खिइएका नाङ्गा पहाडसमान**
**उर्वर मेरा यी छाती सुकेर**
**मरुभूमिको बलौटे माटोसमान...**
**('प्रकृतिको अस्तित्वको सन्देश' कविता, भाग १, पङ्क्ति १–८)**

**सहरपिच्छे खडा गऱ्यौ महल**
**आज चार दिवारभित्र मात्र छ चहलपहल**
**चारपाँच सवारी आँगनभरि**
**एकको काम छैन अब यो बन्दाबन्दी लकडाउनभरि ।**
**(पूर्ववत्, भाग २, पङ्क्ति १७–२०)**

(ग) समासोक्ति, विरोध, अपह्नुति, रूपक आदि अन्तर्गर्भित स्वभावोक्ति–

**अर्थतन्त्र पारिदिएँ सखाप**
**न त सक्छ छुन क्षेप्यास्त्रले**
**न त सक्छ मार्न कुनै शास्त्रले...**

**जसलाई भेट्छु छाड्दिनँ म...**
**एक छिउँको छ मेरो अस्त्र**
**एक ख्याक्क छ मेरो शस्त्र... ।**

वास्तवमा साहित्यिक अभिव्यक्तिका प्रक्रियाका परस्पर परिपूरक नै हुने दुई थरी पूरक उक्ति प्रकार हुन्– यी स्वभावोक्ति र वक्रोक्ति वा अतिशयोक्ति । यी यहाँ कवयित्री सुनीता कार्कीका कवितासृजनामा पनि परस्पर पूरक नै देखिए । यहाँ विशेष भावप्रवण तथा आदर्शोन्मुख रुचि व्यक्त भएका कविता वा कवितांशमा स्वभावोक्तिको प्रयोग उति देखिँदैन भने प्रकृति (तथा वनस्पति र जीवजगत्)का चित्रणमा र जगत् र जीवनसम्बन्धी प्राय: यथार्थपरक दृष्टिकोणसहितका समयुगीन राजनैतिक, आर्थिक र सामाजिक आदि विभिन्न क्षेत्रका सार्वजनिक जीवनमा देखा परेका विसङ्गति तथा विषमताका साथै पथविचलन तथा आदर्शच्युति र भ्रष्टताका कतिपय पाटाका मूलत: वस्तुपरक चित्रणका क्रममा चाहिँ मिश्रित रूपमै भए पनि यहाँ स्वभावोक्तिको प्रयोग न्यूनाधिक भएको पाइन्छ– प्राय: खास कवितामा सर्वाङ्ग समग्र रूपमा नभए पनि कतिपय कवितांशहरूमा विशेष गरी सुधारभावसहितको आक्षेपोक्ति तथा व्यङ्ग्योपहासका क्रममा । यिनै विभिन्न सन्दर्भमा यहाँ प्राय: विरोधाभास या विरोधोक्ति, आक्षेपोक्ति, उपहासोक्ति र व्यङ्ग्योक्ति तथा विषादोक्ति आदिजस्ता अतिशयोक्ति मिश्रित अभिव्यक्ति पाइने खास कविता यी हुन्– 'नमुना नेपाल', 'गाईजात्रा', 'कालो दाग', 'उम्लिएर बगोस्', 'शून्यता', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'कुलकी मान', 'वेदना एक मानव भ्रूणको', 'कस्तूरी सुवास' र 'स्थितप्रज्ञ' । यहाँ वक्रोक्तिमूलक वा अतिशयोक्तिमूलक विभिन्न अर्थालङ्कारको प्रयोग भने यस सङ्ग्रहका अधिकतर कवितामा अस्फुट र अर्धप्रस्फुटित वा अपेक्षाकृत प्रस्फुटित र प्रभावकारी रूपमा माथिका न्यूनाधिक स्वभावोक्तिमिश्रित भनिएका र अरू थप कवितामा पनि उल्लेख्य रूपमा नै हुन आएको देखिन्छ । यसै परिप्रेक्ष्यमा अब विशेष

कल्पनाप्रसूत वक्रोक्ति या अतिशयोक्तिका ऊर्जाबाट मूलत: पैदा हुने उपमा, रूपक, विरोध या विरोधोक्ति आदि प्रमुख अर्थालङ्कार र उक्तिगत बिम्बप्रतिबिम्ब वा बिम्बअनुबिम्बका विधानमा विशेष दृष्टि केद्रित गरी प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको सरसरती एक अवलोकन गरेर हेरौँ– यहाँ प्रयुक्त अर्थालङ्कारको रचनाप्रक्रिया मूल स्रोत र मुख्य प्रकार तथा तिनका अवस्थाको क्रमिक सङ्क्षिप्त आकलनतर्फ पनि धेरथोर दृष्टि दिँदै ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको पहिलो कविता 'प्रकृतिको अस्तित्वको सन्देश'लाई विस्तारित उपमा अलङ्कारसँगै अरू अर्थालङ्कारको पनि उल्लेख्य प्रयोग भएको एक नमुना थलो भन्न सकिन्छ । यस कविताको सुरु भागमै 'म प्रकृति हुँ अस्तव्यस्त मेरो हालत' भन्ने पहिलो उपशीर्षकका कविताका पङ्क्तिप्रवाहका थालनीमै प्रकृति धरतीलाई 'म' भन्ने मानवीय स्त्री वा नारी व्यक्तित्व प्रदान गरी प्रथमत: रूपकीय खाकामा खडा गरिएकी लुटिएकी प्रकृति धर्तीका शिरदेखि पाउसम्मका विभिन्न शारीरिक अङ्गउपाङ्गका अस्तव्यस्त हालतलगायतको तुलनात्मक वर्णन गर्ने क्रममा चाहिँ कल्पनाशील र ऊर्जित ढङ्गले प्रथमत: सम्बन्धित उपमेय र उपमान आदि तहका दुवै वस्तुपक्षका अर्थगत एघार जोडी बिम्बअनुबिम्बका बीच 'समान' भन्ने सादृश्यद्योतक उपमावाचक पद पनि एघारैपल्ट आवृत्ति गरी दोहोऱ्याई प्रकृति नारीको लगभग सर्वाङ्ग अस्तव्यस्तताको हालत जनाई अर्थगत निकट समानता वा सादृश्यको चित्र चमत्कारी र आह्लादकारी ढङ्गले झुल्कने गरी क्रमश: एघारवटा निरन्तरित र विस्मयकारी उपमाशृङ्खलाको विस्तारित सशक्त प्रयोग गरिएको पाइन्छ– अन्तर्निहित रूपमा रूपक र समासोक्तिजस्ता अरू अनेक अर्थालङ्कारको पनि मिश्रित उपयोग गर्दै । यसपछि पनि यस समग्र कवितामा ठाउँठाउँमा अनेकौँ सामान्य र लाक्षणिक भनाइ वा उक्तिहरू तथा स्वभावोक्तिका

टुक्राटाक्रीसँगसँगै स्मरण, क्षुद्र, असङ्गति, विषम, विरोध, समानान्तरता, समासोक्ति, निदर्शना, रूपक, उत्प्रेक्षा, आक्षेप, निर्वेदोक्ति र उपहासोक्ति एवं व्यङ्ग्योक्तिजस्ता अरू थप प्रयोग भएका स्थलहरूसमेत भेटिने गर्दछन् ।

उपर्युक्त सन्दर्भमै प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका तेत्तिस कवितामध्येका प्रारम्भिक भागका कविताहरूदेखि नै थाली त्यसपछि अरू भागतिरका अन्य कतिपय कविताहरूतर्फ पनि सरसरती दृष्टिपात गरौँ । यस क्रममा 'नमुना नेपाल' शीर्षकको कविता प्रथमतः उल्लेख्य हुन आउँछ र यहाँ 'स्वार्थलोलुपताको आहाल', 'जुका बनी राष्ट्रको एकता चुस्नु', चितामा जलाइदिनुपर्ने खालका 'फगत निजी महत्त्वाकाङ्क्षा अनि स्वार्थलोलुपताको डङ्गुर' र 'अराजकताको पीप'जस्ता अन्तर्गर्भित रूपक तथा उत्प्रेक्षाजस्ता अलङ्कारको छनक परेका कतिपय कवितांश फुल्किन आउँछन् ।

यसको भित्री मर्मतर्फ गढेर र गमेर हेर्दा खास पदावली (पदसमूह या शब्दसमूह)का स्तरमा अर्थ तहमा खास गरी भन्न खोजिएको मुख्य पक्षस्वरूप क्रमशः 'स्वार्थलोलुपता', 'राष्ट्रको एकताको चुसाहा' र 'मृत लास ठानी चितामा जलाइदिनुपर्ने' निजी महत्त्वाकाङ्क्षा र स्वार्थ एवं अराजकताका भावसँग सम्बन्धित तुल्याई लगभग अभिन्न नै देखिने गरी विशेष प्रयोजनका निम्ति अर्को दोस्रो पक्षका क्रमशः 'आहाल', 'जुका', 'फोहोरको डङ्गुर' र 'पीप'जस्ता चार थरी मूर्त वस्तु यहाँ सँगसँगै आरोपित र उपस्थापित भई प्रस्तुत हुन आएका छन्– फोहोर टाँसिनेपन, रगतको चुसाइ, लास डङ्गुर भई थुप्रिनु अनि घाउमा विकृति पैदा हुनु भन्ने मर्मचाहिँ पाठक वा भावकद्वारा आफ्ना समझले बुझ्नुपर्ने गरी उपर्युक्त अन्तर्निहित द्विपक्षीय अर्थगत वस्तुसम्बन्धतर्फ सङ्केत गर्दै लगभग अभिन्न भनी आरोपित तथा उत्प्रेक्षित भई व्यङ्ग्य र उपहासको भित्री भावसहित ती यहाँ प्रस्तुत हुन पुगेका छन् । यस

क्रममा यहाँ समासोक्ति, रूपक, उत्प्रेक्षा, असङ्गति, विषम, निदर्शना आदि अर्थालङ्कार अन्तर्गर्भित रही तिनको अस्फुट आंशिक स्पर्श पनि परेको प्रतीत हुन्छ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको अर्को 'असम्भव प्राय: मिलन' कवितामा भानु र शशी (सूर्य र चन्द्रमा, घाम र जून) दुवैलाई मानवीकृत रूपमा खडा गरी तिनका बीच खास गुणको न्यूनता र अधिकताका आधारमा पारस्परिक दँजाइका साथ तुलनाप्रतितुलना प्रस्तुत गरिएको छ । यहाँ यसै सन्दर्भमा तिनलाई नदीका दुई किनारा र आकाशजमिनका बीचका नितान्त दूरीका सन्दर्भमा समेत दाँजी प्रेमका क्रममा तिनका बीच मिलन हुन प्राय: असम्भव छ भन्ने भाव पनि व्यक्त गरिएको पाइन्छ । साथै यहाँ बिम्बविधानका क्रममा अर्थगत अलङ्कारका दृष्टिले समासोक्ति तथा विविध गुण र क्रियाका समानता र निकटता तथा न्यूनता र अधिकतालगायतका उक्तिसँग सम्बन्धित रही उपमामिश्रित तथा उत्प्रेक्षागर्भित हुँदै अधिक, न्यून, असङ्गति र व्यतिरेक एवं समानान्तरण र विरोधोक्तिलगायत विकल्प तथा पर्यायोक्त र निदर्शना अलङ्कारको आंशिक स्पर्शसहित विभिन्न अलङ्कारको प्राय: शोभावर्धक संसृष्टि स्फुट तथा अस्फुट रूपमा हलुकासँग फुल्किन आएको देखिन्छ । अर्को 'गाईजात्रा' कवितामा विशेष गरी स्वर्ग नर्क कहाँ छन् भनी प्रश्न गर्दै सबै प्रकारको मानवीय भोगाइ यस धर्तीमै एक जुनीमै र एक आयुमै सीमित रहेको छ भन्ने उत्तरसँगै स्वभावोक्ति तथा प्रश्न, उत्तर र अपह्नुति अलङ्कार अनि जीवन फूलको कथा नभए पनि काँडाबीच फुल्नु पनि व्यथा नभएको सन्दर्भमा समेत अपह्नुति र विरोध एवं समानान्तरण तथा उत्प्रेक्षा र रूपक अलङ्कारलगायत अन्तर्गर्भित रहेको अलङ्कारगत शोभावर्धक स्थितिसमेत उल्लेख्य रहेको छ । प्रस्तुत कवितासङ्ग्रहकै 'कालो दाग' भन्ने कविताशीर्षक तथा विशेष गरी कान्लाकान्ला गरामा पोषक तत्त्वका सट्टा कालस्वरूप विषको

उत्पादन तथा 'भोलामा खोला' र प्रकाशको सट्टा अन्धकारको उत्पादन अनि भोले विद्यालयलगायतका उक्तिका पूर्वापर सन्दर्भमा परिकर, समासोक्ति र समानान्तरण, विरोध, असङ्गति, विषम, व्यतिरेक र अर्थान्तरन्यासलगायत पर्यायोक्त, स्मरण र ऐतिह्य आदि अर्थालङ्कार गुजमुजिएर अन्तर्निहित रहेको भेटिन्छ । यहाँ एउटी प्रेमिकाको प्रेमीप्रतिको अगाध प्रेम र पूर्ण समर्पणको भाव व्यक्त भएको अर्को 'समर्पित' कवितामा चाहिँ रूपक र पर्यायोक्तसँगै उत्प्रेक्षा र निदर्शन अनि तुल्ययोगिता र अर्थान्तरन्यास तथा काव्यलिङ्ग जस्ता अरू अर्थालङ्कार पनि समृद्ध रूपमा ज्यादा अन्तर्गर्भित तथा प्रश्न, उत्तर र अपह्नुति उल्लेख्य रूपमा अर्द्ध प्रस्फुटितसमेत रहेका छन् ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका भन्डै आधा (सत्रवटा)जति कवितामा प्रयुक्त प्रमुख अर्थालङ्कारसम्बन्धी स्थितिका आकलनका क्रममा अब यस कवितासङ्ग्रहका बीचभागतिरबाट प्रयोजनपरक रूपमा छानिएका 'शून्यतामा', 'भानु', 'कुलकी मान' र 'एक भूल'जस्ता चार कवितातर्फ दृष्टि दिँदै अगाडि बढौँ ।

उपर्युक्त चार कवितामध्येको 'शून्यतामा' कविताका प्रारम्भिक पाँच अनुच्छेदमा 'एक बीज रोपिन्छ जीवनमुनि' भनी सुरु गरी त्यस बीजको अङ्कुरणदेखि क्रमश: विशाल वृक्ष बन्दै आखिर आफ्नो जीवनचक्रअनुरूप भरेर र मरेर त्यही जमिनमै माटो बनी जहाँ सुरुवात त्यहीँ अन्त भई उही शून्यतामा अन्त्य हुने एक वनस्पतिको जीवनयात्राको र यस कविताका त्यसपछिका उत्तर भागको सुरुको एक लामो अनुच्छेदमा पनि 'एक मानव भ्रूण दौडिन्छ, खेल्दछ, गोता खान्छ भनी सुरु गरी त्यो मानवीय भ्रूण जन्मदेखि क्रमिक बालककाल, जवानी र वृद्धावस्थाको जीवनचक्र पूरा गर्दै आखिर मरेर, जलेर र डँढेर खरानी बनी माटामा विलीन बनी अन्धकारमा उही शून्यतामा

अन्त्य हुने मानिसको जीवनयात्राको सादृश्यमूलक वा दृष्टान्तमूलक चित्रण तथा त्यसपछिका बाँकी दुई उपान्त्य र अन्तिम अनुच्छेदमा चाहिँ वनस्पति र मानिसलगायत ईशसृष्टिको सकल ब्रह्माण्डको उज्यालो र अँध्याराको रहस्य तथा नियति र परिणति उही शून्यतामा परिणत भई अन्त्य हुने हो भन्ने कटु, सत्य र यथार्थ शून्यतावादी जीवनचिन्तन सामान्यीकृत र निष्कर्षित हुन पुगेको पाइन्छ । यस क्रममा यहाँ समुच्चा स्तरमा स्वभावोक्ति, समासोक्ति, पर्यायोक्त, अनुक्रम (पौर्वापर्य), एकान्वय, तुल्ययोगिता, दृष्टान्त, निदर्शना, उपमा, समानान्तरण, विरोध, रूपकातिशयोक्ति आदि अनेक अर्थालङ्कार अन्तर्गर्भित तथा स्फुट र अस्फुट रूपमा संश्लिष्ट हुन पुगेको समेत भेटिन्छ । यहाँ अर्को 'भानु' कवितामा चाहिँ भानु वा सूर्यलाई मानवीकृत गरी प्रथम पुरुष एकवचन सर्वनाम 'म' भन्ने कवितागत वक्ता र भोक्ता मूल अन्त:पात्र वा अन्तरपात्रका रूपमा खडा गरी पूर्वपरिवेशगत कालो रातको अँध्याराको अन्त्य गर्दै मिरमिरे मधुर स्पर्शसँगै रक्तिम र स्वर्णिम पूर्वआकाशको रचना गरी हिमालसँगै पहरा कन्दरा चुम्दै प्रभात बनी प्रकाश छर्ने त्यसका चाहना वा कामनालाई बहुरङ्गी शब्दार्थचित्रवत् प्रस्तुत गर्दै सोमार्फत स्वयम् कवयित्रीका समेत जगत्मा उदाउने र स्वयम् पनि नेपाली आदिकवि भानुभक्ततुल्य नेपाली साहित्यमा सक्दो प्रकाश छर्दै उदाउँदै जाने अनि देशविकासका निम्तिसमेत सकेको उज्यालो छर्ने तीव्र कामनातर्फ पनि सङ्केत गरिएको देखिन आउँछ । यहाँ यस क्रममा रूपरङ्गमय शब्दहरूका माध्यमबाट प्रातकालीन परिवेशका भानुका प्रकाशका विभिन्न सजीव रम्य अर्थचित्र पनि रच्दै स्वभावोक्ति, समासोक्ति, रूपक, उत्प्रेक्षा, उपमा, निदर्शना, काव्यलिङ्ग, समानान्तरण, विरोध र रूपकातिशयोक्तिजस्ता कतिपय समविषम अर्थालङ्कार अन्तर्गर्भित र अस्फुट तथा स्फुट रूपमा संश्लिष्ट रही भावाभिव्यक्ति विशेष शोभावर्धक पनि हुन पुगेको पाइन्छ । त्यस्तै 'कुलकी मान' भन्ने विशेष भावप्रवण कवितामा स्वयम् कवयित्री कविताको प्रथम पुरुष

एकवचन 'म' भन्ने वक्ता, अनुभवकर्ता र भोक्ता मूल अन्त:पात्र वा कवितागत भित्री पात्रस्वरूप आमाका रूपमा खडा भई उनीद्वारा आफ्ना बोलीमा आफ्नी बिहा हुन लागेकी प्रिय छोरीलाई सम्झिँदै र सम्बोधन गर्दै ती छोरीका सम्बन्धमा तीव्र भावपूर्ण सुकोमल आत्मउद्‌गार व्यक्त गरिएको पाइन्छ र यहाँ ती छोरीको भ्रूणले आफ्ना गर्भमा प्रवेश गरी छोरी जन्मेको र छोरी खेल्दै हुर्केको अनि छोरीले पढी विद्या र संस्कारसमेत प्राप्त गरेको खुसीको लामो पूर्वशृङ्खलाको मार्मिक अनुभूतिसँगै अब बिहे सम्पन्न भई छोरी पतिघर जाने मर्मस्पर्शी वियोगक्षणको भाव अनि आफ्नो कुलकी शान वा सानस्वरूप छोरीलाई बिदाइको मङ्गल कामनापूर्वक दुवै परिवारकी 'नूर' बन्नू भन्ने आशीर्वाद उनी (ती आमा पात्र)द्वारा दिइएको भावाकुलता पनि व्यक्त भएको छ । यस सन्दर्भमा यहाँ स्मरण एवं रोमाञ्च र आत्मालाप तथा आशिष्का साथै स्वभावोक्ति, समासोक्ति, समानान्तरता, विरोध, उत्प्रेक्षा, रूपक, उपमा, निदर्शना, परिणाम र काव्यलिङ्गजस्ता विविध अर्थगत अलङ्कार अन्तर्गर्भित तथा संश्लिष्ट रही ती अस्फुट वा अर्धप्रस्फुटित रूपमा शोभावर्धक हुन पुगेको देखिन्छ । अर्को 'एक भूल' कवितामा प्रथम पुरुष एकवचन सर्वनाम 'म' भन्ने कवितागत वक्ता र मूल भोक्ता स्त्री अन्त:पात्र खडा गरी तिनका आत्मालापका शृङ्खलामार्फत 'पाशविकताको एक जीवित सिकारको सग्लो नमुना' बन्न पुगेकी ती एक कलिली अभागी युवतीको भावप्रवण र त्रासद तथा अन्त:करुण मर्मोद्‌गार व्यक्त गरिएको छ र यहाँ स्मरण, पर्यायोक्त, समानान्तरण र विरोध, विनोक्ति, अपह्नुति, परिकर, सावयव रूपक, उत्प्रेक्षा, एकान्वय र तुल्ययोगिताका साथै निदर्शना, दृष्टान्त, अर्थान्तरन्यास र रूपकातिशयोक्तिजस्ता विभिन्न अर्थालङ्कार संश्लिष्ट तथा अर्धप्रस्फुटित एवं प्रस्फुटितसमेत रही पर्याप्त शोभावर्धकसमेत हुन पुगेको पाइन्छ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका प्रमुख कवितामा प्रयुक्त अर्थालङ्कारका आकलनका सन्दर्भमा यस कवितासङ्ग्रहका मध्योत्तरलगायत आखिरीतिरका र यहाँ प्रयोजनपरक नमुनाका रूपमा छानिएका अनि यहाँ विवेचना गर्न बाँकी अरू सात कविता हुन्– 'कस्तूरी सुवास', 'अपरिहार्य', 'अधुरो कल्पना', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', 'साथ रहोस् नरहोस्', 'जीवनको रहस्य' र 'स्थितप्रज्ञ' कविता । प्रथमतः यीमध्येको सुरुका तीन कवितामा प्रयुक्त अर्थालङ्कारको आकलन गर्ने क्रममा हेर्दा यहाँ 'कस्तूरी सुवास' कवितामा 'तिमी' भनी कवितागत द्वितीय पुरुष एकवचन सर्वनामस्वरूप एक अन्त:पात्र (भित्री पात्र) खडा गरी तिनलाई 'उर्लिएको जवानी'की एक मोहिनी युवतीका रूपमा प्रस्तुत गरी सम्बोधन गर्दै 'उही तिम्रो कस्तूरी सुवास'समेत भनी तिनका 'पदमिनी रूपजाल' तथा भड्किलो 'कामदेवको कामपाश' एवं 'छचल्किएको' यौवनलगायतका चित्रणका क्रममा खास गरी परिकर, समासोक्ति, पर्यायोक्त, अनुमान, रूपक, उत्प्रेक्षा, तुल्ययोगिता, निदर्शना, काव्यलिङ्ग र अर्थान्तरन्यासजस्ता कतिपय अर्थालङ्कार सम्मिश्रित तथा केही अस्फुट र केही अर्धस्फुटित रूपमा रही तिनको संश्लिष्ट अन्तरप्रभावबाट ती शोभावर्धक हुन पुगेको भेटिन्छ । अर्को 'अपरिहार्य' भन्ने पर्याप्त भावप्रवण कवितामा कवितागत प्रथम पुरुष एकवचन सर्वनामस्वरूप 'म' भन्ने कवितागत वक्ता, अनुभूतिकर्ता एवं एक भोक्ता पात्रस्वरूप एक प्रगल्भ स्त्रीपात्रबाट 'तिमी' भन्ने (द्वितीय पुरुष एकवचन तथा अन्तरङ्ग स्नेहपूर्ण सामान्य आदरार्थी सर्वनामस्वरूप) कवितागत अर्को पुरुष अन्त:पात्र (पति)प्रति गरिएको प्रबल प्रेमपूर्ण र दृढ आस्थापूर्ण सम्बोधनका शृङ्खलामार्फत ती आफ्ना प्रिय तथा अगाध स्नेहभाजन आस्थापुरुषका जीवनका सकल बाधाव्यवधान हटाउन आफू समर्थ रहने गरी उनका जीवनका प्रतिरक्षा र सुरक्षामा आफू विश्वासरूपी ढाल बन्नाका साथै जीवनभरका लागि उनकी 'अपरिहार्य' जीवनसङ्गिनी भएर रहने

अनि उनका अशेष वासनाको तृप्तिकारी र सदा सुरक्षादायीसमेत बनिरहने आत्मीय कामनासमेत व्यक्त गरिएको पाइन्छ । यहाँ यस सन्दर्भमा विशेष गरी परिमित स्वभावोक्तिसँगै पर्यायोक्त, परिकर, रूपक, उत्प्रेक्षा, समानान्तरण र विरोध, अपह्नुति, तुल्ययोगिता, एकान्वय, निर्दशना, अर्थान्तरन्यास, काव्यलिङ्ग र रूपकातिशयोक्तिजस्ता कतिपय समविषम अर्थालङ्कार संश्लिष्ट तथा प्रायः अर्द्धप्रस्फुटित रही पर्याप्त शोभावर्धकसमेत हुन पुगेको पाइन्छ । यसै 'अपरिहार्य' कवितासँग विभिन्न अनुच्छेदका पूर्वार्द्धतिर प्रायः मिले पनि सम्बन्धित अनुच्छेदगत उत्तरार्द्धमा र कवितागत अन्तिम अनुच्छेदमा एकदमै निषेधात्मक तथा नकारात्मक भाव व्यक्त गरिएको र प्रतिपूरक कविता भन्नुपर्ने अर्को 'अधुरो कल्पना' भन्ने पर्याप्त भावप्रवण कवितामा सोअनुरूप नै कवितागत 'म' अन्तःपात्र (नारी : विफल प्रेमिका)द्वारा अर्को अन्तःपात्र 'तिमी' (पुरुष : प्रेमी)लाई गरिएका सम्बोधनका शृङ्खलामार्फत 'एक आधा अधुरो सपना' वा कल्पना बनी 'जीवित नै जलिरहेको' आत्मबिम्ब प्रस्तुत गरिएको पाइन्छ । यहाँ यस सन्दर्भमा परिमित स्वभावोक्तिसँगै परिकर, पर्यायोक्त, रूपक, उत्प्रेक्षा, विपरीत, समानान्तरण र विरोध, निर्वेद, अपह्नुति, एकान्वय, तुल्ययोगिता र निदर्शना, अर्थान्तरन्यास, काव्यलिङ्ग र रूपकातिशयोक्तिजस्ता कतिपय समविषम अर्थालङ्कारको छायाप्रतिच्छाया उल्लेख्य रूपमा संश्लिष्ट रहेको र त्यो खास गरी अर्धप्रस्फुटित नै रहे पनि निकै नै शोभावर्द्धकसमेत हुन पुगेको देखिन आउँछ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' भन्ने कवितामा प्रयुक्त स्वभावोक्ति तथा त्यससँग सम्बद्ध र मिश्रित रूपमा रहेका कतिपय अरू उपमालगायत अतिशयोक्तिमूलक अर्थालङ्कारहरूका बारेमा पनि अलिकति पूर्वचर्चा गरिसकिएको हुँदा यहाँ त्यसमा नपुगेका हदसम्मका

यी र अरू अर्थालङ्कारबारेमा थप चर्चा गरौँ । वास्तवमा यस 'प्रकृति र यसको त्रिआयामिक दृष्टिकोण' कविताको पहिलो उपशीर्षकस्वरूप 'मानवको गुनासो'अन्तर्गतका छवटा अनुच्छेद (अनुच्छेद २, ३, ४, ५, ७, १०)मा विशेष आकर्षक विस्तारित उपमाहरूको प्रयोग गरिएको पाइन्छ र यहाँ विशेषत: उपमानका स्तरमा वन्यजन्तु सिंहको मृगको बथानउपरको आक्रमण अनि सरीसृप वर्गको गोमन सर्पको लपलपाएको जिब्रो (सँगै एक फट्का अजिङ्गरको श्वास), राक्षसहरूको देवता र ऋषिहरूउपरको विध्वंसको पौराणिक बिम्ब, मात्तिएको हात्तीको सुँडको कमलको निचोराइ अनि ब्वाँसाको सिनोको चुसाइ र त्रिपुरारिद्वारा त्रिशूल उठाई तेस्रो नेत्र उघारी तीन पुरको भस्म गरेजस्तो अर्को पौराणिक बिम्ब भूकम्पका विभिन्न परिसन्दर्भका उपमेयहरूलाई तीव्र मर्मस्पर्शी तुल्याउने क्रममा प्रयोग भएको पाइन्छ । साथै यस कविताका कतिपय स्थलमा विस्तारित उत्प्रेक्षा र विरोधोक्ति, सावयव रूपक, समासोक्ति, अपह्नुति आदि अर्थालङ्कार विशेष मार्मिक र आकर्षक रूपमा प्रयोग भएको देखिन्छ । यस कविताका आँतमा झुल्किने यीबाहेक अरू त्यस्ता उल्लेखनीय केही थप अर्थालङ्कार यी हुन्– असङ्गति, विषम, अधिक, आक्षेप, स्मरण आदि ।

अब प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कवितामा प्रयुक्त कतिपय प्रमुख अर्थालङ्कारको आकलनका निम्ति प्रयोजनपरक नमुनाका रूपमा छानिएका पूर्वोक्त सत्रवटा कवितामध्ये केवल यी तीनवटा कविताको अर्थालङ्कारगत आकलनको कार्य बाँकी रहन आयो र क्रमश: त्यसतर्फ लागौँ– स्वयम् 'साथ रहोस् नरहोस्' फुटकर कविता अनि 'जीवनको रहस्य' र 'स्थितप्रज्ञ' कविता । यीमध्येको 'साथ रहोस् नरहोस्' कवितामा सम्बन्धित रचनासन्दर्भ जनाउने गद्यांशअनुसार कवयित्रीद्वारा आफ्नी एक सखीको पीडापूर्ण भनाइलाई अभिव्यक्ति दिइएको भनिएको विशेष सन्दर्भअनुरूप

अन्योक्तिका माध्यमबाट प्रथम पुरुष एकवचन सर्वनामस्वरूप 'म' भन्ने कवितागत आन्तरिक पात्रका रूपमा खडा गरिएकी एक नारीका तर्फबाट कवितागत 'तिमी' पुरुषपात्र सम्बोधितसमेत रहेको अनि प्रेम वा दाम्पत्यसम्बन्धमा विश्वासघाती बन्ने पुरुषको (अनि त्यस पुरुषप्रतिको स्वयम् सम्बन्धित नारीको) साथ भोलि रहे वा नरहे पनि यसबाट प्राप्त मानसिक द्वन्द्व एवं आघात र पीडालाई कथञ्चित् सुल्झाउँदै विजयशील नव गन्तव्यप्रति सदा आस्थाशील अनि नारीमुक्तिचेतनाप्रति उन्मुख रहने दृढ सङ्कल्प ती आहत नारीपात्रद्वारा अभिव्यक्त गरिएको पाइन्छ । यस विशेष भावप्रवण सन्दर्भमा यहाँ सातपल्ट प्रश्नालङ्कारको र आठ पटक उपमा अलङ्कारको अनि एकएक पटक सहोक्ति र विनोक्ति अलङ्कारको प्रयोगसँगै उल्लेख्य मात्रामा पर्यायोक्त, एकान्वय र तुल्ययोगिता, समासोक्ति, उत्प्रेक्षा, समानान्तरण र विरोधोक्ति, थप उपमा, रूपक, अपह्नुति, दृष्टान्त, निदर्शना, अर्थान्तरन्यास, काव्यलिङ्ग र विकल्पजस्ता अरू कतिपय समविषम अर्थालङ्कारहरू विशेष संश्लिष्ट र स्वतः प्रस्फुटित एवं अर्धप्रस्फुटित रूपमा रहे पनि निकै नै शोभाकारक हुन पुगेको पाइन्छ । अर्को 'जीवनको रहस्य' कवितामा मरेपछि मानिसका लासमा बेरिने सेतो कात्रोमा गोजी नहुने र मृत्युपछि सम्पूर्ण मानवीय चोलाका लोभलालचा र धनसम्पत्तिको मोह पनि समाप्त हुने र अन्त्येष्टिपछि छाया नहुनेजस्ता मृत्युसत्यलाई सारभूत रूपमा व्यक्त गरिएको छ र यहाँ पाँचपल्टजति प्रश्नालङ्कारको र अनेकपल्ट निषेधोक्तिको प्रयोग गर्नाका साथै विभिन्न कवितास्थलमा पर्यायोक्त, तर्क, सार, समानान्तरण र विरोध, समासोक्ति, रूपक, निदर्शना, अपह्नुति र रूपकातिशयोक्तिजस्ता र लेखनाथीय सुप्रसिद्ध 'कालमहिमा' कविताको 'आयो टप्प टिप्यो लग्यो' र 'टारेर टर्दैन त्यो' भन्ने अग्रज कविताबिम्बको अनुबिम्बात्मक प्रयोगसमेत गरिएको अनि यीमध्येका कतिपय अर्थालङ्कार केही संश्लिष्ट र अस्फुट तथा स्फुट रूपमा पनि झुल्किई ती परिमित

मात्रामा शोभावर्धकसमेत रहेको भेटिन आउँछ । अर्को 'स्थितप्रज्ञ' कवितामा कवयित्री 'म' अन्त:पात्रका 'तिमी' (आफ्ना पति र तत्कालीन अख्तियार दुरुपयोग नियन्त्रण आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्की)प्रतिका प्रगाढ प्रेमपूर्ण तथा अगाध आस्थापूर्ण भावप्रवण दाम्पत्य सम्बोधनका शृङ्खलामार्फत उनका उपर्युक्त उच्च पद आसनका कवितात्मक ओजपूर्ण प्रतिरक्षाका क्रममा अनि परिणामत: 'लोकगीता' आध्यात्मिक ग्रन्थका रचना र प्रकाशनमार्फतको उनको विशद आध्यात्मिक चैतन्यको अभ्युदयका प्रक्रियाका प्रगानका सन्दर्भमा पनि उनको विपुल अन्तर्व्यक्तित्वको स्तवन प्रस्तुत गरिएको पाइन्छ । यस विशेष उदात्तीकृत तथा उच्च शैलीका अभिव्यक्तिका सन्दर्भमा यहाँ प्रस्तुत कविताका सुरु भागमै र अन्यत्र पनि वीर योद्धा अभिमन्यु, भीष्मपितामह एवं दानवीर कर्ण र दानवीर राजा बलि तथा मर्यादापुरुष रामप्रभृति अनि कुम्भकर्ण र धर्मराज तथा वीर पार्थ अनि श्रीकृष्णजस्ता पौराणिक उच्च बिम्ब र युगका भास्करजस्ता उपाधि एवं महाज्ञानी गौतम बुद्ध र परम क्षमाशील इशु अनि आधुनिक नेपालको इतिहासका दु:खान्त महानायक भीमसेन थापाजस्ता उच्चतर विभिन्न पौराणिक र धार्मिक तथा ऐतिहासिक चरित्रबिम्बद्वारा कवितानायक 'तिमी'लाई गौरवपूर्वक सम्बोधन गरिएको र चिनाइएको समेत भेटिन आउँछ । त्यस्तै यहाँ कवितानायक 'तिमी' पात्रलाई महान् योगी तथा अध्यात्मगुरु योगानन्द, पाइलट बाबा र ओशोसमेतका प्रत्यक्ष वा अप्रत्यक्ष शिष्य तथा नेपाली 'लोकगीता'नामक गद्यात्मक बृहत् अध्यात्मग्रन्थका विशिष्ट रचनाकारका चरित्रबिम्बसमेतबाट ओजस्वी रूपमा चिनाइएको पाइन्छ । यस क्रममा मुख्यत: 'स्थितप्रज्ञ' कर्मयोगीका रूपमा यहाँ विशेषत: विस्तारित उपमाशृङ्खलाको प्रयोगसँगै ऐतिह्य, स्मरण, पर्यायोक्त, रूपक, उत्प्रेक्षा, असङ्गति, समानान्तरण र विरोध, दृष्टान्त, अपह्नुति, व्याप्नोक्ति, अत्युक्ति, अप्रस्तुत प्रशंसा, प्रशंसोक्ति, उदात्त, अद्भुत गुण र हेतुमान्प्रभृति कतिपय समविषम अर्थालङ्कारका अंशत: श्लिष्ट र अर्धप्रस्फुटित तथा प्राय: प्रस्फुटित

प्रतिभापूर्ण उपयोग निकै मात्रामा कविताका आन्तरिक शोभाको प्रवर्द्धक बिम्बसमूहका स्तरमा नै भएको पाइन्छ ।

अब प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कविताहरूमा मुख्यत: भन्न खोजिएको कथ्य अन्तर्वस्तु वा विषयवस्तुको सेरोफेरोअन्तर्गतका खास अनुभवअनुभूति र सोचसोचाइको पूर्वोक्त वर्गीकृत अन्तर्वस्तुगत र भावगत चार मुख्य केन्द्रका सन्दर्भमा यहाँ माथि बताइएका स्वभावोक्ति र वक्र एवं अतिशयात्मक उक्तिअन्तर्गतका विभिन्न अर्थालङ्कार वा बिम्बानुबिम्ब र बिम्बप्रतिबिम्बका विधानका क्रममा समेटिएको अर्थालङ्कृतिका वा बिम्बविधानका उपमान र उपमेय तथा रूप्य र रूपक आदि तुलनीय दुवै पक्षहरूको जुन विस्तृत सन्दर्भ छ त्यसको तुलनात्मक सङ्क्षिप्त विवृति र आकलन क्रमश: प्रस्तुत गर्नेतर्फ लागौँ ।

उपर्युक्त परिप्रेक्ष्यमा एक उल्लेख्य प्रसङ्ग देखा पर्छ– उक्तिगत अर्थालङ्कारगत बिम्बविधानमा कतिपय अन्तर्राष्ट्रिय सन्दर्भको समेत उल्लेख्य उपस्थिति । जहाँ मुख्य कथ्य विषयवस्तुगत सन्दर्भमा 'पृथ्वीको गर्भ' कवितामा 'यहाँ' र 'त्यहाँ' भनी क्रमश: स्वाधीन राष्ट्रिय इतिहासको गौरव भएको र प्रकृतिस्रोतको धनी तर न्यून विकास भएको स्वदेश 'नेपाल' र विकसित तथा बेलाबखत खास क्षेत्रमा वैदेशिक प्रभुत्व बेहोरेर पनि वर्तमान युगमा विकसित भनी प्रतिष्ठित तथा चर्चित देशका बीच तुलनात्मक दँजाइपूर्वक अभिव्यक्ति दिइएको पाइन्छ, त्यहीँ अर्थालङ्कारगत सहवर्ती अर्थस्तरका बिम्बविधानका क्रममा 'प्रकृतिको अस्तित्वको सन्देश'जस्तो कविताको पहिलो 'म प्रकृति हुँ अस्तव्यस्त मेरो हालत' भन्ने उपशीर्षकअन्तर्गतचाहिँ 'म' भनी खडा भएको मानवीय नारीव्यक्तित्वको विराट् बिम्ब प्रदान गरिएकी प्रकृतिधर्तीका विभिन्न मानवीय प्रमुख अङ्गउपाङ्गका साथै कतिपय शरीरक्रियासँग दाँज्दै राष्ट्रिय भूगोल हुँदै अन्तर्राष्ट्रिय भूगोलतर्फ पनि सादृश्यमूलक उपमानको सेरोफेरो यी विभिन्न

सन्दर्भतर्फ बढेको पाइन्छ– जङ्गल, पाहाड, हिमाल; मरुभूमिको बलौटे माटो; कोसी बाँध फुटेको सुनामीप्रवाह, दुर्गन्धित वाग्मती र गङ्गा नदी, ढलेको नेपाली धरहरा र अमेरिकी भस्मशेष ट्विनटावर (जोरबुर्जा), (दक्षिण अमेरिकी) दग्ध बहुवर्षावन (रेन फरेस्ट) र डँढेलो लागिरहने अस्ट्रेलियाली जङ्गल तथा नेपालको कृष्णभीरको पहिरो, सोमालिया र सिरियाका बिनाआहार सुकेका भोका मानिस, भूमण्डलीय तापक्रमको ऊर्ध्व बहाव आदि । त्यसो त यहाँ उपमेय स्तरमा 'म' भनिएकी मानवीय स्त्रीव्यक्तित्वकी प्रकृतिधर्तीका यी विभिन्न अङ्गउपाङ्ग, कतिपय समविषम हालत र केही शरीरक्रियाका सन्दर्भसमेत यहाँ समेटिन पुगेका छन्– जगल्टिएका केश, उछिट्टिएका दन्तलहर, सुकेको छाती, असहनीय जलबिन्दु रोगले आहत भई पट्टी बाँधिएका दुई नयन या आँखा, बास्ना लिने शक्ति पखालिएको नाकको ठुँडो, जोर बाहु, आँत, गोडा र जाँघ तथा श्वासप्रश्वासका क्रिया आदि । त्यसो त यही 'प्रकृतिको अस्तित्वको सन्देश' कविताको बाँकी अरू स्थल र यस कवितासङ्ग्रहका अरू विभिन्न कवितामा समेत गरी मानवीय शरीरप्रणाली र शारीरिक क्रिया एवं जीवनक्रिया तथा सम्बन्धित अरू यी कतिपय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई पनि अर्थालङ्कारको रचना र बिम्बविधानका प्रक्रियाअन्तर्गत छोइएको भेटिन्छ– (क) शिर, दिमागका तन्तु या मस्तिष्कका नसा, नीर/आँसु, कालो केशराशि, परेली, कर्के नजरको जुधाइ, चन्द्रमुखी अधर; बाहुपाशको अङ्कमाल, पदचाप, कदम, रगतको थोपाथोपा, रोमरोम पसिनाको धारा, कोल्टे फेर्नु, मुटुको धड्कन, हृदय/मनको जलन, आन्द्राको त्यान्द्रा, नाभि, पेटको अग्निक्षुधा; छिउँ, ख्याक्क; (ख) मातृकोष, गर्भभ्रूण, अपाङ्गता, पूर्ण शिशु; जीवनप्रक्रिया : गर्भ, जन्म, बाल्य, जवानी, परिवार र वार्धक्य; (ग) मानवीय पञ्चज्ञानेन्द्रियगत संवेदना : आँखा : आकृति र रूपरङ्ग; नाक : गन्ध; कान : ध्वनि/आवाज; जिभ्रो : स्वाद/आस्वाद; छाला : चिसो

तातो स्पर्श; मृत्यु, लास, खरानी; जैविक महामारी; (घ) भ्रष्टाचार गरी कमाएको सम्पूर्ण द्रव्य आफ्नो मृत्युपछि पनि सँगै लैजाने मानवीय छातीको लालचा अनि महामारीबाट ध्वस्त समाज र अर्थतन्त्र; (ङ) दुरबिन, बारुद, क्षेप्यास्त्र ।

यहाँ विभिन्न कवितामा अर्थालङ्कारको सिर्जनासँग सम्बन्धित बिम्बविधानका क्रममा समेटिएका बृहत् जगत् र जीवनका उपर्युक्त अनेक पक्ष र पाटाहरूमध्ये प्रथमत: प्रकृतिजगत्का विभिन्न सन्दर्भको अन्तर्वर्गीकरण सुरु गरी क्रमश: धर्ती र अरू विभिन्न सन्दर्भतर्फ अगि बढौँ ।

उपर्युक्त परिप्रेक्ष्यमा यहाँ बिम्बविधानका क्रममा प्रयोग गरिएको प्रकृति जगत् (प्रकृति, वनस्पति र जीवमण्डल)को सेरोफेरो नै पनि यसरी निकै नै फराकिलो देखिन्छ भने त्यसलाई यसरी मोटामोटीमा अन्तर्वर्गीकृत गरी प्रस्तुत गरौँ– (क) आकाशीय पिण्ड : सूर्य, चन्द्रमा, तारा; (ख) दैनिक समयचक्र : उज्यालो पूर्व आकाश, मिरमिरे बिहानी, श्वेत बादल, रक्तिम गगन, सिन्दुरे नभ, सुवर्णवर्णित नभ, दिवाकरको स्वर्णवर्ण पदार्पण, प्रभात, नव प्रकाशका किरण, नवज्योति, गोधूलि, अस्तोन्मुख रविको अस्तव्यस्त छाया, रङ्गहीन साँझ, कालो रात, निस्तब्ध शून्य निशा, गहन अन्धकार, ताराको टिमटिमाहट, उजेली रात, उजेली रङ्गीन रात, औँसीको रात; (ग) पक्ष र ऋतुचक्र या मौसमी चक्र : वसन्तबाग, वसन्तको बतास, पवनको शीतल झोक्का, सप्तरङ्गी वसन्ती शोभा, इन्द्रेनी रङ, कोइलीको कुहुकुहु; डँढेलो, अग्निज्वाला, तापलहर; कालो मेघ, बर्सात, साउने झरी; तुषारपात, शीतलहर, बिनामौसमी बर्सातधारा; आँधी, विकराल वर्षा, उग्र जलधारा, जलमग्नता; चन्द्रग्रहण, सूर्यग्रहण; (घ) मुख्यत: धर्ती र भूप्रणाली : माटो, बलौटे मरुभूमि; खाल्टो, हिलो, आहाल; कान्ला, गरा; पाखा, वनपाखा, भिराली; भिर, पहरा; कन्दरा, ओढार, सुरुङ; सानो डाँडो, पहाड,

पहाडी हरियाली; उकाली, ओराली; सगरमाथा, हिमाल, हिमशिखर; तराई; (ङ) जलप्रणाली : जलधारा, कूप/कुवा, झरना, नदीनाला, सरिताको सुरिलो सङ्गीत, नदी : कर्णाली, कोसी, गण्डकी र महाकाली, वाग्मती, भोटेकोसी, सुनकोसी; कोसीबाँध; नदीको धार, डुबुल्की; बाढी; नहर, सिँचाइ; समुद्री पश्चजल, समुद्र/सागर; तुफान : सुनामी; (च) वनस्पति र वन्य जङ्गली बीज, अङ्कुर, पालुवा, रूख, पतझड; बरको रूख; फूल, काँडा : गुलाब; गुराँसको फूल; रातकी रानी, बेगमबेली, कमल; जलकुम्भी; चारकोसे झाडी; राष्ट्रिय निकुञ्ज, आरक्ष; वनविनाश; पर्यावरणसंरक्षण, प्रकृतिसंरक्षण, प्रकृतिभण्डार; (छ) जीवमण्डल र सूक्ष्म जीव : हात्ती (हात्तीको सुँड), बाघ, मृग, कस्तूरी मृग, ब्वाँसो; बिरालो (कालो बिरालो), भुस्याहा कुकुर, मुसा; कोइली, चकोर; गोमन सर्प, अजिङ्गर; क्रुद्ध नागिनी; कमिला; जुका; अदृश्य जीव, विषाणु; कोराना : कोभिड–१९ आदि ।

उपर्युक्त परिप्रेक्ष्यमा यहाँका विभिन्न कवितामा सामान्य र लाक्षणिक साङ्केतिक उक्तिसँगै विभिन्न अर्थालङ्कारका सिर्जनाका साथ बिम्बविधान गर्ने क्रममा जीवनसन्दर्भका साथै आधारभूत मानवीय सम्बन्धसँग समेत जोडिएका यी विभिन्न क्षेत्रका उक्तिबिम्बसमेत समेटिई प्रयुक्त भएको पाइन्छ– (क) मानवीय पारिवारिक सम्बन्ध तथा पुस्तागत नाताक्रम : हजुरबुबा, बाआमा, छोरी; पतिपत्नी र दाम्पत्य, घरपरिवारको संसार; अभिभावकत्व, मातृत्व तथा वात्सल्य; कुमारी; अविवाहिता छोरी तथा छोरीको बिहे र विरहपूर्ण मङ्गलमय बिदाइ तथा आशीर्वाद; (ख) नारीका मुख्य विविध रूप : अबोध स्निग्ध बालिका; प्रेममयी प्रेमिका; विवाहित छोरी; पत्नी : सङ्गिनी रतिरूपा वा रतिकुण्डरूपा; मातृरूपा र खास गरी माता धर्ती; नरनारीको प्रेमसम्बन्धका अनुकूल र प्रतिकूल अवस्था : नारीजीवनका समविषम अवस्था, नारीमुक्तिको चेतना;

प्रेमको तीव्रता, विश्वासघात, साथ रहनु नरहनु, पाशविकताको जीवित सिकार हुनु; गर्भ, गर्भस्राव वा प्रसवकाल; (ग) वार्धक्य : र घरपरिवारसम्बन्ध : घर वा वृद्धाश्रमको आश्रय; (घ) जीवनमा मृत्युको अपरिहार्यता : मृत्यु, जीवनको लास; लास बेर्ने कात्रामा गोजी नहुने र मृत्युसँगै मानवीय लोभलालचा र धनसम्पत्तिको सङ्ग्रह गर्ने प्रवृत्तिको पनि पूर्ण अन्त्य आदि ।

साथै समयुगीन राष्ट्रिय नेपाली जीवनका विभिन्न सार्वजनिक क्षेत्रका अनि नेपाली विभिन्न सञ्चार माध्यममा पनि समेटिने गरेका कतिपय मूल समाचारका विवरण र तिनका समविषम प्रवृत्ति पनि यहाँका प्रमुख कवितामा अर्थालङ्कारको सिर्जना र बिम्बविधानका क्रममा समेटिन पुगेका छन् भने यस क्रममा यहाँ यी पक्ष विशेष उल्लेख्य रहेका छन्– (क) राजनैतिक, प्रशासनिक, आर्थिक र पेसागत, सामाजिक, धार्मिक, सांस्कृतिक, न्यायिक, शैक्षिक पक्ष एवं (ख) स्वास्थ्य, कृषि, सूचनाप्रविधि; (ग) चिन्तन, इतिहास र कला आदि । यी विभिन्न पक्षका सन्दर्भका यी उल्लेख्य कतिपय बिम्बहरू पनि यहाँ समेटिन पुगेको पाइन्छ– (क) हिन्दु वा संस्कृत पौराणिक तथा धार्मिक घटनासँग सम्बद्ध सन्दर्भ र पात्रको उपयोग : ईश, भगवान्; स्वर्ग, नरक; देव, देवी; सरस्वती, लक्ष्मी; त्रिपुर, त्रिपुरारि तथा त्रिशूल; नीलकण्ठ, पशुपति; शिवताण्डव, कामदेव, कामपाश; नवदुर्गा भवानी; पिचास, राक्षस; यज्ञविध्वंस, ऋषिमुनि; (ख) धर्म र दर्शन; हिन्दु, जैन, बौद्ध; ईशु; मुस्लिम, जमाती आदि; (ग) चिन्तन : इहलोकवाद, शून्यता; मानववाद; स्वर्ग र नर्कको अनस्तित्व; पुनर्जन्म; साङ्ख्ययोग; अदृश्य परम सत्ता; परमात्मा, आत्मा, ध्यान, योगभ्यास, कर्मयोग; स्वामी योगानन्द, पाइलट बाबा; गीतादर्शन; ओशोको गीताप्रवचन; (घ) राजा बलि, राम, सीता, कुम्भकर्ण; भीष्मपितामह, धर्मराज; कृष्ण; पार्थ, कर्ण; अभिमन्यु आदि पौराणिक पात्र; चक्रव्यूह; (ङ) हिन्दुधर्म संस्कृति : बिनापशुबलि र सोसहित नवदुर्गा भवानीको

पूजा, शनिबारे पीपलपूजा; गौतमबुद्ध, गोरखनाथ र गोरखकाली, (च) नेपालको इतिहासको सन्दर्भ : गोरखाको गौरवगाथा : श्री ५ पृथ्वीनारायण शाह; चन्द्रसूर्यजडित राष्ट्रध्वजा, राष्ट्रको इतिहास; वीरपुर्खा; भीमसेन थापा; सदा स्वाधीनता; किल्ला, हतियार, ढाल; सङ्ग्रहालय; धर्मसंस्कृतिका धरोहर दरबार, मठमन्दिर र कला वैभव; (छ) भूकम्पको प्राकृतिक प्रकोप, प्रकृतिको थरथराउँदो अस्तित्व, सुन्दर राष्ट्रको विध्वंस; गोरखा, नुवाकोट, काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक र दोलखा क्षतविक्षत; ढलेको धरहरा, विध्वस्त वसन्तपुर, विध्वस्त विविध सांस्कृतिक धरोहर, प्रचुर जनधनको क्षति र जनविनाशको पीडा अनि आफन्तको वियोगव्यथा, विकलाङ्गको जीवनपीडा; (ज) सत्ताराजनीति र प्रशासन तथा अर्थतन्त्र र विकासप्रक्रियाका समकालीन कतिपय विशेष चुनौती : आन्तरिक द्वन्द्वको चपेटा, माओवादी जनयुद्ध र थरीथरी मुखुन्डो, आफैँआफैँमा लड्दै राष्ट्रको बिजोग; हतियार, बारुद; रक्तस्राव, रगतको खोलो; फोहोरको डङ्गुर; प्रचुर मानवीय बलिदान; २०६३ सालको जनआन्दोलन, मधेस आन्दोलन; द्वन्द्वले रुँदो देश; भूकम्प, शरणार्थी; आन्दोलनमा बालकको पनि बलिदान, सत्ताका द्वन्द्वमा रमाइरहेको अवसरवादी राजनीति, केवल सत्ताप्राप्तिको मोह, चार शीर्ष नेता र सत्ताको भागबन्डा, अधिकारमुखी सत्ताद्वन्द्व; सत्तामाथि बलात्कार; राजनैतिक भागबन्डाको जालोको विस्तार, आपसी विविध भेदभावको अलाप, राजैतिक भागबन्डामा नाना थरी अल्झाइ र हिमशिखरको झस्काइ; (पुन:) छ सय एकको जमात, संविधान निर्माणको सकस; राहतमा राजनैतिक भागबन्डा; परिवारवादका घेरामा रङमङाइरहेको सत्ताताबेदारी, जातीयताको चहराइरहेको चक्कर, नेपालको अखण्ड भावनामा चोट तथा फटचाइँ र कपटको जाल, कालो दाग, स्याही धब्बा; विसर्जनको त्रास, राष्ट्रलाई विखण्डनबाट जोगाउने चिन्ता; राजनीतिले नेपाल खायो कि भन्ने चिन्ता; नारामा सुशासनको बिगुल; (झ) राष्ट्रको ढुकुटी : स्वार्थ साधनामा रित्तिनु; द्रव्यपिपासुता

र बढ्दो कालो धन; रक्षक नै भक्षक : वनजङ्गलको विनाश; सहर वा नगरमा गगनचुम्बी महलका संरचना र वायुप्रदूषणले जनताको श्वासप्रश्वासमा बाधा; झोलामा खोला : प्रकाशका सट्टा अन्धकारको व्यापार; झोलामा विद्यालय र अँध्यारामा प्रश्नपत्रको बेचाइ; गम्भीर स्वास्थ्यक्षेत्रमा म्याद नाघेका औषधिको बिक्री; युवा श्रमशक्तिको वैदेशिक रोजगार अनि उब्जाउ खेतमा धाँजा फाट्तो अवस्था; धर्मव्यापार : पशुपतिको महिमाको पनि मोलतोल; पुस्तकका दराज सधैँ बन्द र ल्यापटप, मोबाइल र आइप्याडको चहलपहल आदि अनि (ञ) कलाक्षेत्रका बिम्बरचना : सङ्गीत : 'सारङ्गीको तार'; चित्रकला : 'कोरा क्यान्भासको नाङ्गो चित्र' र 'सप्तरङ्गी इन्द्रेनी बनी क्यानभासमा रङ्ग भर्ने'; रङ्गमञ्च : 'दलदले रङ्गमञ्चकी कठपुतली'; चलचित्र : 'उत्साहित तथा नयाँ आशा जागृत नेत्र अब बनिसके पुरानो स्मृति चलचित्र' र वृत्तचित्र : 'जीवनरूपी वृत्तचित्र जन्मचित्र मृत्युचित्र एक जन्ममै कोर्ने' आदि ।

साथै यहाँका केही कवितामा पूर्वोक्त मानवीय पाँच ज्ञानेन्द्रियसँग सम्बद्ध विशेष संवेदनाको कतिपय अभिव्यक्तिगत बिम्ब पनि यसरी समेटिएको भेटिन्छ–

१. प्रस्तुत 'साथ रहोस् नरहोस्' भन्ने कवितासङ्ग्रहका तेत्तिस कवितामध्ये धेरैजसोमा पाइने र मानवीय पाँच ज्ञानेन्द्रियमध्ये चाक्षुष या नेत्रग्राह्य (आँखा ज्ञानेन्द्रियद्वारा हेरी ग्रहण गरिने) अनि विशेषत: दृश्य तहमा रङ्ग र रेखाका विन्यासद्वारा अभिव्यक्त रङ्ग र रेखाविशेषको स्थितिको रूपरङ्गको संवेदनासँग सम्बन्धित रही चित्र (भावचित्र)का रूपमा कविताका तहमा भाषाका शब्दार्थशृङ्खला (शब्दचित्र, अर्थचित्र)का रूपमा पाठक वा श्रोताका चेतनातलमा व्यक्तिने कतिपय चित्रात्मक अभिव्यक्ति : 'क्यानभासका सादा पानाभरि'का 'रङ्गीन चित्र' ('भानु' कविता), 'रक्तिम गगनको कणकणमा' रहेको सिन्दुरे लज्जा (पूर्ववत्), 'श्वेत बादल' (पूर्ववत्),

'अस्ताउन लागेको भानु पनि नभलाई रक्तिम तुल्याउँदै... पुकारिरहेछ' ('उम्लिएर बगोस्' कविता), 'कोरा क्यानभासमा उतारिएको एक नाङ्गो चित्र' ('एक भूल' कविता), 'गोधूलि साँझमा रङ्गीन आकाशमा अस्त हुँदो रविको अस्तव्यस्त छाया' (पूर्ववत्), 'इन्द्रेनीको रङ चोरी रङ्गीन माहोल सृजना गर्ने' चाहना ('समर्पित' कविता), 'सप्तरङ्गी इन्द्रेनी बनी तिम्रा जीवनका क्यानभासमा रङ भर्ने मेरा रहरहरू' ('अपरिहार्य' कविता), 'पुष्प गुलाफी गुलाफ बनी अधर रङ्ग्याउने मेरा रहरहरू' (पूर्ववत्), 'वसन्तऋतुको रङ्गीन रङ्गेली लुटी तिम्रा जीवन रङ्गीन तुल्याउने मेरा रहरहरू क्यानभासभरि छचल्किए एक मूकचित्र बनी' ('अधुरो कल्पना' कविता), 'सप्तरङ्गी वसन्तको आगमन' ('कुलकी मान' कविता), 'उजेली रातकी रङ्गीन सुषमा' (पूर्ववत्), 'दिवाकरको स्वर्णिम वर्ण पदार्पण, सुवर्ण वर्णित नभ' (पूर्ववत्) आदि ।

२. यस कवितासङ्ग्रहका कतिपय कवितामा पाइने र मानवीय पाँच ज्ञानेन्द्रियमध्ये श्रोत्रग्राह्य या कर्णग्राह्य (कानहरूद्वारा सुनी ग्रहण गरिने) विशिष्ट ध्वनि या आवाजद्वारा व्यक्तिने श्रुति या सुनाइका संवेदनाविशेषसँग सम्बन्धित रही कवितामा भाषाका वर्ण तहका साथै शब्दार्थ तहद्वारा पाठक वा श्रोताका चेतनास्तरमा कोमल, मधुर आदि श्रव्य तहमा व्यक्तिने कतिपय श्रुतिसुखद साङ्गीतिक वा सङ्गीतनिकट अभिव्यक्ति : 'सारङ्गीको तार बनी झङ्कार तरङ्गित गर्न' ('समर्पित' कविता), 'सङ्गीतको सात सुर बनी जीवन जीवन्त अनि तरङ्गित गर्ने मेरा रहरहरू' ('अधुरो कल्पना' कविता), 'सरिताको सुरिलो सङ्गीतको झङ्कार' ('कुलकी मान' कविता), 'मेरो सुकुमारी आगमनको पदचाप संसारभरि छताछुल्ल पार्न चाहन्छु' ('भानु' कविता), 'जीवनको ...सङ्घार नाघी पहिलो पदचाप' ('कुलकी मान' कविता) र 'कुमारीको छमछमाहट' तथा 'कुहकुहको सुरिलो गुञ्जन' (पूर्ववत्) आदि ।

३. यस कवितासङ्ग्रहका केही कवितामा पाइने र मानवीय पाँच ज्ञानेन्द्रियमध्ये नासिकाग्राह्य (घ्राणेन्द्रिय नाकद्वारा गन्ध सुँघी ग्रहण गरिने) विशिष्ट गन्ध या बास्नाका घ्राण या सुँघाइद्वारा व्यक्तिने विभिन्न सुगन्ध या दुर्गन्धका गन्धसंवेदनासँग विशेष सम्बन्धित भई कविताका शब्दार्थहरूका तहका भाषाका रूपमा रही पाठक वा श्रोताका चेतनाका तहमा व्यक्तिने कतिपय गन्धमय अभिव्यक्ति : 'कस्तूरी सुवास' (कस्तूरी मृगको बिनाको सुवास : 'कस्तूरी सुवास' कविता), 'दुर्गन्धित हिलाको कुण्ड' ('एक भूल' कविता), 'तिमी सुवास बनी आयौ' ('कुलकी मान' कविता), 'गुलाफको मदमय सुगन्ध' ('बन्दी पुस्तक' कविता), 'परिकल्पनामा उसको चिहाउन त्यस सपनीमा रातकी रानी बनी महकिन... चाहन्छु' ('समर्पित' कविता) र 'गुलाबको सुगन्धले जीवन सुवासित तुल्याउन... चाहन्छु' (पूर्ववत्) आदि ।

४. यस कवितासङ्ग्रहका केही कवितामा पाइने र मानवीय पाँच ज्ञानेन्द्रियमध्ये त्वचाग्राह्य या छालाद्वारा छोई ग्रहण गरिने विशिष्ट स्पर्श या छुवाइद्वारा व्यक्तिने तातो चिसो अनि नरम या कडाजस्तो स्पर्श वा छुने संवेदनाशक्तिसँग सम्बन्धित रही कवितामा भाषाद्वारा शब्दार्थका तहमा चेतनातलका छुवाइका तहमा अभिव्यक्तिने कतिपय स्पर्शमय अभिव्यक्ति : 'पवनको शीतल झोक्का बनी पीडा परिताप कम तुल्याउन... जूनको मधुर किरण बनी जीवनलाई... सुशीतल तुल्याउन चाहन्छु' र 'बरको वृक्ष बनी शीतल छाया प्रदान गर्न चाहन्छु' ('समर्पित' कविता), 'मिरमिरे बिहानीको मधुर स्पर्श म हृदयभरि अङ्कित गर्न चाहन्छु' ('भानु' कविता), 'जूनको शीतलता' तथा 'शीतल पवनको लहर बनी शीतलता प्रवाहित गर्ने मेरा रहरहरू' ('अपरिहार्य' कविता) आदि ।

५. यस सङ्ग्रहका केही कवितामा भेटिने र मानवीय पाँच ज्ञानेन्द्रियमध्ये एकातर्फ जिह्वाग्राह्य वा रसनाग्राह्य (जिभ्रोद्वारा

स्वाद वा रस ग्रहण गरी खाई चाखिने) र अर्कातर्फ समग्र ज्ञानेन्द्रियसँगै विशेषत: नरनारीका कर्मेन्द्रियमध्येको यौनेन्द्रियका सम्पर्कद्वारा वासनात्मक आस्वाद लिई भोगिने वा भोग गरिने अनि विशिष्ट स्वाद या आस्वादका रूपमा व्यक्तिने अनि क्रमश: पदार्थगत षट्रसको स्वाद लिने प्रक्रियासँगै सम्भोगात्मक आस्वादनसमेत गरिने र कवितामा भाषाकलामार्फत शब्दार्थलगायतका विविध तहमा समग्र भावास्वादन तथा रसास्वादनसमेत गरिने अनि पाठक वा श्रोताले सकल मानवीय चेतनाका स्तरमा हृदय वा अन्तस्करणद्वारा पर्याप्त रसिलो, सरस वा रसमय ढङ्गले ग्रहण गर्ने गरी अभिव्यक्त हुन पुग्ने कतिपय आस्वादात्मक अभिव्यक्ति : (क) 'तिम्रो वरप्रसादको स्वाद चाख्नु' ('नवदुर्गा भवानी : एकताकी सूत्र' कविता) र (ख) 'अङ्गअङ्गमा रसास्वाद छचल्काउने उही तिम्रो कामदेव कामपाश', 'प्यासी अधर रसाउने' ('अपरिहार्य' कविता) आदि ।

**कलाकार सुनीता कार्कीका चित्ररचनाहरूको दोस्रो विशिष्ट खेप तथा कला र कवित्वको अन्त:सम्बन्ध**

यहाँ प्रथमत: कवयित्री सुनीता कार्कीको प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका आखिरी भागतिर रहेका अलग खण्डका कलाकार सुनीता कार्कीका पन्ध्रवटा चित्रहरूको यस अर्को विशिष्ट खेपका बारेमा संक्षिप्त समीक्षात्मक पर्यवलोकन प्रस्तुत गरी त्यसपछि कवयित्री सुनीता कार्कीका प्रस्तुत कवितासङ्ग्रहका केही कवितामा भेटिने चित्रोपमता र अरू कतिपय कलाबिम्बका सम्बन्धमा समेत उल्लेख गरिनेछ ।

**कलाकार सुनीता कार्कीको सुरुचिपूर्ण र सुन्दर चित्रकारिताको दोस्रो नयाँ खेप**

कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह 'जानी नजानी'का अलग अन्तिम खण्डका रूपमा उहाँको कलाकार

व्यक्तित्वलाई व्यक्त गर्ने तेह्रवटा श्वेतश्याम आरेखचित्र पनि सँगै राखिएका थिए र तीमध्ये धेरैजसो विशेषत: रङ्गको छनोट तथा प्रकाश र छायाको चित्रगत अनुपातको संयोजन अनि रेखाहरूको अभिप्रायपूर्ण प्राय: अर्धमूर्त विन्यास गर्ने कोमल तूलिकाका स्पर्शका साथै दृष्टिमनोरम हृदयस्पर्शिताका सन्दर्भमा मलाई प्राय: रोचक र आकर्षकसमेत लागेका हुन् भने उहाँको प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका अन्तिम पृथक् खण्डअन्तर्गत पनि त्यसरी नै 'मेरा थप चित्रहरू' भनी एक अलग पृष्ठको शीर्षक राखी उहाँको कलाकार व्यक्तित्वलाई थप चिनाउने अरू पन्ध्रवटा प्राय: दृष्टिमनोरम र हृदयाह्लादक श्वेतश्याम चित्रकलाकृतिको समावेश भएको पाइन्छ र त्यो उहाँको कवितारचनासँगै कलासृजनासमेत रुचाउने पाठकका अतिरिक्त तिनका दर्शक तथा भावकहरूका निम्ति प्रिय र सुखद ठहर्ने विशेष सन्दर्भ हुँदै हो । प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' भन्ने कवितासङ्ग्रहका पूर्वोक्त अन्तिम खण्डअन्तर्गत रहेका यी पन्ध्रवटा श्यामश्वेत चित्रात्मक कलाकृतिका क्रमाङ्कित छायाप्रतिकृतिहरू सरसरती हेर्दै जाने क्रममा तीमध्ये केहीमा उहाँका प्रस्तुत दोस्रो कवितासङ्ग्रहका कतिपय कविताशीर्षक र तिनका कविताक्रमको उल्लेख रोमेली वा देवनागरी लिपिमा भएको पाइयो र यस सन्दर्भमा प्रथम दृष्टिमै चाक्षुष र मानस तलका आधारभूत संवेदनाकै तहमा पनि यीमध्येका अधिकतर श्यामश्वेत चित्रहरू हृदयस्पर्शी, सुकोमल र मनोरम तथा स्निग्ध, भावपूर्ण र रुचिकर प्रतीत हुन्छन् । यहाँ रहेको चित्रक्रमका यी कतिपय चित्रसँग सम्बद्ध रहेका उहाँका 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका नेपाली कविताशीर्षक यी हुन्– 'भानु' (चित्र १), 'सुषुप्त महत्त्वाकाङ्क्षा' (चित्र २), 'पृथ्वीको गर्भ' (चित्र ३), 'वेदना एक मानव भ्रूणको' (चित्र ६), 'एक भूल' (चित्र ७), 'भानुशशीको मिलन' (चित्र १३), 'बिना' (चित्र १४) र 'समर्पित' (चित्र १५) । यसरी यहाँ उपर्युक्त पन्ध्रवटा चित्रहरूमध्ये जम्मा आठ चित्रसँग सम्बद्ध कविताशीर्षक फेला पर्छन् र प्रस्तुत कवितासङ्ग्रहका

प्रकाशनका क्रममा केही कविताशीर्षक (यथा 'भानुशशीको मिलन' 'असम्भव प्राय: मिलन' हुन पुगेको) र कतिपय कविताक्रम फेरिएको समेत भेटिन्छ र यहाँ अरू सातवटा चित्र (चित्रक्रम ४, ५, ७, ८, ९, ११ र १२)को भने शीर्षक दिइएको पाइन्न ।

अब उपर्युक्त पन्ध्रवटा चारु चित्र कलाकृतिहरूमध्ये प्रथमत: प्रस्तुत दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'का कविताशीर्षक परेका आठ चित्रकृतिका बारेमा सरसरती र सापेक्ष दृष्टिपातसँगै तिनको एक झल्को परिमित आस्वादन गर्दै अगि बढौँ ।

उपर्युक्त सन्दर्भमा यहाँ 'भानु' कविताशीर्षकसँग सम्बद्ध पहिलो चित्र (चित्र १)लाई उक्त कविताको अन्त्यमा दिइएको गद्यात्मक रचनासन्दर्भसँग पनि अलिकति जोडेर हेरौँ । यस गद्यात्मक रचनासन्दर्भमा बताइएअनुसार अरू बेला अत्यन्तै प्रचण्ड अनुभव हुने भास्करको एक मिरमिरे बिहानीको रोमाञ्चित तुल्याउने कोमल स्वरूप तथा आभासको अवलोकन र त्यसको लबज मनमा सङ्कलन गर्दै यो 'भानु' कविता रचिएको बुझिन्छ भने यस भावकै समानान्तर चाक्षुष दृश्यानुभूति यस 'भानु' चित्रमा आफ्ना ढङ्गले पोख्न खोजिएको होला भन्न सकिन्छ । यहाँ विशेष प्रयोग गरिएको विशेष स्निग्ध, सूक्ष्म र मनोरम कलाकारीय श्यामश्वेत तूलिकास्पर्श अनुभूतिगम्य नै छ तर यहाँ छायाका अनुपातमा कोमल प्रकाशको थोरै रङ्गीन आभा अरू केही फक्रिँदा झन् राम्रो हुने थियो होला जस्तो लाग्छ । तुलनात्मक रूपबाट हेर्दा उहाँको 'भानु' कविताका एघार अनुच्छेदका प्राय: छोटा र मझौला अनि एकाध लामो मुक्त गद्यकवितालय मिश्रित रहेका जम्मा ३६ पङ्क्तिका कुल ११० शब्दजतिमा फैलिन पुगेको मिरमिरे बिहानीको सूक्ष्म तीव्र समयसङ्क्रमणको क्रम र प्रकाशको रङ्गको पनि शोभामय द्रुत परिवर्तनको प्रक्रियाका सबै कोमल उज्ज्वल भाव यहाँको यस एउटै श्यामश्वेत अर्धमूर्त मझौलाखाले चित्रमा अट्नु सम्भव नभए पनि प्रकाशको बिम्बको आभामय हुँदो

कोमल रूप भने यहाँ उति मुर्तिन नपाएजस्तो अनुभव पनि हुन आउँछ र उक्त 'भानु' कविताका तल दिइएका यी केही कवितांशको भावचित्र पनि मनमा राख्दा सो समग्र भाव आंशिक रूपमा नै यस चित्रमा व्यक्त हुन आएजस्तो देखिन आउँछ–

**मिरमिरे बिहानीको**
**मधुर स्पर्श**
**म हृदयभरि अङ्कित गर्न चाहन्छु ।**
**(अनु.१)**

**क्यानभासको सादा पानाभरि**
**रङ्गीन चित्र रच्न**
**कूचीले जीवन्त स्पर्श गर्न चाहन्छु ।**
**(अनु.२)**

**म भानु प्रभात बनी...**
**छरिदिनेछु पूर्व आकाश उजिल्याई मेरो प्रकाश ।**
**(अनु.११)**

सम्भवत: यहाँ यस 'भानु' चित्रमा बिहानीपखका भानुको बादलबीचबाट निक्लँदो खास उज्यालो क्षणको शान्त, कोमल, शीतल, विस्मयकारी प्रकाशमय आभामण्डलको जुन चित्र डाँडामाथि उतारिएको छ त्यसमा त्यो श्वेत कोमल आभा क्रमश: बढ्दो रङ्गीन जीवन्त र मधुर स्पर्शको परिदृश्य अलि आभामय र हृदयस्पर्शी रूपमा आभासित हुने गरी हल्का रङ्गसंयोजन थप गर्दा अझ राम्रो होला जस्तो मलाई लाग्दछ ।

प्रस्तुत पन्ध्र चित्रको चित्रमालाको दोस्रो चित्र (चित्र २) सम्बन्धित 'सुषुप्त महत्त्वाकाङ्क्षा' कविताशीर्षकसँग जोडिएको छ र यहाँ सुकोमल रङ्गको तूलिकास्पर्श र अति सन्तुलित रूपमा छाया र प्रकाश एवं रङ्ग र रेखाको कुशल संयोजन गरी एक सिंहवाहिनी, विशेष गरी षड्भुजा, किरीटिनी अनि बायाँतर्फको माथ्को हातका मुठीका औँलाहरूले चन्द्रसूर्याङ्कित नेपाली राष्ट्रिय झन्डा र दायाँ

तीन हातका मुठीमा क्रमशः खुकुरी, त्रिशूल र त्यही ओजस्वी सिंहका याल समाएकी अनि शौर्यपूर्ण दिव्य मुहार र दृष्टि भएकी एवं थोरै छड्के परी लगभग पूर्ण कदकी र उत्थित शालीन स्वरूपकी पौराणिक भव्य ठाँटबाँटकी महिमामयी ओजस्विनी देवीको उदात्त नारीमूर्तिको मूर्त र भव्य एवं उच्च कल्पनाशाली त्यस्तो दृष्टिसुखद, मर्मस्पर्शी अनि रोचक र आकर्षक तथा भव्य र प्रेरणादायी एवं ऊर्जित तथा उत्कृष्ट चारु मानवीकृत कल्पना चित्र रचिएको पाइन्छ जसमा नेपाल राष्ट्रकी जननी वा नेपाल आमाको विविध सुवेषयुक्त प्रायः सर्वाङ्ग शरीरको शालीन प्रोज्ज्वल र शक्तिमय मातृआभासमेत यहाँ सँगसँगैको सिंह वाहनको ऊर्जित अवस्थितिबाट पनि अभिव्यक्त भएको छ । यहाँको तेस्रो चित्र (चित्र ३) अर्को 'पृथ्वीको गर्भ' कवितासँग जोडिएको छ अनि यहाँ स्वदेश नेपाललाई विशेष विकसित मुलुकसँग दाँज्ने क्रममा हिमशिखरको अनि पर्वतमाला, वन र वनस्पति आदिको प्रकृतिचित्रलगायत केही प्रकृतिप्रधान र वनस्पतिपरक एवं भौतिक सन्दर्भ मिश्रित भएको र खास किसिमका र विकसित तथा विकासशील भौतिक संरचनाका प्रतिचित्रसमेतको निकट समानान्तर सूक्ष्म संयोजन गरी रचिएको एक समुज्ज्वल र दृष्टिसुखद तथा सुरुचिपूर्ण र स्निग्ध तथा समुज्जल आभापूर्ण उल्लेख्य श्यामश्वेत अर्धमूर्त चित्र हो । यहाँ वर्ण्य दुई सन्दर्भबीचको तुलनात्मक अन्तर पनि साङ्केतिक रूपमा नै अभिव्यक्त भएको पाइन्छ । अर्को 'वेदना एक मानव भ्रूणको' कविताशीर्षकसँग सम्बन्धित रहेको चित्र (चित्र ६) एउटा मातृगर्भाशयमा रहेको तर उति विकसित नभइसकेको र स्पष्टतः लिङ्ग उति छुट्टिने नदेखिएको र चिकित्सकीय कैँची चल्न सक्ने सन्निकट भयबीच रहेको एक मानव भ्रूण र अर्को मातृगर्भमा पर्याप्त विकासशील हुँदो तर पनि भयमुक्त नरहेको स्त्रीभ्रूणसमेतका अनि गर्भ बैडिन सजिल्याउन प्रयोग गरिने तर प्रयोगको मिति बितिसकेको अनि उक्त भ्रूणहरूका निम्ति हानिकारीसमेत हुन सक्ने एक औषधिपत्ता अनि सो औषधिपत्ता

र विकासशील स्त्रीभ्रूणका नजिकै एउटा तराजुको डाँडी त्यसका दुई पल्लाबीच पूर्ण सन्तुलित अलि नभएको हो कि र नहुने हो कि भन्ने अलिकति सकसक लाग्न सक्ने स्थितिसमेतका मूर्तप्राय: तर संयोजित रूपमा पर्याप्त अर्थगत गहिराइसहितको सन्देशसमेत वहन गर्ने चार थरी अलगअलग चित्रको एक अन्तरसम्बद्ध समवेत श्यामश्वेत चित्रसमूह वा चित्रावलीका रूपमा रहेको छ अनि यो यथार्थपरक भएर पनि उस्तै उच्च कल्पनाशील र अभिव्यञ्जनाशील मूर्तप्राय: चित्रका रूपमा विशेष उल्लेख्य देखिन आउँछ । वास्तवमा यो चित्रचतुष्टयी जति मूर्तप्राय: लाग्दछ उति नै छाया र प्रकाशका अनुपातका उपयुक्त सन्तुलनका साथै ती चित्रअन्तर्गतका अरू ससाना चित्रखण्डहरूका विशिष्ट सङ्केतसहित पर्याप्त सूक्ष्म, सुकोमल, समुज्ज्वल र भावाभिव्यञ्जक पनि रहेको पाइन्छ र योसमेत यसको विशिष्टता र उत्कृष्टताको हेतु हुँदै हो ।

त्यस्तै यहाँको 'एक भूल' कविताशीर्षकसँग सम्बद्ध अर्को चित्र (चित्र १०)चाहिँ एक पर्याप्त स्वैरकल्पनाशील र बहुसोचयुक्त अर्द्धमूर्त तथा अमूर्त अभिव्यञ्जनाशील चित्र हो । यो चित्र यसै शीर्षकको कविताको अन्तर्बिम्बमय भावगत सङ्केत र अभिप्रायलाई समेत ध्यानमा राखी विचार गर्दा नै विशेष अर्थिन्छ । यहाँ एक सुन्दर युवतीको दिमागबाहेक अरू मुहारभाग मूर्तप्राय: रही दिमागका तहमा चाहिँ विशेष आधा परी टोलाएझैँ र निकै गहिरो रूपमा सोचमग्न भइरहेजस्ती अनि पाशविक पुरुषका बलात्कारबाट पीडित ती युवतीको नारीबिम्बका विशेष गरी शरीरको शिरोमण्डल तथा केशविन्यास एवं मुहारदेखि छातीलगायत लगभग पूरै शरीरको मलिन पाउको निकट भागसम्मको प्राय: पूरै कदको त्यस्तो चित्र हुन पुगेको छ जहाँ उसका स्त्रीयौनाङ्गभन्दा तलका अलि झिनाजस्ता गोडाहरूको देखिने भागचाहिँ बिनुवस्त्र खुला रहेको छ र त्यसका

विशेष आसीन मुद्राको परिधिभागको चित्रण भने अर्द्धमूर्त र बहुल सङ्केतपूर्ण प्रतिचित्रण गरिएको किसिमको छ अनि यहाँ उसका गोप्य यौनाङ्गका वरपरका र सन्निकटका शारीरिक भागको अवस्थाचाहिँ सम्बन्धित पूर्वसङ्केतित कविताका भित्री भाव र बिम्बसमेतका सन्दर्भमा हेर्दा अलि केही व्यक्त हुन्छ । यहाँ माथि केही सङ्केत गरिएझैँ कुनै दुस्साहसी पुरुषद्वारा बलात् आक्रान्त भई विशेष व्यग्र अवस्थासम्म पुगेजस्तो मनोदशातर्फको सूक्ष्म सङ्केत दिने गरी त्यस अवस्थाको असामान्य अमूर्तप्राय: चित्रण गरिएको हो कि भन्न पनि सकिने प्रकारको रहेको छ । साथै यहाँ आक्रामक पाशविकतापूर्ण सिकारी बलात्कारी पुरुषको सिकार हुन पुगेको अवस्थामा प्रबल रूपमा र बारम्बार त्यो आक्रामक अपदृश्य या दुर्दृश्य सम्झिराख्ने र तर्सिनेजस्ता त्रासद मन : शारीरिक स्मृति तथा लैङ्गिक तहमा आफू पूर्ण आक्रान्त र आहत हुन पुगको नारीसंवेदना र नारीअस्मिताका साथै नारी 'अहम्' र बलात्कृत आर्त नारीचेतनाको गहिरो दीर्घ विषादपूर्ण अन्तर्हाहाकारको अन्तरज्वाला बल्दोसरिको मानसिक उत्पीडनको अनुप्रभावको आकस्मिक आवृत्तिको बहुल भावाकीर्ण तुमुलता वा कोलाजजस्ता विशेष कल्पनाशील ससाना चित्रखण्डका रूपाकृति पनि यहाँ ठाउँठाउँमा अंशत: भेटिन्छन् । यसरी यिनै सन्दर्भमा यहाँ अनेक थरी सूक्ष्म पाशविक लैङ्गिक यौनबिम्बलगायतले भरभार रूपमा आक्रान्त गरेजस्तो र मूर्तअमूर्त पाशविक पुरुषप्रवृत्तिको आफू सिकार बनेजस्तो केही धूमिल र सन्त्रस्त झल्कोसमेत दिने बहु चित्रखण्डहरूको असम्बद्ध र सम्बद्धजस्तो पनि लाग्ने बृहत् मिश्रित अन्तरसंयोजन भएको अर्धविसङ्गत र घनत्वपूर्ण तथा विशेष अभिव्यञ्जक किसिमको समष्टि प्रभावबाट संवेद्य उत्कृष्ट प्राय: अर्धमूर्त चित्रसंरचना सिर्जित हुन पुगेको पाइन्छ । त्यस्तै 'असम्भव प्राय: मिलन' भन्ने सामान्यत: केही निकटजस्तो लाग्ने भानु र शशीका बीचको स्थायी मिलनको चाहिँ असम्भवता देखाउने कविताशीर्षकसँग सम्बद्ध अर्को चित्र (चित्र १३) एक त्यस्तो

विशेष कल्पनाशील र अर्द्ध अमूर्त तथा श्वेतश्याम एवं प्रकृतिप्रधान र वनस्पतिपरक चित्रका रूपमा रचिएको पाइन्छ जहाँ एक वृत्तका दुई अर्द्धवृत्तका बीचमा रूख र झाडी आदिको अनि नदीतटका छाललगायत तिनमा प्रतिबिम्बित झाडी र वनस्पतिका छायासमेतका विभाजक छेका आदि मसिनोसँग व्यक्तिएको सूक्ष्म र मसृण या मिही अन्तर्दृश्यसमेत आभासित हुन पुगेको पाइन्छ । यहाँ तूलिकाको सुकोमल स्पर्शाघात पाएको भित्री दृश्यगत मनोरमता विशेष आस्वादनीय हुन पुगेको छ । अर्को 'बिना' कविताशीर्षकसँग सम्बद्ध चित्र (चित्र १४)मा विशेष कल्पनाशील लाग्ने अनि पर्याप्त पौराणिकीकृत र प्राय: लौकिक र समयुगीन अलि मिश्रित वेषभूषा र सिँगारमा रहेका पुरुष (पति) र नारी (पत्नी) पहिचानका दुई दिव्यतुल्य युगल पात्रमध्ये नारीका एक हातका हत्केलाका पाँचै औँलाद्वारा बडो दह्रोसँग पुरुषका हत्केलाका दायाँ हातका बूढी औँलाबाहेकका सहवर्ती चार औँलालाई अँठ्याई समाइएको प्रगाढ स्निग्ध दाम्पत्य सम्बन्धसूत्रको द्योतक किसिमका र नजरलगायत मुहार आदिका सुस्निग्ध भाव र छविसहितका लगभग सम्मुखीन अवस्थाका र उत्थित मुद्राका सुकोमल तथा घनत्वपूर्ण भाव तथा भङ्गिमाका आवक्ष (शिरदेखि छातीसम्मको) उत्थित संरचनाको दृष्टिमनोरम, मूर्तप्राय:, आकर्षक, रोचक र उत्कृष्ट चित्ररचनाकारिता तथा भावगत उच्च अभिव्यञ्जनाको कौशल अभिव्यक्त हुन पुगेको पाइन्छ । प्रस्तुत चित्रमालाको 'समर्पित' कविताशीर्षकसँग जोडिएको अर्को चित्र (चित्र १५)लाई उक्त कवितागत भावसन्दर्भलाई पनि ध्यानमा राखी हेर्दा यहाँ भावुक र रुमानी कल्पनाशीलताकी एउटी प्रेमिका युवतीको कुनै आफ्ना युवा प्रेमीप्रति कल्पनामा झैँ वास्तविक जीवनमा पनि पूर्ण समर्पित भई सम्पूर्णत: उसैकी बन्न चाहने भावुक, सुकुमार र उत्साहपूर्ण कल्पनाशील आन्तरिक सुमधुर र सुकोमल कामनाको पूरै ध्यानमग्न र उल्लासमय सूक्ष्म र सोचपूर्ण गहिरो मन:स्थितिको सङ्केत गर्ने अर्धमूर्त तथा आस्कन्ध (शिरदेखि

काँधसम्मको) श्वेतश्याम आरेखात्मक रोचक चित्रकारिता प्रस्तुत भएको पाइन्छ ।

उपर्युक्त पन्ध्र चित्रको चित्रमालामा परेका तर प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहको कुनै कविताशीर्षकसँग जोडिएको भन्ने उल्लेख नभएका यहाँका क्रमाङ्क ४, ५, ७, ८, ९, ११ र १४ का सातवटा चित्रमा अब सरसरती दृष्टिपातसँगसँगै तिनमा झल्किने वस्तुगत र भावगत रुचि र रचनाकारिताको केही आस्वादन गर्नेतर्फ लागेर हेरौँ । यीमध्येको चित्र ४ मा वनका चराहरूलगायत विभिन्न वन्यजन्तु र जीवका निम्ति नितान्त त्रासद र करुण किसिमको वनविनाशका हृदयविदारक परिदृश्यका र सन्दर्भका बहुल भावाकुल अभिव्यञ्जनाशील विषादपूर्ण अर्धमूर्त र मर्मभेदी भावाभिव्यञ्जक एवं सघन र श्यामश्वेत चित्ररचनाको विशेष संवेदनशील रचना कौशल गहिराइपूर्ण र मर्मस्पर्शी रूपमा अभिव्यक्त भएको छ । यहाँको चित्र ५ मा चाहिँ एक सुशृङ्गारित र आभामयी तर अश्रुमयी सुन्दरीको विशेषत: मुहारको करुण स्थिति र परिवेशको गहन मौन भावमय मर्मस्पर्शी, रुचिर र स्निग्ध एवं समुज्ज्वल र करुण चित्रकारिताको सुकोमल, विस्मयकारी चारु अभिव्यक्ति प्रस्तुत भएको पाइन्छ । त्यस्तै चित्र ७ मा अधिकतर मूर्त र केही अंशमा अमूर्त भावसहित घनत्वपूर्ण कल्पनातिशय र विलक्षण विशेष सङ्केत पनि झल्किने दुई थरी भिन्न वय र पुस्ताका अनि पुस्ताअनुरूपका विशेष वेषभूषा र हावभाव एवं चालढाल रहेका र अनुमानत: प्राय: समरूप रहेका आमाछोरीजस्ता लाग्ने क्रमश: पाका र कलिला सुन्दरी नारीद्वयका एकएक हातका खुला हत्केलाका औँलाहरू खापिई मिलेको प्रगाढ आत्मीय सहभाव तथा सहअवस्थितिको त्यस्तो प्रगाढ स्नेहपूर्ण मनोरम चित्रण गरिएको छ जहाँ एकातर्फ ती दुईकै केशवेष या केशविन्यासका बीचबीचबाट तीनतीनवटा लाम्चे र लम्बा आकृति भएका अनि नागिनीका तुल्य वेगलहर र बाइपङ्खी र

घोडमुखे अश्विनीहरूका तुल्य उडानवेग भएजस्ता तीनतीन अद्‌भुत पोथी प्राणी मिली सँगसँगै सनसनाएझैँ गरी परस्पर आकर्षित रही क्रमशः दायाँतर्फ र बायाँतर्फ अग्र सम्मुखीन हुन हानिन खोज्दाजस्ता प्रतीत हुने र विस्मयकारीतुल्यसमेत लाग्ने ती तीनतीन अद्‌भुत पोथी प्राणीहरू अग्रपुस्ता (आमा पुस्ता) र अनुपुस्ता (छोरी पुस्ता)का बीचका आनुवंशिक कामोर्जाका त्रिगुणका मानौँ सहसंवाहक जोडीतुल्य समानान्तरित रूपमा परस्पर सम्मुख भई खडा भएजस्तो विलक्षण कल्पनाशाली र विस्मयकारी बिम्बात्मक स्वैरकल्पनाशील आकर्षक चित्रण गरिएको छ भने अर्कातर्फ तिनका कोखी, छाती र स्तनग्रन्थि एवं पेटतिरलगायतका समविषम बिम्बका विलक्षण थरीथरी सङ्केतशील चित्रखण्डहरूको सहप्रभावलाई समेत दृष्टिगत गर्दा यहाँ अनुवंशगत नारीसृजनशक्तिका विशेषतः अग्रपुस्ता (आमापुस्ता)मा अन्तर्निहित मानौँ तेइससूत्री जैविक वंशानुगुणसूत्रका सोही सङ्ख्याका पुरुषअनुवंशगुणसूत्रसँग संयुग्मित भई हुन सक्ने वंशाणुगुणका पुस्तान्तरणका सङ्क्रमणका क्रमका समेत सम्भावित अन्तरपुस्तागत सादृश्य र असादृश्यका बहुअभिव्यञ्जकजस्ता लाग्ने विलक्षण यी दुईपुस्ते नारीहरू अलि आमनेसामनेतुल्य हुन पुगेजस्तो केही सम्बन्धित र केही असम्बन्धितजस्तो दोछायाका लाग्ने र देखिने निकट सम्मुखीन मुद्राको आवक्ष (शिरदेखि छातीसम्मका बीचको र आधा कदको) एवं विलक्षण नारीयुगलको जुन बहुल साङ्केतिक तथा विशेष कल्पनाशाली स्निग्ध श्यामश्वेत चित्र सिर्जना भएको छ त्यो समष्टिगत प्रभावका रूपमा संवेद्य तथा सुन्दर, आह्लादक अनि अंशतः विस्मयकारीसमेत लाग्ने एक विशेष ऊर्जाशाली सम्मोहक उत्कृष्ट चित्ररचनासमेत हुन पुगेको पाइन्छ । अर्को चित्र ८ मा पौराणिक कल्पनामिश्रित अर्धनारीश्वर शिवपार्वतीको संयुक्त अर्धनर र अर्धनारीको दिव्य संश्लिष्ट एकै स्वरूपको अर्धअर्ध संयुक्त युगल संरचना भएको अनि आकर्षकता र मोहकता सम्मिश्रित रहेको समवेत सहशरीरसंरचना र त्यस्तै स्त्रीपुरुषका परस्पर प्रतिपूरक दोहोरै अङ्ग र वेषविन्यासको

दाम्पत्यमय स्निग्ध आद्य, उदात्त, समुज्ज्वल र दिव्य परस्पर प्रणयाकर्षणपूर्ण र गहिराइपूर्ण सुकोमल र स्निग्ध एवं समुज्ज्वल भावबिम्बका साथै आवक्ष (शिरदेखि छातीसम्मको) अर्धकदको सुललित, सुन्दर एवं उत्कृष्ट अद्‌भुत चित्ररचना सृर्जित हुन पुगेको पाइन्छ ।

अर्को चित्र ९ मा मानवीय तुल्य तर विराट् प्रकृतिका दुई हातजस्ता पनि लाग्ने दुई मूल स्तम्भका अरूसमेत अभियान्त्रिकीमा अडी जुटेका सापेक्षत: अलि बृहत् र खुला दुई विशाल हत्केलालगायत विविध एवं समविषम सूक्ष्म प्राणी एवं अरू जीव प्राणीसमेतका आद्य प्रकारहरू र विशेषत: हत्केलाका जस्ता संरचनाका दुई स्तम्भका बीचमा अडेको र भित्री अरू तीन स्तम्भहरूसमेतको त्रिगुणात्मक अडिलो आड पनि पाएको सेतुतुल्य संरचनाको विस्तारमा त्यसका दुवैतर्फका वृक्ष तथा वनस्पतिप्रभृतिको पङ्क्तिलगायतको र अरू जीव र प्राणीलगायतका अस्तित्वका संसूचक चित्रखण्डहरूको योगबाट सृजित विशेष घनत्वपूर्ण र अर्धमूत अनि विशेष कल्पनाशील सूक्ष्म अभिव्यक्तिपूर्ण एवं श्यामश्वेत भव्य चित्रकारिता खडा हुन पुगेको देखिन्छ । यो सन्तुलित स्वैरकल्पनाशाली विश्वप्रकृतिको अभियान्त्रिकीतुल्य विराट् विश्वरूपको केवल एक झल्को दर्शनतुल्य पनि लाग्ने स्निग्ध तथा समुज्ज्वल र विस्मयकारी अनि दृष्टिशीतल एवं सुखद र मनोरम अनि बहु अभिव्यञ्जक रही दर्शकका असीमित बुझाइ र सृजनात्मक अर्थ्याइका निम्ति खुला रहेर पनि पहिलो हेराइदेखि नै हेरूँ र हेरिरहूँजस्तो लाग्ने र मनमा सुकोमल विमुग्धकारी तथा शान्त एवं शीतल समुल्लासपूर्ण हेराइको झल्को दिई अन्तर्मनका खास गहन अनुभूतिशील समास्वादनका क्रममा अद्‌भुत आह्लादक रूपमा अनुभूत हुने एक विशेष उत्कृष्ट चित्ररचना हो ।

त्यस्तै अर्को चित्र (चित्र ११)मा एक युवतीको प्राय: मूर्त नारीमुहार अनि असामान्य र विलक्षण लाग्ने र दुई चट्टानमा

खोजिई दृढ बन्धनबद्ध रही निकै माथिसम्म सुन्निएका जस्ता र अलि विषमजस्ता दुवै गोडालगायत अरू विभिन्न अङ्गसमेत कताकता सङ्गतविसङ्गत र समविषमजस्ता लाग्ने अनि परिपार्श्व र पूरै आकृति अलि घुर्मैलो भाव र रङको प्रतीत हुने विशेष कल्पनाशील र विलक्षण संश्लेषणात्मक घनत्वसहित र कतिपय मानवीय र अर्धमानवीय सूक्ष्म विषादपूर्ण आभाससहित सहचित्रित हुन पुगेजस्तो बहुचित्रखण्डयुक्त र बहुअभिव्यञ्जक र विशेष अमूर्तसमेतजस्तो रहेको तुमुल र गहन प्रति प्रभाव यहाँ प्राप्त हुन्छ । यहाँको अर्को चित्र (चित्र १२)मा एक एकआँखे र एकल लमकानेजस्तो पनि लाग्ने अनि अल्प मानवीय आभाससमेतको र कुनै विशेषत: वनसिंहजस्तो जन्तु प्रतीत हुने द्वैध तथा बहुअभिव्यञ्जक अलि घुर्मैलो गाढा आभासयुक्त तथा अपेक्षाकृत विशेष चौडा र लाम्चोजस्तो त्यस्तो मुहारचित्र चित्रित हुन आएको छ जहाँ त्यसका मुहारलगायतका खुला समविषम र घुर्मैला भावमुद्रा तथा जगल्टे केशरचना अनि घना दाह्रीजुँगाका जङ्गलतुल्य छिचोलिनसक्नुको परिपार्श्वका र त्यहाँका नाना समविषम विसङ्गतप्राय: अनेक थरी सूक्ष्म चित्रखण्डसमूहजस्ता आकृतिको असहज तथा असम्बद्धप्राय: सहउपस्थितिको प्राय: गोलो अनि बढी कल्पनाप्रवण र विलक्षण एवं बढ्दो उमेर, गल्दो शरीर र शौर्य एवं क्षुधा तथा अस्तित्व, भयभाव र चिन्ताकुलताजस्ता बहुभावाकीर्ण ('कोलाज' जस्तो लाग्ने) सघन प्रभावकारी घेरोसमेत रचिएको एक सघन र विस्मयकारी गल्दो वन्यजन्तुचित्रका रूपमा देखिन आउँछ । यस समग्र चित्रका रूपाकृतिको भित्री अवलोकन र अन्तर्मननबाट प्राप्त हुने अनुप्रभावस्वरूप ज्यादाजसो हिंस्रक र अस्तव्यस्तप्राय: तथा अंशत: आफ्नै अनुवंशीय वा प्रजातीय अस्तित्वका विलोपका भयमा चिन्ताकुल रहेजस्तो पनि लाग्ने समुच्चा सघन र गहन परिवेशको अन्तर्त्रासद र उदास तथा विषादमय अनुभूति यहाँ विशेष उल्लेख्य रहेको पाइन्छ । यही भावाभिव्यञ्जनाको घुर्मैलो गहिराइ र गाढापनले

पनि घर्षित एवं विकर्षित र आकर्षित तथा विकर्षित गरिरहने र मनमा रहिरहने अन्तर्मनोरम चित्रणकौशलले गर्दा पनि यो एक उत्कृष्ट चित्र हो ।

कलाकार सुनीता कार्कीका यी पन्ध्रवटा चित्रहरूका सम्बन्धमा समष्टिगत रूपमा हेर्दा यहाँ उहाँको अभिरुचि मानिस, पशुपन्छी तथा अरू जीव र वनस्पति हुँदै प्रकृतितर्फ पनि उन्मुख रहेको देखिन्छ र मानवकृत वस्तु र आभियन्त्रिकी तथा संरचनाप्रति भने अलि कमै चासो रहेको देखिन्छ । यहाँ स्वयम् मानिसका चित्रहरू र तिनमा पनि खास गरी अर्धकदका र मुहारका सुन्दर र गहिराइपूर्ण चित्र बढी देखिन्छन् अनि लगभग पूर्ण कदको मानवचित्र यहाँ कमै भेटिन्छ । यी मानवचित्रहरूमध्ये चाहिँ यहाँ ज्यादाजसो नारीचित्रहरू नै रहेका छन्– एक्ली बैँसालु या अधबैँसे नारीका केही चित्र अथवा दुई नारीका केही सहचित्र । त्यस्तै यहाँ स्त्रीपुरुषका केही युगल वा दाम्पत्य चित्रहरू छन् र एक्लै पुरुषको चाहिँ कुनै मानवचित्र यहाँ परेको छैन भने यहाँ स्त्री कलाकारका रूपमा उहाँ यतातिर प्रवृत्त नभएजस्तो र उहाँको अलि हिचकिच रहेजस्तो पनि देखिन आउँछ । त्यसै एक चित्रमा दुईगर्भे मानव भ्रूणको पनि मिश्रित उपस्थिति पनि यहाँ पाइन्छ । यहाँका मानवचित्रका रचनामा कताकति अङ्गविकलतातर्फको सङ्केतसँगै अधियथार्थवादी र स्वैरकल्पनाशील विशेष भावाभिव्यञ्जन पनि पाइन्छ । यहाँ वन्य पशुको एकल चित्र एउटै रचिएको छ भने मानवकृत अनियन्त्रित वनकटानीको प्रभाव देखिने अनि वनविनाशसम्बन्धी चित्ररचनामा पीडित सङ्कटापन्न केही पशुपन्छी पनि चित्रित छन् भने अरू केही चित्रमा पनि यिनको कताकति साङ्केतिक उपस्थिति भेटिन्छ । उहाँका चित्ररचनाका यी मानव नरनारी पात्रहरूका स्वरूप र जैविकीका यथार्थवादी वस्तुगत धरातलमा टेकी दैवीकृत र पौराणिकीकृत कल्पनाशीलता र स्वैर कल्पनापरक अधियथार्थवादी र अभिव्यञ्जनावादी पाराको अर्धमूर्तन,

आंशिक अमूर्तन तथा अमूर्तनका मिश्रित प्रवृत्तिको सृजनात्मक स्पर्श परेको कलात्मक विशेष छापसमेत यहाँ भेटिन आउँछ । यहाँ प्रकृतिपरक वा प्रकृति, वनवनस्पति र जीवजगत्का चित्रको सहप्रस्तुति भएका चित्रका क्रममा भने वस्तुवादी र यथार्थवादी आंशिक मूर्तनसँगै विशेषत: अभिव्यञ्जनवादी प्राय: अर्द्धमूर्तन र विशेष अभिव्यञ्जकताको अन्त:स्पर्श पनि खास गरी बहु चित्रखण्डका गुजमुजे भावतुमुलतामा विशेष प्रभावशाली रहेको भेटिने गर्दछ । यहाँ उपर्युक्त प्रकृति र वनस्पति तथा खास भौतिक या जैविक दृश्यपरिदृश्य वा रूप, अवस्था, क्षण आदिको अनि मानवकृत निर्माणकलाका विविध वस्तुसंरचनाका समेतका चित्रणका क्रममा कतै रुचिर एकोन्मुखताका साथै प्राय: सघन बहुसमावेशिता र विशेष सघन भावतुमुल चित्र (कोलाज) रच्नेजस्ता कलात्मक सृजनात्मक प्रवृत्तिको प्राय: मिश्रितता रहेको पाइन्छ । यहाँका अधिकतर चित्रमा मूल चित्रका संरचनाअन्तर्गत अनेक प्रतीकधर्मी ससाना बहुचित्रखण्डहरूको विस्तार विशेष सङ्केतशील हुनाका अतिरिक्त विशेष अभिव्यञ्जक शोभाकारी अलङ्कार वा कलात्मक विशेष फूलबुट्टाका रूपमा समेत रहने गरेको भेटिन्छ । यी सन्दर्भमा उहाँका यी श्यामश्वेत चित्रहरूमध्ये विशेषत: मानिस, वनस्पति र वन्यजन्तुलगायतका सूक्ष्म र मसृण भावाभिव्यञ्जक सुन्दर चित्रका रचनामा उहाँलाई कलात्मक विशेष सिद्धि र उल्लेख्य विशेष सफलता प्राप्त हुन आएको देखिन्छ । वस्तुत: उहाँका विशेष सफल चित्ररचनामा वर्ण्य अन्तर्वस्तु एवं कलाकारीय आत्मपरक तथा कल्पनाशील भाव र सोचको सिर्जनशील आन्तरिक रूपका वस्तुताको आधारभूत सौन्दर्यात्मक मूर्तनका सूक्ष्म धरातलमा अडी विशेष कल्पनाशील र सृजनशील रही संयमपूर्वक छाया र प्रकाशबीच अन्तरसन्तुलनशील र विशेष रचनात्मक तूलिकागत स्पर्श र आघातसँगै वाञ्छित रङ्ग र रेखाको विशेष भावाभिव्यञ्जक कुशल अन्तर्विन्यासद्वारा सृजित विशेष प्रगाढ एवं समुज्ज्वल र

दृष्टिमनोरम अनि भावाभिव्यञ्जनशील हृदयस्पर्शी चारुता र वैचित्र्य एवं विस्मयकारी र सम्मोहक गहिराइ र लालित्य प्राय: रहने गरेको देखिन्छ । त्यसैले उहाँका यस्ता कतिपय श्यामश्वेत चित्र हेरिरहूँजस्ता दृष्टिसुखद, हृदयाह्लादक र मानस स्तरमा पनि अमिट वा नमेटिने चारु उज्ज्वल अन्तरप्रभाव सिर्जन सक्षम किसिमका रहेका छन् ।

त्यस्तै यहाँका श्यामश्वेत चित्रमध्ये कतिमा समुज्ज्वल गाढा रङ र रेखाका विमोहक अन्तरसंरचना र हृदयाह्लादक संयोजनमा चढ्का चाक्षुष उल्लास र प्रसन्नताका अनुप्रभावका विशेष भावगत अभिव्यञ्जनमा जोड दिइएको पाइन्छ भने कतिमा चाहिँ अलि हल्का प्रकाशमा रङ र रेखाको घुमैँलो र धमिलो गाढापनको अन्तरसंयोजनबाट उदासी, विषाद र वेदनालाई उद्दीप्त तुल्याउने सृजनशील कल्पनामूलक संरचना र प्रभाव सृष्टि गर्ने रुचि विशेष रूपमा व्यक्तिएको देखिन्छ । यहाँका श्यामश्वेत निकै चित्रमा उत्साह र शौर्य अनि अरू निकै चित्रमा अश्रु, रोदन, खेद, आक्रोश र क्रोध अनि कति चित्रमा प्रेम र रतिभावको प्रफुल्लता, कतिमा बेचैनी तथा छटपटी एवं अन्तरकरुणाको मर्मस्पर्शी आकर्षणशीलता र विकर्षणशीलता दुवै अनि कतिमा व्यङ्ग्य र उपहासको अन्तरप्रवृत्ति एवं कतिमा उदासी, विषाद एवं जुगुप्सा अनि बीभत्सताको अन्तर्भाव पनि भेटिन्छ अनि केहीमा चाहिँ भयत्रास, घृणा, जुगुप्सा र विकर्षणशीलताजस्तो भाव यहाँ सञ्चारित हुने गरेको छ र केही चित्रमा भने विविध भावगत उद्दीपन तथा अनुक्रियाको सहसम्प्रेषण तथा केही वा निकै अपरूपण वा विरूपण गरिएका र खण्डित कतिपय अभिव्यक्तिमा अर्थिनुबाट उन्मुक्तिका साथै अन्तरविसङ्गतिको तुमुलता पनि यहाँ देखिने गर्दछ । यहाँ एकातर्फ दोहोरैमा अनुभूति रङ र रेखाको समुज्ज्वल अन्तरसन्तुलन गरी सिर्जिएको उल्लास र प्रसन्नताको अभिव्यक्ति र अर्कातर्फ तिनै रङ रेखाको प्राय: धमिलोपन

घुर्मैलो प्रधान रहने गरी सिर्जिने उदासी, विषाद र वेदनाको अभिव्यक्तिसँगै यिनको बीचको र अन्तर्वर्ती एवं मिश्रित मध्य स्थितिका अर्धमूर्त वा मिश्रित मूर्तामूर्त र विशेष अभिव्यञ्जक सृजना पनि लगभग एक एकतिहाइवरपरका परिमितमा देखिन आउँछन् ।

यहाँका विभिन्न प्रकारका प्राय: सुन्दर रोचक पन्ध्रवटा श्यामश्वेत चित्रलाई समष्टिगत रूपमा हेर्दा यहाँ एकातर्फ प्राय: एकोन्मुख र एकाग्रीकृत रचनागत सङ्केन्द्रण र रचनागत तथा भावगत अन्विति तथा प्रभावान्विति भएका मूर्त र अर्धमूर्त अनि अमूर्ततर्फ उन्मुखसमेत आधाजसो चित्र रहेका छन् भने लगभग अरू त्यत्तिकै चित्रहरूमा चाहिँ वस्तुताको पूरै, ज्यादाजसो या आंशिक विरूपण र अमूर्तपनतर्फ कल्पनाशील झुकाउ राखी मूल चित्रमै र त्यसका अङ्गोपाङ्गमा अनि विभिन्न भागका गुजुमुजे ससाना चित्रखण्डहरू वा यताउताका विभिन्न स्थलका सानासाना सहचित्र वा उपचित्रका बहुसङ्केतशीलतामा रुचि लिई बहुभावाकीर्ण तथा अरूप, अपरूप र असम्बद्ध सम्बद्धता, मूर्तअमूर्तपन, स्वतन्त्र साहचर्यमा आधारिततालगायत बहुल चित्रणमा चासो राखी रचनात्मक र संरचनागत सिर्जनात्मक नियन्त्रण र अन्तर्नियन्त्रणलाई अलि खुकुल्याई अभिव्यञ्जनशील तत्क्षणतामा समेत रुचि लिँदै समष्टि दर्शकीय कल्पनाशीलता र समष्टि प्रभावगत सहसंवेद्यतामा समेत जोड दिँदै स्वैरकल्पनाशील विरूपण तथा खण्डितता र विनिर्माण तथा विभञ्जनमा कलाकार स्वयम् खेलेजस्तो स्थिति पनि भेटिन्छ । यहाँ यस्ता चित्रहरू दर्शकीय कल्पनाशील खेलका निम्ति पनि खुला संरचनागत खेलजस्तो र संवेदनागत तुमुलतातर्फ पनि चित्रकारिता बढेको भेटिन्छ । यहाँ परम्परित वस्तुता र कल्पनाशीलताका मूर्त चारु शोभाका साँधदेखि अर्धमूर्त रम्य मध्यभूमि हुँदै अमूर्तप्राय: बहुल समष्टिगत प्रभावका विलक्षण नव सौन्दर्यका खुला सम्भावनातर्फ पनि उहाँको चित्रगत रचनाकारिता सँगै गतिशील रहेजस्तो प्रतीत हुन्छ ।

अन्त्यमा यहाँ यति भन्नुपर्ला– केही बेर यी प्रत्येक चित्रध्याले गहिरिएर हेर्दा र सोच्दा अनि यिनका बारेमा कल्पनाशील रही थोरै मनन पनि गर्दा मेरा दर्शकीय र भावकीय सहज चेतनामा यिनले तत्काल मेरा आँखामा मनमा पारेका कतिपय द्रुत समष्टि प्रभाव संवेद्य अनुप्रभावपूर्ण र स्वतन्त्र साहचर्यपरक सामान्य र सहज दर्शकीय बुझाइ तथा अर्थ्याइकै आधारमा यी विशिष्ट चित्रमा मैले अलि गढेर हेरी सोची जेजस्तो तत्क्षणिक र आरम्भिक प्राय: दृष्टिसुखद र विस्मयकारी भावको उज्ज्वलता, गहिराइ र प्रगाढपन एवं रुचिरता र चारुताको जुन अनुभव गरेँ तिनैलाई यहाँ सटासट र चटाचटसँग नेपाली भाषामार्फत उतारेको सम्म हुँ ।

निष्कर्षमा मलाई कलाकार सुनीता कार्कीका उपयुक्त पन्ध्रवटा चित्रहरूमध्ये १, २, ३, ४, ५, ६, ७ र ८, ९, १०, ११, १२ र १४ मलाई विशेष मन परे भने तिनमा पनि चित्र २, ४, ५, ६, ७, ८, ९, १० र १४ (लगभग आधासरोजति चित्र) बढी सुरुचिपूर्ण, कल्पनाशील, गहिराइपूर्ण विशेष अभिव्यञ्जक अनि दृष्टि र हृदय दुवैका निम्ति चारु र रुचिर अनि मनोरम र उत्कृष्टजस्ता अनि प्रतिभाशाली र विशेष कल्पनाशील दर्शक र भावकका निम्ति अलि खुला जस्ता पनि लाग्न पुगे ।

यहाँ यो पनि भनूँ– कलाकार सुनीता कार्कीका चित्रकलाका कृतिहरूको एकल वा संयुक्त कलाप्रदर्शनी भएको छ छैन मलाई थाहा छैन; तर अबचाहिँ उहाँको चित्रकलाको कलाप्रदर्शनी हुनु वाञ्छनीय छ अनि उहाँको कलाकारिताले पनि लगभग सिद्धि प्राप्त श्वेतश्याम आरेख वा चित्रमा मात्र सीमित नरही सापेक्षत: बढी रङ्गवैभव र रचनासौष्ठव तथा सृजनात्मक सघन अभिव्यञ्जकता व्यक्त हुन सक्ने अरू पनि प्रभावकारी विधागत र अन्तर्विधागत थप माध्यमको प्रयोगतर्फ रुचि बढाउनुसमेत बेसै होला ।

**कवयित्री सुनीता कार्कीका कवितामा भेटिने चित्रोपमता र अरू कतिपय कलाबिम्ब**

वास्तवमा प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका 'समर्पित', 'भानु', 'कुलकी मान', 'एक भूल', 'अङ्गुष्ठभ्याम', 'अपरिहार्य', 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्', 'बन्दी पुस्तक' र 'शून्य र पुण्य'जस्ता कतिपय कवितामै पनि चित्रकलाका रचनाका भावभूमि, क्यानभास (फलक) र बहुल रङ्गवैभवलगायत कलात्मक विभिन्न पक्ष र तिनका अनुप्रभावसँग सम्बन्धित यस्ता चित्रोपम भावबिम्ब रहेका अनि सङ्गीत र नाटक एवं रङ्गमञ्च तथा वृत्तचित्र र चलचित्रका विविध भाव वा बिम्बतर्फ समेत फिँजिन खोज्ने कवितांश पनि यसरी उल्लेख्य रूपमा भेटिने गर्दछन्–

(क) कतिपय चित्रोपम कवितांश–

**इन्द्रेनीको रङ चोरी**
**रङ्गीन माहौल सिर्जना गर्न ।**
**('समर्पित' कविताबाट)**

**क्यानभासको सादा पानाभरि**
**रङ्गीन चित्र रच्न**
**...चाहन्छु ।**
**('भानु' कविताबाट)**

**कोरा क्यानभासमा उतारिएकी**
**एक नाङ्गो चित्र हुँ म ।**
**('एक भूल' कविताबाट)**

**सप्तरङ्गी इन्द्रेनी बनी**
**क्यानभासमा रङ भर्ने ।**
**('अपरिहार्य' कविताबाट)**

**किन जीवनका**
**हर रङ्गीन पानाहरू**
**कोरा कागजझैँ आभास दिइरहेछन् ।**
**('साथ रहोस् नरहोस्' कविताबाट)**

(ख) चित्र र वृत्तचित्रसँग सम्बद्ध कवितांश–

**जीवनरूपी वृत्तचित्र**
**जन्मचित्र मृत्युचित्र एक जन्ममै कोर्ने ।**
**('अङ्गुष्ठभ्याम' कविताबाट)**

(ग) सङ्गीतसँग सम्बन्धित कवितांश–

**सरिताको सुरिलो स्वरको झङ्कार ।**
**('कुलकी मान' कविताबाट)**

**सङ्गीतको सात स्वर बनी**
**जीवन जीवन्त अनि तरङ्गित गर्ने मेरा रहरहरू ।**
**('अधुरो कल्पना' कविताबाट)**

(घ) नाटक र रङ्गमञ्चसँग सम्बन्धित कवितांशबाट–

**छैन आदि अन्त्य**
**समयातीत हो 'अरूप'**
**अस्थायी नाटकीय मञ्चन ।**
**('शून्य र पुण्य' कविताबाट)**

**मायाको आभास**
**प्रतिभूति हुनुअगावै**
**लछारिएर घृणाको**
**दलदलमा भास्सिएको**
**अक्षम्य नियतिको**
**अस्वच्छ रङ्गमञ्चकी**
**कठपुतली हुँ म ।**
**('एक भूल' कविताबाट)**

(ङ) चलचित्रसँग सन्दर्भित रहेको एक कवितांश–

**उत्साहित तथा नयाँ आशा**
**जागृत नेत्र**
**अब बनिसके एक पुरानो**
**स्मृतिचलचित्र**
**विगत केही दशकभित्र ।**
**(पूर्ववत्)**

**समीक्षात्मक टुङ्ग्याउनी**

कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका विभिन्न प्रमुख कवितामा प्राय: अन्तर्निहित रहेको विषयवस्तु या अन्तर्वस्तु एवं भाव तथा रससम्भाव्यता एवं सोचसोचाइ र चिन्तनको विशेष मर्मस्पर्शिता र विशेषत: नेपाली प्रकृतिजगत्प्रति रुचि र अनुराग, देशप्रेम तथा राष्ट्रियता र राष्ट्रिय एकताका भाववेगको प्रबलता अनि नेपाली समकालीन राष्ट्रिय जीवनका कतिपय विसङ्गतिप्रतिको आक्रोश तथा व्यङ्ग्योपहासलगायत नेपाली नारी हृदयका प्रेम र रतिरागका र कोमल एवं नारीमुक्तिको चेतनाका तीक्ष्णता र जगत् तथा जीवनसम्बन्धी स्थूल तथा सूक्ष्म चिन्तन आदि सम्बन्धी विवेकसम्मत दृष्टि र आध्यात्मिक वृत्तको विस्तृत र प्राय: मर्मस्पर्शी र मूल सन्दर्भ र सेरोफेरो एकातर्फ उहाँको कवित्वको मूल कथ्यगत वैशिष्टच हो भने अर्कातर्फ प्राय: अन्तर्गीतिपूर्ण मुक्त लयात्मक गद्यकवित्वका खास गरी कतिपय छोटा, मझौला र लामा आदि संरचनाका विशिष्ट र सुबोध्य अभिव्यक्ति श्रुतिरम्यता तथा सहज सम्प्रेष्य मध्योच्च शैलीका प्राय: सुललित अन्तर्ढांचा, अनुभूतिगत गहिराइ र सौन्दर्यपूर्ण एवं अभिव्यञ्जक रम्यतासमेत भएका कविताका रम्य सूक्ष्म संरचना र मर्मस्पर्शी सङ्कथनका विशेष ढाँचाका रोचकता र कविताकथनको प्रथम पुरुषप्रधान तथा प्रभावपूर्ण विशिष्ट दृष्टिबिन्दु एवं शैलीगत पङ्क्तिविन्यासका क्रमका पङ्क्तिभित्रको र अन्तरपङ्क्तिबीचको वर्णवितरणका श्रुतिसुखद अन्तरअनुप्रासीयता र पङ्क्तिगत, अनुच्छेदगत र अन्तरअनुच्छेदगत अन्त्यानुप्रासविधानको निरन्तरित एवं विकल्पी सुमधुर छटा र विशेष लामा श्रुतिरम्य अनुप्रासीय र अन्त्यानुप्रासीय पङ्क्तिशृङ्खलाप्रतिको विशेष मोह, स्वभावोक्तिलगायत विभिन्न वक्रोक्ति तथा अतिशयोक्तिका अन्तरसन्तुलनबाट सृजित चारुतापूर्ण अर्थालङ्कारका र बिम्बविधानका सहज स्वस्फूर्त अस्फुट तथा स्फुट अन्तर्मिश्रण र संश्लिष्टताका रछाया एवं दोछायासँगै कतिपय स्थलका अर्धप्रस्फुटित तथा विशेष

प्रस्फुटित वैचित्र्य र आह्लादकतालगायत अरू पनि कतिपय भावगत तथा शिल्पगत अभिव्यञ्जक शोभाकारी र शोभावर्धक अनेक पक्ष र विस्मयकारी पाटाहरूको तथा रम्य अन्तर्युक्तिहरूप्रभृति उहाँका कवितागत अर्का थरी मुख्यत: भाषाशैली र उक्तिलगायतका प्रमुख वैशिष्टय हुन् भन्ने मलाई लाग्दछ । यिनका सम्बन्धमा समीक्षात्मक यति आकलन र अनुशीलन एवं पर्यवलोकन गरिसकेपछि अब अन्त्यमा यस प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका अनेक प्रमुख कविताको सापेक्ष र सन्तुलित गुणवत्ताका बारेमा पनि यहाँ सरसरती आकलन गर्ने प्रयास गरेर हेरौँ ।

उपर्युक्त सन्दर्भमा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका तेत्तिस कविताहरूमध्ये सापेक्ष रूपमा प्राय: उपर्युक्त सबै दृष्टिले उत्कृष्ट कविता हो– 'अस्तित्वको सन्देश' । त्यस्तै प्रस्तुत कवितासङ्ग्रहको 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताका तीन उपशीर्षकसँग सम्बन्धित तीन भागमध्येको तेस्रो उपशीर्षक वा भागअन्तर्गतको अन्तरचाहना स्वरूप वार्तातत्त्व, कामना वा सन्देशको केही बढी चाप हुनाका साथै आधारभूत रूपमा र कवित्वका समष्टि स्तरमा यो कविता उत्कृष्ट छ । त्यस्तै अर्को 'स्थितप्रज्ञ' कवितामा कवयित्रीका आफ्ना विशेष भावना, सोच र दृष्टिकोणका शक्ति एवं परिसीमा र कतिपय स्थलमा कतिपय सानातिना अरू केही कसर रहे पनि कवित्वका समुच्चा सन्तुलनमा र आधारभूत स्तरमा चाहिँ यो कविता पनि प्राय: उत्कृष्ट नै ठहर्न आउँछ । यस कवितासङ्ग्रहका यी विशेष उत्कृष्ट तीन कवितापछिका कवित्वका उच्चमध्यम स्तरका तल खास नडग्ने र अंशत: उत्कृष्टता वा उच्चतातर्फ उन्मुखसमेत रहेका अनि यिनका कतिपय स्थलमा खास केही सानातिना कसर र कमजोरी भेटिए पनि समुच्चा कवित्वका आधारभूत स्तरका दृष्टिले भने प्रस्तुत कवितासङ्ग्रहका प्रायश: अनि अंशत: राम्रै र प्राय: बेसै लाग्ने यी केही (थप दसवटा) कवितासमेत पटकपटक

पढ्दा र सुन्दा राम्रा कविताका रूपमा यहाँ क्रमश: विशेष उल्लेख्य देखिन आउँछन्– 'अपरिहार्य', 'अधुरो कल्पना', 'एक भूल', 'साथ रहोस् नरहोस्', 'जीवनको रहस्य', 'शून्य र पुण्य', 'कुलकी मान', 'गाईजात्रा', 'शून्यतामा' र 'समर्पित' शीर्षकका कविता; यहाँ समष्टिमा पूर्वोक्त तीन उत्कृष्ट कवितासहित यी तेह्रवटा प्राय: व्यञ्जनाशील र मर्मस्पर्शी कविता मलाई विशेष राम्रा कविता लागे ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका जम्मा तेत्तिस कविताहरूमध्ये न्यून दोष तथा कसर एवं कवितागत गुणको आधक्य रहेका र आधारभूत कवित्वका स्तरका दृष्टिले बेसै लाग्ने अनि राम्रा र स्तरीय भनी यहाँ भनिएका जुन उपर्युक्त तेह्रवटा कविता छन् ती सङ्ख्यागत दृष्टिले यस कवितासङ्ग्रहका झन्डै चालिस प्रतिशतजति अनुपातका राम्रा कविता हुँदै हुन् । यस कवितासङ्ग्रहका अरू बाँकी बीसवटा कवितामध्ये यी कविताचाहिँ मध्यम स्तरबाट तल खासै डग्दैनन् अनि क्रमश: लगभग उच्चमध्यम स्तरतर्फ प्राय: अभिमुख रहेका देखिन्छन्– (क) 'नारी', 'जीवनले कोल्टे फेरेछ भने', 'अङ्गुष्ठभ्याम', 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'बन्दी पुस्तक' र 'असम्भव प्राय: मिलन' अनि (ख) 'कस्तूरी सुवास', 'बिना', 'भानु', 'वेदना एक मानव भ्रूणको', 'अदम्य साहस', 'कालो दाग', 'उम्लिएर बगोस्', 'समय', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ' र 'जलधारा एक रूप अनेक' एवं (ग) 'नमुना नेपाल' र 'पृथ्वीको गर्भ' कविता ।

वास्तवमा निकै लामो (लगभग त्रिचालिस) वर्षजतिको प्राय: नेपथ्यसाधनापछि नेपाली कविताजगत्मा पहिलो कवितासङ्ग्रह 'जानी नजानी' (वि.सं.२०७०)बाट कवयित्री सुनीता कार्कीको कवित्वका साथै नारीकविको व्यक्तित्वसमेत उदाएको र क्रमश: नेपाली कविताजगत्मा परिचित हुँदै आएको हो भने २०८० सालको प्रस्तुत 'साथ रहोस् नरहोस्' दोस्रो कवितासङ्ग्रहका प्रकाशनबाट उहाँका

कविताको आधारभूत प्रवृत्तिगत विस्तारका साथै प्रकाशित समुच्चा कविताहरूको रचनापरिमाणको उल्लेख्य अभिवृद्धिशील मात्रा (क्रमश: ३७, ३३, ७० वटा केही लामा र धेरैजसो छोटाखाले फुटकर कवितासङ्ख्या) पुगेसँगै कवित्वका आधारभूत गुणवत्ताका दृष्टिले पनि उहाको समष्टि कवित्व अरू प्रतिष्ठित हुन पुगेको देखिन्छ र अब उहाँ नेपाली नारीकविताजगत्की एक विशेष प्रतिभावती र प्रतिष्ठित वरिष्ठ कवयित्रीको अनि विशिष्ट नेपाली नारी कविप्रतिभाको विशेष पहिचान बनाउन पनि सफल हुनुभएको छ । म यहाँ उहाँको कवित्वको निरन्तर विस्तारका साथै उत्तरोत्तर अरु पष्किृति र परिपाक एवं सिद्धिका निम्ति पनि उहाँप्रति हार्दिक सद्भाव र शुभेच्छाका यी आशीर्वादस्वरूप शुभ शब्दसुमन सादर टक्र्याउँछु– यहाँसम्मका उहाँका विशिष्ट कविताप्राप्तिका निम्ति भावपूर्ण उच्च बधाईसहित !

# 'जानी नजानी'सँग चिन्दै नचिनी

**विष्णुकुमार भट्टराई**

**प्रारम्भ**

मेरो हातमा एउटा कृति पऱ्यो २०७१ माघको दोस्रो हप्तामा । बेफुर्सद रहनुपरेको कारणले पढ्न नभ्याई थन्काइएको त्यो कृति थियो 'जानी नजानी', सुनीता कार्की त्यसकी लेखिका । पुस्तकको आवरण सुनीता कार्कीकै तस्बिरले ढाकेको थियो । कविताहरू र चित्रहरूसमेत रहेछन् पुस्तकको पछिल्लो खण्डतिर । प्रत्येक कविताको रचनागर्भ पनि प्रस्तुत गरिएको थियो । सजिलो, पढ्नेलाई पारिदिएको र बुझ्न पनि । आवरण पृष्ठको पछिल्लो भागमा भएको ख्यातनामा साहित्यकारहरूको भनाइबाट प्रस्टै बुझ्न सकिने थियो कविको काव्यकारिता । त्यस्ता दिग्गज प्रा.डा.हरूका अगाडि मैले लेखेका कुराको के महत्त्व हुन्छ होला र ? प्रश्नसँग बालकृष्ण समको यो भनाइ सम्झेँ–

> **'को गरीव वनी सुन्ला लेखेको म गरीवलेः**
> **यस्तो गरीव शैलीमा यो गरीव विचारले ।'**

मैले अकारण यो सम्झेको भने होइन । म आफ्नो हैसियत राम्ररी जान्दछु । म देशको सुदूर कुनाको बासिन्दा भने हुन्छ एउटा गाईगोठालो । म कुनै साहित्यिक महारथीको सङ्गतमा र प्रत्यक्ष चिनजानको घेरामा छुइनँ । बाबुबराजुदेखि नै कुनै साहित्यकारसँग कुनै नाता पनि थाहा छैन । जति स्रष्टाहरूमाथि कलम चलाएको

छु आजसम्म तीमध्ये कृष्ण धरावासीसँगबाहेक अरू कसैसँग मेरो हिमचिम र बसाउठा छैन, उनी पनि झापाबाट काठमाडौँ हुँदै अमेरिकातिर हानिएपछि उनीसँग प्रत्यक्ष सम्पर्क टुटेको छ । स्थानीय क्षेत्रमा साहित्यिक अभिरुचि भएका साथीभाइसँग चिनजान हुनु घनिष्ठता हुनु कुरा बेग्लै हो । माधवप्रसाद घिमिरे, मदनमणि दीक्षित, तारानाथ शर्मा, ध्रुवचन्द्र गौतम, लीलबहादुर क्षत्री, इन्द्रबहादुर राई आदिजस्ता साहित्यकारहरूसँग कृतिगत परिचय मात्र हो मेरो । यो 'जानी नजानी' कविता र चित्रहरूको सङ्ग्रह पनि यस्तै नजानेमध्येकै स्रष्टाबाट मसँग आइपुगेको छ । जानेर केही लेख्नु र नजानीकनै लेख्नुमा ठूलो अन्तर हुन्छ होला । तर नजानी लेख्नुमा पनि मैले गर्वानुभव गर्ने गरेको छु, किनकि कम्तीमा पनि म स्रष्टाको प्रत्यक्ष प्रभावबाट मुक्त त छु । स्रष्टाको अगाडि नजरशर्मी भएर त मैले रहनु पर्दैन । मैले प्रायोजित लेखन त गर्नुपरेको छैन । यिनै कुराले मलाई गर्वानुभूति गराउँछन् ।

म सामान्य लेखपढको मान्छे । पढेपछि चित्त बुझ्दा पनि लेख्न मन लाग्छ, चित्त नबुझ्दा पनि लेख्न मन लाग्छ । आजसम्म चित्त नबुझ्दा नै धरै लेखियो होला । यसो पनि सकारण नै भएको छ, कसैले साहित्य सिर्जनाको नाममा असाहित्यिक ढङ्गको रचना तेर्स्यायो भने अथवा राजनीतिक अभिप्रायले प्रेरित भई साहित्यको नाममा आफ्नो विचार थोपर्ने चेष्टा गऱ्यो भने अथवा व्यक्तिगत इबी साधनाका निमित्त साहित्यलाई माध्यम बनायो भने अथवा नाराबाजी गर्ने भावनालाई साहित्य भन्यो भने यस्तो अवस्थाबाट त्यस्ता स्रष्टालाई मुक्त गर्न र साहित्यको सम्मान गर्ने सोमत सम्झाउनका निमित्त लेख्न मन लाग्छ । साहित्यको सौन्दर्य, शक्ति र सीमाको अतिक्रमण भएमा पाठकको मन भाँचिन्छ तब लेख्नैपर्ने हुन्छ र लेखिन्छ । यसै सन्दर्भमा भन्नैपर्ने हुन्छ, लेखकको या कविको मौलिकतालाई पहिल्याउन उसको कृतिमा कहीँ न कहीँ

नवीनता फेला परोस् । स्रष्टा मौलिक उभिने हकको पालना गरिएको छैन भने त्यस्ता स्रष्टाका सिर्जनामाथि पनि केही लेख्नै पऱ्यो । त्यस्ता स्रष्टाको वृथाभिमान चूर्ण गर्नु पनि उपकारी काम हुन्छ, त्यस्तो उपकार पनि गर्नै पऱ्यो ।

**प्रवेश**

'जानी नजानी' सङ्ग्रहमा भएका कविताहरू पढ्दै गर्दा मलाई लाग्यो– 'फर्सीको जरा' लेख्ने कवि मोहन कोइरालाले यसरी पाद टिप्पणीसहित त्यो कविता प्रकाशित गरिदिएका भए नेपाली कविताका पाठकले रन्थनाउनुपर्ने थिएन । ईश्वरवल्लभले पनि पाद टिप्पणी लेखिदिएको भए हुन्थ्यो उनका कतिपय कविताहरूका लागि । तर अर्को दुर्घटना पनि हुन सक्थ्यो होला उनीहरूले त्यसो गरिदिएको भए । पाठकहरूको स्वतन्त्र र सम्भावित अर्थ लगाउने अधिकारमाथि भने अतिक्रमण गरेको आरोप उनीहरूमाथि लाग्ने थियो होला ।

मैले धेरै नारी स्रष्टाहरूलाई चिनेको छैन । सानै छँदा योगमायाको कुरा कथाको रूपमा सुनेको थिएँ । यति बेलाका भने कोशी अञ्चलका दुई सशक्त नारी हस्ताक्षर मिश्र वैजयन्ती र ज्योति जङ्गललाई जान्दछु । उनीहरूका कृति पढेर लेख्ने अवसर पनि पाएको छु । झापाकी भवानी क्षत्रीलाई हामीले पुरस्कारका लागि सिफारिस गरेका हौँ । एउटी कथाकार, नारी हक अधिकारका लागि लड्ने योद्धा । अत्यन्त खरो कलमको टुँडो छ भवानी क्षत्रीको । हालसालै यसै २०७१ सालका लागि उत्कृष्ट कृति पुरस्कार प्राप्त गर्ने बिना घले, धरान । उनी निर्भिक लेखक । उनको 'यात्रा' र 'आख्यायिका' दुई आत्मकथात्मक कृति, सत्य घटनालाई नबङ्ग्याई लेखिएका छन् । नारी मनलाई छर्लङ्ग, बिनासङ्कोच उघारिदिन सक्ने लेखक, बिना घलेलाई भर्खर मात्र पढ्न र चिन्न पाएको छु । अरूहरू धेरै ख्यातनामा नारी साहित्यकारहरू श्रद्धाले पढिएका छन् । त्यस्तै श्रद्धाले पढेँ 'जानी नजानी' पनि ।

**प्राप्तव्य**

केही कवितात्मकता छ शब्द विन्यासमा, केही सौष्ठवता छ भावनामा, केही कलात्मकता छ अभिव्यक्तिमा । जम्मा मिलाउँदा कविता कवितै छन् 'जानी नजानी'मा । कविताले भावना र कल्पनाको विराट् आकाश र धर्तीलाई सानो आकारमा सुन्दर प्रस्तुत गर्न सक्छ । अझ गीतले झन् सानोमा ब्रह्माण्ड समेट्न सक्छ । त्यसैले सबभन्दा श्रेष्ठ कृतिलाई 'गीता' भनियो । भगवान्द्वारा गाइएको गीत अर्थात् 'भगवद्‌गीता' । संसारको सर्वश्रेष्ठ कृति कति सानो, कति थोरै !

संयोगवश 'जानी नजानी' सङ्ग्रहमा भगवान्का लागि नै सुरुमा गीत गाइएको रहेछ । त्यो छोटो आस्थाको गीतले एउटा विराट् वृत्त कोरेको छ र त्यसको परिधिमा अन्य अनेक लीला घटित भएका छन् । कविको जीवनप्रतिको दृष्टिकोण, ईश्वरप्रतिको समर्पण र विश्वास जसलाई अनन्य भक्ति पनि भन्न सकिन्छ । यसले कविलाई आविष्ट तुल्याएको छ । कविलाई संसारिक वैभव र विलासको सम्पूर्ण स्रोत यही समर्पण, आस्था र भक्ति नै हो भन्ने लागेको छ । जीवनका अन्यान्य पाटाहरू पनि छन् तिनले कविलाई उतिसारो प्रभावित गर्न सकेको छैन जति समर्पण र विश्वासले पारेका छन् ।

कवि सुनीता कार्की स्वयम् तीन रङका पाशहरूले आबद्ध भेटिन्छिन् 'जानी नजानी' कवितासङ्ग्रहभित्रबाट चियाउँदा । उनलाई बलियो बाँध्ने डोरी सायद पीताम्बर रङको (आस्तिक भावनाको प्रतीक) छ र यसले उनलाई भित्री तहदेखि नै बाँधेर ल्याएको छ । यो डोरी सायद जन्मजात प्राप्त डोरी पनि हो । प्रभुप्रेमको डोरी, यस डोरीको बन्धन उनलाई सहज स्वीकार्य छ । प्रभुको जति कृपा पाए पनि आफूलाई अनुगृहीत ठान्ने र प्रभुलाई धन्य मान्ने यो सुनीता कार्कीको जन्मजात गुण नै हो भन्ने देखिन्छ 'जानी नजानी' पढ्दा । भौतिक युगका भौतिक सुविधासम्पन्न मानिसहरू बिरलाकोटी पाइन्छन्

प्रभु कृपामा भर पर्ने । पुट्टपर्तीसम्म पुग्ने साधन र सुविधा भएका मानिसलाई भौतिक रूपले सुविधासम्पन्न होइन भन्न म सक्तिनँ किनभने यो देशका बासिन्दालाई पुट्टपर्ती त होइन पशुपतिनाथको दर्शन पनि एकदम व्ययकर र आपत्तिजनक र असम्भव साबित हुन्छ । पहिलो कुरा आर्थिक अभाव र दोस्रो कुरा समयाभाव । जेनतेन काठमाडौँ पुग्ने खर्च बनाउन सके पनि समय निकाल्न गाह्रो पर्ने स्थितिका मानिसहरूले भरिएको छ यो देशको पूर्वपश्चिम भाग । पुट्टपर्ती चिताउनासाथ पुग्न पाउनु तुलनात्मक हिसाबले हेर्दा सम्पन्न आर्थिक अवस्थामा दरिन पुग्छ कविको पारिवारिक स्थिति । प्रभुकृपालाई शिरोधार्य गर्ने र त्यही कारण आफूलाई वडभागी ठान्ने कविको आस्थालाई पहिलो कविताले परिपुष्ट पारेको देखिन्छ । आफ्नो काबुबाहिरको परिस्थिति भएमा हे भगवान् कृपा गर ! भन्ने र आफ्नो बलबुता छउन्जेल ईश्वर नसम्झने वा ईश्वर नै मै हुँ भनी ठान्नेहरूभन्दा सुनीता कार्कीको ठम्याइ अलग ढङ्गको पाइन्छ । उनका काबुभित्र सबै पारिस्थिति रहँदा पनि उनले ईश्वरलाई सम्झन छाडेकी छैनन् । प्रभुप्रेमको प्रसङ्गमा जोडिएका प्रारम्भ र अन्त्यका कविताले यही कुराको वकालत गर्दछन् कि सुनीता कार्कीसँग भएको कवि यस्तो समर्पित छ कि उसले आफूलाई बिर्सेको छ र ईश्वरार्पित भइसकेको छ । धेर भनेको हुँदैन भने महाकवि देवकोटाका पनि त रचनाहरू समर्पणमुखी नै बहुलाम्श छन् ।

कवि सुनीता कार्कीलाई बाँध्ने अर्को एउटा डोरी त्यो सायद मट्मैलो रङको (मृडमय सांसारिकताको प्रतिक) छ र त्यसले नख शिख उनलाई बाँधेर बचाएर राखेको छ र त्यो डोरी हो स्वदेश र स्वजातिको मायाको डोरी । देशप्रेममा चुर्लुम्म डुबेर लेखिएका कविताहरू र स्वदेशीहरूले विदेशमा पाएको पीडालाई अनुभूत गरी लेखिएका कविताहरू सङ्ग्रहमा प्रशस्तै पाइन्छन् । प्रतिशतको हिसाबले भन्नुपर्दा साठी प्रतिशत नै देशको र जातिको गुणगान र

मायामा रचिएका छन् । अचेल विदेशतिरको बढ्दो आकर्षणले स्वदेशवासीहरू लट्ठिएका छन् । जति बेला मौका पाइन्छ त्यति बेला सुटुक्क विदेशतिर छिर्ने र देशको माया मार्ने चलन चलेको छ । छोराछोरी युरोपियन देशहरूतिर रोजगारका लागि गए भने गर्व गर्ने बाबुआमा त छँदै छन्, खाडी मुलुकतिर गएकोमा समेत गर्व गर्नेहरूको लामै ताँती छ । गरिब भए पनि विदेश, धनी भए पनि विदेश । यस्तो विदेशमोह उर्लेको बेला सुनीता कार्कीका कविता भने देशमै पसिना पोख्न आह्वान गरिरहेका छन् ।

देश र जातिको गौरवलाई देशदेशावरसम्म पुऱ्याउने आशा र विश्वासमा धेरैजसो कविताहरू सिर्जिएका छन् । 'नयाँ नेपाल', 'हिजो आज अनि भोलि...', 'वाचाहरू'जस्ता कवितामा कविले अनुरोध, अठोट र आदेश गरेकी छन् । उनको दृष्टिले एउटा विस्तारित भ्रातृत्वको उर्वर भूमि नियाल्न चाहेको अनुमान गर्न सकिन्छ । उनी देशको माटोलाई अतीव प्रेम गर्ने र त्यो माटोलाई आघात पुग्ने काम कहिल्यै कसैले गर्न नहुनेमा विश्वस्त छिन् ।

कविलाई बाँध्ने अर्को डोरी हो सुमधुर प्रणय लीलाको डोरी । यो बेरङ्गा छ (मानवीय गुणको प्रतीक) । बेरङ्गा भएकाले सायद अदृश्य पनि छ । जीवनको उच्च आदर्शको रूपमा सबैले स्वीकार गरिएको प्रणयाकर्षण र प्रणय विह्वल भावलाई थोरै कविहरूले मात्र सफलतासाथ शब्द विन्यासद्वारा प्रकट गर्न सक्तछन् । प्रणयको सिकार भएका पात्रले नै यसलाई हुबहु शाब्दिक रूप दिन सक्छ भन्नु अत्युक्ति हुने छैन । सुनीता कार्कीको यो पक्ष अत्यन्तै सौहार्द्र, कोमल र मर्मभेदी भएर उनका कृतिमा सङ्कलित छ ।

यसरी मोटामाटी तीन भागमा बाँड्न सकिने कविताहरूले कवि सुनीता कार्कीलाई एउटा भावुक, संवेदनशील र राष्ट्रवादी विचारकी धनी कविको रूपमा प्रस्तुत गरेको मैले पाएको छु । देशी र विदेशी जीवनको समेत अनुभव प्राप्त गरेकी कवि सुनीता कार्कीले

नेपाली नारीहरूको एउटा गर्विलो उपस्थिति चाहेको छ 'जानी नजानी' सङ्ग्रहमार्फत । कविले विदेशमा रहँदा गरेका अनुभवलाई समेत तत्काल कविताबद्ध गर्न पुगेको कुराले सङ्केत गरेको छ– कवि कुनै सांसारिक रमझममा र भौतिक सुखैश्वर्यमा भन्दा बढी आफ्नै एकान्तिक भावनामा रमाउने गर्छे र त्यो क्षण र परिवेशले उसलाई अर्कै दोस्रो संसार सिर्जना गर्न मद्दत गरिरहेको हुन्छ ।

कवि सुनीता कार्कीसँग अर्को एउटा सनातन कवि पनि भेटिन्छ जो उसको अन्तर्हृदयमा सधैँ बस्ने गर्छ र बारम्बार सुनीतालाई झङ्कृत पारिरहन्छ । हृदयान्तरको त्यही झङ्कारले आकार लिँदा कविता भएका छन् । निश्चित समय र निश्चित परिवेशमा सुनीताभित्रको कवि रुनझुनाउन, गुनगुनाउन थाल्छ । उसको आवाजलाई सुनीताले पक्रेको छ तर हामी पाठकलाई लाग्छ सुनीताको कवि जति गुनगुनाउँछ त्यति कविता लेखिएका छैनन् । सायद गीत र चित्रको माध्यममा त्यो गुनगुनाहट रूपान्तरित हुन पुग्छ र कविता बनिनबाट चुक्तछ ।

कविको यो भनाइबाट पनि प्रस्ट हुन्छ– 'सुख र दुःखको परिवेशमा, एक्लो हुँदाको पीडामा, राष्ट्रले बलात्कारको पीडा भोगिरहेको आक्रोशमा, आमाको अन्तर्निहित प्रेममा, सङ्गीहरूसित वियोगको अनुभूतिमा, साईरामको सान्निध्यतामा आफ्नो प्रस्तुतिको र सुन्तुष्टिको सानो आकार मात्रै हो– मेरो यो कृति ।'

यति धेरै परिस्थितिले सधैँ घचघच्याइरहेको कविहृदय स्वयम्मा एउटा विराट् आकारमा उपस्थित हुन सक्नुपर्ने देखिन्छ । तर त्यो आकारको पूर्ण उपस्थिति भने यहाँ रहन सकेको छैन र एउटा सानो आकार मात्र यहाँ प्रस्तुत भएको छ । बाल्यकालदेखिको कविहृदय अहिलेसम्म उत्तिकै उद्वेलित छ तर किन छचल्काहरू यति सानो आकारमा मात्र सीमित छन् ? यसको उत्तर मैले माथि नै अनुमान लगाइसकेको छु । यदि त्यही उत्तर सही हो भने कविले आफ्नो कवित्वलाई उचित कदर गर्न नभ्याएको जस्तो

देखिन्छ र यदि उचित कदर नपाएर नै सुनीता कार्कीभित्र गुम्सिएको कवि अझै सुर्ताइरहेको भए त्यसले चाँडै उन्मुक्त हाँसो लिएर आफ्नो विराट् आकार प्रस्तुत गर्न सकोस् यही शुभकामनासहित सुरु गर्दछु ।

कविता हृदयका तन्तु हुन्– अति संवेदनशील र दयालु पनि हुन्छन् र कविता परिश्रमी हातका ठेला पनि हुन्, एकदम कडा संवेदनहीन र कठोर पनि हुन्छन् । कविता पैदल यात्रामा पैतालामा बिझ्ने काँडा पनि हो र कविता मायालुसँगको उभयाधरको स्पर्श पनि हो । कवितामा एउटा शक्ति हुन्छ जसले कविको मौलिक उपस्थिति बोध गर्न मद्दत गर्दछ । कवितामा एउटा नयाँ चेतनबिन्दुको प्रकाश हुन्छ जसले कवितालाई दिव्य ज्योति प्रदान गर्दछ । कवि सामान्यतया यस दुनियाँको सतहभन्दा माथि उठेको हुन्छ । उसले संसारको दृश्य हेर्ने दिव्य चक्षु प्राप्त गरेको हुन्छ । यस अर्थमा कविता अलौकिक शक्तिले भरिपूर्ण हुन्छ । कविताले कविको अभिप्राय ओकल्दैन पाठकको अभिप्राय बोल्दछ ।

कवि सुनीता कार्कीलाई कविताको त्यो दिव्य नगरीमा पुग्न सायद सांसारिकताले बाटो छेकिरहेको छ । तर पनि त्यो दिव्य नगरीको आलोकले उज्यालिएर कवि सुनीता कार्कीले यतिका कविताहरू लेखिन् भने आशा गर्न सकिन्छ अब त्यो नगरीमा प्रवेश गर्न कसैको साथ सहयोग चाहिँदैन । प्रवेश गरिसकेपछि अरू धेरै सुन्दर रचनाहरू लिएर आउन पनि विलम्ब हुने छैन ।

'जानी नजानी' सङ्ग्रहमा सङ्गृहीत तस्बिरहरूको परख गर्ने कुशलता मसँग छैन तर चित्रहरूले दिइरहेको अर्थ भने केही ग्रहण गर्न सक्छु । तर त्यो अर्थलाई शब्दहरूमा ढाल्ने क्षमता मसँग छैन । ती चित्रहरूसँगका मेरा अनुभूतिहरू आफ्नै अन्तर्हृदयमा बन्द राख्तै कलम पनि बन्द गर्दछु ।

# सुनीता कार्कीको 'जानी नजानी'मा खुलेको व्यक्तित्व

**डा.शान्तिमाया गिरी**

सुनीता कार्की दुई दशकअघि नै नेपाली गीति फाँटमा देखा परेकी प्रतिभा हुन् । कार्कीका गीतिरचना श्रव्यदृश्यका माध्यमबाट प्रसारण भए तापनि उनको 'जानी नजानी' कवितासङ्ग्रह साहित्य क्षेत्रमा प्रथम प्रस्थानबिन्दु रहेको थाहा हुन्छ । कक्षा आठमा पढ्दादेखि नै कविताप्रति रुचि राखेकी कार्कीले आए पनि नआए पनि मस्तिष्कले जे भन्थ्यो वा हृदयले जे बोल्थ्यो त्यही भाव कागजमा कोरिहाल्ने बानीले आज आफ्नै प्रतिभाले आफ्नो पहिचान बनाउन सफल भएकी छिन् । हुन त सुनीता परिचयको सङ्कट भएको व्यक्तित्व होइन किनभने एक सक्रिय समाजसेवीका रूपमा पनि उनको छुट्टै पहिचान छ । सुनीता कार्की जनरल भूपालमानसिंह कार्कीकी पुत्रबधू तथा लोकमानसिंह कार्कीकी श्रीमती हुन् भनेर चिन्नुभन्दा पनि सुनीता कार्की समाजसेवी, कवयित्री तथा चित्रकार हुन् भनेर चिन्नुमा उनको आफ्नै प्रतिभा र सक्रियताले छुट्टै पहिचान बनाएको हो भन्ने म ठान्दछु । आए पनि नआए पनि मस्तिष्कले जे भन्छ वा हृदयले जे बोल्छ त्यही भाव कागजमा कोरिहाल्ने सुनीताको बानीलाई मैले पनि प्रेरणाको रूपमा लिँदै,

**कविता लेख्ने क्षमता छैन**
**तर पनि कलम चलाइदिन्छु**

**मनभरि उठेका यी भावहरूले**
**सादा पानामा काला दागहरू बनाइदिन्छु ।**
**('नजिक आइदिन्छु' पृ.६६,)**

भन्ने उनकै 'नजिक आइदिन्छु' शीर्षकको कविताबाट माथि उद्धरण गरिएको पङ्क्ति मलाई अलि बढी नै मन परेको बताउँदै उनको काव्ययात्राको प्रारम्भिक पाइलाप्रति र सेवाको भावनाप्रति म हार्दिक बधाई ज्ञापन गर्दै यस्तो बानी सुनीतामा रहिरहोस् भन्ने शुभकामना पनि व्यक्त गर्दछु ।

सुखदु:खको परिवेश, एक्लो हुँदाको पीडा, राष्ट्रले भोगेको पीडा, आमाको अन्तर्निहित प्रेम, सङ्गीहरूसितको वियोगको अनुभूति, बुबा जनरल भूपालमानसिंह कार्कीको मृत्युवरणपछि उत्पन्न आघात र आराध्यदेव साईरामप्रतिको आशीर्वाद र विश्वास उनको कविता लेखनको मुख्य प्रोत्साहन र प्रेरणाका स्रोतका रूपमा रहेको बुझिन्छ भने आफ्ना पति, छोराछोरी, सासूआमाको सहयोग, सद्भाव, स्नेहलाई पनि सहायक प्रोत्साहन र प्रेरणाका स्रोतका रूपमा प्राप्त गर्न सफल भएकाले आफ्नो प्रतिभा खुम्चिन नपाएको प्रतिफलस्वरूप कवितासङ्ग्रहका रूपमा समाजसामु आएको सुनीता कार्कीको 'जानी नजानी' कृति मैले पनि पढ्ने अवसर पाएँ । यो कृति उनको लेखनको प्रारम्भिक आधारशिला बनेर दरिलो ढङ्गले उपस्थित भएको देखिन्छ । यस कृतिभित्र अभिव्यक्त विषयवस्तुले पारेको प्रभावका बारेमा मैले पनि जानी नजानी केही कुरा लेख्न मन गरेँ ।

सैँतिसवटा कविता सङ्गृहीत भएको सुनीता कार्कीद्वारा रचित यस 'जान नजानी' कवितासङ्ग्रह नइ प्रकाशनद्वारा वि.सं.२०७० सालमा प्रकाशित कृति हो । यस कृतिमा कविताका साथै कार्कीद्वारा रचिएका चित्रकलासमेत समाविष्ट गरिएको छ । यस कृतिमा कविताको प्रारम्भ 'साईराम' र कविताको अन्त्य 'ओशो वन्दना' पनि भक्तिभाव र आध्यात्मिक उज्याला बत्तीहरू

बाल्ने चाहनाको विषयबाट गरिएको छ । यस सङ्ग्रहको कुनै कविता प्रकृतिका रहस्यबाट आश्चर्यचकित तथा जिज्ञासु बनेका देखिन्छन्, जस्तै– 'मृत्यु ऊ जीवन म' शीर्षकको कविता । त्यस्तै कतिपय कविता गुणमुखी प्रकृतिका छन् र राम्रा तथा असल प्रवृत्तिलाई सकारात्मक मूल्याङ्कनका साथ महत्त्व दिएर लेखिएका छन् । 'मुक्ति', 'वाचाहरू', 'मेरा सन्तानलाई' जस्ता कविताहरू यसका साक्ष्य हुन् । कवयित्रीले स्वयम् भोगेको, अनुभूति गरेको मृदु कटु स्मृतिले पनि केही कवितामा स्थान पाएका छन् । 'अधुरो मिलन', 'बाबाआमा', 'पागल', 'प्यासी अधरहरू', 'पिइरहेछु', 'केवल यही चाहन्छ', 'चाहना', 'जानी नजानी', 'एकान्तमा', 'महापुरुष', 'जिन्दगीसँग', 'मेरो बुबा' शीर्षकका कवितामा बाल्यकालको स्मरण, मनभित्र अनायासै उब्जेका भावहरू, बिछोडिँदाको विरक्ति भाव, आफन्त गुमाउँदाको पीडा, आफन्तसँगको मिलनको चाहना, एक्लै बस्दाका अनुभूतिहरू व्यक्त भएको छ ।

त्यसै गरी स्वाधीनता, देशभक्ति, राष्ट्रियता, स्वतन्त्रताप्रतिको अनुराग प्रकट भएका कविताहरू पनि छन् । 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता', 'बितिसक्यो', 'एकता', 'नयाँ नेपाल' कविताहरूमा राष्ट्रिय अखण्डता, नेपालीको चिनारीप्रति चिन्ता प्रकट गरिएको छ भने विदेश पलायन हुनेप्रति सहानुभूति व्यक्त गरिएको छ । 'चीत्कार', 'हिजो, आज अनि भोलिको चित्रण' कवितामा देशमा विकसित विकृति, विसङ्गति र द्वन्द्वकालको चित्रण भएको छ । यसबाहेकका 'धड्कन', 'बन्दी', 'भावहरू', 'यही हो प्रेम', 'माया' शीर्षकका कवितामा प्रेम विषय पनि अभिव्यक्त भएको पाइन्छ भने 'विश्वनारी रत्न' शीर्षकको कविता साहित्यिक स्रष्टाप्रतिको श्रद्धाभावमा केन्द्रित छ । यसरी उपर्युक्त विभिन्न कवितामा अभिव्यक्त विभिन्न विषयवस्तुलाई हेर्दा सुनीता कार्कीले लेखेका कविताहरू उनको अनुभूति र ज्ञानको काव्यिक रूपान्तर हुन् भन्न सकिन्छ ।

सुनीता कार्कीका कतिपय कवितामा शब्द वा पदावलीलाई आवश्यक स्थान र सुहाउँदो क्रममा नराख्दा त्यसको काव्यिक सौन्दर्य केही कमजोर देखिए तापनि कवयित्री कार्कीको निरन्तर साधनाले आगामी सृजनाहरू अरु बढी कलात्मक र सम्प्रेषणीय हुने नै छन् ।

चित्रकलामा पनि कवयित्री सुनीता कार्कीको एउटा पहिचान बनेको रहेछ । 'मेरा चित्रहरू' शीर्षक दिई उनी आफैँले कोरेका तेह्रवटा चित्रहरू साईराम, गौतमबुद्ध, प्रकृतिलगायतका धेरै नै विषयसँग सम्बन्धित रहेको छ । ती चित्रहरूले पनि कवितामा अभिव्यक्त विषयवस्तुहरूलाई नै प्रतिनिधित्व गरेका छन् ।

अन्त्यमा साहित्यका माध्यमबाट पनि समाजमा सकारात्मक चेतना छर्ने चाहनाका साथ एउटा राम्रो कवितासङ्ग्रह दिएर र मार्मिक चित्रहरू कोरेर नेपाली नारी कविता तथा चित्रकलाको भण्डारमा केही सम्पन्नता थप्न सफल भएकोमा र कविता, समाजसेवा एवं चित्रकारिता गरी तीनतर्फैबाट समाजको सुधारमा देखाएको सक्रियताको सम्मान गर्दै पुनः शुभकामना दिन चाहन्छु उनको सिर्जनशील मस्तिष्कलाई ।

# सुनीता कार्कीको कवित्व

**डा.शैलेन्दुप्रकाश नेपाल**

सुनीता कार्कीको कवित्व जीवनवादी छ । कवयित्री सुनीता र उनका कविताहरू एकअर्काका पूरक भएझैँ अनुभूति हुन्छ । उनी स्वयम्ले भनेकी छन्– 'कविता मेरो जीवनमा वा जीवन मेरो कवितामा !' (कार्की, २०७० : १७) यस भनाइबाटै उनको कविता सिर्जना जीवनसापेक्ष छ भन्ने पुष्टि हुन्छ । जीवनलाई अनेक कोणबाट, सन्दर्भबाट अनुभूत गर्न सकिन्छ । सुख र दुःख, उन्नति र अवनति, आरोह र अवरोह, उज्यालो र अँध्यारो, अनुकूल र प्रतिकूल, हाँसो र आँसु यस्ता अनेक प्रसङ्गहरू हुन सक्छन् । जीवनसम्बन्धी गम्भीर चिन्तन गर्नेहरूले यसको रहस्यलाई खोतल्न सक्छन् । दार्शनिकहरू सूक्ष्म अवलोकनमा केन्द्रित हुन्छन् । कवयित्री सुनीता भने सहज भावहरूका माध्यमबाट जीवनको सर्वस्वलाई उद्घाटन गर्न अग्रसर देखिन्छिन् । आफ्ना अनुभूतिको आडमा जीवनका सौन्दर्यहरूलाई सरल शब्दावलीमा उनेर आकर्षक ढङ्गले प्रस्तुति दिनु कवयित्री सुनीता कार्कीको लोभलाग्दो विशेषता हो । जीवनलाई जुनसुकै कोणबाट स्पर्श गर्न सक्ने कवित्व मात्र आकर्षक र प्रभावशाली हुन सक्छ त्यो वैशिष्टच सुनीताका कविताले प्राप्त गरेका छन् ।

कविता सिर्जना केवल रहरले पूर्ण बन्दैन । कवित्वको बान्की आफ्नो जन्मजात प्रतिभालाई अनुभूतिसँग एकाकार गराएर कलात्मकताको जोहो गरेपछि मात्र प्रदर्शित हुने गर्छ । त्यो कला,

त्यो सौष्ठव र त्यो उपलब्धि सुनीताका कविताले प्राप्त गरेका छन् । यो अर्थमा नेपाली कविताको विशाल फाँटमा कवयित्री सुनीता कार्की मौलिकता र भावसम्पन्न स्रष्टाको पहिचानसहित आफ्ना सुन्दर रचनाहरू लिएर उपस्थित भएकी छन्, यो निकै हर्ष र गर्वको कुरा पनि हो ।

कविता लेख्ने सुनीताको प्रयास देख्दा लाग्छ उनी कवित्वलाई जन्मजात साक्षात्कार गरेर आएकी छन् र अति स्वाभाविक ढङ्गमा आफ्ना अनुभूतिलाई प्रदर्शन गराउन सक्षम छन् । धेरैलाई उनको कवित्व प्रवाह, विषयचयन, सरल तर मिठासपूर्ण शैली, सौन्दर्यको चरमता, सहज कला र चित्रमय प्रस्तुतिले ईर्ष्या लाग्न सक्छ । कवि र चित्रकार दुवै व्यक्तित्वको सम्मिलन बेजोड छ भन्दा अन्यथा हुने छैन । आफ्नो बहुआयामिकतालाई सुनीताले प्रदर्शन गरेकी छन् ।

कवयित्री सुनीता कार्कीका कविताहरू सरल छन्, सहज छन्, सङ्क्षिप्त छन्, भावमय छन्, प्रतीकात्मक छन्, कलात्मक छन् अनि छन् चित्ताकर्षक पनि । कति धेरै विशेषता छन् जति धेरै प्रशंसा गरे पनि कमै हुने ! कवयित्रीको सुन्दर, शालीन, आकर्षक, तत्पर, विनयशील र समर्पित व्यक्तित्वको सहज परिचय कविताकृतिहरूले दिएका छन् ।

'जानी नजानी' (२०७०) शीर्षकको कवितासङ्ग्रह लिएर नेपाली साहित्य फाँटमा देखा परेकी कवयित्री सुनीता कार्कीको आगमन प्रारम्भमै भरोसापूर्ण, अभिरुचिपूर्ण तथा उपलब्धिमूलक देखा पऱ्यो । जम्मा सैँतिसवटा कविता समेटेर प्रकाशित गरिएको पहिलो कृतिले नै उनलाई विशिष्टतातर्फ उचालेको पाइन्छ । विविध विषयवस्तुलाई सहज रूपमा ग्रहण गरेर कवितात्मक रूप दिन सक्ने क्षमता वा कलाले सुनीता सम्पन्न रहेको प्रमाण प्रत्येक कविताले दिएका छन् । छोटो, मीठो अभिव्यक्ति सुनीताको महत्त्वपूर्ण प्राप्ति हो । रसभाव, ध्वनि, अलङ्कार, गुण रीतिजस्ता सैद्धान्तिक सन्दर्भहरूले

यथास्थान महत्त्व पाएका छन् । 'जानी नजानी'भित्रका कविताहरूले कवयित्रीलाई सहज प्रतिभायुक्त स्रष्टाका रूपमा स्थापित गरेका छन् । मानौँ, उनी प्राकृत कलाकार हुन् ।

कविताहरू राष्ट्रप्रेम, मानवप्रेम, कर्तव्यप्रेम, अध्यात्मप्रेमजस्ता शाश्वत सन्दर्भहरूबाट परिपोषित छन् । राष्ट्रको समयानुकूल उन्नति र प्रगति तथा अरूको अस्तित्व रक्षासम्बन्धी चिन्ता कविताहरूमा प्रस्तुत गरिएको छ । राष्ट्रप्रति वितृष्णा जगाउनेहरूको विरोध गरिएको छ । अनि सुशासन, स्वच्छता, कर्तव्यनिष्ठताको आग्रह गर्दै प्रजातन्त्रप्रति तीव्र भाव व्यक्त भएको पाइन्छ । राष्ट्रको बेथितिप्रति तीव्र चिन्ता र सुधारको अपेक्षासहित आशावादिता प्रकट गरेको देखिन्छ । राष्ट्रप्रति इमानदार बन्नु, प्रेमभाव प्रदर्शन गर्नु र उन्नतिको कामना गर्नु प्रत्येक स्रष्टाको धर्म हो । सुनीता कार्कीको राष्ट्रप्रतिको भक्तिभाव उल्लेखनीय देखा पर्छ ।

**मास्नु हुन्न नेपाली भई नेपालको इतिहास**
**एकता रहे नेपाल हुन्छ नत्र हुन्छ अभिशाप ।**
**(पृ.२५)**

**सिर्जनाको बीउ छरी नयाँ नेपाल बनाऊ !**
**(ऐजन)**

**वाचा गरौँ आजैदेखि**
**देशका लागि मर्नेछौँ, देशका लागि जिउनेछौँ ।**
**(पृ.६०)**

**अरूको भूमिमा सुख केही हुन्न ।**

प्रसङ्गवश स्वाभिमानका राजहरू उरालिएका छन् । जीवनको परिभाषालाई, रङ्गरूप र महत्त्वलाई स्वाभिमानले मात्र विशिष्टता प्रदान गर्न सक्छ भन्ने सन्देश लुकेको कवितात्मक अभिव्यक्ति रुचिकर मात्र छैन, मर्मस्पर्शी पनि छ ।

**हात पसार्न जान्दिनँ म**
**पोल्टो थाप्न आउँदैन मलाई**
**खुट्टा खुम्चाई मन बाँधी**
**टाउको झुकाउन आउँदैन मलाई !**
(पृ.४३)

'साईराम', 'ओशो वन्दना'जस्ता कविताहरूले आध्यात्मिक भावलाई प्रकट गरेका छन् । प्रेमप्रणयका सुखानुभूति र विचलनको सन्दर्भहरू पनि आएका छन् । जीवनलाई मायाप्रेमकै सेरोफेरोमा हेर्ने प्रयत्न पनि गरिएको छ । 'अधुरो मिलन', 'प्यासी अधरहरू', 'एकअर्का', 'जानी नजानी', 'केवल यही चाहन्छु', 'यही हो प्रेम', 'माया'जस्ता कविताहरू यसका साक्षी हुन् ।

**चोखो माया साँचिरहेछु**
**तिम्रै प्यारमा बाँचिरहेछु ।**
(पृ.३८)

**स्मृतिपटमा केही अमिट छाप छाडेर जाऊ**
**मनभित्र तिम्रै नाम कोरेर जाऊ**
**यसैको यादमा कहिले हाँस्न सकूँ**
**कहिले आफैँलाई हराउन सकूँ !**
(पृ.४२)

जीवनका विविध पाटाहरू हुन्छन् । स्रष्टाले ती सबै पाटाहरूलाई आफ्ना अनुभूतिमा सजाएको हुन्छ । आशावादी स्वर उराल्नु मुख्य वैशिटच बनेर आउँछ भने निराशावादी स्वरले पनि आफ्नो प्रभाव देखाएकै हुन्छ । कवयित्री सुनीताका कवितामा पनि निराशावादी स्वर मुखरित भएको पाइन्छ ।

**भावनाका मेघहरू लथालिङ्ग छन्**
**सोच्ने मेरा क्षमताहरू भताभुङ्ग छन् !**
(पृ.३२)

**प्याला जहरको पिएझैँ**
**जिन्दगी यो जिइरहेछु**

**विश्वासघाती प्रेम लिएझैँ**
**मानसिक रूपले खिइरहेछु !**
(पृ.३४)

**किन यो रमणीय वातावरणले पनि मेरो हृदय छुन सक्तैन ?**
**किन यो शीतल पवन पनि मेरो हृदय छेउ पुग्न सक्तैन ?**
(पृ.५२)

**जिन्दगीसँग सम्झौता गर्दागर्दै थाकिसकेँ म !**
(पृ.६२)

स्वच्छन्दतावादी भाव र शैलीलाई अङ्गीकार गरी रमाइला कविता रचना गर्ने कवयित्री सुनीता कार्कीका कवितामा विविध रङ्ग पाइन्छ । कवितामा विषयलाई उठाउन गर्ने र त्यसको पहिचान गराउने कला निकै आकर्षक लाग्दछ । उनको बहुआयामिक व्यक्तित्वको प्रभाव कवितामा पनि परेको स्पष्ट हुन्छ । कवित्व र चित्रकारिताको समन्वय प्रभावकारी छ । प्रस्तुत कृतिभित्र कविता खण्डपछि कवयित्री आफैँले कोरेका तेह्रवटा सुन्दर चित्रहरू प्रस्तुत गरिएका छन् । चित्रहरू जीवन्त छन् । तिनले कवयित्री सुनीतालाई चित्रकारका रूपमा चिनाएका छन् । उनका कविताहरू आकर्षक, रोचक र विशिष्ट बन्नुको एउटा प्रबल कारण उनको चित्रकारिता हो । कविता र चित्र दुवै मिलेर मूर्त अमूर्त मनोदशाको सटीक बिम्ब प्रस्तुत गरेका छन् । कवितामा पूरा बिम्बलाई आकर्षक ढङ्गमा राखिएको छ ।

अर्को उल्लेखनीय पक्ष भनेको प्रत्येक कविताको पुछारमा सो कवितालेखनको पृष्ठभूमि, प्रभाव र अनुभूतिगत सन्दर्भबारे टिप्पणी दिइएको छ । यसबाट कविताको अर्थलाई सहज रूपमा बोध गर्न सजिलो भएको छ एकातिर भने अर्कातर्फ कवयित्रीको रोचक गद्यशैलीबारे जानकारी उपलब्ध भएको छ । मर्मस्पर्शी दृष्टान्तहरू प्रस्तुत गरेर आफ्नो बहुशिल्पलाई उद्घाटन गर्ने कवयित्रीको क्षमतालाई धन्यवाद दिनैपर्छ । पद्यजस्तै गद्यकारिता पनि आकर्षक छ । कवितामा

आफ्ना मातापिताप्रति सम्मान व्यक्त गरिएको छ भने सन्तानहरूप्रति वात्सल्यभाव प्रकट गरिएको छ । सहज, स्वाभाविक, सरलतर, मिठासपूर्ण भाषाशैली प्रयोग गर्नु कवयित्रीको विशेष खुबी हो । कतिपय ठाउँमा आगन्तुक शब्दहरू पनि प्रयुक्त छन् । गीतिमय शैली आकर्षक छ । दृश्यन्तमूलक प्रस्तुतिले भरिएका कविताहरूमा सौन्दर्यानुभूतिको चरमता प्राप्त छ । दार्शनिक चेत टड्कारो रूपमा प्रदर्शित भएको देखिन्छ ।

**दुई विपरीत ध्रुवका दुई कटु सत्य हुन् जीवन र मृत्यु**
**एकले अघि बढ्न प्रेरित गर्छ अर्को शून्यतामा बिलीन हुन्छ ।**
(पृ.४९)

एकाध कविताहरू अपेक्षाकृत लामो संरचनामा देखिन्छन् भने सबैजसो कविताहरू छोटो आभासमा संरचित छन् । वैदेशिक रोजगारमा जानेहरूको पीडा, परमात्माको सर्वोपरिताको गुणगान, राष्ट्रलाई धोका दिनेहरूप्रति तीव्र व्यङ्ग्यजस्ता सन्दर्भले सुनीताका कवितालाई सशक्त बनाएको पाइन्छ । आलङ्कारिक अभिव्यक्तिले सजिएका कविताहरू नेपाली साहित्यका महत्त्वपूर्ण निधि साबित हुने पक्का छ ।

कवयित्री स्वयम्ले 'शब्दहरू त्यति प्रबल छैनन्, भावना पनि त्यति गहिरा छैनन् (पृ.३५) ।' भने पनि यसमा उनको विनयशीलता प्रदर्शित छ । उनका कविताको भाषाशैली विशिष्ट छ, सुमधुर छ अनि भाववहन गर्न सक्ने क्षमताले युक्त रहेको स्पष्ट छ । सुनीता कार्कीको कवित्वले धेरैलाई प्रभावित, प्रेरित तुल्याउन सक्छ । जब कविता जीवनानुभूतिसँग एकाकार भएर अभिव्यञ्जित हुन थाल्छ तब त्यसले जीवन्तता प्राप्त गर्दछ । यो कुरा सुनीताका कवितामा पूर्णतया लागू हुन्छ ।

निष्कर्षमा कवयित्री सुनीता कार्कीको कवित्व विषय, भाव र शैलीगत मौलिकता र आकर्षणले भरिपूर्ण छ । जीवनलाई अन्तर्बाह्य

दुवै पक्षबाट अनुभूत गर्नु र त्यसलाई कवितात्मक रूप प्रदान गर्नु कवयित्रीको वैशिष्टच हो । व्यक्तिसत्ता, परिवार, समाज, राष्ट्र र समस्त मानव जीवनपद्धतिलगायत अध्यात्मकेन्द्रित जीवनशैलीको आकर्षणले परिपूर्ण कविताहरू पठनीय छन्, उत्कृष्ट छन् । मूलतः गद्यशैलीमा देखा परे पनि गीतिमय विशेषताले भरिएका कविताहरू सुमधुर र मर्मस्पर्शी छन् । बिम्ब र प्रतीकहरूले आलङ्कारिक भावविधानले कवितालाई सिँगारेका छन् । कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह अपेक्षाकृत गुणशाली बनेर आएको छ । यसको सम्पूर्णतः स्वागत गर्नु हाम्रो कर्तव्य हो ।

# 'जानी नजानी' : मानवहृदयका साझा जेथा

**प्रा.डा.सञ्जय बान्तवा**

सुनीता कार्कीकृत 'जानी नजानी' कवितासङ्ग्रहका कविताहरू पढ्ने सुअवसर पाएँ । सायद यही कवितासङ्ग्रह उनको पहिलो प्रकाशित कृति हुन गइरहेछ । यद्यपि प्रकाशकीय लेखका माध्यमद्वारा सुनीता कार्कीको सिर्जनशीलता नयाँ होइन भन्ने जानकारी पाइन्छ । गीतिरचना र तिनका ध्वन्याङ्कन तथा प्रसारणद्वारा सुनीता कार्की जनमानसमा एक सफल स्रष्टाका रूपमा अगावै परिचित छन् । त्यसो भएकाले सुनीता कार्कीको यो कृति आगमन एक परिपक्व, परिमार्जित र अध्यवसायले पाकेका एक प्रौढ कविको योगदान नै ठहरिन्छ । इन्द्रबहादुर राईले भनेका छन्– 'लेख्नमा पक्का भइसकें भन्न सक्नेहरूले मात्र आफ्ना रचनाहरू पुस्तक रूपमा प्रकाशित गर्नुपर्ने हो ।' सुनीता कार्कीको यस प्रकाशनले त्यही आत्मविश्वास टेक्दैटेक्दै यहाँसम्म आइपुगेको छ ।

केही गद्य संरचनाका तथा अधिक प्रगीतात्मक संरचनाका यी कविताहरू नेपाली साहित्यमा नौलो प्रभाव दिन सक्षम हुने खालका देखिन्छन् । यस सङ्ग्रहमा मानिसका जीवनमा अटुट रहने सुखदुःख, पीडा, हर्ष, आनन्द, हाँसो, आँसुजस्ता मानवीय संवेदना एवं भावका कविता छन् । सरल भाषाको बालीमा बयेली पर्दै खेल्ने हावाको उपस्थिति र अदृश्य अस्तित्वजस्ता कविताभाव अत्यन्त मसृण तथा अनुभूतिपरक छन् । कविता पढ्दा, यी ता प्रत्येक व्यक्तिले प्रत्येक

पल अनुभव गरिराखेका आफ्नैआफ्नै मनमस्तिष्कका कुरा हुन् जस्ता लाग्छन् । मानवहृदयका अन्तरकुन्तरबाट टिपिएका साझा जेथाजस्ता लोभलाग्दा पद्यगुच्छ लाग्छन् ।

सुनीता कार्कीका कवितामा प्रेम स्थायीभाव छ । प्रेमका अनेक पक्षहरू उद्घाटित छन् । स्त्रीपुरुषमाझको प्रेम, तरुण हृदयमा छचल्किने आकण्ठ प्रेमको उद्याम भाव, नारीको प्राकृत प्रेम । जीवनको मृगयामा मानिसको प्रेम आखेट भएर अघिअघि फड्को हान्दछ र उसका भाव त्यसैको चलायमान छाया देखेर कुद्दछ । जीवनको मोह र त्यसप्रतिको प्रेम अझ केन्द्रिकृत बन्दछ । प्रगीतात्मक संरचनामा अभिव्यञ्जित यस सङ्ग्रहको शीर्षक कविता 'जानी नजानी'मा प्रेमका विविध स्वरूपले आफ्नो उपस्थिति देखाएको छ–

**चोखो माया साँचिरहेछु**
**तिम्रो प्यारमै बाँचिरहेछु**

**आऊ नआऊ तिमी मकहाँ**
**पछ्याउनेछु गाउँगाउँमा ।**
**(जानी नजानी)**

यसमा प्रेमको रुमानी भाव, प्रतीक्षा, समर्पणको भाव प्रत्यक्षत: देखिन्छ । वास्तवमा यो प्रेमको निश्छल स्वरूप हो । मांसल तथा भावात्मक स्वरूपमा सरोवर देखिएको प्रेम 'गाउँगाउँमा' पनि प्रेमिल छाया खेदेर सार्वभौम भावको प्रतिनिधि बन्न उत्सुक छ ।

सुनीता कार्कीका कवितामा अत्याधुनिक समयसम्मका नेपाली कवितामा चलेर आएका प्रतिमान, रूपक तथा सङ्केत व्यवस्थाका पारम्परिक चिह्नभन्दा भिन्न र नयाँ पाराका काव्य समन्वयनको प्रचलन अधिक देखिन्छ । उनको काव्य साकल्यमा सरलता एक आकर्षक बिम्ब बनेको देखिन्छ । सामान्य मनस्थितिलाई प्रतिनिधित्व गर्ने कविताका विषय र क्षेत्रलाई हेर्दा कविले कलाको शास्त्रीयतालाई

भन्दा अधिक यथार्थको वास्तविकताभित्र गुम्फित रहने प्राकृत सौन्दर्य र जीवनलाई मुखरतासित लेख्न खोजेका छन् । यस दिशामा अत्यधिक सफलता पाएका पनि छन् । सरल भाषामा गम्भीर कुरा लेखिइएका छन् । कविले बिम्ब, प्रतीक, मिथक आदिका सत्प्रयास प्रयोगदेखि आफ्नो सिर्जनालाई पर राखेका छन् । उनका प्रत्येक कविताले एउटाएउटा घटनाको प्रतिबिम्बन गरेको छ । त्यही घटना (जैविक/आन्तरिक), द्वन्द्वलाई आख्यानीकृत गरिएकाले कवितारचनाको प्रभाव बिम्बात्मक बनेको छ । नेपाली कवितामा आख्यानात्मक संरचनाको सौन्दर्यपूर्ण प्रभाव सुनीता कार्कीका रचनाले पनि थपिदिएको छ ।

सुनीता कार्कीका कवितामा पाइने रोमान्टिक भावले अतीत मोह, समर्पण, त्याग, सेवा, नैसर्गिक जीवनको मोहप्रति तटस्थताको भाव (पलायन/विपश्यनाको स्थिति), इतिहासचेतनाजस्ता नयाँ पारिस्थितिक आयामलाई पनि आफूसित जोडेको पाइन्छ । कवि स्वच्छन्द बनेर जे र जहाँ पनि (सानी बालिकाले फूलबारीमा घरी फूल छोएर घरी पुतली खेदेर रमाएजस्तो) कविता छोई हिँडेजस्तो देखिए तापनि समाजपरक चिन्तनधारासमेत उनका कवितामा प्रस्ट रूपमा देखिन्छ–

**खुकुरीको धार हाम्रो वीरताको इतिहास**
**हाम्रो नेपाल नेपाली हामी पुर्खाको आशीर्वाद**
**मास्नु हुन्न नेपाली भई नेपालको इतिहास**
**एकता रहे नेपाल हुन्छ नत्र हुन्छ अभिशाप ।**
**(एकता)**

नेपाली जातीयता र अतीतको गौरवशाली इतिहाससँग वर्तमानको अराजक अवस्थालाई तुलना गरेर हेर्दा यस कवितामा दुःख, पीरभन्दा अधिक यथास्थितिको कारणको विश्लेषण र आलोचना भएको छ । यसले कविको भविष्यप्रतिको चिन्ता सकारात्मक भई उठेको देखिन्छ । आलोचना मात्रै भए दुःख अधिक हुने हुन्छ; कारणसमेतको विश्लेषणले

यहाँ केही औपदेशिकता पनि हुर्केको देखिन्छ । यस्तो अवस्था अरू पनि केही कवितामा छन् । यद्यपि औपदेशिकता पनि जैविक रूपमा समाजबाट असम्पृक्त रहने कुरो होइन– नेपाली कविताको यो पारम्परिक नैतिक आचरण नै हो । यसले सुनीता कार्कीको कविलाई नेपाली कविताको परम्परासँग जोड्दछ । परम्पराविच्युतिको सङ्कट झेलेर कहिलेकाहीँ नेपाली कविता अधिकतम विपत्तिमा परेको ऐतिहासिक मोडहरू पनि छन् । परम्पराभन्दा भिन्न भएर मौलिक हुने भन्ने भ्रमले अनर्गल सिर्जनाको डङ्गुर थुप्रिएर नेपाली कविताको पर्यावरण बिथोलिएको बेला परम्परासम्पृक्त कदम अघि टेकेर आउने सुनीता कार्कीजस्तै केही कविहरूले (नेपाल/भारतमा) साहित्य सिर्जनालाई 'प्रभाव-चिन्ता' (एङ्जायटी अफ इन्फ्लुअन्स)बाट बचाइरहेको देखिन्छ ।

माथि उल्लेखित पद्यांशमा 'अभिशाप' नेपालको सन्दर्भमा एउटा सामाजिक मिथ हो, जसले इतिहास र वर्तमानलाई विग्रहको सङ्कटसँग सतर्क राख्दछ– उज्ज्वल भविष्यप्रति सजग पनि । यस्तो सामाजिक ऐतिहासिक चेतनाले गर्दा सुनीता कार्कीको कवितामा सामाजिक, राजनैतिक अवस्थाप्रतिको चेतना र व्यङ्ग्य एक आवर्तक भाव बनेको पाइन्छ–

**विदेशी राष्ट्रका नेताहरू अनुदान लिएर आउँदा**
**नयाँ नेपालको सडकहरू भताभुङ्ग भए जस्ता ।**
..................................................
**राजभक्तहरूले गोप्य कागज सिध्याउन**
**सिंहदरबार नै जलाइदिए जस्तो !**
..................................................
**कोसभित्र हराउन खोज्दा बाँध फुटेर बहिदिन्छन्**
**कोशी, गण्डकी र महाकालीका जल ।**
**(बितिसक्यो)**

यस कविताको आशयलाई यसको शीर्षक 'बितिसक्यो'ले नै स्पष्ट पारिदिएको छ । ठूलाठूला बिम्ब, प्रतीक तथा अभेद्य, दुर्बोध्य,

परोक्ष कथनलाई तोडेर सरल मनोभावसँग भन्ने कुरो फ्याट्ट भनिदिँदै सत्य ओकल्ने यी कविताले तर आफ्नो काव्यात्मक लक्ष्यार्थबोधलाई पनि छोडेको छैन । मनका पीरहरू पनि आँसुमा बहँदा 'कोशी, गण्डकी र महाकालीका जल'जस्ता विवादास्पद बन्छन् । यहाँ 'जल' शब्दको संयुक्तिद्वारा कविले सामाजिक, राजनैतिक, आर्थिक विवशतालाई लेख्न सकेकी छन् । कवि यस्तो समवेदनाले सामूहिक रूपमा स्थापत्य पाउन सके समाज स्वालम्बनतिर जाँदो हो भन्ने प्रत्याशा ध्वनित गराउँदछिन् । ऐतिहासिक सत्य र वार्तमानिक वास्तवताको बहुविध चित्रण गर्न सक्ने कविता नै अद्यावधिक हुन्छ ।

यस सङ्ग्रहमा यस्ता कोटिका कविताहरूमध्ये 'एकता', 'बितिसक्यो', 'चीत्कार', 'नयाँ नेपाल', 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता', 'हिजो आज अनि भोलिको चित्रण' आदि अधिक मुखर छन् । 'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता'मा व्यङ्ग्य अधिक छ अनि 'हिजो आज अनि भोलिको चित्रण' कवितामा यस्ता विचारको निष्कर्ष ।

जैविक वास्तविकताका अतिरिक्त यसका अपरिहार्य घटकतत्त्व 'जीवन'लाई कविले विभिन्न कोणबाट हेरेका छन् । कहिले सम्पृक्त, कहिले असम्पृक्त भाव, अनुभूति तथा अनुभवका माध्यमबाट कवितामा जीवन प्रकटित बनेको छ ।

जीवनमा आउने कटुताको चित्रण मार्मिक बनेको छ– 'पिइरहेछु' शीर्षक कवितामा–

**प्याला जहरको पिएझैँ**
**जिन्दगी यो जिइरहेछु**

**निरन्तर बहने सरिताझैँ**
**निश्छल माया दिइरहेछु**

**अनन्त जलन पिइरहेछु ।**
**(पिइरहेछु)**

कविको 'जीवन'को जटिलता अधोगामी अथवा सरल रैखिक मात्र छैन । क्षैतिजीय बनेर यसको अनुवीक्षण केही अभ्युद्देशात्मक पनि बनेको देखिन्छ–

**आवेगको अनुभूति हुँदा संसारै जलाउन चाहन्छु**
**तर पनि थाहा छ आवेग क्षणिक र मर्मदायक हुन्छ**
**यी क्षणहरूमा स्वतन्त्र पक्षीझैँ थाहा छैन कहाँ हुन्छु ?**
**उन्मुक्त क्षण बितेपछि पुनः आफैँभित्र सीमित हुन्छु ।**
**(पिइरहेछु)**

कटुता, दु:ख, अप्राप्ति, जीवनका सङ्कट सबै क्षणिक यद्यपि मर्मलाई छोएर दुखाउने हुन्छन्– यी विकटतालाई मानिसको सहन क्षमताले पुनः अस्तित्वमा नै विलय गराइदिन्छन् । मानिसको यही आफैँलाई भित्रतिर हेर्ने शक्ति जिजीविषा हो । यस कविताको अन्तिम पदले मानवको विजिगिषु जैवतत्त्वलाई उत्प्रेरित एवं प्रतिफलित गराएको छ–

**तर नसोचून ती क्षितिजले**
**लाली गुमाएर चिताको आशामा जिइरहेछु ।**
**(पिइरहेछु)**

यस पदमा परोक्षत: कविले मानवजीवनको प्राकृत स्वभावलाई व्यक्त गरेका छन्– मानवसभ्यता आफ्नो हारजितले विकसित नबनेर सङ्घर्षले निर्मित छ । हार मानेर जीवनको अन्त्य (चिता) नस्विकार्ने कविको ठनाइ छ । सुनीता कार्कीका कवितामा कथन स्थापना उक्तिविरोधद्वारा भएको पाइन्छ । यसैले उनका काव्यभाषामा लोकअनुभवको सारशब्द निर्माणतिरको उन्मेष देखिन्छ ।

सुनीता कार्कीले भावुक क्षणको अभिव्यक्ति, जैविक इच्छा, समर्पणको भाव साथै 'नारी स्व'का क्षेत्रमा पनि कलम चलाएको देखिन्छ । उनको लेखक/कवि चेतना र लैङ्गिक चेतनामा अस्तित्वको सङ्कटग्रस्तता प्राय: छैन । उनका कवि स्वाभाविक रूपमा नारीको

प्राकृत सिर्जनस्वभाव, भावमय एवं सरल स्नेहको छवि प्रस्तुत गर्नमा उद्योगशील रहेको देखिन्छ । प्रेममा समर्पण, कर्तव्यमा अस्तित्व विलयन तथा नारीको धरणी रूप आदिले कविताको कायामा प्रवेश पाएको छ ।

भावुक क्षणको अभिव्यक्ति हेरौँ–

**सरिताको कलकलसँगै सुसाउन**
**प्रत्येक प्रथम रविको किरणसँगै मुस्काउन**
**नव कलिको फक्राहटसरह फक्रिन**
**अनि यी आफ्ना आन्तरिक इच्छाहरूमा तगारो हाल्न**
**र केही उन्मुक्त खित्काहरू छोड्न ।**
**(पागल)**

मनिसका जैविक इच्छा र समर्पणका भावको सुन्दर अभिव्यक्तिहरू यत्रतत्र छन्–

**हाँस्ने गरेका दुई पलहरू**
**एकान्तमा किन कल्पिदिन्छन् ?**
**भावना शून्य मस्तिष्क पनि**
**सुनसान रातमा किन तरङ्गित हुन्छ ?**
**एक्लै बाँच्ने रहरहरू**
**निशाको गहिराइमा किन विलीन हुन्छन् ?**
**(प्यासी अधरहरू)**

नारीको प्रेममा स्नेहासिक्त समर्पण र कर्तव्यमा नारीस्वको विलयन गर्न तत्पर कविको मनोभाव पढ्दा कविता मर्मस्पर्शी बन्दछ–

**जूनसित यही माग्नेछु**
**सदा आफूझैँ शीतल प्रकाशले भरिदेऊ भनेर**
**प्रभातसँग भिखारी बनिदिनेछु**
**तिम्रो जीवनमा नवकिरण छरिदेऊ भनेर ।**
**(मेरा सन्तानलाई)**

यद्यपि नारीको अस्तित्वमा समाजको जुनसुकै वर्गले चोट पुऱ्याउन खोजे कविको विरोध पनि उत्तिकै टड्कारो भई उठ्दछ–

**नारीको धर्म बुझाउने**
**हे पुरुष जाति !**
**के तिमीले पनि आफ्नो कर्म निभाइरहेका छौ ?**
**(महापुरुष)**

सुनीता कार्कीका यी कवितामा नारीमनका कोमल, सरल, अविच्छिन्न, संस्कारित भाव व्यक्त भएका छन् । यसले नारी रूपको प्राकृत र स्वाभाविक प्रतिबिम्बन गरेको छ । यी कविताका लक्ष्य मानवीय भावको उद्दीपन गर्नु रहेको देखिन्छ ।

यस सङ्ग्रहमा एकदुई कविता आकारमा केही लामा र गद्य शैलीका छन् । तिनमा कविले विराट् प्राकृतिक बिम्ब, केही शास्त्रीय आचारणका रूपक आदिको प्रयोग पनि गरेका छन् । यसले कवितालाई व्यञ्जनापूर्ण बनाउन सहयोग गरेको छ–

१. स्वच्छन्द निरन्तर बहने सरिता

**मन्जिलविहीन, कोलाहलमिश्रित क्रन्दन 'ऊ'**
**सङ्गीतमय, निर्मल उद्देश्य परिपूर्तितर्फ अग्रसर 'म' ।**
**(मृत्यु ऊ जीवन म)**

२. प्रदीप्त अन्धकारविनाशक भानु

**जग भस्मतर्फ उत्प्रेरित प्रज्ज्वलनशील अग्निको ज्वाला 'ऊ'**
**त्रासमय रजनीको वासपछिको नवकिरण प्रदान गर्ने ज्योति 'म' ।**
**(मृत्यु ऊ जीवन म)**

उपमा, रूपक आदिका प्रयोगद्वारा प्रकृतिको तात्त्विक एवं आन्तरिक मिश्रित बिम्ब सिर्जना गर्दै यस कवितामा 'जग भस्मतर्फ', 'अग्निको ज्वाला', 'त्रासमय रजनीको वास' आदि काव्यिक प्रतिमान आदिले एक शाश्वत जीवनको प्रतिच्छाया उभ्याउँदछ । यस कविताको भाव अर्थात् वैचारिकता जीवन र मृत्युमाझको द्वन्द्वलाई चित्रण गर्नतर्फ अग्रसरित छ ।

उदाहरण हेरौँ—

**पतझड वृक्ष**
**मृत्युको काखमा पुगेर नाङ्गिएको नरकङ्काल ऊ**

**दुई विपरीत ध्रुवका दुई कटुसत्य हुन् जीवन र मृत्यु ।**
**(मृत्यु ऊ, जीवन म)**

कविले सामान्य भौतिक विषयवस्तुदेखि लिएर आन्तरिक जीवनदर्शनका क्षेत्रतिर पनि विचारभाव मन्थन गरेका छन् । कविताको शीर्षकमा ध्वनित दुई विपरीत यथार्थलाई कविले व्यञ्जनामय तुल्याएका छन् । कविको जीवनदर्शनमा यथार्थ जगत्को सङ्घर्षसँगसँगै अध्यात्म चिन्तन पनि उत्तिकै सक्रिय रहेको पाइन्छ । ईश चेतना तत्त्व पनि उनका कवितामा पाइने एक प्रमुख विशेषता हो । यस दिशामा कविले 'साईराम', 'ओशो वन्दना' आदि कविता लेखेका छन् । यिनमा पाइने ईश तत्त्व जीवनसङ्घर्षको सम्बलको रूपमा सकारात्मकतासहित उभेको छ । यस सङ्ग्रहमा कविका अत्यन्त वैयक्तिक लाग्ने यद्यपि सार्विक चेतनाअनुकूलका विषयगत कविताहरू पनि सामेल छन् । ऐहिकसँगसँगै अनैहिक भाव, शान्त र उद्रिक्त चेतनाका प्रवाह आदि कविका व्यक्तित्वका मूलभूत प्रतिबम्ब हुन् ।

अन्ततः 'जानी नजानी' कवितासङ्ग्रहका कविताले बहुविध विषय, क्षेत्र तथा दृष्टिगत अध्ययनको आग्रह राख्दछ । यसमा अनेकौँ अनावृत सत्य र तथ्यहरू चलायमान रहेका छन् । कविले यस सङ्ग्रहको शीर्षक 'जानी नजानी' राखेर सरलता, सौम्यता साथै सिर्जनात्मक विनम्र भाव व्यक्त गरेका छन् । प्राकृत र सरल अवस्थाका स्वतःस्फूर्त, प्रवाहमान यी कविताका रहमा लुकेका क्रूर र जीवनझैँ सलबलाउने अधिकाधिक भावका माछा पक्रिन पाठक एवं विद्वत्जन यिनमा अवश्य हेलिएलान् ।

'जानी नजानी'को विशेषतालाई बुँदागत रूपमा हेर्दा ती यस्ता छन्–

– संरचनात्मक वैशिष्टय– छोटो र तीक्ष्ण अभिव्यञ्जनात्मक स्वरूप, शैली ।
– नयाँ प्रकारका कवितात्मक रूपक एवं प्रतिमानका उपयोग ।
– स्रष्टा एक गीतकार भएकाले कविता संरचनामा भिन्न मौलिकता ।
– रूपकात्मकता, लोक अभिव्यक्ति समकक्षीय उक्ति विरोध ।
– बिम्ब, प्रतीक र मिथकको स्वाभाविक प्रयोग ।
– ईश चिन्तन, नारीको सौम्य आचरणको उद्घाटन, नागरिक जीवनको सुरक्षाको सरोकार, जातीय एकता र उन्नतिको चिन्ता, मानवता, राष्ट्रको सार्वभौमिकताको रक्षाप्रतिको प्रतिबद्धता ।
– सरल कवि व्यक्तित्वको प्रकाशन ।

यस सङ्ग्रहमा एउटा छुट्टै विशेषतास्वरूप कवि सुनीता कार्कीले आफ्ना प्रत्येक कविताका पार्श्वभूमि बताएर आफ्नो रचनाधर्मिताको पारदर्शिता एवं इमानदारितासमेत दर्साएकी छिन् । यसले पाठकसमाजलाई कविता आस्वादनका निम्ति अझै विस्तृत आधार उपलब्ध गराउनेछ ।

'जानी नजानी' कवितासङ्ग्रह कवि सुनीता कार्कीको यो कृति पाठक र विद्वत्जनका संसारमा पुगी रचनात्मक प्रभातको नवकिरणमाझ एक कीर्ति नै बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । शुभम् ।

# रचनागर्भमा सुनीता कार्कीका रचना

**ज्ञानु अधिकारी**

नेपाली कवितासृजनाको पछिल्लो समयमा ‘जानी नजानी’ (२०७०) कविता तथा गीतसङ्ग्रह लिएर देखा परेकी सुनीता कार्कीले नेपाली नारीस्रष्टाको इतिहासमा आफ्नो सृजना वा कृतिका माध्यमबाट एउटा इँटा थप्ने काम गरेकी छिन् र आगामी दिनमा उनका यी कृतिरूपी इँटाहरूले नेपाली साहित्यलाई आफ्नै किसिमले समृद्ध तुल्याउनेछन् भन्ने कुरामा आशा गर्ने ठाउँ छ ।

सुनीता कार्की नेपाली नारी कवितालेखन तथा गीतसृजनामा मानवीय संवेदनालाई प्रस्तुत गर्ने सर्जकका रूपमा देखिएकी छिन् । उनको ‘जानी नजानी’ कवितासङ्ग्रह विविध विषयका सैँतिसवटा कविताहरूको सङ्ग्रह हो । यसमा उनी कलाकारका रूपमा पनि देखिएकी छन् र यसमा रहेका तेह्रवटा चित्रहरूले उनलाई चित्रकारका रूपमा पनि चिनाएका छन् । अरु अर्को थप विशेषता यस कृतिभित्रका सबै कवितामा उनका रचनागर्भहरू रहेका छन् र उनका तिनै रचना गर्भतिर प्रवेश गर्ने प्रयास यसमा गरिएको छ ।

कवि सुनीता कार्कीको प्रस्तुत ‘जानी नजानी’ कविता तथा गीतसङ्ग्रहमा जम्मा सैँतिसवटा सृजना छन् र ती प्रत्येक सृजना (गीत/कविता)का अन्त्यमा केही साना अक्षरमा रचनागर्भ पनि प्रस्तुत गरिएको छ । यो नयाँ प्रवृत्ति हो । कतिपय रचनागर्भहरू कुतूहलता उत्पन्न गर्ने खालका पनि छन् ।

'...यसपछि हामीले उहाँको चरणको सान्निध्य पाएनौँ । यही सान्निध्य हाम्रो शान्तिका लागि र जीवनभरका लागि ऊर्जाशक्ति बनेर रहिरह्यो ।'

यो अर्थ 'साईराम' शीर्षकको पहिलो कविताको चौरान्नब्बे पङ्क्तिको रचनागर्भको एक पङ्क्ति हो र यसैका आधारभूमिमा कविता रचिएको भनेर उनले उल्लेख गरेकी छन् ।

'एकता' शीर्षकको कविताको रचनागर्भ यस्तो छ–

'यी दुई लहर नेपाली हुनुको गौरव, नेपालीको स्वाभिमान, गोर्खालीको पौरख, साहस तथा बन्धुत्वको आवश्यकतालाई हृदयङ्गम गर्दै कोरिएका हुन् ।'

'अधुरो मिलन' शीर्षकको कविताको रचनागर्भका केही शब्द यस्ता छन्–

'यो पनि त्यस्तै एक प्रकारको प्रयास मात्र हो, जो कोर्दाकोर्दै अनायासै अघि बढिदिएछ ।'

यहाँ उद्धृत गरिएका यी रचनागर्भका आधार र विषय फरक छन् । पहिलोमा साईबाबासँगको सान्निध्यको प्रसङ्ग छ । दोस्रोमा नेपाली हुनुको गौरव बोधको उत्प्रेरणाबाट कविता लेखिएको रचनागर्भ छ र तेस्रोमा अनायासै भाव उत्पन्न भएको कुरा प्रस्तुत गरिएको छ । यी तीनवटै रचनागर्भका परिवेश भिन्न छन् ।

'प्यासी अधरहरू' शीर्षकको कविता के कस्तो पृष्ठभूमिमा सृजना भएको छ त ? भन्ने प्रश्नको उत्तर तलको रचनागर्भले देखाउँछ–

'...तर अबुझ नेत्रहरूको शङ्कामा कसरी एक स्त्री कन्दन गर्छे भन्ने तथ्य प्रस्तुतिका लागि रचिएका हुन्, यी दुई लहरहरू । एक आफन्तको हृदयबाट सृजित हुन पुगेका हुन् यी पङ्क्तिहरू ।'

'पिइरहेछु' शीर्षकको कविता कसरी सृजित भयो त ? सामान्य रूपमा वा जबर्जस्ती ? सुनीताले यसमा आफूलाई ढाँटेकी छैनन् । यो कुरा उनको रचनागर्भले नै बोल्छ र स्पष्ट शब्दमा–

'शब्दहरू त्यति प्रबल छैनन्, भावना पनि त्यति गहिरा छैनन तर मनमा उठेका भावलाई कोर्दै छु ।'

यो कविता सृजनाप्रतिको आत्मस्वीकृति हो । यस्ता धेरै किसिमका अन्य आत्मस्वीकृतिहरू पनि अन्य रचनागर्भहरूमा देखिन्छ । आफ्नो विवाहपश्चात्कै नौलो परिवेश कस्तो लाग्यो त ? सुनीताको 'एकअर्का' कविताको रचनागर्भका यी पङ्क्तिहरूले स्पष्ट पार्छन्–

'बिरानोपनलाई रोक्न खोजेर नयाँ ठाउँ, नौलो परिवेश, नयाँ अनुहारहरू, नयाँ नाता सबैसँग सामञ्जस्य स्थापित गर्न चाहने हर कोसिस र प्रयासको परिणति हो यो ।'

रचनागर्भमा लेखकले आफूलाई ढाँट्नु हुँदैन । यदि आफूलाई ढाँटियो भने त्यसबाट रचनाको शक्तिसमेत क्षीण हुन्छ । एउटी नारीमाथिका पुरुष आशङ्काहरू, कवितासृजना गर्न बस्दा भाव र शब्दहरू दुर्बल भएको कुरा अनि नवविवाहिता नारीका मनभित्रका अनेक संशयहरू सुनीताले निर्धक्क भनेकी छिन् । लाग्छ– उनी रचनागर्भहरूमा झूट बोल्दिनन् ।

'जानी नजानी' शीर्षकविताको रचनागर्भ विदेशी एक जोडी युवायुवतीका प्रेमिल परिवेश रहेछ भन्ने कुरा ठम्याउन तलका पङ्क्तिहरू पर्याप्त छन्–

'टहल्दाटहल्दै एउटी युवतीको पछिपछि लागेर एउटा युवक हाम्रै होटेलको तलबाट गइरहेको दृश्य प्राय: सधैँजसो देख्दा मेरा हात अनायासै चल्न थालेछन्, एक सरल रचनाको सृजना गर्दै ।'

कुनै कारणबिना कार्य हुँदैन भन्ने कुरा सृजनामा लागू हुन्छ । सुनीताको कविता सृजनकार्यका लागि यस्तै घटना पनि कारण बनेका छन् । उनको 'केवल यही चाहन्छु' कविताको रचनागर्भ आफ्नो स्पष्टीकरण यसरी दिन्छ–

'निकै वर्षको साथपछि टाढा हुन लाग्दा कताकता लोचनहरू रसाएर आएछन् । हृदय एक प्रकारको भारीपनले भरिएछ र शब्द कोर्नतर्फ हातहरू सलबलाएछन् ।'

साथीहरूसँगको बिछोडमा सुनीताको हृदय द्रवित भएको घटना पनि यस सङ्ग्रहका कविता लेखिएको कुरा यसबाट स्पष्ट हुन्छ ।

टेलिभिजनमा धार्मिक कार्यक्रम हेरिरहँदा वा सिरियलहरू हेरिरहँदा पनि त्यसबाट अभिप्रेरित भएर कविता लेखेको कुरा 'चञ्चल' कविताको रचनागर्भका रूपमा यसरी प्रस्तुत गरिएको छ–

'विश्वामित्रको तपस्या टुट्दा पहिलो पटक जब मेनकामा उनको नजर परेथ्यो, सायद उनको अभिव्यक्ति यस्तै हुनुपर्छ भन्ने अड्कल गरेर कोरिएका हुन्, यी दुई लहरहरू ।'

रचनाको गर्भरचना गर्भ हो र हरेक रचनाका पछाडि त्यसको गर्भ लुकेको हुन्छ । कविता सृजनाको पीडालाई सुनीताले 'नजिक आइदिन्छु' शीर्षकको रचनागर्भमा यसरी व्यक्त गरेकी छन्–

'हातमा भएको कलम कहिले आफैँ सरर्र अघि बढ्छ भने कहिले घण्टौँ प्रतीक्षा गर्दा पनि शून्यमा त हात लाग्छ । कविता लेख्ने क्षमता त ममा छैन, तर पनि पानाभरि काला दाग भने बनाइ नै रहन्छु ।'

नेपालमा दस वर्षसम्म सशस्त्र द्वन्द्व चलिरह्यो । दोहोरो बन्दुकको मारमा परेर धेरै सर्वसाधारण नेपालीहरूको मृत्यु भयो । यस्तै सशस्त्र द्वन्द्वका परिवेशलाई विषय बनाएर लेखिएको 'चीत्कार' शीर्षकको कविताको रचनागर्भ यस प्रकार रहेको छ–

'नेपाल आमाका काखमा चलेको द्वन्द्वको एक चित्रण हो यो । श्रीमान्को असामयिक मृत्युपछिको एक विधवाको जीवन कहानी हो यो । एक पुत्र तथा पुत्रीको दु:खद अनुभूति पनि हो यो । ...द्वन्द्वकालको चित्रण हो यो र सबैभन्दा ठूलो कुरा शान्ति र एकताको आह्वान पनि हो यो ।'

नेपाली जीवन र समाजले अनेकौँ यन्त्रणाहरू भोगेको छ र अनुभूत गरेको छ । त्यस्तै एकल महिलाहरूले भोग्नुपरेका अनेकौँ सामाजिक विडम्बनाहरू पनि छन् । त्यति मात्र होइन, एकल महिलालाई जीवनमा साथ दिन खोज्ने पुरुषहरूप्रति पनि हाम्रो समाज उदार र सहिष्णु छैन । यस्तै परिवेशलाई विषय बनाइएको 'जिन्दगीसँग' शीर्षकको कविताको रचनागर्भलाई सुनीता कार्कीले यसरी प्रस्तुत गरेकी छन्–

'यो हाम्रो देशका एकल नारीको स्मृतिमा रहने र उनले पाउने कष्ट, उनका मनभित्रका कामना, जीवनप्रतिका केही विरक्ति, केही आकर्षणको बिम्ब हो । समाजका दृष्टिकोणबाट विक्षिप्त र मायाको आकाङ्क्षा राख्ने एवं पुन: जीवन जिउने चाहना राख्ने यी सबै भावमिश्रित अभिव्यक्ति उनका मनको तीक्तता पनि हो यो ।'

कतिपय कवितामा रचनागर्भको कुनै ठूलो घटनाबिम्ब नभएको तर सामान्य भावना मात्र पनि रचनागर्भ बनेर आएको कुरा उनको 'बन्दी' शीर्षकको कविताको निम्नलिखित रचनागर्भले स्पष्ट पार्छ–

'यो केवल एक प्रेमिकासँगको प्रस्ताव मात्र हो । परिवेश, परिस्थिति कसैको योगदान छैन यसमा ।'

कुनै व्यक्तिविशेषसँगका साक्षात्कार र कुराकानीहरूका प्रभावहरू पनि सुनीताको कविसृजनाका कारकतत्त्व र कारण बनेका छन् । उनको 'माया' शीर्षकको कविताको रचनागर्भले यसलाई यसरी स्पष्ट पार्छ–

'२०७१ वैशाख १४ गते मलेसियाबाट फर्कने क्रममा एक मित्रले बडो अनौठोसँग माया भनेको के हो ? भन्ने प्रश्न मसँग गरे । त्यसको उत्तरमा मायाको परिभाषा मेरो दृष्टिमा, मेरो अनुभवमा, मेरो परिकल्पनामा जे लाग्यो– त्यही हो यसको स्वरूप ।'

'नरक पनि हुन्छ होला योभन्दा सुबिस्ता' शीर्षकको कविताको रचनागर्भ अझ फरक छ र युगीन यथार्थको अभिव्यक्ति उक्त कविताले मात्र होइन, त्यसको रचनागर्भले पनि स्पष्ट पार्छ । मलेसियामा काम गर्ने नेपाली महिलाहरूले भोग्नुपरेका विकराल स्थितिबाट उत्प्रेरित भएर त्यही रचनागर्भ लिएर आफूले उक्त कविता लेखेको कुरा सुनीता कार्कीले यसरी व्यक्त गरेकी छन्, आफ्नो उक्त कविताको रचनागर्भमा–

'...यो दुःख मलेसियामा काम गर्न पुग्ने नेपाली कामदारको मात्र होइन, खाडी मुलुकका प्रायः सबै देशमा भोगिने आप्रवासीको दुःख हो यो । यही दृश्यबाट मर्माहत बनेको दृश्यबाट निस्केका भाव हुन् यी ।'

स्रष्टाले आफ्ना कुनै पनि कृति वा रचनाको रचनागर्भ लेख्नु अत्यन्त कष्टकर कार्य हो, कष्टकर कार्य यस अर्थमा कि रचनागर्भमा लेखकले सत्य बोल्नुपर्छ । आफूले आफैँलाई ढाँटेर प्रस्तुत गरिएको रचनागर्भबाट कृतिको/रचनाको स्वत्व रहँदैन र रचनाप्रति न्याय हुन सक्दैन भने रचनाको अर्थ पनि अनर्थ हुने सम्भावना रहन्छ । त्यस कारण रचनागर्भ लेख्दा लेखक इमानदार हुनुपर्छ भनिएको हो । कवयित्री सुनीता कार्कीले आफ्ना यी रचनागर्भमा आफूलाई ढाँटेकी छैनन् भन्ने कुरा यहाँका केही रचनागर्भमा उनले प्रस्तुत गरेका आफ्ना कमजोरीहरूबाट पनि स्पष्ट हुन्छ । सकेसम्म मान्छेहरूले आफ्ना कमजोरी लुकाउँछन् । सुनीताको 'जानी नजानी'भित्रका कविताका रचनागर्भ इमानदारीसाथ लेखिएकाले यसका लागि उनलाई धन्यवाद भन्नुपर्छ । यहाँ उद्धृत गरिएका

रचनागर्भ एकदुईबाहेक अरू लामो अनुच्छेदबाट लिइएका साना अंश मात्र हुन् ।

कवि सुनीता कार्कीका प्रमुख कविताहरूका रचनागर्भका केही सामान्य यी नमुनाहरूबाट पनि उनका रचनाको पृष्ठभूमि के थियो वा के रहेछ भन्ने स्पष्ट हुन्छ । प्रत्येक रचनाका यी रचनागर्भले उनीभित्रको यथार्थ र स्पष्टतालाई पनि देखाउँछन् ।

रचनागर्भ रचनाको गर्भ हो । हरेक कवितापछि त्यस्तो रचना गर्भ दिने काम कवितामा भीमनिधि तिवारीले गरेका हुन् भने रचनागर्भ नै नाम दिएर कथाको रचनागर्भ दिने काम कथाकार परशु प्रधानले गरेका छन् । पछिल्लो समयमा रचनागर्भको नाम नदिईकनै कवि सुनीता कार्कीले जुन रचनागर्भ प्रस्तुत गरेकी छिन्, यसले उनका सरल र तरल रचनाभित्र रहेका अनेकौँ गर्भहरू बुझ्न सहयोग गरेको छ । रचनागर्भ लेख्दा लेखकले आफूलाई ढाँट्नु हुँदैन, त्यस कारण इमानदारीसाथ रचनागर्भ लेख्नु कठिन काम हो, यस्तै कठिन काममा हात हालेकी सुनीता कार्कीको यो काम प्रशंसनीय छ ।